# लमजुङको साहित्यिक रूपरेखा

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत त्रि-चन्द्र बहुमुखी क्याम्पसको स्नातकोत्तर तह दोस्रो वर्षको
नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**विजयराज न्यौपाने**

नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय

त्रि-चन्द्र क्याम्पस घण्टाघर, काठमाडौँ



२०६५

# मन्तव्य

प्रस्तुत शोध-पत्र **लमजुङको साहित्यिक रूपरेखा** शीर्षकमा शोधार्थी विजयराज न्यौपानेले क्षेत्रीय तहमा समेत विशेष अन्वेषण गरेर मेरो निर्देशनमा तयार पार्नु भएको हो । यस शोध-पत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गतको त्रि-चन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, घण्टाघरमा सिफारिस गर्दछु ।

… … … … … … … …

दीपक बस्याल
नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम
त्रि-चन्द्र बहुमुखी क्याम्पस
घण्टाघर, काठमाडौँ ।

मिति : २०६५/०६/०९

# शोधपत्र-मूल्याङ्कन समितिको

# स्वीकृतिपत्र

विजयराज न्यौपानेले स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको '**लमजुङको साहित्यिक रूपरेखा**' शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिन्छ ।

1. **वासुदेव घिमिरे** … … … … … … …
   संयोजक
   नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम
   त्रि-चन्द्र क्याम्पस,
   घण्टाघर, काठमाडौँ ।

2. **दीपक बस्याल** … … … … … … …
   शोधनिर्देशक

3. **प्रा. गोपीकृष्ण शर्मा** … … … … … … …
   बाह्य परीक्षक

मिति : … … … … … … …

# कृतज्ञता ज्ञापन

शोधकार्य एक बौद्धिक कार्य हो । यस्तो कार्यमा निरन्तर खोज सङ्कलन र विश्लेषणमा लागिरहनु पर्ने हुन्छ । **लमजुङको साहित्यिक रूपरेखा** शीर्षकको प्रस्तुत शोधपत्र तयार गर्ने कार्य शोधार्थीको एकलप्रयासले पनि सम्भव हुने कुरा थिएन । यस क्रममा मैले मेरा आदरणिय गुरुवर, अभिभावक एवम् शुभेच्छुकहरुबाट सहयोग सुझाव र प्रेरणा प्राप्त गरेको छु । शोध-पत्रको विषय (शीर्षक) स्वीकृत गरी **लमजुङ जिल्लाको साहित्यिक रूपरेखा** तयार गर्न प्रेरित गर्ने नेपाली विभागका तत्कालीन कार्यक्रम संयोजक हरिप्रसाद पराजुली (हाल क्याम्पस प्रमुख, त्रि-चन्द्र बहुमुखी क्याम्पस) लाई हार्दिक श्रद्धा एवम् धन्यवाद प्रकट गर्दछु ।

मैले यो शोध कार्य गुरु दीपक बस्यालको कुशल निर्देशनमा सम्पन गरेको छु । शोध कार्यको निर्देशक मात्र होइन सहयोगी, सहृदयी भएर शोधकार्यको समग्रमा अमूल्य सल्लाह, सुझाव प्रदान गरी सहयोग प्रदान गर्नु भएकोमा उहाँ प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । अध्ययन अनुसन्धानको क्रममा सहयोग पुऱ्याउनु हुने वर्तमान नेपाली विभागीय प्रमुख आदरणीय प्राध्यापक कृष्ण गौतम, कार्यक्रम संयोजक बासुदेव घिमिरेप्रति पनि हार्दिक धन्यवाद प्रकट गर्दछु। यसै क्याम्पसका आदरणीय गुरु कोषराज न्यौपाने, मधुसुदन गिरी र ताराकान्त पाण्डे सहित अन्य गुरुहरूबाट पाएको सल्लाह, सुझाव र सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु। आदरणिय गुरु गोपाल गैरेले आत्मीयता प्रकट गरि मलाई पुऱ्याउनु भएको सहयोग प्रति विशेष धन्यवाद दिनु आफ्नो कर्तव्य ठानेको छु ।

एउटा जिल्लाको भौगोलिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक, शैक्षिक, साहित्यिक पृष्ठभूमि तयार पारी विगतदेखि वर्तमानसम्मको साहित्यिक रूपरेखा तयार गर्नु, साहित्यिक सङ्घ, संस्था, स्रष्टा, विधा आदि पक्षको यथार्थताको आधारमा आँकलन गर्ने कार्य निश्चय पनि सजिलो चाहिँ छैन तापनि केन्द्रीय पुस्तकालय, त्रि.वि., नेपाल प्रज्ञा प्रतिष्ठान, पुस्तकालय, कमलादीसहित अन्य पुस्तकालय लगायतका साहित्यिक सङ्घ संस्था, स्रष्टा एवम् भाषा साहित्यप्रेमी महानुभावहरूको सहयोगद्वारा सम्भव भएको छ । यसै परिप्रेक्षमा ती सबै शैक्षिक/साहित्यिक सङ्घ संस्था र सहयोगदाताहरूमा एकमुष्ट हार्दिक धन्यवाद अर्पण गर्दछु ।

अनुसन्धानकै क्रममा अभिभावकको भुमिकाबाट सहयोग पुऱ्याउनु हुने श्रद्धेय नरकान्त अधिकारी, कविराज कृष्णकान्त अधिकारी एवम् श्रीकान्त अधिकारीमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसरी नै मलाई आत्मीयता प्रदान गरी सहयोग पुऱ्याउनु हुने आफन्तजन तथा सहृदयी मित्रहरू : खिलाविलास पन्त, लेखनाथ अधिकारी, सोमनाथ घिमिरे, जगमान गुरुङ, डा. देवीप्रसाद सुवेदी तथा रविकिरण 'निर्जीव', अर्जुनविलास पन्त, रमेशचन्द्र घिमिरे, ईश्वरमणि अधिकारी, रह शर्मा, मुकुन्द 'पथिक', लगायत सम्पूर्ण सहयोगी महानुभावहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

सदा स्नेह, ममता बर्षाइ रहने ममतामयी दिवङ्गत माता भगवती न्यौपानेले मलाई यस कार्यमा लाग्न प्रेरित गर्नु भएको हो । उहाँ अहिले नरहे पनि उहाँको आत्माको चिर शान्तिका

लागि कामना गर्दछु । सदा सहयोगी भूमिका खेलेर घच्घच्याउने श्रीमती ईश्वरीदेवी न्यौपाने र हौसला बढाउने भाइ हरिराज न्यौपाने, कम्प्युटरसम्बन्धी सारा काममा सहयोग पुऱ्याउने छोरा सञ्जय, बुहारी मेनका, छोरीहरू सरिता र सुष्मालाई पनि धन्यवाद दिनु कर्तव्य ठान्दछु । यस्तै मेरा सहृदयी आफन्तजन र सम्बन्धित लमजुङे स्रष्टाहरूलाई पनि यथोचित शब्द सुमन प्रकट गर्दछु । त्यस्तै त्रि-चन्द्र क्याम्पसमा कर्मचारीको स्थानबाट सहयोग गर्नुहुने गोकुल के.सी. र कार्यालय सहयोगी प्रेम न्यौपानेलाई पनि धन्यवाद प्रदान गर्दछु ।

अन्त्यमा प्रस्तुत शोध-पत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय त्रि-चन्द्र बहुमुखी क्याम्पस नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम, नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु।

… … … … … … … … … … ..

विजयराज न्यौपाने

नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम

त्रि-चन्द्र बहुमुखी क्याम्पस

समूह २०६१ - २०६३

ldlt : 2065/06/07

# सङ्क्षेपीकरण शब्द-सूची

| | | |
|---|---|---|
| अ.प्र. | : | अप्रकाशित |
| आ.व. | : | आर्थिक वर्ष |
| आइ.एस्सी.एजी. | : | इण्टरमिडियट अफ् एग्रिकल्चर साइन्स |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| जि.प्र.का. | : | जिल्ला प्रशासन कार्यालय |
| डि. | : | डिट्ठा |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| ने.क.पा. | : | नेपाल कम्युनिष्ट पार्टी |
| ने.क.पा. एमाले | : | नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादी |
| ने.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.रे.सो. | : | नेपाल रेडक्रस सोसाइटी |
| ने.वि.सं. | : | नेपाल विद्यार्थी सङ्घ |
| पं. | : | पण्डित |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| प्रो. | : | प्रोफेसर |
| पृ. | : | पृष्ठ |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम सम्वत् |
| रु. | : | रूपैयाँ |
| सं. | : | संस्करण |
| सम्पा. | : | सम्पादक |
| सा.प्र. | : | साझा प्रकाशन |
| सु. | : | सुब्बा |
| त्रि.वि. | : | त्रिभुवन विश्व विद्यालय |

# विषय-सूची


**परिच्छेद एक : शोधपत्र** 1

1.1 शोधपत्रको शीर्षक 1
1.2 शोधपत्रको प्रयोजन 1
1.3 समस्याकथन 1
1.4 शोध कार्यको उद्देश्य 2
1.5 पूर्वकार्यको समीक्षा 3
1.6 शोधकार्यको औचित्य र महत्त्व 8
1.7 शोध कार्यको क्षेत्र र सीमा 8
1.8 सामग्री सङ्कलन र शोधविधि 9
1.9 शोधपत्रको रूपरेखा 9

**परिच्छेद दुई : लमजुङको भौगोलिक, ऐतिहासिक तथा राजनैतिक परिचय** 11

2.1 नामकरण 11
2.2 भौगोलिक परिचय 12
  2.2.1 टार तथा बेसीहरू 12
  2.2.2 मध्य पहाड तथा महाभारत लेकको तल्लो भाग 13
  2.2.3 महाभारत लेक तथा हिमालय पर्वतको तल्लो भाग 13
  2.2.4 हिमाली भेक 13
  2.2.5 नदी नाला, पोखरी तथा झरनाहरू 13
  2.2.6 फलफूल तथा नगदे वाली 14
  2.2.7 पर्यटकीय स्थल 14
  2.2.8 वनस्पति तथा जडिबुटी 15
  2.2.9 पशु पक्षी 16
2.3 ऐतिहासिक/राजनैतिक परिचय 16
2.4 सामाजिक क्रान्ति 21

**परिच्छेद तीन : लमजुङको शैक्षिक / साहित्यिक गतिविधि** 22

3.1 शैक्षिक गतिविधि 22
  3.1.1 पुस्तकालयहरू र तिनको शैक्षिक/साहित्यिक प्रभाव 27
    3.1.1.1 पद्मोदय पुस्तकालय, अर्चलेनी, दुराडाँडा 27
    3.1.1.2 प्रभात पुस्तकालय, धुवाआउने ठाँटी, दुराडाँडा 28
    3.1.1.3 महेन्द्र पुस्तकालय, खुदी 29
    3.1.1.4 जनविकास पुस्तकालय, मञ्ज्याङ 30
    3.1.1.5 जन-आनन्द पुस्तकालय, कुन्छा 30
    3.1.1.6 जनकल्याण पुस्तकालय, तार्कुघाट 31

3-1-1-7 सर्वोदय पुस्तकालय, जिता सप्तधारा 32
3-1-1-8 तिवारी वाचनालय, चिति तिलहार 32
3-1-1-9 भारती पुस्तकालय, राउलेपानी, दुराडाँडा 33
3-1-1-10 ईशानेश्वर पुस्तकालय, चिसङ्कु 34
3-1-1-11 प्रभा पुस्तकालय, दुराडाँडा 34
3-1-1-12 सर्वोदय पुस्तकालय, चिति तिलहार 35
3-1-1-13 कुसुमाकर पुस्तकालय, पुस्तुन बाहुनडाँडा 35
3-1-1-14 लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, बेसीसहर 36
3-1-1-15 अन्नपूर्ण पुस्तकालय, समीभञ्ज्याङ 37
3-1-1-16 कान्तिबाबु पुस्तकालय, भोटेओडार 38
3-1-1-17 प्रगतिशील पुस्तकालय, बोराङ 38
3-1-1-18 वी.पी. वाचनालय, चिसङ्कु 39
3-1-1-19 लालीगुराँस आमासमूह पुस्तकालय, बोराङ 39
3-1-1-20 सूर्योदय चेतनशील पुस्तकालय, भारते 40
3-1-1-21 मर्स्याङ्दी सामुदायिक पुस्तकालय, भोटेओडार 41
3-1-1-22 कोमल पुस्तकालय, पाणिनी, दुराडाँडा 41
3-2 लमजुङका साहित्यिक संस्थाहरू र तिनका गतिविधि 42
3.2-1 साहित्यिक पृष्ठभूमि 42
3.2-2 साहित्यिक संस्थाहरू 44
3-2.2-1 दूधपोखरी प्रतिभा परिवार, भोटेओडार 44
3-2.2-2 लमजुङे युवा साहित्य समाज, बेसीसहर 45
3-2.2-3 हिमालचुली साहित्य प्रकाशन, बेसीसहर 45
3-2.2-4 चन्द्रज्योति साहित्य समाज, बेसीसहर 45
3-2.2-5 टरेली साहित्य समाज, भोर्लेटार 46
3-2.2-6 हिमालचुली कला साहित्य प्रतिष्ठान, बेसीसहर 46
3.2-3 अन्य साहित्यिक संस्थाहरू 47
3-2-3-1 मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौँ 47
3-2-3-2 डिट्ठा श्रीप्रसाद उपाध्याय स्मृति प्रतिष्ठान, पोखरा 48
3-2-3-3 नौलो सुनगाभा प्रकाशन परिवार, लमजुङ 49
3-2-3-4 बाल एकीकृत सहयोग मञ्च, भारते, लमजुङ 49
3.2-4 गैर साहित्यिक संस्थाहरू 49
3.2.4.1. झ्यौबहादुर दुरा कला केन्द्र, दुराडाँडा 49
3.2.4.2. झ्यौमणि कला केन्द्र, पुरानकोट 50
3.2.4.3. लमजुङ पोखरा सम्पर्क समिति 50
3.2.4.4. द रेयुकाइ नेपाल, लमजुङ उपशाखा 50
3.2.4.5. ग्रामीण विकास सहयोग समाज, सिम्पानी, खुदी 51
3.2.4.6. लमजुङ कला प्रतिष्ठान, बेसीसहर 51

3.2.4.7. लमजुङ लोक साँस्कृतिक विकास केन्द्र परिवार 51
3.2.4.8. कायापलट असल शासन रेडियो श्रोता क्लव, रंघा 52
3.2.4.9. शहिद मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान, काठमाडौँ 52
3.2.4.10. अन्नपूर्ण पुस्तकालय, रम्घा 52
3.2-5 लमजुङमा पत्रकारिता 53
3.2-5.1 साहित्यिक पत्रपत्रिका 54
(क) लमजुङे कविता सँगालो 54
(ख) काँचुली 55
(ग) कायापलट 55
(घ) नव कोपिला 56
(ङ) चन्द्र ज्योति कविता सङ्ग्र 56
(च) नौलो प्रतिबिम्ब 57
(छ) गौंडाको सेरोफेरो 57
(ज) नौलो सुनगाभा 58
(झ) बाल-मझेरी 58
3.2-5.2 विभिन्न सङ्घ, संस्थाका मुख - पत्रको रूपमा प्रकाशित पत्रपत्रिका, स्मारिका 59
(क) अन्नपूर्णको काख 59
(ख) गण्डकी मुहान 59
(ग) मर्स्याङ्दी 60
(घ) वेग 61
(ङ) क्रान्ति 61
(च) मर्स्याङ्दी 61
(छ) रजत स्मारिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा लमजुङ 62
(ज) लमजुङ संगम 62
(झ) इन्द्रेणी 63
(ञ) रेयुकाइ उद्यान 63
(ट) मर्स्याङ्दी वाङ्मय स्मारिका, २०५ 64
(ठ) नवप्रभात 64
(ड) लमजुङ विकास बुलेटिन 64
(ढ) अनुपम 65
(ण) सुधासङ्गम 65
(त) डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिका 66
(थ) शहिद स्मारिका 66
(द) शहिद मुक्तिनाथ अधिकारी, स्मृति ग्रन्थ २०५९ 67
(ध) टरेली 67
(न) बाल-बगैँचा 68

(प) बाल-अङ्कुरण 68
(फ) जन्मभूमिको ममता 69
3.2-5.3 समाचारमूलक अन्य पत्रपत्रिका 69
(क) उपहार (मासिक) 69
(ख) अन्तरङ्ग 70
(ग) कर्मदा 70
(घ) लमजुङ हाइलाइट 70
(ङ) औडाहा 71
(च) लमजुङ आवाज 71
(छ) लमजुङ टाइम्स 71
(ज) मर्स्याङ्दी एफ्.एम्. 71
(झ) लमजुङ जागरण 72
3.2-6 साहित्यिक पुरस्कारहरू 72
3.2-6.1 दूधपोखरी प्रतिभा पुरस्कार 72
3.2-6.2 साहित्यकार वी.पी प्रतिभा पुरस्कार 73
3.2-6.3 माधव घिमिरे साहित्य पुरस्कार 74
3.2-6.4 डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिभा पुरस्कार 74
3.2-6.5 सानु माया तमु प्रतिभा पुरस्कार 74
3.2-6.6 बसुन्धरा - प्रेम प्रतिभा पुरस्कार 75
3.2-6.7 होमनाथ स्मृति प्रतिभा पुरस्कार (२०६४) 75
3-3 लमजुङका स्रष्टाहरू 75
3-3-1 पैत्रिक थलो लमजुङ भएका स्रष्टाहरू 75
3-3-1-1 पद्मविलास पन्त 76
3-3-1-2 स्व. कवयित्री पद्ममाया कडरेनी 81
3-3-1-3 कोमलनाथ अधिकारी 81
3-3-1-4 ठाकुरप्रसाद उपाध्याय अधिकारी 84
3-3-1-5 पुण्यशील उपाध्याय अधिकारी 86
3-3-1-6 डिल्लीजङ्ग गुरुङ 89
3-3-1-7 बद्रीनाथ सुवेदी 92
3-3-1-8 टुकराज मिश्र-पद्मराज मिश्र 94
3-3-1-9 जगन्नाथ ढुङ्गाना 97
3-3-1-10 शोभाकर उपाध्याय 98
3-3-1-11 श्रीप्रसाद घिमिरे 99
3-3-1-12 माधव घिमिरे 104
3-3-1-13 गोविन्दप्रसाद सुवेदी 110
3-3-1-14 नरकान्त अधिकारी 113
3-3-1-15 तीर्थराज शर्मा अधिकारी 117

| | | |
|---|---|---|
| 3-3-1-16 | श्रीकान्त अधिकारी | 122 |
| 3-3-1-17 | गुणराज कोइराला | 124 |
| 3-3-1-18 | सूर्यनाथ सुवेदी | 125 |
| 3-3-1-19 | यदुनाथ 'सरल' | 127 |
| 3-3-1-20 | इन्द्रविलास अधिकारी | 129 |
| 3-3-1-21 | मदन रेग्मी | 131 |
| 3-3-1-22 | वेदराज पन्त | 132 |
| 3-3-1-23 | तीर्थराज कोइराला | 133 |
| 3-3-1-24 | मुक्तिनाथ शर्मा नेउपाने | 135 |
| 3-3-1-25 | मेदिनीनाथ सुवेदी | 137 |
| 3-3-1-26 | रामचन्द्र अधिकारी | 140 |
| 3-3-1-27 | चन्द्रवदना घिमिरे | 141 |
| 3-3-1-28 | तीर्थराज अधिकारी | 143 |
| 3-3-1-29 | मोहनबहादुर कायस्थ | 144 |
| 3-3-1-30 | गिरिप्रसाद न्यौपाने | 147 |
| 3-3-1-31 | पद्मपाणि 'विरक्ति' | 149 |
| 3-3-1-32 | केदार काश्यप | 150 |
| 3-3-1-33 | विकिरण 'निर्जीव' | 151 |
| 3-3-1-34 | रुद्रनिधि तिवारी | 154 |
| 3-3-1-35 | कृष्णबाबु तिवारी | 155 |
| 3-3-1-36 | स्थिरबाबु घिमिरे | 155 |
| 3-3-1-37 | देवीप्रसाद सुवेदी | 156 |
| 3-3-1-38 | रामबहादुर घिमिरे | 159 |
| 3-3-1-39 | दीपक सोती | 159 |
| 3-3-1-40 | रामचन्द्र घिमिरे 'शास्त्री' | 160 |
| 3-3-1-41 | काशीराज सुवेदी | 162 |
| 3-3-1-42 | गोविन्दबाबु तिवारी | 163 |
| 3-3-1-43 | गोविन्दवहादुर कुँवर | 164 |
| 3-3-1-44 | मित्रराज घिमिरे | 167 |
| 3-3-1-45 | रह शर्मा | 168 |
| 3-3-1-46 | हरिहर सविता | 171 |
| 3-3-1-47 | भाग्यशाली अधिकारी | 173 |
| 3-3-1-48 | मुक्तिनाथ शर्मा घिमिरे | 174 |
| 3-3-1-49 | वमवहादुर थापा 'जिताली' | 174 |
| 3-3-1-50 | विजयराज न्यौपाने | 176 |
| 3-3-1-51 | ध्रुवकिरण रेग्मी | 178 |
| 3-3-1-52 | पशुपतिनाथ तिमल्सेना | 180 |

3-3-1-53 मुकुन्द 'पथिक' 182
3-3-1-54 पुष्पलता आचार्य 184
3-3-1-55 लालबहादुर भुजेल 186
3-3-1-56 प्रेमशाली घिमिरे 187
3-3-1-57 श्रीकृष्ण न्यौपाने 188
3-3-1-58 आनन्द घिमिरे 189
3-3-1-59 तेजनारायण अधिकारी 191
3-3-1-60 सुश्री कमला केसी 193
3-3-1-61 विमल पराजुली 'प्रेरित' 195
3-3-1-62 सरस्वती श्रेष्ठ 'सरु' 196
3-3-1-63 खुसीराम न्यौपाने 197
3-3-1-64 ईश्वरमणि अधिकारी 198
3-3-1-65 केयरसिंह गुरुङ 199
3-3-1-66 सीताराम कोइराला 200
3-3-1-67 कामना सुवेदी 201
3-3-1-68 वासुदेव न्यौपाने 201
3-3-1-69 वासुदेव थापा 202
3-3-1-70 कृष्णमुरारी पौडेल 204
3-3-1-71 दीपक (श्रेष्ठ) 'समीप' 205
3-3-1-72 रोशन न्यौपाने 206
3-3-1-73 जमुना गुरुङ 207
3-3-1-74 सुश्री शान्ता पन्त 207
3-3-1-75 विनोद 'विवश' थापामगर 208
3-3-1-76 अनु अधिकारी 209
3-3-1-77 होमबहादुर 'प्यासी' 210
3-3-2 लमजुङ बाहिर जन्म भै लमजुङको साहित्यिक योगदानमा सहयोग पुऱ्याउने स्रष्टाहरू 210
3-3-2-1 जनकवि केसरी धर्मराज थापा 210
3-3-2-2 हंसपुरे सुवेदी 213
3-3-2-3 तेजप्रकाश श्रेष्ठ र गोविन्द काफ्ले 213
3-3-2-4 कुलबहादुर केसी 214
3-3-2-5 हरिदेवी कोइराला 216
3-3-2-6 शालिग्राम अधिकारी 216
3-3-3 प्रकाशित साहित्यिक कृति नभए पनि फुटकर रचनाद्वारा लमजुङमा विशेष साहित्यिक योगदान पुऱ्याउने स्रष्टाहरू 217
3-3-3.1 देउबहादुर दुरा 217
3-3-3.2 हरिभक्त गुरुङ 218

3-3-3.3 टीकाराम घिमिरे 219
3-3-3.4 भूपनिधि पन्त 221
3-3-3.5 वासुदेव शर्मा अधिकारी 221
3-3-3.6 ठाकुरप्रसाद 'छाँगा' 222
3-3-3.7 देवीदास अधिकारी 223
3-3-3-8 चेतोनाथ अधिकारी 224
3-3-3.9 ज्ञानहरि अधिकारी 225
3-3-3.10 कल्याण पन्त 226
3-3-3.11 रमेशचन्द्र घिमिरे 227
3-3-3.12 रुपिन्द्र 'प्रभावी कटु' 228

**परिच्छेद चार : विधागत स्थिति** **230**

4-1 कविता/काव्य 230
4-1-1 कविता विधा 230
4-1-2 नाटक 232
4-1-3 कथा 233
4-1-4 उपन्यास 233
4-1-5 निबन्ध 234
4-1-6 अनुवाद साहित्य 235
4-1-7 समालोचना 236
4-1-8 बाल-साहित्य 236

**परिच्छेद पाँच : मूल्याङ्कन र निष्कर्ष** **238**

5-1 मूल्याङ्कन 238
5-2 निष्कर्ष 241

**सन्दर्भग्रन्थसूची** **243**

**परिशिष्ट** **246**

परिच्छेदः एक

# शोधपत्र

## 1:1 शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'लमजुङको साहित्यिक रूपरेखा' रहेको छ।

## 1:2 शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षण विभाग, त्रिचन्द्र वहुमुखी क्याम्पसको स्नातकोत्तर दोस्रो वर्षको दसौं पत्रको प्रयोजन निम्ति तयार गरिएको हो।

## 1:3 समस्याकथन

नेपाली साहित्यको समग्र विकासमा नेपालका विभिन्न क्षेत्र तथा जिल्लाहरूको महत्त्वपूर्ण योगदान रहेको छ। त्यस्तै लमजुङ जिल्लाको योगदानलाई महत्वका दृष्टिले हेर्नु पर्ने देखिन्छ। लमजुङ जिल्लाको चिति स्याउतका माध्यमिककालीन मोतीमण्डलीका विशिष्ट कवि पद्मविलास पन्त (वि.सं. १९१९-१९८८), कोमलगीताका रचनाकार कोमलनाथ अधिकारी (वि.सं. १९४१-२०२३) हुँदै आजसम्मको अवस्थामा आइपुग्दा सुब्बा डिल्लीजङ्ग गुरुङ, डिट्ठा श्रीप्रसाद उपाध्याय, राष्ट्रकवि माधव घिमिरे आदि विभिन्न स्रष्टाहरूले आ-आफ्ना क्षेत्रबाट सह्राहनीय योगदान पुऱ्याउँदै आएका देखिन्छन्। यी मध्ये कतिपय स्रष्टा अझै पनि सिर्जनारत नै रहेका देखिन्छन्। नेपालकै साहित्यिक उत्थानमा उल्लेखनीय योगदान पुऱ्याउने यस्ता साहित्यकारहरूमध्ये कसैको एकल, कसैको सामूहिक रूपमा छिटपुट अध्ययन भएको पाइन्छ तर समग्र अध्ययन भएको पाइँदैन। त्यसैले लमजुङको साहित्यिक गतिविधअगाडि बढाउन कस्ता कार्यहरू भए ? भनी खोज अध्ययन भएको पनि देखिदैन । लमजुङ जिल्लाको साहित्यिक गतिविधि बढाउने कार्यमा सम्लग्न संस्था, साहित्यिक पत्रपत्रिका, स्मारिका, अन्य पत्रिका तथा साहित्यिक व्यक्तिहरूको योगदान के कस्तो रहेको छ सो को समग्रमा अध्ययन गर्न उपयुक्त देखिएको हो । शोधका यिनै समस्याहरू निम्नानुसार सरलीकरण गरिएको छ। प्रारम्भदेखि अहिलेसम्म लमजुङमा भएका साहित्यिक गतिविधि के कस्तो रह्यो ? लमजुङको साहित्यिक धरातलमा के कस्ता प्रतिभाहरू कसरी देखा परे ? के कस्ता कृतिहरूका माध्यमबाट लमजुङे तथा नेपाली साहित्यमा योगदान पुऱ्याएका/पुऱ्याउँदै छन् ? लमजुङको साहित्यमा के कस्ता विधाहरू (कविता, कथा, निबन्ध, नाटक, उपन्यास, बालसाहित्य, समालोचना आदि) देखिएका छन् र तिनको स्थिति के कस्तो रहेको छ ? जस्ता समस्याहरूको खोज अध्ययन, विश्लेषण गरी समाधान गर्ने कार्य दिशातर्फ प्रस्तुत शोधपत्र

केन्द्रित रहेको छ ।

१. नेपाली साहित्यमा लमजुङ जिल्लाबाट विशेष योगदान पुऱ्याउने साहित्यकारहरू को को हुन् र तिनका कृतिहरू के के हुन् ?

२. लमजुङ जिल्लाको काव्य प्रष्फुटनका प्रेरक तत्वहरू के के हुन् ?

३. लमजुङमा साहित्यिक विकासको थालनी कहाँबाट भयो र हालसम्मको अवस्था के कस्तो छ ?

४. लमजुङ जिल्लाको साहित्यिक गतिविधि तथा लेखनले नेपाली साहित्यका कुन कुन विधामा के कस्तो देन दिएको छ ?

५. यहाँको साहित्यलाई सम्वन्धित जिल्ला स्थित सङ्घ-संस्थाले के कस्तो योगदान पुऱ्याएका छन् ?

यी प्रश्नहरूको उत्तर खोज्ने गरी हालसम्म विस्तृत अध्ययन वा अनुसन्धान हुन सकेको छैन। उल्लिखित समस्यामूलक प्रश्नहरूको समाधान खोजी नेपाली साहित्यमा लमजुङ जिल्लाले पुऱ्याएको योगदानको समुचित आकलनसहित समस्या समाधानार्थ यो शोधकार्य उन्मुख रहेको छ।

## 1:4 शोध कार्यको उद्देश्य

नेपाली साहित्यका इतिहास विभिन्न मोड, उतारचढाव र आधुनिक कालको उत्थानमा विभिन्न क्षेत्र तथा जिल्लाहरूको योगदान रहेको पाइन्छ। सोहीअनुहरूनेपाली साहित्यको प्रचारप्रसार र उत्थानका साथै समग्र विकासमा लमजुङ जिल्लाको पनि विशेष भूमिका रहेको देखिन्छ। अहिले सुस्तसुस्त आएर जिल्ला तथा क्षेत्रको समेत सामान्य अध्ययन हुन थालेको परिप्रेक्ष्यमा लमजुङजस्तो मोती मण्डलीका कवि पद्मविलास पन्त, 'नैषधीय चरित' जस्तो एक मात्र मदन पुरस्कार (२०२०) विजेता अनुवाद कृति एवम् कोमलगीताका लेखक कोमलनाथ अधिकारी, राष्ट्रकवि माधव घिमिरे जन्माउने जिल्लाको साहित्यिक गतिविधि तथा योगदानको अध्ययन भई नसकेकाले यसको समग्र साहित्यिक रूपरेखा तयार गरी साहित्यिक गतिविधि तथा योगदानलाई सरल, सहज र यथार्थ रूपमा प्रकाश पार्नु यो शोध पत्रको मुख्य उद्देश्य रहेको छ। लमजुङ जिल्लाका साहित्यिक स्रष्टाहरूको विवरणात्मक सूची तयार गरी यथोचित समीक्षा गर्ने र नेपाली साहित्यको श्रीवृद्धिमा यस जिल्लाले खेलेको भूमिकाको निरूपण गरी योगदानसमेत आँकलन गर्ने रहेको छ। लमजुङ जिल्लाका काव्य प्रष्फुटनका तत्वहरू पहिचान गर्नु, लमजुङको साहित्येतिहासको रूपरेखाको झलक तयार पार्नु, लमजुङ जिल्लाको साहित्यको विधागत स्थितिको आँकलन गर्नु र यस जिल्लाका साहित्यिक सङ्घ संस्थाले पुऱ्याएका साहित्यिक योगदानको विश्लेषण गर्नु रहेको छ। यिनै उद्देश्यले अभिप्रेरित भएर लमजुङ जिल्लाको साहित्यिक रूपरेखा निर्धारण गरी नेपाली साहित्य जगत्मा यस

जिल्लाले पुऱ्याएको योगदानको निरूपण गरी प्रकाश पार्नु नै शोधपत्रको उद्देश्य रहेको छ।

## 1.5 पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको विकासका क्रममा लमजुङ जिल्लाको उल्लेखनीय योगदान रहेको देखा पर्छ तापनि यसको साहित्यिक गतिविधिका बारेमा विस्तृत अध्ययन र शोध कार्य भएको देखिदैन। अध्ययनका क्रममा हालसम्म गरिएका छिटफुट उपलब्धिहरू निम्नानुसार देखिन्छन् –

- पण्डित नरदेव शर्मा, पाण्डेय (१९९५) ले कविवर मोतीराम भट्टको 'जीवन-चरित्र' मा मोती मण्डलीका एक मुख्य बनारसकालीन कवि पद्मविलास पन्त लमजुङ राईनासका थिए भनी मोतीराम भट्ट र पद्मविलास पन्तका बीच काव्यात्मक चिट्ठी लेखन धेरथोर चलेको जानकारी गराएका छन्। तर त्यसमा पद्मविलास पन्तको समेत समग्र जीवनी, कृतिगत विश्लेषण र लमजुङको साहित्यिक योगदानवारे विस्तृत विवरण दिई नसकेकाले प्रस्तुत शोधको विषय अधूरै देखिन्छ।

- मुकुन्दशरण उपाध्याय (२०६३) ले 'शुभेच्छा मन्तव्य', 'कोमल चण्डी' को भूमिका लेखनको सन्दर्भमा लमजुङ, दुराडाँडा र कोमलनाथ अधिकारीको योगदानको चर्चा गरेका छन्। प्रस्तुत समस्या कथनका दृष्टिले भने उक्त मन्तव्य आंशिक रूपमा मात्र सफल देखिन्छ।

- स्वामी प्रपन्नाचार्यले (२०५५) सालमा 'रामभक्त डिल्लीजङ्ग गुरुङ शीर्षकको लेखमा कान्तिपुर कोशेलीमा कवि डिल्लीजङ्गको परिचयसहित उनका कृतिको चर्चा गरेर लुकेको प्रतिभालाई चिनाउने काम गरेका छन्। उनको यस लेखमा लमजुङको साहित्यिक गतिविधि र अन्य स्रष्टाहरूको जानकारी भने पाइँदैन।

- देवीप्रसाद सुवेदी (२०४५) ले 'लुकेको साहित्यिक प्रतिभाको खोजीः स्व. कवि डिल्लीजङ्ग', शीर्षकमा 'युग सम्वाद साप्ताहिक' मा एउटा लेख लेखेका छन्। उनको प्रस्तुत लेखमा कवि डिल्लीजङ्ग गुरुङलाई उनका कृतिसहित चिनाउने प्रयास गरिएको छ। तर यसमा प्रस्तुत समस्यासँग मेल खाने गरी लमजुङको साहित्यिक गतिविधि र योगदानका बारेमा कुनै टिप्पणी गरिएको देखिदैन।

- खिलविलास पन्त (२०५२) को सुब्बा पद्मविलास पन्तको जीवनी (विन्ध्यावासिनी स्तुति र फुटकर कवितासमेत) मा कवि पद्मविलास पन्तको वंशावली, जीवनी र उनका विन्ध्यावासिनी स्तुति र फुटकर कविताहरू सङ्ग्रह गरिएको छ। तर यसमा पनि समग्र रूपमा उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन। लमजुङ

जिल्लाको साहित्यिक योगदानबारे त झन् खासै चर्चा र विश्लेषण नभएकाले यो कार्यमा पनि पर्याप्तता देखिँदैन।

- रमा शर्मा (२०४८) को 'केही चिन्तन' पुस्तकको 'कवि पद्मविलास पन्त' शीर्षक लेखमा नेपाली साहित्यको निर्माणमा र माध्यमिककालीन कविहरूका जमात्‌मा कवि पद्मविलास पन्त पनि विर्सन नसकिने व्यक्तित्वका रूपमा रहेको चर्चा पाइन्छ। श्रीमती शर्माले उक्त पुस्तकमा माध्यमिककालीन केन्द्रीय कवि मोतीराम भट्टको पद्य एवम् पद्मविलासलाई लेखिएका चिट्ठी, काशीयात्रा वर्णनका कविता, जागिरे जीवनको चर्चासँगै अन्त्यमा जन्मस्थल लमजुङ (रागीनास) मै वि.सं. १९८८ मा उनको परलोक भएको कुरा उल्लेख गरेकी छन्। तर यसमा पनि कवि पद्मविलास पन्तका समस्त कृतिको विश्लेषण, लमजुङमा उनको काव्यिक गतिविधिको अध्ययनजस्ता कुराहरू भने उल्लेख भएको पाइँदैन।

- शिलादेवी शर्मा (२०६०) को 'मोती मण्डलीका कवि पद्मविलास पन्तको साहित्यिक योगदान' शीर्षक स्नातकोत्तर शोधपत्रमा यसै लमजुङका मूर्धन्य माध्यमिक कवि पद्मविलास पन्तका सन्दर्भमा नेपाली साहित्यमा लमजुङको साहित्यिक योगदानबारे धेरथोर चर्चा भएको छ। तर समग्र जिल्लाको साहित्यिक गतिविधिको चर्चा भने पाइँदैन।

- सुषमाकुमारी सिग्देल (सुवेदी) (२०५६) ले स्नातकोत्तर तहको शोधपत्र 'देवीप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व' मा लमजुङका साहित्यकार देवीप्रसाद सुवेदीको कविता, कथा, निबन्ध, समालोचना, बालसाहित्य आदि कृतिको अध्ययन गरेकी छन्। यसमा साहित्यकार देवीप्रसाद सुवेदीको एकल अध्ययनका अतिरिक्त लमजुङका अन्य साहित्यकारहरूको भने अध्ययन हुन सकेको देखिदैन।

- हंसपुरे सुवेदी (२०६०) ले 'ऐतिहासिक परिप्रेक्षमा  समस्यापूर्ति परम्परा' शीर्षकको मधुपर्कको मूल लेखमा "मोतीराम भट्टले काशीमा बसेका बेला त्यहाँका मित्र तेजबहादुर, काशीनाथ, रङ्गनाथ, पद्मविलासलाई समस्यापूर्ति लेख्न लगाएर आफूले पनि लेखे" भनी पद्मविलासको नाम मात्र उल्लेख गरेका छन्। सोही लेखमा स्व. पं. नारायणदत्त घिमिरे (१९३३-२०१३) लमजुङ चिसङ्कु, र खुदी, लमजुङका मेदिनी सुवेदीका समस्यापूर्ति कविता उल्लेख गरेका छन्। तर यस लेखमा लमजुङका अन्य कवि तथा साहित्यकारको चर्चा नभएको हुँदा त्यसलाई पनि छिटपुट अध्ययन कै रूपमा सीमित गर्न सकिन्छ।

- ठाकुरप्रसाद "छाँगा" (२०५४) ले 'लमजुङ-एक विहङ्गावलोकन', शीर्षकको 'मस्याङ्दी' नामक पत्रिकाको (वर्ष २०५४ अङ्क १ मा) लेखमा लमजुङको साहित्य र संस्कृतिको उल्लेख गरेका छन् तापनि लमजुङको समग्र साहित्यिक विकासको भने विस्तृत अध्ययन भएको पाइँदैन।

- मेदिनी सुवेदी (२०५७) ले 'साहित्यिक सेरोफेरोमा लमजुङ' शीर्षकको 'लमजुङ संगम' नामक पत्रिका (वर्ष ७ अङ्क ४ मा) प्रकाशित लेखमा लमजुङ जिल्लाको साहित्यिक सर्वेक्षण गरेका छन्। यसो भए तापनि त्यो एउटा लेखमात्र भएकाले त्यसमा विस्तृत अध्ययन विश्लेषण हुन सकेको छैन।

- देवीप्रसाद सुवेदी (२०५५) ले 'साहित्यिक उज्यालोतिर लमजुङ' शीर्षकको 'मर्स्याङ्दी वाङ्मय स्मारिका' स्मारिका पत्रिका (वर्ष २०५५ अङ्क १ मा) प्रकाशित लेखमा सङ्क्षेपमा कोमलगीताका रचनाकार पं. कोमलनाथ अधिकारीदेखि अन्य साहित्यिक प्रतिभाहरू र तिनका कृतिहरूको संक्षेपमा चर्चा गर्दै लमजुङ साहित्यिक उज्यालोतिर फराकिदै जाने सङ्केत गरेका छन्। यसै लेखमा प्रमुख साहित्यिक संस्थाहरूको सामान्य परिचय दिदै साहित्यिक विकास पल्लवित र पुष्पित हुने पर्याप्त संभावनाहरू आकलन गरेका छन्। यति हुँदाहुँदै पनि यसमा गहन अध्ययन मनन भने हुन सकेको देखिँदैन।

- कमलमणि दीक्षित र अन्यद्वारा सम्पादित 'कविवर माधव घिमिरे अभिन्दन-ग्रन्थ' (२०६०) मा एकल रूपमा पुस्तुन, बाहुन डाँडा, लमजुङमा जन्मेका राष्ट्रकवि घिमिरेको साहित्यिक व्यक्तित्व र कृतित्व सम्वन्धमा व्यापक अध्ययन गरेर लेखिएको भए तापनि लमजुङ जिल्लाको साहित्यिक गतिविधिको क्रमिक विकासका सम्वन्धमा मौन रहेको हुँदा यसले लमजुङको समग्र साहित्यिक विकासलाई आत्मसात् गर्न सकेको छैन। लमजुङसँग कमसेकम घिमिरेलाई गाँसेरसम्म हेरिएको पनि पाइँदैन।

- लमजुङ, दुराडाँडाको संयुक्त विद्यालय सञ्चालक समितिद्वारा वि.सं. २०१४ मा प्रकाशित 'अन्नपूर्णको काख' नामक पुस्तकमा कवि तीर्थराज अधिकारीको 'परिचय' कवितामा दिइएको छ। यसले लमजुङको शैक्षिक विकासको ऐतिहासिक सन्दर्भलाई प्रकाश पारे तापनि साहित्यिक विकासलाई छुने र हेर्ने अभिप्राय राखेको पाइँदैन। ज्ञान माधुरीसँग जोडिएर जुन साहित्यिक माधुरी आउनु पर्ने हो त्यो आउन सकेको छैन। यसैको पेटबोलीभित्र सर्वोदयको मार्मिक कहानी (कविता) दुराडाँडामा रहेको विजया चौतारीलाई काव्यात्मक दृष्टिले हेरिएको कविता, सर्वोदय मा.वि.लाई विद्या पीठको रूपमा टाढाबाट हेरी त्यहाँ विद्याको खोजीका रूपमा जान चाहिएका कुरा लोकलयात्मक भाकामा प्रस्तुत गरिएको छ। लमजुङबाट उठेका मूर्धन्य कवि साहित्यकारको नाम त्यस भित्र प्रशस्त परेर पनि तिनीहरूलाई शैक्षिक दृष्टिले मात्र हेरिएको छ।

- प्रा.डा. टीकाराम अधिकारी (२०६१) द्वारा लिखित 'गोविन्द चरितामृतम्' मा लमजुङ, खुदीमा जन्मेर पदचिह्न मर्स्याङ्दी तटको मलिलो माटोमा छोड्न सफल कवि एवम् विद्वान्

स्व. पं. गोविन्दप्रसाद सुवेदी (वि.सं. १९७६-२०३५) को सम्पूर्ण जीवनी, सुवेदी कुलको सङ्क्षिप्त परिचयसमेत समावेश गरेका छन्। उनी र उनको संस्कृत कविता सङ्ग्रह 'उठ रे विद्वत सिंह बिशाल !' का बारेमा पनि सामान्य प्रकाश पारेका छन्। पादटिप्पणीमा समेत थप सामग्री (नेपाली उल्था) दिएर विद्वान् कविका जीवनीबारे प्रकाश पारे तापनि जिल्लाको काव्यिक गतिविधि र उनको काव्यिक योगदानबारे खासै चर्चा भएको पाईंदैन।

- गोविन्दबहादुर कुँवरले 'अनुपम' (२०५६) शीर्षक मुक्तक सङ्ग्रहमा प्रकाशित 'लमजुङमा साहित्यिक गतिविधि' नामक लेखमा मोती मण्डलीका कवि पद्मविलास पन्तदेखि वर्तमान (२०५६) सम्मको साहित्यिक गतिविधिको सङ्क्षेपमा प्रकाश पारेका छन्। उक्त अवस्थाको समग्र साहित्यिक गतिविधिको विश्लेषण र मूल्याङ्कन भने भएको देखिदैन।

- राष्ट्रकवि माधव घिमिरे (२०५२) ले तीर्थराज शर्माद्वारा लिखित 'आफ्नै बाँसुरीको धुन' नामक कविता सङ्ग्रहको 'उनकै बाँसुरीको प्रतिध्वनि' शीर्षक भूमिकामा वि.सं. २००५-२००८ सम्मको लमजुङको साहित्य सिर्जना र केही श्रष्टाहरूको नाम उल्लेख गरी तत्कालीन जिल्लाको काव्य केन्द्र गाउँसहर बनेको छनक दिएका छन्। त्यसले लमजुङको आधुनिक कालखण्डको प्रारम्भतिरको दैलो खोलेको छ तर साहित्यिक भवनका कोठाको प्रत्येक दैलो र झ्याल खोल्न सकेको छैन।

- भूपनिधि पन्त (२०६१) ले डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिकामा प्रकाशित 'डिट्ठा श्रीप्रसाद उपाध्याय र उनको मानव धर्म खण्डकाव्य' शीर्षकमा "लमजुङलाई परिचित गराउने अनेक पाटाहरू मध्ये साहित्य पनि एउटा पाटोको रूपमा हामी पाउँदछौं" भन्दै मोतीराम भट्टका समकालीन कविको रूपमा लमजुङ रागिनासका पद्मविलास पन्त र त्यसपछिका अग्रणी कविहरूको चर्चा गरेका छन्। यसरी चर्चा गरिए तापनि सम्पूर्ण अध्ययन भने भएको पाइँदैन।

- हंसपुरे सुवेदी (२०५९) ले **'साँस्कृतिक परिवेशमा नेपालको हलो क्रान्ति'** शीर्षक पुस्तकमा लमजुङ दुराडाँडाका बाउनले हलो जोतिएको आन्दोलनले साहित्यिक हलचलसमेत मच्चाएको र बाउनले हलो जोत्न ठीक हुन्छ भन्ने पक्ष र ठीक हुन्न भन्ने विपक्षमा कविताको जुहारी चलेको कुरा देखाएका छन्। उक्त जुहारीका कविता यसमा समेत दिइए तापनि समग्र जिल्लाको साहित्यिक गतिविधि नउत्रेकोले यस कार्यलाई पनि आंशिक रूपमा मात्रै लिन सकिन्छ।

- नवराज पहाडी (ओया शिवुचो) सम्पा.) ले 'रेयुकाइ उद्यान' नामक पत्रिकामा प्रकाशित (२०६१) 'साहित्यकार वि.पी. स्मृति प्रतिभा पुरस्कार एक चिनारी' शीर्षक लेखमा

वि.सं. २०५० देखि २०६० सम्म उक्त पुरस्कार विजेता कविहरूको सङ्क्षिप्त परिचय र रेयुकाइ लमजुङ शाखाबाट भएका साहित्यिक गतिविधि उल्लेख गरेका छन्। समग्रमा लमजुङको साहित्यिक गतिविधि प्रकाश नपारिए तापनि उनको लेखले २०५० - २०६० को दशकको सामान्य चर्चा गर्न भने तम्सिएको देखिन्छ।

- दहाल यज्ञनिधि (२०६१), ले सूर्योदय स्मारिकामा प्रकाशित 'सुकेको आहाल र फुकेको प्रज्ञा' नामक लेखमा लमजुङको तत्कालीन साहित्यिक गतिविधिको झलक दिएका छन्। यसमा पनि सम्पूर्णता भने आउन सकेको देखिदैन।

- डा. तुलसी भट्टराई (२०६१), ले 'सूर्योदय रजत स्मारिक' मा प्रकाशित 'भार्तेमा स्रष्टाहरूको अपूर्व संयोजन' भन्ने लेखमा लमजुङको तत्कालका साहित्यिक गतिविधिको तत्क्षणको झलक दिएका छन् तर यसमा सम्पूर्णता भने समेटिन सकेको देखिदैन।

- माधव घिमिरे (२०५४) ले 'मर्स्याङ्दीका सुसेली' को मन्तव्यमा लमजुङका पद्य कविता फाँटका कविहरूको सामान्य चर्चा गरी कवि मेदिनीका वार्णिक छन्द रसानुकूल, वर्णनात्मक, सरल र सरस छन् भनी सामान्य चर्चा गरेका छन्।

- माधवप्रसाद घिमिरे रथ यात्रा मूल समारोह समिति (२०६०) द्वारा प्रकाशित "राष्ट्रकवि माधवप्रसाद घिमिरे रथयात्रा (स्मारिका)" भित्रका विभिन्न लेखहरूमा लमजुङको सङ्क्षिप्त साहित्यिक इतिहास र राष्ट्रकवि घिमिरेका सम्बन्धमा विभिन्न लेखक कविका दृष्टिकोण अभिव्यक्त भएका छन्। तर त्यसमा पनि जिल्लाको सम्पूर्ण साहित्यिक गतिविधिको चर्चा भने पाइँदैन।

- इन्दिरा अधिकारी (२०६१) द्वारा लिखित 'लमजुङ जिल्लाका कवि र तिनका काव्यकृतिको परिचयात्मक अध्ययन', शीर्षकको 'अप्रकाशित स्नातकोत्तर शोध-पत्र' मा लमजुङ जिल्लाका कवि र तिनका काव्यकृतिको परिचयात्मक अध्ययन गरिएको छ, विस्तृत अध्ययन भने हुनसकेको छैन। यसमा लमजुङका कवि र तिनका काव्यकृतिको सङ्क्षिप्त झलक मात्र उतारिएको छ तर यसमा साहित्यकारको व्यक्तित्व, कृतित्वबारे प्रकाश पारिएको छैन। लमजुङको साहित्यिक गतिविधि, विधागत विकास र त्यसले नेपाली साहित्यको समग्र विकासमा यस जिल्लाले पारेको प्रभाव र योगदानतर्फ खोज बढाएको पाइँदैन। लमजुङ जिल्लाको कवि र तिनका काव्यकृतिका बारेमा विवरणात्मक ढङ्गले केही प्रकाश पार्न सबभन्दा पछिल्लो र फराकिलो प्रयास भएतापनि यो कार्य मूलतः कविता विधाको सतही रूप देखाउन नै केन्द्रित रहेको छ।

उपर्युक्त पूर्वकार्यहरू फुटकर लेखमा मात्र सीमित भएकाले समग्र लमजुङ जिल्लाको साहित्यिक रूपरेखा तथा योगदानको आकलन र मूल्याङ्कन हुन सक्दैन। त्यसैले यस जिल्लाको साहित्यिक रूपरेखाको गहन अध्ययन आवस्यक देखिन्छ। यस शोध कार्यबाट लमजुङ जिल्लाको समग्र साहित्यिक गतिविधिको स्पष्ट रूपरेखा कोर्ने, समीक्षा गर्ने र मूल्याङ्कन गर्ने प्रयास भएको छ।

## 1:6 शोधकार्यको औचित्य र महत्त्व

'लमजुङको साहित्यिक रूपरेखा' तयार पार्ने विषयमा यस अगाडि कुनै शोध कार्य भएको छैन। लमजुङको साहित्यिक गतिविधि र विकास तथा यसका श्रष्टाहरूका बारेमा सामान्य वा आंशिक चर्चा भने नभएको होइन तापनि यस जिल्लाको क्रमिक साहित्यिक गतिविधि, विकास र योगदानबारे खास कार्य पूर्ण नभइसकेकाले पनि यसको अध्ययन गर्नु एक औचित्यपूर्ण कार्य भएको छ। लमजुङ जिल्लामा भएको साहित्यिक गतिविधिको विकास र नेपाली साहित्यमा त्यसको प्रभावका सम्बन्धमा व्यवस्थित अध्ययनको अभावमा थुप्रै शोधार्थी लेखक र पाठकलाई पर्दै आएको कठिनाइ हटाउनका साथै सिंगो नेपाली साहित्यको अध्ययनमा क्षेत्रीय अध्ययनको महत्त्व प्रस्टचाउनसमेत यो कार्य उपयोगी हुनेछ भन्ने विश्वास गरिन्छ। नेपाली साहित्यको समुन्नयनमा लमजुङका सङ्घ-संस्था, पुस्तक पत्रपत्रिका र स्रष्टाहरूको योगदानलाई प्रकाश पारी उजल्याउन पनि मद्दत गर्ने छ। यसरी लमजुङका साहित्यिक रूपरेखा तयार पारी नेपाली साहित्यको विकासमा लमजुङ जिल्लाको के कस्तो मूल्य रहेको छ भन्ने कुराको निर्क्योल गर्नमा समेत प्रस्तावित शोध कार्य उपयोगी हुने देखिएकाले यस अध्ययनको औचित्य छर्लङ्ग हुन आउँछ। यस अध्ययनबाट लमजुङ जिल्लाको साहित्यिक गतिविधिको पूर्ण जानकारी हुनाका साथै यस जिल्लाको साहित्यिक योगदानको पनि आकलन गर्न सम्भव हुन आएको छ।

## 1:7 शोध कार्यको क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य नेपाली साहित्यमा लमजुङ जिल्लाको साहित्यिक रूपरेखा तयार पार्नमा केन्द्रित रहने भएकाले यस शोधको क्षेत्र उक्त जिल्लाकै चिनारी, साहित्यिक गतिविधि र प्रयास, विधा, स्रष्टा र तिनको योगदान विषयसँग मात्र संवन्धित रहने छ। लमजुङ जिल्लाको साहित्येतिहास, गतिविधि र योगदानलाई मुख्य विश्लेषणको क्षेत्र मानिने छ। यस शोधमा लमजुङमा रहेका र लमजुङसँग प्रत्यक्ष सम्बन्ध भएका साहित्यिक सङ्घ संस्था, पत्रपत्रिका, र स्रष्टा मात्र समावेश गरिने छ। साथै पैत्रिक नाता सम्बन्ध लमजुङसँग गाँसिएका, अन्य जिल्ला वा विदेशबाट लमजुङमा आइबसेका र साहित्यिक योगदान पुऱ्याएका वा लमजुङबाट अन्यत्र जिल्लामा रहेर साहित्यिक योगदान पुऱ्याएका र लमजुङमै सेवारत रहेका स्रष्टाहरूको परिचय तथा योगदानको चर्चा तथा विश्लेषण गरिएको छ।

प्रस्तुत शोधपत्रमा स्रष्टा छनौटका क्रममा प्रकाशित पुस्तकाकार कृति र उल्लेख्य योगदानलाई आधार मानिएको छ तर ती प्रतिनिधि साहित्यकारहरूको कृतिगत, विधागत विश्लेषण समेत सामान्य रूपमा गरिएको छ।

प्रस्तुत शोधपत्रमा प्राप्त लिखित साहित्यभन्दा अगाडिको लोकसाहित्यको सामान्य पृष्ठभूमि देखाइए तापनि त्यसको छुट्टै रूपरेखा देखाइएको छैन र अध्ययन पनि गरिएको छैन। त्यसैले यो शोधकार्य लमजुङको लिखित साहित्यिक रूपरेखा तयार पारी यसको योगदानका क्षेत्रमा मात्र सीमित रहेको छ। शोधको सामग्री विवेचनाको क्षेत्र सर्वेक्षणात्मक र विवरणात्मक रहेको छ।

## 1:8 सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यको मुख्य सामाग्री सङ्कलन दुई प्रकारले गरिने छ। पुस्तकालयीय विधि र क्षेत्रीय विधि। प्रकाशित र उपलब्ध कृतिहरूबाट पुस्तकालयीय सामग्री सङ्कलन गरिएको छ भने लमजुङ जिल्लासँग सम्बन्धित स्रष्टाहरूसँग भेटघाटको क्रममा उनीहरू रहे बसेका स्थानमा गई प्रत्यक्ष भेटवार्ता, टेलिफोन भेटवार्ता, प्रश्नोत्तर गरी सामग्री सङ्कलन गरिएको छ। लमजुङेली साहित्यसँग चासो भएका वरिष्ट समालोचक विद्वान्हरूसँगको साक्षात्कारबाट पनि क्षेत्रीय सामग्री सङ्कलनको प्रयास गरिएको छ। क्षेत्रगत सामग्री सङ्कलन गर्न पोखरा सहित लमजुङका मुख्य-मुख्य ठाउँमा शोधार्थी आफै (क्यामरा र प्रश्नावलीसाथ) पुगेर पनि सामग्री सङ्कलन गरिएको छ र प्राप्त सामग्रीलाई तुलनात्मक अध्ययन गरी सही सत्य ठम्याउने प्रयास पनि गरिएको छ।

शोधपत्र तयार गर्ने क्रममा आवश्यकतानुसार ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अपनाइएको छ। साहित्यिक रचना, कृति र पत्रपत्रिकाको अध्ययन गर्दा मूलतः ऐतिहासिक विधि अवलम्वन गरिएको छ भने स्रष्टा र तिनका कृति, साहित्यिक पत्रिकाहरू सङ्घ संस्थाहरूको सूची तयार गर्दा विवरणात्मक विधि अपनाइएको छ। त्यसै गरी लमजुङ जिल्लाको साहित्यिक रूपरेखा तयार पार्दा यस जिल्लाको साहित्यिक विकास तथा योगदानको अध्ययनमा व्याख्यात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ।

## 1:9 शोधपत्रको रूपरेखा

प्रस्तुत शोध कार्यलाई शोधपत्रका रूपमा सुगठित र सुव्यवस्थित बनाउन निम्नानुसार परिच्छेदमा विभाजन गरी शीर्षक तथा उपशीर्षकमा समेत छुटचाएर प्रस्तुत गर्ने प्रयास गरिएको छ।

परिच्छेद एक – शोधपरिचय

परिच्छेद दुई – लमजुङको सङ्क्षिप्त भौगोलिक, ऐतिहासिक र शैक्षिक परिचय

परिच्छेद तीन – लमजुङ जिल्लाको साहित्यिक पृष्ठभूमि, साहित्यिक गतिविधि र विकास, साहित्यिक स्रष्टा, व्यक्तित्व र कृतित्व

परिच्छेद चार – विधागत स्थिति

परिच्छेद पाँच – मूल्याङ्कन र निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

श्री

परिच्छेदः दुई

# लमजुङको भौगोलिक, ऐतिहासिक तथा राजनैतिक परिचय

## 2:1 नामकरण

अस्तित्वका दृष्टिले 'लमजुङ' कहिलेदेखि ? यसको नाम कसरी रहन गयो ? कसले यसको न्वारन गऱ्यो ? आदि जस्ता कुराको खोजी, अन्वेषणकै गर्भमा रहेको देखिन्छ तापनि लमजुङको नामकरण सम्बन्धमा भने विभिन्न मत पाइन्छन्। ती प्राप्त मतहरू क्रमशः यस प्रकार छन् –

- ❖ गुरुङ भाषामा 'लम' भनेको लामा र 'जुम' भनेको गुफा भन्ने हुन्छ। गुरुङ जातिको पूजारीलाई लामा भनिन्छ। पूजारी लामाहरू विशेष अध्ययनका लागि गुफामा बस्ने भएको हुँदा तिनै लामालाई सङ्केत गरी लमजुम भन्दा भन्दै लमजुङ नाम रहन गएको भनिन्छ। (जि.वि.स. लमजुङ, २०५९ : १)

- ❖ मगर भाषामा 'लम' को अर्थ लामा र 'जुङ' को अर्थ गढी, चुली, दरवार भन्ने हुन्छ। लामाको गढी, चुली, घर वा दरबार भन्ने सङ्केत गर्न नै लमजुङ नामकरण भएको पनि मत रहेको छ। लमजुङ जस्तै यहाँ प्याराजुङ, लाखाजुङ, भुजुङ, गिलुङ जस्ता गामठाम पनि रहेका छन्। लमजुङका धेरै खोला, नदीनालाका नामका पछाडी 'दी' लगाइएको छ जसको अर्थ मगर भाषामा पानी हुन्छ। मर्स्याङ्दी, मादी, ङादी, पाउदी, रुदी, खुदी, रीस्ती आदि। (जि.वि.स. लमजुङ, २०५९ : १)

- ❖ तिब्बती भाषामा 'लम' को अर्थ लामा र 'जोङ' को अर्थ घर हुने भएकाले 'लमजोङ' भन्दा भन्दै अपभ्रंश भै लमजुङ नाम रहेको हुन सक्ने पनि अनुमान गरिएको छ। (पन्त, विजयलक्ष्मी, लमजुङ संगम, २०५७ : १)

- ❖ बाईसी चौविसी राज्य रहेका समय यस ठाउँमा रहेका घले राजाबाट असन्तुष्ट ६ थरहरू (दुरा, घिमिरे, भण्डारी, सुयल, पुँवार र राउत) कास्कीका तत्कालीन राजा कुलमण्डन शाहसँग एक राजपुत्र राजा बनाउन माग गर्दा रातको बेला लाम लागेर सुतेका राज पुत्रहरू मध्ये लामा तडी भएका र ओठमा जुङ्गा रेखी बसेका यशोब्रह्म

शाहलाई छानी ल्याई राजा बनाए पछि 'लाम जुङ्गे' नाम रहन गएको समेत मत पाइन्छ। तर यशोब्रम्ह शाह राजा बन्नु अघि नै लमजुङको नाम र यसको अस्तित्व देखा परिसकेको हुँदा यस मतमा भने शङ्काको ठाउँ देखिन्छ।

लमजुङको नामकरण सम्बन्धमा विभिन्न पाइएका मतहरूको भने अझै सत्यापन गरी प्रमाणित (अकाटच) मत ठहऱ्याउन भविष्यलाई नै छोड्नु पर्ने देखिन्छ।

## 2.2 भौगोलिक परिचय

नेपाल अधिराज्यको झन्डै मध्य भागमा पर्ने लमजुङ जिल्लाको अवस्थिति २८°३'१९" देखि २८°३०'३८" उत्तरी अक्षांस र ८४°११'२३" देखि ८४°३८'१०" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। यसको जम्मा क्षेत्रफल १,९३४ वर्ग किलोमिटर रहेको छ। नेपालको कूल क्षेत्रफलको १:२Ü भाग यस जिल्लाले ओगटेको छ। गण्डकी अञ्चलको दोस्रो ठूलो यो जिल्लाको आकार डमरुको जस्तो देखिन्छ। यहाँको होचो भाग रिस्ती-रम्घा फाँट (३८५ मि. समुद्र सतहदेखि) पर्दछ भने अग्लो भाग मनास्लु (८,१५६ मि. उचाइ) रहेको छ। यस जिल्लामा अवस्थित मुख्य अन्य हिमालहरूमा अन्नपूर्ण दोस्रो (७,९३९ मि.), मनास्लु दक्षिण (७,९३७ मि.), हिमालचुली (७,६७४ मि.), लमजुङ्चुली (६,९८८ मि.), बुद्ध हिमाल (६,६७४ मि.) रहेका छन्।

राजनीतिक सीमा विभाजनका दृष्टिले यस जिल्लाको दक्षिणमा तनहूँ, उत्तरमा मनाङ, पूर्वमा गोरखा र पश्चिममा कास्की जिल्ला पर्दछन्।

धरातलीय स्वरूपका दृष्टिले विविधता रहेको यस जिल्लालाई उचाइका आधारमा ४ भागमा बाँडेर अध्ययन गर्न सकिन्छ।

### 2.2.1 टार तथा बेसीहरू

नदी खोलाका टार तथा बेसीहरूको क्षेत्र समुद्र सतहदेखि १००० मि. सम्मको उचाइमा रहेको छ। यस जिल्लाका मुख्य नदीहरू (मर्स्याङ्दी, मादी, चेपे, दोर्दी, मिदिम, रिस्ती, खुदी, गाँदी) ले बनाएका टार तथा वेसीहरूमा (करपुटार, हाँडेटार, राइनासटार, पाउदी फाँट, बेसीसहर फाँट आदि) पर्दछन्। धान यहाँको मुख्य बाली हो भने अन्य बालीमा मकै गहुँ, तोरी लगाइन्छ। यहाँको जनघनत्व चाप बढ्दै गएको देखिन्छ। यहाँको हावापानीमा केही उष्णता पाइन्छ। हिजोको तुलनामा हाल यातायातको सुविधामा बृद्धि, व्यापार, उद्योग धन्धा, विद्यालय तथा सरकारी कार्यालयहरूको स्थापना समेतले वेसी टारतिर मानिसको आकर्षण बढ्न थालेको देखिन्छ। यहाँ साल सिसौ लगायतका वनस्पति पाइन्छन्। मिश्रित पतझर प्रकारको जंगल यहाँ पाइन्छ।

## 2=2=2 मध्य पहाड तथा महाभारत लेकको तल्लो भाग

मध्य पहाड तथा महाभारत लेकको पहाडी होचो भाग यसमा पर्दछ। यो भाग १००० मि. देखि २००० मि. सम्मको उचाइमा पर्दछ। यस भागमा ब्राह्मण, क्षेत्री तथा गुरुङ बस्तीहरू पर्दछन्। यस भागको मुख्य वाली मकै, कोदो र धान हुन्। यहाँ पतझर (चिलाउने, कटुस, काफल आदि वनस्पतिहरू पाइन्छन्। न्यानो समशीतोष्ण हावापानी यहाँ पाइन्छ। लमजुङका अधिकांश गाउँहरू यसै भाग अन्तर्गत रहेका पाइन्छन्।

## 2=2=3 महाभारत लेक तथा हिमालय पर्वतको तल्लो भाग

महाभारत लेक यस लेकाली भेकमा २००० मि. देखि ४००० मि. सम्मको उचाइ भाग पर्दछ। खास गरी गुरुङ, तमाङ जातिहरू यस भेकका डाँडा, पाखा स्वाराँहरूमा बसेको पाइन्छ। यसै भेकका खर्कहरू र उच्च समस्थली भागहरूमा भेडा,बाखा, गाईभैँसी पालन गरेको देखिन्छ। दूधपोखरी, कल्लाबारी, भुम्लीचोक, पाचोक, हिले, भुलभुले, फलेनी, ढोडेनी, वाग्लुङपानी, घनपोखरा जस्ता गाउँहरू यस भेकमा पर्दछन्। यस भेकको प्राकृतिक वातावरण केही ठण्डा भएपनि शान्त, सुशीतल पाइन्छ। यहाँ कोणधारी जंगल (देवदार, धुपी, भोजपत्र, गुँरास आदि) पाइन्छ।

## 2=2=4 हिमाली भेक

यो भेक मनाङ र गोरखा जिल्लासँग जोडिएको सीमाना क्षेत्रमा पर्दछ। यस भेकमा ४००० मि. देखि ८,१५६ मि. अग्लो मनास्लु (दक्षिण) हिमशिखरसम्म पर्दछ। यस भेकमा स्थायी बसोबास भएको पाइदैन। ग्रिष्मका केही महिना भने तल्लो भेकको घाँसे मैदानमा गोठ, टहरा हालेर भेडा, बाखा र चौरीका गोठालाहरू अस्थायी रूपले रहेको भेटिन्छ। घाँसे मैदान तथा शीत मरुभूमिकै रूपमा यो भेक रहेको पाइन्छ।

## 2=2=5 नदी नाला, पोखरी तथा झरनाहरू

अन्नपूर्ण र लमजुङ हिमालको ढालबाट वहने मर्स्याङ्दी नदी लमजुङ जिल्लाको मुख्य नदी हो जसले यस जिल्लालाई दुई भागमा चिरेको छ। यही नदीको कटाइको आधारमा पूर्वी लमजुङ र पश्चिम लमजुङमा छुटयाइएको पाइन्छ। विकासका दृष्टिले मर्स्याङ्दी नदी यस जिल्लामा वरदान तथा अभिशाप दुबै भएको देखिन्छ। यस नदीले मलिला फाँटहरू बनाएको छ। विद्युतीय उत्पादन बृद्धि गरेर मोटरेवल पक्की पूलले पूर्वी लमजुङलाई जोड्न सकेमा मर्स्याङ्दी वरदान सिद्ध नै मानिने छ। सिंचाइको संभावना त्यत्तिकै बोकेको मार्स्याङ्दीमा ऱ्याफ्टिङ व्यवसाय पनि उत्तिकै फस्टाएर जाने संभावना रहेको ठानिन्छ।

कास्की, तनहुँबाट लमजुङलाई छुटयाउने नदी हो मादी। यस नदीको देनको रूपमा करपुटार, भोर्लेटार जस्ता उर्वर फाँटहरूपर्दछन्। दूधपोखरी (पवित्र तीर्थस्थल, च्यवन ऋषिको तपोस्थल) चेपेनदीको उद्गम स्थल हो। यसले आफ्नो ऐतिहासिक गाथा आफै गाइरहेको छ। दोर्दी, मादी, किसेती, पाउदी, रुदी, चिल्ली, लाङ्दी अन्य महत्त्वपूर्ण नदीनाला हुन्, जुन नदी नालाहरू मर्स्याङ्दी मादी तथा चेपे नदीका सहायक नदीहरूमा पर्दछन्।

नदीनालाले लमजुङको माटोलाई उर्वर तुल्याएका छन् भने अँध्यारा गाउँ वस्तीलाई उजल्याउने पनि छन्। यहाँ भएका ताल तलैया, पोखरी, रह, दह, छाँगा छहरा यसको निर्मलताका प्रतीक बनेका पाइन्छन्। दूधपोखरी, बराहपोखरी, मेमे पोखरी, इलिम पोखरीले प्राकृतिक सुन्दरताका साथै धार्मिक, साँस्कृतिक र पर्यटकीय महत्त्व वहन गरेको विश्वास गरिन्छ। बेसीसहर नगिच पर्ने गाउँसहर, भकुण्डेको ताल भने संरक्षण हुन नसकेर अहिले नाम मात्रको ताल फाँटको रूपमा परिणत भएको पाइन्छ। बोराङको सानुपोखरीले पनि यही पीडा भोको छ। जलकुम्भी भारले पोखरीलाई पुरा निलेको देखिन्छ।

## 2:2:6 फलफूल तथा नगदे वाली

प्राकृतिक विशिष्टता, भौगोलिक विविधता र जल संपदाले गर्दा लमजुङको भविष्य समुज्ज्वल रहेको ठानिन्छ। चिति स्याउत, धिमिरे, उदिपुर, घोक्रेस्वाँरा, मञ्ज्याङ, भारते, मोहरिया, तल्लो बोराङ जस्ता ठाउँहरूले सुन्ताला खेतीको संभावनालाई सङ्केत गरिसकेका छन्। त्यस्तै भुजुङ, मालिङ, उत्तरकन्यामा (ACAP) को प्राविधिक सहयोगबाट) चियालगाउने कार्य सम्पन्न भई सकेको छ भने पूर्वी लमजुङको गौंडा इलमपोखरी, दूधपोखरी क्षेत्रमा चिया विकासका निम्ति प्रारंभिक कार्य उल्लेख भएको पाइन्छ। यस्तै कफी, रेशम खेतीका लागि (परेवाडाँडा, बोराङ र सूर्यपाल, रम्घा, जिता आदि क्षेत्र) पनि उपयुक्त मानी प्रारम्भिक कार्य शुरु भएको बुझिन्छ। (लमजुङ जिल्लाको वस्तुगत विवरण, २०५९ : ३९)

मौरी पालनको लागि पनि लमजुङको पहारिला गाउँठाउँ, भिर पहरा उपयुक्त भएको मानिन्छ। विश्व प्रसिद्धि पाएका मह शिकारी मणिलाल गुरुङ यही लमजुङ जिल्लाको दूधपोखरी गा.वि.स.का वासिन्दा हुन्।

## 2:2:7 पर्यटकीय स्थल

लमजुङ जिल्ला भौगोलिक र प्राकृतिक संरचनाका हिसावले अत्यन्त सुन्दर र आकर्षक मानिन्छ। विश्वमै प्रसिद्धि पाएको अन्नपूर्ण हिमश्रृङ्खला पदयात्रा लमजुङबाटै सुरु हुन्छ। पृथ्वी राजमार्ग पोखरा र लमजुङ छुट्टिने डुम्रेबजारबाट बेसीसहरसम्म ४२ कि.मि. बाटो रहेको छ। लमजुङ प्रवेश गर्ने द्वार, पाउदी बजार मानिन्छ। यहाँबाट राईनास प्याराजुङ हरित मार्ग, कुन्छा, दुराडाँडा जाने मोटर मार्ग पनि छुट्टिन्छन्। पाउदीबाट बेसीसहर पुग्न १८ कि.मि. बाटो पर्दछ। मर्स्याङ्दीको किनारै किनार हरिया पाखापखेरी, खोलानाला, झरना

काटेर भोटेओडार, उदिपुर, फलियासाँघु, तालफाँट, गाउँसहर रानीकुवा काटेर बेसीसहर पुगिन्छ । बेसीसहरको पश्चिमपट्टि डाँडामा गाउँसहर दरबार, कालिका मन्दिर देखिन्छ । गाउँसहर, पुरानकोट पर्यटकीय पदयात्रा यहीबाट सुरु हुन्छ । यहीबाट खुदी, घनपोखरा, घलेगाउँ (२१०० मिटर) जस्ता अतिरमणीय पर्यटकीय स्थल पुगिन्छ । उत्तरपट्टि फर्केको घलेगाउँबाट शिरै माथि झललल देखिने मनास्लु, बौद्ध, हर्कपीक, अन्नपूर्ण हिमाल र केही माछापुच्छ्रे हिमालको भाग पनि देख्न सकिन्छ । भिरमौरी रम्ने भिर, पहराहरू पनि रहेको लमजुङ प्राकृतिक वैभवले सम्पन्न जिल्लाको रूपमा लिइन्छ । पाउदीबाट राईनास, गौँडा, इलिम, दूधपोखरी जस्ता प्रसिद्ध ऐतिहासिक, धार्मिक स्थल पनि देख्न सकिन्छ । अनेक कोट, गढी भञ्ज्याङ, हरिया पाखापखेरा, डाँडा र थुम्कादेखि हिमच्छादित शृङ्खलाले सज्जित यस जिल्लामा ईशानेश्वर मन्दिर, कालिका मन्दिर चक्रतीर्थ, प्याराजुङ, गौँडामा रहेका गुफा आकर्षक धार्मिक तथा पर्यटकीय स्थलहरू हुन् ।

यसै जिल्लाको सदरमुकाम बेसीसहरबाट हिमालपारिको जिल्ला मानिने मनाङलाई मोटरबाटोले छुन पनि प्रयत्न भइरहेको पाइन्छ । जोनउडलाई माइक्रोसफ्टदेखि विद्यालयतर्फ फर्काउने बाहुनडाँडा, राष्ट्रकवि घिमिरेको जन्मस्थल पनि लमजुङ भित्रको यही बाटोमा पर्दछ।

यहाँका ८ गा.वि.स. हरू (भुजुङ, पसगाउँ, घनपोखरा, भोजे, ताघ्रिङ, घलेगाउँ, उत्तरकन्या, सिम्पानी र खुदी) अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना अन्तर्गत पर्दछन्। ग्रामीण पर्यटकीय गाउँको रूपमा घले गाउँ र पूर्वी लमजुङमा राईनासकोटले अहिले निकै चर्चा पाएको देखिन्छ। घले गाउँ, भुजुङ, खासुर, लमजुङ दरबार, पुरानकोट, चेपेघाट, रागिनास कोट, सिँदूरे ढुङ्गा, मेमे पोखरी, दूध पोखरी, बाह्र पोखरी, इलिम पोखरी आदि यहाँका महत्त्वपूर्ण पर्यटकीय स्थल मानिन्छन्। धार्मिक स्थलको रूपमा लमजुङ कालिका, उदिपुर कालिका, कर्पूरेश्वर महादेव, ईशानेश्वर महादेव, लक्ष्मी नारायण मन्दिर, बाह्र पोखरी, दूधपोखरी आदि पर्दछन्। यहाँका मुख्य बजारहरूमा वेशीसहर, भोटेओडार, उदीपुर, सुन्दरबजार, बोराङखोला, सोतीपसल, भोर्लेटार, खुदी बजार, भुलभुले, बाहुनडाँडा, घेर्मु, स्याङ्गे, जगत, च्याम्चे आदि पर्दछन्।

## 2:2:8 वनस्पती तथा जडिबुटी

लमजुङ जिल्लाको कुल क्षेत्रफल १६९२ वर्ग किलोमिटर (के.त.वि. २०५८) मध्ये आधा जसो भूभाग (३९.७%) वन तथा बुटयानले ढाकेको देखिन्छ। वन क्षेत्र (६६० व.कि.मि.) मध्ये ११२.६२ व.कि.मि. सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण भएको देखिन्छ। धरातलीय विविधता अनुहरूयहाँ विभिन्न प्रकारका वनस्पति, जडिबुटी समेत पाइन्छन्। साल, साज, चिलाउने, कटुस, लाँकुरी, लालीगुँरास, भोजपत्र, लोक्ता, धुपी, सल्ला, चाँप आदि जातका वनस्पति पाइन्छन्। जडिबुटीहरूमा कुट्की, मजिठो, निरमसी, जटामसी, पदमचाल, यार्सागुम्बा, पाँचऔले, पाषणवेद, अमला, हर्रो, बर्रो, सिन्कौली, चिराइतो आदि पाइन्छन्।

## 2:2:9 पशु पक्षी

यस जिल्लाका प्रमुख वन्य जन्तुहरूमा भालु, चितुवाका साथै मलसाप्रो, दुम्सी, चौघडा, लोखर्के जस्ता अनौठा वन्यजन्तुहरू विशेष उल्लेखनीय मानिन्छन्। दुर्लभ (संकटमा परेको) मानिने बाघ पनि यहाँ पाइन्छ। हिमाली क्षेत्रतिर कस्तुरी, रतुवा, झारल, न्वाउर आदि वन्यजन्तु नै उल्लेखनीय मानिन्छन्। पक्षीका हकमा यहाँ न्याउली, ठेउवा (निलकण्ठ), जुरेली, ढुकुर, तित्रा, वनकुखुरा, माटोकोरे, लुइचे, चिवे, बट्टाइ, फिष्टो, धोवेनी, कुथुर्के, लाँहचे पाइन्छन् भने हिमाली क्षेत्रमा डाँफे (राष्ट्रिय पक्षी) मुनाल, कालिज, प्युरा, च्याखुरा, हिउँ परेवा मुख्य मानिन्छन्।

खनिज पदार्थको दृष्टिकोणले लमजुङ सिङ्गमरमर, अभ्रख, नुन पाइने क्षेत्रको रूपमा लिइन्छ। तर यहाँको खनिज पदार्थको खोज, अन्वेषण, सर्वेक्षण भने अहिलेसम्म हुन नसकेको देखिन्छ।

भौगोलिक धरातलीय स्वरूपमा भएको विविधताले यहाँको हावापानी, वनस्पति, वन जंगलमा विविधता पाइनु स्वभाविकै हो। प्राकृतिक संपदाका रूपमा रहेका यस्ता स्थान, वन जंगल, नदीनाला फलफूल, पशु पक्षीको संरक्षण संबर्धन र विकास गर्न सकेमा पर्यटकीय दृष्टिले आय आर्जन बृद्धि गर्न रोजगारी बढाउन र गरिबी घटाउन समेत सहायक हुने कुरा संबन्धित क्षेत्र तथा विज्ञहरूको ठहर रहेको पाइन्छ।

# 2:3 ऐतिहासिक/राजनैतिक परिचय

नेपालमा लिच्छविकाल विक्रमको पहिलो शताब्दीदेखि दसौं शताब्दीसम्म भएको मानिन्छ। लिच्छवि राज्यको मुख्य केन्द्र हालको काठमाडौँ उपत्यका भएतापनि गण्डकी पारी मल्लपुरीसम्म फैलिएको मानिन्छ। त्यसैले लमजुङपनि लिच्छविराज्य अन्तर्गत रहेको सहज अनुमान गर्न सकिन्छ। यसरी लमजुङको नाम लिच्छवीकालदेखि नै उल्लेख भएको पाइन्छ। मध्यकालको प्रारम्भतिर (वि.सं. ११२६) तयार गरिएको र भोटको मोहरा (ङोर) मठमा भेटिएको 'अष्ट साहस्रिक प्रज्ञापारमिता' नामक एक बौद्ध धार्मिक ग्रन्थमा लमजुङको नाम उल्लेख भएको पाइएको छ। उक्त धर्मग्रन्थ श्री शङ्करदेव राजाको राज्यकालमा नेपाल मण्डल, मर्स्याङ्दी तट लमजुङ निवासी गङ्गा रानाले तयार गरेको कुरा सोही ग्रन्थमा [संवत (१०९ ने.सं.) भाद्र पद दिवं से श्री मच्छङ्कर देव राज्य] "श्री लमजुङ वास्तव्य गङ्गारानकेन लिखित मिदम्" मा यस्तो वाक्य लेखिएकोबाट पुष्टि समेत हुन पुग्दछ। (थापा, मर्स्याङ्दी २०५५ : ५)

यसरी लिच्छविकाल, प्रारम्भिक मध्यकालदेखि नै अस्तित्वमा देखिएको लमजुङको राजनैतिक इतिहासलाई कोटयाएर हेर्दा यसले नेपालको एकीकरण पूर्व नै आफूलाई एक शक्तिशाली राज्यको रूपमा स्थापित गरेको पाइन्छ। प्राचीन काल (आरम्भदेखि वि.सं. ९३७)

देखि नै माध्यमिक कालीन नेपाल (वि.सं ९३७ देखि १८२५) मा धेरै राजा रजौटाहरूले नेपालका विभिन्न ठाउँमा राज्य गरेको देखिन्छ। राज्य विस्तारको क्रममा बलियाले आफ्नो अधिपत्य जमाउदै जाने क्रममा राज्यहरूको उदय र पतन भइरहेको पाइन्छ। त्यसै क्रममा गण्डकी प्रदेश अन्तर्गत चौविसी राज्यहरू स्थापित हुन पुग्दछन्। जसमध्ये एक शक्तिशाली राज्यको रूपमा लमजुङले आफ्नो अस्तित्व कायम गरेको कुरा इतिहासले नै देखाउँछ। तिब्बतका हिमाली घाँच र घाँटी काटेर मनाङको बाटो हुँदै लमजुङको घनपोखरा, घेर्मु र कास्कीको सिखलेसमा बसोबास गर्न आइपुगेका गुरुङ, घलेहरूले यशोब्रह्म शाहको उदय पूर्व लमजुङमा राज गरेको कुरा यहाँको इतिहासमा उल्लेख भएको पाइन्छ। तत्कालीन घले राजाहरूको मुख्य राजधानी मनाङ भोटमा रहेको र लमजुङमा घलेहरूको स्थानीय स्वायत्त शासन चलेको अनुमान गरिएको छ। घले राज्यमा राज्य व्यवस्था सञ्चालन गर्न नाल सभा ( संसद) समेतको व्यवस्था भएको बुझिन्छ। तत्कालीन राज्य व्यवस्था जन समर्थन र विश्वासको आधारमा चलेको देखिन्छ।

त्यतिबेला तिब्बतबाट लमजुङ पसेका मंगोलियन मूलका घले गुरुङहरू र दक्षिण भारतबाट नेपालको पश्चिमी भाग (जुम्ला, हुम्ला) हुँदै लमजुङ प्रवेश गरेका आर्यहरू (ब्राह्मण, क्षेत्री, चन) को मुख्य बसोवास भएको पाइन्छ। घले स्थानीय सामन्त शासकहरूको व्यवहारहरूबाट सम्पूर्ण जात जातिहरू सन्तुष्ट हुन नसकेकाले क्षेत्री राजाको खोजी तत्काल भएको देखिन्छ।

कास्कीको तत्कालीन घले राज्यमा जगदी खान शाही (कुलमण्डन शाह) को वर्चस्व कायम भएपछि लमजुङमा घले राजाहरूबाट असन्तुष्ट रहेका ६ थरहरू (पुवाँर, भण्डारी, राउत, सुयल, दुरा र घिमिरे) मिलेर उनका ७ भाइ छोरा मध्येका जेठा कालु शाहलाई मागि ल्याइ लमजुङको राजा बनाइएको कुरा इतिहासमा पाइन्छ। लमजुङको तत्कालीन पुरानकोट दरबारको राजगद्दीमा कालु शाहलाई बसाइयो। घलेहरूलाई कालु शाहको आगमन सैह्य थिएन। आखिरमा घलेहरूबाट आयोजना गरिएको भोजमा कपटपूर्ण ढङ्गले हत्या भएपछि पुनः तिनै ६ थरहरू मिलेर कुलमण्डनशाहका कान्छा छोरा यशोब्रह्म शाहलाई लमजुङको राज सिंहासनमा बसालिएको पाइन्छ।

यशोब्रह्म शाहलाई कास्की (नुवाकोट) बाट चाँदीको जावीमा राखेर बोकील्याई लमजुङमा शाह वंशको राज्य स्थापना गर्नेहरू : कुसुमाकर घिमिरे, लक्ष्मन दुरा, नारायण दुरा, मादे दुरा, सुकुम्बर क्याप्सा, चामु धिमाल र एक अधिकारी थरका व्यक्ति थिए। रातमाटे डाडाँको ठूलो ढुङ्गा माथि यशोब्रह्म शाहलाई राजा मानी सिन्दुर जात्रा गरेकाले हालसम्म पनि उक्त ढुङ्गा सिन्दुरे ढुङ्गा र गाउँ सिन्दुरे गा.वि.स. बनेको छ।

यशोब्रह्म शाहदेखि अर्थात् वि.सं. १५५० श्रावण १५ देखि १८३९ सम्म यही शाह वंशले अविच्छिन्न लमजुङमा शासन गरेको कुरा इतिहासमा उल्लेख छ। यशोब्रह्म शाहपछि

लमजुङमा नरहरि शाह, चुडाशाह, अचिन्द्र शाह, नरेन्द्र शाह, नराज शाह केहरिनारायण शाह, दवादल शाह, रिपुमर्दन शाह, रक्षेश्वर शाह, सीम शाह र वीरमर्दन शाह क्रमशः राजा बन्न पुगेको देखिन्छ। यशोब्रह्म शाहका जेठा छोरा नरहरि शाह बाबुको शेष पछि लमजुङका राजा बनेका थिए भने कान्छा छोरा द्रव्यशाह भने राइनासकोटतिरको गाई गोठबाट गोरखा लिगलिगको राज्य सर गर्दै गोरखाको राजा बन्न पुगेका थिए। द्रव्य शाह कै दसौं पुस्ताका चतुर एवम् साहसी राजा पृथ्वीनारायण शाह विशाल नेपालका राजा बन्न पुगेका थिए। लमजुङमा यशोब्रह्म शाह राजा भएदेखि राज मंत्रीको रूपमा जीताराम भण्डारीका सन्तानहरूले (जयसिंह भण्डारीसम्म) वि.सं. १८३९ सम्म काम गर्दै आएको देखिन्छ। त्यसरी राज्यमन्त्री बन्ने भण्डारीहरू जिताराम, वरदेउ, रणसिंह, देवदास, सिरै, मनै, अनन्त, डम्बर, गोरा, कुञ्जर, कालु, पारथ र जयसिंह भण्डारी थिए। (भण्डारी, लमजुङसंगम २०५९, १२-१५)

लमजुङका राजा नरहरि शाह (दाइ), भाइ द्रब्य शाहले आर्जन गरेको लिगलिग, गोरखा लमजुङ अन्तर्गतकै राज्य ठान्थे। तर गोरखालीले आफ्नो स्वतन्त्र स्वाभिमान लमजुङमा विलीन गर्न चाहेनन्। त्यतिबेलादेखि लमजुङ र गोरखा बीचको खटपट पृथ्वीनारायण शाहको समयसम्म देखिन्छ। कहिले लमजुङले चेपे काटेर दरौंदीसम्म आफ्नो साँध सीमाना पुऱ्याएको देखिन्छ भने कहिले लमजुङको राईनासकोट, गौंडासम्म गोरखालीले हमला गरेको देखिन्छ। राजमाता राजेन्द्र लक्ष्मीले दुई भाइ (नरहरि शाह र द्रव्यशाह) बीच चेपेमा स्तन बहाएर दूधको मानितो राख्न लगाएता पनि यो मानितो लामो समयसम्म रहन सकेन। सहोदर दाइ भाइकै समयदेखि दूधको मानितो तोडिएर शत्रुतामा परिणत हुन पुगेको पाइन्छ।

शक्ति वल्लभ अर्ज्यालको 'तनहुँ-भकुण्डो' कवितामा समेत लमजुङको नाम उल्लेख भएको पाइन्छ।

धायको छ लमजुङ मकुण्डो
कस्कि-बाघ सुनको छ खुकुण्डो
पीउठानीकन देउ सुकुण्डो
मारिलेउ तनहुँ त भकुण्डो।

मन्त्रि सागर खनाल छ बाला
पाँचको छ सब गन्तिन चाला
कालु जैसि खरिदार त राला
तेस ढङ्ग तनहूँ कति खाला।

त्यतिबेलाका राज्यको अवस्था र स्वभावलाई बडो कुटनीतिक चातुर्यपूर्ण भनाइबाट पनि लमजुङलाई आफ्नो बसमा राख्न अर्थात अनाक्रमक बनाउन सन्धि गर्नु पर्ने कुरालाई

संकेत गरेको छ। जस अनुसार पृथ्वीनारायण शाहको पालामा गोरखाको तर्फबाट काजि कालु पाण्डेले वि.सं. १८०० तिर लमजुङको आक्रमणबाट बच्न र निर्भिग्न रूपमले गोरखा पूर्वतिर अगि बढ्न सजिलो होस् भनी चेपेघाटमा एक सन्धि गरेका थिए। कवितामा उल्लेखित कालु जैसी दुराडाँडाका वास्तोला हुन् भन्ने भनाइ पाइन्छ। बडा विम्वात्मक ढङ्गले लेखिएको यस कवितामा लमजुङसित लडेर होइन सन्धि गरेर थान्को लगाउनु पर्छ। अनि भकुण्डा जस्ता राज्य (तनहुँ) लाई अर्थात अर्काको भरमा उक्सिनेलाई एकल्याउन (हात लगाउन) सकिन्छ भनी नायक पृथ्वीनारायण शाहलाई तत्कालीन राज्यहरूको स्थिति कविताका माध्यमबाट बोध गराएको देखिन्छ।

लमजुङ राज्य शाह वंशको उत्थानकाल देखि नै सामाजिक ढङ्गले मजबुत हुँदै गएको देखिन्छ। कालु शाह, यशोब्रह्म शाहलाई राजा बनाउने क्रममा ६ थरहरू सङ्गठित भएका देखिन्छन्। कास्कीबाट लमजुङमा राजा भित्र्याउने क्रममा साथमा खड्क देवता, लक्ष्मीनारायण देवताका साथै घरी र षरी लिइ आउने अन्य थरहरूमा आले मगर, अधिकारी खत्री, र तिवारी थिए। सामाजिक ढङ्गले पनि उल्लेखित ६ थरहरूमा अन्य यी थरहरूपनि समावेस हुन आइपुग्दा सामाजिक एकतापनि मजवुत हुन पुगेको देखिन्छ। त्यसपछि लमजुङ व्यवस्थित र सुदृढ राज्य भई करिव दुई ढाइ सय वर्ष आफ्नो अस्तित्व कायम गरेको देखिन्छ। त्यतिबेलादेखि नै राज्य र राजा (शासक) हुनलाई केवल वल र दममात्र होइन सामाजिक एकता, सद्भाव, सहअस्तित्व र सदाचार आवश्यक हुन्छ भन्ने कुरा लमजुङले देखाएको छ।

त्यतिबेला वाईसी चौबिसी राज्यकालमा घर धुरी सङ्ख्या हेरी जनवलको आँकलन गरिन्थ्यो। मनाङ समेतको संयुक्त लमजुङमा त्यतिबेला आठहजार धुरी र गोरखामा बाह्र हजार भएको देखिन्छ। जनवलको दृष्टिले लमजुङ केही कमजोर देखिएता पनि तिब्वतसम्म पुग्न र व्यापार गर्न नाका खुलेकोले व्यापार व्यवसाय बढाई यसले आफ्नो आयआर्जन भने बलियो तुल्याएको थियो। यसका साथै यसले तोप समेत बनाइ शैन्यशक्ति सुदृढ पारेकोले मध्यकालीन नेपाल (बाइसी/चौविसी राज्य) मा चौविसी राज्यमध्ये सैनिक शक्ति (तोपसमेत बनाएको) का दृष्टिले मुख्य गढ मानिने लमजुङ राज्यको अस्तित्व कायम भएको समयदेखि नै प्रसिद्धि पाएका किल्लाहरू हुन सिन्दुरे ढुङ्गा सहितको तुर्लुङकोट, पुरानकोट, राइनासकोट, गौंडाकोट, जीताकोट र कुन्छा गढी। यस्ता कोट र गढीमा अझै पनि पूरातात्विक महत्वका केही बस्तुहरू देखिन्छन् भने उचित संरक्षणको अभावमा कतिपय स्थानीय व्यक्तिहरूको घरमा समेत रहेको बुझिन्छ। मध्यकालीन नेपालदेखि ऐतिहासिक, सामाजिक तवरले लमजुङ शक्तिशाली चौविसी राज्य मध्ये एक थियो भन्ने कुरा माथि पनि प्रष्टिसकेको छ। लमजुङ भनेको गरुड, गोरखा भनेको सर्प र तनहुँ एवम् काठमाडौं उपत्यकाका तीन सहर भ्यागुता हुन् भन्ने पृथ्वीनारायण शाहका मामा उद्योग सेनको भनाइले पनि लमजुङको सामाजिक मर्यादा एवम् प्रतिष्ठा प्रष्टिन पुग्दछ। लमजुङलाई छलेर मात्रै गोरखाले अरु राज्यालाई हात पार्न सक्छ भन्ने सङ्केत यस भनाइले दिन्छ। (पन्त, लमजुङ संगम २०५७, ८-१३)

लमजुङ भन्याको गरुड हो (अरु राज्य सर्प, भ्याकुतो) भन्ने मान्यता लामो समयसम्म कायम भएको देखिन्छ तापनि युद्धकै क्रममा सरदार कुँवर भण्डारी, पारथ भण्डारीले २४० जना लडाकु सहित गोरखा राज्यसित आत्म समर्पण गरेपछि लमजुङ केही कमजोर बन्न पुगेको थियो। पुनः युद्धकै क्रममा सरदार भक्ति थापा (वि.सं. १८०२-१८७२) गोरखालीबाट समातिए पछि उनी गोरखालीकै पल्टनमा समावेस हुन पुगेका थिए। वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा विजय प्राप्त गरी नेपालको एकीकरण गरुन्जेल पनि लमजुङ स्वतन्त्र राज्यको रूपमा नै रहेको थियो। यसरी एकीकरण अघिसम्म सुदृढ देखिएको लमजुङ अन्तमा १८३९ सालको तार्कु युद्धमा हार खाइ विशाल नेपालमा विलय हुन पुगेको थियो। (भण्डारी, लमजुङ संगम २०५९, १२-१५)

लमजुङ पछि तनहुँ (१८४० मा) र कास्की (१८४२ मा) विशाल नेपालमा गाभिए पछाडि तनहुँ र लमजुङको सदरमुकाम केही समय लमजुङको बरेटार कायम भएको देखिन्छ। पछि औलो, गर्मी आदिको भयले होला लमजुङकै परेवाडाँडा (बरेटारबाट केही माथि) मा राजा पृथ्वीपतिको पालामा सरेको पाइन्छ। गोरखा र पोखरा क्षेत्रीयस्तरका कार्यालय बीच घुम्ती अड्डाको रूपमा लमजुङको बरेटार (परेवाडाँडा) रहेको ठानिन्छ।

राणा शासन कालमा नेपालको प्रशासनिक विभाजन गरिए अनुसार पश्चिम ३ नं. मा कास्की, लमजुङ र तनहुँ पर्दथे। पश्चिम ३ नं को प्रशासनिक सदरमुकाम पोखरा थियो। लमजुङको दैनिक प्रशासन चलाउन कुन्छामा मिलिसिया, माल, अदालत र हुलाक अड्डा थिए। राजश्व अशुल गर्नु (जिमुवाल मार्फत), शान्ति सु-व्यवस्था कायम गर्नु, चिठी पत्र आदान प्रदान गर्नु गराउनुजस्ता काममात्र यहाँबाट सञ्चालन हुने गर्दथ्यो। तत्कालीन लमजुङमा २७ वटा मौजाहरू रहेको पाइन्छ।

हालको राजनीतिक विभाजन २०१८ अनुसार, पश्चिमाञ्चल विकास क्षेत्र (२०३०) अन्तर्गत पर्ने गण्डकी अञ्चलको ६ जिल्लामध्येको लमजुङ एक जिल्ला हा। सप्त गण्डकी मध्येको एक नदी मर्स्याङ्दीले उत्तर दक्षिण वहेर छुटचाएको आधारमा यस जिल्लालाई दुई निर्वाचन क्षेत्र ११ इलाका र ६१ गा.वि.स. मा छुटचाइएको देखिन्छ। सङ्घीय लोकातान्त्रिक गणतान्त्रिक नेपालमा संविधान सभा चुनाव (२०६४ चैत्र २८) मा इलाका नं. १ बाट ने.क.पा. माओवादीका बुद्धिराम तमु र इलाका नं. २ बाट न.क.पा. एमालेका पृथ्वीसुब्बा गुरुङ निर्वाचित भएका छन्। वस्ती विस्तारका दृष्टिले भविष्यमा नगरपालिकाको संभावना बोकेका गा.वि.स. हरूमा १. बेसीसहर-गाउँसहर २. उदिपुर-भोटेओडार-सुन्दरबजार ३. भोर्लेटार-ईशानेश्वर देखिन्छन्। यस जिल्लाको सबै भन्दा ठूलो गा.वि.स. को रूपमा भुलभुले र सबै भन्दा सानोमा धुर्सेनी (दुराडाँडा) पर्दछन्। लमजुङको सबैभन्दा माथिल्लो उचाइमा रहेको बजार गौंडा (१७२० मि.) र सबैभन्दा कम उचाइमा रहेको बजार दुईपीप्ले, रम्घा (४५० मि.) रहेका छन्।

## 2:4 सामाजिक क्रान्ति

वि.सं. १९९० मा बनारसबाट शास्त्री गरी भारतमा भएको अङ्ग्रेज विरुद्धको स्व जागरण देखेर फर्केका लमजुङ दुराडाँडाका पं. कविराज तोयनाथ अधिकारी, लेप्टन जागिर छोडेर घर आएका शेषकान्त अधिकारी, मु. हरिभक्त पौडेलको नेतृत्वमा धर्मको नाममा बढिरहेको आडम्बरयुक्त रुढीबाद र त्यसलाई अडचाइ रहने राणा (सामन्ती) मानसिकताका गाउँले प्रतिनिधि पुरोहित, जिम्बुवाल अन्धपण्डित तथा साहूमहाजनको चङ्गुलबाट आम जनता, किसानलाई मुक्त गर्न, चेतनस्तर उकास्न २००३ सालमा कास्की, तनहुँ, गोरखा र लमजुङका विद्वान्हरूलाई बोलाइ गोप्य बैठक सञ्चालन गरेर ब्राह्मणले हलो जोतेर 'हलो आन्दोलन' गर्ने निर्णय गरेको देखिन्छ। हलो आन्दोलनबाट कृषक जागरण गरी राणा विरुद्ध मोर्चामा जनतालाई उभ्याइ सामाजिक क्रान्ति मच्चाउने र प्रजातन्त्र ल्याउन पृष्ठभूमि बनाउने उद्देश्यले दुराडाँडा चिहानपाटास्थित चन्द्रेश्वर महादेवको शिवालयमा अठारै पर्व महाभारत वाचन कार्यक्रम सुरु भएको थियो भन्ने कुरा उक्त आन्दोलनका जीवित योद्धा (श्रीकान्त अधिकारी लगायत) ले बताउनु हुन्छ। रुढीवादी परम्परा र सामाजिक भेदभावको बन्धन तोड्न, विचारमा परिवर्तन ल्याउन महाभारत कथा वाचन गर्ने पं. तोयनाथ अधिकारी, पं. चीरञ्जीवी अधिकारी सफल हुनु भएको मानिन्छ।

यस किसिमको पहिलो सामाजिक जागरण पछि पठित युवाहरूको स्वयम सेवक समूह गठन गरी ठाउँ ठाउँमा अनपढ बालबालिकाहरू र प्रौढहरूलाई शिक्षा दिन थालियो। यसरी शिक्षा दिदा दमै, कामी, सार्कीका छोराछोरीहरूलाई समेत शिक्षा दिन थालिएको र जसबाट सामाजिक भेदभाव हटाउन समेत ठूलो टेवा पुगेको देखिन्छ। यस किसिमको शैक्षिक जागरणको आन्दोलनमा पण्डित तोयनाथ अधिकारी, श्रीकान्त अधिकारी, कृष्णप्रसाद न्यौपाने, चन्द्रकान्त शर्मा, उदयनाथ अधिकारी, खडानन्द अधिकारी, रामदत्त अधिकारी, पं. टीकाराम पौडेल, बद्रीनाथ अधिकारी, मनोरथ तिवारी, रामनाथ न्यौपाने आदि सामेल भएको बुझिन्छ। यस किसिमका चरणबद्ध आन्दोलन पछि २००६ सालमा पं. तोयनाथ अधिकारी, ले. शेषकान्त अधिकारी, मु. हरिभक्त पौडेल र श्रीकान्त अधिकारीको नेतृत्वमा ब्राह्मणले हलो जोतेर आन्दोलन छेडे, जुन आन्दोलनमा २१ जना ब्राह्मणले हलो जोतेको बुझिन्छ। यस पछि यो सामाजिक आन्दोलन वरपरका छिमेकी जिल्ला हुँदै पश्चिम नेपालसम्म पुगेको देखिन्छ। प्रजातन्त्रिक समाजवादतिरको कदमलाई यस आन्दोलनले तत्काल ठूलो सघाउ पुऱ्याएको मानिन्छ। तर हलो जोत आन्दोलनलाई राणा शासन विरोधी, जातपात नमान्ने कांग्रेसी कार्यका रूपमा लिइयो। उक्त आन्दोलनका ४ योद्धाहरूलाई तत्कालीन राणा सरकारले पक्रेर पोखरा अड्डामा चलान गरी थुनेपनि यो आन्दोलन भने व्यापक रूपमा फैलिदै पश्चिमतिर गएको देखिन्छ। यसरी लमजुङको उक्त हलो आन्दोलन नेपालको २००७ साले राष्ट्रिय आन्दोलनको एक अविस्मरणीय पाटो भएर सामाजिक रूपान्तरणका लागि समेत योगदान दिन सफल भएको देखिन्छ। (जानिफकार श्रोत : अग्रज विद्वान् श्रीकान्त अधिकारी)।

परिच्छेदः तीन

# लमजुङको शैक्षिक / साहित्यिक गतिविधि

## 3:1 शैक्षिक गतिविधि

लमजुङ जिल्लाको शैक्षिक पृष्ठभूमि कोटयाउँदा शिक्षा दिने र लिने परम्परा परापूर्व कालदेखि नै चल्दै आएको पाइन्छ। यस किसिमको शिक्षा व्यवस्था गुरुकुल शिक्षा पद्दतिमा आधारित देखिन्छ। विक्रम सम्वत्को सुरुदेखि नेपालमा लिच्छवि वंशको शासन देखिन्छ जुन बेला लमजुङ पनि लिच्छवि राज्य अन्तर्गत रहेको पाइन्छ। इतिहासमा यस काललाई स्वर्णकाल मानिन्छ। लिच्छवि कालमा गुरुकुल शिक्षा पद्धतिका साथै काष्ठकला मूर्तिकला, वास्तुकलाको अत्यधिक विकास भएको देखिन्छ। एघारौं शताब्दीको पूर्वार्धमा आउँदा नआउँदै (सं. ९३७ मा) यस वंशको पतन हुन गई मल्ल राज्य वंश उदय भएको देखिन्छ। लिच्छविकालीन लमजुङमा भने शिक्षाको कस्तो व्यवस्था र अवस्था थियो भन्ने कुराको अझै खोज अनुसन्धान हुन सकेको देखिदैन।

विगतमा पृथ्वीनारयण शाहअघि पनि विशाल नेपाल एकीकरण हुँदै र टुक्रिदै गएको पाइन्छ। नेपालको इतिहासमा माध्यमिक कालमा पनि नेपाल मण्डल राज्य रहेको देखिन्छ। यस राज्यअन्तर्गत लमजुङ रहेको कुरा धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठको २०३२ सालको सर्वेक्षणले देखाउँछ। उक्त सर्वेक्षण अनुसार ने.सं. १८९ (वि.सं. ११२५) मा नेपाल मण्डल राज्य अन्तर्गत रहेको लमजुङको मर्स्याङ्दी किनारमा अवस्थित वेसिसहरका गङ्गा रानाले तयार गरेको 'अष्ट साहश्रीक प्रज्ञापारमिता' नामको हस्त लिखित बौद्ध-ग्रन्थ भोटको ङोर मठमा भेटिएको कुरा उल्लेख भएको पाइन्छ। उक्त ग्रन्थमा परेको वाक्य "ने.सं. १८९ भाद्र पद दिवसे मच्छङ्करदेव राज्य श्री लमजुङ वास्तव्य गङ्गा रानाकेन लिखित मिदम्' (थापा, मर्स्याङ्दीः पृ. ६) ले माथिको कुरालाई पुष्टि गर्दछ (थापा, मर्स्याङ्दी : पृ. ६)। यस अभिलेखले लमजुङमा त्यतिबेलादेखि नै पढ लेख गर्ने, हस्त लिखित ग्रन्थ तयार पार्ने जस्ता परिपाटी कायम थियो भन्ने कुरालाई पुष्टी गर्दछ।

लमजुङ (लामाको गुफा) नामबाट नै विद्या र ज्ञानसँग सम्बन्धित देखिन्छ। विद्याध्ययन र ज्ञानोपार्जनका लगि लामाहरू, तपस्विहरू गुफामा बस्ने प्राचीन चलन नै हो। नेपाली साहित्यको प्राथमिक काल (वि.सं. १८२६-१९३९) का प्रसिद्ध कवि वीरशालि पन्त वागलुङका भनिएको भएतापनि लमजुङ, चिति स्याउतका गुणशालि, धर्मशालि, शौभाग्यशालिको घरमा भेटिएको अमरकोशको एक पानामा "वीरशालि द्विजस्येदं पुस्तकम्" भनी लेखिएको हुँदा र आफ्ना वंशावलीमा शालि पन्त पनि जोडिएको हुँदा उनलाई लमजुङकै कवि हुन् भनी दावा गरिएकोसमेत पाइन्छ। यसमा सत्यताको तुक जति भए पनि त्यो समय १८६० तिरदेखि नै पुस्तक सङ्ग्रह गरीपढ्ने परिपाटी लमजुङमा रहेको देखिन्छ।

नेपाल मण्डल टुक्रिएपछि मध्यकालीन कर्णाली क्षेत्रमा उदय भएको विशाल खस राज्य अन्तर्गत लमजुङ पनि परेको देखिन्छ। उक्त खस राज्यको विस्तारसँगै जुम्लातिर रहेका ब्रह्मण क्षेत्री (न्यौपाने, आचार्य, अधिकारी, घिमिरे, खड्क थापा, दुलाल, दुरा आदि) बसाइँ सराइँको क्रममा फैलिएको हुनु पर्दछ। खस राज्यको राजधानी सिम्जामा गुरु पुरोहितका रूपमा ब्राह्मण वर्ग र भारदारका रूपमा कहलिएका क्षत्रीहरूको लमजुङ प्रवेशले यहाँको सामाजिक परिवेशमा नयाँ चेतनाको हलचल मच्चिएको पनि अनुभूति गर्न सकिन्छ।

खस राज्यको केन्द्रीय नियन्त्रण कमजोर भएपछि स्थानीय रूपमा सर्व शक्तिमान देखिएका घले राजाहरू (होर्जेक्ले, क्याल्वुरुजु, खार्सक्ले आदि) को शासन चलेको मानिन्छ। घले राज्यमा घ्यात्रे (पुस्तक निलि ज्ञान लिएको) म्लिजारजा नामका लामा (पुस्तक काखि च्यापी जोगाएका लामा) गुरूपुरोहितको रूपमा रहेको देखिन्छ। घ्याब्रे र लामाद्वारा नै त्यतिबेला बौद्ध परम्परा अनुरूप शिक्षा दिइन्थ्यो। तन्त्र मन्त्र विद्याका धनी दोर्जे लामाहरूको तान्त्रिक विद्या पनि अस्तित्वमा रहन आएको देखिन्छ। मनाङ भोटमा राजधानी भएको घले राज्यमा स्थानीय रूपमा बाँधिएका पाँच गाउँ, छ गाउँ, चौथर, पाँचथर, नौथर, चारथर, दशथर, बाह्रथर गाउँहरूका जेठो वाठो, जान्ने सुन्ने, धनीमानी, मुखियालाई शासक वनाइएको कुरा विभिन्न जनश्रुतिहरू र ऐतिहासिक भग्नावसेशहरूले एकातिर बताउँछन् भने अर्को तिर त्यो बेलाको झलक दिने गाउँहरू अझै अस्तित्वमा रहेका पाइन्छन्। घले राज्यमा गाउँका हरेक मुद्दा मामिला समस्या, रीतिथिति जस्ता कुराहरू गाउँ गाउँका नाल सभावाट टुङ्ग्याइन्थे र बर्षको एकचोटि सम्पूर्ण गाउँहरूको प्रतिनिधित्व हुने गरी बाग्लुङपानीमा बृहत नाल सभा हुने गर्दथ्यो र रीतिथिति बसालिन्थ्यो। 'राजाको नीति, गुरुङको स्थिति' भन्ने श्रुति अझै गुरुङ समुदायमा सुन्न पाइन्छ। यस किसिमको विकेन्द्रित शासन पद्दतिको अभ्यास देखिए पनि सम्पूर्ण लमजुङलाई सन्तुलित रूपले समेट्न नसकेको देखिन्छ। घले राज्यमासि शाही राज्य स्थापना भएपछि शाह राजा पक्ष र घले पूर्व राजा पक्षको आखिरीको मिलापले लमजुङमा सामाजिक रीतिथिति राम्ररी बस्दै गएको मानिन्छ। कालु शाहको हत्या भएपछि उनकै भाइ पुनः यशोब्रह्म शाह लमजुङको राजा भएपछि घलेहरूलाई स्थानीय स्वायत्तता दिई मिलापमा ल्याइएको थियो । यस किसिमको स्वायत्तताको अवशेष वि.सं. १८७१ देखि अन्त्य भएको थियो । लमजुङको शाह दरबारमा पढेलेखेका पण्डितहरूलाई सम्मान दिई गुरु पुरोहितको रूपमा राखिएको देखिन्छ। उनीहरू दरबारमा शिक्षादीक्षा दिने, चिठीपत्र तयार गर्ने, राज्यलाई सरसल्लाह र परामर्श दिने जस्ता कार्यमा सम्लग्न रहन्थे। दरबारमा शिक्षाको बोध गरिएतापनि सार्वजनिक रूपले शिक्षाको व्यवस्था मिलाउन सकेको भने देखिदैन। त्यतिबेलाको आवश्यकता अनुसार सैन्य शक्तिले सवल, हातहतियारले सुदृढ हुन नै आवश्यक ठानिन्थ्यो, त्यसैले शिक्षामा भन्दा पनि युद्ध-कला सिकाउन नै राज्यको चासो रहेको पाइन्छ। त्यति बेला लमजुङ सैन्य शक्तिले सुदृढ भएकोले चौविसी राज्यमा शक्तिको एक मुख्य केन्द्र विन्दुको रूपमा रहेको थियो। त्यतिबेला तनहूँ, कास्की र लमजुङ राज्य सबैमा शिक्षाको सामान्य व्यवस्था भएता पनि कास्कीमा सबै भन्दा राम्रो व्यवस्था चलेको देखिन्छ। त्यति

बेलाका पुराना कागज पत्र शिलालेख, ताम्रपत्र जस्ता सामाग्रीहरूको खोज अनुसन्धान हुन सकेमा अझ अरु शैक्षिक, ऐतिहासिक, साँस्कृतिक क्षेत्रका रहस्यहरू उद्घाटन हुन सक्ने अनुमान गर्न सकिन्छ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि वि.सं. १८३८–१८४२ भित्रमा तनहूँ, लमजुङ, पर्वत, कास्की गोरखा (नेपाल) राज्य मा मिल्न पुगेको देखिन्छ। भीमसेन थापा (१८५० तिर) को समयबाट संस्कृत र साधारण अङ्ग्रेजी शिक्षाको सुरुवात भएको नेपालमा दरबार स्कुल (वि.सं. १९१०), रानीपोखरी संस्कृत पाठशाला (वि.सं. १९३२) स्थापना पश्चात शिक्षाको प्रचार प्रसारमा आएको तीव्रता अनुरूप लमजुङबाट सर्वप्रथम माध्यमिक कालीन मोती मण्डलीका कवि पद्मविलास पन्त (वि.सं. १९१९-१९८८) विद्याका लागि "काशी कि कास्की" भन्ने चलन भएका बेला कास्कीमा एक वर्ष जति अध्ययन गरी बनारस अध्ययनका लागि पुगेको देखिन्छ। बनारसमा वि.स. १९३७–१९४४ सम्म बस्दा त्यतिबेला काशी कल्पबास बसेका हजुरबुबाको रेखदेख गरी अध्ययन गरेको र मोतिराम भट्टसँगको प्रत्यक्ष भेटघाट र प्रभावबाट साहित्य सिर्जनमा लागेको देखिन्छ। शृङ्गारिक र नैतिक कविता धाराका उनी सशक्त कवि देखिन्छन्। हुन त नेपाली साहित्यको प्राथमिक काल (१८२६-१९३९) मा वीरशाली पन्त जस्ता विद्वान् एवम् कवि निस्किसकेका थिए। वीरशाली पन्त बाङ्लुङका भनिए पनि चिति स्याउतका पन्तहरू अझै उनलाई लमजुङका हुन् भनी भन्न छोडेका छैनन्। पुराना संस्कृतका पुस्तक रहेको ठाउँको एउटा पुस्तकमा वीरशाली पन्तसँग रहेका पुस्तक भनी बाँसको कलमको टाकामा लेखिएको पुस्तक सूची अझै पाइन्छ। वि.सं. १९७२ वरपर कोमल गीताका रचनाकार पं. कोमलनाथ अधिकारीले बनारसमा संस्कृत र अङ्ग्रेजी शिक्षा आर्जन गरेको देखिन्छ। संस्कृततर्फ सम्पूर्ण मध्यमा अध्ययन गरी फर्केका कोमलनाथ अधिकारीले सर्बप्रथम आफ्नै घरमुनि दुराडाँडा स्वाँराको वेल चौतारीमा करिव दुई बर्ष निःशुल्क शिक्षा गाउँ घरमा उपलब्ध गराएको देखिन्छ। लमजुङमा सार्वजनिक शिक्षाको सुरुवात पनि त्यहीँबाट भएको मानिन्छ।

शिक्षामा नवजागरण ल्याउन दुराडाँडा देउतापानीका साहू यज्ञप्रसाद वास्तोला, जलुक्पानीका पं. विष्णुप्रसाद अधिकारीको पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा हात रहेको देखिन्छ। पं. विष्णुप्रसादका घरमा ठाउँठाउँबाट शिक्षाध्यायन गर्न आउनेहरू त्यतिबेला पनि ६०/७० जना भएको सुनिन्छ । केही वर्षको अध्यापन पछि उनी जुम्लाको चन्दननाथ मन्दिरमा पुगेर सन्यास लिई विश्वामित्र नामले मानसरोवरमा रही सिद्धि प्राप्त गरेका थिए भन्ने जनश्रुति रहेको छ । वास्तोला साहूका दुई भाइ छोरा पुस्करनाथ र धरित्रिनाथले भारतको देहरादुन नैनितालमा अङ्ग्रेजी पढी सर्वप्रथम लमजुङबाट म्याट्रिक पास गरेका थिए। वि.सं. १९९० को दशकमा म्याट्रिक गरी घर फर्केका पुस्करनाथ वास्तोलासँग नरकान्त अधिकारी जस्ता प्रकाण्ड विद्वान्हरूले पनि प्रारम्भिक अङ्ग्रेजी शिक्षाको ज्ञान लिएका थिए।

लमजुङकै दुराडाँडा धुवाँआउने ऐतिहासिक ठाँटीमा वि.सं. १९७९ तिर नै पं.

कोमलनाथ अधिकारीको सकृयतामा भाषा पाठशालाको स्थापना भएको देखिन्छ। यो भाषा पाठशाला नै लमजुङको पहिलो भाषा पाठशाला मानिन्छ। वि.सं. १९८५ सालमा सुब्बा नरजङ्ग गुरुङको प्रयासमा खुदी वेनीमा दोस्रो भाषापाठशालाको स्थापना हुन गयो जसको संस्थापक गुरुको रूपमा गुरु पं. बद्रीनाथ सुवेदी थिए। प्रखर विद्वता र साहित्यिक प्रतिभाका धनी गुरु पं. बद्रीनाथ सुवेदीबाट वर्तमान कविवर माधव घिमिरे, पूर्व मन्त्री खगेन्द्रजङ्ग गुरुङ, गोविन्द सुवेदी, कोमलनाथ सुवेदी, सूर्यनाथ सुवेदी, देवीप्रसाद सुवेदी, सूर्यप्रसाद सुवेदी, कवि मेदिनि सुवदी जस्ता विद्वान् एवं कविहरूले पनि यही पाठशालामा शिक्षा आर्जन गरेको देखिन्छ। यति बेलै बनारसबाट शास्त्री गरी फर्किएका पं. तोयनाथ अधिकारीले दुराडाँडा अर्चलेनीको आफ्नै घर आँगनमा जात भात नहेरी सबै गाउँलेका अनपढ छोराछोरीहरूलाई शिक्षा दिन प्रारम्भ गरेका थिए। उता बर्बोट खनियाँ गाउँ दुराडाँडाका साहू भवदत्त ओडारखनियाँले काठमाडौं ठमेलबाट पं. टीकाराम पौडेल (वि.सं. १९९२-२००३) लाई शिक्षकको रूपमा झिकाई घरमा राखेर पढ्ने पढाउने क्रम बसालेको देखिन्छ। संस्कृतका विद्वान् एवं साहित्यका रसिक टीकाराम पौडेलको सिकाउने कलाबाट अति नै प्रभावित भई धेरै टाढा टाढाबाट पनि त्यतिबेला दुराडाँडामा पढ्न आएको देखिन्छ। पढ्ने विद्यार्थीको सङ्ख्यामा आएको तीव्रताले गर्दा विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी (आठ भाइ समूह, १० भाइ समूह, १२ भाइ समूह) पढाएको देखिन्छ। टीकाराम गुरुको व्यवस्थित र अनुशासित पठन-पाठनबाट प्रभावित भई तत्काल स्कुल जाँच्न आएका जाँचकीले भाषा पाठशालाका प्रथम (जेठा) गुरु चिरञ्जीवी अधिकारीलाई हटाई पं. टीकारामलाई सरकारी गुरुको रूपमा खान्की खाने गरी मान्यता दिएको देखिन्छ। भाषा पाठशालाबाट हटेपछि पं. चिरञ्जीवी सुब्बा नरजङ्ग डिल्लीजङ्ग गुरुङकहाँ घरानिया गुरुको रूपमा रहेको पाइन्छ। यतिबेला लमजुङका अन्य गाउँहरूमा पनि विस्तारै शिक्षाको उज्यालो किरण फैलिदै गएको देखिन्छ। जसअनुरूप तेश्रो भाषा पाठशाला वि.सं. १९९० मा जिता सप्तधारामा भाषा पाठशालाको स्थापना हुन पुग्यो जसका जेठा गुरु पं. नरहरि अधिकारी थिए। चौथो भाषा पाठशाला चिति भाषा पाठशाला हो जसको जेठो गुरु टीकानिधि खनाल (चुँदी) र दोश्रो गुरु हरिभक्त देवकोटा थिए। गुरु हरिभक्त देवकोटाले अफ्नो जेठा छोरा राजेश्वर देवकोटा (राजनीतिज्ञ एवम् साहित्यकार) लाई पनि साथै ल्याएर चितिमा पढाएका थिए। तेश्रा गुरु डम्बरदे कँडेल र चौथा नरहरि शर्मा घिमिरे रहेका थिए। त्यस्तै चिसङ्कु, चिति, मञ्याङ, शिख, गोर्जे, विचौर, धमिलिकुवाजस्ता ठाउँहरूमा पनि भाषा पाठशाला स्थापना हुन पुगे। केवल संस्कृत पढ्ने, कर्म काण्ड, ज्योतिष आदि विद्या व्यावहारिक रूपमा प्रयोग गर्ने, तम्सुक लेख्ने, चिठीपत्र बाँच्ने र कारिन्दा वनाउने परम्परागत सोचाइमा परिवर्तन आई अङ्ग्रेजी शिक्षातर्फ लमजुङेहरूको ध्यान वि.सं. २००७ सालको क्रान्तिको पूर्व सन्ध्या अघि नै जुर्मुराउन थालेको देखिन्छ। भाषा पाठशालाहरूले शिक्षाको विकासका साथै भाषा तथा साहित्यको पूर्वाधार खडा गर्न मद्दत गरेको पाइन्छ। भाषा पाठशालाका गुरु पं. टीकाराम पौडेलद्वारा दुराडाँडामा साहित्यको विकासका लागि प्रेरित गरेको पाइन्छ भने अन्य पाठशालाका गुरुहरूले पनि छात्रछात्रालाई साहित्यतर्फ अग्रसर

गराएको पाइन्छ। खुदी भाषा पाठशालाका नेपाली साहित्यका प्रतिभा कवि पं. बद्रीनाथ सुवेदी लगायतका व्यक्तिहरूबाट अध्यापनका साथै साहित्य साधना पनि त्यहीबाटै भएको पाइन्छ। यसरी ०७ सालमा आईपुग्दा लमजुङमा ९ वटा भाषा पाठशाला, ठाउँ ठाउँमा चौतारी स्कुलहरू, केही सोल्जरवोर्ड (भारतीय सैनिकका छोराछोरीलाई दिइने साधारण शिक्षा) स्कुल र केही गुम्बाहरू पनि स्थापित भएका देखिन्छन्। २००७ अगावै अङ्ग्रेजी शिक्षाको सामान्य प्रचार पनि हुन थालेको थियो। वि.सं. १९९२ पछि दुराडाँडामा उदयनाथ अधिकारीले सामान्य अङ्ग्रेजी शिक्षा घर आँगनबाट दिन सुरु गरेका थिए।

१०४ वर्षको लामो राणाहरूको हुकुमी शासन चिरेर वि.सं. २००७ सालको क्रान्ति पश्चात् लमजुङमा शैक्षिक जागरण तीव्र रूपमा आएको देखिन्छ। सात सालको लगतै आठ सालमा नै दुराडाँडामौजामा १२ वटा प्राथमिक विद्यालय स्थापना हुन गएका देखिन्छन्। दुराडाँडामै लमजुङको पहिलो मिडिल स्कुलको रूपमा वि.सं. २००९ सालमा सर्वोदय मिडिल स्कुल स्थापना हुन पुग्यो। त्यतिबेला २०१० सालमा राष्ट्रिय शिक्षा सम्मेलन दुराडाँडामा भएको थियो। त्यसपछि कुन्छामा २०११ साल चैत्र २६ गतेका दिन श्री शान्ति मिडिल स्कुलको स्थापना हुन पुग्यो। लमजुङ दुराडाँडाका १२ प्राइमरी र मिडिल स्कुलको नामाकरण पं. तोयानाथ अधिकारीले 'स' अक्षरबाट नामाकरण गरेका थिए भने सुवेदार नन्दवहादुर मल्लद्वारा शान्ति मिडिल स्कुलको नामोच्चारण गरेका थिए। सर्वोदय मिडिल स्कुल २०१३ साल कार्तिक २० गते र २०१७ सालमा शान्ति मिडिल स्कुल हाईस्कुलको रूपमा परिणत भएका थिए। २००५ सालमा स्थापित आधार स्कुल लमजुङका संस्थापक प्रधानाध्यापक जेठा गुरु राष्ट्रकवि माधव घिमिरे, माहिला गुरु टीकारमा घिमिरे, साहिला गुरु तीर्थराज अधिकारी र कान्छा गुरु रामनाथ खनाल रहेका थिए। यी श्रद्धावान गुरुहरू स्वयम् कवि थिए। यिनको कवित्वको प्रभाव तत्कालीन विद्यार्थीहरूमा समेत परेको पाइन्छ। २०१९ सालमा हाईस्कुलको रूपमा परिणत भएको थियो। लमजुङले सर्वप्रथम २०१८ सालबाट एस्.एल्.सी. परीक्षामा विद्यार्थीहरू समावेस गराउन सकेको थियो। यस पछि मात्रै लमजुङका अन्य क्षेत्र खुदी, भोर्लेटार, गिलुङ, भोटेओडार, तार्कुघाट, अल्कटारमा हाइस्कुलहरू सञ्चालन हुँदै गएका देखिन्छन्। २०१४ सालमा आईपुग्दा प्रा.वि.को संख्या ५२, मिडिलको संख्या ८, हाइस्कुल १, संस्कृत उच्च पाठशाला १ पुगेको देखिन्छ भने राष्ट्रिय शिक्षा पद्दतिको योजना (नयाँ शिक्षा योजना) २०२८ लागू भएपछिको अवस्थामा पूर्व प्रा.वि. १०१, मिडिल १०, हाईस्कुल १२ पुगेको देखिन्छ। हाल २०६४ साल आषाढ मसान्तसम्म आइपुग्दा यो संख्यामा दोब्बर भन्दा पनि बढी बृद्धि भएको देखिन्छ। जस अनुसार प्रा.वि. २८७, नि.मा.वि. ३६, मा.वि. ४५, उच्च मा.वि. १२ र क्याम्पस ८ पुगेको जिल्ला शिक्षा कार्यालय लमजुङको अभिलेखले जनाउँछ। यस्तै निजी विद्यालयतर्फ प्रा.वि. ७, नि.मा.वि. ४, मा.वि. ७ र उच्च मा.वि. २ देखिन्छ। हालसम्मको लमजुङको साक्षरताको प्रतिशत ७४.०५% र जसमा ८५% पुरुष र ६२.३% महिला रहेका छ। लमजुङको पहिलो कलेज कुन्छा इन्टर कलेज थियो। जुन २०२३ सालमा

श्रीनिधि गौलीको अध्यक्षतामा स्थापना भएको थियो। राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ लागू भएपछि पृथ्वीनारायण क्याम्पस पोखरामा उक्त कलेज गाभिएको मानिन्छ। लमजुङमा त्यस पछि खुलेको दोस्रो कलेज कृषि क्याम्पस सुन्दरबजार (२०३२) हो जहाँ आइ.ए.सि.ए.जी. सम्मको पढाइ हुन्छ। लमजुङको तेस्रो कलेजको रूपमा मर्स्याङ्दी बहुमुखी क्यम्पस (२०४७) निजीस्तरमा खुलेको पहिलो क्याम्पस हो। हाल लमजुङमा रहेका अन्य क्याम्पसहरूमा भक्ति आदर्श क्याम्पस भोटेओडार, इशानेश्वर क्याम्पस भोर्लेटार, सर्वोदय बहुमुखी क्याम्पस (२०६४) दुराडाँडा, पुष्पलता आचार्य क्याम्पस रम्घा देखिन्छन्। जिल्लामा २० ओटा स्रोत केन्द्र रहेका छन्। हाल अन्धा, अपाङ्ग, लाटा, बहिरा एवम् सुस्त मनस्थिति र द्वन्द्व पीडित बालबालिकाको शिक्षाका निम्ति विशेष शिक्षाको व्यवस्था पनि सुरु भएको पाइन्छ।

## 3=1=1 पुस्तकालयहरू र तिनको शैक्षिक/साहित्यिक प्रभाव

लमजुङमा २००७ पूर्व शैक्षिक, साहित्यिक विकासलाई अगाडि बढाउने क्रममा केही संस्थागत् प्रयास भएको पाइन्छ। यतिबेला पुस्तकालय खोल्ने, पत्रपत्रिका झिकाउने प्रयाससम्म लमजुङमा भएको देखिन्छ।

### 3=1=1=1 पद्मोदय पुस्तकालय, अर्चलेनी, दुराडाँडा

पद्मोदय पुस्तकालय वि.सं. २००४ मा रामनाथ खनाल आदिको सक्रियतामा तनहुँ जिल्लाको तत्कालीन सदरमुकाम बन्दीपुरमा खुलेको देखिन्छ। उक्त पुस्तकालयको घुम्ती पुस्तकालयको रूपमा शिक्षा प्रेमी होनहार पण्डित तोयनाथ अधिकारीले लमजुङको दुराडाँडा अर्चलेनीमा पनि आफ्नै घरमा राखेका थिए। पद्मोदय पुस्तकालयबाट सामाजिक, शैक्षिक, साहित्यिक, आयुर्वेदेकि, आध्यात्मिक चेतना जगाउने खालका पुस्तकहरू झिकाउने र निश्चित समयमा बन्दीपुर फिर्ता पठाउने काम पं. तोयनाथले गरेको पाइन्छ। हिन्दुस्थानबाट त्यतिबेला निस्कने 'विश्वामित्र' हिन्दी पत्रिकासमेत उनले घरमा याने पुस्तकालयमा झिकाएको देखिन्छ। नेपालबाट निस्कने समाचारमूलक पत्रिका गोरखा-पत्र र 'विवेक विन्दु' लगायतका केही साहित्यिक पत्रिकाको पनि उनले पुस्तकालयमा आउने व्यवस्था मिलाएको देखिन्छ। यी पत्रिका तथा पुस्तकहरू पढेर त्यतिबेलाका जागरुक युवाहरू अझ जागरुक बनेको पाइन्छ। उक्त संस्थाबाट स्वयम्सेवक खडा गरेर दुराडाँडामा जागरण अभियान सञ्चालनसमेत गरिएको पनि पाइन्छ। पं. तोयनाथले आफ्नै घर आँगनमा छुवाछुतको भेदभाव नराखी दलित जनजातिका छोराछोरीलाई पनि निःशुल्क शिक्षा दिएको देखिन्छ। यस पुस्तकालयले ल्याएको जागरणले २००६ सालको हलो आन्दोलनलाई अघि बढाउन र २००७ सालको राणा सरकार विरुद्धको आन्दोलनमा सहभागी हुन ग्रामीण जनतालाई प्रेरित गरेको पनि पाइन्छ।

त्यतिबेला दुराडाँडामा, विश्वामित्र, गोरखापत्र लगायत केही पत्रिकाहरू ले. शेषकान्त अधिकारीहरू जस्ता सचेत जनका घरमा हुलाकबाट झिकाइएको हुन्थ्यो। विश्वामित्र

पत्रिकामा दिइएका महात्मा गान्धी, जवाहारलाल नेहरू, सुवासचन्द्र बोस जस्ता राजनेताहरूको तस्विर हेरेर, उनीहरूको जीवनीबारे अग्रजहरूबाट सुनेर, पढेर राजनीतिक चेत खुल्दै गएको कुरा राजनीतिज्ञ तथा शिक्षा सुधारक श्रीकान्त अधिकारीको अभिमत रहेको पाइन्छ । तत्काल क्रुर राणाको कडा दृष्टिबाट बच्न नै बन्दीपुरमा विधिवत स्थापित पद्मोदय पुस्तकालयको शाखा वा घुम्ती पुस्तकालय दुराडाँडामा सञ्चालन गरिएको थियो भन्ने कुरा तत्कालीन स्थितिको अध्ययनबाट प्रष्ट हुन आउँछ।

लमजुङमा २००७ साल अगाडि पुस्तकालय स्थापना भएको यो नै पहिलो घटना थियो। पुस्तकालय के हो ? किन यसको आवश्यकता पर्छ ? जस्ता प्रश्नहरूको उत्तर खोतल्ने, जनचेतना जागृत गराउने र पढाइमा रुचि जगाउने जस्ता कार्यहरू गरेर यसले आफ्नो गौरवान्वित अस्तित्व २०१७ सालसम्म जोगाएको पाइन्छ। स्वयम् पं. तोयनाथ अधिकारी दुराडाँडा छोडेर काठमाडौँ लाग्नु अघि यस पुस्तकालयमा रहेका पुस्तकहरूप्रभात पुस्तकालय धुवाआउने ठाँटीमा राखिएको पनि देखिन्छ। जे होस् यस पुस्तकालयको स्थापनादेखि नै लमजुङमा पुस्तकालय विकासको क्रम बसेको देखिन्छ।

### 3=1=1=2 प्रभात पुस्तकालय, धुवाआउने ठाँटी, दुराडाँडा

प्रभात पुस्तकालय २००७ सालको राजनैतिक परिवर्तन पश्चात् पं. तोयनाथ अधिकारी, ले. शेषकान्त अधिकारी, मु. हरिभक्त पौडेल, तत्कालीन युवा नेता श्रीकान्त अधिकारीको ज्वाजल्य नेतृत्वमा २००८ सालमा धुवाँआउने ठाँटीमा स्थापना भएको थियो। आफूसँग भएका महत्त्वपूर्ण पुस्तकहरू सङ्कलन गर्दै थालनी गरिएको यस पुस्तकालयमा २००५ सालमा खुलेको पद्मोदय पुस्तकालयका पुस्तकहरू पनि पं. तोयनाथ अधिकारीले समावेश गराएका थिए। त्यस्तै अन्य व्यक्तिका घर घरबाट समेत पुस्तकहरू सङ्कलन हुन आइपुगेका थिए। तत्कालीन पत्रिकाहरू, विश्वामित्र (हिन्दी), गोरखापत्र, शारदा, भारती, प्रभात पनि यस पुस्तकालयमा झिकाइएको देखिन्छ।

यस पुस्तकालयको माध्यमबाट समष्यापूर्ति कवि सम्मेलन नियमित ढङ्गले केही वर्षसम्म चलाइएको देखिन्छ। पुस्तकालय रहेको ठाउँमा भाषा पाटशाला समेत रहेको र दुराडाँडा गाउँकै माझमा पनि भएको हुँदा यहाँ नाटक देखाउने, साहित्यिक कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरू पनि भएको पाइन्छ। तत्काल काठमाडौँबाट अध्यापनका लाीग झिकाइएका शिक्षकहरूबाट नाटक देखाउने, कमिक खेलाउने, साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्यहरू सुगम बनेका थिए। पण्डित पूण्यशील अधिकारी, जगन्नाथ ढुङ्गाना, तीर्थराज शर्मा अधिकारी, श्रीकान्त अधिकारी जस्ता कवि हृदयी गुरुहरूले यहाँ साहित्यिक वातावरण जमाएका थिए। यस किसिमको क्रियाकलापबाट भाषा पाठशालामा पढ्ने तत्कालीन विद्यार्थीहरू प्रभावित भएको पाइन्छ। शुकदेव अधिकारी, ठाकुरप्रसाद 'छाँगा' जस्ता विद्यार्थीहरू शिक्षा सदन स्कुल, सर्वोदय हाइस्कुल तथा पुस्तकालयको साहित्यिक

कार्यक्रमबाट प्रभावित भएका पाइन्छन्। त्यस पुस्तकालयका माध्यमबाट शैक्षिक जागरण जगाउन रामदत्त अधिकारी, शुकदेव अधिकारी, तीर्थराज शर्मा उपाध्याय, जगन्नाथ ढुङ्गाना आदिको नेतृत्वमा नाटकसमेत मञ्चन भएको पनि पाइन्छ। उक्त नाटकका मञ्चन पछिका दिनमा तत्काल कुनै कविले गाएको कविताका टुक्रा यस्तो पाइन्छ।

ठाँटीमा एउटा नाटक खेले विद्वान्हरूले
सुका र मोहर तिरेर हेरे गाउँलेहरूले।

वि.सं. २०१५ सालको आम निर्वाचनको सिलसिलामा राजनीतिक विभाजनका रेखाहरू गाउँमा पनि देखिन थाले। यसले जनमासमा जगाएको नयाँ गतिविधि, विचार विमर्शले कही समय पुस्तकालयतर्फ सबैको ध्यान केन्द्रित हुन नसके पनि २०१८ साल पछि पुस्तकालय सञ्चालनमा नयाँ एकता पुनः सिर्जिएको पनि देखिन्छ। यस एकताले प्रभात पुस्तकालयको छुट्टै अस्तित्व बचाउन नसकेपनि अर्को पुस्तकालय भारती (२०१४/१५) सँग मिलेर दुबै पुस्तकालयको नामको अघिल्लो अक्षर प्रभातबाट 'प्र' र भारतीबाट 'भा' मिलाएर प्रभा पुस्तकालयसमेत स्थापना भएको देखिन्छ।

### 3=1=1=3 महेन्द्र पुस्तकालय, खुदी

२००७ सालको क्रान्तिको मिरमिरे उज्यालोले ब्युँझिएका खुदी भेकका शिक्षाप्रेमी जनताको सक्रियतामा २०१३ सालतिर महेन्द्र पुस्तकालय खुदीको स्थापना कार्य भएको देखिन्छ। चरी पण्डित नामले प्रसिद्ध गुरु बद्रीनाथ सुवेदी, होमनाथ सुवेदी, कवि सु. डिल्लीजङ्ग गुरुङको सक्रिय नेतृत्वमा यस पुस्तकालयले सुरुका दिनमा निकै ठूलो शैक्षिक जागरण जगाएको पनि पाइन्छ। ज्ञानको प्रचारप्रसार गरी अज्ञानता मास्न, अनपढ मानिसलाई ब्युझाउन, शिक्षाको महत्त्व बोध गराउन यस पुस्तकालयले खेलेको भूमिका सह्राहनीय देखिन्छ। साहित्यिक जागृति ल्याउनका लागि साहित्यिक पत्रिका प्रगति, धरती लगायत नेपाल प्रज्ञा प्रतिष्ठानबाट तत्काल निस्केका विभिन्न पत्रिका, गोरखापत्रहरू झिकाएर पुस्तकालयमा पठनपाठनको व्यवस्था मिलाएको पाइन्छ।

यस पुस्तकालयले लमजुङको उत्तरी क्षेत्रको नाकामा रहेर शिक्षाको प्रचार प्रसार र चेतना विस्तारमा ठूलो सहयोग पुऱ्याएको मानिन्छ। स्वयम् यस पुस्तकालयका नेतृत्वदायी शक्तिको रूपमा रहेका डिल्लीजङ्ग गुरुङ, बद्रनाथ सुवेदी, होमनाथ सुवेदी आदि साहित्यप्रेमी भएका हुँदा यस पुस्तकालयले सञ्चालन गरेका साहित्यिक कार्यक्रमहरू प्रभावशाली रहेको देखिन्छ।

### 3:1:1:4 जनविकास पुस्तकालय, मञ्ज्याङ

पूर्वी लमजुङको दोर्दी किसेतीको पानी ढलो पाखामा रहेको गाउँ हो मञ्ज्याङ। २००६ सालमा ब्राह्मणले हलो जोत्ने आन्दोलमा होस् वा सात सालको क्रान्तिमा होस् यस गाउँले पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। २००४ सालतिर भाषा पाठशाला समेत स्थापना गर्न सफल यस गाउँमा प्रजातन्त्रको प्राप्ति पछि २०१० सालतिर शैक्षिक, साहित्यिक तथा सामाजिक सुधारका लागि लक्षित गरी 'जनविकास पुस्तकालय' थुम्की गाउँ लाकुडाँडा पाटीमा सञ्चालन भएको थियो। यसको सञ्चालनको क्रममा पं. दीननाथ, पं.विष्णुदत्त, पं. एकदेव, कविराज पद्मप्रसाद घिमिरे, पं. सीताराम अधिकारी सहितका व्यक्तिहरू सक्रिय रहेको देखिन्छ। यसै गाउँमा स्थापित लक्ष्मीनारायण प्राइमरी स्कुलमा कुन्छाबाट अध्यापन गर्न आइपुगेका ऋषि कोइरालाको नेतृत्वमा यस पुस्तकालयले अझ क्रियाशील बन्ने अवसर पाएको पनि देखिन्छ।

यस पुस्तकालय गाउँको माझ थुम्कीमा भएको हुँदा पुस्तकालय अध्ययनागमन आगि निकै सुगम भएकाले पनि यसको व्यापक प्रचार प्रसार हुन पुगेको पाइन्छ। यसै पुस्तकालयको सक्रियतामा पठनपाठन, कविता वाचन पनि हुँदै गएको देखिन्छ। यज्ञनाथ घिमिरे जस्ता प्रतिभावान् गायकको पनि यहाँ उत्तिकै योगदान रहेको देखिन्छ। यसै पुस्तकालयले ल्याएको शैक्षिक, साहित्यिक, सामाजिक, साँस्कृतिक जागरणको प्रभाव तत्कालीन नवयुवान्मुखवस्थाका सूर्यवदना पण्डित, लोकतारा घिमिरे, इन्द्रविलास घिमिरे आदिमा समेत परेको पाइन्छ। लक्ष्मीनारायण प्राइमरी स्कुललाई २०२५ सालमा मिडिल स्कुलमा परिणत गरेपछि यस जनविकास पुस्तकालय स्कुल पुस्तकालयमा लगेर समायोजन गरेको पाइन्छ। सुरुका दिनमा यस पुस्तकालयले मञ्ज्याङ गाउँमा ल्याएको शैक्षिक जागरण निकै उत्साहप्रद पाइन्छ। लमजुङ जिल्लाको पूर्वी क्षेत्रमा यसले ल्याएको खास गरी शैक्षिक र साहित्यिक जागरण उल्लेखनीय मानिन्छ।

### 3:1:1:5 जन-आनन्द पुस्तकालय, कुन्छा

राणा शासनको अन्त्य र प्रजातन्त्रको उदयसँगै आएको शैक्षिक साहित्यिक जागरणले लमजुङ जिल्लाको तत्कालीन सदरमुकाम कुन्छालाई पनि छोयो। त्यतिबेलाका कुन्छाका चर्चित विद्वान् एवम् स्थानीय साहुमहाजन अनन्तलाल चुकेको सक्रिय नेतृत्वमा २००८ सालमा जनआनन्द पुस्तकालयको स्थापना भएको देखिन्छ। स्थापनाका दिनमा पुस्तकालय अनन्तलाल चुकेको दुई घरको माझको छिडीको कोठामा राखिएको थियो। दुई घरको अन्तर (बीच) मा रहेको ठाउँमा पुस्तक, पत्रिका पढ्ने परिपाटी रहेको कुरामा पुस्तकालयमै संलग्नकर्ता एवम् बुद्धिजीवी इन्द्रविलास अधिकारी, शुभनाथ मिश्रको सहमति पाइन्छ। तत्काल एकहजार जति पुस्तक सङ्कलन र सङ्ग्रह गरी सञ्चालन भएको यस पुस्तकालयमा 'इन्दु', रूपरेखा, नयाँ सन्देश, गोरखापत्रजस्ता पत्रपत्रिका आउने व्यवस्था मिलाइएकाले विद्यार्थी, शिक्षक, स्थानीय

साहुमहाजन तथा सर्बसाधरणमा पनि पत्रपत्रिका, पुस्तक पढ्ने अभिरुचि जगाएको पाइन्छ। बिहान ७ बजे देखि १० बजेसम्म र बेलुकी ४ बजेदेखि ६ बजेसम्म पुस्तकालय खोल्ने र बन्द गर्ने गरिएको देखिन्छ।

किमइलसुङ सम्बन्धी सचित्र पत्रिका, सोभियतभूमि र चाइनिज पत्रिकामा दिइएका रङ्गिन र आकर्षक चित्रहरू हेर्दा र पढ्न विद्यार्थी तथा सर्बसाधरण उत्साहित भएको कुरा इन्द्रविलास अधिकारी विगतलाई सम्झिदै कोटचाउनु हुन्छ। रामायण, महाभारत, गीता जस्ता आध्यात्मिक साहित्यकासँगै 'पल्लोघरको झ्याल', रूपमति, भ्रमर आदि उपन्यासहरू पुस्तकालयको साधरण सदस्य बनेर घरमा पुस्तक पढ्न लैजाने परिपाटी पनि त्यतिबेला व्यवस्था भएको देखिन्छ।

यस पुस्तकालयले वर्षमा १/२ चोटि विशेष राष्ट्रिय पर्व र पुस्तकालय स्थापनाको जन्मोत्सव पर्व पारेर साहित्यिक कार्यक्रम, कवि गोष्टीको समेत आयोजना गरेर पुरस्कार दिने परम्परा पनि बसालेको थियो। पुस्तकालय सञ्चालन, व्यवस्थापन, पुरस्कार, पत्रपत्रिका तथा हुलाक खर्च आदिको व्यवस्था मिलाउन पुस्तकालयका सक्रिय सदस्यहरू अनन्तलाल चुके, हरिकुमार श्रेष्ठ, नारायण श्रेष्ठ, भक्तराज श्रेष्ठ, दीपकबहादुर कार्की, इन्द्रविलास अकेला लगायत संलग्न भएका देखिन्छन्। यस किसिमले शैक्षिक तथा साहित्यिक जागरण जगाएर यस पुस्तकालय अगाडि बढ्दै आएता पनि २०१७ सालमा शान्ति हाइस्कुल कुन्छाको स्थापना भएपछि शैक्षिक तथा साहित्यिक आकर्षणको केन्द्र विद्यालय बन्न गएकाले जनआनन्द पुस्तकालयले एक दशक लामो आफ्नो इतिहासलाई शान्ति हाइस्कुल पुस्तकालयमा बिसर्जन गरेको पाइन्छ। जे होस् लमजुङमा यस पुस्तकालयले ल्याएको शैक्षिक, साहित्यिक जागरण उल्लेखनीय मानिन्छ।

### 3=1=1=6 जनकल्याण पुस्तकालय, तार्कुघाट

जनकल्याण पुस्तकालय वि.सं. २००९ सालमा स्थानीय बुद्धिजीवी प्रेमविनोद नन्दनको सक्रियतामा लमजुङको तार्कुघाट बजारमा स्थापना भएको हो। अत्यन्त महत्त्वपूर्ण पुस्तकहरू सङ्कलन गरेर पठन तथा पत्रिका वाचनको समेत व्यवस्था मिलाएर २००९ सालदेखि २०४०/०४१ सम्म आफ्नो अस्तित्व बचाएर आएको उक्त पुस्तकालय त्यसपछि भने वीरभक्ति मा.वि. पुस्तकालयमा समाहित भएको देखिन्छ। गायनमा समेत ख्यातिप्राप्त प्रेमविनोद नन्दनको सक्रियतामा स्व. पूर्णनारायण श्रेष्ठ, तोयनाथ पन्त, बीलबहादुर श्रेष्ठ, तेजकुमार पिया, स्वयंभूलाल श्रेष्ठ पुस्तकालय सञ्चालनमा सुरुका दिनतिर संलग्न रहेका कुरा वि.व्या.स. का अध्यक्ष आनन्द पिया, स्थानीय बुद्धिजीवी एवम् शिक्षक चीजकुमार श्रेष्ठको भेटघाटका क्रम (२०६४/०३/०६) मा सहमति जनाउँछन्।

जनतामा शिक्षाको महत्त्वबोध गराइ पढ्ने अभिरुचि जागृत गराउने, नयाँ परिवर्तन सुसूचित गराउने, साहित्यिक जागरण जगाउँने र विकासका नयाँ अवधारणा बढाउने उद्देश्यले

स्थापित यस पुस्तकालयले लमजुङमा आफूलाई निकै परिचित तुल्याउन सफल रहेको पाइन्छ। सुरुमै पुस्तकालयको आफ्नै छाप, लेटरप्याड, दराज, पुस्तकालय सदस्यता वितरण जस्ता कार्यको बन्दोवस्त मिलाएर अगाडि बढेकाले नै पुस्तकालयले लामो समयसम्म आफ्नो स्वतन्त्र अस्तित्व कायम गर्न सकेको देखिन्छ। स्वयम् पुस्तकालयका संस्थापक प्रेम विनोद नन्दन श्रेष्ठ भाषा, साहित्य र सङ्गीतका पारखीसमेत भएका हुँदा उनैको सक्रियतामा पुस्तकालयले जनचेतना अभिबृद्धि गराउने कार्यका साथसाथै साहित्यिक, साँस्कृतिक कार्यक्रमहरू पनि सञ्चालन गरेको पाइन्छ। अझै पनि वीरभक्ति उच्च मा.वि. पुस्तकालयमा जनकल्याण पुस्तकालयको छाप लागेका पुराना महत्त्वपूर्ण पुस्तकहरू देख्न र पढ्न समेत पाइन्छ। यसरी निकै लामो समयसम्म आफ्नै नामबाट स्वतन्त्र अस्तित्व कायम राख्न सफल भएर आएको यस पुस्तकालयको योगदान लमजुङमा बिर्सनै नसकिने रूपमा रहेको पाइन्छ।

## 3=1=1=7 सर्वोदय पुस्तकालय, जिता सप्तधारा

सर्वोदय स्कुल सञ्चालक समिति, दुराडाँडाबाट प्रकाशित 'अन्नपूर्णको काख' मा सर्वोदय पुस्तकालय जिताको उल्लेख भएको पाइन्छ। २००७ पछि र २०१७ साल अघि मात्र नवजागरणको लहरमा यस पुस्तकालय २००९/०१० साल तिर अस्तित्वमा आएको पाइन्छ। ठूली पोखरी जितामा वि.सं. १९९० तिर नै भाषा पाठशाला खुलिसेको हुनाले जितामा त्यो बेलादेखि नै कुनै न कुनै प्रकारको चेतनाको झुल्का झुल्किरहेको पाइन्छ। तत्कालीन समाजसेवी देवीप्रसाद पौडेल, स्व. बाबुराम पौडेल, लक्ष्मी पौडेल, तीर्थ पौडेल, रेवतीपौडेल, वामदेव पण्डित, कृष्णवहादुर बस्नेत, कृष्णराज गौतम आदिको सक्रियतामा साउथर जितामा तीर्थराज पौडेलको घरमा सञ्चालित सर्वोदय पुस्तकालयमा गामघरका पण्डित गुरुहरू र सर्वसाधरणको घरमा रहेका पुस्तकहरू सङ्कलन गरिएको देखिन्छ। भारतीय राजदूतावासमार्फत पनि पुस्तकहरू सङ्ग्रह गरेको देखिन्छ। 'भानुदय' जस्ता साहित्यिक पत्रिका, गोरखापत्र, तरुण, नयाँ सन्देश जस्ता समाचारमूलक पत्रिका पनि पुस्तकालयमा झिकाएर वाचन गरेको देखिन्छ। दीर्घकालीन ढङ्गले पुस्तकालयको व्यवस्थापन पक्ष कसरी मिलाएर लैजाने भन्ने चिन्तन नदेखिएको हुँदा २००७ - २०१७ को दशकमा नै यो विस्तारै निष्क्रिय भएर गएको देखिन्छ।

## 3=1=1=8 तिवारी वाचनालय, चिति तिलहार

'माष्टर बुढा' का नामले सुपरिचित भैरवप्रसाद लोहनी गुरु, स्थानीय शिक्षाप्रेमी ले. तिलकनिधि तिवारी टेकनिधि,पुष्पनिधि तिवारी, हर्कवहादुर विष्ट र तत्काल काठमाडौँमा पढ्न बसेका चितेली युवाहरूको समेतको सक्रियतामा २०१० सालतिर 'तिवारी वाचनालय' को स्थापना भएको पाइन्छ। स्थानीय बुद्धिजीवीहरूको समते सक्रिय सहयोग लिएर काठमाडौँबाट पत्रपत्रिका झिकाउने व्यवस्था गुरु भैरवप्रसाद लोहनीले मिलाएको देखिन्छ। गुरु भैरव लोहनी काठमाडौँबाट चितिमा पढाउन बसेकाहुँदा काठमाडौँ आवत जावत गर्दा पत्रिका ल्याउन,

झिकाउन पनि सजिलो भएको देखिन्छ। तत्काल काठमाडौंमा पढ्न बसेका विद्यार्थी लगायतका तन्नेरी चितेली युवाहरूको पनि उक्त वाचनालयका लागि पुस्तक पत्रपत्रिका पठाउनमा सक्रिय, भूमिका रहेको पाइन्छ। गोरखापत्र, सोभियत भूमि पत्रिका हुलाकबाट आउने व्यवस्था मिलाइएको पाइन्छ।

अङ्ग्रेजी विषयको ज्ञानसँगै नेपाली साहित्यमा समेत गहन रुचि भएका लोहनी गुरुले आफैले सिर्जेका, सुनाएका कविता निकै उत्साहप्रद देखिन्थे। विद्यार्थीहरूलाई कविता लेख्न प्रोत्साहित गर्ने लोहनीसँग नै कृष्णबाबु तिवारी, गोविन्दबाबु तिवारीहरू प्रभावित भएको पनि पाइन्छ। माधवराज बिष्ट, केशवराज बिष्ट, मैत्रेयी पन्त, देवनिधि तिवारी, जीवमूर्तिका बाबु आदि स्थानीय कविहरूलाई समेत तिवारीपुस्तकलयका माध्यमबाट भैरब लोहनीले साहित्यिक वातावरण सिर्जना गर्न सहयोग पुऱ्याएको देखिन्छ। २०१६ सालमा राजा महेन्द्रको देश दर्शन कार्यक्रम अन्तर्गत तार्कुघाट, कुन्छामा सवारी हुँदा चितिका तर्फबाट मिडिल स्कुल माग गर्ने, विद्यार्थी तथा आफ्नै तर्फबाट कविता सुनाउने काममा उनको पहल देखिन्छ। २०१७ सालपछि भैरवप्रसाद लोहनीले समातेको कोप्रे लट्ठी पनि उनको स्वास्थ्य र पाको उमेरले गर्दा भरपर्दो बन्न सकेन, उनी चिति फर्केनन्, उनको अनुपस्थितिसँगै तिवारी वाचनालय पनि सहाराहीन भै स्वतः हराएको देखिन्छ तापनि यसले वाचनालय तथा साहित्यिक उत्थानमा पुऱ्याएको योगदान भने लमजुङमा उल्लेखनीय रूपमा अझै रहेको पाइन्छ।

## 3=1=1=9 भारती पुस्तकालय, राउलेपानी, दुराडाँडा

लमजुङको दुराडाँडा, काउलेमा तत्कालीन युवा नेता हरिप्रसाद अधिकारीको सक्रियतामा २०१२/०१३ सालतिर भारती पुस्तकालयको स्थापना भएको देखिन्छ। स्थापना पश्चात् केही वर्ष यस पुस्तकालयले निकै जाँगर चलाएर पुस्तक सङ्कलनमा व्यापकता ल्याउनुका साथै सामाजिक जागरणका कार्यक्रमहरूसमेत चलाएको पाइन्छ। केही वर्षपछि पुस्तकालय सञ्चालनमा राम्रो रेखदेख नपुगेका कारणले धुँवाआउने ठाँटी, दुराडाँडामा खुलेको प्रभात, पुस्तकालयसँग एकीकरण गरी दुबै पुस्तकालयका एक/एक वर्णमाला (प्रभातको प्र. र भारतीको भा.) लिएर प्रभा पुस्तकालयको बनेको दखिन्छ।

यी दुई पुस्तकालयहरूले आ-आफ्ना गतिविधि सञ्चालन गर्दै गएर संयुक्त रूपमा पनि बाँधिए। जनतामा पुस्तकप्रति मोह बढाउन यी पुस्तकालयले पुऱ्याएको योगदानलाई ठूलो महत्त्वका दृष्टिले हेरिन्छ। जनताकै तर्फबाट स्थापित भएको सर्वोदय हाइस्कुल (२००९) सञ्चालनतिर नै तत्कालीन समाजसेवीहरूको ध्यान बढ्न गई प्रभा पुस्तकालयमा राम्रोसँग दृष्टि पुग्न नसकेकाले कमसेकम पुस्तक, फर्निचरहरूको संरक्षण गर्न सम्पूर्ण पुस्तक, फर्निचरहरू सर्वोदय हाईस्कुल-पुस्तकालयमा सारियो। यद्यपि आफ्नो अस्तित्व नरहेपनि परोक्ष रूपमा यसको अस्तित्व कायमै रहेको मानिन्छ।

### 3.1.1.10 ईशानेश्वर पुस्तकालय, चिसङ्खु

कर्पुटार, लमजुङमा रहेको प्रसिद्ध मन्दिर ईशानेश्वर (महादेवी) को नामबाट २०१३ सालतिर चिसङ्खुमा यो ईशानेश्वर पुस्तकालय खुलेको देखिन्छ। हलो जोत आन्दोलन, राणाशासन बिरुद्धको २००७ सालको राजनीतिक आन्दोलनमा सक्रियता देखाइसकेको चिसङ्खुमा स्थापित यस पुस्तकालयले निकै ठूलो शैक्षिक, राजनीतिक र साहित्यिक आन्दोलन सञ्चालनमा मद्दत पुऱ्याएको देखिन्छ। २००७ सालको क्रान्ति देख्ने, भोग्ने युवा पिढीमा यस पुस्तकालयले नौलो उत्साह जगाएको पाइन्छ। यसै परिप्रेक्षमा होमविलास घिमिरे, अम्बिकाप्रसाद घिमिरे तथा मुरारीप्रसाद घिमिरेको नेतृत्वमा सञ्चालित यस पुस्तकालयले परम्परागत खप्पा खेल, तासजूवा खेलजस्ता विकृतिहरूको विरुद्ध जागरण ल्याएर प्रजातान्त्रिक परिपाटी बसाल्न पनि ठूलो टेवा पुऱ्याएको देखिन्छ। यसले गाउँघरमा पर्ने सानातिना मुद्दा मामिला गाउँघरमै छिनोफानो गर्नेजस्ता समाज सुधार एवम् चेताना विस्तार जस्ता कार्यक्रमहरू पनि सञ्चालन गराएको थियो। बेला वखतमा साहित्य सम्मेलन, नाटक प्रदर्शन जस्ता कार्यक्रमहरूको आयोजना गरेर साहित्यिक गतिविधि अगाडि बढाएको देखिन्छ। भारतीय राजदूतावासका माध्यमाबाट तथा व्यक्ति व्यक्तिका प्रयासबाट पनि गहकिला पुस्तहरू सङ्कलन गरी प्रारम्भ भएको यस पुस्तकालयले विविध स्थानबाट पत्रिकाहरू झिकाइ वाचनालयको व्यवस्थासमेत मिलाएको देखिन्छ।

यस संस्थाले चिसङ्खु माझ पँधेरोलाई केन्द्रस्थल बनाएर आफ्ना गतिविधिहरू सञ्चालन गरेको देखिन्छ। यस संस्थाले शैक्षिक, साहित्यिक कार्यक्रमको अतिरिक्त गाउँघरमा घट्ने सानातिना मुद्दा मामिला, भनाबैरी जस्ता कुराहरू पनि सामाजिक सद्भाव कायम राख्ने गरी मिलाएको पाइन्छ। सुरुमा नव जागरण जगाएर अस्तित्वमा आएतापनि यसका केन्द्रीय व्यक्तिहरूको गाउँमा उपस्थिति नरहेकाले केही बर्षपछि सुस्ताउँदै गएको पनि देखिन्छ। जेहोस् यस पुस्तकालयले पुस्तक, पत्रपत्रिका पढ्ने रुचि जगाएको, साहित्यि र न्यायिक सवालका क्षेत्रमा समेत टेवा पुऱ्याएका जस्ता कार्यहरू महत्त्वपूर्ण देखिन्छन्।

### 3.1.1.11 प्रभा पुस्तकालय, दुराडाँडा

२०१७ सालको राजनीतिक परिवर्तनपछि २०१८/०१९ सालमा आएर प्रभात पुस्तकालय र भारती पुस्तकालयलाई संयुक्तरूपमा मिलान गरी प्रभा पुस्तकालयको स्थापना भएको पाइन्छ। दुई पुस्तकालयको मिलान भएपछि पनि पुस्तकालय व्यवस्थापन, सञ्चालनतर्फ खासै सक्रियता देखिएन। यद्यपि सुरुमा प्रखर तेज लिएर प्रभात+भारती पुस्तकालय अगाडि बढे पनि लामो समयसम्म आफ्नो छुट्टै अस्तित्व कायम गर्न सकेनन् तापनि यी पुस्तकालयको माध्यमबाट जनतामा सचेतना सञ्चार गर्नु, पुस्तकप्रति मोह बढाउनु, रात्रि पाठशालाहरू सञ्चालन हुनु यिनैका देन मानिन्छन्।

तत्कालीन समाज सेवीहरूको ध्यान प्रस्तावित सर्वोदय हाइस्कुल सञ्चालनतर्फ बढी गयो र विद्यालयलाई पनि सहयोग हुने र पुस्तकहरू पनि सुरक्षित हुने निश्चय गरी यस पुस्तकालयका सम्पूर्ण पुस्तकहरू सर्वोदय हाईस्कुल पुस्तकालयमा सारियो। हाल आफ्नो अलग अस्तित्व लिन असफल भएपनि सर्वोदय स्कुल पुस्तकालयमा विलय भई त्यसको शैक्षिक, सामाजिक र साहित्यिक उन्नयनमा समेत टेवा पुऱ्याउन सवल देखिने यस्ता पुस्तकालयको महत्त्व लमजुङमा सदा स्मरणीय रहने छ। यद्यपि आफ्नो अस्थित्व प्रतक्ष्य नरहे पनि परोक्ष रूपमा यसको अस्तित्व कायमै रहेको पाइन्छ।

## 3=1=1=12 सर्वोदय पुस्तकालय, चिति तिलहार

स्व. कमलमूर्ती पन्त, रामकृष्णपन्तको सक्रिय नेतृत्वमा २०२०/०२१ सालमा तिलहार, चितिमा सर्वोदय पुस्तकालयको स्थापना भएको देखिन्छ। चन्द्रकान्त जोसीको सहयोगी हात तिलहारमा यसलाई प्राप्त भएको पनि पाइन्छ। पुस्तकालय सदस्यता शूल्क, सदस्यता नवीकरण, पुस्तक दर्ता, पुस्तकालय सञ्चालन जस्ता यावत कुरामा ध्यान दिइ व्यवस्थित ढङ्गले पुस्तकालय लैजान खोज्दा-खोज्दैको अवस्थामा पुस्तकालयका मूल सञ्चालक कमलमूर्ती पन्तको असामयिक निधन हुन गएको हुँदा यसको गतिमा अवरोध लागेको पाइन्छ। यस अवस्थामा बन्द हुन पुगेको सर्वोदय पुस्तकालयलाई स्याउत चितिमा कोमलराज पाण्डे आदिको सक्रियतामा स्याउतमा लगेर पुर्नस्थापन गरेको पनि पाइन्छ। पुर्नःस्थापन पछि स्व. कमलमूर्ति पन्तकै नामबाट 'कमल पुस्तकालय' स्याउत, चिति राखिएको देखिन्छ। स्थानीय शान्ति प्रा.वि. स्याउत, चितिमा हाल रहेको यस पुस्तकालयले सुरुको जस्तो कृयाशील अवस्थामा नरहेपनि यनकेन आफ्नो अस्तित्व जोगाएर राख्न भने सफल भएको देखिन्छ।

## 3=1=1=13 कुसुमाकर पुस्तकालय, पुस्तुन बाहुनडाँडा

अन्नपूर्णको काख (२०१४) सर्वोदय स्मारिकामा पुस्तुन पुस्तकालयको उल्लेख भएता पनि त्यो अति सूक्ष्म रूपमा सञ्चालन भएको कारणले होला प्रचार-प्रसारमा आएको पाइँदैन। पुस्तकालयका लागि मुख्य चासो राख्ने व्यक्तिहरू नै बसाइँ-सराइँको क्रममा अर्को ठाउँमा पुगेको कारणले पनि पुस्तुनमा स्थानीय पुस्तकालय निष्क्रिय हुन गएको देखिन्छ।

ऐतिहासिक पुरुष कुसुमाकर घिमिरेको नाममा २०२५/०२६ सालतिर पुनः प्रेमनाथ घिमिरे, रामकृष्ण घिमिरे आदिको सक्रियतामा पुस्तकालय खुलेको पाइन्छ। यसै पुस्तकालयमका लागि राष्ट्रकवि माधव घिमिरेले घडेरी उपलब्ध गराएर सह्राहनीय काम गरेको पाइन्छ।

चन्द्रोदय मा.वि. बाहुनडाँडाका तत्कालीन प्र.अ. एवम् पूर्वमन्त्री रामबहादुर गुरुङ, रामचन्द्र 'वनबासी', भरतमणि घिमिरे, प्रेमनाथ घिमिरे आदिको पनि यसमा योगदान रहेको पाइन्छ। हाल उक्त पुस्तकालय स्कुल पुस्तकालयको रूपमा वा स्कुलको संरक्षणमा चल्दै

आएको पाइन्छ। लमजुङको उत्तरी भेकमा चलेको पुराना पुस्तकालय मध्येको यस पुस्तकालयले स्थानीय शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको चेतनाको स्तर उठाएको पाइन्छ। यस्ता पुस्तकालयको व्यवस्थापनमा सरकारी तथा गैर सरकारी सहयोग प्राप्त हुन सकेमा पुस्तकालयहरू जीवन्त बन्न सक्ने कुरामा दुईमत नहोला। अमेरिकी विद्वान् जोन उडको सहयोगमा विद्यार्थीका लागि (पुस्तक, कापी कलम) प्राप्त गरेकोमा हाल 'रम टु रिड' भन्ने संस्थाका माध्यमबाट विद्यालय पुस्तकालयहरू अन्य देश र जिल्लामा झैं लमजुङमा पनि स्थापना भएका छन्।

### 3:1:1:14 लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, बेसीसहर

लमजुङे शाह राजाको समयमा बेसीसहरमा गजुर बसाली बनाइएको विशेष मन्दिर 'लक्ष्मीनारायण' को नामबाट २०२८ सालमा स्थापित पुस्तकालय लक्ष्मीनारायण पुस्तकालय हो। स्थानीय बुद्धिजीवी चीजकुमार पियाको सक्रिय नेतृत्वमा स्थापित यस पुस्तकालयले १½ आना जग्गा भएको भीमसेन स्थानमा जोडेर पुस्तकालयको आफ्नै निजी भवन समेत बनाउन सफल भएको थियो। यसै भवनमा केही वर्ष पुस्तकालय सञ्चालनमा आएर पनि बन्द हुन पुगेको थियो। यही बन्द पुस्तकालयलाई २०५४ साल पौष १४ गते देखि पुर्नःजीवित गर्ने कार्य लमजुङे युवा साहित्य समाजको सक्रिय पहलमा हाल लमजुङ जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता भै २०५४ सालबाट पुनः अस्तित्वमा आएको यस पुस्तकालयको अध्यक्षता स्थानीय बुद्धिजीव एवम् समाजसेवी गणेश न्यौपानेले गरेको देखिन्छ।

ग्रामीण शिक्षा तथा विकास अन्तर्राष्ट्रिय संस्था (Read) सँग भएको संझौतानुसार झिङ्गे खोला, बेसीसहरमा यस पुस्तकालय व्यवस्थापन समितिले आफ्नो छुट्टै विशाल भवन निर्माण गराइकन मिति २०६४ कार्तिक १५ बाट प्रयोगमा ल्याएको छ। करिब ४० लाख रुपैयाँको लागतमा निर्मित यस भवनमा वर्ल्ड भिजन लगायतका अन्य सङ्घसंस्थाको पनि सहयोग रहेको पाइन्छ। यस पुस्तकालयको भवनको निर्माण कार्य आधुनिक ढङ्गले सम्पन्न हुन गइरहेको छ, जस अनुसार भवनको तल्लो तला भाडामा दिई मासिक रु. १५,०००/– आम्दानी गर्न पनि पुस्तकालय सफल भएको छ। भवनको दोस्रो तल्लामा पुस्तकालय, बाल अध्ययन कक्ष, सङ्गीत कक्ष, वाचनालय रहेका छन्। बाल-अध्ययन कक्षमा बाल-खेलसामग्री तथा अन्य ज्ञानबर्धक सामग्री राखिएका छन्। बहुमूल्य पुस्तकहरू, श्रव्य-दृश्य सामग्री, सङ्गीतसँग आबद्ध वाद्यवादन सामग्रीहरू समेत रहेको यस पुस्तकालयलाई सूचनाकेन्द्रको रूपमा पनि विकास गर्न खोजिएको छ। टेलिफोन, फ्याक्स, मल्टिमेडिया, कम्प्युटर आदिको समेत यसमा उपलब्धता गराइएको छ। यसै पुस्तकालयको बाल-विकास केन्द्रमा ३-५ वर्षका सुकुम्वासी र पिछडिएका जातिका बालबच्चालाई पढ्ने व्यवस्थाका साथ साथै खाजाको व्यवस्था पनि मिलाईको छ। बाल-उद्यान निर्माण कार्यमा पनि पुस्तकालय संलग्न रहेको देखिन्छ।

यस पुस्तकालय र लमजुङ युवासाहित्य समाजको संयुक्त आयोजनामा प्रत्येक महिनाको पहिलो र तेश्रो शुक्रबार ४:३० - ६:३० बजेसम्म बेसीसहरमा साहित्य सन्ध्या कार्यक्रमले २०५४ सालदेखि निरन्तरता पाएर आएको छ। पुस्तकालयले २०५८ सालमा नेपाल बाल-साहित्य समाजसँग मिलेर त्रिद्विवसीय राष्ट्रिय बाल-साहित्य सम्मेलनसमेत सम्पन्न गरेर लमजुङको साहित्यको विकासमा महत्त्वपूर्ण योगदान थपिएको पाइन्छ।

यसरी जिल्लाको सदरमुकाममा रहेर यस पुस्तकालयले विभिन्न तरहले लमजुङको शैक्षिक, साहित्यिक गतिविधिलाई अगाडि बढाएको पाइन्छ। लमजुङ जिल्लाको मात्र नभै राष्ट्रकै एउटा सम्पन्न सूचना केन्द्रमा विकसित हुन लागेको यस पुस्तकालय सूचना, सचेतना र भाषा, साहित्य एवम् शिक्षा विकासका लागि आशलाग्दो भविष्य लिएर अगाडि बढेको देखिन्छ।

## 3:1:1:15 अन्नपूर्ण पुस्तकालय, समीभञ्ज्याङ

लमजुङ जिल्लाको समीभञ्ज्याङ गा.वि.स. दोपहरेमा वि.सं २०२८ कार्तिक १४ गतेका दिन स्थानीय शिक्षक, बुद्धिजीवी, समाजसेवीहरूको सक्रियतामा अन्नपूर्ण पुस्तकालयको स्थापना भएको हो। प्राकृतिक दृष्टिले रमणीय समीभञ्ज्याङमा स्थापित यस पुस्तकालयले जनचेतना, ज्ञान र सीप विस्तार गर्दै आएको देखिन्छ। पूर्व सांसद एवम् समाजसेवी लेखनाथ अधिकारी, भीमबहादुर शाही लगायतका शिक्षक, बुद्धिजीवी, शिक्षाप्रेमी गाउँलेहरूको सक्रियतामा यसले समीभञ्ज्याङ, रम्घा (सोतीपसल) र जिता गरी तीन गा.वि.स. भित्र आफ्नो कार्यक्षेत्र बिस्तारित गरेको पाइन्छ। पुस्तकालय सञ्चालनका लागि आवश्यक फर्निचार एवम् अन्य सामाग्रीहरूको जोहो गरी मिलाएको देखिन्छ। पुस्तकालय प्रतिवेदन २०४६ अनुसार गा.वि.स. भवनको एउटा कक्षामा सञ्चालित यस पुस्तकालयमा ६५० थान पुस्तकहरू रहेको पाइन्छ। सङ्ख्याका हिसावले कमजस्तो भएतापनि व्यावहारिक, जीवनोपयोगी पुस्तकहरू भएकाहुँदा उक्त पुस्तकालयका पुस्तकहरू पठनीय रहेको कुरा स्थानीयबासी समेतका नाताले कवि एवम् बुद्धिजीवी मुकुन्द पथिक, विनोद अधिकारी बताउँछन्।

प्रकृति, वन र वातावरण संरक्षणका लागि यस पुस्तकालयले महत्त्वपूर्ण कार्यक्रमहरू सञ्चालन गरेर आफूलाई नेपालमै चर्चित तुल्याएको पनि थियो। यसले वातावरण संरक्षणका क्षेत्रमा अन्तर्राष्ट्रिय जराजुरी पुरस्कार समेत २०४४ सालमा पाएको देखिन्छ। 'भञ्ज्याङ' नामको पत्रिका समेत पुस्तकालय स्मारिकाको रूपमा २०४६ सालमा प्रकाशन गरेर साहित्यिक योगदानमा थपवल थपेको पाइन्छ। कविवर माधव घिमिरे, जनकवि केसरी धर्मराज थापाका कविताहरू सहित १० जना कविहरूको कविता र विभिन्न लेखसमेत छापिएको यस 'भञ्ज्याङ' ले तत्काल सञ्चारका क्षेत्रमा राम्रै प्रचार पाएको पनि हो।

यसै पुस्तकालयका माध्यमबाट माध्यमिक विद्यालयव्यापी निबन्ध प्रतियोगिता,

जिल्लास्तरीय कविता प्रतियोगितासमेत सञ्चालन गरेर जनकविकेशरी धर्मराज थापासमेतको उपस्थिति गराएको पनि पाइन्छ।

पुस्तकालय प्रतिवेदन (वि.सं. २०४६) अनुसार २०४५ आषाढ मसान्तसम्म पुस्तकालयको जिन्सी सामान अनुमानित मूल्य रु. १,०९,६०५/– बराबरको देखिन्छ। तर जनयुद्धको क्रममा गा.वि.स. भवनसँगै रहेको यस पुस्तकालयमा आगलागीहुँदा केही क्षति समेत भएको देखिन्छ। जेहोस् लामो अवधिसम्म टिकेर यस पुस्तकालयकले आफ्नो अस्तित्व कायम गरेर आजसम्म आइपुग्नु पनि महत्त्वपूर्ण पक्षका रूपमा देखिन्छ। केही वर्षदेखि निष्क्रिय रहँदै आएको यस पुस्तकालयलाई आजको नयाँ परिस्थितिमा पुनः सञ्चालन गरेर यसको विगतको गरिमा पुनः कायम गर्न स्थानीय समाजसेवी, शिक्षा प्रेमीहरूको ध्यान पुग्न जरुरी भएको देखिन्छ। जेहोस् यसले गरेको साहित्यिक उत्थानको प्रयासलाई नेपाली साहित्यिक फाँटमा महत्त्वका दृष्टिले हेर्नुपर्ने हुन्छ।

## 3=1=1=16 कान्तिबाबु पुस्तकालय, भोटेओडार

स्थानीय बुद्धिजीवी एवम् समाजसेवी युवकलाल श्रेष्ठका छोरा कान्तिबाबुको किशोरावस्थामा निधन भएकाले उनको सम्झनामा 'कान्तिबाबु पुस्तकालय' को २०४०/०४५ सालतिर स्थापना भएको पाइन्छ। स्थानीय बुद्धिजीवी लीलाधर सापकोटा, हरिप्रसाद अधिकारी, कृपेश श्रेष्ठ, स्थानीय प्र.अ. एवम् कवि गोविन्दबहादुर कुँवर आदिको समेत सक्रिय सहभागिता भए पछि पुस्तकालयको गतिविधिमा उत्साहजनक परिवर्तन आएको र वाचनालय समेतको व्यवस्था यसमा मिलाइएको थियो। यस पुस्तकालयले अन्य जागरणमूलक कार्यक्रमका साथ वर्षको १/२ चोटि साहित्यिक कार्यक्रम समेत सञ्चालन गरेको पनि पाइन्छ। स्व. कान्तीबाबु श्रेष्ठका दाजु कृपेश उच्च शिक्षाको अध्ययनको सिलसिलमा हाल विदेश रहेका कारणले उक्त पुस्तकालय सञ्चालनमा निष्क्रियता आएको देखिन्छ। आफ्नो अस्तित्वसम्म भए पनि बचाएर आएको यस पुस्तकालयले बिगतमा लमजुङको चर्चित बजार भोटेओडारमा शैक्षिक, साहित्यिक प्रभाव छोडेको पाइन्छ।

## 3=1=1=17 प्रगतिशील पुस्तकालय, बोराङ

पूर्वी लमजुङको राइनासक्षेत्र अन्तर्गतको एक गाउँ बोराङमा २०४६ सालको जनआन्दोलन पछिको परिवर्तित अवस्थामा स्थानीय शिक्षक, बुद्धिजीवी एवम् उच्च शिक्षामा अध्ययनरत युवाहरूको सक्रिय सहभागितामा प्रगतिशील पुस्तकालय, बोराङको स्थापना भएको देखिन्छ। बोराङ भित्र पर्ने भँगारी, दमढुङ्गा, तल्लो बोराङ, उपल्लो बोराङ, बाष्टन, लामागाउँ जस्ता गाउँहरूमा विशेष साँस्कृतिक कार्यक्रमकासाथ चन्दा सङ्कलन गरी पुस्तकालय सञ्चालनमा आएको पाइन्छ। उक्त पुस्तकालयकालागि किनेर तथा स्थानीय स्तरमा पुस्तक, पत्र-पत्रिकासमेत सङ्कलन गरिएको थियो। यस किसिमको उत्साह जनक अवस्थामा पुस्तकालय भवन समेत बनाउने निष्कर्षमा पुगेको यस पुस्तकालयको नाममा पछि

विवाद देखिएकाले भवन निर्माणको कार्यमा सिथिलता आएको देखिन्छ। सुरुमा सक्रिय अवस्थामा आएको यस पुस्तकालय केही समय पछि नै नामका विवादले निष्क्रिय रहन गएको देखिन्छ । आखिर उक्त पुस्तकालयको नगदी रकम र पुस्तक गाउँमा नै स्थापित महेन्द्र-बाल विकास मा.वि. पीपल भञ्ज्याङमा गएर विलय भएको पाइन्छ।

यस पुस्तकालयले लोकगीत, गीत तथा नृत्यको समेत आयोजना गरेर साहित्यिक विकासका साथ-साथै अन्य क्रियाकलापहरूका विकासमा समेत महत्त्वपूर्ण योगदान दिएको देखिन्छ।

## 3=1=1=18 वी.पी. वाचनालय, चिसङ्कु

साहित्यिक, सामाजिक तथा राजनीतिक ढङ्गले जागृत लमजुङको पश्चिमीक्षेत्र चिसङ्कु करापुटारमा वी.पी. वाचनालय तथा पुस्तकालयको स्थापना वि.सं. २०४९ सालमा भएको हो। बाल तथा युवा प्रतिभालाई सङ्गठित गरी सिर्जनात्मक कार्यमा लगाउन प्रेरित गर्ने, उच्च शिक्षाध्ययनका लागि पुस्तकको आवश्यक सघाउ पुऱ्याउने, वी.पी.को खास गरी साहित्यिक योगदानलाई जनमासमा प्रकाश पार्ने, वातावरणीय सन्तुलन कायम राख्न चेतना जगाउने जस्ता उद्देश्य लिएर स्थापित यस पुस्तकालयले पुस्तक, पत्र-पत्रिका सङ्कलन गरेर चेतना सञ्चार गर्ने कार्यमा तिब्रता दिएको पाइन्छ। प्राध्यापन पेशामा संलग्न स्थानीय बुद्धिजीवी आनन्द घिमिरे 'आँसु' को अध्यक्षता एवम् सक्रिय नेतृत्वमा यस पुस्तकालय तथा वाचनालयले महाशिवरात्री पर्वमा स्थानीय ईशानेश्वर महादेव मन्दिर करापुटारमा खुल्ला कविता प्रतियोगिता, कविता गोष्ठी, वक्तृत्वकला प्रतियोगिता सञ्चालन गरेको पनि देखिन्छ। आनन्द घिमिरे सहित गुणराज घिमिरे, श्रीकान्त घिमिरे, प्रमोद घिमिरे जस्ता सक्रिय युवाहरूको साथले अगाडि बढेको यस पुस्तकालयमा युनिसेफ, एशिया फाउण्डेसन जस्ता संस्थाहरूबाट उपयोगी पुस्तकहरू सङ्कलन गरी खोज अनुसन्धानमा समेत सहयोग पुऱ्याउने दृष्टिकोण यसले राखेको पाइन्छ। यसरी उत्साहजनक ढङ्गले अध्यक्ष आनन्द घिमिरेको घरको एउटा कोठामा सञ्चालित यस पुस्तकालय तथा वाचनालयलाई पनि जनयुद्धको द्वन्द्वमय अवस्थाले प्रभाव पारेको पाइन्छ। यसका सञ्चालकहरू छिरलिए पछि यो पुस्तकालय स्थानीय कुसुमाकर उच्च मा.वि. करापुटारको स्कुल पुस्तकालयमा विलय भएको पाइन्छ। छोटो समयमा निकै चर्चामा आउन सफल पुस्तकालयले दिएको शैक्षिक एवम् साहित्यिक योगदानलाई लमजुङमा कदरका साथ लिइएको पाइन्छ।

## 3=1=1=19 लालीगुराँस आमासमूह पुस्तकालय, बोराङ

रेडवर्ना नेपाल लमजुङ, भारतेको शाखा अन्तर्गत बोराङमा लालीगुराँस आमा समूहकी सचिव शिक्षिका ईश्वरीदेवी न्यौपानेको घरको दराज र ऱ्याकमा पुस्तक राखी २०५१ सालमा पुस्तकालय सञ्चालन गरिएको देखिन्छ। यस पुस्तकालय खास गरी बाल-बालिकाका र अनपढ प्रौढ महिला/पुरुषहरूका लागि लक्षित गरी खोलिएको थियो। तत्कालीन रेडवर्ना

भारते अन्तर्गत त्यस क्षेत्रमा हेर्ने संगीता, चमेली जस्ता महिला कर्माचारीहरूको पनि लालीगुराँस आमासमूह पुस्तकालयमा विशेष योगदान रहेको पाइन्छ।

'गुरुआमा' नामले चिनिने शिक्षिका ईश्वरीदेवी न्यौपाने सरल, मिलनसार र सहयोगी महिला भएकी कारणले गर्दा बालबालिका, महिला तथा महिला कर्मचारीहरू उनको घरमा आउन, बस्न, सल्लाह गर्न र अध्ययन मनन गर्न सजिलो महसुस गरेका कारणले र आफै शिक्षिका एवम् आमासमूहकी सचिव समेत भएकीले पनि यो पुस्तकालय गाउँले जनसमाजमा राम्ररी भिज्न पुगेको देखिन्छ। विद्यार्थीको पठनपाठनमा पनि यसले तत्कालीन समयमा राम्रो प्रभाव पारेको देखिन्छ। तर गुरुआमा ईश्वरीदेवी शिक्षण पेशाबाट निवृत्त भई २०५९ साल मार्गमा काठमाडौँ लागेपछि स्थानीय आमा समूह तथा बालक्लवको जिम्मामा गएर पनि यस पुस्तकालय निष्क्रिय रहन गएको देखिन्छ।

यस पुस्तकालयले ७/८ वर्षको बीचमा साहित्यका विभिन्न विधा कथा, कविता, काव्य, उपन्यास, नाटक आदि राम्ररी चिनाइ स्कुले बालबालिकाहरूको सिर्जनशील विकासमा राम्रो प्रभाव छाडेको पाइन्छ। खासगरी महिला जगतमा पनि कथा, कविता, उपन्यास पढ्ने, डाक्टर नभएमा पुस्तक पढेर घरेलु उपचार गर्ने जस्ता विषयको व्यवहारिक ज्ञानसमेत यस पुस्तकालयले बढाएको देखिन्छ।

## 3:1:1:20 सूर्योदय चेतनशील पुस्तकालय, भारते

'सूर्योदय चेतनशील पुस्तकालय' सूर्योदय मा.वि. भारते, लमजुङका माध्यमबाट २०५२ साल वैशाख ६ गते विद्यालय भवनमै स्थापित भएको हो। तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पशुपति अधिकारी, प्र.अ. विजयराज न्यौपानेको सक्रिय नेतृत्वमा स्थापित यस पुस्तकालयको सम्योजनको भूमिका शि. गोपालचन्द्र अधिकारीले निभाएको पाइन्छ। रेडवर्ना नेपाल तथा स्थानीय सहयोगले यो नयाँ विद्यालय भवन निर्माण कार्यसम्पन्न भएपछि विद्यालयले पुस्तकालय, विज्ञान र प्रविधि, सूचना र सञ्चारका क्षेत्रमा महत्त्वपूर्ण पाइला चाल्दैआएको देखिन्छ।

यस पुस्तकालयका लागि पूर्वसांसद रामचन्द्र अधिकारीमार्फत इन्साइक्लोपेडिया जस्ता पुस्तकका पूरा सेट उपलब्ध गराइएको छ। आफ्नै व्यक्तिगत लगानी र सम्पर्कबाट डा. रामेश्वर अधिकारीबाट पनि विद्यालयलाई रु. ८,३३६/– बराबरको बहुउपयोगी पुस्तक उपलब्ध गराइएको छ। रविमदलामुदी अमेरिकी पिस्कोर भोलेन्टियर, दीपक अधिकारी, रामशरण अधिकारी, भोजराज अधिकारी, ईश्वरबहादुर अधिकारीबाट समेतको सहयोग प्राप्त गरेको यस पुस्तकालयमा हाल एक हजार पाँच पुस्तक/पत्रिका रहेको देखिन्छ।

यस पुस्तकालयले शिक्षक, विद्यार्थी तथा अभिभावकमा चेतनाको नयाँ आलोक छर्दै आएको पाइन्छ। पुस्तकालय अध्ययनका लागि शिक्षक, विद्यार्थी अभिभावक आकर्षित हुन

थालेको पनि पाइन्छ। यसै पुस्तकालय तथा विद्यालयको सक्रियतामा सरस्वती पूजा विशेष साहित्यिक कार्यक्रमको आयोजना गरेर मनाइने परिपाटी पनि बस्दै गएको देखिन्छ। यसै पुस्तकालय तथा विद्यालयको सहआयोजना र दूधपोखरी प्रतिभा परिवार भोटेओडार लमजुङको आयोजनामा २०५२ साल पौष २९ गते जिल्ला स्तरीय साहित्य सम्मेलन पनि गराएको थियो। यसरी यस पुस्तकालयले शैक्षिक तथा साहित्यिक भूमिका निर्वाह गर्दै आएको देखिन्छ। पुस्तकालयको यस किसिमको कार्यले लमजुङको शैक्षिक तथा साहित्यिक धरातललाई चौडा गराउन मद्दत पुऱ्याएको पाइन्छ।

## 3:1:1:21 मर्स्याङ्दी सामुदायिक पुस्तकालय, भोटेओडार

मर्स्याङ्दी सामुदायिक पुस्तकालय भोटेओडार लमजुङ मिति २०६४ भाद्र ४ मा दर्ता भएको छ। मानवमा अन्तरनिहीत चेतनाशक्तिलाई विकास गर्ने, समाजलाई कुलत र दुर्व्यसनबाट बचाउने र रचनात्मक कार्यमा लगाइ चरित्रवान् नागरिकका माध्यमबाट समुन्नत समाज निर्माण गर्ने उद्देश्यले पुस्तकालय स्थापना भएको देखिन्छ। बिशुद्ध शैक्षिक, साँस्कृतिक, साहित्यिक वातावरण तयार गरी ज्ञान, विज्ञान, कला, शोधका क्षेत्रमा यस पुस्तकालय सक्षम हुने विश्वास गरिएको छ।

लमजुङ जिल्लाको दोश्रो ठूलो सहरमा परिणत भइरहेको भोटेओडारमा सञ्चालित यस पुस्तकालयमका अध्यक्ष, उपाध्यक्ष र सचिवमा क्रमशः शि. कृष्णकान्त खनाल, पूर्णबहादुर सुनार र बद्री खनाल रहेको पाइन्छ। कान्तियुग चेतन पुस्तकालय, लक्ष्मी पुस्तकालय , घुम्ती पुस्तकालय, नयाँक्षितिज वाचनालय र दूधपोखरी प्रतिभा परिवारजस्ता ऐतिहासिक पुस्तकाल तथा साहित्यिक संस्थाहरू खुलेर पनि यी सबै निष्क्रीय रहेको अवस्थामा भोटेओडार समाजका विभिन्न व्यक्तित्त्वहरूको व्यापक छलफल र सहभागितामा मर्स्याङ्दी सामुदायिक पुस्तकाल खुलेको हुँदा यस प्रति जनविश्वास बढ्दै गएको देखिन्छ। शैक्षिक, साँस्कृतिक, साहित्यिक वातावरण सिर्जनमा उद्देश्य अनुरूप सफलता हासिल गर्ने आधारहरू यसले बनाउँदै गएको देखिन्छ। सुरुमै यसले २०६४ को लक्ष्मी जयन्तीका अवसरमा जिल्ला स्तरीय कविता सम्मेलनको सफलतापूर्वक आयोजना गरी आफ्ना कार्य शुभारम्भ गरेकाले पनि 'हुने बिरुवाको चिल्लो पात' भनेजस्तै सङ्केत देखिएको छ।

## 3:1:1:22 कोमल पुस्तकालय, पाणिनी, दुराडाँडा

पाणिनी संस्कृत माध्यमिक विद्यालय दुराडाँडा, लमजुङको रजत जयन्ती समारोह वि.सं. २०५० सालमा त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति केदारभक्त माथेमाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। सोही अवसरमा श्रीमद्भागवत गीताको नेपाली भाषामा समछन्द छायानुवादित कृति 'कोमल गीता' का ख्यातिप्राप्त रचनाकार पं. कोमलनाथ अधिकारीको स्मृतिमा 'कोमल पुस्तकालय' र मुखिया हरिदास अधिकारीको स्मृतिमा 'हरिदास वाचनालय' को शिलान्यास भएको थियो। 'कोमल पुस्तकालय' मा सबै भाषामा अनूदित

'गीता ग्रन्थ' सङ्कलन गर्ने, संस्कृतमा लेखिएका साहित्यिक कृतिहरूका साथ अन्य पुस्तकहरू सङ्कलन गरी पुस्तकालय सञ्चालन गर्ने लक्ष्य राखिएको थियो। तत्काल दुराडाँडा मौजा भित्रका २२ विद्यालयका शिक्षकहरूको 'जागरुक अध्ययनमण्डल' बनाइ हरेक महिनामा कम्तिमा त्यस पुस्तकालयको एउटा पुस्तक अध्ययन गरी आफूले बुझेको कुरा रजिष्टरमा लेख्ने र त्यसरी लेख्नेहरूको लेख वार्षिक रूपमा मूल्याङ्कन गरी पुरस्कृत गर्दै जाने लक्ष्य अनुरूप १ वर्ष काम पनि भएको तर त्यस पछि उक्त पुस्कालय तथा वाचनालयका सूत्रधार श्रीकान्त अधिकारी स्वयम् दुराडाँडामा नरहेका र मुलुक पनि द्वन्द्वात्मक अवस्थामा रूपान्तरित भएको हुँदा हालसम्म निस्क्रिय, टीठलाग्दो स्थितिमा पाणिनी स्कुलको गुरुकुल आश्रम भित्र उक्त पुस्तकालय तथा वाचलनालय रहेको पाइन्छ। अब नयाँ नेपाल (लोकतान्त्रिक सङ्घीय गणतन्त्र) का सन्दर्भमा पुस्तकालयले नयाँ गति पाउने विश्वास समाजमा रहेको पाइन्छ । उक्त पुस्तकालय तथा वाचनालय पुनः क्रियाशील बनाउन सम्बन्धित सबैको ध्यान पुग्ने विश्वास गर्न सकिन्छ।

हाल क्याम्पस, विद्यालय, क्लब तथा अन्य सङ्घ संस्थाहरूले पनि पुस्तकालय तथा वाचनालय सञ्चालन गरेर शिक्षाको उज्यालो फैलाउने प्रयास गरेको पाइन्छ ।

## 3.2 लमजुङका साहित्यिक संस्थाहरू र तिनका गतिविधि

लमजुङका साहित्यिक संस्थाहरू र तिनका गतिविधि बुझ्नुभन्दा अगाडि लमजुङको साहित्यिक पृष्ठभूमिबारे परिचित हुनु राम्रो देखिएकाले यहाँको साहित्यिक पृष्ठभूमि सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

### 3.2.1 साहित्यिक पृष्ठभूमि

मनोरम प्रकृति र गरिमामय संस्कृतिको पृष्ठाधारमा लमजुङको साहित्यिक विकास अगाडि बढेको पाइन्छ। टलक्क टल्कने हिमाल, किरिमिरी परेका हरिया डाँडाकाँडा, पाखापखेरा, सेता तरङ्गित छाँगाछहरा, नागवेली आकारका खोलानाला, लेकबेसी, द्यौराली, चौतारी, एकातिर लोकगीत, गीत र कविताका प्रेरक स्रोत बनेका छन् भने अर्कोतिर गरिमामय संस्कृति (भेषभूषा, चालचलन, खेतीपाती, मेलापर्म, हाटबजार, चाडपर्व, पूजाआजा, रोदी, बालुन) ले पनि मर्मात्मक र कलात्मक अभिव्यक्तिलाई घच्घच्याइरहेको पाइन्छ।

त्यसैले त यहाँ ठाडो भाका गीत लमजुङे हृदयमा फुटेर छाँगा छहरा झैँ बगेको पाइन्छ। ठाडोभाकाका मुख्य नायक देउबहादुर दुरा हाँडीखोला, बर्धन लमजुङ (वि.सं. १९५०-१९९३) र मणिराम दुरा (ठूलास्वाँरा) ले जमाएको ठाडो भाकाका पुराना तर सरस गीतहरू भेडीखर्के साहिला (दीर्घराज अधिकारी) ले अझै समाइ रहेका छन्। 'कहाँ गयो देउबहादुर दुरा, शून्य भयो करापु बजार', उनको अभावमा स्वतः यस्ता गीत फुटे। लोक गीतको क्षेत्रमा

रबैडाँडा  गोर्जेका पञ्चसुब्बा गुरुङ, कास्कीका हँसपुरका मोतीलाल गुरुङ, बखतबहादुर गुरुङ, लमजुङका देउबहादुर दुरा, मणिराम गुरुङका साथी सहितका यी चार भाइ अझै चर्चित छन्। मैह्रानी (लक्ष्मीदुरा) नेटादेखि गौमाया, भक्तिमाया दुरा (कुन्छा) सम्म उत्तिकै नाम चलेको छ। ठाडो भाकाको एक टुक्रा –

बर्धनैबाट देउबहादुर झऱ्यो
नेटाबाट मैह्रानी, (फेद)
सुपारी बोटमा करापुटारको महादेवको मठमा
दोहोरी भई रहनी। (टुप्पा)

बालुन, भजन, चुड्का, सोरठी, घाटु जस्ता गीत, अभिनय, नृत्यका माध्यमबाट धेरै पहिलेदेखि अहिलेसम्म कलात्मक अभिव्यक्ति व्यक्तिदै आएको पाइन्छ। बोराङ, सिम्पानी, लामीस्वाँरा, भार्ते, विचौर आदि ठाउँमा बालुन, भजन चुड्का अझै चलिरहेका छन्। बोराङ गाउँ बालुनका लागि हिजोदेखि आजसम्म उत्तिकै चर्चित छ। उमेरले डाँडा काट्दा पनि बयोबृद्ध बालुन गुरु रणबहादुर अधिकारी, टीकाराम, विष्णुप्रसाद, गोपीनाथ, श्रीधर न्यौपानेहरू अझै तन्नेरी जोसमा देखिन्छन् भने तन्नेरी शिक्षक अर्जुन न्यौपाने पनि बाबु कृष्णप्रसाद न्यौपानेको बिँडो थामेर कस्सिदै रहेको पाइन्छ।

बालुनको मङ्गलाचरणको एक चरण –

हो हो त्वम् शरण भनी खेलन आयौं आज्ञा द्यौ धरती माता
हो हो जनीकम्पा जनीकम्पा धरती माता धरतीमा लाईहाल्यौं पाउ।

कृष्ण चरित्र, रामचरित्रका बालुन बाउन गाउँमा चले र चल्दै छन् पनि। यस्तै घनपोखराका सुब्बा नरजङ्ग गुरुङले बाह्रलीला (खण्ड) को कृष्ण चरित्रको गीत रचेर त्यसको राग-ताल मिलाई नाच नचाएका थिए। उनकै भाइ सुब्बा डिल्लीजङ्ग गुरुङले पनि कृष्ण चरित्रलाई परिमार्जन गरेर खेलाउने काम गरेका थिए।

नेपाली साहित्यको माध्यमिक कालका केन्द्रीय कवि मोतीराम भट्टसँगसँगै लमजुङका कवि पद्मविलास पन्त (वि.सं. १९१९-१९८८) मोती मण्डलीका एक सशक्त कविको रूपमा चिति स्याउत, लमजुङबाट देखापरेका थिए। जो पछि जीवनको उत्तरार्द्धतिर राइनास, लमजुङमा रहेका थिए। त्यो बेलामा पनि उनले काशी यात्रा वर्णन, बिन्ध्यबासी माई सम्बन्धी कविता सिर्जना गरेका थिए। श्रृङ्गारिक, व्यवहारिक, उपयोगी कविताहरू उनले सिर्जना गरेका थिए। उनी पछि कवि पं. कोमलनाथ अधिकारी देखापरे। जसले कोमल गीता जस्तो अनुपम अनुवादित कृति दिए। 'नैषधीय चरित' उनैको अहिलेसम्म मदन पुरस्कार प्राप्त गरेको एकमात्र अनूदित कृति हो। २००७ सालअगाडि नै देखापरेका अन्य होनहार लमजुङे कविहरू

हुन् - ठाकुरप्रसाद अधिकारी, पुण्यशील अधिकारी, सुब्बा डिल्लीजङ्ग गुरुङ, डिट्ठा श्रीप्रसाद घिमिरे, राष्ट्रकवि माधव घिमिरे, टुकराज - पद्मराज मिश्र। २००७ साल अगाडि मात्र होइन २००७ साल प्रजातन्त्र प्राप्ति पछिको खुला साहित्यिक वातावरणमा पनि लमजुङमा कुनै साहित्यिक सङ्घसंस्था स्थापना हुन सकेनन्। २००७ साल अघि र पछि को लामो समय पनि लमजुङे साहित्यिक सङ्घसंस्थाको लागि पूर्वाधार मात्र बन्न पुग्यो। साहित्यिक वातावरण नबनिकन साहित्यिक संस्था जन्मन सक्ने कुरा पनि भएन। यसै पृष्ठभूमिमा सर्वप्रथम 'दूधपोखरी प्रतिभा परिवार', भोटेओडार, लमजुङलाई नै केन्द्र बनाएर स्थापित भएको साहित्यिक संस्था हो।

## 3.2=2 साहित्यिक संस्थाहरू

लमजुङ जिल्लाको साहित्यिक विकासका लागि सामुहिक रूपले स्थापित भएका साहित्यिक संस्थाहरूलाई स्थापनाकालका आधारमा क्रमशः परिचयसहित तिनको गतिविधि दिइएको छ।

### 3=2.2=1 दूधपोखरी प्रतिभा परिवार, भोटेओडार

२००७ सालमा प्रजातन्त्र प्राप्तिपछि झण्डै चालीस वर्ष पार गरेपछि मात्र भोटेओडार, लमजुङमा एउटा साहित्यिक संस्था देखा पऱ्यो। लमजुङे भूमिमा देखा पर्ने पहिलो साहित्यिक संस्था 'दूधपोखरी प्रतिभा परिवार' भोटेओडार, लमजुङ हो। कवि गोविन्दबहादुर कुवँरको अध्यक्षतामा २०४३ सालमा स्थापना भएको दूधपोखरी प्रतिभा परिवारले राष्ट्रिय तथा जिल्लास्तरीय कविहरूको पनि जन्मजयन्ती समारोहहरू विभिन्न स्थानमा सम्पन्न गरेको थियो। स्व. कवि डिल्लीजङ्ग गुरुङको जन्मस्थल घनपोखरा, स्व. कवि कोमलनाथ अधिकारी एवम् शैक्षिक/सामाजिक जागरणका योद्धा तोयनाथ अधिकारीको जन्मस्थल दुराडाँडा लगायत भोटेओडार, सुन्दरबजार, भार्ते आदि स्थलमा साहित्यिक कार्यक्रमहरूको आयोजना गरेर साहित्यिक जागरण ल्याउने काम गरेको थियो। कवि कुलबहादुर केसी, कृष्णप्रधान कृपेश श्रेष्ठ, शेषकान्त खनाल, हरिदेवी कोइराला, गोविन्दबाबु तिवारी, विजयराज न्यौपाने आदि कविहरूको पनि सक्रिय सहभागिता रहन गएकाले दूध पोखरी प्रतिभा परिवारलाई साहित्यिक अग्रगमनतर्फ लम्कन सहयोग पुगेको थियो। यसका माध्यमबाट साहित्यिक क्षेत्रमा 'अम्बा श्रेष्ठ प्रतिभा पुरस्कार' स्थापना भएको थियो। हरेक बर्ष लमजुङे कविहरूलाई सम्मानित गरिने यस किसिमको पुरस्कार कवि मेदिनी सुवेदी, तीर्थराज अधिकारी, कुलबहादुर केसी, बमबहादुर थापा 'जिताली', माया गुरुङ-उमा गुरुङ, विजयराज न्यौपाने, चेतोनाथ अधिकारी, यदुनाथ 'सरल' लाई प्रदान गरिएको थियो। यसले लमजुङका ५१ जना प्रतिनिधि कविहरूको एक कविता सँगालो पनि प्रकाशन गरेर निकै सह्राहनीय रचनात्मक कार्यक्रम सञ्चालन गर्दै आएता पनि २०५८ साल पछि १५ वर्षे किशोरावस्थामै अल्पाएको पाइन्छ। करिव 1½ दशक जतिको जीवन जुन यस संस्थाले लमजुङमा बिताएको छ त्यो अब साहित्येतिहास भएको छ।

### 3:2.2:2 लमजुङे युवा साहित्य समाज, बेसीसहर

लमजुङे युवा साहित्य समाज २०५१ भाद्र २४ गते तत्काल मर्स्याङ्दी क्याम्पसमा अध्ययनरत युवाहरू तेजनारायण अधिकारी, सुशील अधिकारी, जमुना गुरुङ, वेनुसुयल 'विनु', यमप्रसाद अधिकारी आदिको सक्रियतामा स्थापना भएको हो। तेजनारायण अधिकारीको अध्यक्षतामा सञ्चालनहुँदै आएको यस संस्थाले २०५२ पौष १४ मा 'लमजुङे कविता सँगालो' प्रकाशन गरेपछि, 'काँचुली' नामक कविता सँगालो प्रकाशन गर्दै आएको छ। यसले वि.सं. २०५३, २०५५, २०५६, २०५७ र २०६४ मा गरी काँचुलीका ५ अङ्कहरू प्रकाशमा ल्याएको छ। यसबाट लमजुङका स्थापित तथा नवोदित कवि कवयित्रीहरू प्रकाशमा आएका छन्।

यसले बेला बेलामा जिल्लास्तरिय कवि गोष्ठीहरूको पनि आयोजना गर्दै आएको छ। लक्ष्मीनारायण सामुदायिक पुस्तकालय बेसीसहर र यसका माध्यमबाट हरेक महिनाको पहिलो र तेस्रो शुक्रबार 'साहित्य सन्ध्या' कार्यक्रम पनि सञ्चालन हुँदै आएको छ। यस संस्थाका माध्यमबाट माधव घिमिरे साहित्य पुरस्कार (२०५७) पनि स्थापना भएको छ। एकमुष्ट रकम रु. ५०,०००/– धनराशिको प्रथम पुरस्कार २०६१ बैशाख १८ गते डा. बासुदेव त्रिपाठीले प्राप्त गरेका छन्। यसरी लमजुङमा साहित्यिक जागरण जगाउने कार्यमा लमजुङे युवा साहित्य समाज लागि पर्दै आएको छ। यसले आफूलाई गतिशील र परिवर्तित नेतृत्व प्रदान गर्दै, पारदर्शी व्यवहार देखाउदै जान सकेमा साहित्यिक जागरणको ज्वारभाटा यसबाट जागिरहन सक्ने देखिन्छ।

### 3:2.2:3 हिमालचुली साहित्य प्रकाशन, बेसीसहर

हिमालचुली साहित्य प्रकाशन २०५६/११/०२ मा लमजुङको बेसीसहरमा गठन भएको साहित्यिक संस्था हो। कवि दोवनाथ भट्टराईको सक्रियतामा स्थापित यस संस्थाले 'मान्छेहरू' नामक कविता सङ्ग्रह प्रकाशमा ल्याएको छ। यसै संस्थाका माध्यमबाट शिक्षाप्रेमी, समाजसेवी हिमलाल ज्ञवालीको अध्यक्षतामा 'लमजुङ शैक्षिक दर्पण' बृहत् कृति प्रकाशनको तयारीमा रहेको पाइन्छ।

### 3:2.2:4 चन्द्रज्योति साहित्य समाज, बेसीसहर

लमजुङ जिल्लाको कला, साहित्य र संस्कृतिको क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले २०५८ साल भाद्र ३१ गते स्थापित साहित्यिक संस्थाको नाम 'चन्द्रज्योति साहित्य समाज' हो। यस समाज स्थापना भएको पहिलो डाँकोमा नै 'चन्द्रज्योति' (कविता सङ्ग्रह) २०५८ प्रकाशमा आएको छ। कृष्ण के.सी., कमला के.सी., चन्द्रकान्त पौडेल, भीष्म नेउपानेको सक्रियता तथा सम्पादनमा यसको प्रकाशन भएको पाइन्छ। सुरुमा निकै जागरुकता, सिर्जनशीलता देखाएको यस संस्था सेलाएर जाने छैन भन्ने आसा लमजुङे साहित्य प्रेमीबाट अझै भएको पाइन्छ।

### 3=2.2=5 टरेली साहित्य समाज, भोर्लेटार

टरेली साहित्य समाज लमजुङको भोर्लेटारमा स्थापित भएको साहित्यिक संस्था हो। यसले स्थापना काल २०६० सालदेखि वार्षिक स्मारिका प्रकाशन गर्दै आएको छ। हालसम्म यसका ४ ओटा स्मारिका अङ्कहरू प्रकाशमा आइसकेका छन्। विजयरञ्जन पौडेलको सम्पादकत्वमा स्मारिका प्रकाशन हुँदै आएको छ। जिल्लामा त्यति साहित्यिक गतिविधि सञ्चालन नगरेपनि वर्षमा एकचोटि यसले स्मारिका प्रकाशन गर्नु पनि आफैँमा ठूलो काम भएको पाइन्छ।

### 3=2.2=6 हिमालचुली कला साहित्य प्रतिष्ठान, बेसीसहर

नयाँवर्ष २०६४ को उपलक्ष्यमा लमजुङमा रहेका धेरै क्रियाशील साहित्यप्रेमीहरू शुभकामना आदनप्रदान गर्न बेसीसहमा एकजुट भएका बखत एउटा सशक्त साहित्यिक संस्था जन्माउन प्रतिबद्धता व्यक्त गऱ्यो। जसको फलस्वरूप २०६४/०२/२६ मा हिमालचुली कला साहित्य प्रतिष्ठानको उदय हुन पुग्यो। कवि आनन्द घिमिरे 'आँसु' को अध्यक्षतामा गठित उक्त संस्थामा निम्नानुसारको तदर्थ समति गठन गरेको थियो। जसका पदाधिकारी तथा सदस्यहरू रहेका थिए : अध्यक्ष – आनन्द घिमिरे 'आँसु', उपाध्यक्ष – रमेश पिया (हाल दिवङ्गत) सचिव – बेनु सुयल 'विनु', सह-सचिव – नवीनचन्द्र घिमिरे, कोषाध्यक्ष – सीता दीक्षित, सदस्यहरू – भीमबहादुर दुरा, आस गुरुङ, कमला केसी, अमृता घिमिरे, धनञ्जय दवाडी अंगराज घिमिरे, बासुदेव थापा।

साहित्यिक घोषणा पत्र सहित स्थापित हिमालचुली कला साहित्य प्रतिष्ठान गठन भएको छोटो अबधीमै जुर्मुराएर देखापरेको छ। विभिन्न साहित्यिक कार्यक्रमहरूको आयोजना गरेर लमजुङे साहित्य क्षितिजमा मात्र होइन नेपाली साहित्याकाशमा पनि सूचनाका माध्यमहरूद्वारा प्रकाशित हुँदै आएको छ। यसले जनजीवनमा प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा केन्द्रित रहेर आफ्ना कार्यक्रमलाई जनमुखी साहित्यतर्फ उन्मुख गराउन खोजेको पाइन्छ। यसले पर्यटन साहित्य, दाइँ साहित्य, रोपाइँ साहित्य सम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालन गरिसकेको छ। तमु भाषामा कविता, छन्दमा कविता, गजल लेखन, वाचन, जस्ता कार्यक्रमहरू पनि यसले सञ्चालन गरेको छ। जि.वि.स., स्थानीय गा.वि.स., आमा समूह, क्लवहरूसँग सहकार्य गरेर यसले उर्जा प्राप्त गरेको छ। यसले आफ्ना गतिविधिहरू अगाडि बढाउन स्रष्टाका सिर्जना मार्फत पर्यटन स्थलहरूको प्रचार गर्न पर्यटन काव्य यात्रा सञ्चालन गर्दै राइनासकोट, गौंडाकोट, इलिमपोखरी, बाह्रपोखरी, पुरानकोट, गिलुङ, करापुटार, सिउरुङ जस्ता ठाउँहरू पुग्ने पनि लक्ष्य राखेको छ। यही २०६५ ज्येष्ठ १० र ११ गते दुई दिने काव्य मेलाको आयोजना गरेर प्रथम पर्यटन साहित्य यात्रा सञ्चालन गरि सकेको छ। जुन यात्रामा साहित्यकार पत्रकारहरू बेसीसहरदेखि गाउँसहर, पाल्लेहुँदै पुरानकोट पुगेका

थिए। श्रष्टाहरूले स्थलगत अवलोकन गरी तत्काल सिर्जिएका कविता, गीत/गजलहरू उतिबेलै सनाउने व्यवस्था मिलाएर काव्ययात्रालाई सान्दर्भिक तुल्याइएको थियो। यस्ता कार्यक्रमबाट गाउँले जनजीवनमात्र होइन प्राकृतिक, साँस्कृतिक धरोहरहरू पनि प्रकाशित भएको पाइन्छ। 'हुने बिरुवाको चिल्लोपात' भने झैँ देखिएको छ हिमालचुली कला साहित्य प्रतिष्ठान ।

साहित्यकार गोविन्दबहादुर कुवँरको प्रमुख आतिथ्यमा सम्पन्न यसको प्रथम साधरणसभा (२०६४ साउन ३) ले निम्नानुसारको कार्यसमिति निर्वाचित गरेको छ। अध्यक्ष – आनन्द घिमिरे 'आँसु', उपाध्यक्ष – धनञ्जय दवाडी, सचिव – वेनु सुयल 'वेनु', सहसचिव – नवीनचन्द्र अधिकारी, कोषाध्यक्ष – सीता दिक्षीत र सदस्यहरू मेघेन्द्र पोखेल, विष्णुभक्त अधिकारी, सम्झना चिलुवाल, आस गुरुङ, वासुदेव थापा र राजकुमार दुलाल रहेका छन्। बाँकि चारजना सदस्यहरू कार्यसमितिले चयन गर्ने प्रावधान रहेको छ। हाल यसमा ९४ जना साधारण सदस्यहरू आबद्ध रहेका छन्।

## 3.2=3 अन्य साहित्यिक संस्थाहरू

लमजुङेहरू आबद्ध भै लमजुङ बाहिर स्थापित साहित्यिक संस्था र साहित्यिक प्रभाव छोडेका अन्य संस्थाहरूको परिचयसहित तिनका गतिविधिहरू तल प्रस्तुत गरिएको छ ।

### 3=2=3=1 मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौँ

लमजुङका तर काठमाडौँमा रहेका वाङमयप्रेमीहरूले स्थापना गरेको संस्था हो 'मर्स्याङ्दी बाङमय प्रतिष्ठान'। यसको स्थापना २०५३ चैत्र २९ गते काठमाडौँमा भएको हो। यसका प्रमुख संरक्षक राष्ट्रकवि माधव घिमिरे रहेका छन् भने संस्थापक अध्यक्ष सोमकान्त अधिकारी हुन्। बाङ्मयको संरक्षण, सम्बर्धन, सम्पोषण र उन्नयन गर्ने, बाङ्मय क्षेत्रका लमजुङे प्रतिभाहरूको विकासका लागि जिल्लास्थित सम्बन्धित निकायहरूसँग सम्पर्कमा रही सहयोग पुऱ्याउने जस्ता रचनात्मक उद्देश्यहरू लिइ स्थापित यस संस्थाले सुरुमा मर्स्याङ्दी वाङमय स्मारिका (२०५५), लमजुङका विशेषता झल्कने गरी भित्ते पात्रो (क्यालेण्डर) प्रकाशन गरेको थियो। यसले केन्द्रमा लमजुङे साँस्कृतिक साँझ २०५४ चैत्र ५ गते नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौँमा आयोजना गरी जिल्लामा प्रचलित कृष्णचरित्र, घाटु, कौरा, चुड्का नृत्य, ठाडो भाका गीत प्रस्तुत गरेको थियो। त्यस्तै केन्द्र तथा जिल्लामा साहित्यिक कार्यक्रम, दोहरी गीति प्रतियोगितात्मक कार्यक्रमहरू सुन्दरबजार तथा बेसीसहरमा सञ्चालन गरिसकेको छ तापनि केही वर्ष यता यसको गतिविधिमा कमी आएको महसुस हुन्छ। हाल डा. देवीप्रसाद सुवेदीको अध्यक्षतामा गठित नयाँ कार्यसमितिले सक्रियता बढाउन खोजेको आभास पाइन्छ। हालको कार्यसमितिको गठन निम्नानुसार भएको छ जसमा अध्यक्ष डा. देवीप्रसाद सुवेदी, उपाध्यक्ष नेत्रप्रसाद अधिकारी, सचिव मुकुन्द पथिक, सहसचिव कृष्णकान्त

घिमिरे, कोषाध्यक्ष विजयराज न्यौपाने, सदस्यहरू शान्ति अधिकारी, मुक्तिनाथ शर्मा घिमिरे, डा. जीवन अधिकारी, कृष्ण गुरुङ, रामरञ्जन पौडेल, ठाकुरप्रसाद 'छाँगा' रहेका छन्। गएको वर्ष (२०६४) मा कवि युदाथ 'सरल' को 'सिर्जनाका धुनहरू' (कविता सङ्ग्रह) विमोचन गरी कविलाई दोसल्ला ओढाइ सम्मानसमेत गरेको थियो भने डा. वमबहादुर थापा 'जिताली' को 'जापानी छन्दमा नेपाली कविता' (२०६४) को समेत विमोचन यसै संस्थाका माध्यमबाट भएको थियो।

शिक्षाप्रेमी तथा समाजसेवी होमनाथ सुवेदीको स्मृतिमा एक साहित्यिक पुरस्कार होमनाथ सुवेदीका सन्ततिले यसैसंस्थाको माध्यमबाट २०६५ सालदेखि बर्षेनी दिने व्यवस्था मिलाएको छ। गण्डकी अञ्चल भित्र साहित्यिक योगदान पुऱ्याएका श्रष्टाहरूद्वारा सिर्जिएका कृतिको मुल्याङ्कनका आधारमा दिनलागिएको उक्त पुरस्कारको धनराशि रु. १०,०००/- रहेको छ। पहिलोपटकको उक्त परस्कार नेपाली भाषा-साहित्यमा आन्दोलन नामको कृतिमा स्याङ्जाका कृतिकार सुकुम शर्माले प्राप्त गरेका छन्।

आउँदा दिनमा यसका गतिविधिमा तिब्रता आउने सङ्केतहरू देखिएका छन्। मर्स्याङ्दीको दोस्रो स्मारिका प्रकाशनका लागि हाल बाङ्मय जुटेको पाइन्छ। लमजुङमा रहेका साहित्यिक, साँस्कृतिक सङ्घ संस्थाहरूलाई समेत समेटेर आउँदा दिनमा अगाडि बढेमा यस संस्थाको गन्तव्य सार्थक हुने देखिन्छ।

### 3=2=3=2 डिट्ठा श्रीप्रसाद उपाध्याय स्मृति प्रतिष्ठान, पोखरा

लमजुङका होनहार साहित्य साधक कवि डिट्ठा श्रीप्रसाद घिमिरेको स्मृतिमा स्थापित 'डिट्ठा श्रीप्रसाद उपाध्याय स्मृति प्रतिष्ठान' २०५६/११/२३ मा विधिवतरूपले जि.प्र.का. कास्कीमा दर्ता भएपछि प्रकाशमा आएको हो। यसले २०५७ ज्येष्ठ १३ गते डिट्ठा श्रीप्रसाद उपाध्याय स्मृति ग्रन्थ प्रकाशमा ल्याएको छ। त्यस्तै यसले वर्षेनी स्मारिका प्रकाशन गर्दै जाने लक्ष्य राखेको छ। कविका प्रकाशित भै अप्राप्य भएका कृतिहरू र अप्रकाशित कृतिहरू क्रमशः प्रकाशन गर्दै जाने पनि यसले लक्ष्य राखेको छ।

यस प्रतिष्ठानले डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिभा पुरस्कार पनि २०६० सालदेखि वर्षेनी वितरण गर्दै आएको छ। लमजुङ तथा कास्कीको माध्यमबाट छन्द साहित्यमा योगदान पुऱ्याउने कविहरूलाई प्रदान गरिने रु.५,०००/– नगद वरावरको पुरस्कार सर्वप्रथम पोखरा कास्कीका कवि गोपाल वैद्य 'किञ्जल्क' लाई प्रदान गरिएको छ। गोपाल बैद्य किञ्जल्क, पछि वमबहादुर थापा 'जिताली' तेजनाथ घिमिरे र मेदिनीनाथ सुवेदी पुरस्कृत भइसकेका छन्। भोजराज सुवेदीको अध्यक्षतामा हाल सञ्चालित यस प्रतिष्ठानले आफ्नो लक्ष्य र क्षमताले भ्याएसम्म रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

#### 3=2=3=3 नौलो सुनगाभा प्रकाशन परिवार, लमजुङ

नौलो सुनगाभा प्रकाशन परिवार लमजुङ जिल्लामा बाल-आवाज, बाल-अधिकार र बाल-साहित्यिक क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापित संस्था हो। आ.व. २०६०/०६१ मा जि.प्र.का. लमजुङमा ११ नम्बरमा दर्ता भएको नौलो सुनभागा द्वैमासिक पत्रिकाको रूपमा २०६३ सालदेखि नियमित रूपमा सबै अङ्क प्रकाशित हुँदै आएको पाइन्छ। यस पत्रिकामा प्रतिभाशाली बालबालिकाका अन्तर्वार्ता, प्रेरक व्यक्तित्वको जीवनी, स्रष्टा हस्ताक्षर, संस्मरण, बाल-मनोविज्ञानमा आधारित विचार प्रधान लेख, कविता, कथा, सामान्य ज्ञान आदि दिएर पठनीय बनाउन प्रयास भएको पाइन्छ। बाल-साहित्यको क्षेत्रमा यसले उत्साहजनक ढङ्गले पाइला चाल्दै आएको छ। नौलो सुनगाभालाई बालबालिकाको प्यारो पत्रिका बनाउन नौलो सुनगाभा प्रकाशन परिवारले अझ यसको गुणस्तर बृद्धि गर्न ध्यान पुऱ्याउदै जानुपर्ने देखिन्छ।

#### 3=2=3=4 बाल एकीकृत सहयोग मञ्च, भारते, लमजुङ

महिला आपसी सहयोग केन्द्र भारते, लमजुङ अन्तर्गतका बालक्लवहरूको सञ्जालको रूपमा 'बाल एकीकृत सहयोग मञ्च' गठन गरिएको छ। यसै मञ्चका माध्यमबाट 'बाल मझेरी' बाल-साहित्यिक पत्रिका चौमासिक अङ्कका रूपमा २०६३ सालदेखि प्रकाशित हुँदै आएको छ। बाल-सहभागितालाई विशेष जोड दिएर उनीहरूको पहुँच गाउँ, जिल्ला र केन्द्रसम्म पुऱ्याउने हेतुले यसको प्रकाशन सुरु भएको पाइन्छ। बाल-अधिकार र कर्तव्य प्रति सचेत रहँदै बाल-आवाजको सुनुवाई गराउने कुरामा पत्रिकाले ध्यान दिएको देखिन्छ। राष्ट्रको मूलधारमा बालबालिकालाई ल्याउन पनि यसको जोड रहेको पाइन्छ।

बाल मझेरीमा बालबालिकाका रचना (कविता, कथा, निबन्ध) लाई पहिलो प्राथमिकता दिएको देखिन्छ। बाल-साहित्यमा स्थापित स्रष्टाहरूका रचनाहरू पनि यसमा समेटिएको पाइन्छ। महिला आपसी सहयोग केन्द्रका कार्यक्रम लागू भएका गा.वि.स.हरू अन्तर्गत गठित बालक्लवहरूको यस एकीकृत सहयोग मञ्चले बालभित्ते पत्रिका प्रकाशन, बाल-मझेरी प्रकाशन, बाल-साहित्यिक पत्रपत्रिका खरिदसमेत गरेर बालकेन्द्रित गतिविधि बढाई बालबालिकाको गुणत्मक विकासमा ध्यान दिन खोजको पाइन्छ।

### 3.2=4 गैर साहित्यिक संस्थाहरू

सिधै साहित्यको विकाससँग सम्बन्धित नभएपनि साहित्यिक प्रभाव भने छाड्ने संस्थाहरू यसप्रकार रहेका छन्।

#### 3.2.4.1. चौबहादुर दुरा कला केन्द्र, दुराडाँडा

लोक साहित्य र संस्कृतिको संरक्षण, सम्बर्धन र विकासका लागि लमजुङलाई केन्द्र

बनाएर सर्वप्रथम दुराडाँडा, लमजुङमा स्थापित संस्था 'द्यौबहादुर दुरा कला केन्द्र' हो। सर्वोदय हाइस्कुल दुराडाँडाको रजत जयन्ती समारोह २०३३ कार्तिक २० मा 'द्यौबहादुर दुरा कला केन्द्र' दुराडाँडामा स्थापना भएको हो। प्रसिद्ध समाजसेवी एवम् शिक्षाप्रेमी श्रीकान्त अधिकारीको दूरदर्शी निर्देशनमा तत्कालीन प्रधानपञ्च देवीदत्त बयाली, अरुणकान्त अधिकारी र विष्णुबहादुर दुरा आदिको नेतृत्व रहने गरी उक्त संस्थाको गठन भएको थियो। लमजुङमा सर्बप्रथम वाङ्मय तथा कला संस्कृतिको क्षेत्रमा स्थापित यो नै पहिलो संस्था थियो। द्यौबहादुर दुराले सिर्जना गरेको ठाडो भाका (लमजुङ भाका/दुरा भाका) को संरक्षण, सम्बर्धन र विकास गरी नवप्रतिभाहरूको विकासमा योगदान पुऱ्याउनु यससंस्थाको लक्ष रहेको थियो। यस किसिमको गौरव बोकेको संस्था भएतापनि ठोस उपलब्धिहरू भने यसले देखाउन सकेन।

### 3.2.4.2. द्यौमणि कला केन्द्र, पुरानकोट

द्यौबहादुरका ठाडो भाकाका दौतरी मणिराम दुरालाई समेत समेटेर पछि द्यौमणि कला केन्द्र निर्माण गरिएको छ। ठूलस्वाँरा, सिंदुरे गा.वि.स. मा रहेको यस संस्थाले ठाडो भाका (लमजुङे भाका/दुरा भाका) घाटुको संरक्षणमा लागी परेको कुरा मिथुन दुरा बताउँछन्। गीति र नृत्य क्षेत्रलाई समेटेर बनेका यस्ता संस्थाले निरन्तरता पाउन भने आवश्यक देखिन्छ।

### 3.2.4.3. लमजुङ पोखरा सम्पर्क समिति

पोखरामा रहेका लमजुङेद्वारा स्थापित लमजुङ पोखरा सम्पर्क समितिमार्फत 'लमजुङ संगम' पत्रिका प्रकाशन हुँदै आएको छ। लमजुङलाई नै केन्द्रविन्दु बनाइ यसले हालसम्म लमजुङ संगमका ५ अङ्कहरू प्रकाशमा ल्याइसकेको छ। लमजुङको साँस्कृतिक, साहित्यिक तथा अन्य क्षेत्रको विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले यसले आफ्ना गतिविधिहरू सुस्तरी अगाडि बढाएको पाइन्छ। भूपनिधि पन्त, पशुपतिनाथ तिमल्सेना, शंकरप्रसाद पन्त, विश्वलाल श्रेष्ठ, कल्याणदेव पन्त, रविकिरण अधिकारी, गोपीनाथ 'दयालु', तीर्थराज अधिकारी आदिको सक्रियताले यसको गतिशिलता बढेको पाइन्छ। यो समिति स्वयम् साहित्यिक संथा नभए पनि 'लमजुङ संगम' का माध्यमबाट यसले साहित्यिक योगदान पनि पुऱ्याएको पाइन्छ।

### 3.2.4.4. द रेयुकाइ नेपाल, लमजुङ उपशाखा

द रेयुकाई लमजुङले वी.पी. साहित्यकार प्रतिभा पुरस्कार स्थापना गरेर लमजुङे साहित्यकारहरूलाई सम्मान गरेको छ। २०५० सालदेखि वर्षेनी दिन लागिएको यस पुरस्कारको राशि रु. १००० (एक हजार) तथा प्रमाण-पत्र रहेको छ। उक्त पुरस्कार पाउनेहरूमा डि. श्रीप्रसाद उपाध्याय, तीर्थराज अधिकारी, मेदिनी सुवेदी, रामचन्द्र शास्त्री, गोविन्दबहादुर कुवँर, विजयराज न्यौपाने, हरिहर सविता, चेतोनाथ अधिकारी, केयरसिं गुरुङ,

तेजप्रकाश पाण्डे रहेका छन्। यसका माध्यमबाट प्रथम राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगिता २०५६ फागुन १ गते सम्पन्न गरी १० जना उत्कृष्ट मुक्तककारहरूलाई सम्मानित गरिएको थियो। यसले 'अनुपम' मुक्तक सङ्ग्रह समेत प्रकाशमा ल्याएको थियो। द रेयुकाइ नेपाल हाल नेपालमा नरहेकोले स्वतः यो संस्थाको अस्तित्व पनि सकिएको छ।

### 3.2.4.5. ग्रामीण विकास सहयोग समाज, सिम्पानी, खुदी

ग्रामीण विकास सहयोग समाज सिम्पानी खुदी, लमजुङमा २०५४ सालमा स्थापित संस्था हो। यसले २०५६ साल फागुन २८ गते प्रकाण्ड विद्वान् एवम् शिक्षाप्रेमी बद्रीनाथ स्मृति समारोह तथा जिल्लास्तरी कवि गोष्टिको आयोजना गरेको थियो। उक्त समारोहमा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति मदनमणि दीक्षित, कवि दैवज्ञराज न्यौपाने, मर्स्याङ्दी बाङ्मय प्रतिष्ठानका संस्थापक अध्यक्ष सोमकान्त शर्मा, साहित्यकार देवीप्रसाद सुवेदी, जीवन अधिकारीहरूको उपस्थिति रहेको थियो। उक्त जिल्लास्तरीय कवि गोष्ठीका रचनाहरू सँगाली 'सुधा संगम' साहित्य सँगालो उक्त समाजले प्रकाशमा ल्याएको छ। स्थानीय स्तरमा, यस साहित्यिक समारोहले ठूलो साहित्यिक प्रभाव छाडेको पाइन्छ। यस संस्थाले गाउँका बयोबृद्ध पुरुष र महिलाहरूलाई ज्येष्ठताको क्रमका आधारमा १/१ जनालाई दोसल्ला ओढाइ वर्षेनी सम्मान गर्नुका साथै साहित्यिक गोष्टि पनि चलाउँदै आएको छ।

### 3.2.4.6. लमजुङ कला प्रतिष्ठान, बेसीसहर

हेमजङ्ग गुरुङको अध्यक्षतामा २०५६ सालमा गठित यस कला प्रतिष्ठानले गीति नृत्य एवम् कलात्मक मूल्यको संरक्षणका लागि सुरुमै ठोस कदम चालेकाले २०५७ जेष्ठ २९ गते कौरा नृत्यको प्रस्तुतिमा राष्ट्रिय पुरस्कार एवम् सम्मान प्राप्त गरेको छ। नवराज पहाडी, विजयराज न्यौपाने, कमाला के.सी. को समेत यसमा योगदान देखिन्छ। राष्ट्रिय रूपमा देखिएर चर्चामा आएको संस्था भएपनि हाल भने निस्क्रिय रहेको देखिन्छ।

### 3.2.4.7. लमजुङ लोक साँस्कृतिक विकास केन्द्र परिवार

यस परिवारको स्थापना २०५७ सालमा काठमाडौँमा भएको हो। काठमाडौँमा बसेका कला तथा संस्कृतिप्रेमी लमजुङेहरूले लमजुङको लोक संस्कृतिको विकासका लागि यो संस्था जन्माएका हुन्। यसका संस्थापक अध्यक्ष रमेशचन्द्र अधिकारी हुन्। हाल रामबाबु अधिकारीको अध्यक्षतामा संस्था कृयाशील रहेको छ। यसका माध्यमबाट साँस्कृतिक कार्यक्रम प्रदर्शन तेस्रो पटकसम्म भइसकेको छ। अन्तिम कार्यक्रम गत २०६४ साल श्रावण ५ गते ने.प्र.प्र. हलमा सम्पन्न भएको थियो। लमजुङे कलाकारहरूको प्रतिभा विकास र संस्कृतिको संरक्षणमा यसले टेवा पुऱ्याउँदै आएको छ।

### 3.2.4.8. कायापलट असल शासन रेडियो श्रोता क्लव, रंघा

कायापलट असल शासन रेडियो श्रोता क्लव समीभञ्ज्याङ २०५७ साल पौष २५ मा दर्ता भएको हो। साहित्यानुरागी तन्नेरी युवा/युवती यसका सदस्य बनेर समाजलाई असलबाटो हिँडाउनमा देखाउदै आएको प्रयास सह्राहनीय देखिन्छ। यसले द्वैमासिक पत्रिका कायापलट २०६० सालदेखि प्रकाशन गरेर भ्रष्टाचार बिरुद्ध साहित्य (कलम) लाई उठाएर असल संस्कृतिको विकासमा योगदान दिएको छ।

### 3.2.4.9. शहिद मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान, काठमाडौँ

शहिद मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान लमजुङ-काठमाडौँ, २०५९ सालमा स्थापित प्रतिष्ठान हो। जनआन्दोलनको द्वन्द्वको क्रममा २०५८/१०/०३ मा देहावसान भएका पाणिनी संस्कृत मा.वि.का तत्कालीन प्र.अ. मुक्तिनाथ अधिकारीको सम्भनामा एक स्मृति ग्रन्थ २०५९ प्रकाशमा ल्याएको छ। वर्षेनी उनको सम्भनामा श्रद्धाञ्जली सभाको आयोजना गरिदै आएको पाइन्छ। अरु स्मारिका अङ्क ननिस्के पनि प्रकाशित पहिलो स्मृति-ग्रन्थ साहित्यिक योगदानका दृष्टिकोणले महत्त्वपूर्ण देखिन्छ।

### 3.2.4.10. अन्नपूर्ण पुस्तकालय, रम्घा

अन्नपूर्ण पुस्तकालय समी भञ्ज्याङ (२०२८) ले 'भञ्ज्याङ' स्मारिका प्रकाशन र साहित्यिक गोष्ठी तथा प्रतियोगितात्मक कार्यक्रमहरू समेत सञ्चालन गरेर साहित्यिक योगदान दिएको पाइन्छ। राष्ट्रकवि माधव घिमिरे, जनकविकेशरी धर्मराज थापा लगायतका लमजुङे कविहरूका समेत दसजना कविहरूको रचना यसमा प्रकाशन भएको पाइन्छ।

विद्यालय क्याम्पसहरूका मुख-पत्र, स्मारिका, भित्ते पत्रिकाहरूले पनि केही न केही साहित्यिक योगदान लमजुङमा पुऱ्याउदै आएका छन्।

यस्तै कर्मचारी मिलन केन्द्र बेसीसहर लमजुङले मर्स्याङ्दी तथा नवप्रभात स्मारिकाहरूबाट लमजुङको साहित्यिक विकासमा योगदान दिएको पाइन्छ। चेस नेपालका माध्यमबाट 'नवकोपिला' (२०५७) बालसाहित्यिक पत्रिकाका केही अङ्कहरू प्रकाशमा आएका पाइन्छन्। कर्मदा प्रकाशन तथा विज्ञापन संस्थाका माध्यमबाट प्रकाशित समाचारमूलक प्रथम साप्ताहिक पत्रिका 'कर्मदा' तथा लमजुङबाट प्रकाशित अन्तरङ्ग सहितका अन्य समाचारमूलक पत्र पत्रिकाहरूले साहित्यिक लेख रचनालाई पनि प्राथमिकता दिएर साहित्यिक सहयोग थपेको पाइन्छ। त्यस्तै द्वन्द्व पीडित असहाय बालबालिका संरक्षण गृह-लमजुङले 'बाल-बगैचा' प्रकाशमा ल्याएको छ। वर्षेनी २०६० साल देखि प्रकाशमा आएको बाल-बगैचाबाट बाल-साहित्यको विकासमा सक्दो योगदान पुऱ्याएको पाइन्छ।

यसरी लमजुङलाई साहित्यिक मार्गतर्फ लैजानका लागि यी साहित्यिक संस्थाहरू लागिपरेको देखिन्छ। लमजुङका बालबालिका, युवा तथा प्रौढहरूमा साहित्यिक सञ्चार गराइ साहित्यिक विकासमा टेवा दिदै आएका छन्। यस किसिमका संस्थाहरू अझ भोलि आउने दिनहरूमा बढ्दै जाने सङ्केतहरू पनि देखिन थालेका छन्। यसरी लमजुङ दिनानुदिन साहित्यिक उज्यालोतर्फ लम्किरहेको पाइन्छ।

## 3.2:5 लमजुङमा पत्रकारिता

लमजुङमा नेपाली साहित्यको प्राथमिक काल (वि.सं. १८२६-१९३९) पूर्वको समयावधिमा त्यस्तो अपूर्व साहित्यिक घटना मानिने कुनै कार्य भएको देखिदैन। नेपाली साहित्यमा झैँ लमजुङमा पनि नेपाली कविताको सुरुवात लोकगीत, लाकोक्ति, उखानटुक्का आदिबाट भएको अनुमान गरिन्छ। संस्कृत काव्यको प्रभावले समाजमा कविहरूले नेपालीमा लेखेका हुन्थे। संस्कृत/नेपालीमा कविता तथा अन्य रचना गरिएको हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ। नेपाली साहित्यको प्राथमिक कालमा लमजुङको काव्य विकास कुन रूपमा भएको थियो भन्ने कुरा खोजकै विषयमा पर्दछ। पृथ्वीनारायण शाहको एकीकरण अभियान अन्तर्गतको अवधितिर रचिएको हुन सक्ने लोक पद्यको एक श्लोक लमजुङमा आज भन्दा ५० वर्ष अघितिरसम्म सुनिन्थ्यो, जुन श्लोक यहाँ दिइएको छ –

डङचाङ डुडुङ गर्ने डरलाग्दा बाजा
राती राती हिँड्ने गोरखाली राजा
गोर्खाली राजालाई धनैले पुगेन
बाउनका छोरालाई जनैले पुगेन।

नेपाली साहित्यको माध्यमिक काल नेपाली कविता र काव्यको विकासस्थल बनारस बनेको थियो। नेपाली साहित्यका माध्यमिककालीन केन्द्रीय कवि मोतीराम भट्टलाई लमजुङे कवि पद्मविलास पन्तले बनारसमा भेटेपछि त्यहाँको साहित्यिक गतिविधि र मोती मण्डलीको प्रभावले उत्साहित भएर उनी भित्रको कवित्व शक्ति बाहिर प्रस्फुटित भै प्रकट भएको पाइन्छ। त्यतिवेला श्रृङ्गारिक, नैतिक, आध्यात्मिक दृष्टिले कविताहरू सिर्जना हुनु नै आफैमा एक महत्त्वपूर्ण प्राप्ति बन्न पुगेको छ। पछि यिनैको प्रेरणबाट लमजुङमा साहित्यिक लेखन-परम्परा बस्दै गएको देखिन्छ । लमजुङकै साँध दोरदोर, तनहुँका माध्यमिक कवि तीर्थराज पाँडेको उपदेश मञ्जरी जस्ता कविताले पनि लमजुङे काव्य सिर्जनामा प्रभाव पारेको पाइन्छ। हलो आन्दोलन (ब्राह्मणले हलो जोत) को पक्ष र विपक्षका प्रभावले काव्य सिर्जना भएको भेटिन्छ। यसरी बनारस, तीनधारा संस्कृत पठशाला र लमजुङका भाषा पाठशाला, संस्कृत पाठशाला, आधार स्कुल गाउँसहर जस्ता पाठशाला रहेका स्थानबाट लमजुङको साहित्यिक गतिविधि अगाडि बढाउने क्रममा केही न केही संस्थागत प्रयास भएको पाइन्छ।

यसका साथै २००७ पूर्व साहित्यिक पत्रपत्रिका लमजुङमा देखा पर्न सकेनन् तापनि पत्रपत्रिकामा लमजुङेले आफ्ना रचना पुऱ्याउन भने प्रयास गरेको पाइन्छ।

प्रजातन्त्रको प्राप्ति पछि जन चेतनामा आएको व्यापक अभिवृद्धिसँगै सूचना प्रणालीमा आएको विकासबाट लमजुङ पनि प्रभावित हुन पुगेको पाइन्छ। सञ्चारको विश्वव्यापीकरण हुनु भन्दा पहिले नेपालमा मल्लकालदेखि थालनी भएको कटुवाली प्रथा अहिलेसम्म पनि लमजुङका दुर्गम ठाउँमा जीवितै रहेको पाइन्छ। २००७ सालको परिवर्तन पछि नै राजनीतिक चुनाव, राजनीतिक दलका घोषणापत्र, चुनावी पर्चा र प्रचार-प्रसारको प्रयोगले पत्रकारिता, साहित्यिक पत्रकारिताको पृष्ठभूमि तयार गरेको पाइन्छ। चिठी पत्र, तमसुक लेखन, पठन पाठनले पनि गद्य तथा पद्य लेखनका लागि आधारभूमि तयार गरेको पाइन्छ।

लमजुङमा २००७ साल पूर्व पत्रिका प्रकाशनका लागि खासै प्रयास भएको पाइँदैन बरु लुकीछिपी भारतबाट झिकाइएका पत्रपत्रिका सचेत जनसमूहले लयमा पढ्ने गरिएको भने देखिन्छ। रामायण, महाभारत, गीता, स्वस्थानी जस्ता ग्रन्थमात्र त्यतिवेला खुला रूपमा बिक्री वितरित थिए। गोरखा-पत्रको ग्राहक बनेर हुलाकबाट कतिपय सचेत बुद्धिजीवीले झिकाएको पाइन्छ। लमजुङमा साहित्यिक पत्रकारिता विकासका लागि २००७ साल पूर्व पृष्ठपोषण मात्र भएको पाइन्छ। यसरी २००७ सालअघि यस जिल्लाले पत्रपत्रिकाको इतिहास बनाउन सकेको देखिदैन। २००७ सालपछि मात्र प्रकाशमा आएका पत्रपत्रिकालाई तीन तहमा विभाजन गरी यहाँ वर्णन गरिएको छ।

1. साहित्यिक पत्रपत्रिका
2. विभिन्न सङ्घ संस्थाको मुखपत्रको रूपमा प्रकाशित पत्रपत्रिका
3. समाचार मूलक पत्रपत्रिका

## 3.2:5.1 साहित्यिक पत्रपत्रिका

२००७ सालको परिवर्तनपछि पनि पत्रपत्रिका प्रकाशनका दृष्टिले लमजुङ पछि परेको देखिन्छ। प्रकाशनको इतिहास कोटचाएर हेर्दा साहित्यिक पत्रिकाको पहिलो प्रकाशन २०४४ सालमा 'लमजुङे कविता सँगालो' प्रकाशनबाट शुरु भएको देखिन्छ। यसको प्रकाशन पछि निम्न साहित्यिक पत्रिकाहरू प्रकाशित भएका छन्।

### (क) लमजुङे कविता सँगालो

यो पत्रिका २०४३ सालमा स्थापित 'दूध पोखरी प्रतिभा परिवार'द्वारा गोविन्दबहादुर कुँवरको सम्पादकत्त्वमा प्रकाशित भएको हो। लमजुङका ५१ जना पुराना तथा नयाँ कविहरूको सँगालोको रूपमा प्रकाशित यस साहित्यिक पत्रिकाले प्रतिभा परिचयका लागि

मद्दत पुऱ्याएको पाइन्छ। यसमा पुराना स्तरीय कविहरू तीर्थराज शर्मा उपाध्याय, यदुनाथ 'सरल', मेदिनी सुवेदी, गोविन्दबहादुर कुँवर, वमवहादुर थापा 'जिताली', विजयराज न्यौपानेका साथै नवस्थापित कविहरूका कविताहरू पनि समावेश भएका छन्।

हाल 'दूधपोखरी प्रतिभा परिवार' नै बन्द रहन गएकाले यसका अरु अङ्कहरू प्रकाशन भएको पाइँदैन। यसको पहिलो प्रकाशन नै अन्तिम प्रकाशन हुन पुगे पनि यस पत्रिकाको अध्ययन गर्दा तत्कालीन अवस्थामा यसले एकातिर साहित्यिक पत्रिकाको अभावलाई हटाएको छ भने अर्कोतिर लमजुङको साहित्यिक अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ।

## (ख) काँचुली

यो पत्रिकाको प्रकाशन वि.सं. २०५३ साल फागुन महिनाबाट भएको हो। मर्स्याङ्दी वहुमुखी क्याम्पसमा तत्काल अध्ययनरत युवाहरू तेजनारायण अधिकारी, सुशील अधिकारी, जमुना गुरुङ, यमप्रसाद अधिकारी आदिको सक्रियतामा २०५१ भाद्र २४ मा स्थापित साहित्यिक संस्था 'लमजुङे युवा साहित्य समाज' ले यस 'काँचुली' लाई प्रकाशमा ल्याएको हो। 'काँचुली' का हालसम्म ५ अङ्क प्रकाशमा आएका छन्। यी सबै अङ्क तेजनारायण अधिकारीको सम्पादकत्त्वमा प्रकाशन भएको पाइन्छ। पहिलो अङ्कलाई लमजुङे कविता सँगालोको नामकरण गरी विशेष कोष्टकमा दिइएको छ भने अन्य अङ्कको नामकरण 'काँचुली' गरिएको पाइन्छ।

यस पत्रिकाले पुराना स्थापित लमजुङे कविहरूका साथै नवोदित कवि कवयित्रीहरूलाई प्रकाशमा ल्याउन जोड दिइएको पाइन्छ। यस 'काँचुली' को पहिलो अङ्कमा लघु रचना गीत गजल मुक्तक, कविता, समावेश गरिएका छन्। त्सपछिका अङ्कमा भने नाटक, अन्तर्वार्ता, लेख, निबन्ध पनि रहेका देखिन्छन्। काँचुलीको पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ अङ्ककहरू क्रमशः २०५३, २०५५, २०५६, २०५७ र २०६४ सालमा प्रकाशित भएका छन्।

लमजुङमा विशुद्ध साहित्यिक पत्रिकाको रूपमा दोस्रो प्रकाशित 'काँचुली' ले ठूलो साहित्यिक गरिमा वहन गरेको पाइन्छ। लमजुङका खासगरी नवोदित प्रतिभाहरूका रचनाहरूलाई प्रमुखता दिएर प्रकाशमा ल्याइएको यस पत्रिकाले लमजुङमा साहित्यिक जागरण ल्याउन पुऱ्याएको योगदान महत्त्वपूर्ण देखिन्छ।

## (ग) कायापलट

असल शासन रेडियो स्रोता क्लव, समीभञ्ज्याङ, लमजुङ (२०५७) को तर्फबाट भ्रष्टाचार बिरुद्ध लड्दै सद्विचार, सदाचार बढाउन साहित्यिक सामाग्रीका माध्यमबाट प्रचार प्रसार गर्ने मनसायले प्रकाशित पत्रिका कायापलट हो। द्वैमासिक यस पत्रिकाको सम्पादकमा

रुपिन्द्र प्रभावी कटु र सह - सम्पादकमा युवराज श्रेष्ट रहेका छन्। लमजुङको पश्चिमी भेकको एक गाउँ समीभञ्ज्याङ (गाउँ) बाट 'असल शासन' का लागि सद्विचार सञ्चार गर्नु एक सद्प्रयास हो। यस क्षेत्रका युवाहरूले असल शासनका लागि जनतामा नवचेतना भर्न, भ्रष्टहरूलाई सजग गराउन र चरित्रवान्, इमान्दार, राष्ट्रसेवकहरूलाई प्रोत्साहन गर्न गरेको प्रयास प्रशंसनीय मानिन्छ। सच्चा देशभक्तिको छाया यस कायापलटमा परेको पनि पाइन्छ। भ्रष्टाचारलाई निरुत्साहित गर्न यो एक कदमअगाडि बढेको छ। राजनेता, राष्ट्रसेवक र अन्य विभिन्न सङ्घ संस्थामा आबद्ध व्यक्तित्वहरूको स्वच्छ आचरणको विकास र जनतामा सचेतनाको अभिबृद्धि नभै नयाँ नेपालको परिकल्पना साकार हुन नसक्ने हुँदा सही दिसा-बोध गराउन यो पत्रिका सहायक भएको पाइन्छ। सरुभक्त, ज्ञानुवाकर पौडेल, तीर्थ श्रेष्ठ, कृष्ण भण्डारी, विश्व शाक्य, हरिदेवी कोइराला, दीपक समीप आदिका गीत गजल, लेख र अन्तवार्ताले यसलाई स्तरीय तुल्याएको पाइन्छ। त्यस्तै नवोदित प्रतिभाका जोसिला, सफा विचार प्रधान रचनाहरूले पनि यसलाई उत्तिकै पठनीय बनाएका छन्।

यसमा दिइएका कार्टुनहरूले पनि हास्य व्यङ्ग्यले युक्त साहित्य, भाव भरेको पाइन्छ। मान्छेका खराव विचार र प्रवृत्तिलाई व्यङ्ग्य गरी सही मार्गमा ल्याउन प्रयत्न गर्नु नै यस पत्रिकाको उद्देश्य युगानुकूल पाइन्छ। असल शासनका लागि असल विचार सञ्चार गरी सद्कर्मशील नेपाली बनाउन साहित्यका माध्यमबाट यसले देखाएको सद्प्रयास प्रशंसनीय देखिन्छ। नेपाली साहित्यको धरातललाई व्यापक र विस्तृत गराउन यस पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ।

### (घ) नव कोपिला

बेसीसहर लमजुङद्वारा राष्ट्रिय मासिक बाल पत्रिकाको रूपमा 'नव कोपिला' २०५७ मा प्रकाशित भएर दुई अङ्क प्रकाशमा आएको भेटिन्छ। सम्पादक यमप्रसाद अधिकारी र कार्यकारी सम्पादक प्रतिज्ञा अधिकारी भएको यस बाल पत्रिकाले सामाजिक चेतना बढाइ बाल साहित्यका लागि नव जागरण जगाउन खोजेको पाइन्छ। यसका दुई अङ्कमा प्रेरक व्यक्तित्व पुस्तक परिचय, कविता, बाल अधिकार बाल सहभागितमा आधारित गतिविधि, लेख रचनाहरू मुख्य विषयवस्तुका रूपमा रहेको पाइन्छ। बाल - सिर्जनामा आधारित रचनालाई यसमा उचित स्थान दिइएको पाइन्छ।

चेस नेपालका अध्यक्ष राजकुमार पाण्डेद्वारा प्रकाशनमा आएको नवकोपिलो छोटो समयमा रहेर पनि नेपाली बाल साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ।

### (ङ) चन्द्र ज्योति कविता सङ्ग्रह

यो पत्रिका २०५८ सालमा लमजुङ जिल्लाको सेरा बजारको सार्वजनिक चौतारीमा

लोकार्पण भएको हो। चन्द्रज्योति साहित्य समाज सेरा, बेसीसहर प्रकाशक रहेको यस पत्रिकाका सम्पादक मण्डलमा कृष्ण केसी, कमला केसी, चन्द्रकान्त पौडेल, भीष्म नेउपाने र पुष्पसागर बराल रहेका देखिन्छन्। यसमा ४१ जना कवि कवयित्रीका कविताहरू सङ्ग्रहित छन्। यस अङ्कका पद्यात्मक कविता तर्फ आनन्द आँसु, शालिग्राम, कमला केसी, कृष्ण नेउपाने, विजयराज न्यौपाने आदिका स्तरीय कविताहरू रहेका छन्। सानो ग्रामीण परिवेश भित्र रहेर गरिएको यस किसिमको साहित्यिक प्रयास महत्त्वपूर्ण देखिए पनि यसभित्र प्रकाशित एउटा कवितालाई आपत्ती ठानेर पत्रिका निस्केको केही दिनमै यसमा प्रतिबन्द लागेको थियो। यही प्रतिबन्धित पत्रिकालाई पुनः प्रकाशमा ल्याउन चन्द्रज्योति समाज सक्रिय रहन थालेको समेत पाइन्छ।

लमजुङमा यस पत्रिकाको प्रकाशन एउटा प्रगतिशील कदमको रूपमा देखिन्छ। केही समय प्रतिबन्धित भएर थन्किन परे पनि अब नेपाली साहित्यकासमा चन्द्रज्योति प्रकाशवान रहने छ।

## (च) नौलो प्रतिबिम्ब

यो पत्रिका वि.सं २०५८ भदौमा ओम भुजेल अतितको सम्पादकत्वमा प्रकाशमा आएको हो। जि.प्र.का. लमजुङमा २०५८ सालमा मा दर्ता भएको भएता पनि हाल भने यो पत्रिका निस्कन सकेको पाइँदैन। लमजुङका नवोदित प्रतिभाहरूलाई प्रष्फुटन गराउन विशेष प्रोत्साहन दिंदै र पुराना स्थापित प्रतिभाहरूलाई कदर गर्दै प्रकाशित नौलो प्रतिबिम्बले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। जिल्लामा स्थापित प्रतिभाहरू गोविन्दवहादुर कुँवर, विजयराज न्यौपाने, श्रीकृष्ण न्यौपाने लगायतका व्यक्तित्त्वहरूका विचार र अनुभवहरू बाँड्ने काम समेत यसले गरेको पाइन्छ। मुक्तक, गजल र छन्दोबद्ध कवितालाई यसले प्राथमिकता दिएको देखिन्छ।

छोटो समय मात्रै टिके पनि यस पत्रिकाले युवाहरूको नवजोस र सिर्जनालाई अधिक जोड दिएर प्रगतिवादी साहित्यलाई उठाउन महत्त्वपूर्ण टेवा दिएको मान्न सकिन्छ।

## (छ) गौंडाको सेरोफेरो

'गौंडाको सेरोफेरो' विनोद 'विवस' थापा मगर सम्पादक एवम् प्रकाशक भएर २०५८ सालमा एकपटकमात्र देखापरेको साहित्यिक पत्रिका हो। लमजुङको पूर्वी क्षेत्रमा पर्ने एक ऐतिहासिक कोट गौंडालाई आधारभूमि बनाइ त्यसकै सेरोफेरोलाई समातेर यो पत्रिकाले गीत, कविता, मुक्तक, गजल, चुट्किला र लेखहरूलाई विशेष प्राथमिकता दिएको देखिन्छ। यो पत्रिका दर्ता नभै एकचोटि मात्र देखा परेतापनि युवा जमातमा त्यतिबेला निकै चर्चा पाएको पाइन्छ।

## (ज) नौलो सुनगाभा

बाल - साहित्यको अभिबृद्धिका लागि लमजुङका केही बाल - साहित्यप्रेमी युवाहरूले जि.प्र.का लमजुङमा २०६०/०६१ मा दर्ता गरेको संस्था 'नौलो सुनगाभा' प्रकाशन परिवार हो। यसका माध्यमबाट २०६१ सालदेखि द्वैमासिक पत्रिकाको रूपमा 'नौलो सुनगाभा' प्रकाशमा आएको छ। २०६१/०६२ सालमा केही अङ्क र २०६३ मा भने पूरै अङ्क (६ अङ्क) लिएर 'नौलो सुनगाभा' प्रकाशनमा आएको छ। सुशीलचन्द्र अधिकारी प्रधान सम्पादक र नवीनचन्द्र घिमिरे कार्यकारी सम्पादक रहेका यस पत्रिकाले बाल प्रतिभा विकास, बाल अधिकारको संरक्षण र बाल साहित्यलाई प्राथमिकता दिएको देखिन्छ। सुनगाभाको सामग्रीका रूपमा बालबालिको अर्न्तवार्ता, प्रेरक व्यक्तित्वको जीवनी, श्रष्टा हस्ताक्षर, बालसस्मरण र बाल सिर्जनाका साथ विविध सामग्रीहरू समेटिएको देखिन्छ। बाल साहित्यको क्षेत्रमा आफ्नो अलग अस्तित्व बनाउदै आएको यस पत्रिका लमजुङ बाहिर पनि प्रचारित हुँदैछ।

यस पत्रिकाको सुरुआत सदन श्रेष्ठ भोटेओडार सम्पादक / प्रकाशक भएर गरेको पाइन्छ तापनि अहिले नवीनचन्द्र घिमिरे (जिल्ला बाल कल्याण समिति) र सुशीलचन्द्र अधिकारी (सूर्योदय मा.वि.) सँग सम्बद्धता पछि पत्रिका नियमित बन्दै गएको देखिन्छ। लमजुङको बाल साहित्यको धरातलमा यस पत्रिकाले विशेष महत्त्व राखेको पाइन्छ।

## (झ) बाल-मझेरी

'बाल-मझेरी' को प्रकाशन वि.सं २०६३ सालदेखि भएको देखिन्छ। महिला आपसी सहयोग केन्द्र भारते, लमजुङ अन्तर्गत गठित बाल एकीकृत सहयोग मञ्चका माध्यमबाट यो पत्रिका प्रकाशमा आएको छ। महिला आपसी सहयोग केन्द्र बिस्तारित गा.वि.स. भित्र गठित बाल-क्लवहरूलाई समन्वय गरी गठन भएको यस मञ्चले बाल-मझेरीलाई प्रकाशमा ल्याउने काम गरेको हो। बाल-सिर्जनालाई प्रोत्साहन दिएर बाल-अधिकार संरक्षण, सम्बर्धन गर्ने उद्देश्यले नै यसको प्रकाशन भएको पाइन्छ। यसमा बाल आवाज, बाल सहभागितामा भएका क्रियाकलापहरूले नै पहिलो प्राथमिकता पाएको पाइन्छ। लमजुङको बाल-साहित्यको धरातलमा बाल-सहभागिताका आधारमै निस्कने यस पत्रिका स्कुले बालबालिका बीच निकै चर्चा र महत्त्व पाएको देखिन्छ।

आसबहादुर गुरुङको सम्पादकत्वमा प्रकाशित यस पत्रिकामा छोटा कविता, चुट्किला, उखान टुक्का, जान्नै पर्ने कुरा जस्ता शीर्षकमा बिभिन्न बालप्रधान सामग्रीहरू रहेको पाइन्छ। नेपाली बाल-साहित्यमै स्थापित लमजुङे बाल-साहित्यकार गोविन्दबहादुर कुवँर, विजयराज न्यौपाने र रमेशचन्द्र घिमिरेका बाल-कविताहरू समेत यसमा प्रकाशित भएको पाइन्छ। अधिकार संरक्षण, बाल-प्रतिभाको प्रबर्धनमा जोड दिएर प्रकाशित यस पत्रिका लमजुङको बाल-साहित्यको महत्त्वपूर्ण प्राप्ति भएको छ।

## 3.2=5.2 विभिन्न सङ्घ, संस्थाका मुख - पत्रको रूपमा प्रकाशित पत्रपत्रिका, स्मारिका

राणा शासन कालमा लमजुङमा सामाजिक जागरणको परिचायक हलो आन्दोलन, तथा राजनीतिक, शैक्षिक जागरण ल्याउन विभिन्न किसिमको आन्दोलन चलेता पनि पत्रिका प्रकाशन गर्ने क्रममा पछि नै परेको देखिन्छ । देश बाहिर, जिल्ला बाहिर प्रकाशित भएका पत्रपत्रिका झिकाएर पढ्ने परिपाटी भने यहाँ बसेको पाइन्छ तर लमजुङ भित्रै प्रकाशन भएका पत्रिकाहरू भने पाइँदैनन्। मुखपत्रका रूपमा पत्रिका प्रकाशनको थालनी प्रजातन्त्र आगमन पश्चात सर्वोदय माध्यमिक विद्यालयबाट भएको देखिन्छ। लमजुङबाट हालसम्म मुखपत्रका रूपमा प्रकाशित पत्रपत्रिकाहरूतल प्रस्तुत गरिन्छ।

### (क) अन्नपूर्णको काख

लमजुङ जिल्लाको जेठो पब्लिक अङ्ग्रेजी हाइस्कुल सर्वोदय हाईस्कुल २००९ सालमा स्थापना भएको हो। यसै हाइस्कुलले, मुखपत्रको रूपमा २०१४ सालमा 'अन्नपूर्णको काख' स्मारिका प्रकाशनमा ल्याएको हो। यो पत्रिका साहित्यिक भन्दा पनि शैक्षिक विकासको कोषका रूपमा आएको देखिन्छ। राणा शासन बिरुद्धको २००७ सालको क्रान्तिपछि देशमा आएको अभूतपूर्व शैक्षिक जागरणको फलस्वरूप लमजुङको खासगरी दुराडाँडा क्षेत्रमा एकैचोटि २००८ सालमा १२ ओटा प्राइमरी स्कुल र २००९ सालमा सर्वोदय हाइस्कुलको स्थापना भएको हो। यिनै विद्यालयकातर्फबाट संयुक्तरूपमा निस्केको मुख-पत्रको नाम 'अन्नपूर्णको काख' हो । स्कुल सञ्चालक समिति लमजुङबाट २०१४ सालमा निस्केको यो स्मारिका शैक्षिक कहानीका रूपमा निस्केको भए पनि यसको भाषिक, साहित्यिक महत्त्व पनि अधिक रहेको पाइन्छ। मा. तीर्थराज अधिकारी, छात्रा लक्ष्मी अधिकारीको कविताले यसलाई साहित्यिक पत्रिकाको नगिच पुऱ्याएको पाइन्छ। यस किसिमको पत्रिका प्रकाशन गर्न तत्कालीन स्कुल सञ्चालक समितिका अध्यक्ष श्रीकान्त अधिकारी, सेक्रेटरी कृष्णप्रसाद न्यौपाने लगायत अन्य सदस्यहरू तथा सम्बन्धित सबै शिक्षक, अभिभावक विद्यार्थीहरू धन्यवादका पात्र बनेका छन्। सर्वोदय हाइस्कुलले आफ्नो स्वर्ण महोत्सव २०६३ माघको सन्दर्भमा 'अन्नपूर्णको काख' पुनः प्रकाशन गरेर यसको अभावलाई पूरा गर्ने जमर्को गरेको देखिन्छ। यस स्मारिकाले तत्कालीन अवस्थामको लमजुङको धेरै शैक्षिक र थोरै साहित्यिक अभिबृद्धिमा योगदान पुऱ्याएको देखिन्छ।

### (ख) गण्डकी मुहान

यो पत्रिका सर्वोदय हाइस्कुल दुराडाँडा लमजुङको मुखपत्रको रूपमा २०२० सालमा प्रकाशन भएको देखिन्छ। उक्त स्कुलका तत्कालीन प्रधानाध्यापक (प्रा.डा.) इन्द्रविलास अधिकारीको सक्रियतामा प्रकाशित यस स्मारिकाको सम्पादक मण्डल भीष्मकान्त अधिकारीको

नेतृत्व रहेको पाइन्छ, जसमा हरिप्रसाद अधिकारी, उदयनाथ अधिकारी, अरुणकान्त अधिकारी (छात्र) सदस्य रहेका थिए । यसमा शिक्षक एवम् विद्वान् कवि, लेखक, विद्यार्थीहरूका लेख रचनाहरू प्रकाशित भएका देखिन्छन् । मा. तीर्थराज शर्मा, मा. मधुसुदन अधिकारी विद्यार्थी ( कलेज तहका) ठाकुरप्रसाद 'छाँगा', तीर्थराज 'आँकुरा', सूर्यमणि 'कोपिला', ध्रुबतारा अधिकारीका कविता तथा गीतले त्यतिबेला निकै चर्चा पाएका थिए। त्यस्तै यसै पत्रिकामा रामचन्द्र न्यौपाने, महेश्वर शर्मा, अञ्चल निर्देशन अधिकारी (गण्डकी अञ्चल) का लेख पठनीय रहेका छन् । तत्कालिन शिक्षा मन्त्री कीर्तिनिधि बिष्ट, सहायक शिक्षा मन्त्री राजेश्वर देवकोटा र गण्डकी अञ्चलाधिश भूदेवको शुभकामना रहेको पाइन्छ । यसमा प्रकाशित 'पुरानो सम्झना नयाँ चलन' शीर्षकको लेखमा विद्यालयको आर्थिक हरहिसाव सम्बन्धमा विवाद उठेपछि भने यो पत्रिका जति चर्चामा आयो त्यति सुस्तरी हराउँदै गयो। अहिले यो पत्रिका समेत दुर्लभ भएको पाइन्छ।

लमजुङका विद्यालयको मुखपत्रको रूपमा विद्यार्थी, शिक्षकका रचनाहरू समेत खुलारूपमा समावेश गरेर आएको यो नै पहिलो मुख पत्र हो भन्न सकिन्छ। 'अन्नपूर्णको काख' मा खुला रूपमा लेख रचना राखिएका छैनन्, प्रसङ्गवस एकएकजना शिक्षक र विद्यार्थीका रचना मात्र दिइएका छन्। 'गण्डकी मुहान' ले विद्यार्थी, शिक्षक तथा अन्य शिक्षाप्रेमी महानुभावहरूका लेखरचनालाई प्राथमिकता दिएर छापेको हुँदा उनीहरूमा साहित्यप्रति विशेष रुचि जगाउन सफल रहेको पाइन्छ। पहिलो अङ्क निस्कदा नै विवादमा आएका कारणले यसका अन्य अङ्कहरू निस्कन सकेको देखिदैन। त्यो वेला अर्थात् २०२० साल देखि नै गण्डकी मुहानले आजसम्म निरन्तरता पाउन सकेको भए आज लमजुङको साहित्यिक र शैक्षिक विकासले नै नयाँ पड्को मार्न सक्थ्यो होला । तर अहिले 'गण्डकी मुहान' एकादेशको कथा जस्तो हुन गएको पाइन्छ । जे होस् यसले आज भन्दा ४ दशक पहिले विद्यार्थी तथा शिक्षकका सिर्जनात्मक प्रतिभालाई प्रकाशमा ल्याउने महत्त्वपूर्ण कार्य पूरा गरेको देखिन्छ। प्रत्यक्ष अप्रत्यक्ष तवरले विद्यार्थी, शिक्षक, अभिभावकमा साहित्यप्रति रुचि जगाउन पनि यो स्मारिका सफल रहेको देखिन्छ।

### (ग) मर्स्याङ्दी

लमजुङ छात्र समाजको तर्फबाट वि.सं २०२८ मा निस्केको विचारप्रधान समसामयिक पत्रिका 'मर्स्याङ्दी' भू.पू. माननीय रामचन्द्र अधिकारी, गणेश न्यौपाने, अरुणकान्त अधिकारीको सम्पादकत्त्वमा प्रकाशित भएको देखिन्छ। लगभग ६० पेजमा निस्केको उक्त पत्रिका तत्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाका बिरुद्ध क्रान्तिकारी विचार लिएर प्रजातन्त्र प्राप्तिका लागि गरिएको एक प्रयत्नको रूपमा देखिन्छ। समाज रूपान्तरणको लागि चालिएको एक सशक्त साहित्यिक कदमको रूपमा यसलाई लिन सकिन्छ। लमजुङ काठमाडौं सम्पर्क छात्र समाजको तर्फबाट निस्केको 'मर्स्याङ्दी' को एक अङ्कमात्र प्रकाशमा आएता पनि वैचारिक तथा साहित्यिक ढङ्गले यसको ओज तत्काल निकै रहेको पाइन्छ।

### (घ) वेग

नेपाल विद्यार्थी सङ्घ लमजुङ कार्य सम्पर्क समितिबाट २०३७ सालमा प्रकाशमा आएको विचार प्रधान साहित्यिक पत्रिका 'वेग' हो। ने.वि.सङ्घ लमजुङले आफ्नो स्थापना कालको एक दशकपछि वेगलाई प्रकाशमा ल्याएको हो। सूर्य कोइराला सम्पादक र नवराज पहाडी सह-सम्पादक रहेको यस पत्रिकालाई लमजुङ काठमाडौँ सम्पर्कसमितिले प्रकाशका लागि खर्च जुटाएको देखिन्छ। विचार-प्रधान लेखहरू, कविताहरू रहेको 'वेग' को साहित्यिक महत्त्व पनि देखिन्छ। तीन अङ्कसम्म निस्केको 'वेग' ले तत्कालीन निर्दलीय व्यवस्थाबाट निकै ठूलो सास्ती खाएर सङ्घर्ष गर्न परेको देखिन्छ। त्यसैले पनि लमजुङको वैचारिक तथा साहित्यिक क्षेत्रमा यसको निकै चर्चा भएको पनि पाइन्छ।

### (ङ) क्रान्ति

नेपाल विद्यार्थी सङ्घ दुराडाँडा, लमजुङको मुखपत्रको रूपमा निस्केको पत्रिका हो 'क्रान्ति' जसको सम्पादन २०४१ सालमा नवराज पहाडीद्वारा भएको देखिन्छ। तत्कालीन निर्दलीय पञ्चायती व्यवस्था बिरुद्ध दलीय प्रजातान्त्रिक विचारधारा बोकेर निस्केको 'क्रान्ति' तत्कालीन प्रशासनको अगाडि आँखाको कसिङ्गर बन्न पुगेको पाइन्छ। 'क्रान्ति' का सम्पादक नवराज पहाडी ६ महिना जेलसमेत पर्न पुगेको देखिन्छ। जेहोस् 'क्रान्ति' ले साच्चै बैचारिक क्षेत्रमा नयाँ तरङ्गसमेत उठाएको पाइन्छ।

पहिलो अङ्क २०४० निस्केको 'क्रान्ति' को २०४७ मा सामयिक सङ्कलनका रूपमा विचार-प्रधान लेख, कविता लिएर निस्केको पाइन्छ। त्रैमासिक रूपमा ३ अङ्कसम्म 'क्रान्ति' निस्केको भेटिन्छ। यसले वैचारिक उर्जा बढाउनका साथसाथै लमजुङको साहित्यिक उत्थानमा समेत योगदान दिएको पाइन्छ।

### (च) मर्स्याङ्दी

'मर्स्याङ्दी' कर्मचारी मिलन केन्द्र बेसीसहर, लमजुङको मुखपत्रका रूपमा २०४४ साल पुसमा प्रकाशित पत्रिका हो। साहित्यकार तेजप्रकाश श्रेष्ठको प्रधान सम्पादकत्वमा प्रकाशित यस मुखपत्रको सम्पादक मण्डलमा कृष्णप्रसाद पराजुली, धनकाजी प्रधान, कर्णवहादुर केसी, नारायणप्रसाद अधिकारी र हरिप्रसाद पन्त थिए। कविता, गीत, निबन्ध, कथा, संस्कृति जस्ता विविध विधालाई समेटी तयार भएको यस पत्रिकामा तत्काल लमजुङका विभिन्न कार्यालय तथा सङ्घ संस्थामा रहेका कर्मचारीहरूका रचनाहरूसमावेश छन्। नेपाली साहित्याकासमा चर्चित साहित्यकार कृष्णप्रसाद पराजुली, तेजप्रकाश श्रेष्ठ, गोविन्दबाबु तिवारी आदिका रचना यसमा रहेका छन्। लमजुङका शिक्षकहरूका तर्फबाट कवि मेदिनी सुवेदी, बालकृष्ण सुवेदीका सिर्जना भेटिन्छन्। यस पत्रिकाले लमजुङको साहित्यिक उत्थानमा

टेवा पुऱ्याएको अनुभव गर्न सकिन्छ।

यसै कर्मचारी मिलन केन्द्रको माध्यमबाट २०५४ सालमा पनि 'मर्स्याङ्दी' नामकै मुख-पत्र स्थानीय प्रतिभाहरूको प्रतिनिधित्व देखिने गरी प्रकाशमा ल्याएको छ। यसको सम्पादक मण्डलमा चिरञ्जीवी सिंग्देल, महेश शर्मा पौडेल र विश्वराज पौडेल रहेको पाइन्छ। स्थानीय कवि तथा लेखकहरू तीर्थराज शर्मा अधिकारी, यदुनाथ 'सरल', मेदिनीनाथ सुवेदी, गोविन्दबहादुर कुँवर, ठाकुरप्रसाद 'छाँगा', विजयराज न्यौपाने, चेतोनाथ अधिकारी, रामचन्द्र घिमिरे 'शास्त्री', सरस्वती श्रेष्ठ 'सरु' आदिका कविता, गीत, गजल तथा लेखहरू यसका आकर्षण देखिन्छन्। कम्प्युटर टाइपिङ तथा केही अन्य कमी कमजोरी रहेतापनि यो अङ्क निकै परिमार्जित र स्तरीय देखिन्छ।

### (छ) रजत स्मारिका, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा लमजुङ

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा लमजुङले ने.रे.सो. स्थापनाको रजत जयन्ती वर्ष २०४५/०४६ को सन्दर्भमा रजत स्मारिका प्रकाशन गरेको हो। प्रधान सम्पादक जगतबहादुर गुरुङ र सम्पादकमा रामकृष्ण न्यौपाने, युगेश्वर रेग्मी रहेका यस स्मारिकामा कविता, कथा, लेख र रेडक्रसका गतिविधि रहेको पाइन्छ। रेडक्रस जस्तो पवित्र सामाजिक संस्था प्रति मोह र साहित्य सिर्जनातर्फ समेत विशेष रुचि जगाउने उद्देश्यले यसको प्रकाशन भएको देखिन्छ। यस स्मारिकाले पनि लमजुङको साहित्यिक, सामाजिक उत्थानमा महत्त्वपूर्ण टेवा दिएको पाइन्छ।

### (ज) लमजुङ संगम

पोखरामा रहेका लमजुङेहरूद्वारा गठित लमजुङ-पोखरा सम्पर्क समितिले २०५० साल असोज ६ गते मान्यता प्राप्त भै दर्ता भएपछि वार्षिक मुखपत्रको रूपमा 'लमजुङ संगम' को २०५० पौषबाट प्रकाशन प्रारम्भ भएको पाइन्छ। हालसम्म लमजुङ संगमका ५ अङ्कहरू प्रकाशमा आइसकेका छन्। लमजुङ सम्बन्धी खोज अन्वेषणमूलक लेखरचनाहरूले यसमा प्रश्रय पाउनु स्वागतयोग्य कार्य भएको छ। लमजुङलाई समष्टीमा चिनाउने खालका लेखहरू यसमा पढ्न पाइन्छन्। जीवनी, निबन्ध, कविता विधाले पनि यथोचित स्थान यसमा पाएको देखिन्छ। लमजुङको प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक, सामाजिक, शैक्षिक, आदि क्षेत्रका सचित्र लेखहरू पाठकलाई आकर्षण गर्ने खालका देखिन्छन्। लमजुङलाई नेपाल समक्ष चिनाउने लमजुङे साहित्यलाई घनीभूत गरी प्रकाशमा ल्याउने काम यसले गरेको पाइन्छ। लमजुङका समस्यामूलक विषयमाथि प्रकाश पारी समाधानको निकाश निकाल्न प्रेरित गर्ने खालका कार्यमा यसले विशेष चासोसमेत दिएको पाइन्छ। लुकेर रहेका विविध पक्षका प्रतिभाहरूलाई प्रकाशमा ल्याउने कार्य पनि यसले गरेको पाइन्छ। नियमितरूपमा ढिलो चाँडो लमजुङ संगम प्रकाशित हुँदै आएर यसले पुऱ्याउँदै आएको साहित्यिक योगदान निकै

प्रशंसनीय देखिन्छ। लमजुङबाट पोखरामा रहेका विद्वान्हरू, साहित्यकारहरू मध्येका भूपनिधि पन्त, पशुपतिनाथ तिमल्सेना, कल्याण पन्त, विश्वलाल श्रेष्ठ, वटुकृष्ण पन्त, गोपीनाथ 'दयालु', रविकिरण अधिकारी, दिलबहादुर क्षेत्री, तीर्थराज अधिकारी आदिका सम्पादकीय, लेखकीय एवम् प्राविधिक भूमिकाको माध्यमबाट संगमलाई ठोस योगदान पुगको पाइन्छ।

संक्षेपमा भन्नु पर्दा लमजुङ बाहिर पोखरामा बसेर पनि लमजुङेलीहरूले आफ्नो प्रिय जन्मस्थलो प्रतिको माया ममता, श्रद्धा सुमन 'लमजुङ संगम' को माध्यमबाट अर्पण गर्नु, देशभक्तिको सशक्त कडीको रूपमा लिन सकिन्छ। यस मुखपत्रले भाषा, कला, साहित्य, संस्कृतिका साथ अन्य विषयको उत्थानमा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।

### (झ) इन्द्रेणी

द रेयुकाइ नेपाल लमजुङ इकाईको वार्षिक मुख पत्रको रूपमा २०५१ मा निस्केको पत्रिका 'इन्द्रेणी' हो। प्रकाशक द रेयुकाइ नेपाल लमजुङ इकाई रहेको यस 'इन्द्रेणी' पत्रिकाको हालसम्म एक अङ्कमात्र निस्केको पाइन्छ। नवराज पहाडी र लिलीजङ्ग गुरुङ क्रमशः संयोजक र सह संयोजक रहेका यस पत्रिकाले मुख्यतः रेयुकाई सम्बन्धी जानकारी र त्यसकै गतिविधिलाई प्रकाश पार्न जोड दिएता पनि यसले लमजुङको साहित्यिक समाचारलाई पनि स्थान दिएकाले साहित्यिक महत्त्वका दृष्टिले हेर्नु पर्ने हुन्छ।

द रेयुकाई नेपाल लमजुङ इकाई २०५१ सालबाट उपशाखामा परिणत भए पछि 'रेयुकाई उद्यान' मुख पत्रको रूपमा आएको हो। रेयुकाइ सम्बन्धी गतिविधिलाई प्रकाश पार्दै लमजुङको साहित्यिक गतिविधिलाई समेत झल्काएको हुँदा यसको साहित्यिक महत्त्व पनि उत्तिकै रहेको पाइन्छ।

### (ञ) रेयुकाइ उद्यान

द रेयुकाइ लमजुङ उपशाखाको वार्षिक मुखपत्रको रूपमा प्रकाशित पत्रिका 'रेयुकाई उद्यान' हो। पहिलोपल्ट २०५२ सालमा प्रकाशमा आएको उद्यानको अहिलसम्म ४ अङ्कमात्र प्रकाशन भएको पाइन्छ। यो पत्रिका विशुद्ध साहित्यिक पत्रिका नभए पनि यसमा प्रकाशित लेख, कविता, शुभकामना आदिले यसको साहित्यिक योगदानलाई पनि जाहेर गर्दछ। द रेयुकाइ लमजुङ उपशाखाद्वारा साहित्यकारहरूको कदर गर्न राखिएको वी.पी. स्मृति प्रतिभा पुरस्कार प्राप्त गर्ने वरिष्ट लमजुङे साहित्यकारहरूको चिनारीसहित दिइएका साहित्यिक लेखहरूले यसको साहित्यिक महत्त्वलाई झल्काएको पाइन्छ। तर २०६२ सालदेखि रेयुकाइ युशसियाका सञ्चालकहरूले नेपाल अधिराज्यभर द रेयुकाइ नेपाल इकाइ, उपशाखा, शाखाहरू खारेज गरेकाले हाल द रेयुकाइ नेपाल लमजुङ उपशाखा पनि खारेज भएकाले यसका गतिविधि स्वतः समाप्त भएका छन् तापनि यसले विगतमा लमजुङको साहित्यिक उत्थानमा पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको पाइन्छ।

### (ट) मर्स्याङ्दी वाङ्मय स्मारिका, २०५५

लमजुङ जिल्लाबाट काठमाडौँ आई बसोबास गरेका लमजुङेहरूले २०५३ साल चैत्र २९ मा जन्माएको एक विशुद्ध साहित्यिक संस्था मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान हो। "लमजुङ जिल्लाका समर्पित एवम् उदीयमान व्यक्ति र प्रतिभाहरूको विकासका लागि उपयुक्त वातावरण सिर्जना गर्नु, गराउनु वाङ्मयको क्षेत्रमा क्रियाशील जिल्लास्थित संस्थागत निकायहरूसँग आवश्यक सहयोग आदान-प्रदान गर्नु, गराउनु, वाङ्मयका विभिन्न पक्षहरूको विकासका लागि अध्ययन-अनुसन्धानका कार्यहरू सञ्चालन गर्नु, गराउनु" आदि उद्देश्यहरूलिएर स्थापित यस संस्थाले आफ्नो औगात अनुसार कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस्ता कार्यक्रमहरू राजधानीमा मात्रै सीमित नरही लमजुङ जिल्लामा पनि पुऱ्याएको पाइन्छ। राष्ट्रकवि माधव घिमिरेको प्रमुख संरक्षकत्वमा यस संस्थाले नयाँ प्रतिभा प्रस्फुटन गराउन र पुराना प्रतिभालाई सम्मान गराउन लम्केको देखिन्छ।

यस संस्थाले राष्ट्रकवि माधव घिमिरे, कवि डि. श्रीप्रसाद घिमिरे, कवि तीर्थराज अधिकारी, कवि यदुनाथ 'सरल' जस्ता अग्रगण्य प्रतिभाहरूलाई सम्मान तथा अभिनन्दन गरेको छ। आफ्ना यस्तै गतिविधि प्रचार प्रसारमा ल्याउन यसले 'मर्स्याङ्दी वाङ्मय स्मारिका', २०५५ प्रकाशनमा ल्याएको हो। कृष्णवहादुर थापाको संयोजकत्वमा सम्पादन समूहमा रहेका देवीप्रसाद सुवेदी, जीवन अधिकारी, रामबहादुर भण्डारी, मुक्तीनाथ शर्मा लगायत संस्थाको तर्फबाट अन्य पदाधिकारीहरूको समेत यस स्मारिका प्रकाशनमा योगदान पुगेको पाइन्छ। यस स्मारिकामा कविता, निबन्ध, लेख-रचनाहरू प्रतिष्ठानका गतिविधिहरू समेटिएको पाइन्छ। हालसम्म एउटा अङ्क निस्केपनि यस भित्रका साहित्यिक लेखहरूले लमजुङलाई साहित्यिक उज्यालोतर्फ लम्कन मद्दत पुऱ्याएको पाइन्छ।

### (ठ) नवप्रभात

नेपाल निजामती कर्मचारी सङ्गठन, लमजुङका तर्फबाट 'नवप्रभात' नामको मुखपत्र २०५६ सालमा प्रकाशमा आएको छ। कर्मचारी मिलन केन्द्रको परिवर्तित स्वरूपमा 'नवप्रभात' आएको छ।  २०५६ सालमा पहिलो अङ्क र २०५७ सालमा दोश्रो अङ्क र २०५८ मा तेश्रो अङ्क 'नवप्रभात' प्रकाशमा आएको छ। तेस्रो अङ्क अन्य अङ्क भन्दा स्तरीय, परिष्कृत र स्थानीय प्रतिभाप्रधान देखिन्छ। यसले कर्मचारीको उच्च मनोवल उठाउन, अनुशासित ढङ्गले इमान्दारीका साथ राष्ट्र निर्माणमा संलग्न हुन, सुशासन दिन र सत्य तथ्यप्रति समर्पित रहन विशेष पहल गरेको पाइन्छ। यसले विचार पक्षलाई पनि जोड दिएको पाइन्छ। लमजुङको साहित्यिक सेरोफेरोमा यस स्मारिकाको महत्त्वपूर्ण स्थान देखिन्छ।

### (ड) लमजुङ विकास बुलेटिन

जिल्ला विकास समिति लमजुङले २०५६ आषाढ/श्रावणमा 'लमजुङ विकास वुलेटिन'

प्रकाशमा ल्याएको पहिलो अङ्कमा लमजुङलाई चिनाउने खालका कविता र लेख रचनाहरूका साथै लमजुङको विकास मोडेललाई विकसित गर्ने खालका विचारहरू दिइएको पाइन्छ। जमिन्द्रमान घलेको सभापतित्व कालमा लमजुङको मुहार फेर्न तयार गरिएको पञ्चवर्षीय खाका अनुरूप यो विकास बुलेटिन आएको हो। विकासलाई कसरी दिगो बनाउने भन्ने सन्दर्भमा नयाँ विचारहरू सम्प्रेषण गर्न नै यस किसिमको बुलेटिन प्रकाशमा ल्याएको पाइन्छ। पहिलो बुलेटिनको सम्पादक मण्डलमा जमीन्द्रमान घले (सल्लाहकार), राजकुमार विष्ट (सम्योजक) र सदस्यहरूमा खेमराज पौडेल, देवीदास पौडेल, राजेन्द्र बोहरा, र सदस्य - सचिवमा दण्डपाणि बराल देखिन्छन्। यो बुलेटिनको प्रथम अङ्क आकारमा ठूलो र प्रतिभा प्रष्फुटनमा समेत सहायक हुने गरी आएता पनि यस पछिका अङ्कहरू भने सानो आकारमा विकाससँग सम्बन्धित गतिविधिमा मात्र सीमित भएर आएको पाइन्छ।

### (ढ) अनुपम

द रेयुकाइ नेपाल लमजुङ उपशाखाले २०५६ सालमा राष्ट्रव्यापी खुला मुक्तक प्रतियोगिता लमजुङको सदरमुकाम बेसीसहरमा आयोजना गरी सञ्चालन गरेको थियो। मुक्तकको आयोजना गर्दा सङ्कलन भएका पूरै मुक्तकहरूलाई एउटै मालामा उनेर मुक्तक सङ्ग्रह 'अनुपम' प्रकाशमा ल्याएको हो। नवराज पहाडी सम्पादक, सिद्धिजङ्ग गुरुङ, दोबनाथ भट्टराई सह-सम्पादक रहेको यस मुख-पत्रमा जम्मा १९८ मुक्तकहरू प्राप्त भएकोमा करिब ९५ प्रतिशत मुक्तकहरू यसमा प्रकाशित भएका देखिन्छन्। यसरी राष्ट्रव्यापी रूपमा प्रथम मुक्तक प्रतियोगिता सञ्चालन गरी मुक्तकहरूको सङ्ग्रहसमेत प्रकाशमा ल्याउने काम द रेयुकाइ लमजुङ उपशाखाको साहित्यिक क्षेत्रमा निकै महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। जेनतेन तोकिएको कार्यक्रम सञ्चालन गरेपछि सङ्ग्रहित पाण्डुलिपिहरू सुस्तरी हराउदै जान्थे र सकिन्थे। तर यस उपशाखाले अनुपमको माध्यमबाट मुक्तकहरूको सङ्ग्रह प्रकाशमा ल्याएर मुक्तक साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ।

आर. आर. चौलागाइँ (मकवानपुर), छत्र क्षितिज (झापा), ऋषि वस्ताकोटी (आँपीपल गोरखा), सूर्यवहादुर खड्का विखर्ची (पोखरा), सुरेश रानाभाट (तनहुँ), विश्वराज रसायली (पोखरा), पदमबन्धु पोखेल (स्याग्जा), हरिवहादुर केसी (लमजुङ), कृष्ण न्यौपाने (लमजुङ), हरिहर तिमिल्सेना (भक्तपुर) का १० उत्कृष्ट भै पुरस्कृत भएका मुक्तकहरू पनि यस सङ्ग्रहमा रहेका छन्। अनुपमले मुक्तकको दुनियाँमा एक उल्लेखनीय कार्य गरेर नेपाली मुक्तक विधामा ठूलो गुन लगाएको देखिन्छ।

### (ण) सुधासङ्गम

ग्रामीण विकास सहयोग समाज सिम्पानी, (खुदी) लमजुङले २०५६ सालमा जिल्लास्तरीय कवि गोष्ठी सञ्चालन गरी प्रकाशन समेत गरेको कविताहरूको सँगालो

'सुधासङ्गम' हो। खुदी खोलाको प्रसिद्ध पौराणिक नाम सुधाबाट 'सुधासङ्गम' नाम जुराइएको पाइन्छ। यसले मर्स्याङ्दी र खुदी खोलाले बनाएको सङ्गमलाई प्राचीन नाम 'सुधासङ्गम' दिएर यसको लोकप्रियता बढाउन खोजेको पनि पाइन्छ। पहिलो अङ्क मात्र प्रकाशमा आएको 'सुधासङ्गम' ले कविता, लेख, गीत आदि रचना दिएर लमजुङे साहित्यलाई माथि उठाउन यसले गरेको प्रयास प्रशंसनीय देखिन्छ।

## (त) डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिका

डिट्ठा श्रीप्रसाद उपाध्याय घिमिरे स्मृति प्रतिष्ठान पोखरा, कास्कीमा २०५६/११/२३ मा दर्ता भएको साहित्यिक संस्था हो। यस संस्थाले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट मिति २०५७ जेठ १३ गते उक्त प्रतिष्ठानको उद्घाटन एवम् डिट्ठा श्रीप्रसाद उपाध्याय स्मृति ग्रन्थको लोकार्पण गराएको पाइन्छ। करिब दुईसय पेजमा मझौला आकारमा निस्केको यस स्मारिकाले डिट्ठा श्रीप्रसाद उपाध्यायको सामाजिक, राजनैतिक, साहित्यिक, आध्यात्मिक विविध कोणबाट प्रकाश पार्ने प्रयत्न गरेको पाइन्छ। यसले डिटठा श्रीप्रसाद उपाध्यायको बहुआयामिक व्यक्तित्व र कृतित्वका सन्दर्भमा विश्लेषण गरेको पाइन्छ। यसमा देशका मूर्धन्य राजनीतिज्ञ, साहित्यिकार, सामाजिक एवम् आध्यात्मिक कर्मीहरूले आ-आफ्नो तर्क, बुद्धि, विवेक र न्यायले कलम घोटेको पाइन्छ।

यसपछि उक्त प्रतिष्ठानले स्व. कवि डि. श्रीप्रसाद उपाध्यायको ९० औं जयन्तीका अवसरमा अर्को स्मारिका २०६१ प्रकाशन गरेको छ। पहिलो स्मारिकाको प्रकाशन र सम्पादन कार्य डि. श्रीप्रसाद (उपाध्याय) घिमिरे स्मृति प्रतिष्ठानले गरेको देखिन्छ भने २०६१ को स्मारिकाको सम्पादक केशवराज पराजुली देखिन्छन्। यस स्मारिकामा पनि प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा, समाज सुधारक, भाषा साहित्यका अनन्य सेवक एवम् चिन्तक डिट्ठा श्रीप्रसादबारे प्रकाश पार्ने खालका समालोचनात्मक लेख, जीवनी, कविता, स्मृति र प्रकाशित तथा अप्रकाशित काव्य, नाटक, अनुवाद साहित्य आदिको विवेचना गरिएको पाइन्छ। डि. श्रीप्रसाद स्मारिकाले उनको व्यक्तित्व कृतित्व र विशेष योगदानका सम्बन्धमा बृहत् ढङ्गले प्रकाश पार्ने प्रयत्न गरेको पाइन्छ। यसका साथै यसले लमजुङ र कास्कीको सामाजिक, राजनीतिक, शैक्षिक एवम् साहित्यिक, आध्यात्मिक गतिविधिका बारेमा पनि प्रकाश पारेको पाइन्छ।

डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिकाका दुबै अङ्कहरूले सिङ्गै नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएको पाइन्छ।

## (थ) शहिद स्मारिका

प्रकाशक नेपाली काङ्ग्रेस लमजुङ काठमाडौं सम्पर्क समाज रहेको 'शहिद स्मारिका' मोहनसिं घिमिरे र ठाकुरप्रसाद न्यौपानेको स्मृतिमा तयार पारेको देखिन्छ। जनयुद्धको क्रममा

२०५६ सालमा मारिएका मोहनसिं घिमिरे र ठाकुराप्रसाद न्यौपानेको सम्झनामा स्मारिका प्रकाशमा आएको हो। यो स्मारिका २०५७/०७/२३ मा प्रकाशमा आएको पाइन्छ। मोहनसिं घिमिरे र ठाकुरप्रसाद न्यौपानेको संयुक्त स्मृतिमा २३ ओटा लेख रचनाहरू समेटिएको पाइन्छ। स्व. मोहनसिं घिमिरे स्वयम् कविसमेत रहेका हुँदा उनका कविताहरू स्वच्छ, निख्खर, निडर प्रजातान्त्रिक भावहरूले भरिएका पाइन्छन्। विचार प्रधान ढङ्गले प्रकाशमा आएको यस पत्रिकाको साहित्यिक महत्त्व पनि रहेको पाइन्छ।

## (द) शहिद मुक्तिनाथ अधिकारी, स्मृति ग्रन्थ २०५९

शहिद मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान लमजुङ काठमाडौँले २०५९ सालमा प्रकाशमा ल्याएको मुखपत्र 'शहिद मुक्तिनाथ अधिकारी स्मृति ग्रन्थ' हो। रामचन्द्र अधिकारी, चन्द्रमणि अधिकारी, नवराज कट्टेल, अङ्गदमणि गौतम, भाग्यशाली अधिकारी रहेको सम्पादन मण्डलले जनयुद्धको क्रममा २०५८/१०/०३ मा मारिएका पाणिनी संस्कृत पाठशालाका प्रधानाध्यापक मुक्तिनाथ अधिकारीको संझनामा निकै मेहनतका साथ विविध क्षेत्रका लेखरचना सङ्कलन गरेर उक्त स्मृति ग्रन्थ प्रकाशमा ल्याएको छ। यस स्मृति ग्रन्थमा १०८ लेख रचना सङ्कलन भएको पाइन्छ। मानवीय भाव, सद्भाव, प्रेम र शान्ति बढाउन वदलाको भावले कहिल्यै नसकिने, सहि समाधान पनि नआउने हुनाले मैत्रीपूर्ण वार्ता छलफल, विचार विमर्श गरेर नै शान्तिको निकास भेट्न सकिन्छ भन्ने दूरदर्शीताको सन्देश यसले छोडेको पाइन्छ।

यस स्मृति-ग्रन्थमा भएका लेख रचनाले साहित्यिक विकासमा पनि मद्दत पुगेको पाइन्छ। २०५९ सालको स्मृति ग्रन्थ वाहेक अर्को ग्रन्थ भने प्रकाशमा आएको पाइँदैन।

## (ध) टरेली

टरेली साहित्य समाज परिवार भोर्लेटार लमजुङको वार्षिक स्मारिका हो 'टरेली'। भोर्लेटारमा २०५९ सालमा गठित टरेली परिवारले २०६० देखि यस किसिमको स्मारिका बार्षिक अङ्कका रूपमा प्रकाशन गर्दै आएकोमा हालसम्म ४ अङ्क निस्केको पाइन्छ। लमजुङको पश्चिमी क्षेत्र मादी र मिदिमको सेरोफेरोमा डि. श्रीप्रसाद घिमिरे लगायतका व्यक्तिहरूको पहलमा साहित्यिक, सामाजिक, राजनीतिक आन्दोलन छेडिएको चर्चित यस ठाउँमा 'टरेली' पनि एक आकर्षण बन्न सक्नु गौरवको विषय हो।

विजयरञ्जन पौडेलको सम्पादकत्वमा टरेली साहित्य समाज परिवार प्रकाशक रहेको 'टरेली' को २०६०, २०६१ को मुख पृष्ठमा पहेलो भएर पाक्दै गरेको कर्पुटार धान फाँटको चित्र निकै चित्ताकर्षक देखिन्छ। पछिल्ला दुई अङ्कमा भने सहरियापन बढी देखिन्छ। जेहोस् लमजुङका समाजसेवी शिक्षाप्रेमीहरूको जीवनी समेत छापेर अग्रजहरूको कदर गर्दै आएको कार्य निकै प्रशंसनीय देखिन्छ। साहित्यका विभिन्न विधाहरू मध्ये सबैलाई आलोपालो मिलाएर यसले प्राथमिकता दिइ प्रकाश पार्न खोजेको प्रयास पनि प्रशंसनीय देखिन्छ। पत्रिकाको मुख

पृष्ठलाई स्थानीय गाउँघरका मनमोहक दृश्यहरू समेटेर आकर्षणता थप्न गरेको कार्य सुझबुझपूर्ण देखिन्छ। जेहोस् टरेली साहित्य समाजले कमसेकम वर्षको एकपल्ट टरेलीलाई लोकार्पण गर्नुलाई पनि साहित्यिक उपलब्धिको रूपमा लिन सकिन्छ।

### (न) बाल-बगैँचा

द्वन्द्वपीडित तथा असहाय बालबालिका संरक्षणगृह लमजुङले प्रकाशमा ल्याएको स्मारिका 'बाल-बगैँचा' हो। प्रधान सम्पादक लेखनाथ अधिकारी रहेको यस 'बाल-बगैँचा' स्मारिका २०६१ सालदेखि बर्षेनी प्रकाशमा आइरहेको छ। हालसम्म यसका ४ स्मारिका प्रकाशमा आइसकेका छन्। नितान्त असहाय, अशक्त बालबालिकाको संरक्षणमा जुटेको यस गृहले आफ्नो गतिविधि छर्लङ्ग देखाउन यस किसिमको स्मारिका प्रकाशमा ल्याएको देखिन्छ। श्रद्धेय समाजसेवीहरूको जीवनी, शान्ति, सद्भाव, बाल-हित, बाल-अधिकार, बाल-संरक्षण बाल-प्रतिभाको विकास जस्ता बालोपयोगी लेख रचना, कविता, गीत, कथा आदिले भरिपूर्ण भएका 'बाल-बगैँचा' स्मारिकाका अङ्कहरू पठनीय छन्, चाखिला छन् र गुनिला छन्। यस स्मारिकाको माध्यमबाट लमजुङे साहित्यमात्र होइन नेपाली बाल-साहित्य, साहित्य नै लाभान्वित हुने देखिन्छ। असहाय बालबालिकाको विकासका लागि यसले सानो तर दरिलो आधारको नमुना पनि प्रस्तुत गरेको छ।

### (प) बाल-अङ्कुरण

जिल्ला बालकल्याण समिति लमजुङका तर्फबाट पहिलो प्रकाशित पत्रिका 'बाल-अङ्कुरण' (२०६२) हो। २०५४ सालमा विधिवत जिल्ला बालकल्याण समिति गठन भएपछि बाल-अधिकार, बाल-हित, बाल-शिक्षा बाल-साहित्य आदि बाल-सरोकार राख्ने विषयहरूमा जिल्लाको ध्यान केन्द्रित हुन लागेको पाइन्छ। बालबालिका सम्बन्धी क्लवहरू, सङ्घ संस्थाहरू, स्कुलहरू, पुस्तकालय तथा वाचनालायहरू, सरकारी तथा गैरसरकारी कार्यलयहरूलाई समेत समेटेर बालबालिकाको सर्वाङ्गीण विकासमा जिल्ला बाल-कल्याण समिति लमजुङले ध्यान केन्द्रित गर्न लागेको पाइन्छ। यसै परिप्रेक्षमा 'बाल-अङ्कुरण' को पहिलो अङ्क प्रकाशमा आएको छ। यस अङ्कमा बालबालिका विकास सम्बन्धी लेख तथा रचनाहरूले नै विशेष स्थान पाएको देखिन्छ। यसले लमजुङे बालबालिकाको स्थितिलाई देखाउन ऐनाको काम गरेको पाइन्छ। यसका साथै बालबालिकासँग सरोकार राख्ने सङ्घ संस्थाहरूको परिचय, तिनका गतिविधिहरू, कविता, गीत, कथा एवम् रोचक जानकारीहरू यसमा प्रकाशित भएका छन्। यस पत्रिकाको प्रकाशनले लमजुङका बालबालिकाको, विकासमा बाल साहित्यको भूमिकाबारे सबैमा रुचि जगाएको पाइन्छ।

(फ) **जन्मभूमिको ममता**

दुराडाँडा, लमजुङबाट काठमाडौं आई बसोबास गरेका दुराडाँडा (६ गा.वि.स.) मौजाका मानिसहरूले खोलेको सामाजिक संस्था 'दुराडाँडा सेवा समाज' हो। देशको राजधानी काठमाडौंमा २०६१/०६/१३ मा स्थापित यस समाजले 'जन्मभूमिको ममता' स्मारिका २०६२ सालमा प्रकाशमा ल्याएको छ। कृष्ण खनालको संयोजकत्वमा सुरेशमान श्रेष्ठ र भूवन दुरा रहेको सम्पादन समूहले निकै मेहनत गरेर प्रकाशमा आएको 'जन्मभूमिको ममता' मा डा. इन्द्रविलास अधिकारी, डा. कृष्णवहादुर गुरुङ, गोकुल दुरा, नारायण भक्त पौडेल, कवि तीर्थराज शर्मा, कवि ठाकुरप्रसाद 'छाँगा', कवि भाग्यशाली अधिकारी लगायतका लेख र कविताले स्मारिकालाई स्मरण योग्य बनाएको पाइन्छ। दुराडाँडालाई चिनाउने ऐतिहासिक, सामाजिक, शैक्षिक, लोक साहित्यिक, साँस्कृतिक हरे पक्षलाई पहिचान गराउने खालका लेख-रचना, कविताले यस स्मारिकालाई सजाइएको छ। विविधि विधामा फुलेका पुष्पहारको रूपमा देखिने यो स्मारिका साँच्चि नै स्तरीय, पठनीय देखिन्छ।

लमजुङ जिल्लाभन्दा बाहिर स्थापित भएर पनि लमजुङको भाषा, कला, भूगोल, इतिहास, साहित्य, संस्कृति तथा अन्य विविध पक्षलाई उजागर गर्दै पाठक सामु ल्याउने सद्प्रयास यस समाजले गरेको देखिन्छ। यसबाट स्थापित श्रष्टाहरूका अमूल्य अनुभव र विचारलाई प्रकाश पार्ने नवोदित प्रतिभाहरूलाई पनि प्रष्फुटन गराउने कार्यमा महत्त्वपूर्ण सहयोग पुगको पाइन्छ।

## 3.2=5.3 समाचारमूलक अन्य पत्रपत्रिका

माथि उल्लेखित साहित्यिक पत्रिका तथा मुख-पत्रका अतिरिक्त लमजुङबाट समाचारमूलक पत्रपत्रिकाहरू पनि प्रकाशित भएका छन्। यस अतिरिक्त विभिन्न सङ्घ संस्था, कार्यालयबाट विविध जानकारीमूलक सामान्य वुलेटिनहरू पनि प्रकाशित भएका पाइन्छन्। यहाँ तिनै पत्रपत्रिकाका क्रमानुसार उल्लेख गरिएको छ।

लमजुङमा समचारमूलक पत्रपत्रिकाको जन्म निकै ढिलो भएको देखिन्छ। २००७ पूर्व त के कुरा २००७ साल, पछि पनि तीन दशक वितेपछि मात्र लमजुङमा पत्रिका जन्माउनकोलागि चर्चा, परिचर्चा र प्रयास हुन थालेको पाइन्छ।

(क) **उपहार (मासिक)**

लमजुङ जिल्ला प्रशासनमा दर्ता भएको पहिलो साहित्य-समाचारमूलक पत्रिका 'उपहार' मासिक हो। यो पत्रिका पूर्व जि.पं. सभापति हरिप्रसाद अधिकारीले प्रत्येक महिनाको पहिलो हप्ताको मंगलबार प्रकाशित हुने गरी व्यवस्थित गरिएको पाइन्छ। यो पत्रिका २०३८

साल पौष २ गते दर्ता भएता पनि एकपटकदेखि निस्केको पाइदैन तापनि यसले लमजुङमा पत्रिकाको सुरुआत भने गराएको पाइन्छ।

(ख) अन्तरङ्ग

लमजुङबाट एउटा पनि पत्रिका नियमित रूपले चल्न नसकेको अवस्थामा वि.सं. २०४९ सालको वडा दसैँदेखि 'अन्तरङ्ग' प्रकाशमा आएको छ। पत्रिका विहीन जिल्लामा रहेका लमजुङमा अन्तरङ्ग नै नियमित रूपले प्रकाशित हुने पहिलो पत्रिका हुन पुगेको छ। नवराज पहाडीको सम्पादनमा सुरुमा द्वैमासिक पत्रिकाको रूपमा निस्केको अन्तरङ्ग द्वैमासिक, पाक्षिक हुँदै अहिले साप्ताहिक बन्न पुगेको छ। अन्तरङ्ग पनि २०५३ पौषदेखि २०५५ भदौसम्म बन्द रहेर पुनः २०५५ दसैँदेखि सञ्चालनमा आएर अहिलेसम्म निस्किरहन सकेको छ। समाचारमूलक पत्रिका भएता पनि यसले बाल-साहित्य युवा एवम् प्रौढ साहित्यको उत्थानमा महत्त्वपूर्ण स्थान दिएको पाइन्छ। यसले बाल-सिर्जनाका लागि छुट्टै स्तम्भ राखेर वर्षदिनसम्म प्रकाशित बाल-रचनाहरू मध्ये उत्कृष्ट १० रचना पुरस्कृत गर्ने व्यवस्था मिलाएको पाइन्छ। त्यस्तै मुक्तक, गजल, कविताका लागि पनि छुट्टा छुट्टै स्तम्भ दिएको छ। अन्तरङ्गका माध्यमबाट धेरै बालबालिकाहरू नबोदित कवि कवयित्रीको रूपमा प्रकट हुन पुगेका पनि देखिन्छन्।

यसका सम्पादक भने केही वर्षदेखि काठमाडौँमा रहँदै आएकाले 'अन्तरङ्ग' पत्रिका काठमाडौँबाट निस्किन पुगेको छ। लमजुङसँगको यसको नगिचको हिजोको सम्बन्ध भने टाढिन पुगेको छ। त्यसैले हिजो साहित्यिक गरिमा समेत बोकेको अन्तरङ्ग हाल भने काठमाडौँबाट निस्कनाले यसले लमजुङको आफ्नो माटोको सुवास दिन नसकेको देखिन्छ। आफ्नो इतिहासलाई भने अन्तरङ्गले निरन्तरता दिदै आएको पाइन्छ।

(ग) कर्मदा

'कर्मदा' लमजुङको पहिलो साप्ताहिक पत्रिका हो। यो पत्रिका २०५६ सालदेखि कृष्णवहादुर अधिकारीको प्रधान सम्पादनमा प्रकाशमा आएको हो। यसले साहित्य स्तम्भ राखेर कविता, गजल, मुक्तक र अन्य साहित्यिक लेखलाई पनि स्थान दिएको देखिन्छ। समाचारमूलक पत्रिका भैकन पनि साहित्य स्तम्भका माध्यमबाट लमजुङको साहित्यिक विकासका लागि यसले दिएको योगदान महत्त्वपूर्ण देखिन्छ।

(घ) लमजुङ हाइलाइट

यो समाचार प्रधान पत्रिका हो तापनि २०५९ सालदेखि धनञ्जय दवाडीको सम्पादकत्वमा प्रकाशमा आएर समसामयिक घटना विश्लेषणका साथसाथै साहित्यिक उत्थानमा वल पुग्ने खालका विषयहरू पनि समेटेको पाइन्छ। यसले समसामयिक विषय

समातेर विश्लेषण गर्दै विचारप्रधान पत्रिकाको रूपमा आफूलाई उभ्याउन सफल भएको देखिन्छ।

### (ङ) औडाहा

'औडाहा' लमजुङमा २०६१ सालदेखि देखिएको पत्रिका हो। यसले प्रजातन्त्र, मानवअधिकार तथा शान्तिका पक्षमा आवाज उठाउदै आएको देखिन्छ। यस्तै यसले आफू भित्र साहित्यलाई पनि समाहित गर्न खोजेको देखिन्छ। यसको सम्पादनमा आनन्द घिमिरे, दामोदर अधिकारी, कृष्ण कोइराला आदिले विशेष पहल गरेको पाइन्छ। हाल भने 'औडाहा' बन्द हुन गएको देखिन्छ।

### (च) लमजुङ आवाज

लमजुङ जिल्ला प्रशासन कार्यालयमा २०६२/०६३ मा १३ नम्बरमा दर्ता भएको 'लमजुङ आवाज' यो मिलन शर्मा दनाइको सम्पादनमा मिति २०६३ देखि समाचारमूलक पत्रिकाको रूपमा प्रकाशमा आएको देखिन्छ। यसले कविता, गीत, गजल, मुक्तक, हाइकु आदि साहित्यिक विधालाई स्थान दिएर लमजुङको साहित्यिक विकासमा समेत ध्यान दिएको पाइन्छ।

### (छ) लमजुङ टाइम्स

हालसालै २०६४ साल वैशाखदेखि अन्जनीकुमार 'हिमाली' को सम्पादनमा प्रकाशमा आएको पत्रिका लमजुङ टाइम्स हो। समाचार प्रधान पत्रिका भएर पनि प्रगतिवादी साहित्यको उत्थानमा यसले टेवा पुऱ्याएको देखिन्छ।

### (ज) मर्स्याङ्दी एफ्.एम्.

यही २०६४ सालको प्रारम्भदेखि मर्स्याङ्दी एफ्.एम्. ९५ मेघाहर्ज सञ्चालनमा आएको छ। यसले 'साहित्यिक सरोवर' कार्यक्रम प्रत्येक आइतबार बिहान ८:१५ देखि ८:३० सम्म सञ्चालन गर्दै आएको छ। साहित्यिक सरोवरमा श्रष्टाको अन्तर्वार्ता, आफ्नै स्वरमा रचना वाचन (लघु कथा, कविता, प्रबन्ध) जस्ता कार्यक्रमलाई स्थान दिएको देखिन्छ। साहित्यिक सरोवर कार्यक्रम सञ्चालकको रूपमा तेजनारायण अधिकारी रहेको पाइन्छ।

यसरी, मर्स्याङ्दी एफ्.एम्. (९५ मेघाहर्ज) ले 'साहित्यिक सरोवर' कार्यक्रम राखेर लमजुङको साहित्यिक विकासमा पुऱ्याएको योगदान महत्त्वपूर्ण देखिन्छ। यस्तै यसले रुद्रनिधि तिवारीलाई सञ्चालक गराएर लमजुङको संस्कृतिबारे पनि जानकारी दिदै आएको छ।

(झ) **लमजुङ जागरण**

कमला केसी प्रकाशक तथा सम्पादक रहेको अर्को समाचारमूलक साप्ताहिक पत्रिका ‘लमजुङ जागरण’ हो। यो पत्रिका २०६४ सालदेखि प्रकाशमा आएको छ। समाचारमूलक पत्रिका भए पनि यसले कविता, गीत, गजल, मुक्तक, व्यङ्ग्य निबन्ध आदिलाई समेत स्थान दिएर लमजुङको साहित्यिक विकासमा जन्मेदेखि नै ध्यान दिन खोजेको पाइन्छ।

## 3.2÷6साहित्यिक पुरस्कारहरू

लमजुङका प्रथम कवि पद्मविलास पन्त माध्यमिक केन्द्रीय कवि मोतिराम भट्टद्वारा ‘कविवर’ उपाधिबाट सम्मानित भएका थिए। कवि पं. कोमलनाथ अधिकारीले तत्कालीन श्री ३ जुद्धशमशेरबाट कोमलगीता प्रकाशनका लागि पर्याप्त आर्थिक सहयोगका साथसाथै दरबारिया गुरु, धर्म प्रचारक पण्डित, नम्वरी पण्डितको मान र खान्की प्राप्त गरेका थिए।

लमजुङ जिल्लामा भने साहित्यकारहरूलाई विधिवत पुरस्कृत गर्ने परिपाटी २००७ साल वरपरदेखि सामान्य रूपमा सुरु भएको पाइन्छ। व्यक्तिगत तवरले वर्तमान राष्ट्रकवि माधव घिमिरे १२/१३ वर्षको उमेरमा दुराडाँडामा ज्योतिष सिक्न जाँदा स्थानीय कपडा कोठीका साहु रामलाल नेवारबाट राम्रो कविता सुनाएवापत बालक घिमिरे, कोठीमा रहेका धेरै मानिसका माझ नेपाली कागज र फेटाद्वारा पुरस्कृत भएका थिए। स्व-स्फूर्त रूपले मानिसका माझ कविता लेख्ने व्यक्ति पुरस्कृत भएको लमजुङको यो पहिलो घटना हो। यही पुरस्कारको हौसलाले घिमिरेलाई कविता लेख्न हौस्यायो र क्रमशः पुरस्कृत हुँदै राष्ट्रकविको उपाधि लिन र राष्ट्रिय अभिनन्दन ग्रहण गर्न समेत सफल भए। यसरी लमजुङमा साहित्यिक पुरस्कार थालनीको आधारशिला चाहिँ रामलालको पुरस्कार नै सम्झनु पर्ने हुन्छ।

भाषा पाठशाला, आधार स्कुलहरूको स्थापना भएपछि विद्यार्थी तथा गुरुहरूलाई पनि उनीहरूका राम्रा कामको कदर गरेर पुरस्कृत गर्ने परिपाटी बस्दै गएको पाइन्छ। साहित्यिक पुरस्कारहरूको विधिवत स्थापना भने २००७ सालपछि लगतै पनि नभएर अझ धेरै पछि सुरु भएको पाइन्छ। पहिलो साहित्यिक पुरस्कारको थालनी दूधपोखरी प्रतिभा पुरस्कारबाट भएको हो।

### 3.2÷6.1 दूधपोखरी प्रतिभा पुरस्कार

संस्थागत ढङ्गले ढिलै भएपनि साहित्यकारहरूलाई साहित्यिक पुरस्कार दिने व्यवस्था दूधपोखरी प्रतिभा परिवार भोटेओडारबाट ऐतिहासिक सुरुवात भएको पाइन्छ। दूधपोखरी प्रतिभा परिवार २०४३ सालमा भोटेओडार, लमजुङमा स्थापना भएपछि सर्बप्रथम लमजुङमा यसै संस्थाका माध्यमबाट साहित्यिक पुरस्कार दिन थालिएको हो। विभिन्न मनकारी महानुभावहरूको सहयोगमा साहित्य, शिक्षा, कृषिमा गरी सातओटा जिल्लास्तरीय प्रतिभा

पुरस्कारहरू यसै संस्थाका माध्यमबाट दिइएका थिए। लमजुङको साहित्य, सङ्गीत, कला क्षेत्रमा विशेष योगदान पुऱ्याउने साहित्यकार, कलाकारलाई वर्षेनी पुरस्कृत गर्दै जाने उद्देश्यले स्थापित साहित्यिक पुरस्कार 'दूधपोखरी अम्बा प्रतिभा पुरस्कार' थियो।

बेसीसहर लमजुङ निवासी विनायक श्रेष्ठले आफ्नी स्व. धर्म पत्नी अम्बा श्रेष्ठको नाममा राखिएको पुरस्कारको धनराशी नगद रु ५००/ र प्रमाण पत्र थियो। उक्त पुरस्कार पाउने साहित्यकारहरूको नाम निम्नानुसार रहेको छ।

1. तीर्थराज शर्मा उपाध्याय
2. मेदिनी सुवेदी
3. वमवहादुर थापा 'जिताली'
4. कुलवहादुर केसी
5. हरिदेवी कोइराला
6. उमा गुरुङ, माया गुरुङ
7. विजयराज न्यौपाने
8. भेडीखर्के साहिला (दीर्घराज अधिकारी)
9. चेतोनाथ अधिकारी
10. यदुनाथ 'सरल'

यसरी सक्रिय गतिविधिका साथ चल्दै आएको दूधपोखरी प्रतिभा परिवार स्वयम् नै हाल निष्कृय रहन गएकाले उक्त पुरस्कार पनि स्वतः निष्कृय बन्न पुगेको पाइन्छ तापनि साहित्यिक पुरस्कार सुरुवात गर्ने पहिलो संस्था भने यही नै सगौरव बनेको छ।

### 3.2=6.2 साहित्यकार वी.पी प्रतिभा पुरस्कार

द रेयुकाइ नेपाल लमजुङ उपशाखा (२०४१) ले साहित्यकार वी.पी. कोइरालाको नाममा स्थापित पुरस्कार नै वी.पी. साहित्य प्रतिभा पुरस्कार हो। लमजुङलाई नै साहित्यिक कर्मक्षेत्र बनाएर विशेष योगदान पुऱ्याउदै आएका कवि, साहित्यकारहरूलाई यो पुरस्कार २०५० सालबाट प्रदान गरिदै आएको देखिन्छ। पहिलो वी.पी. साहित्य पुरस्कार २०५० मा डिट्ठा श्रीप्रसाद घिमिरे, २०५१ मा मेदिनी सुवेदी, २०५२ मा कवि तीर्थराज अधिकारी, २०५३ मा रामचन्द्र घिमिरे शास्त्री, २०५४ मा गोविन्दवहादुर कुँवर, २०५५ मा विजयराज न्यौपाने, २०५६ मा चेतोनाथ अधिकारी, २०५७ मा कवि हरिहर 'सविता', २०५८ मा तेजप्रसाद पाण्डे, २०६० मा केयरसिं गुरुङले प्राप्त गरेको देखिन्छ।

लमजुङमा साहित्यकारहरूलाई सम्मान तथा प्रोत्साहन प्रदानगरी साहित्य सिर्जना तर्फ प्रेरित गरिरहेको उक्त पुरस्कार भने द रेयूकाइ नेपाल र यसका शाखा, उपशाखा विघटन पश्चात् यो पुरस्कार पनि स्वतः समाप्त हुन पुगेको देखिन्छ। लमजुङको साहित्यिक उत्थानमा

सकरात्मक प्रभाव पारेको कवि लेखकहरूमा सकरात्मक सन्देश दिएको उक्त वी.पी. साहित्य प्रतिभा पुरस्कारले खेलेको भूमिका भने सदा स्मरणीय रहने छ।

### 3.2=6.3 माधव घिमिरे साहित्य पुरस्कार

लमजुङे युवा साहित्य समाजले वि.सं. २०५७ सालमा लमजुङमा जन्मेर नेपाली साहित्यका शिखर प्रतिभाको रूपमा झुल्किन सकेका माधव घिमिरेको सम्मानका लागि माधव घिमिरे साहित्य पुरस्कारको स्थापना गरेको हो। पचास हजार राशिको उक्त पुरस्कार प्राप्त गर्ने पहिलो विद्वान् एवम् साहित्यकार प्रा. डा. बासुदेव त्रिपाठी हुन्। २०६० साल बैशाख १८ गते त्रिपाठीलाई उक्त पुरस्कार प्रदान गरिएको थियो। उक्त पुरस्कारका लागि योग्य व्यक्तित्वको नाम सिफारिस गर्न प्रा. ठाकुरप्रसाद पराजुली, भद्रकुमारी घले र प्र.अ. गोविन्दवहादुर कुँवर सहितको तीन सदस्यीय समिति गठन गरिएको थियो।

यस पुरस्कारको आकर्षण तत्काल साहित्यिक सङ्घ संस्था र साहित्यकारहरूमा परेको पाइन्छ। प्रत्येक तीन/तीन वर्षमा दिइने भनिएको उक्त पुरस्कार भने दोस्रो पटक आजसम्म कसैलाई प्रदान गरिएको देखिदैन।

### 3.2=6.4 डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति प्रतिभा पुरस्कार

कवि डि. श्रीप्रसाद घिमिरेको स्मृतिमा स्थापित डि. श्रीप्रसाद घिमिरे प्रतिष्ठान पोखरा, कास्कीले वर्षेनी लमजुङ-कास्कीमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका साहित्यकारहरूलाई 'डि. श्रीप्रसाद स्मृति प्रतिभा पुरस्कार' बाट पुरस्कृत गर्ने व्यवस्था मिलाएको छ। मिति २०६१ देखि प्रदान गर्न थालिएको यो पुरस्कार हालसम्म कविहरू गोपाल वैद्य 'किञ्जत्क' वमवहादुर थापा 'जिताली', तेजनाथ घिमिरे र मेदिनी सुवेदीले प्राप्त गरेको देखिन्छ। छन्दमा कविता सिर्जिएका कवि एवम् साहित्यकारलाई प्रदान गर्न थालिएको उक्त पुरस्कारको राशी रु. ५,०००/- रहेको छ।

### 3.2=6.5 सानु माया तमु प्रतिभा पुरस्कार

नेपाली काङ्ग्रसको भगिनी संस्थाकी अध्यक्षसमेत रही काम गरेकी सानुमाया तमुको नाममा २०५६ सालमा स्थापना गरिएको पुरस्कारको नाम हो 'सानुमाया तमु पुरस्कार'। रु. १,०००/- को नगद तथा प्रमाणपत्रको उक्त पुरस्कार प्रथम पटक छन्दवादी कवि रामचन्द्र शास्त्री घिमिरे र दोस्रो पटक छन्दवादी कवि ठाकुरप्रसाद 'छाँगा' लाई वितरण गरिएको देखिन्छ। प्रत्येक दुई/दुई वर्षमा वितरण गरिने व्यवस्था भए पनि हाल भने उक्त पुरस्कार समयमै वितरण भएको पाइदैन।

### 3.2=6.6 बसुन्धरा - प्रेम प्रतिभा पुरस्कार

कवि डा. वमवहादुर थापा 'जिताली' ले दिवङ्गत माता बसुन्धरा थापा र बुबा प्रेमवहादुर थापाको संयुक्त नामबाट सञ्चालित पुरस्कार नै बसुन्धरा-प्रेम प्रतिभा पुरस्कार हो। यो पुरस्कार दूधपोखरी प्रतिभा परिवारका माध्यमबाट विद्यार्थीहरूका बीच साहित्यिक प्रतियोगिता गराई उत्कृष्ट छात्र/छात्रालाई दिदै आएको भएता पनि दूधपोखरी प्रतिभा परिवार हाल निष्कृय भएकाले उक्त पुरस्कार पनि निष्कृय रहन पुगेको देखिन्छ

### 3.2=6.7 होमनाथ स्मृति प्रतिभा पुरस्कार (२०६४)

खुदी, लमजुङका सामाजसेवी, शिक्षाप्रेमी एवम् साहित्यप्रेमी स्व. पं. होमनाथ सुवेदीको संझनामा उहाँका सुपुत्र एवम् बुहारीहरू क्रमशः कोमलनाथ सुवेदी, देवीप्रसाद सुवेदी, सूर्यप्रसाद सुवेदीका सम्पूर्ण परिबारबाट गण्डकी अञ्चलव्यापी साहित्य तथा कलाको क्षेत्रमा विशेष योगदान पुऱ्याउने कलाकार तथा सर्जकलाई २०६४ सालदेखि प्रदान गर्न लागिएको पुरस्कार नै होमनाथ स्मृति प्रतिभा पुरस्कार हो। यस पुरस्कार प्रति वर्ष प्रकाशित उत्कृष्ट एक कृतिकारलाई एकमुष्ट रु. १०,०००/- नगद र प्रमाणपत्र प्रदान गरिने छ। उपर्युक्त पुरस्कारको सिफारिस गर्न तीन सदस्यीय छनौट समिति समेत गठन गरिने व्यवस्था रहेको छ। मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान काठमाडौँका माध्यमबाट उक्त पुरस्कार प्रदान गरिने व्यवस्था मिलाइएको छ।

अन्य कतिपय पुरस्कारहरू स्थापना भएका भएतापनि निरन्तरता र उचित वातावरण नपाई अस्ताएको समेत पाइन्छ । कतिपय पुरस्कारहरू पुनः जगाउन सकेमा लमजुङको साहित्यिक विकासमा मद्दत पुग्ने देखिन्छ ।

## 3=3 लमजुङका स्रष्टाहरू

लमजुङका स्रष्टाहरूलाई तीन तरेलीमा छुटचाइएको छ। लमजुङमा जन्मेर लमजुङमै रहेका स्रष्टाहरू, लमजुङमा जन्मेर लमजुङ बाहिर साहित्य सिर्जिनमा लागेका स्रष्टाहरू र लमजुङ बाहिरबाट लमजुङमा आई सेवा गरेका स्रष्टाहरू ।

### 3=3=1 पैत्रिक थलो लमजुङ भएका स्रष्टाहरू

लोक-साहित्यको फाँटमा लोक कविता, लोकगीत, राम चरित्र, कृष्ण चरित्र, भजन, वालुनको परम्परामा भने यथेष्ट पाइन्छ। ती अलिखित जनजीवित साहित्यमा व्यक्ति निष्ठताभन्दा सामुहिकता देखिनाले पनि व्यक्तिको नाम गौण भएको हुन सक्छ। कथनयुक्त सतिघाटु गीत, कथनयुक्त कृष्ण चरित्र, राम चरित्र वालुन सं. १९९० को दशकसम्म पनि सिर्जना, नवसिर्जना भइरहेको पाइन्छ।

नेपाली साहित्यको माध्यमिक कालभन्दा अघिको कालखण्डमा लमजुङको साहित्यिक धरातलमा कुनै पनि प्रतिभाहरूको पहिचान प्रामाणिक पाइँदैन। प्राथमिक कालका कवि वीरशाली पन्त लमजुङका हुन् भन्ने पुष्टि भएमा उनी पद्मविलास पन्तको कुलमा मात्र होइन लमजुङकै पहिला कवि हुनेछन् । तर, अहिलेसम्मको अवस्थामा लमजुङको जेठो कविको रूपमा देखिने कवि हुन् पद्मविलास पन्त।

## 3=3=1=1 पद्मविलास पन्त

यिनी माध्यमिककालीन केन्द्रीय कवि मोतीराम भट्टका समकालीन एवम् मोती मण्डलीका एक सशक्त कवि हुन्। लमजुङ जिल्लाको चिति स्याउत घर भएका पन्तको जन्म वि.सं. १९१९ साल भाद्र शुक्ल ३ रात्री मावली हजुरबा विचारी गंगाप्रसाद उपाध्यायका घर (मामाघर) लमजुङकै उदिपुर, खत्रिचौरमा भएको देखिन्छ (पन्त, २०५२ : २)। श्री ५ पृथ्वीनारायण शाहका गुरु गौरेश्वर पन्त तनहुँको थातथलो छोडेर लमजुङको चिति स्याउत बस्न थालेपछि तन्त्र शास्त्रमा ख्याती कमाएका शम्भु पन्त, ताराशालि पन्त र रामशालि पन्तकै वंशमा पद्मविलास पन्त जन्मेका थिए। यिनकी आमा लालकुमारी देवी थिइन् भने बाबु ईश्वरीदत्त पन्त थिए। यिनका बाजे बलिध्वंश त्यतिबेला धन सम्पत्ती र धर्मकर्म दुवै कुराले नाम कमाएका देखिन्छन्। ईश्वरीदत्त पुर्खादेखि नै अपनाइदै आएको पुरोहित्याइँ र पाण्डित्य पेसामा संलग्न भएका पण्डित हुँदा पद्मविलासले घरमा नै बाबुबाजेबाट प्रारम्भिक शिक्षा हाँसिल गरेका थिए। सात वर्षको उमेरमा ब्रतबन्ध र बाह्र बर्षको उमेरमा विवाह बन्धनमा पद्मविलास बाँधिए पछि बाबु पं. ईश्वरीदत्त पुरोहित्याइँ पेसा अपनाइ नेपाल (काठमाडौँ) बसेकाले यिनको त्यसपछिको जीवनी निकै सङ्घर्षपूर्ण रहन गएको देखिन्छ। बाबु ईश्वरीदत्तबाट केही शिक्षा लिएपछि यिनी कर्मकाण्ड, चिनाटिप्पन, ज्योतिष, संस्कृत पढ्दै गाउँघरमै शिक्षाका लागि भौतारिएको पाइन्छ। यसै सिलसिलामा बागलुङ र पोखरामा १/२ वर्ष जति बसेर व्याकरण शिक्षा आर्जन गरेको पनि देखिन्छ। वि.सं. १९२० देखि नै काशी कल्पवास बसिरहेका बाजे वलिध्वंशीको सेवा टहल गरी अध्ययन पनि गर्ने उद्देश्यले पद्मविलास वि.सं. १९४१ आषाढमा काशी पुगेका थिए (पन्त, २०५९ : ९२) वि.सं. १९४१-४४ फागुन/चैत्रको अवधिमा अध्ययन गर्दै पुराण वाचन गरेर दुई चार पैसा सँगाल्दै पनि गरेका थिए। घरमा रहदा पन्तले केही समय पढाउने कार्यमा पनि सम्लग्न भएका थिए। काशीमा अध्ययन गरी फर्केपछि घर-व्यवस्था मिलाइ काठमाडौँतिर लागेका पद्मविलास ब्राह्मण- वृत्ती गरेर बस्दाका बेला नन्दराज गुरु घराना पण्डितका माध्यमबाट वीर शमशेरले उनलाई डिट्ठा पदमा अदालतमा खटाइ दिए। डिट्ठा पदमा वहाल भएका पन्त आफ्ना राम्रा कामका फलस्वरूप पटकपटक गरी सुब्बा पदसम्म पदोन्नति भएका देखिन्छन्। मोरङ गोश्वारामा कम्पनी रु. १२०० (वार्षिक) खाई ना.सु. पद कार्यरत पन्त विर्ता नापीको काममा बिराएको अभियोग लागी जागिरबाट हटाइएपछि पन्त घर फर्केको देखिन्छ। वि.सं १९४९ मा जागिरमा प्रवेश गरेर चितवन पुगेकाबखत यिनको दोस्रो विवाह भएको थियो। सं. १९६९ मा जागिर

बाट हटाइएपछि दोस्री पत्नीकासाथ राइनासकोट, शिखमा बसेको पाइन्छ। (पौडेल, सम्पा. २०४६:५४) । जेहोस् जम्मा जम्मी ११ वर्ष ९ महिना जागिरे जीवन व्यतित गर्दा उनी निष्कलङ्कित नै रहेको जानकारी पाइन्छ। जागिरको क्रममा चितवन, वुटवल, प्यूठान, धनकुटा, राप्ती, मोरङ समेत पुगरे ठाउँ-ठाउँको जनजीवनमा पन्त भिज्न पुगेका थिए। जागिरे जीवन पछि व्यवहारिक जीवनमा प्रवेश गर्दा उनले लोकहित कार्यलाई नै अधिक ध्यान दिए। गाउँ घरका झैझगडा मिलापत्र गराई मिलाइ दिने, सेवामूलक कार्यमा सम्मिलित हुने गरेका उनलाई मिलापत्र-सुब्बा, न्यायपुत्री आदि नाम दिएको देखिन्छ। (पन्त, २०५९ : ९४)।

युवाकवि मोतीराम भट्टसँग राम्रो मित्रता कायम हुन गएकाले काव्य-साधनामा पनि यिनको रुचि बढ्दै गएको देखिन्छ। उनले साहित्यतर्फ लाग्ने प्रेरणा मोतीमण्डलीका केन्द्रीय कवि मोतीराम भट्टबाट नै प्राप्त गरेको देखिन्छ। व्यावहारिक, गुणशील र कुशाग्र बुद्धिका पद्मविलासलाई मोतीरामले रुचाइएको हुँदा नै पन्त मोतीमण्डलीका पाँच सदस्य मध्ये एक प्रिय सदस्य बन्न पुगेको जानकारी पाइन्छ।

पद्मविलास पन्तको लेखनमा युवा कवि मोतीराम भट्टको प्रेरणा र प्रभाव परेको देखिन्छ। हुन त उनले काशी सङ्क्षिप्त यात्रा पहिले नै लेखेको देखिन्छ। नेपाली साहित्यमा सामुहिक र सङ्गठित रूपमा साहित्यको सिर्जना तथा विकास गर्ने परिपाटी भट्टले नै बसालेकाले मोतीमण्डली (सं. १९३८) पहिलो साहित्यिक अभियान मार्फत कविता सुन्ने, सुनाउने, प्रकाशन गर्ने परिपाटी पनि बस्दै गएको देखिन्छ। समस्या पूर्ति कविता लेखनतिर पनि उनैले कदम चालेका हुँदा त्यतिबेला बनारसमा रहेका विद्यार्थीहरूको साहित्यमा रुचि बढेको देखिन्छ। यही परिप्रेक्षमा पद्मविलास पन्त सामुहिक कविता लेखन, समस्यापूर्ति कविता लेखन तथा प्रकाशनतर्फ लागेको पाइन्छ, जसको फस्वरूप उनले पनि धेरै कविताहरू सिर्जेर सुनाएको, प्रकाशित गरेको पाइन्छ। बनारसकालीन कविता र बनारसबाट घर फर्के पछि जीवनको अन्तिम घडीसम्ममा लेखिएका पन्तका कविता र कृतिहरू यस प्रकार भेटिन्छन्।

1. विन्ध्यवासिनी स्तुति
2. काशी सङ्क्षिप्त काव्य-यात्रा (पद्मविलासस्य)
3. सत्यनारायण कथाको पद्यानुवाद
4. अनुदित कविता (संस्कृतबाट नेपालीमा केही श्लोक)
5. नीति प्रधान कविताहरू
6. मौलिक फुटकर कविता
7. समस्यापूर्ति कविताहरू
8. केही पद्यात्मक चिठीहरू

श्लोक सङ्ग्रह (१९५६) मा उनका काशी यात्रा सम्बन्धी २३ श्लोक छापिएका छन्। उक्त, काशी संक्षिप्त यात्राबाट एक श्लोक रसपानका निम्तिः

भन्छु हे जन हो श्रीकाशी नगरि हो मुक्तदायक भनी।
काशी काशी फगत् भजन्गारिलिया त्रिविध दुःखै पनी॥
भस्मी भूत हुनन् अरु दुःखपनी झट्नाम लिदै महाँ।
साक्षात्शीवस्वरूप् भईकन सदा जो गर्छ कैलाशमा॥९६॥

काशीको महत्त्वलाई उनका कविताले उजागर गरेको पाइन्छ।

विन्ध्यवासिनी स्तुतिबाट एक स्तुति श्लोकः

मायालाई फिजाइ लोक हजुरले रच्नु भएथ्यो जसै
लीला गर्न भनी प्रकट हुन गये ब्रह्मादि द्यौता सबै
सक्तैनन् नभई हुकुं हजुरको क्वै सर्न सामु रती
हे दुर्गे म अनाथको हरिदिनोस् आपद् भये भर्जती।

कवि पन्त अध्यात्मवादी, नैतिक उपदेशक कवि हुन्। उनमा पूर्वीय अध्यात्मवादको राम्रो ज्ञान थियो भन्ने कुरा विध्यवासिनी स्तुति कविताबाट झल्किन्छ। यस कवितामा उनले विध्ववासिनी भगवतिको सुन्दर वर्णन गर्दै स्तुति गायन गरेका छन्। जन जिब्रको भाषा, लय, सरल, सहज भाव प्रस्तुतिले गर्दा उनका कवितामा स्तरीयता पनि पाइन्छ।

पन्तका ६ ओटा समस्यापूर्ति कविताहरू मध्ये एकः

कोई एक नायिका यी वरिपरि सङ्लिी स्नान गर्नै गयाकी।
हीरा मणिक् जुहार्को अति चमक हुँदा चन्द्रवत् मुख भयाकी।।
आकश्को चन्द्रमा झैँ मुख रुपि शशिको बिम्ब जल्मा पऱ्याको।
देख्याँ मैले नदीमा जप गरिरहँदा चन्द्र चारै भयाको॥

श्रृङ्गारिक कविता रच्न, समस्यापूर्ति गर्न खप्पिस कवि पन्तले सुन्दरीको बिम्बात्मक तस्बिर प्रस्तुत हरफमा शब्द चित्रका माध्यमबाट देखाउन सफल भएको पाइन्छ । कवि पन्तका बनारसमा रहदा लेखिएका कविताहरू श्लोक सङ्ग्रह (गोर्खा भाषा) प्रथम भाग सं. १९५६ मा सर्वप्रथम सङ्ग्रहित भएका र त्यसैबाट अन्यत्र प्रकाशितहुँदै गएका देखिन्छन्। श्रृङ्गारिक कवितामा विशेष पहिचान बनाउन सफल कविका बारेमा 'कवि समूह वर्णनम्' मा मोतीरामले पद्मविलासलाई कविवर सम्मान दिइ कविता लेखेका छन्। जसको एक श्लोक –

पण्डित् पद्मविलास पन्त कवि छन् श्रृङ्गारमा वेस छन्
श्रृङ्गारादि सरस अनेक कविता भाषामहाँ रच्दछन्
विद्वान् छन् बहुतै र संस्कृत महाँ पाठन् पठन् गर्दछन्
मेरा ता हृदयै समान कहिन्या यतै फगत् दोस्त छन्।

माध्यमिक कालका केन्द्रीय कवि मोतीराम भट्टले कवि पद्मविलास पन्तको व्यक्तित्व, कवित्व र साथित्व एवम् क्षमता विश्लेषण गरी संस्कृतका विद्वान् र श्रृङ्गारका वेस कवि भनी 'कविवर' उपाधि जुन उनलाई पहिऱ्याएका छन् यसैबाट पन्तको कवित्व र योगदानको पहिचान हुन सक्दछ। पद्मविलास पन्त वि.सं. १९४४ राईनास, लमजुङमा बनारस (काशी) बाट फर्केपछि 'पत्र-प्रकाशवली' भन्ने नाम राखी श्लोकबद्ध चिठी लेख्न मोतीराम भट्टले आरम्भ गरेका थिए । (शर्मा, पण्डित नरदेव, 'कविवर मोतीराम भट्टको जीवनी' चौथा २०५९ साझा प्रकाशन ।) यसै सिलसिलामा युगकवि मोतिराम भट्ट र कविवर पद्मविलास पन्तको बीचमा पद्यात्मक चिठी लेखन प्रारम्भ भएको पाइन्छ ।

पद्मविलास पन्त २०४४ को अन्त्यमा बनारसबाट १९४३ सालमा उनल २४ वर्षे उमेरमा राइनास, लमजुङ घर फर्केपछि मोतीराम र पद्मविलास बीच कवितामा चिठी आदन प्रदान भएको देखिन्छ। कवि पद्मविलास पन्तले मोतीरामलाई सम्बत् १९४५ मार्ग शुदि १४ रोज २ मा लेखेको पद्यात्मक चिठीको एक श्लोक ः।

आदीका दुइ अक्षरैकन लिई सुतमा उनी छातिमा ।
लर्काइ दुई अन्त्य अक्षर पनी लिन्छु म रोज् मुखमा ॥
सूमेर्नी पनि मोतिको कन लिई राम नाम फगत् भज्दछु ॥
मुख्ले धेर बयान् कहाँतक गरुँ यस्तो म ध्यान गर्दछु ॥३॥
(पत्रप्रकाशवली तेस्रो श्लोक)

यी कविले १९४५ साल मार्ग महिनामा मोतीरामलाई लेखेको चिठीमा सत्यनारायणका भाषाका ३ अध्याय लेखिसकेको छु भनी बताएका छन् तर उनका यी कविता प्रकाशमा आएका देखिदैनन् ।

जीवनको अन्त्यकालमा लहडदास नामले बाँसको कलम चलाएर पनि अत्यन्त सुन्दर अक्षर (नाति खिलविलास पन्तसँग रहेको हस्तलिखित ग्रन्थ हेरेर जानकारी भएअनुसार) मा आफ्नो जीवनीबारे प्रकाश पारेको पाहिन्छ। उक्त लेखोटमा कविले आफ्नो परिचय यसरी दिएका छन् ः

गंगाप्रसादको म त हुँ पनाति, पण्डित वलिध्वंशजिको हुँ नाति
श्री इश्वरीदत्तजीको हुँ म छोरो, हो पद्मविलास भनी नाम छ मेरो ।

कवि पद्मविलास पन्तको प्रवृत्ति र प्राप्तिबारे माथि उल्लेखित युवा कवि मोतीरामको एक श्लोक कविताबाट समालोचनात्मक टिप्पणी भएको पाइन्छ। श्रृङ्गारिक कविता धाराका सशक्त कवि पद्मविलास आदर्शवादी कविको रूपमा देखिन्छन्। माध्यमिककालीन केन्द्रीय कवि मोतीराम भट्टले यिनको प्रशंसा गरी कविता लेख्नाले यिनको महत्त्व स्वतः बोध हुन आउँछ।

माध्यमिककालीन साहित्यको निर्माण र विकासमा पन्तले श्रृङ्गारिक कविता समस्यापूर्ति, यात्रा-वर्णन, संस्कृतका श्लोकको नेपालीमा अनुवाद जस्ता रचनाबाट योगदान पुऱ्याएको देखिन्छ। माध्यमिककालीन केन्द्रीय कवि मोतीले 'पत्र प्रकाश वली' मा पन्तलाई कविवर भनी सम्बोधन गरेकाले पनि उनको महत्त्व र गरिमाको मूल्याङ्कन भएको सङ्केत मिल्दछ। कवि पद्मविलास पन्त अध्यात्मबादी, समाज सुधारक, नीतिवादी, संस्कृतिप्रति सचेत कवि हुन्। उनले समष्यापूर्ति कविता, शिष्ट शृङ्गारिक कविता लेखेका छन्। छन्दवादी कवि पन्तले शार्दूलविक्रीडित छन्दलाई बढी प्रयोग गरेका छन्। साहित्यका नवरस मध्ये शान्तरस, शृङ्गाररसले नै कवितामा मुख्य स्थान पाएता पनि, हास्य रसको पनि प्रयोग भएको पाइन्छ। शब्दालङ्कार, अर्थालङ्कार, अन्त्यानुप्रास, मध्यानुप्रासले कवितामा सुनमा सुगन्ध थपेको आभाष हुन्छ। उनका कविताहरू एकै विषयका नभएर अनेक व्यवहारमूलक टुक्रे विषयमा छिरल्लिएको पाइन्छ। कुटोक्ति, दृष्टान्तका व्यावहारिक विविध पाटाहरूमा थुप्रै कविताहरू रहेको देखिन्छ । उनका रचनाहरूका आधारमा उनलाई श्रृङ्गारिक, औपदेशिक, समस्यापूर्तिकार, समीक्षक कविका रूपमा लिन पनि सकिन्छ ।

कवि पद्मविलास पन्तका कवितालाई उच्चस्थान दिएर मोतीराम भट्टले मूल्याङ्कन गरेतापनि उनका कविताको पछि खासै मूल्याङ्कन भएको पाइँदैन। उनकै नाति खिलाविलास पन्तले 'सुब्बा पद्म विलास पन्तको जीवनी' सङ्ग्रह गरेर सानो पुस्तक छपाएका छन् भने भूपहरि पौडेलको सम्पादकत्वमा शुभलक्ष्मी पन्त (पनातिनी बुहारी) प्रकाशक भएर 'मोती मण्डलीका कवि पद्मविलास पन्त' शीर्षकमा अर्को सङ्ग्रह निस्केको छ । बेलाबेलामा फाटफुट लेखहरू उनका बारेमा निस्केतापनि अझै गहन अध्ययन भइसकेको पाइँदैन। 'सूक्ति सिन्धु' ( १९७४) मा उनका दुई श्लोक छापिएका छन् । 'गोरखापत्रमा २०३० वैशाख १६ गते टुकराज-पद्मराज मिश्रले मोतीराम र पद्मविलास पन्तको चर्चा गरेका छन्' (दीक्षित : वुइँगल : ३३१) । जनकविकेसरी धर्मराज थापा, रमा शर्मा, भूपहरि पौडेल, शिव रेग्मी, बटुकृष्ण पन्तले उनका सम्बन्धमा कलम चलाएका छन् । शीलादेवी पन्तले उनको साहित्यिक योगदान सम्बन्धमा शोध-पत्र तयार गरेकी छन् । यसबाहेक, उनका बारेमा शोध पत्रहरू, लेखहरू निस्केपनि खासै उनी प्रकाशमा आउन सकेका छैननन्। हुन त उनको कवित्व प्रतिभा उनकै काव्यमा छदैछन्, कनै न कुनै दिन प्रकाशित हुने नै छन् । जे होस् उनका माध्यमिक कालमा लेखिएका कविताले नेपाली साहित्यलाई विस्तारगर्न भने पथ प्रदर्शककै भूमिका खेलेको पाइन्छ। नेपाली साहित्यमा उनले छोडेका पद चिन्ह लमजुङको मात्र होइन नेपालकै गौरव भएको छ।

लमजुङे साहित्येतिहासमा आजसम्म प्रथम श्रष्टाको रूपमा देखिने कवि पद्मविलास पन्त नेपाली साहित्यको विकासमा उल्लेख्य प्रतिभा हुन् जस्ले नेपाली साहित्यको इतिहाससँग लमजुङ जिल्लालाई जोडेको छ। कवि पन्तको वि.सं. १९८८ फागुन १६ गते जीवन-लीला समाप्त भए तापनि उनको महत्त्वपूर्ण साहित्यिक योगदानले उनलाई अमर बनाएको छ। उनको प्रयासले नेपाली साहित्यको चर्चा गर्दा माध्यमिक काल, लमजुङे साहित्य र पद्मविलास एकै ठाउँमा सधैं भेटिन्छन्।

### 3=3=1=2 स्व. कवयित्री पद्ममाया कडरेनी

पद्ममाया कडरेनीको जन्म धमिलीकुँवाका पन्त परिवारमा १९४० सालमा भएको हो उनको जन्मघर र कर्म घर लमजुङको धमिलीकुँवा नै हो । काठमाडौँमा गुर्जुपरिवारसँगको बसउठ र सम्बन्धबाट पढलेख गर्न सिकेकी पद्मममाया धमिलीकुँवाको लोकगीत गाउँदा गाउँदै आफ्नै शब्द र स्वरमा लोक शैलीका गीत, कविता लेखेकी छन् । उनका कृतिहरू 'डाँडाकी जून', 'एकासी वर्षको रोदन' र 'जीवनधारा' रहेका छन् ।

**डाँडाकी जून, एकासी वर्षको रोदन र जीवन धारा** : डाँडाकी जून र एकासी वर्षको रोदन २०२१ सालमा प्रकाशित दुबै गीति कविता हुन् । कवयित्री स्वयम् पद्ममाया कडरेनीले आफ्नो ८१ वर्षे उमेरको अनुभव सँगालेर लेखिएको कविता कृति हो 'डाँडाकी जून' र 'एकासी वर्षको रोदन' । जीवनधारा अर्को उनको जीवनको धारा हो। नारी जागरणमूलक यी कृतिहरूमा महिलाले भोग्ने परेका सवालहरूलाई लोकशैलीका माध्यमबाट व्यक्त गरेको पाइन्छ । जनजिब्रोको भाषा, मार्मिक भावपूर्ण सुस्केरा उनका रचनामा पाइन्छन् । उनको आफ्नो जीवनका उकाली ओरालीहरूलाई यी कृतिहरूमा समेटिएको पाइन्छ ।

कवयित्री कडरेनी श्रष्टा मात्र थिइनन् उनी गायिकाको रूपमा पनि देखिन्छिन् । जनकविकेशरी धर्मराज थापाको माध्यमले रेडियो नेपालबाट लोकगीत पनि घन्काएकी थिइन्। चेपेनदीबाट नहरकाटी धमिलीकुँवा सिँचाइ गर्न उनले त्यतिबेला पनि आवश्यकता देखाएकी थिइन् । उनका यस किसिमका थुप्रै दूरगामी दृष्ट्रिकोणहरू व्यवहारिक महत्त्वका देखिन्छन् ।

लमजुङ जिल्लाकै पहिलो महिला लेखिका एवम् कवयित्रीको रूपमा आउने पद्ममाया कडरेनीलाई लमजुङले अब पहिलो महिला हस्ताक्षरको रूपमा सम्मान प्रकट गर्ने छ । हाल उनी दिबङ्गत भए पनि उनले पुऱ्याएको यस किसिमको योगदान नेपाली साहित्यकै महिला हस्ताक्षरका दृष्टिले पनि महत्त्वपूर्ण मान्न सकिन्छ ।

९७ वर्षको दीर्घायुको उमेरसम्म जिएर साहित्यको साधना गर्ने पद्ममाया कडरेनीको अन्तिम जीवनलीला झापा मोरङमा पुगेर समाप्त भएको पाइन्छ । उनी भौतिक ढङ्गले समाप्त भएपनि भावनात्मक ढङ्गले नेपाली साहित्यमा अजर अमर रहने छन् ।

### 3=3=1=3 कोमलनाथ अधिकारी

स्वाँरा, दुराडाँडा, लमजुङमा वि.सं. १९५० आषाढमा पिता देवीदास अधिकारी र आमा गङ्गादेवी अधिकारीको माहिलो छोराको रूपमा कोमलनाथ अधिकारीको जन्म भएको हो। हजुरआमा द्रौपतीसँगको सामिप्यता र उनीबाट पाएका प्रेरणा र उचित संस्कारका कारणले सानैदेखि कोमलनाथ अध्ययनतर्फ लागेका थिए । त्यसपछि कोमलनाथले बाबुका प्रेरणाबाट अध्ययनकालागि रानीपोखरी संस्कृत पाठशालाहुँदै बनारसमा समेत अध्ययन गरेको देखिन्छ। परम्परागत ढङ्गले सामान्य अध्ययन गाउँघरमा गरेर रानीपोखरी संस्कृत पाठशालामा पढ्न

पुगेका कोमलनाथले कोमल गीता ग्रन्थको भूमिकामा आफ्नो शिक्षाबारे आफै व्यक्त गरेका भावहरू यस प्रकार छन् –

“मेरो उमेर १३ वर्षको थियो, मलाई मेरा परम पूजनीय पिताजी मु. देवीदास उपाध्यायको आज्ञाले हाम्रा नेपाल सरकारको रानीपोखरी पाठशालामा व्याकरण पढी १९७० मा काशी क्वीन्स कलेजबाट मध्यमा परीक्षामा उत्तीर्ण भएर ७१/७२ सालमा साहित्याचार्यको खण्ड परीक्षा पनि दिएँ। मेरो त्यही विद्यार्थी जीवनमा संस्कृत, हिन्दी, मराठी, गुजराती, बंगाली, अङ्ग्रेजी आदि भाषाहरूको पनि केही अभ्यास गरेकाले ती भाषाहरूबाट थोर-वहुत सार लिन सकने भएको थिएँ।”

बनारस अध्यनपश्चात दुराडाँडा घर फर्केका बेला १९७२ - १९७४ का बीच घरमुनी बेलचौतारीमा निःशुल्क शिक्षा प्रदान गर्ने कार्यमा कोमल जुटेका देखिन्छन्। उनीसँग त्यही पढ्ने र पढेर पं. लेख्ने ४ जना पण्डितहरू भेटिन्छन्। जसमध्ये पं कालिदास अधिकारी, पं. कृष्णकान्त पौडेल थिए। दुराडाँडामा अध्यापन छोडेर काठमाडौँ गए पछि उनकै सक्रियतामा दुराडाँडा धुवाँआउने ठाँटीमा वि.सं १९७९ (?) मा भाषा पाठशालाको स्थापना हुन गयो। यो भाषा पाठशाला नै लमजुङको पहिलो भाषा पाठशाला हो। धुवाँआउने ठाँटी एक ऐतिहासिक ठाँटी हो, जुन ठाँटी लमजुङका शाही राजाले अधिकारीहरूलाई दुराडाँडा विर्ता दिएको अवस्थामा निर्माण गरिएको थियो।

काठमाडौँमा वि.सं १९७४ पछि रहदा उनी राणा दरबारिया गुरु, धर्म प्रचारक पण्डित, नम्बरी पण्डितसमेत भएर जागिर खाएको देखिन्छ। उनले वि.सं. २०१० सालतक सरकारी जागिरे भएर जीवन बिताई अनिवार्य अवकाश लिएका थिए।

साहित्यतिर लाग्ने प्रेरणा भने बनारस अध्ययनबाट फर्केर दुराडाँडा रहेका बखत “सबैले बुझिने भाषामा गीताको अनुवाद गर” भन्ने बुबाको वचनबाट पाएको देखिन्छ। यही प्रेरणाबाट ‘कोमल गीता’ निस्केको देखिन्छ। तत्कालीन प्रधानमन्त्री श्री ३ जुद्ध शमशेरको आर्थिक सहयोग र सौजन्यबाट वि.सं. १९८९ मा छापिएको कोमल गीता नै उनको पहिलो कृतिको रूपमा देखिन्छ। ‘कोमलगीता’ गीताको समश्लोकी छायानुवाद हो। यिनको मौलिक ग्रन्थको रूपमा १००२ श्लोकी ‘राणा कुलचन्द्रिका’ (१९५५) देखिन्छ। उनका अन्य अनुवादीत कृतिका रूपमा ‘कोमल-चण्डी’ (२०१३), महाकवि हर्षद्वारा रचित ‘नैषधीय चरित’ (२०२०), महाकवि श्री कविराज विश्वनाथद्वारा रचित ‘साहित्य दर्पण’ (२०२३), महाकवि कालिदासद्वारा रचित ‘कुमार सम्भव’(२०२५), मेघदूतको ‘कोमल छाया’ (२०२०) र श्री ५ वडामहाराजधिराज पृथ्वीनारयण शाहको दिव्योपदेशको पद्यानुवाद रहेका छन्। उनले लेखेका ग्रन्थहरूमा सर्वाधिक लोक प्रिय कृतिको रूपमा कोमलगीता र सर्वाधिक गहन र स्तरीय कृतिको रूपमा ‘नैषधीय चरित’ देखिन्छ। ‘नैषधीय चरित’ त्यस्तो गहन अनूदित कृति हो, जसले वि.सं. २०२० सालको मदन पुरस्कार प्राप्त गरेको छ।

**कोमलगीता** – बाबुको सरल भाषामा गीता पढ्न चाहने इच्छा वमोजिम नै उनले श्री मद्भागवत गीतालाई अनुवाद गरी कोमलगीता प्रकाशमा ल्याएका हुन् । कोमलगीता अत्यन्त सरल, सुबोध र सुललित भाषामा लेखिएको छ । जनजिब्रोको सरल भाषाहुँदा उनको यो कृति सर्वाधिक लोकप्रिय पनि रहेको छ। कर्म-भक्ति-ज्ञानको त्रिवेणी गीता अर्जुनको मानसिक विकास गराउन श्रीकृष्णले आफू प्रबुद्ध भएका बेला उपदेश गरिएको कृति हो । निर्मल हिरा समान सर्बव्यापी उज्ज्वल ज्ञानले भरिपूर्ण छ । यो साधरण ग्रन्थ होइन धार्मिक, दार्शनिक र साहित्यिक तीनै दृष्टिले महत्त्वपूर्ण छ । गीताको अगाध गहिराइ थाहा पाउने श्रीकृष्ण अर्जुन होलान् अरु विशिष्ट ज्ञानीहरू समुद्रको छेउसम्म पुग्ने होलान् । यस्तो अगाध महिमा बहन गरेको, साँस्कृतिक धरोहर बनेको कृतिद्वारा कवि पं. कोमलनाथले सुरुमै ठूलो ख्याति पाउन सकेका हुन् ।

**कोमलचण्डी** (वि.सं. २०१३) – कोमलगीता प्रकाशनको लामो अन्तरालपछि निस्केको उनको अर्को महत्त्वपूर्ण कृति कोमलचण्डी हो । दुर्गा सप्तशती चण्डीको छायानुवाद नै कोमलचण्डी हो । वडादसैंमा नवदुर्गा भर दुर्गाको भक्तिमय अर्चना आराधना गर्ने नेपाली संस्कृति अनुरूप पाठ गर्न सजिलोका लागि कोमलचण्डी आएको छ । यसले तेस्रो संस्करणको रूप देखिसकेकोले पनि यसको लोकप्रियता बढ्दै गएको देखिन्छ ।

**नैषधीय चरित** – संस्कृतका महाकवि श्री हर्षद्वारा नल-दमयन्तीलाई नायक नायिका बनाइ संस्कृतमा लेखिएको काव्य नैषधीय चरितको समछन्द छायानुवाद कृति हो । अर्थ, गाम्भीर्य र रीति चमत्कारले भरिएको काव्यलाई नेपाली भाषामा अनुवाद गर्नु लरतरो कार्य होइन । यस अनुवादित कृतिमा उनको विलक्षण प्रतिभाको परिचय मिल्दछ । अत्यन्त उच्च मनोवल, दुःख सहन क्षमता, अपूर्व गुणशीलका धनी प्राचीन काव्य नायक नल र नायिका दमयन्तीलाई नेपाली समाज अनुकूल ल्याएर जुन वर्णन उनले गरेका छन् त्यो अपूर्व रहेको छ । उनको यस्तो अपूर्व कृतिको कदर गरेर २०२१ सालको मदन पुरस्कार कोमलनाथलाई प्रदान गरिएको थियो । अनुवाद साहित्यमा प्रदान यो नै पहिलो र आजसम्मको अन्तिम पुरस्कार पनि हो । संस्कृत बाङ्मयमा पदलालित्य र गहनताले भरिएको यस कृति ने.प्र.प्र.बाट प्रकाशित भएको हो ।

महाकवि श्री कविराज विश्वनाथद्वारा रचित ‘साहित्य दर्पण’ र महाकवि कालिदासद्वारा रचित ‘कुमार सम्भव’ को पनि कोमलनाथले सरलता र मिठास भरेर छायानुवाद गरेका छन् । नेपाली गद्यमा लेखिएको ‘पृथ्वी दिव्योपदेश’ को नेपालीमै पद्यानुवाद पनि गरेका छन् । यसरी कवि पं. अधिकारीले अनुवाद साधनामा नै आफ्नो कलम बढाएको देखिन्छ। उनका ग्रन्थहरू प्रायः सबै छायानुवाद नै देखिन्छन्। समश्लोकी छायानुवाद गर्न नै कवि प्रवृत्त देखिन्छन्। आखिर उनले छन्दोमय अनुवादमा नै कीर्तिमान कायम गरेका छन्।

पूर्वीय हिन्दू दर्शन, परम्परागत शास्त्रीय शैली, छायानुवाद, आध्यात्मिक चिन्तनमा निमग्नता कविका विशेषता हुन्। मूल ग्रन्थलाई जस्ताको तस्तै छायानुवाद गरेर अत्यन्त सरल, मधुर मिठास आउने गरी पस्कन सक्नु नै कविको महानता हो। कोमल गीताले पाएको लोकप्रियता, नैषधीय चरितम्ले पाएको गहनता, स्तरीयता नै कविको पहिचान हो भने नेपाली साहित्यको इतिहास कोटचाएर हेर्दा लमजुङसँगको सम्बन्ध जोड्न सफल कवि कोमलनाथ अधिकारी हुन् भने उनको आगमनले सिंगो साहित्येतिहास मौलाएको छ। अनुवाद साहित्यमा आजसम्म मदन पुरस्कार प्राप्त गर्ने नैषधीय चरितम् मात्र एक ग्रन्थ हो जसले लमजुङको गौरव बढाएको छ।

## 3-3-1-4 ठाकुरप्रसाद उपाध्याय अधिकारी

लमजुङ जिल्लाको दुराडाँडा स्वाँरामा वि.सं. १९५१ मा जन्मेका ठाकुरप्रसाद अधिकारीका बुबाको नाम पीताम्बर उपाध्याय अधिकारी हो। गाउँघरमै परम्परागत ढङ्गले संस्कृत शिक्षाको ज्ञान हासिल गरेका ठाकुरप्रसाद सरस्वतीका बरद प्रसादकै रूपमा रहेका ठहरिन्छन्। उनले पाएको तीखो मन मष्तिष्क र साद्विक गुणहरूको वर्णन अझै असी काटेका बृद्ध बृद्धाले सश्रद्धा प्रशंसा गरेको पाइन्छ। गाउँघरमै पढेर पण्डित कहलिएका ठाकुरप्रसाद ठूला पण्डितका रूपमा चिनिन्थे।

दोस्रो विश्वयुद्धपछि आफ्नो परिवार लिएर बर्मा गएका ठाकुरप्रसादको त्यहाँ उनीवाहेक सम्पूर्ण परिवारको मृत्युपछि एक्लो जीवन लिएर दुराडाँडा फर्कन्छन्। ४५ वर्षे उमेरमा दोश्रो विवाह गरेर फेरि गाउँ छाडी आसामतर्फ पसेका ठाकुरप्रसादले आसाममा राम्रो जजमानी वा पण्डित्याइँ व्यवसाय अपनाएर दोस्रो घर परिवार सुखसँग चलाएको देखिन्छ। दोस्रो विवाह पछि उनका ४ छोरीहरू र १ छोरा पनि भए तर छोराको भने अल्पायुमै निधन भएको देखिन्छ। त्यसपछि स्वाँरा दुराडाँडाका ख. मधुविलास अधिकारीको सहयोगमा उनी आसामबाट भैरहवा मणिग्राम आएर बसेको देखिन्छ। दास्रो विवाह गरेको २० वर्षपछि ६५ वर्षकै उमेरमा वि.सं. २०१६ सालमा उनको निधन भएको पाइन्छ।

बर्मामा रहदादेखि नै आध्यात्मिक साहित्यतर्फ रुची बढाएका ठाकुरप्रसादको रुचिले एक काव्य कृति नै जन्माएको पाइन्छ। उनको पहिलो कृति हो 'विद्या महिमा' (१९९४), जहाँ विद्याको महिमा गाउँदै विद्यालाई तत्व ज्ञान वा वास्तविक ज्ञानको रूपमा उनले प्रकाश पारेको पाइन्छ। उनको अत्यन्त सरल मोतीराम भट्टीय भाषा र शैलीमा लेखिएको उनको विद्या महिमा कृति अन्दाजी १०८ श्लोक भएको देखिन्छ तर प्राप्त पुस्तकमा ९४ श्लोकमात्र रहेको र १/२ पाना च्यातिएर गएको देखिन्छ। काव्यको सुरुमा उनले आफ्नो उदार सम्मति यसरी प्रकट गरेको पाइन्छ –

हे शंभु पुत्र ! गण नायक ! बिघ्न हारी।
रक्षा गरिदिनु हवोस्सब बिघ्न टारी॥
पाउ समातिकन यो कविता बनाइ।
दिन्छु म भक्ति रसिलो जनमा चढाई॥

लमजुङ, दुराडाँडा, स्वाराँका गुरूप्रसाद अधिकारीसँगको भेटवार्ता अनुसार ठाकुरप्रसाद उपाध्यायले अर्को कृति पनि निकालेका हुन्। त्यस कृतिमा प्रत्येक श्लोकका एक एक पाउका सुरुका अक्षर वा मात्राबाट ठाकुरप्रसाद अधिकारी भनेर बनाइएको श्लोक उनले बनाएको पाइन्छ। यसमा उनले दिएको जानकारी अनुसार पहिलो श्लोकका दुई पाउमात्र दिन सकिएको छ। तर त्यसको सत्यापन गर्न अझै चुनौति रहेको छ।

ठानेर बन्धु जन हो हितको कहानी
कुन कामना असल बन्दछ सोही जानी

यसबाट उनको अर्को पनि कृति भएको अनुमान गर्न सकिन्छ।

परभलाइ गर्नु नै धर्म सम्झेर उनले लोकलाई मोक्ष मार्गतर्फ फर्काउन प्रयत्न गरेको देखिन्छ। उनले मनको वसमा नपरी हृदयतर्फ फर्कन र सच्चा शान्तिको अनुभूति गर्न आह्वान गरेको पाइन्छ। रमाइलो कुतुहलता जगाउन पनि उनी खप्पीस थिए भन्ने कुरा माथिको आधी श्लोकले पनि पुष्टि गर्दछ।

छन्द मिलाउनका लागि अक्षरका खुट्टा काट्ने, शब्दलाई कताकति भाँचभुँच पार्ने काम भएपनि उनका कविता छन्द, लय, रस मिलेको पाइन्छ। व्याकरणका साथसाथै भाषा पनि सरल, सुबोध शुद्ध हुन सकोस् भनी कवि ठाकुरप्रसादले अर्का सहकर्मी भाषाका मर्मज्ञ पं. पुण्यशीलअधिकारीलाई संशोधकको रूपमा राखेको पनि पाइन्छ। उनले विद्या महिमाको मुख पृष्ठमा नै लमजुङ, दुराडाँडा, स्वाँरा निवासी ठाकुरप्रसाद उपाध्याय अधिकारी, संशोधक पुयण्शील अधिकारी भनी दिइएकोबाट प्रष्ट हुन्छ।

विद्या महिमामा मोतीरामकालीन भाषा र लेखनाथीय शैलीको बुद्धि विनोदको ढाँचामा प्रश्न र उत्तर सहितका श्लोकहरू पढ्न पाइन्छ। उनको काव्य विद्या महिमा वैचारिक वा दार्शनिक ढङ्गले निकै गहकिलो देखिन्छ। उपजाति छन्दमा लेखिएको यो काव्य पठनीय हुनाको साथै वैदिक जगतमा चम्किलो ताराको रूपमा देख्न सकिन्छ। यसै सिलसिलामा आध्यात्मिक उचाइ दिने खालको एक श्लोक –

पैला इ नेत्र छन् फेर्पछि कान छाला
जिभ्रो र नाक बुझ इन्द्रिय पञ्च ताला

वेकाम खोलनु हुँदै नहुने छ दुःख
सत्यादि मार्गतिर लानु छ ढक्क ।।

आजभन्दा करिब ७० वर्षअगाडि नै यस किसिमको सचेतनाले हजारौँ जनको आँखा खोल्न सक्षम स्रष्टा ठाकुरप्रसाद उपाध्यायको भक्ति साहित्यमा योगदान महत्त्वपूर्ण देखिन्छ। उनले लमजुङका माध्यमबाट नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदान निकै उल्लेखनीय देखिन्छ।

## 3=3=1=5 पुण्यशील उपाध्याय अधिकारी

पुण्यशील अधिकारीको जन्म लमजुङ जिल्लाको दुराडाँडा, गिरेचौरमा वि.सं.१९५३ मङ्सिर २० गते भएको हो। उनका बाबुको नाम श्रीकृष्ण अधिकारी र आमको नाम मैना देवी अधिकारी हो। संस्कृत शिक्षाको प्रारम्भिक ज्ञान लिएर वि.सं १९७४ मा गोरखपुर पल्टनमा लाहुरे बन्न पुगेका पुण्यशीलले २/४ महिना मात्र जागिर खाई घरतिर फर्केको देखिन्छ। वि.सं. १९८८ मा श्रीमती र एक छोरी लिएर बर्मा पसेका पुण्यशीलले कर्मकाण्ड व्यवसाय सञ्चालन गरेर बसेको पनि देखिन्छ। एक दशक बर्मामा बसी १९९८ मा घर फर्कदा बाटैमा बिरामी परेकी श्रीमती गुमाउन परेता पनि घर फर्केपछि वि.सं. २००२ देखि घरव्यवहार सम्हाल्दै २०१७ सालसम्म माष्टर भै पढाएको पाइन्छ । पुण्यशील समाजमा राम्ररी भिजेको पाइन्छ। उनको आकर्षक शारीरिक व्यक्तित्त्वका साथै कवि हृदयको आन्तरिक व्यक्तित्त्वले गर्दा आफ्ना विद्यार्थीहरू बीच प्रिय र श्रद्धेय रहेको पाइन्छ ।

पुण्यशील उदार विचारधाराका व्यक्तित्व हुनाले साँझ बिहान उनको घरमा पढ्ने विद्यार्थीको भीड लाग्दथ्यो। उनका सुन्दर हस्ताक्षर अभिभावक, विद्यार्थीका लागि थप आकर्षण बनेको थिए। यस पङ्क्तिकार पनि केही समय पुण्यशीलको सान्निध्यमा रहन पाएकोमा गौरवको अनुभूति गर्दछ। उनको उदारताले गर्दा उनका जेठा छोरा तपोनिधिले सर्वप्रथम हरिजन (दलित जनाजाति) का छोरा छोरी पढाउन स्थापित स्कुलमा वि.सं. २००८ सालमा माष्टर भै पढाएका थिए।

पुण्यशीललाई साहित्यिक व्यक्तित्वको रूपमा पनि पाउन सकिन्छ। बर्मामा रहदा उनी एकातिर कहलिएका पण्डित थिए भने अर्कोतिर कवि हृदयका धनी ठाकुरप्रसाद उपाध्याय अधिकारी, जगन्नाथ उपाध्याय ढुङ्गाना जस्ता पण्डितहरूसँगको संसर्ग र बसउठबाट साहित्यिक व्यक्तित्व पनि उचालेको देखिन्छ। बर्मामा रहदा कवि ठाकुरप्रसाद उपाध्याय अधिकारीको 'विद्या महिमा' कृतिको उनी संशोधक बनेको पाइन्छ। अर्कोतिर प्रकाशक रहेको उनको 'आनन्द जीवनमाला प्रकाशन भएको पाइन्छ। उक्त कृति वि.सं. १९९३ को महाशिवरात्रीको पावन अवसर पारेर प्रकाशन गरेको पनि पाइन्छ र प्रकाशकको नाम उल्लेख भएको जीवनमाला प्रकाशनलाई पुष्टि गर्दै लेखिएको मुखपृष्ठको श्लोक यस्तो रहेको पाइन्छ।

पुण्यशील, जगन्नाथ उपाध्याय मिलीकन !
प्रार्थनाले सधैं न्युह्वी पुस्तिका छ समर्पण !!

'सरुषस प्रेस', मेम्यो अपर बर्माबाट प्रकाशित पुस्तकमा मूल्य चाहिँ नतोकी यथाशक्ति दक्षिणा भनी लेखिएको पाइन्छ। यसमा कवि द्वयको प्रार्थना भूमिका भनी नलेखिए पनि त्यसैको सेरोफेरोमा यसरी लेखिएको छ।

हे सभ्य मित्र ! गुण पूर्ण महानुभाव;
टक्र्याउँछौ अतुल शान्ति दिने प्रभाव।
अभ्यर्थना छ सब पाठक वर्ग लाई;
दिनू हुन्यै छ अनभिज्ञ महाँ सुनाइ।।

यस कृतिमा तीन कविता रहेका छन् ती हुन् – अथ आनन्द जीवनमाला, ऐरावती धर्ममाला र पितृशोक। ऐरावती धर्ममाला सबै भन्दा लामो कविता जसमा ३३० कविता श्लोकमा  रहेका छन्। यस हिसावले हेर्दा यो धर्म माला लघुकाव्यको रूपमा आएको छ। यसमा बर्माका विभिन्न स्थलको वर्णन पाइन्छ। बर्माको सुन्दर एक स्थल ऐरावतीलाई वृन्दावनसँग तुलना गरिएको छ। ऐरावतीको तुलना गर्दा विभिन्न दृष्टान्तसमेत दिएर कविले त्यसको महिमा गायन गरेका छन्। यसमा उपमा अलङ्कार प्रशस्त दिएर ऐरावतको वर्णनलाई भौतिक, आध्यात्मिक एवम् प्राकृतिक ढङ्गले विश्लेषण गरिएको छ।

जल-क्रिडा मध्ये युवति कन देखी सरसमा
रती-देवी भन्दा अधिक रमणीमा स्वरूपमा।
अहो ! लज्जा मानी कमल दविने पानी छ जहाँ
मलिना हूनाले शशि पनि लुके वादल महाँ।।

तत्कालीन परिवेशलाई व्यङ्ग्य गर्दै कटु सत्य कविताका माध्यमबाट पस्किएको पाइन्छ। कविले तत्कालीन स्थितिलाई लिएर लेखेपनि अझै अहिलेको ७० वर्ष पछिको समयमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ। यसबाट कविको दूरदर्शिता प्रकट हुन्छ। डाँडामा बसेर दूरविनले हेरे झैं उनले बर्मादेखि नेपाली समाजलाई हेरेका छन्। विकृति विसङ्गतिलाई एक एक औंल्याएका छन्। उनले मानवको व्यवहार कस्तो हुने पर्ने हो भन्ने सम्बन्धमा पनि वास्तविकता, आध्यात्मिकता र मनुष्यताका आधारमा औल्याएका छन्।

द्रुतविलम्बित, उपजाति, वसन्ततिलका, शिखरिणी र शार्दूलबिक्रीडित छन्दमा लेखिएको यो काव्य सरल, सुबोध र मार्मिक देखिन्छ। यस काव्यमा शब्दालङ्कारको संयोजन राम्ररी मिलाएको पाइन्छ। शब्दयोजना र अर्थ चमत्कारले काव्यलाई निकै उठाएको पाइन्छ।

अनुप्रास, वृत्यानुप्रास, अन्त्यानुप्रास, यमक जस्ता शब्दालङ्कार र उपमा समासोक्ति, दृष्टान्त आदि जस्ता अर्थालङ्कारले काव्य आस्वद्य बन्न पुगेको छ।

विबुधको बुधको मन मोहिनी
अब सुधा बसुधा जलमा बनी
रहरले हरले पनि धाउँने
छ नगरी न गरीष कतै हुने।

यस श्लोकमा शब्द वा शब्दांशको धेरै बाजि प्रयोग भएको र अर्थ भिन्न भएर आएको पाइन्छ। श्रुत्यप्रास समेत भएकाले सुन्दा श्रृति मधुरता भेटिन्छ। छायामा परेका कवि पुण्यशीलको जीवनमाला शिक्षाप्रद, सन्देशमूलक, व्यावहारिक र आध्यात्मिक भावले समेत उच्च पाइन्छ। यस्ता अमूल्य योगदान दिएका तर लुप्त प्रायः भएका कविकोबारे खोज अनुसन्धान गर्नु आवश्यक छ।

कवि पुण्यशीलको आनन्द जीवन माला बाहेक अन्य फुटकर कविताहरू पनि रहेका पाइन्छन्। नारी जागरणका लागि लेखिएको उनको कविताको एक टुक्राः

कल्लीहरू हल्लिएर हिँड्न पनि हुन्न
काँडेवाला लर्किएर काम गर्नै दिन्न
तीस हाते फरियाले फुर्किर हामी
गुण सीप फालिसक्यौ पशु जस्तै बनी।

खर्च गर्नु पऱ्यो भने यिनै बेची बेची
नपढे त हुँदै हुन्न गइ सक्यो सेखी

(विष्णुमाया न्यौपाने, बोराङ र लक्षिमा
बराल बेसीसहरबाट भनिएको आधारमा)

लमजुङ दुराडाँडा गिरेचौर निवासी शिक्षाप्रेमी युवक विष्णुभक्त पौडेलको असामयिक निधनमा कविले यसरी कवितामा शोक व्यक्त गरेको पाइन्छ।

हे धर्मराज किन धार्मिक व्यक्तिलाई
उद्योग पूर्ण गरने समयै नपाई
कस्तो उमेद  बरबाद सबै गराई
एकवात मै चुडिलग्यौ किन हाई हाई

साभारः लक्ष्मी पौडेल, दुराडाँडा,
गिरेचौर

यस किसिमको अमूल्य कृति र फुटकर रचनाहरू भएका कवि पुण्यशील भारत, बर्मा चाहारेर आखिर जन्मस्थल फर्की लमजुङदेखि पर बसाइँसराइँको क्रममा जेठा छोरा तपोनिधिका साथमा चितवन पार्वतीपुर झरेर २०१७ पौष ५ गते परमगति प्राप्त गरेको देखिन्छ। देश भक्तिमय भाव र कटुसत्यता मिस्रित साहित्यिक कृति एवम् फुटकर रचना दिएर बनारस, भारत बर्मा र नेपालमा समेत बाङ्मयको क्षेत्रमा उनीद्वारा पुऱ्याइएको योगदान अमूल्य देखिन्छ। उनको कृति र फुटकर रचनाको अझ खोज अनुसंधान हुन सक्यो भने नेपाली साहित्य अझ लाभान्वित हुन सक्ने देखिन्छ।

## 3-3-1-6 डिल्लीजङ्ग गुरुङ

लमजुङको पश्चिम उत्तरी विकट गाउँ घनपोखरामा वि.सं १९६१ कार्तिकमा आमा पदम कुमारी गुरुङको कोखबाट डिल्लीजङ्ग गुरुङको जन्म भएको हो । आमाको गर्भमा रहँदैमा बाबु सु. मनिलाल गुरुङको निधन भएको हुनाले सु. डिल्लीजङ्ग गर्भे सुब्बाका नामले चिनिन्छन्। उनी मनिलालका तीन श्रीमती मध्ये माहिली श्रीमतीका छोरा थिए । राणा प्रधानमन्त्रीहरूसँग मितेरी साइनो जोडिएको कारणले सुब्बा मान पाएको यस परिवामा घरमै पण्डित राखेर बालबालिकाहरूमा शिक्षादीक्षा दिइन्थ्यो। यसै सिलसिलामा पं.चिरञ्जीवी अधिकारी गुरुको रूपमा यस परिवारमा रहेका देखिन्छन्। घरमा यिनै पण्डित गुरुहरू र दाजु सु. नरजङ्ग गुरुङबाट प्रारम्भिक शिक्षा लिएर स्वाध्ययनबाट अध्ययन माथि उठाएका गुरुङले उत्तरार्धमा आएर कविराज कृष्णकान्त अधिकारी, भैरवप्रसाद सुवेदी र क्षितिजचन्द्र चक्रवर्तीको प्रत्यक्ष सङ्गतबाट अद्वैत शिक्षासमेत प्राप्त गरेको देखिन्छ।

राजस्य असुली सम्बन्धी ठेक्कापट्टाका फाटफुटेकाम वाहेक अन्य पेसामा संलग्न नदेखिएका सुब्बा डिल्लीजङ्ग समाजसेवी दाजु नरजङ्ग सुब्बाबाट बढी प्रभावित भै साहित्यसाधना र समाज सेवामा नै बढी सम्लग्न रहेको पाइन्छ। पाटी पौँवा, चौतारा, पुल पुलेसा सार्वजनिक बगैचा, चौतरा निर्माण जस्ता काम नै त्यतिबेलाका समाजसेवाका कार्यहरू हुन्थे। राजसी खान्गी छाँटकाँटले त्यो बेला हिँड्ने सुब्बा परिवार डोके, बन्दुके, चाकडदार जस्ता चार पाँच जना निजी सचिव सरहका मानिस नलिइ कतै हिँड्दैनथे। सिकार खेल्न अत्यन्त सौखिन डिल्लीजङ्ग साकाहारी अद्वैतवादी विद्वान् कविराज कृष्णकान्त अधिकारीसँगको भेट र संगतले उनी पनि साकाहारी बन्न पुगेको पाइन्छ। समाज सेवाको क्षेत्रमा संलग्न डिल्लीजङ्ग २००७ सालको प्रजातान्त्रिक लडाइँमा समेत सहभागी हुन पुगेको देखिन्छ। डम्फू मादल छोडेर रात्री पाठशालामा पढ्न पनि यिनले गाउँलेलाई प्रेरित गरेको पाइन्छ।

दाजु सु. नरजङ्ग गुरुङले त्यतिबेला रामलीला, कृष्णचरित्र लेखिसकेका थिए। दाजुकै प्रभावबाट सर्वप्रथम यिनले कीर्ति-दर्पण (वि.सं. १९८५) काव्य पच्चिसै वर्षको अल्लारे उमेरमा सिर्जना गरेको देखिन्छ। २००० सालतिर यिनले तुलसीकृत रामायणको पद्यानुवाद गरिसकेका थिए। उद्धवगीता, अर्जुनगीत, कपिलगीता, रामगीता, विदुरनीति, रासपञ्चाध्यायी, प्रेमोपहार,

लाँकुरी, दुइटी नारी, विचार लोक, सुन्दरकाण्ड उनका मुख्य कृतिहरू हुन्। हालै प्रकाशित **डिल्लीजङ्ग समुच्चय** (२०६३) मा उनका कृतिदर्पण, नौ कोपिला, चौवीस गुरु, बृन्दा वन, उद्धवगीता, कुमारी (चम्पु : उपन्यास), लाँकुरी समेत सात कृतिहरू समेटिएको पाइन्छ।

लाँकुरी, प्रेमोपहार, तुलसीकृत रामायण (नेपाली अनुवाद) उनका उत्कृष्ट काव्य र महाकाव्य सरह मानिन्छन्। नेपाली साहित्यलाई यति ठूलो योगदान पुऱ्याउन सक्नु स्वयम् कवि डिल्लीजङ्ग तथा लमजुङको प्राप्ति हुन पुगेको पाइन्छ।

**कीर्तिदर्पण** (वि.सं. १९८५) ज्येष्ठ दाजु सुब्बा नरजङ्ग गुरुङको कीर्ति गाइएको मौलिक पहिलो खण्डकाव्य हो । समाजसेवी दाजु नरजङ्गका समाज सेवाको कृयाकलापहरू लमजुङ-मनाङ बाटो विस्तार, मादीको पुल निर्माण, खुदीको भाषा पाठशाला खोल्ने, पराण लगाउने, अध्यात्म चिन्तनलाई वर्णन गरी २०७ श्लोकमा शार्दूलविक्रीडित, शिखरिणी, उपजाति जस्ता छन्दको प्रयोग गरी लेखिएको छ । श्रृङ्गार तथा शान्त रसले काव्य रसपूर्ण बनेको पाइन्छ ।

**नेपाली तुलसी रामायण** – नेपाली तुलसी रामायण संस्कृतबाट नेपालीमा अनुवाद गरिएको महाकाव्य स्तरको कृति हो। यो अत्यन्त सुललीत भाषामा भएको उच्चकोटिको महाकाव्य तुलसीकृत रामायणको नेपाली अनुवाद हो। २००० सालतिर लेखिएको उक्त काव्य उनी छँदै त्यतिबेला 'नेपाल भाषा प्रकाशन समिति' बाट प्रकाशन गर्ने सहमति र शर्त पनि भएको थियो, जुनबेला अध्यक्ष, बालकृष्ण समको अध्यक्षतामा ने.भा.प्र.स. रहेको थियो । (स्रोत – जङ्ग परिवार) । यसरी छापिने सर्त भएपनि यसको प्रकाशन भने उक्त समयमा हुन सकेको थिएन । ढिलै भएपनि वि.सं. २००० सालतिर लेखिएको उक्त महाकाव्यको प्रकाशन भने २०५४ सालमा छोरी ज्वाइँ गुञ्जसिंग गुरुङद्वारा भएको हो । गोस्वामी तुलसीदासद्वारा रचित रामचरित मानसलाई छायानुवाद गरी लेखिएको महाकाव्य स्तरको कृतिमा आठ काण्ड, ६३१२ श्लोक यसमा रहेका छन् । विभिन्न छन्दमा सरल र सरस शैलीमा लेखिएको तुलसी रामायणले उनको विराट प्रतिभाको परिचय मिल्दछ । त्यसैले स्वामी प्रपन्नाचार्यले कान्तिपुरमा प्रकाशित (२०५५) लेखमा 'विशिष्ट ढङ्गले साहित्यमा साधनारत रहेर हजारौं श्लोक रचना गर्ने डिललीजङ्ग गुरुङलाई किन महाकवि नभन्ने भनी प्रश्न गरेका छन्।

**प्रेमोपहार** वि.सं. २०१६ सालमा लेखिएको तर २०४६ सालमा कविकी धर्मपत्नी अमला गुरुङद्वारा प्रकाशित भएको लघुकाव्य हो । मन्दाक्रान्ता छन्दमा १०१ श्लोकमा रचिएको यस काव्यले कविको आध्यात्मकेन्द्रीत कवित्व प्रतिभालाई राम्ररी चिनाएको छ । जीवन सँगिनीलाई सम्बोधन गरी अति सरल हृदयकालाई बुझ्न, प्रेरणा लिन सरलीकरण गरी लेखिएको अध्यात्मवादी चिन्तनको प्रेमोपहार हृदयहार नै बनेको पाइन्छ ।

**लाँकुरी** कविद्वारा वि.सं २०१७ सालमा रचिएको भए पनि २०४२ मा धर्मपत्नी अमला गुरुङद्वारा प्रकाशित भएको हो । पञ्चचामर छन्दमा ५२ श्लोकमा लेखिएको लघुकाव्य भए पनि देश भक्तिमय भावले भरिएको बेजोड कृति हो । यस कृति अत्यन्त उच्चकोटिको देखिन्छ । कवि डिल्लीजङ्ग गुरुङको काव्यिक उचाई यस काव्यले उठाएको पाइन्छ । देशभक्तिका अगाधभाव उनको लाँकुरीमा पाइन्छ । त्यस किसिमको भाव प्रस्तुत कवितांशबाट पनि भेट्टाउन सकिन्छ ।

म मासि दिन्छु खेत नै मलाइ छैन प्रेम यो
तिमी सदा हरा-भरा भए मलाइ लाख भो
म गर्छु प्रार्थना गरुन् समस्त पूर्ण ईश्वर
यही पवित्र काखमा म मर्न पाउँ आखिर ।

(लाँकुरी : २०४६ : ४६)

**नौ कोपिला** - कविद्वारा २०१६ सालमा लेखिएको नौ ओटा कविताहरूको सङ्ग्रह हो। प्रथम पटक नातिनी सुभद्रा गुरुङबाट २०५७ सालमा प्रकाशित भएता पनि अहिले डिल्लीजङ्ग समुच्चयमा यसलाई समेटिएको छ। छपाइका क्रममा केही अशुद्धि भए पनि सुभद्रा गुरुङद्वारा प्रकाशित 'नौ कोपिला' कविको मौलिक रचना भएको अनुभूति हुन्छ। 'नौ कोपिला' कविता सङ्ग्रहका प्रत्येक कविता ११/११ श्लोकमा रचिएका छन् । मेरो लेक, वैराग्य, उद्योग, घमण्ड, वर्षा ऋतु, शरद ऋतु, प्रार्थना, राष्ट्र झण्डा र विद्या शीर्षकमा रहेका कविता कोपिलामा होइन ढकमक्क फुलेर सुवास दिएका छन् । फूल उमार्ने माली नभएपनि सुवास आज पनि चलिरहेको छ, भोलि पनि चल्नेछ ।

**कुमारी** – 'कुमारी' उनको एक मात्र उपन्यास हो जुन २०१७ सालमा लेखिएको थियो । गद्य र पद्य मिश्रित नारी समस्या प्रधान अध्यात्मकेन्द्रि उपन्यास हो । यसमा प्रथम पुरुषशैलीको प्रयोग गरिएको छ । बालविधवा युवती र आमा-बुबाकी एकमात्र सन्तान चम्पाका कथा व्यथाहरू यसमा समेटिएका छन् । चम्पा यस उपन्यासकी आधुनिक नायिका हुन्, जो नेपाललाई वेलायत जस्तै सभ्य र विकसित बनाउने चाहना राख्दछिन् । तर, नेपाली समाजका अनेक वाध्यता र विवशता चम्पाले भोग्नु परेको पाइन्छ । आमाबाबुको मृत्यु पछि झन् चम्पाको जीवनकथा अत्यन्त कारुणिक पाइन्छ । चम्पाले अध्यात्मिक दृष्टिकोणले प्राप्त गरेको आत्मिक शान्तिलाई नै जीवनको सर्वोच्च प्राप्ति भएको ठहर गरिएको छ । यौवनलाई खेर नफाली नारी पुरुष मिलेर सभ्य र शालिन समाजको निर्माणतर्फ लाग्न पनि यसले आह्वान गरेको पाइन्छ ।

**चौवीस गुरु** – चौवीस गुरु उनको २०१६ सालमा रचित कविता सङ्ग्रह हो । यसमा पच्चीस शीर्षकमा १०१ श्लोक रहेका छन् । पृथ्वी, वायु, आकाश, पानी, अग्नी, चन्द्रमा, सूर्य, परेवा, अजिङ्गर, समुद्र, पुतली, भमरा, माहुरी बाह्र गुरुहरू

मानिएका छन् भने अर्का बाह्र गुरुमा हात्ती, महकाड्ने, हरिण, माछा, पिङ्गलावेश्या, कुररपन्छी (कऱ्याङकुरुङ), बालक, कुमारी, वाण बनाउने, सर्प, माकुरो र कुमालकोटी रहेका छन्। र अन्तिम गुरुको रूपमा मानव शरीरलाई नै लिइएको छ। भगवान् श्रीकृष्ण र उद्धवको सम्वादमा आधारित विषयलाई लिएर भावानुवाद गरी तयार पारिएको कविता सङ्ग्रह नै 'चौवीस गुरु' हो।

**बृन्दावन** – बृन्दावन भागवत् पुराणमा वर्णित कृष्णको लीलालाई कवितात्मक रूपदिई २०१६ सालमा रचना गरिएको खण्डकाव्य हो। शार्दूलविक्रीडित र शीखरिणी छन्दको प्रयोग गरी २६१ श्लोकमा लेखिएको यस काव्यमा श्रीकृष्णको शौन्दर्यलीला र गोपिनीहरूको प्रेमलाई विप्रलम्भ श्रृङ्गारको माध्यमबाट देखाइएको पाइन्छ।

**उद्धवगीता र कपीलगिता** – यी दुई काव्य २०१६ देखि ०१८ सालसम्ममा तयार गरिएको देखिन्छ। यी काव्यमा आत्मालाई अमर र अन्य सबैचीजलाई नाशवान वस्तुको रूपमा लिइएको पाइन्छ। आध्यात्मिक चिन्तनद्वारा पौराणिक विषयवस्तुको आधारमा लेखिएका यी दुई काव्य आध्यात्मिक चिन्तनका हिसावले उच्चकोटीका देखिन्छन्।

यति धेरै कृतिका रचनाकार कवि सु. डिल्लीजङ्ग गुरुङ स्वच्छन्द भावधारमा विचरण गर्न रमाउनुका साथै कल्पनामा भन्दापनि हृदयानन्दमा रमाएको देखिन्छ। आत्मबोध, आत्मरञ्जन जस्ता भित्री चेत पनि उनका रचनामा पाइन्छ भने अर्कोतिर देशभक्तिका भावना पनि उनका कविता भित्र सलसलाएको पाइन्छ। मनोरम प्रकृतिको वर्णन, स्वच्छन्द विचरणले गर्दा काव्य कोमलता उनका रचनाबाट अनुभूति हुन्छ। अत्यन्त सरल र सुबोध शैलीका माध्यमबाट रस व्यक्त गर्नु नै कवि गुरुङका काव्यका विशेषता हुन्।

स्वाध्ययनका माध्यमबाट धार्मिक ग्रन्थहरूको गहिरो अधययन र अनुभूति गरेर भावानुवाद गर्न रुचाउने उनको आध्यात्मकेन्द्री प्रवृत्तिले सफल परिणति प्राप्त गरेको पनि देखिन्छ। उनका अनूदित तथा मौलिक कृतिको अध्ययन गर्दा कवि गुरुङ नेपाली साहित्यका उच्चकोटिका प्रतिभा हुन् भन्ने स्पष्ट हुन्छ। उनका प्रेमोपहार र लाँकुरी खण्डकाव्यहरूलाई नियाल्दा कविशिरोमणि लेखनाथ पौड्यालकै हाराहारीमा आउने देखिन्छन्। देशभक्तिको अगाध भावबाट ओतप्रोत कवि डिल्लीजङ्ग आखिर लाँकुरीको छायामा मातृभूमि लमजुङको काखमा विलयहुन पुग्दछन्। उनको विराट कवित्वप्रतिभा भने अझै राम्ररी प्रकाशित भइ नसकेको पाइन्छ। नेपाली साहित्यको इतिहासमा लुकेको उनको साहित्यिक व्यक्तित्व आउँदा दिनमा छर्लङ्गिदै जाने छ भन्ने विश्वास गर्न सकिन्छ।

## 3=3=1=7 बद्रीनाथ सुवेदी

मर्स्याङ्दी (कर्मदा) र खुदी (सुधा) नदीको तटमा रहेको लमजुङको खुदी वेनीमा कास्कीको स्याक्लुङबाट कमलापति सुवेदी आई बसेका थिए। यिनै कमलापतिका जेठी पत्नी

तर्फका छोरा कवि एवम् विद्वान् बद्रीनाथ सुवेदी थिए जसको जन्म वि.सं. १९६१ मार्गमा भएको थियो। सात दाजुभाइ मध्येका साहिला बद्रीनाथले घरमै जेठा दाजु दण्डपाणिबाट प्रारम्भिक शिक्षा हासिल गरे र ९/१० वर्षकै कमलो उमेरमा पोखराको ऱ्यालेचौरमा पढ्न पनि पुगे। पोखराका संस्कृतका विद्वान्हरूको सङ्गतले पढाइमा औधी नै अभिरुची बढेर पछि रानीपोखरी संस्कृत पाठशाला काठमाडौँ पढ्न पुगेको देखिन्छ। रानीपोखरी संस्कृत पाठशालामा दधिराम गुरुबाट विशेष प्रभावित भएर शिक्षा ग्रहण गरे। बनारसबाट वि.सं. १९८० मा सम्पूर्ण मध्यमाको परीक्षा समुत्तीर्ण गरी उनी गाउँ फर्किए। पछि घनपोखराका प्रसिद्ध समाजसेवी सु. नरजङ्ग गुरुङको नेतृत्वमा (वि.सं. १९८६ मा) खुदी वेनीमा संस्कृत भाषा पाठशाला स्थापना गर्न सफल भएका देखिन्छन्। यही पाठशालाको प्रथम प्रधानाध्यापक भएर अध्यापन पेसामा लागेका पण्डित सुवेदीसँग कविवर माधव घिमिरे, पूर्वमन्त्री खगेन्द्रजङ्ग गुरुङ, डा. गोविन्द सुवेदी, सूर्यनाथ सुवेदी, कमलनाथ सुवेदी, कवि मेदिनी सुवेदी, डा. देवीप्रसाद सुवेदी, डा. सूर्यप्रसाद सुवेदी जस्ता कैयौ कवि एवम् विद्वान्हरूले शिक्षा ग्रहण गरेको देखिन्छ। अध्यापन कार्यमा मात्र नभै धार्मिक समारोह र कर्मकाण्डमा समेत प्रसिद्धि पाई चरी पण्डितका नामले यिनी परिचित भएका देखिन्छन्।

संस्कृतका प्रकाण्ड विद्वान् बद्रीनाथ सुवेदी विद्वतामा मात्र सीमित नरही साहित्य साधनामा पनि संलग्न रहेको पाइन्छ। 'महेन्द्रोदयम्', खण्डकाव्य, रुद्राध्यायसार, लमजुङ प्रदेश परिचय' 'के यो शम्भो ? कालकै खेल हो कि ?' जस्ता धेरै संस्कृत भाषा र थोरै नेपाली भाषामा उनका कृतिहरू देखिन्छन्। उनका संस्कृतमा लेखिएका काव्यहरूले संस्कृत भाषा प्रतिको ममता देखाउँछ भने नेपाली रचनाले नेपाली भाषा र साहित्यप्रतिको मोह देखाउँछ।

अन्त्यमा रुद्राध्यायसारः का कविका आफ्नै भाव पुष्पबाट श्रद्धाञ्जलीः

नरो वा देवो वा प्रकृतिवशगः प्राक्तनफलो
भविष्यं स्वात्मीयं रचयति शुभं स्वार्थिमतसा
तथैवैताँल्लोकान् भुवनरचना कार्य विदुषां
पुराणां शम्भूनां दिशति नमनं स्वस्तिवचनः।।

लामो समयसम्म अध्यापन कार्यमा संलग्न भएका कवि सुवेदीले दीर्घसेवा पदक प्राप्त गरेका थिए। आफूले अध्यापन गर्दै आएको भाषा पाठशालालाई संस्कृत मा.वि. मा उचाल्ने रहर जीवनमा सँगालेका सुवेदीले अन्त्यमा दुराडाँडामा २०२६ सालमा स्थापित पाणिनी संस्कृत मा.वि.मा अध्यापन गर्न पुगेका थिए। उक्त संस्कृत मा.वि.मा अध्यापन गर्दा गर्दै सिकिस्त बिरामी परेका कवि एवम् गुरु सुवेदीको उपचारकोलागि काठमाडौं लैजादै गर्दा वि.सं. २०२८ चैत्र २ गते ६८ वर्षको उमेरमा मृत्यु भयो।

उनका नाममा लमजुङ जिल्लाबाट सर्वाधिक अङ्कल्याइ एस्.एल्.सी. परीक्षा उत्तीर्ण

गर्ने १ जना र नेपाल अधिराज्यभरका संस्कृत मा.वि. बाट सर्वाधिक अङ्क ल्याइ उत्तीर्ण गर्ने १ लाई बद्रीनाथ पुरस्कार प्रत्येक वर्ष वितरण गर्ने कार्य गरेर उनका सन्ततीले कवि पं. बद्रीनाथ सुवेदीको स्मृति गरिरहेका छन्। लमजुङमा जन्मेर र लमजुङमै रहेर संस्कृत काव्यका साथै नेपाली साहित्यलाई सँगै हिँडाएर लैजान समर्थवान् कवि एवम् गुरु बद्रीनाथ सुवेदी देखिन्छन्।

## 3-3-1-8 टुकराज मिश्र-पद्मराज मिश्र

टुकराज मिश्र-पद्मराज मिश्र यी दुई दाजुभाइ हुन् तापनि यी दुई भाइ राम-लक्ष्मण जस्तै प्रतीत हुन्छन्। लमजुङको तार्कुमा जन्मेका यी दुई दाजुभाइको जीवनको अधिकांश समय भने काठमाडौँको धोवीधारा, पुतली सडकमा वितेको देखिन्छ। दाइ टुकराज जन्म वि.सं. १९६६/०९/१९ मा र भाइ पद्मराजको १९७२ माघ शुक्ल चौथीमा लमजुङको तार्कुटारमा भएको थियो। यिनीहरूका बाबुको नाम डिल्लीकृष्ण (जो अदालतका विचारी थिए) र आमाको नाम टीका लक्ष्मीदेवी मिश्र थियो। बाबु अदालतमा बिचारी थिए तर यिनको उमेरमै निधन भएको हुँदा उनले छोराहरूको हेरविचार गर्न भने नपाएको देखिन्छ। पढाइमा साहित्य भूषण हाँसिल गरेका यी दुई दाजु भाइ सरकारी नोकरी पनि खाँदै गरे भने अर्कोतिर लेखनमा पनि सँगै अगाडि बढे। भाइ पद्मराजको वि.सं. २०३९ सालमा निधन भएपछिमात्र यी दुई भाइको सहलेखन टुट्न गएको देखिन्छ।

बाबु डिल्लीकृष्ण मिश्रको चाँडै नै निधन र माइला भाइको समेत अकालमा निधन भएकोले यी दुई दाजुभाइको सम्पूर्ण सम्बन्ध आमासँगै गाँसिन पुगेको हुँदा आमाको निधन निकै चोटिलो र पेचिलो बन्न पुगेको देखिन्छ। यस किसिमको दुःखद स्थितिले उनीहरू भित्र रहेको काव्य चेत घचघचिएको पाइन्छ । साहित्यानुरागी सानीमा र भानुभक्तीय रामायणका प्रेरणाबाट उनीहरू साहित्यतर्फ प्रेरित भएको पाइन्छ । मातृ वियोगको क्रन्दनले छटपटिएका यी दुई दाजुभाइले आफ्नो क्रन्दन 'नेपाल माताको क्रन्दन' एक खण्डकाव्य (२०१३ साल) मै अभिव्यक्त गरेको पाइन्छ। स्रगधरा छन्दमा लेखिएको १२४ श्लोके यस खण्डकाव्यमा नेपाल माताको 'क्रन्दन' लाई बडो मर्मान्तक ढङ्गले प्रस्तुत गर्न कवि मिश्र बन्धु सफल देखिन्छन्।

क्रन्दनको एक श्लोक

> खुट्टा आफ्नो दह्रोहोस् बलसित उसकै आडले अड्न थालौं
> अर्काको आड खोजी कतिदिन रहने चाल त्यो झट्ट फालौं।

त्यस्तै दुई भाइको सह-लेखनमा लेखिएको प्रथम ऐतिहासिक उपन्यास हो 'रजबन्धकी' जुन १९९६ सालमा प्रकाशित भएको थियो । इतिहासलाई पछ्याएर लेख्ने प्रवृत्ति मिश्र बन्धुहरूमा देखिन्छ। गोरखा पत्र, शारदा (पहिलो) कविता, मधुपर्क आदि पत्रपत्रिकामा यिनीहरूको प्रशस्त फुटकर रचनाहरू प्रकाशित भएका देखिन्छन्।

**रजबन्धकी –** रजबन्धकी प्रथम ऐतिहासिक उपन्यास हो नेपाली उपन्यास जगतमा । जुद्धशमशेरको प्रधानमन्त्रीत्व कालमा वि.सं. १९९६ सालमा प्रकाशित यस उपन्यासमा लमजुङ र तनहुँका राजाहरूको चित्रण भएको छ । पृथ्वीनारायण शाहको एकीकरण अभियानमा (वि.सं. १९३८ तिर) लमजुङ, तनहुँ गाभिनु पूर्वका राजाले रजबन्धकी राखेको जमिन, सम्बन्धी विषय लिएर लेखिएको यस उपन्यासमा राजाको सामन्ती प्रवृत्ति (राम्रा चक्ला मिलेका जमिन रजबन्धकीमा लिने वा दिने प्रथा) लाई राम्ररी उदङ्ग्याइएको छ । त्यतिबेला सरकारी कर्मचारी पल्टनका भारदारहरूलाई तलबको सट्टा अवल जग्गा रजबन्धकीको रूपमा दिने तथा राजाले जग्गाको मूल्य लिइ साहू-सामन्तलाई दिने चलन रहेको पाइन्छ । वि.सं. १९९६ भाद्र १७ मा मुलुकभर रजबन्धकी थैली निखन्ने घोषणा जुद्धशमशेरले गरेका थिए ।

**रामकृष्ण कुवँर राणा –** यी दुई भाइको दोस्रो ऐतिहासिक उपन्यास 'बहादुर शाह' थियो । ने.भा.प्र.स. का तत्कालीन अध्यक्ष बालकृष्ण शमशेर (सम) द्वारा बहादुर शाहको सट्टा 'रामकृष्ण कुवँर राणा' बनाउन सुझाव दिइए अनुसार सच्याइएको थियो । यो उपन्यास वि.सं. १९९९ मा लेखिएको भएपनि प्रकाशित भएको पाइँदैन ।

**बुद्धपरिवार क्रन्दन –** 'बुद्धपरिवार क्रन्दन' शान्तिका अग्रदूत बुद्ध र उनको परिवारको दुःखलाई लिएर लेखिएको २०१३ सालमा प्रकाशित एक खण्ड काव्य हो ।

**रिडी र राँची** (हाँस्दै-रुँदै) – यो ऐतिहासिक उपन्यास भने पद्मराजको निधन भइसके पछि टुकराज मिश्रद्वारा लेखिएको हो, जसको प्रकाशन २०४८ मा भएको छ । ने.प्र.प्र. कमलादीद्वारा २०४८ सालमा यसको प्रकाशन भएको हो । यसमा राणा प्रधानमन्त्रीहरूको मनपर्दी, भारदारहरूको चाकडी, चापलुसी र दरबार भित्रका अनेक कर्तुतलाई केलाउने काम भएको छ । जनताको भलो गर्न खोज्ने तुलनात्मक ढङ्गले उदार मन भएका जुद्धशमशेर श्री ३ को पदवी छोडेर रिडी र पद्मशमशेर राँची जानु परेको घटनालाई लिएर बनाइएको यस उपन्यासमा दुई श्री ३ हरू रुँदै काठमाडौं छोडेर बाहिरिएका थिए भने काठमाडौंका जनता दीपावली गरी नयाँ प्रधानमन्त्रीलाई हाँस्दै स्वीकारेका थिए। जनताको यस्तो अजीव चाला र राणाहरूको खुट्टा तान्ने चालामालालाई यसमा व्यङ्ग्यात्मक ढङ्गले देखाइएको छ । यथार्थ परिस्थितिलाई आत्मसात् गरी लेखिएको यस उपन्यास औचित्यपूर्ण रहेको छ ।

**विदेहनन्दिनी –** विदेहनन्दिनी महाकाव्य लेख्न पनि टुकराजले प्रयत्न गरेका थिए तर उनको त्यो महाकाव्य लेखन भने अधूरो नै रहन गयो ।

वि.सं. १९९०/९२ तिर 'उद्योग' मासिकमा समस्यापूर्ति कविताबाट साहित्यिक यात्रा आरम्भ गरेका मिश्रबन्धुहरूले नेपाली साहित्यको दिग्दर्शन गोरखापत्रमा ५/६ अङ्कसम्म २००९/१० सालतिर प्रकाशित गराएका छन् । आदिकवि भानुभक्त सम्बन्धी पुस्तकै पनि तयार गरेका छन् । कवि पद्मराज पन्त जस्ता ओझेलमा परेका कवि साहित्यकारहरूको बारे

अनेक खोजमुलक फुटकर लेखहरू समेत प्रकाशन गरेका छन् । जिल्ला जिल्लामा साहित्यिक प्रतियोगीता सञ्चालन गरि पुरस्कृत गर्ने र  मासिक साहित्य अङ्क प्रकाशित गर्दै जाने उद्देश्यले साहित्य नीकेतन एक साहित्यिक संस्था २०१७ सालमा नित्यराज पाण्डे, शिवगोपल रिसालको सहयोगमा स्थापना गरेका थिए । यसै संस्थाबाट ३ पटकसम्म साहित्य सम्मेलन भएको पनि थियो ।

अप्रकाशित कृतिहरू –

1. प्राइमिनिष्टर हुनु अघि चन्द्रशम्शेरको गतिविधि (सह-लेखन)
2. देवशम्शेरको राजिनामा (सह-लेखन)
3. स्वार्थान्ध भीमशम्शेर (सह-लेखन)
4. न्यायको दिग्दर्शन (सह-लेखन)
5. मेरो आत्मकथा (टुकराजको एकल)
6. श्रेस्ता सम्बन्ध (टुकराजको एकल)
7. अदालत सम्बन्ध (टुकराजको एकल)

डिल्लीबजार अदालतबाट जागिर सुरु गरेका पद्मराज जिल्ला अदालतका न्यायधिश, क्षेत्रीय अदालत पोखराका रजिष्टारसम्म पनि भएका थिए। यही बेला उनको एउटा ‘माया’ खण्डकाव्यको पाण्डुलिपि तयार पारी परिष्कृत छन्दमा पुस्तकाकार दिएका थिए। यी दुई दाजु भाइका बीच यति मिल्ति थियो कि पद्मराजले टुकराजलाई “मेरो भाइ र बाबु भने पनि यही हो भनेर मानेका पाइन्छ। तिमीहरू (श्रीमती, छोराछोरी) को म हुन सक्छु तर मेरो भन्नु टुकराज नै हो”। यसरी सँगै खाने सुत्ने सहयात्रा र सहलेखन चलाएका भाइ भए पनि पद्मराजले पहिला संसार छोडे जुन समय थियो २०३९ साल बैशाख ४ गते। दाइ र बाबुको समेत भूमिका निर्वाह गरी टुकराज २१ वर्ष पछाडि २०६० साल पुष १९ गते भाइकै बाटोमा विलीन भए।

टुकराज नौसिन्दा पदबाट महालेखा परिक्षकको कार्यालयमा अधिकृतसम्म भएका थिए भने भाइ न्याय दिलाउने पेसामा न्यायाधीशसम्म भएका थिए । आ-आफ्ना फाँटमा भएका अनुभवका आधारमा आफ्नो लेखनीमा गति दिएका द्वय साहित्यकारको प्रवृत्ति हेर्दा प्रगतिवादी देखिन्छ । उनीहरूले अनाचारको विरुद्ध कलमद्वारा विद्रोह ओकलेका छन् । गरिब, सोझो, निर्दोको पक्षमै आफूहरूलाई सदा जीवनभर उभ्याइरहन सक्नु उनीहरूको ठूलो उपलब्धि हो।

नेपाली भाषा साहित्यका क्षेत्रमा आफ्ना बर्कतले भ्याएसम्म यी दुई दाजु भाइले आफ्नो समय, सीप र प्रतिभा पोखे । आफ्ना कैयौँ अप्रकाशित हस्तलिपिहरू भने प्रकाशित गर्न नसकेर पुरतत्व विभागमा राखेका छन् । चाकडी, चाप्लुसी, छक्का पन्जा नभएका सरल सहृदयी दाजु-भाइले जीवनमा धेरै अभाव, विपत्ती भोग्नु परेको देखिन्छ । जीवनभर यसरी मेहनत गरेर नेपाली साहित्यका निम्ति समर्पित प्रथम ऐतिहासिक उपन्यासकार भएर पनि यिनीहरूको प्रतिभाको खोज भई सही मूल्याङ्कन भने हुन सकेको छैन । निश्चय पनि यो दुःख

लाग्दो कुरा हो । राणाकालीन समय र त्यस पछि घटेका घटनाको उनीहरूले गरेको सङ्कलन महत्त्पूर्ण छ । देशभक्ति, स्वाभिमानी खालका कविता सिर्जना गर्नु, ऐतिहासिक सत्यतामा उपन्यास लेख्नुनै मिश्रबन्धुहरूको काव्यिक र औपन्यासिक प्राप्ति हुन्। उनीहरूको नाम, कृतिबाट नेपाली साहित्यलाई प्रतिस्थापित गराउन जुन योगदान पुगेको छ त्यसमा लमजुङ गर्व गर्दछ ।

### 3-3-1-9 जगन्नाथ ढुङ्गाना

लमजुङको दुराडाँडा, गिरेचौरमा आमा पवित्रा ढुङ्गानाको कोखबाट १९६८ आषाढ ५ गते जन्मेका जगन्नाथ जेठा छोरा हुन्। यिनका बाबुको नाम कालीदास ढुङ्गाना हो जो साधरण पढलेख गर्न जान्दथे। घर गाउँमा पढेर संस्कृतको सामान्य शिक्षा लिएका जगन्नाथ २००७ सालपछि लगतै खुलेका १२ प्रा.वि. मध्ये एकमा शिक्षक मै शिक्षण पेसामा प्रवेश गरेका थिए। कामका लागि बर्मा गएका गाउँका पुण्यशील अधिकारी, कृष्णकान्त पौडेल, ठाकुरनाथ अधिकारी, रामदत्त अधिकारीसँगै यी पनि बर्मा गएका थिए। बर्माको स्वाधिनता पछि फर्केका जगन्नाथ ढुङ्गाना र पुण्यशील अधिकारीले संयुक्त रूपमा एक कविता सङ्ग्रह छपाएका थिए, जसमा त्यस पुस्तकको कविता लेखन कार्य पूण्यशीलले र त्यसको संशोधनको कार्य जगन्नाथले निर्वाह गरेको देखिन्छ । उक्त पुस्तकको प्रचार दुराडाँडामा पनि उनीहरूले गरेका थिए। संस्कृत काव्य आदर्शलाई शिरोपर गरी उनले नेपाली छन्दमा संयुक्त पुस्तक बाहेक फुटकर लेख रचना लेखेको पाइन्छ। उनको लेख रचनामा श्रद्धाभाव, आदर्शता, यथार्थता समेत भेट्न सकिन्छ। उनका कविता भावात्मक भन्दा पनि वस्तु तथ्यमा आधारित देखिन्छन्।

जगन्नाथले आफ्ना दुई परिवारका छोरा छोरी पढाउन हुर्काउन जुट्दा जुट्दै २०२७ मङ्सिर ६ गते दिवङ्गत भएका थिए। मोटो खाइलाग्दो शरीरका धनी जगन्नाथले आदर्श गुरुका रूपमा जीवन व्यतित गरे । अहिले भौतिक रूपमा उनी नभए पनि भावनात्मक रूपमा घर गाउँ र चेला समाजमा चर्चित रहेका छन्।

साहिला मुखिया हरिदास अधिकारी जो व्यावहारिक कुशलताका धनी थिए, उनैको तारिफ गरी जगन्नाथले लेखेको एक टुक्रा कविता –

क्यावात ! धन्यवाद तिमी छौ हरिदास
नाम तिम्रो सदा जय गरुन् श्री राम ! राम !

यसरी आफूलाई एउटा आदर्श गुरु र आदर्श समीक्षक एवम् कविको रूपमा जगन्नाथले लमजुङमा आफूलाई चिनाउन सफल भएका छन्। उनको कवित्वको खोजी आउदा दिनमा अरु हुने विश्वास गर्न सकिन्छ।

### 3-3-1-10 शोभाकर उपाध्याय

लमजुङको दुराडाँडा अर्चलेनीमा पिता वसन्त शर्मा र आमा सन्तकुमारीका सुपुत्रका रूपमा वि.सं. १९७२ साल आषाढ १८ गते शोभाकर उपाध्यायको जन्म भएको हो। संस्कृत शिक्षाको परम्परागत ज्ञान गाउँघरमै लिएर उनले ११ पास (ज्ञान-ज्योतिष, गणित, संस्कृत) सम्म गरेका थिए। न्याय सेवामा नौसिन्दा पदबाट प्रवेश गरेका शोभाकरपछि जिल्ला न्यायाधीशसम्म भएका थिए। पातलो शरीर, मझौला कदका शोभकरको वाह्य व्यक्तित्वको अनुमानभन्दा भित्री व्यक्तित्व धेरै उच्चकोटीको रहेको देखिन्छ। वहुमुखी प्रतिभाका धनी शोभाकरले न्याय, साहित्य, धर्म संस्कृति हरेक विषयमा गहिरो ज्ञान आर्जन गरेका थिए। उनी जति चतुर उति मधुर पनि थिए । न्याय सेवामा हुँदा उनले निष्पक्ष र निडर भै न्यायको पक्षमा काम गरेको देखिन्छ। गोरखा अदालतमा विचारी रहँदा काजीको धाक देखाएर न्याय सेवा नै प्रभावित पार्न खोज्ने शोषक सामन्तहरूको विपक्षमा डटेर उनले काम गरेका थिए। त्यस्तै पश्चिम १ नम्बर काण्डलाई पनि नुवाकोटमा रहँदा उनले निष्पक्ष ढङ्गले छानविन गरी यथार्थ घटना प्रकाशमा ल्याएका थिए। न्याय सेवामा संलग्न शोभाकरमा कवित्व क्षमता पनि छिपेको थियो । त्यसैले न्याय सेवामा सम्लग्नरहे पनि साहित्य साधनामा निरन्तरता दिइरहने शोभाकर उपाध्यायको प्रकाशित कृति 'मातृवियोग' (शोककाव्य २०५९), श्री ५ को सवारी गौरव (२०२०) हुन्। उनका अप्रकाशित कृतिमा 'सामन्ती जालो (२००६), पश्चिम १ नम्बर काण्ड (२०१७) हुन्। यस वाहेक उनका फुटकर रचनाहरू पनि रहेका छन्।

शोभाकर भित्रको काव्य चेतले न्यायसेवामा रहँदा पनि घच्घच्याउथ्यो । घरमा श्रीमती छोराछोरीलाई चिठी लेख्दा पनि छन्दमा अर्ती उपदेश भरेर लेख्थे । यही काव्य चेतले गर्दा समाजमा विद्यमान विकृति र विसङ्गतिको चित्रण गर्दै कविता कोर्दै रहन्थे । प्रसिद्ध विद्वान्, समाजसेवी, शिक्षाप्रेमी एवम् हलो आन्दोलनका प्रवर्तक पं. तोयनाथ अधिकारीको सान्निध्यमा रहेका शोभाकरले सामन्ती जालो (२००६) जस्ता चेतनामूलक कृतिहरू दिन सफल भएका देखिन्छन्। जागिरको दौरानमा घर छोडि बाहिरिन पर्दा २०१४ सालमा आमा दिवङ्गत हुँदा समेत मुख देख्न नपाएका उनले 'मातृ वियोग' खण्डकाव्य नै तयार पारेका छन्। 'मातृवियोग' खण्डकाव्य अत्यन्त सरल, सुबोध भाषामा लेखिएको छ। वर्णनात्मक शैलीमा आएको उनको काव्य विचारप्रधान छ । त्यो भन्दा बढी हृदय प्रधान छ । मातृवियोगले भाव विह्‌ल कवि अन्त्यमा विचार वा बुद्धिले आफ्यो दिल धोएर शान्त्वना प्रदान गर्दछन्। काव्य जति सरल छ त्यति गहन पनि छ।

रसिला स्थलको दुभो सरी।
कुल मौलाई रहोस बेसरी॥
धनुबाँस सरी नुहे तिमी।
बनका काँश सरी फुले तिमी॥

(मातृ वियोग : १३)

उनको काव्य प्रतिभाको छनक प्रस्तुत श्लोकबाट पाउन सकिन्छ ।

'श्री ५ को सवारी गौरव' लघु काव्यमा २०१६ सालमा महेन्द्रबाट भएको स्वदेश भ्रमण दलमा रहेका कवि शुभाकरले भ्रमणको यथार्थ चित्रण गर्दै पत्नीलाई पत्रोत्तरको माध्यमबाट मार्मिक काव्य शक्ति प्रदर्शन गरेका छन्। भ्रमण दल भित्रको खानपान, बास, स्वास्थ्योपचारको वर्णन गर्दै आफ्नोबारे कुनै चिन्ता नलिन पत्नीलाई आह्वान गरेका छन्। जनताबाट राजालाई देखाइएको आदर सत्कार र राजाबाट देखाइएको प्रजा-प्रेमको झलक पनि उनले त्यसमा दिएको देखिन्छ। तत्सम शब्दको भरमार प्रयोगले गर्दा संस्कृतको साधारण ज्ञान नभएकालाई बुझ्न केही कठिन जस्तो देखिए पनि छन्द, लय, अन्त्यानुप्रास आदिको छरितो मिलानबाट काव्य पठनीय बनेको छ। उनका कृतिमा यथार्थ वर्णन तटस्थ विचार, न्यायको पक्षमा वकालत भेटिन्छ। अशान्तिको जरो पत्तालगाइ त्यसलाई उखेल्न उनका रचनामा प्रयास भएको पाइन्छ।

अत्यन्त तीव्र स्मरण शक्तिका धनी शोभाकर नौसिन्दाको जागिरबाट न्यायधीश भएका थिए भने फुटकर रचनाको घेरो नाघेर उनले कविता सङ्ग्रह, लघुकाव्य र खण्डकाव्य समेत दिएर नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएका छन्। जागिरको दौरानमा विभिन्न जिल्लामा पुगेर त्यहाँको भौगोलिक, सामाजिक जनजीवनलाई स्पर्श गरी लेखिएका कारणले उनका कृति यथार्थको नगिच देखिन्छन्। उनका काव्यमा सामाजिक मूल्य उद्वोधन भएकाले पनि काव्यको गहनता बढेको पाइन्छ।

शोभाकरको न्याय सेवामा निष्कलङ्कता पाइन्छ भने साहित्यमा गहनता भेटिन्छ । न्याय सेवामा लामो समयसम्म कर्तव्यनिष्ट रहेर सेवा गर्ने शोभाकरले २०४८ साल बैशाख १३ गते शुक्रबार संसार त्यागे पनि नेपाली साहित्यको फाँटमा भने अझै अजर छन्, अमर छन् । उनले नेपाली साहित्यमा विभिन्न कृति दिएर पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ। शोभाकरको नेपाली साहित्य साधनाले लमजुङे साहित्य धरातललाई अझ चौडचाउन सहयोग पुऱ्याएको देखिन्छ ।

## 3=3=1=11 श्रीप्रसाद घिमिरे

कास्की र लमजुङको सीमानामा बहने मादी (माहेन्द्री) र मिदिम (गोमती) नदीको तटमा अवस्थित चिसङ्कु , लमजुङमा वि.सं. १९७२ साल श्रावण ३२ गते नागपञ्चमीका दिन डि. श्रीप्रसाद घिमिरेको जन्म भएको हो। आमा गंगादेवी र तित्रे मुखियाबाट प्रसिद्ध बाबु ले. इन्द्रविलास घिमिरेका जेठा छोराको रूपमा श्रीप्रसादको जन्म भएको हो। त्यो बेलामा लखपति कहलिएको तित्रे मुखियाको घरको वैभव र चकचकीमा उनी हुर्किएका थिए। उनले प्रारम्भिक शिक्षा अनौपचारिक रूपमा घरमै प्राप्त गरे पछि वि.सं. १९८४ मा काठमाडौँको ठमेलमा रहेका भिनाजु पं. टेकनाथ पौडेलबाट संस्कृत अध्ययनको प्रारम्भ गरे। कास्की अर्घौंका टेकनाथ त्यतिखेर रानी पोखरी संस्कृत पाठशालाका व्याकरण गुरु भएकाले श्रीप्रसादले

संस्कृत व्याकरण लघु कौमदी, कोश तथा काव्य नै भिनाज्यूबाट सिकेका थिए। यही बेला कविशिरोमणि लेखनाथ तथा केशवनाथसँग पनि उनको सान्निध्यता बढ्न गयो। यही सान्निध्यताले डिट्ठा श्रीप्रसाद भित्रको कवि हृदय व्युँझिदै गएको देखिन्छ।

काठमाडौँमा बस्दादेखि नै जागिर खानका लागि राणा दरबारमा चाकडी चलाउनु पर्नेहुँदा बाबुको आज्ञाबमोजिम चाकडी गर्दागर्दै श्री ३ भीमसमशेरबाट जागिर पाइ श्रीप्रसाद १६ वर्षको कलिलो उमेरमा लमजुङको कुन्छा अदालतमा डिट्ठा बनेका थिए। भीम समशेर (१९८६-१९८९) को पतन पश्चात् खारेजीमा परेका श्रीप्रसादको नामसँग डिट्ठापद भने अहिलेसम्म पनि झुण्डिराखेको पाइन्छ।

जागिर टुटेपछि पनि उनी काठमाडौँ नै रहेर भिनाजु टेकनाथसँग व्याकरण अध्ययन र कवि लेखनाथसँग कविता लेखन अभ्यासमा केही समय संलग्न रहे। गुरु थापेर पढ्न भन्दा पनि उनले स्वाध्ययनलाई बढावा दिएको पाइन्छ। वि.सं. २००२ देखि लमजुङ चिसङ्कुमा स्थापित पब्लिक पाठशालामा तनहुँको छाङ्ग, जफदी निवासी पं. रुद्रमणि अधिकारी (१९७८) पढाउन पुगेका वखत श्रीप्रसादले करिव १ महिना जति तीनै कौमुदी (लघु, मध्य, सिद्धान्त), ज्योतिष, काव्य, मेघदूत आदिको व्यावहारिक अध्ययन गरेका थिए (धर्मशाली घिमिरेको जानकारीबाट)। तीक्ष्ण बुद्धिका श्रीप्रसाद सिकेका हरेक कुरा चाँडै टिप्न सक्थे।

मावली (मकैखोला), ससुराली (दाङ्सीमोरङ र दुराडाँडा) तर्फको राजनीतिक जागरणले प्रजातन्त्रप्रति उनमा पनि मोह जागेको देखिन्छ। दुराडाँडाबाट चलेको हलो आन्दोलनमा चिसङ्कुमा चन्द्रकान्त, चन्द्रशेखर, जानकीदत्त, गोकर्ण, बलभद्रसहित डि. श्रीप्रसादको सक्रिय सहभागिता रह्यो। सात सालको क्रान्तिमा डि. श्रीप्रसाद, बलभद्र लगायतका नवयोद्धाहरू सहभागी बनेका मात्र होइनन् ने.का. को चारतारे झण्डासमेत कर्पुटारमा फहराएका थिए। यस किसिमको विद्रोही स्वभावका कारणले उनी जेल समेत परेका थिए। पोखरा अड्डा, कुन्छा अड्डा कब्जा गर्ने कार्यका साथै गाउँघरमा राजनीतिक चेतना जगाउने कार्यमा समेत उनको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ। २००७ सालको क्रान्ति पश्चात २०१७ सालमा भएको प्रजातन्त्रको अपहरणपछि उनले निर्वासित जीवनसमेत बिताएका थिए। राजनैतिक आम माफी पछि स्वदेश फर्केका श्रीप्रसाद राजनीतिक मन मैलो पखाल्न एक दशक अवधि मौन ब्रत धारण गरी साहित्य सिर्जनामा जुटेको पाइन्छ। लहडी, हठी र जिज्ञासु प्रवृत्तिका श्रीप्रसादको पछिल्लो समयको दिनचर्या एउटा योगीको जस्तो देखिन्छ।

पं. टीकाराम पौडेल, कविशिरोमणि लेखनाथ पौडेल र केशवनाथ पौडेलबाट प्रभावित श्रीप्रसाद २००७ सालभन्दा अघिदेखि साहित्य सिर्जनामा लागिपरेका देखिन्छन्। हलो आन्दोलले पक्ष र विपक्षमा विभक्त ब्राह्मण समाजमा उठेका तर्क-वितर्क, गीत-कविताले उनको

कलमलाई तिखारेको पाइन्छ। गाउँघरका लोककविहरूले ब्राह्मणले हलो जोत्नु राम्रो होइन भन्ने पक्षमा लेखिएको एक टुक्रा यहाँ दिइएको छ।

डिट्ठा, गोकर्ण, बलभद्र, शिखे
हलो जोती-जोती चार भाइ बिग्रे
एकु हात अनौ एकु हात छाता
हे डिट्ठा, तिम्रो चलदैन भात।

(सुवेदी, २०५९, पृ. ९३)

लंजुङ् चिसंकू त जाँदै-नजानू
गैराले पनी त भातै नखानू
चल्दैन भात पकाउनु रोटी
ती रोटि खाँदा फेरिदैन धोती।

(सुवेदी, २०५९, पृ. ९३)

यस किसिमको सामाजिक परिवेशलाई परिवर्तन गर्ने लक्ष्यकासाथ श्रीप्रसादले कवितका माध्यमबाट हलो अभियानको पक्षमा आफूलाई उभ्याएको पाइन्छ। जातभात, छुवाछुत प्रथालाई तिलाञ्जली दिएर नयाँ युग फेर्न कवि श्रीप्रसादले हलो आन्दोलनको पक्षमा लेखिएको कविता :

भासिन्छ भूतल कि वा जल भेटिइन्छ
नासिन्छ बीज कि भिटामिन मेटिइन्छ
मर्छन कि गोरु कि धरातल जोतिइन्न
लौ बोल बिप्रहरूले, किन जोत्नु हुन्न।

नारेर गोतनय नै उस जोतबाट
उत्पन्न भोजन गरेपछि दालभात
हो खास जोत्तिन म भन्नु कुरा त कस्तो
खाएर मासु छु अहिंसक भन्नु जस्तो।

दुईहजार साल वरपरदेखि कविता लेख्दै आएका कवि डि. श्रीप्रसाद घिमिरेको पहिलो प्रकाशित कृति 'वैराग्य कल्पतरु' हो जुन २००२ सालमा प्रकाशित भएको पाइन्छ। राजा भर्तृहरिको वैराग्यमा आधारित कथालाई श्रीप्रसादले काव्यको रूप दिएका हुन्। उनका अन्य ग्रन्थहरूमा 'ऐन्द्रिय चाँदनी' (नेपाली व्याकरण), 'सुदामा' नाटक (२००५), मुहूर्त कल्पतरु (ज्योतिष) २००६, विषय वासना (नाटक) २०१७, छाया मेघदूत (२०२२), पृथ्वी नै

चल (२०२२) मनव धर्म (प्रथम खण्ठ) (२०२२) रहेका छन्। यस्तै अप्रकाशित कृतिहरूमा चूडामणि दूत (खण्ड काव्य), मानव धर्म (द्वितीय खण्ड), भागवत कल्पतरु (भागवतको भावानुवाद), मोक्ष तन्त्र (संस्कृत खण्डकाव्य) सुचित्र वैमलम् (संस्कृत नाटक नेपाली अनुवाद सहित), राजनीति रामायण देखिन्छन्।

यसरी डिट्ठा श्रीप्रसाद व्यक्ति एक व्यक्तित्त्व अनेक भएर कवि, नाटककार, अनुवादक, वैयाकरण, ज्योतिषी, राजनेतामा विभाजित देखिन्छ। वहुआयमिक व्यक्तित्त्वका धनी श्रीप्रसादको आफ्नो राजनीतिक व्यक्तित्त्व कवितामा पनि प्रकट भएको पाइन्छ।

> "यो के हो माथि रातो तलतिर अझ झन बीचमा मात्र सेतो
> सेतोमा चारतारा फरफर गगनमा फर्फराइ रहेको
> माया मारेर आफ्ना जीउ-धन सबको सुख भोगेर नाना
> नेपाली मात्रलाई सहज सुख दिने वीरको हो निशाना"

नेपाली काङ्ग्रेसको चारतारे झण्डाको वर्णन गरेर त्यसको सान्दर्भिक मर्मलाई मुखरित गरेका छन्।

संस्कृत साहित्यमा रहेको भर्तृहरि निर्वेद नाटकको कथामा आधारित रहेर उनले अनुवाद परम्परामा एउटा काव्यको सिर्जना गरेका छन्। वैराग्य कल्पतरु नामक यस काव्यमा भारतको उज्जैनवासी योगेश्वर राजा भर्तृहरि विक्रमादित्यका दाइ भनिन्छ। उनकै वैराग्यमा आधारित 'वैराग्य कल्पतरु' भित्र चार पुष्प रहेका छन् जस्मा शार्दूलविक्रीडित छन्दमा २१३ ओटा राम्रा पद्यहरू (सिलोक) छन्। सिद्ध योगिश्वर गुरु गोरखनाथका कृपा भएर वैराग्य उदय भएका राजा भर्तृहरिका कथालाई वहुत सुन्दर ढङ्गले काव्यमा कविले वर्णन गरेका छन्।

'ऐन्द्रिय चाँदनी' कवि घिमिरेको व्याकरणसम्बन्धी कृति हो। उपोद्घात, (वर्णमाला) मूल विषय र परिशिष्ट गरी तीन खण्डमा विभाजित यस कृतिमा छन्दको पनि राम्ररी परिचय दिइएको छ। पद्यात्मक सूत्रविधिमा लेखिएको यस ग्रन्थले पाणिनी परम्परालाई धानेको देखिन्छ। बाबु इन्द्र विलासकै नामबाट 'ऐन्द्रिय चाँदनी' नामाकरण गरेतापनि कौमुदीकै प्रतिच्छायाका रूपमा आएको पाइन्छ।

'सुदामा' नाटक भागवतमा संस्कृत परम्परामा रहेको धार्मिकग्रन्थ आधारित पद्यात्मक नाटक हो। गरिब सुदामा र सुमना, श्रीकृष्ण र अन्य पात्रहरूको चरित्रलाई प्रकाश पारी कृष्णभक्ति परम्परालाई जीवन्तता दिन खोजिएको पाइन्छ। अहिलेको परिवेशमा घटाएर सुदामा आउन नसकेता पनि श्रीकृष्णको लीला व्यक्त भएर आएको छ। मुहूर्त कल्पतरुचाहिँ ज्योतिष सम्बन्धी कृति हो।

'विषय वासना' (२०१७) नाटक भित्र ३ अङ्क र ९ दृश्य रहेका छन्। विषयलाई पुरुष, पति, नर र वासनालाई प्रकृति, पत्नी र नारीको रूपमा लिएर संवाद विवाद गराई अन्त्यमा सम्झौता देखाइएको छ। नारी स्वतन्त्रताको पक्षमा लेखिएको यस नाटकले विश्वकै महिला मुक्तिका लागि महिला जागरण ल्याउनु पर्ने कुरा देखाइ नवीन चेतको उद्घाटनसमेत गरेको छ।

कालीदासको मेघदूतको छायाको रूपमा 'छाया मेघदूत' आएको छ। पृथ्वी नै चल (२०२२) भूगोल सम्बन्धी वा ऋतु परिवर्तनसम्बन्धी ग्रन्थ हो भने मानव धर्म (पहिलो खण्ड) मा मानिसको सदाचारयुक्त भूमिका हुनु पर्ने कुरालाई केन्द्रीय कथनको रूपमा झल्काएको पाइन्छ। विश्वको सेरोफेरोमा घटेका घटना, व्याप्त विकृतिप्रति कविले यसमा अत्यन्त सरल भाषामा व्यङ्ग्यात्मक ढङ्गले शब्द-बाँण चलाएको पनि पाइन्छ।

छन्दलाई राम्ररी नचाउने कवि डि. श्रीप्रसादले सात्विक वा सन्तुलित, विचार वा भावमय पारेर विषयवस्तु काव्य सूत्रमा उनेको पाइन्छ। छन्द, लय, अनुप्रासयुक्त पद्य रचना गरिएका उनका कविता वा काव्य लयात्मक हुनाका साथै सुबोध पनि छन्। ऐन्द्रिय चाँदनी नामक नेपाली व्याकरण पनि पद्यात्मक शैलीमा लेखेको पाइन्छ। नाटकहरू (सुदामा, विषयवासना) पनि पद्यात्मक नै रहेका छन्। स्वच्छन्दवादी धारामा आफ्ना विचारलाई प्रभावित पारेर मानव धर्म, चुणामणि दूत लगायतका खण्डकाव्य सिर्जना गरेका छन्। यसरी उनले आफूलाई कवि व्यक्तित्त्वमा भन्दा साहित्यिक व्यक्तित्त्वमा निख्खारता दिएको भेटिन्छ।

डि. श्रीप्रसाद घिमिरेका काव्य भित्र कविलाई कतै राष्ट्रवादी, समाजवादी त कतै अध्यात्मवादी, योगवादीको रूपमा देख्न सकिन्छ। समग्र रचनामा हेर्दा कवि व्यावहारिक, प्रौढ र जीवनवादीको रूपमा देखिन्छन्। उनका प्रकाशित अप्रकाशित कृतिहरूलाई हेर्दा उनी नेपाली साहित्यको फाँटमा लुकेका महान् प्रतिभाको रूपमा देखिन्छन् भने कर्मिष्ठ साधक, प्रजातन्त्रको निम्ति सङ्घर्षशील योद्धा, स्वाभिमानी विचारका दृढ मनोवल र आफैमा रमाउने व्यक्तित्त्वको रूपमा देखिन पनि उनी पछाडि छैनन्। त्यतिबेलाका कहलिएर 'ठूला पण्डित' प्रखर वाचक नारायण दत्त घिमिरे, नरनाथ घिमिरेहरूको संगतले माझिएका श्रीप्रसाद बोल्नमा हक्की, निडर र दृढ रहेका पनि देखिन्छन्।

यसरी वहुआयमिक व्यक्तित्त्वका धनी कवि श्रीप्रसादले नेपाली साहित्यिक धरातलमा धेरै रचना दिएर नेपाली साहित्यिक फाँटलाई हराभरा बनाएको देखिन्छ। लमजुङ, चसङ्कूमा जन्मेर लमजुङ चिसङ्कूमै बसेर नेपाली भाषा, साहित्यको विकासमा उनले पुऱ्याएको योगदानमा लमजुङ गौरवान्वित भएको छ। कवि डि. श्रीप्रसाद घिमिरेको २०५५ साल श्रावण १३ मा जीवन-लीला समाप्त भए पनि उनी आफ्ना कृतिले जीवन्त भएका छन्।

## 3-3-1-12 माधव घिमिरे

राष्ट्रकवि माधव घिमिरेको पूरा नाम माधवप्रसाद घिमिरे हो। कविवर माधव घिमिरेको जन्म वि.सं. १९७६ असोज ७ गते लमजुङ जिल्लाको पुस्तुन बाहुनडाँडामा बाबु गौरीशंकर घिमिरे र आमा द्रौपदी घिमिरेका जेठा छोराका रूपमा जन्मेका हुन् । दुई अढाई वर्ष टेक्न नपाउँदै आमालाई गुमाएकाले उनको बाल्यकाल हजुरआमाका साथ वितेको थियो। घरमा प्यारो गरी 'सेतु' नामले बोलाइने बालक घिमिरे आज हामी नेपालीको मन जोड्ने भावमय 'सेतु' भएका छन्। उनले सानैमा बाबुका साथ लेक (जगराको लेक) र बेसी गरेका थिए, सायद त्यसैले उनी 'लाग्दछ मलाई रमाइलो' जस्ता गीत गाउँन सफल भएका हुन्।

बाहुनडाँडामा त्यतिबेला रहेको मणिका जोगीसँग उनले साधारण लेखपढ गरेका थिए। वर्णमालाका अक्षर फोरिसकेपछि दुर्गाकवच, ज्योतिष, कर्मकाण्ड संस्कृत साहित्य, दर्शन पढिने त्यसबेलाको परिपाटी बमोजिम केही समय घिमिरे ज्योतिष सिक्न दुराडाँडा पनि पुगेको पाइन्छ। दुराडाँडा पछि वि.सं. १९८६ मा स्थापित खुदीवेनीको संस्कृत भाषा पाठशालामा माधव घिमिरे खुदीवेनीमै रहेर पढेका पनि थिए। खुदीवेनीको पढाइपछि रानीपोखरी संस्कृत पाठशालाको छात्रावासमा एक मेघावी छात्रको रूपमा रहेर घिमिरेले अध्ययन गरेका थिए। घिमिरेसँगैका उत्तिकै मेधावी सहपाठी पूर्णप्रसाद 'ब्राह्मण' एक अर्कालाई हेड पण्डित हेमराज गुरुले दुईजनासँगै भएका ठाउँमा आजीवनका लागि मित्रताको सम्बन्धमा गाँसिदिएकाले उनीहरू एक अर्काका मीत भएर पढाइमा मैत्रीपूर्ण प्रतिस्पर्धा सामना गरेका थिए। सम्पूर्ण मध्यमासम्मको पढाइ नेपालमै सकेर संस्कृतमा शास्त्री (सर्वदर्शन) सम्मको शिक्षा लिन बनारस पुगेका घिमिरेले तत्कालको बनारसको प्रख्यात क्विन्स कलेजबाट शास्त्री प्रथम श्रेणीमा उत्तीर्ण गरेका थिए।

यिनको विवाह खुदीवेनीमा पढ्न बस्दा १५ वर्षको उमेरमा तरापु खुदीकी पोखेल कन्या गौरीसँग सम्पन्न भएको थियो। विवाह पश्चात् योग साधक गौरीका हजुरबुवा शिवप्रसाद पोखेलको आग्रहमा उनले ससुराली घरमा नै बसेर अध्ययन गरेका थिए। दुई सन्तान शान्ति र कान्तिको जन्मपछि २००४ साल असारमा गौरीको निधन भएपछि यिनको दोश्रो विवाह लमजुङ जिल्लाको दुराडाँडा जल्केनीकी अधिकारी कन्या महाकालीसँग भएको हो। महाकाली तर्फ घिमिरेका दुई छोरा र चार छोरी रहेका छन्।

जीवन निर्वाहमुखी सेवाको रूपमा सर्वप्रथम घिमिरे नेपाली भाषानुपरिषदमा वि.सं. १९९८ तिर प्रवेश गरेका थिए। त्यहाँबाट उनी २००१ देखि २००४ सालसम्म गोरखापत्रको सम्पादकीय विभागमा रहेर सेवा गरेका थिए। २००४ सालबाट आधारभूत शिक्षाको तालिम लिएर २००५ सालबाट लमजुङ गाउँसहरमा आधार स्कुलको संस्थापक प्रधानाध्यापक भै २००८ सालसम्म अध्यापन कार्यमा पनि उनी लागेका थिए। लमजुङ दरबार स्कुल पश्चात शिक्षक प्रशिक्षण केन्द्र र कलेज अफ एजुकेशनमा २००९ सालदेखि २०१४ सालसम्म सेवारत

रहन पनि पुगे। यसपछि नेपाल प्रज्ञा प्रतिष्ठानमा २०१४ साल पछि लगातार सदस्य रहेका घिमिरे २०३६ देखि २०४७ सम्म उपकुलपति र कुलपतिमा समेत कार्यरत रहन पुगे। उनी वि.सं. २०२८ देखि ने.प्र.प्र.मा आजीवन सदस्य रहेका छन् ।

घिमिरे नेपाल भारत मैत्री सङ्घको संस्थापक अध्यक्ष भै उक्त पदमा २००९ देखि २०१३ सम्म रहेका थिए। २०११ सालतिर खुलेको काव्य प्रतिष्ठानमा पनि घिमिरेको सक्रिय संलग्नता रहेको देखिन्छ। 'इन्द्रेनी' पत्रिकाको प्रधान सम्पादक भएर सम्पादन कार्य पनि गरेका घिमिरेको विभिन्न सङ्घ संस्थामा संलग्नता पाइन्छ। मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान संस्थाका संरक्षक समेत रहेका घिमिरे अब सालले ९० वर्षको उमेर लाग्दा पनि विभिन्न साहित्यिक समारोहमा प्रमुख आतिथ्य ग्रहण गरेको पाइन्छ।

कविवर माधव घिमिरेको योगदान, कृतित्व र व्यक्तित्वलाई हेरी उचित कदर गर्दै समर्पण गरिएका पदक, पुरस्कार र सम्मानहरू अनगिन्ती रहेका छन्। विशिष्ट एकेडेमी पदक (२०२२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३२), भानुभक्त पुरस्कार, भूपालमान सिंह पुरस्कार जस्ता अनेकौ पुरस्कार तथा सम्मानबाट कविवर घिमिरे सम्मानित रहेका छन्। नेपालले राज्यको तर्फबाट घिमिरेको राष्ट्रिय अभिनन्दन गर्नुका साथै राष्ट्रकविको उपाधि समेत २०६० सालमा प्रदान गरेको छ।

कवि तीर्थराज पाँडेको उपदेश मञ्जरीका सिलोक अत्यन्त मीठो भाकामा बाबुबाट सानोमा सुनेकाले अज्ञात तवरले आफूमा साहित्यिक प्रेरणा जागृत हुन गएको कुरा कवि घिमिरे स्वीकार्दछन्। साहित्यको केही बोध हुन थालेपछि घिमिरे लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र अन्त्यमा कालिदास तथा रविन्द्रनाथका कविताबाट कविता लेख्न प्रेरित भएको कुरा स्वयम् कवि घिमिरे बताउँछन्। प्रेमप्रसादको 'वीरक्त पुष्पाञ्जली' ले पनि बालक कालमा कविको काव्य चेत ब्यूँझिएको देखिन्छ। यतिमात्र होइन दुराडाँडामा ज्योतिष सम्बन्धी शिक्षा लिन गएका वखत उनले लेखेर सुनाएको कवितामा रामलाल साहुले दिएको पुरस्कारले पनि उनको कविता लेखनमा प्रोत्साहन पुगेको थियो। खुदीवेनीमा पढ्न बसेकै अवस्थामा पं. नारायणदत्त घिमिरे (चिसङ्कु, लमजुङ), पं. बद्रीनाथ सुवेदीजस्ता होनहार गुरुहरूसँगको सान्निध्य र प्रेरणाबाट कवि घिमिरेको पहिलो कविता 'ज्ञान पुष्प' (वि.सं १९९२ भाद्र १४ को गोरखापत्रमा प्रकाशन भएको थियो। यसरी 'सुस्तरी बढ्दै जाउ र गर्दै जाउ' मान्यताका आधारमा कवि घिमिरेको साहित्यिक यात्रा क्रमिक रूपले अगाडि अगाडि बढेको पाइन्छ। आखिर उनको कृति अश्वस्थामा नोवेल प्राइजको लागि समेत तत्कालीन ने.प्र.प्र.का उपकुलपति मदनमणि दीक्षितबाट नोवेल प्राइजका निम्ति प्रस्वावित समेत भएको थियो ।

२००४ साल जेठ १५-१७ गते सरस्वती सदनमा भएको बृहत् साहित्य सम्मेलनमा सहभागी भै 'राष्ट्रिय झण्डा' शीर्षकमा घिमिरेबाट पाठ गरिएको कविताले ताली मात्र होइन

पुरस्कारको थैली समेत भेटचो। यस ऐतिहासिक साहित्य सम्मेलनमा मीठो सुरिलो लयमा ओजस्वी ढङ्गले गाइएको देश भक्तिपूर्ण मार्मिक कविताले कवि घिमिरेलाई निकै माथि उठाएको थियो। यस्तै 'गाउँछ गीत नेपाली' भन्ने राष्ट्रिय गीत र 'गौरी' खण्डकाव्यले साहित्य शिखर चढ्नका लागि आधार स्थल तयार पारेको देखिन्छ।

कवि घिमिरेकी धर्म पत्नी गौरी र कवि घिमिरेको लाउँ लाउँ र खाउँ खाउँको बेला बीच गौरीको निधन भएको र दुई स-साना बचरीका साथ एक्ले ढुकुर रहेको जस्तो चोट घिमिरेमा परेकाले पनि अन्त्यन्त कारुणिक, सौन्दर्यानुभूति, सहज अभिव्यक्तिले गौरी खण्डकाव्य आएको छ। यसको सरल, सहज र मार्मिक अभिव्यक्ति भएकोले जनजिब्रोले पनि सहज ढङ्गले समातेको देखिन्छ। महाकवि देवकोटाको मुनामदन खण्डकाव्य पछि यो खण्ड काव्य आउनुमा यथार्थ घटनाको सहज कलात्मक अभिव्यक्ति नै हो। गौरी खण्डकाव्यमा मानिसका जीवनका विभिन्न पाटा पाठक आफैंमा घटित हुन जाने सामर्थ्यले पनि गौरी लोकप्रिय काव्य बन्न गएको छ।

यसरी साहित्य सिर्जनामा निरन्तर साधनारत रहदै आएका कवि घिमिरेको साहित्यिक व्यक्तित्त्व नै प्रखर देखिन्छ। बाल-साहित्य, राष्ट्रिय गीत, गीति नाटक, काव्य, खण्डकाव्यका क्षेत्रमा कलम सफलताका साथ चलाएर नेपाली साहित्यलाई उनले योगदान पुऱ्याएका छन्। उनका फुटकर रचनाहरू पनि राष्ट्रिय पत्रपत्रिकामा उत्तिकै प्रकाशित भएका पनि छन्। कवि घिमिरेका प्रकाशित कृतिहरू निम्नानुसार छन् :

| | | |
|---|---|---|
| 1= घामपानी | बालकविता सङ्ग्रह | वि.सं. २०१० |
| 2= बालालहरी | बालकविता सङ्ग्रह | वि.सं. २०२६ |
| 3= सुनपङ्खी चरी | बालकविता सङ्ग्रह | वि.सं. २०३५ |
| 4= बिजुले र बिजुला | बालकविता सङ्ग्रह | वि.सं. २०६३ |
| 5= नवमञ्जरी | कविता सङ्ग्रह | वि.सं. १९९४ |
| 6= किन्नर किन्नरी | गीत सङ्ग्रह | |
| 7= चैत वैशाख | कविता सङ्ग्रह | वि.सं. २०६० |
| 8= गौरी | खण्डकाव्य | वि.सं. २०१५, यो सोह्रौ पटकमा मात्र २०,००० प्रति प्रकाशित) |
| 9= राजेश्वरी (पापिनी आमा सहित) | खण्डकाव्य | वि.सं. २०१७ |
| 10= राष्ट्र निर्माता (धर्ती माता सहित) | खण्डकाव्य | वि.सं.२०३० |
| 11= इन्द्रकुमारी (गौंथली र गजधम्मे सहित) | | खण्डकाव्य |
| 12= शकुन्तला | गीति नाटक | |

| | | |
|---|---|---|
| 13= मालती मङ्गले | गीति नाटक | |
| 14= विषकन्या | गीति नाटक | |
| 15= बालकुमारी | गीति नाटक | |
| 16= हिमालपारि हिमालवारि | गीति नाटक | |
| 17= देउकी | गीति नाटक | |
| 18= अस्वस्थामा | गीति नाटक | वि.सं. २०५२ |
| 19= आफ्नो बाँसुरी आफ्नै गीत | (लेख सङ्ग्रह) | वि.सं. २०३० |
| 20= चारुचर्या | लेख/निबन्ध | |
| 21= मनचिन्ते मुरली | कथा | |
| 22= दुर्गा सप्तशती नागानन्द | (संस्कृतबाट नेपाली अनुवाद) | |

'हिमकमल' प्रकाशोन्मुख गीति नाटक हो।

करिव दुई दर्जन पुस्तकाकार कृति दिएर सालले ९० वर्षको उमेरमा पनि महाकाव्य प्रकाशमा ल्याउन तत्पर घिमिरेको साहित्यिक व्यक्तित्वलाई नियाल्दा त्यसका दुई पक्ष कवित्व र गद्यकारिता देखिन्छ। साहित्यिक क्षेत्रमा कवित्व उनको मूल व्यक्तित्व हो भने गद्य लेखन उनको गौण व्यक्तित्व हो। घिमिरेको गद्यकारिता केवल दुई कृतिमा सीमित रहेको छ। 'आफ्नो बाँसुरी आफ्नै गीत' र 'चारु चर्चा' गद्य सङ्ग्रह हुन्। 'आफ्नो बाँसुरी आफ्नै गीत' कविता सम्बन्धी लेखहरूको सङ्ग्रह हो। 'इन्द्रेनी' र कविता पत्रिकामा सम्पादकको हैशियतले भनिएका लेखहरू यसमा रहेका छन्। 'चारु चर्चा' पनि स्वतः प्रेरित भएर लेखिएको रचना नभै लेख्नु पर्ने प्रसङ्ग आइ पर्दा लेखिएका प्रकाशकीय, सम्पादकीय, मन्तव्य, प्रवचन र अन्तर्वार्ताहरू हुन्। त्यसैले यी कृतिहरू सिर्जनात्मक भन्दा पनि बढी प्रासङ्गिक छन्। माधव घिमिरे मूलतः कवि हुन्। उनी कवि हुनाका साथै गीतकार पनि हुन्। कविता, काव्य, गीत, गीति नाटकमा उनीले प्रसिद्धि पाएका छन्। बाल-गीत र बाल-कविताको क्षेत्रमा पनि उनको स्थान उच्च कोटीमा रहेको छ। नेपाल साहित्याकाशमा लेखनाथले छरेको उज्यालोलाई चहक र मनमोहक तुल्याउनु उनको विशेषता देखिन्छ। पूर्वीय साहित्य दर्शनका आधारमा नेपाली साहित्यलाई लेखनाथ पछि डोऱ्याउने श्रष्टा घिमिरे नै हुन्। उनका रचनामा देशभक्ति, प्रकृति प्रेम, संस्कृति प्रेम, मानवतावादी भाव, नारी पीडाको स्वर मुखरित भएको छ।

घामपानी, बालालहरी, सुनपङ्खी चरी, बाल-कविता सङ्ग्रह हुन्। उत्सुक बाल-मनलाई तुरुन्त छुने र पगालिदिने खालका उनका बाल-कविता सरल र सहज छन्। सङ्गीतमय मधुरता, भावमा मिठास र कुतुहलतले भरिएका उनका बाल-कविता प्रकृति र मानव बीचको सम्बन्धलाई जीवन्त तुल्याउने खालका पनि छन्।

काँकरीको आँकुरी
लुली-लुली पाखुरी
यति सानू आँकुरी
कसरी बेर्छस् थाँकुरी

(लुली लुली पाखरी)

यस्ता बाल-कविता गाउँदा हुने सङ्गीतमय मीठो झङ्कारले कोमल बाल-मष्तिष्क प्रभावित नहुने त कुरै रहदैन। त्यसैले उनी बाल साहित्यमा पनि चर्चित रहेका छन्।

'नव मञ्जरी' प्रारम्भिक कविता प्रष्फुटनको सँगालो हो भने 'चैत बैशाख' चाहिँ कविका २४/२५ वर्षको तन्नेरी वस्तादेखि ८४ वर्षको वयसम्ममा लेखिएका परिपक्व कविताको सँगालो हो। सरल भाषा, सुबोध तरभाव गाम्भीर्य, सटीकतापूर्ण कला, मनोवैज्ञानिकता, उत्सुकताले परिपूर्णता उनका कविता लेखनका विशेषता हुन्। उनका कविता साश्वत र सर्वकालिक पनि छन्।

आधा फुलेको वन फूल राम्रो
पूरै खिलेको जुन फूल राम्रो
परन्तु झन् भर्खर नै फुलेको
अहो ! कुमारीपन फूल राम्रो।

(अहो कुमारी मन भित्र केछ !: चैत-वैशाख)

घिमिरेको करुण रसले भरिएका खण्डकाव्य हुन्: गौरी, राजराजेश्वरी भने देश भक्तिको रसले भरिएको काव्य चाहिँ राष्ट्र निर्माता हो। वियोगको वेदनालाई अत्यन्त कारुणिक ढङ्गले उतारेकाले 'गौरी' नेपाली जन मानसमा अत्यन्त लोकप्रिय भएको छ। 'मुनामदन' को लोकप्रियताको हाराहारीमा आउन जमर्को गरेको खण्डकाव्य नै 'गौरी' देखिन आएको छ। नारीले खेप्नु परेको विवशताका पीडा राजेश्वरीमा अत्यन्त कारुणिक ढङ्गले प्रकट भएको छ। त्यस्तै गीति नाटकमा काव्य कला भाव सौन्दर्य, नाटच शिल्पले प्रभावकारी चमत्कार देखाएको पाइन्छ। यस किसिमको लेखन विशेषता लिएक काव्य पुरुष घिमिरे ९० नब्बेको वर्ष वयमा पनि नेपाली साहित्यमा सक्रिय छन्।

नेपालीका दिल दिल नयाँ ज्योति सल्काइ दिन्छु
नौलो आशा नवरस नयाँ चाख पल्काइ दिन्छु
पेली थोत्रा नियम युगको चक्र पल्टाइदिन्छु
हाम्रो झण्डा अनि हिमचुली माथि झल्काइ दिन्छु।

(राष्ट्रिय झण्डा : २००५)

यै नेपाली धूलामा दिलको फूल रोपेर
यै पहाडी शिलामा प्रीतिको गीत खोपेर
बाँचौला हामी नेपालमा चन्द्र र सूर्य ध्वजाली
बाचौलामा हामी हिमालमा ज्योतिको पङ्ख उचाली।
(राष्ट्रिय गीत)

बेलावखतमा माधव घिमिरेले राष्ट्रिय प्रतिभाका हैसियतले भारत, रुस, चीन, बङ्गलादेश, बेलायत, अमेरिका र स्कटलैण्डजस्ता देशको समेत भ्रमण गरेर अन्तर्राष्ट्रिय साहित्यको स्तर र रसलाई समेत जोख तौल गरेर नेपाली साहित्यलाई माथि उठाउन अश्वत्थामा जस्ता गीति नाटक उनले दिएका छन्। राष्ट्रभर अभियानकै रूपमा भएको उनको अभिनन्दनको क्रममा नेपालका विभिन्न जिल्लाका गाउँ ठाउँहरूमा पुगेर त्यहाँको जनजीवनलाई स्पर्श गरेर गीत कविता लेख्न घिमिरे सफल भएका छन्। उनी आफ्ना रचनामा एक लेखक, एक चिन्तक, एक साधक, एक सन्त भएर आफ्नो दृष्टिकोण प्रस्तुत गर्न पनि सफल भएका छन्। राजराजेश्वरी, पापिनी आमा, अश्वत्थामामा यस किसिमका विचार अझ प्रकट भएको पाइन्छ।

डाँडाकाँडा वन चउरमा घाम लागिरहेछ
लाखौलाखौ सुख र दुःखमा लोक लागिरहेछ
छिः यो बेला नबस घरमा निस्क आलस्य फाली
हे तन्देरी ! उठ न पृथिवी तीन वित्ता उचाली
(नवयुवक)

समष्टिमा हेर्दा २००७ सालको क्रान्तिमा जनपक्षबाट योगदान पनि पुऱ्याएका घिमिरे सशक्त राष्ट्रवादी कवि हुन्। सटिक सरल सहज तर गहन प्रकृति र मानववादी चेत भएका कवि घिमिरे सौन्दर्य चेतना, काव्य शिल्पी र शैलीका ढङ्गले पनि सफल कवि हुन्। जीवनका अनेक सुखदुःखका घुम्तीहरूलाई स्पर्श गरेर लेख्न उनी सफल देखिन्छन्। महाकाव्यहीन भए पनि महाकाव्य प्राप्तिको साधनामा आफ्ना काँप्ता औंलाहरू पनि कलात्मक ढङ्गले खेलाइ रहेका छन्। उनी सफल बाल-कवि, सचेत काव्य नाटककार, जीवन्त कविका रूपमा देखिन्छन्। मानव-हृदयलाई सहजै छुन सक्ने उनको कारुणिक काव्य 'गौरी' बाट माधव-गौरीको दाम्पत्य जीवन जीवन्त भएको छ, सफल भएको छ।

ताराले भन्दा विश्वमा के बढी देख्न सक्छु म ?
किरणले भन्दा रङ्गमा नौलो के लेख्नु सक्छु म ?
अमरावती शून्यमा रच्न चाहन्छु तैपनि
मनुष्यजस्ती अमर मैले देखिन क्यै पनि
(सुख र दुःख सञ्चित गर्छु)

यसरी लमजुङको एक विकट गाउँमा पाइला टेकेर नेपाली काव्य यात्राको शिखर पुग्न सामर्थ्य राख्ने घिमिरे लमजुङका भए पनि उनी राष्ट्रिय शिखर प्रतिभा बन्न पुगेका छन्। उनको योगदान लमजुङे साहित्य हुँदै नेपाली साहित्यमा मात्र होइन अन्तर्राष्ट्रिय साहित्यमै पनि महत्त्वपूर्ण रहेको देखिन्छ। नोवेल साहित्य पुरस्कारका लागि उनको काव्य 'अश्वत्थामा' प्रस्तुत हुनु पनि उनको गृह जिल्ला लमजुङ सहित नेपालको गौरव भएको छ।

## 3:3:1:13 गोविन्दप्रसाद सुवेदी

गोविन्दप्रसाद सुवेदीको जन्म लमजुङ खुदीवेनीको एक उच्च मध्यम वर्गीय ब्राह्मण परिवारमा भएको थियो। आमा पद्मावती देवीको कोखबाट वि.सं. १९७६ पौष शुक्ल पञ्चमीका दिन जन्मेका सुवेदी मनहर्क नामले प्रसिद्ध बाबु कमलापति र दाजुहरू पं. दण्डपाणी सुवेदी र पं. बद्रीनाथ सुवेदीका प्रत्यक्ष सम्पर्कबाट घरमै वि.सं. १९८१ माघ शुक्ल पञ्चमीका दिनदेखि प्रारम्भिक शिक्षा लिएका थिए। मामा शुकदेव बरालबाट दुई वर्ष (१९८५-८६) भकुण्डेबेसी लमजुङबाट पनि ज्योतिष, व्याकरण, काव्य, अमरकोष, हितोपदेश आदि पढेका थिए । उनका गायत्रीमन्त्र दाता गुरु पं. कालिदास ढुङ्गाना, दुराडाँडा, वेदमन्त्र दाता गुरु पं. सोमदत्त शर्मा, बाहुनडाँडा र दीक्षामन्त्र दाता गुरु नरहरि पौडयाल, रयालेचौर कास्की थिए । घर पछि खुदी संस्कृत भाषा पाठशालामा समेत पढेका गोविन्द सुवेदीका मनमिल्दा बालसाथी पं. होमनाथ सुवेदी, राष्ट्रकवि माधवप्रसाद घिमिरे र टीकाराम घिमिरे थिए। उनी ११ वर्षको कलिलो उमेरमै खुदीबाट पढ्न काठमाडौँ आएर १६ वर्षमा मध्यमा र पछि क्रमशः वैद्य भुषण, वैद्य विनोद र वैद्य रत्न समेतका तीन उपाधि लिन सफल भएका थिए । वि.सं. २००० सालमा कलकत्ता भारत हुँदै बाराणसी आइपुगेर थप माथिल्ला उपाधिहरू लिए । प्राध्यापन पेसामा संलग्न सुवेदी नेपाल तथा भारत दुबै स्थानमा प्रख्यात पनि बने । वि.सं. २००४ सालमा आमाको काशी कल्पवास बस्ने चाहना अनुरूप श्रीमती सहित आमाको सेवाकालागि पनि उनी काशी रहेका देखिन्छन्। काशीमा रहदा ७ विषयमा आचार्यको उपाधी ग्रहण गरेका सुवेदी लामो समय अध्यापन कार्यमा सरिक भएको पाइन्छ। काशीमा रहदा उनको छोरा जन्मेकाले काशीराज सुवेदी नामाकरण गरियो। डा. गोविन्द सुवेदी आफ्नो छोराका मात्र संरक्षक नरही तत्काल काशीमा अध्ययनरत सम्पूर्ण नेपाली विद्यार्थी वर्गको नै अभिभावक बनेका थिए। उनको जीवनी पढ्दा एउटा कुशल प्राध्यापक, कुशल कवि, सिद्धयोगि, तपस्वी, दूरदर्शी र भविष्यवक्ताको रूपमा पाउन सकिन्छ ।

कवि एवम् विद्वान् दाजु बद्रीनाथको सानै देखिको प्रभाव र उनकै साहित्य प्रतिको लगावले गर्दा प्राध्यापनका साथ साथै साहित्य तर्फ पनि उनको गहिरो अभिरुची देखिन लाग्यो। डा. गोविन्द सुवेदीको 'उठ रे विद्वत्सिंह विशाल !' नामक नेपाली कविता सङ्ग्रह नै एक मात्र नेपालीमा लेखिएको कृति हो। यो कविता सङ्ग्रह बाराणसीबाट २०४० सालमा प्रकाशित भएको हो, जसको प्रकाशक बाबु माधवप्रसाद शर्मा रहेका छन्।

**उठ रे विद्वत्सिंह विशाल ! –** यो कविको एकमात्र छोटा मीठा र मार्मिक नेपाली कविताको सङ्ग्रह हो । यसमा त्यति बेला बारणसी छात्र परिषद, समिति, अध्ययन मण्डलहरूबाट निस्केका मुखपत्र, छात्र प्रभा, शान्ति, सन्देश, हिमज्योति, बिहानीपख, भानुदय, उत्साह, मन्जरी, छात्रदूत, पीपल आदिमा छरिएका ४६ कविताहरू समालेर प्रकाशित गरिएको कविता सङ्ग्रह हो । आफ्नो मातृभूमिप्रति भक्ति र साहित्य प्रति अनुराग राख्न आह्वान गरिएका कविताहरू यसमा पाइन्छन् । सरल, सुबोध र मार्मिक ढङ्गले बिम्ब र प्रतीकहरूको समेत प्रयोग भएर आएका उनका कविताहरू निकै गहन छन् । यसमा कुटस्थ कविता रहेका छन् । उठ रे विद्वत्सिंह विशाल ! भन्ने शीर्षक कवितामा हे सिंह जस्ता विद्वान् ! तिमी आलस्य, परआसा त्यागेर उठ ! भनी सम्बोधन गरेका छन्। सिंहले जस्तै टाढा टाढासम्म हेरेर आफ्नो दूर गन्तव्यमा पुग्न, पुरुषार्थ देखाएर गर्जन, ॐकारको हुँकार गर्न समेत कवितामा आह्वान गरिएको छ । यस किसिमको ओजपूर्ण भाव कवितारूपी पुष्पका पत्ता पत्तामा पाइन्छन् । 'छात्रदूत,' नेपाली संस्कृत छात्रपरिषद् बाराणसी, वर्ष ३, अङ्क ३ मा २०१४ सालमा प्रकाशित कविताको सुन्दर अंश –

सुषुप्तिमय यो मस्तानामा मस्त नबन् उठ् गर्जन गर ।
आफ्नै बलले कमा उपार्जन अर्काको भर कत्ति नपर ॥
(सुवेदी, २०६२ : ६२)

कतै रसिक भएर त कतै ध्यानी, ज्ञानी, दानी भएर त कतै दार्शनिक भएर काव्यमा कविको कवित्व प्रकट भएको पाइन्छ । उनका कवितामा मातृभूमिका प्रेम भावनाका जलले सेचन गरिएको पाइन्छ ।

दिन दिन नबहाऊ आँशु आमा ! अवश्य
मपनि डुलिरहेछू ली कुनै उच्च लक्ष्य ।
जुन दिन हुनजाला लक्ष्य पूरा रमाई,
दगुरि दगुरि झट्टै आँशु पुछ्नेछु आई ॥
(सुवेदी, २०६२ : ६७)

हास्य मिठास भरेर कविले विद्वान्को महिमा पनि यसरी गाएका छन् : जसबाट रसिक पाठकहरूले रसस्वादन गरेर जीवन रसमय बनाउन सक्छन् ।

कोप्चे ग्वाँचे तोरिगाँठे गँडचाहा,
च्याङ् भाङ्रे जोइटिङ्ग्रे फटाहा ।
लाम्पेटे होस् च्याउरे होस् भुँडे होस्,
विद्यावान्को मान नै हुन्छ जे होस् ।
(सुवेदी, २०६२ : ६४)

सात विषयमा आचार्य गरेका सम्मान्य गुरु गोविन्द सुवेदीको बारणसीमा रहेर

संस्कृत भाषा तथा काव्यको विकास गर्न उल्लेखनीय योगदान रहेको देखिन्छ। हिमज्योति, वर्ष १२ अङ्क १२ वि.सं. २०३३/०३४ मा प्रकाशित कवि विद्वान् गोविन्द सुवेदीको कविताको एक अंशबाट पनि उनको सरल, सहज र गहन अभिव्यक्ती प्रष्टिएको पाइन्छ । कविले रुखको एउटा पात पनि विकम्बा (कामनलाग्ने) हुँदैन भने मनुष्य जीवन कहाँ बिकम्बा हुन्छ भन्ने प्रश्न गर्दै मानव जीवनलाई सार्थक तुल्याउन आह्वान समेत गरेका छन् । 'एकता' शीर्षकको कविताको उक अंश जुन 'हिमज्योति' पत्रिका : वर्ष १२, अङ्क १२ संवमत् २०३३/३४ मा प्रकाशित भएको थियो ।

तृण - तरु त हुँदैन है विकम्बा
मनुज त हुन्छ हरे ! कहाँ विकम्बा।
बुझिकन सबसाथ मेल राख
नफुट कसैसित एकता समात।

(सुवेदी, २०६२ : ६२)

प्रा.डा. गोविन्द कविराजबाट धेरै संस्कृत काव्यहरू नेपालीमा अनुवाद पनि गराइएका छन्। देवी भागवत्, महापुराण, स्कन्द पुराण अन्तर्गत हिमवत्खण्ड गोरक्षटिल्ला मन्दाकिनी जस्ता अरु अनुवाद पनि रहेका छन्। उनले देवी भागवत महापुराणका चार स्कन्ध नेपालीमा अनुवाद समेत गरेको देखिन्छ । उनमा रहेको संस्कृत विद्वता र संस्कृतबाट नेपालीमा अनुवादित साहित्य नै उनको ठूलो प्राप्ति हो। नेपाली तथा संस्कृत भाषा साहित्यको विकासमा उनबाट महति सेवा भएको पाइन्छ ।

पद्मप्रसादः स च शेषराजो
गोविन्दनामा स गुरुश्च तत्र ।
त्रिमूर्तिसञ्ज्ञामलभँस्त्रयस्ते
मुक्तिप्रियास्तुष्टहृदो वयोऽन्ते ॥

(घिमिरे, २०६२ : ७२)

काशीनगरीमा नेपालका तीन वरिष्ट विद्वान् न्यायाचार्य पद्मप्रसाद भट्टराई, साहित्याचार्य शेषराज रेग्मी र गुरु गोविन्द कविराजले त्रिमूर्तिको नाम पाएका थिए। संस्कृत भाषाको महिमा फिजाउने कवि सुवेदी स्पष्टवक्ता, हँस्यौलो, आचारवान देखिन्छन्। सही र सत्य कुरा बोल्न, लेख्न पछि नपर्ने प्रवृत्ति भएका कवि सुवेदीको एक पद्यको पङ्क्ति स्वयम् काव्य बन्दछ र भविष्यवाणि पनि बन्दछ ।

'शाही तन्त्रै बीच बसी उँभो हुन्छ भन्ने नठान'

(कवि सुवेदी, बालकृष्णबाट प्राप्त ।)

लमजुङको एक विकट गाउँमा जन्मेर काशीमा पढेर सचेत भएका सुवेदीले शाही तन्त्रको खिलाफमा र प्रजातन्त्रको पक्षमा यस प्रकारका वजनदार कविता लेखेका छन्।

यसबाट पनि कवि सुवेदीको निडर र स्पष्ट स्वभाव झल्किन्छ। अत्यन्त सरल, उदार, रसिक, हँस्यौलो, धीर देखिने सदाचारी विद्वान् गुरु गोविन्दप्रसाद सुवेदी अनुकरणीय पाइन्छन् । भारतको बनारसमा पुगी संस्कृत साहित्यका धुरन्धर विद्वान् बनी ३० वर्ष (२०१४-२०३५) प्राध्यापन पेसा र साहित्य सिर्जनामा उनले पुऱ्याएको योगदान संस्कृत तथा नेपाली साहित्यमा अमर भएको छ। यस किसिमका विशिष्ट प्रतिभा आफ्नो कोखबाट जन्माएकी लमजुङे धर्ती पनि धन्य भएकी छन् । कवि डा. गोविन्द सुवेदीको साहित्य साधनाले लमजुङे साहित्यको धरातल मात्र होइन सिङ्गो नेपाली सहित्यको धरातल उचो भएको छ ।

## 3=3=1=14 नरकान्त अधिकारी

लमजुङको दुराडाँडा, स्वाँरामा वि.सं. १९७७ पौष २२ गते बुधबार कृष्ण पक्ष द्वादसी तिथिमा आमा मनुमाया अधिकारीको कोखबाट जन्मेका नरकान्त अधिकारीका बाबु शेषकान्त अधिकारी जो राणा शासनमा अदालतमा लेप्टन भएका थिए। घरमा साधरण संस्कृत शिक्षाको ज्ञान लिएका नरकान्त लमजुङकै सर्वप्रथम म्याट्रिक परीक्षा उत्तीर्ण गर्ने देवतापानी दुराडाँडाका पुष्करनाथ बास्तोला कहाँ गएर १०/८ महिना जति अङ्ग्रेजीको अध्ययन पछि काठमाडौँमा पढ्न गएका थिए। बाबुको जागिरको दौरानमा बीरगञ्ज पुगेका उनले त्यहीको पाठशालाबाट पनि शिक्षा लिएका थिए। त्यसपछि दरबार हाइस्कुलमा ७ कक्षामा भर्ना भइ पढेका नरकान्तले पढाइमा राम्रो ल्याकत देखाउँदै गए। घरमै ले. बुबाले राणा बिरुद्धको राजनीतिक जागरणका लागि झिकाएका विश्वामित्र, गोरखापत्र जस्ता पत्रिकादि पढेर आधुनिक जमानालाई आमन्त्रण गरिसकेका नरकान्त "हुने बिरुवाको चिल्लो पात" भने झैँ कक्षामा उत्कृष्ट विद्यार्थीहरूको पङ्क्तिमा उभिन पुगे। यतिवेला उनका सहपाठी श्यामृष्ण भट्टराई, कनकबहादुर श्रेष्ठ, डिल्लीबहादुर बस्नेत, पदमबहादुर कार्की र गोविन्दनरसिं रायमाझीहरू सित प्रतिस्पर्धा चलेको थियो। वि.सं. १९९४ मा एस्.एल्.सी. परीक्षा प्रथम श्रेणीमा पास गरेका नरकान्तले त्यसपछि एकातिर अध्ययन बढाउँदै र अर्कोतिर सरकारी निजामति सेवामा समेत आफूलाई सम्लग्न गराउँदै त्रि-चन्द्र कलेजबाट वी.ए. (स्नातक) सम्म पास गरेका थिए।

खरदार सरहको पद (त्यतिवेला अफिसर सरह) बाट जनगणनाकाम २००१/०३/३१ देखि निष्कलङ्कित ढङ्गले ग्रहण गर्दै निजामति सेवामा प्रवेश गरेका नरकान्त जागिरकै क्रममा मन्त्रालयको (अर्थ/रक्षा) सचिव पदमा पदासिन हुन पुगेका थिए। युवा तन्नेरी अवस्थाको जागिरे जीवनबाट ६० वर्षे उमेरसम्म जागिर खाँदा पनि निष्कलङकित, निष्पाप भएर निस्कनु उनको विशिष्ट चरित्रको पहिचान हो। 'सादा पोशाक (जीवन) उच्च विचार' अँगालेर अहिले ८९ ले देख्न लागेको उमेरमा पनि एकैनासको नित्य कर्म, उत्तिकै तिखो मष्तिष्क, थोरै बोल्ने र गहन महत्त्व छाड्ने दूरदर्शी व्यक्तिको रूपमा देखिनु नरकान्तका आफ्नै विशेषता हुन्।

उनको परिवार धार्मिक प्रवृत्ति भएकाले र उपाध्याय ब्राह्मण कुलमा हुर्केकाले बालकालदेखि नै सनातन धर्म उनको जीवन मार्गको रूपमा चित्रित भएको पाइन्छ। त्यसैले

जीवनको धेरै समय धर्मप्रधान कल्याणकारी कार्य, आध्यात्मिक चिन्तन मनन र लेखनमै बितेको पाइन्छ। आत्मप्रशंसा पटक्क मन नपराउने अधिकारी आफ्ना कुनै पनि कार्य आफै भन्न मन पराउँदैनन्। उनका बारेमा जान्न उनका नजिकका आफन्त जनलाई स्रोतको रूपमा लिन परेको र आफैले देखे भोगेको आधारमा सूर्यलाई चिनाउन, देखाउन बत्ती जलाउनु परेको छ।

पातलो शरीर तर ओजमय व्यक्तित्वका धनी नरकान्त अधिकारीलाई साहित्यकार, कवि, आध्यात्मिक एवम् दार्शनिक व्यक्तित्त्वको रूपमा पाउन सकिन्छ। कर्मनिष्ठ महान् साधक पं. तोयनाथ अधिकारी (दुराडाँडा, लमजुङ) जो दिव्य जीवन प्राप्तिका लागि सदा अभिप्रेरित भइरहन्थे, तिनैको छाप, प्रभाव र प्रेरणाबाट नरकान्त अधिकारीको पहिलो अनूदित कृति २०५३ सालमा प्रकाशित भयो 'शिवमहिम्न स्तोत्र'। हुन त कोमल गीताका रचनाकार कवि पं. कोमलनाथ अधिकारी स्वयम् नरकान्तका माहिलो बुबा भएकाले उनको पनि प्रभाव छिपिरहन सक्दछ।

**शिव महिम्न स्तोत्र** : 'शिव महिम्न स्तोत्र' पुष्पराज गन्धर्वले संस्कृत भाषामा गाइएको शिव स्तुति हो, जसलाई नरकान्तले उनै पं. तोयनाथ अधिकारीबाट बाल्यावस्थामा सुनेका थिए । त्यसैको छायानुवादमा भावार्थ, अर्थ समेत दिएर वडो सरल, सहज र रोचक भाषा शैलीमा ढालेर प्रस्तुत गरेको पाइन्छ। 'शिव महिम्न स्तोत्र' का संस्कृत श्लोकलाई नेपालीमा अत्यन्त सरल र सरस भाषा शैलीमा समछन्दी पद्यानुवाद पनि गरेकाले यस अनुदित कृतिका आधारमा नरकान्तलाई कवि एवम् साहित्यकारको विशिष्ट पङ्क्तिमा राख्न पनि सकिन्छ।

'शिव महिम्न स्तोत्र' पछि उनको भक्ति सूत्र (२०५५), स्तुति-पुष्प (२०५८) र पातञ्जल योगदर्शन (२०६१) र अमरापुरीभन्दा माथिको नन्दनवन (२०६४) प्रकाशित भएका छन्। यी सबै पद्य र गद्यमय रचनाको भाषा शैली अत्यन्त सरल र सरस देखिनुका साथै परिष्कृत पनि देखिन्छ। भक्ति साहित्य भनौ वा स्वस्थ विचार प्रधान आध्यात्मिक साहित्यमा नरकान्त अधिकारीको ठूलो दखलता देखिन्छ। यी कृतिले नेपाली भक्ति साहित्यमा ठूलो महत्त्व राख्न पुगेको देखिन्छ। प्रफुल्लित मन, स्थिर बुद्धि र आनन्द हृदय प्राप्तिका लागि सहायक साधन हुन सक्ने उनका कृतिहरू उच्च कोटीका देखिन्छन्।

**पातञ्जलयोग दर्शन –** महर्षि पतञ्जलिको अमर कृति हो यसलाई अनुवादक नेपाली भाषामा अत्यन्त सरल तर मिष्ट शैलीमा रूपान्तरित गरेर दिन सफल भएका छन् । आठ भागमा विभाजित ४७४ पृष्ठको यो अनुवादित कृति सांसारिक मोहतर्फ मोहित नभै चित्त र शरीर धर्मलाई समेत संयममा राखेर अन्तःकरणलाई पातञ्जलि योगमै स्थिर राखेर तयार पारिएको पाइन्छ । सानो तपस्याको उपज होइन यो । उमेरले, बुद्धिले समेत परिपाक अवस्थामा उब्जेकाले यसको गहनता यसै झल्कन्छ । म

जस्तो टापटिपे टिप्पणीकारले टिप्पन गर्नु सुहाउने कार्य होइन तर 'पातीको पात लिए पनि भगवानको पूजा हुन्छ, श्रद्धा हुन्छ' भन्ने मतिले अध्येताको बोधो कलम घोटिएको छ । यसमा उच-नीच भएमा क्षमा चाहदै सबै लेखक, कविका हारमा यो कोमल र मनोहारी नाम नरकान्त नराख्दा पक्षपात हुने भयले मात्र जानी नजानी राखिएको छ । अबोध बालकले बाबुआमाका तल माथि कुनै पनि कार्य गर्न सैह्य हुन्छ, क्षम्य नै हुन्छ भन्ने मनसायले मात्र लेखिएको छ ।

**स्तुति-पुष्प श्रीमद्भागवत् महापुराण** – देवर्षि नारदले सल्लाह दिए बमोजिम लोक हितकालागि भगवानको गुणानुवाद गर्दै महर्षि वेदव्यासबाट रचिएको ग्रन्थ श्रीमद्भागवत-महापुराण हो । यसमा भएका स्तुति भण्डारबाट सप्रेम नेपाली गद्यमा विद्वान् श्री नरकानत अधिकारीबाट भण्डारण भएको छ । यो अध्यात्म दीपको उज्यालो उनीबाट छरिएको छ । यसैबाट हाम्रो नेपाली भक्ति साहित्य अझ उजेलिन पुगेको छ । हुन त यसलाई एकथोकमामात्र सीमित राखेर बाँध्न मिल्दैन । यस किसिमको स्तुति भाषा, साहित्य, कला, संस्कृति, मनोविज्ञान, धर्म, इतिहास, समाजशास्त्र, शिक्षा, दर्शन आदि हरेक क्षेत्रका कुराले भरिपूर्ण भएको कुरा सर्वमान्य मान्न सकिन्छ । यस किसिमको रसिलो साहित्यानुभूति तथा नाम धन्य नरकान्तले सरल, सरस र मनोहारी भाषा शैली, रस, अलङ्कार, गुण, भाव आदिको मिलनबाट जुन यो स्तुति-पुष्प संहिता दिनु भएको छ नेपाली साहित्यमा अद्भूत प्राप्ति हुन गएको छ । संस्कृत पढ्न नजान्ने, नबुझ्ने, बिधि पूर्वक मानवीय धर्म र कर्म गर्न नजान्ने, नसक्नेहरूलाई सरल नेपाली भाषामा श्रद्धाका साथ सुनेर, पढेर हृदय निर्मल बनाउँदै क्षुद्र सुखबाट होइन परम मानसिक शान्तिपूर्वक जीवन विसर्जन गर्न चाहनेलाई यो स्तुतिपुष्प अचूक औषधि हुनेछ । आ-आफ्नो वासनानुकूल मानिसले तुच्छ वासना चुँडाएर, सर्वकल्याण, सर्वसुखायतिर सेवाभावले लम्कन समेत यसले उर्जा प्रदान गर्न सक्ने देखिन्छ । केवल आफ्ना कम्जोरीलाई निकाल्न पश्चातापका आँसुलाई वगाउन सकेमा हर्षाश्रु, अर्थात आनन्दको तरल अनुभूति स्वतः हुने नै छ । यसमा भगवानलाई स्तुति गरिएका ६७ स्तुति - पुष्प ९४१ पृष्ठमा रहेका छन् । यस किसिमको वृहत् भक्ति काव्य नेपाली साहित्यमा स्वतः महान् प्राप्ति भएको छ ।

**अमरापुरीभन्दा माथिको नन्दनवन** - प्रो. रामप्रसाद मानन्धरले आइ.ए. पढाउँदा सुनाएको नाम रुमीको करिव ६५ वर्ष अघिको सम्झनाको प्रेरणा स्रोतबाट नरकान्त अधिकारीद्वारा अनूदित कृति यो नन्दनवन । 'A garden Beyond Paradise' वनमा लेखिएका यी पद्यात्मक पङ्तिबाट प्रभावित भएर यो अनूदित कृति नेपाली साहित्यमा आउन सकेको हो ।

**भक्ति सूत्र** – देवर्षि नारद र महर्षि शाण्डिल्यका भगवद् भक्तिका सूत्र यसमा उनिएका छन् । भक्तिको पावन गंगालाई 'गागरमा सागर' भने झै भरिएको छ । उक्त 'गागरको सागर' लाई भेट्न साधक आफैले आफ्नो मन वा हृदयलाई आफैले अनुशासित गराइ खोज गर्नु पर्दछ । तैपनि यहाँ अनुवादक नरकान्त अधिकारीले

भक्ति मार्गका यी दुई पथ-द्रष्टाको भक्ति सूत्रलाई नेपाली भाषामा सबैले बुझ्ने सरल र सरस पद्धति अपनाएर गद्यमा अनुवाद गरेका छन् । त्यसैले यस अनूदित ग्रन्थमा नारद भक्ति सूत्रमा १० अध्याय र शाण्डिल्य भक्तिसूत्रमा १०० वटा स-साना भक्ति सूत्र उनिएका छन् । भगवद् भक्तिको कस्तो लक्षण हुन्छ भन्ने कुरालाई सरलीकरण गरी यसमा दिइएको छ । कुनै पूजा सामाग्री नचाहिने, कुनै त्यस्तो निष्ठापूर्वक कर्म गर्नु नपर्ने, कुनै पुरेत वा कर्मकाण्डी राख्न नपर्ने र कुनै निश्चित समय नचाहिने, कतै धाउन नपर्ने, धनराशि खर्च गर्न पनि नपर्ने, सच्चा प्रेमप्रतिको प्रेम हो भक्ति । प्रेमीले आफ्ना परमप्रिय प्रति आ-आफ्नै किसिमले समर्पित हुने सेवाभाव वा भावमय समर्पण नै हो प्रेम वा भक्ति । यस किसिमको देवर्षि नारद र महर्षि शाण्डल्यको भक्तिको सूत्रलाई भक्ति मार्गमा लम्कन चाहने वा अन्य साँस्कृतिक, दार्शनिक, शैक्षिक, साहित्यिक हरेक कुरा जान्न बुझ्न खोज्ने जिज्ञासुलाई समेत उपयोग हुने गरी सरलता र भावमय तरलता प्रदान गरेर यहाँ अनुवादकले आफूलाई नै खन्याएका छन् । त्यसैले अनूदित कृतिले बैशिष्टय पाएको छ ।

एकछिन पर्खेर आफैं भित्र हेर र देख त्यहाँ के छ ! त्यो नन्दन (बगैंचा) को एउटा पत्ता (पात) यमपुरी (स्वर्ग) सबैथोकभन्दा उत्तम छ, लायक छ । यस किसिमको भाव आउने पङ्क्तिहरू तल दिइएका छन् ।

> ध्बष्त तर्षी थयग यियप धष्तजष्ल थयगचकभाी
> बलम कभभ धजबत ष्क तजभचभ।
>
> इ, क्भभपभच,
> इलभ भिबा ष्ल तजबत न्बचमभल
> ष्क धयचतज ९यचभ तजबल बर्ाी या उबचबमष्कभ ।
>
> ध्जयभखभच चभबमक तजष्क उयझ ( तचबलकबितभ ष्त
> त्भर्ाी तजभ धजयभि धयचम बदयगत तजष्क उबिअभ ।

जसले यो कविता पढ्छ, यो अनुवाद गर र यस स्थानको बारे सारा संसारलाई भन यिनै अङ्ग्रेजी पद्यमय सुगन्धित हार (माला) बाट प्रभावित भएर कुशल अनुवादक नरकान्त अधिकारीबाट नेपाली साहित्यमा थपिएको भावानुवादित पद्यात्मक कृति 'अमरापुरी भन्दा माथिको नन्दनवन' हो । यसको मूल रचनाकार जल्लालुद्दिन रुमी १२ औं शताब्दीको सन्त कवि थिए । सुफी मतका प्रवर्तक सन्त वहाउद्दीन अल बेलेद रुमीका बाबु भएको कुरा अनुवादित कृतिमा खुलेको छ । इश्लाम धर्मका सच्चा गुरु एवम् दार्शनिक पिता वहाउद्दीनबाट सानैमा ज्ञान हासिल गरेर जल्लालुद्दीन पुत्ररत्न बन्नमात्र होइन कुशल विश्वविद्यालयका प्राध्यापक बन्न पनि सफल भएका थिए । कुशल अनुवादकको रूपमा आफूलाई स्थापित गरिसकेका

नरकान्तले सद्विचार, सद्धर्म, सन्त महन्त कुनै एक धर्म विशेषको मात्र नभै सारा विश्वको साझा निधि बन्ने कुरा व्यक्त गरेर आफ्नो उदार दिल उघारेर देखाउन पछि परेका छैनन् । सन्त महन्त मान्छेका आँखामा कमै पर्छन् र तिनकाबारे कमैले कलम उठाउँछन् । तर हाम्रा प्रिय नेपाली अनुवादकले त्यो कञ्जुस्याइँ नदेखाइ टर्कीका सन्तलाई खुलेयाम नेपालीका पनि सन्त बनाएर नेपालको विशिष्टता झल्काएका छन्। यसमा रुमी, शाम्श, कबीर जस्ता दिल-दीप बालेर जीवनको अँध्यारो चिरेका सन्त खडागरेर हामी नेपालीको चेतनाका चक्षु उघार्न अनुवादकबाट भरमग्दुर प्रयास भएको पाइन्छ । कवित्व शक्तिका साथसाथै भाषिक चातुर्यता, दार्शनिक दिव्यता झल्काएर प्रेमी प्रमीको प्रेमालिङ्गन भएको रोमाञ्चकारी घटनाको मनोहारी वर्णन गरेर अनुवादकले पुस्तक पठनीय, ग्रहणीय बनाएका छन् । यसका पाठक धेरै हुन सक्दछन् र औँलामा गन्ने थोरै भावुकहरू भए पनि नेपाली साहित्यमा देखिन सके भने नयाँ रुमी, शाम्स र कवीरहरू पनि निस्कने छन् । हरेक कोणबाट हेर्दा पनि यसका पाठक तथा भावकहरूबाट यस अनूदित कृतिमा प्रीति लगाउने सम्भावित सङ्केतहरू कृतिबाट प्रकट भएको पाइन्छ ।

हालसालै कविबाट 'अमरापुरीभन्दा माथिको नन्दनवन' (२०६४) कृति प्रकाशित भएको छ। भगवत दर्शन्ले परिपूर्ण भएको नन्दन वनको लेखाइ न गद्य भन्न सुहाउँदो न पद्य भन्न सुहाउँदो भाषामा आएको छ। उत्सुकतापूर्ण ढङ्गले पढ्दै जाँदा पाठक आफैले आफ्नो हृदयको गहिराइमा गोता खादै जाने छन्। त्यसैले नन्दनवनको सुवास र सुरम्यता अपूर्व रहेको भान हुन्छ ।

यसरी नरकान्त अधिकारीले आफ्नो नाम र काम सार्थक तुल्याउँदै नेपाली साहित्यको धार्मिक/आध्यात्मिक फाँटलाई नन्दन काव्यिक वनमा वदलेका छन्। अठासी वर्षमा पनि साधनारत रहेर विशुद्ध साहित्य सिर्जनामा उच्चतम योगदान दिएका छन् । आध्यात्मिक/मानसिक परितृप्तिका लागि सहायक सिद्ध हुन सक्ने उनका अनूदित कृति नै नेपाली साहित्यमा ठूलो प्राप्ति भएको छ । नेपाली साहित्यमा लमजुङसँग नाता सम्बन्ध जोडेर लेखक नरकान्तलाई हेर्दा उनको साहित्यिक योगदानलाई अभूतपूर्व रूपमा लिन सकिन्छ । अझै आफ्नो ठेगाना धूवाँआउने ठाँटी स्वाँरा, दुराडाँडा बताउने नरकान्त अधिकारीले लमजुङेलाई गौरव दिएका छन् । तुच्छ स्वार्थलाई तिलाञ्जलि दिन र माटोका निम्ति समर्पित हुन सिकाएका छन् । उनीबाट नेपाली साहित्यमा भएको अभूतपूर्व योगदान प्रति लमजुङ गौरवान्वित भएको छ ।

### 3=3=1=15 तीर्थराज शर्मा अधिकारी

तीर्थराज अधिकारीको जन्म वि.सं १९८२ मार्ग ३ मा चारघरे, दुराडाँडा लमजुङमा भएको हो। यिनी बाबु एकदेव अधिकारी र आमा देवकीदेवी अधिकारीका ११ सन्तान मध्ये जेठा सन्तान हुन्। दुराडाँडा त्यतिवेला नै शैक्षिक जागरण भित्रिसकेको गाउँ भएता पनि धेरै

भाइ बहिनीहरू भएका कारणले घरलाई थोरै भएपनि बोझ कम गर्न पढ्नका लागि मावली गएका थिए। आफ्नै घरमा आठ वर्षको उमेरमा ब्रतबन्ध भएपछि मावली रतनपुर, तनहुँ पढ्न पुगेका तीर्थराजले मावली पण्डित हजुरबाबाट परम्परागत संस्कृत शिक्षा लिए। मावली हजुरबासँग त्यतिबेला पढ्न आउने रतनपुरका अरु धेरै छात्रहरूसँगै उनले चण्डी, दुर्गाकवच, अमरकोश अध्ययन गरे। संस्कृत पढ्दा पढ्दै उनको वाणी खुल्यो, लय हालेर संस्कृतका श्लोक कण्ठाग्र पनि पारे। बाह्र वर्षको उमेरमा उनी घर फर्केपछि भवदत्त ओडारखनिया (भवे साहू) का  घरमा पढाउनका लागि बसेका गुरु पं. टीकाराम पौडेलबाट करिब डेड वर्ष जति शिक्षा लिए। कास्की, पोखराबाट पढाउनका लागि दुराडाँडा आएका गुरु टीकाराम प्रकाण्ड विद्वान तथा साहित्यका रसिक थिए। उनैसँग संस्कृत काव्य, व्याकरण र वेद पढेर शिक्षाको आधारभूत जग बसालेर अक्षर सपारेका पनि थिए।

यस पछि उनी वि.सं. १९९७ - २००५ का बीच रानीपोखरी संस्कृत छात्राबासमा रहेर शिक्षा लिन थाले। कवि कुलमणि देवकोटा जस्ता प्रतिभाशाली साथीहरूरुको संगतबाट पढ्न, लेख्न र कविता लेख्न लागेका शर्माले सम्पूर्ण मध्यमा (आइ.ए. सरह) सम्मको शिक्षा लिए। त्यतिबेला चलेको 'जयतु संस्कृतम्' आन्दोलनमा पनि उनी अग्रसर भएका थिए। वि.सं. २००६ सालमा आधार शिक्षाको पहिलो तालिम (C.T.) लिएर लमजुङ गाउँसहरको आधार स्कुलमा शिक्षकको रूपमा प्रवेश गरेर निरन्तर सेवा गर्दै गाउँसहरमा नै  २५ वसन्त पार गरेका थिए। यस पछि भने आफ्नै गाउँको स्थानीय स्कुल पाणिनी संस्कृत पाठशालामा एक वर्ष जति अध्यापन कार्य गरेर सर्वोदय उ.मा.वि. दुराडाँडामा अनिवार्य अवकाश नलिइन्जेल पढाइ नै रहे। अध्यापन कार्यमा ३६ वर्ष विताएर शर्मा हाल भने निवृत्त भै बृद्धावस्थामा आफ्ना कान्छा छोरा रामसँग काठमाडौँ रहेका छन् ।

जीवनको लामो समय शिक्षण पेसामा व्यतित गरेका शर्माले अध्यापनमा मात्र सीमित नरही साहित्य सिर्जनामा लागेर आफ्नो साहित्यिक व्यक्तित्त्व पनि प्रदर्शित गर्न सफल भएका छन्। यस्तै उनले चित्रकला, हस्तकलाको क्षेत्रमा पनि आफ्नो दखलता देखाएका छन्। असाध्यै राम्रा हस्तलिपिसमेत भएका शर्माले गाउँसहर तथा दुराडाँडामा भएका विभिन्न समारोहमा स्थापित शिलामा आफ्ना सुन्दर हस्तलिपिहरूको चिनो छोड्न पनि सफल भएका छन् ।

कविवर माधव घिमिरे, कवि टीकारम घिमिरे, कवि रामनाथ खनाल जस्ता सहकर्मी गुरुहरूको साथ अध्यापन गरेका शर्माले भूगोलजस्तो रसहीन विषयलाई पनि पद्यमा लेखेर 'भूगोल सूत्र' तयार गरेका छन्। २००७/०८ सालपछि लगभग २०३० सालसम्म लमजुङका केन्द्रीय कविको रूपमा तीर्थराज शर्मा रहेका देखिन्छन्। लमजुङका हरेक साहित्यि समारोहमा प्रमुख प्रतिस्पर्धी, मूल्याङ्कन कर्ता, प्रमुख अतिथि भएर उनले काम गरेको देखिन्छ। लमजुङकै पहिलो हाइस्कुल सर्वोदय हाइस्कुलको स्थापनादेखि झण्डै स्वर्णकालसम्म त्यसको उत्थान,

विकास र विस्तरमा उनको सक्रिय योगदान रहेको पाइन्छ। राष्ट्रबाट खासै सम्मान पाउन नसके पनि लमजुङबाट भने उनी अभिनन्दित भएका छन्। थुप्रै पुरस्कारहरूबाट पनि सम्मानित भएका छन्।

संस्कृत छात्रावास रानीपोखरीमा रहदा नै 'तरङ्गमा कविता' शीर्षक लिएर २००४ सालमा नै नेपाली साहित्यमा देखा परेका कवि शर्माका ८ ओटा गीत, कविता तथा अनुवाद सम्बन्धी प्रकाशित कृतिहरू रहेका छन्, जनु निम्न लिखित छन् –

प्रकाशित कृतिहरू :

| | | |
|---|---|---|
| भूगोल सूत्र | (गीत र छन्दमा) | २०१६ |
| आफ्नै बाँसुरीको धुन | (कविता सङ्ग्रह) | २०५२ |
| निर्वाचन | (कविता सङ्ग्रह) | |
| सत्यकथा | (भावानुवाद) | |
| नीति शतकम् | (छायानुवाद) | २०५७ |
| तीन तारा एक आकाश | (खण्डकाव्य) | २०५७ |
| पालोपैंचो | (नाटक पूर्णाङ्गी) | २०६० |
| गीतमाला | (गीतहरूको सँगालो) | २०६० |

यस्तै उनका पाण्डुलिपिमा रहेका अप्रकाशित कृतिहरू पनि ८ ओटै रहेका देखिन्छन् ।

विद्यार्थीहरूलाई गाउँसहर, लमजुङमा भूगोल पढाउँदा पढाउँदै तयार पारिएको कृति 'भूगोल सूत्र' (२०१६) हो। गीत र छन्दमा उनिएको यो उनको पहिलो कृतिले त्यतिवेला निकै चर्चा पाएको हो। उक्त पुस्तकको छपाइ खर्च स्व. राजा महेन्द्रबाट प्राप्त भएको कुरा कवि स्वयम् बताउँछन्। यस भूगोल सूत्रमा उनको प्रशस्त श्रम र सीप बोलेको पाइन्छ।

महाद्वीप, महादेश, ज्यादै ठूलो जमिन हो
ठूलो त्यो जलको राशि महासागर भै गयो;
महासागर भन्दा क्यै सानो पनि 'समुद्र' हो
डाँडा भन्दा निकै अग्लो भूमि भाग पहाड हो;
(भूगोल सूत्र (पृ.१)

यस किसिमका सरल, सरस र सुबोध भाषा शैलीमा भूगोल सूत्र उनिएको पाइन्छ । भूगोल सूत्रपछि दोस्रो उनको महत्त्वपूर्ण कृति 'आफ्नै बाँसुरीको धुन' कविता सङ्ग्रह हो। तीन

वीसे कविताको उक्त कविता सङ्ग्रहमा कविता, गीत र केही बाल-कविता समेत सङ्ग्रहित भएका छन्। सर्वोदय हाइस्कुलको स्थापनार्थ उनैले लेखिएको 'भिक्षा सामितिको प्रार्थना' कविता त्यतिबेला अत्यन्त लोकप्रिय भएको थियो। त्यस्तै यस कविता सङ्ग्रहमा 'हे दिदी बहिनी', 'एक उद्‌गार' जस्ता अत्यन्त लोकप्रिय र चर्चित कविताहरू पनि रहेका छन्। सर्वोदय हाइस्कुलको नवनिर्मित भवन बनाउँदा बनाउँदै ढल्दा त्यसको समुत्थानका लागि लेखिएको 'भिक्षा समितिको प्रार्थना'को एक अंश –

शिक्षाले कति देशको र दिलको मैलो पखाल्ने थिएँ
उत्साही जनहो परन्तु बिचमै आएर अच्कल्टिएँ ।
केही खर्च अझै उभाइ दिनुहोस् होला सबैको जय
भन्दै तुलबुल हुन्छ रुन्छ विचारा निष्पक्ष सर्वोदय।।

(अन्नपूर्णको काख पृ. ३०)

२००७ साल पछि लेखिएको अर्को नारी जागरण सम्बन्धी कविता –

हे दिदी बैनी, नभन अब गहना दिएनन्
आँखामा आँशु लिएर भन पढाइ दिएनन् ।

(हे दिदी बहिनी : आफ्नो बाँसुरी आफ्नै धुन' पृ. ६)

माहिला गुरु भनेर चिनिने टीकाराम घिमिरे र साहिला गुरु भनेर चिनिने स्वयम् कवि तीर्थराज शर्माका बीच त्यतिवेला कवितामा दोहरी चल्दथ्यो, जसको एक उदाहरणीय टुक्रा –

तीर्थ

छोडी चिसो पानी
दुःखको भारी बिसौन
जान्छु म त चितौन
पुस्ता पुस्ता बितौन ।

(एक - उद्‌गार ! आफ्नो बाँसुरी आफ्नै धुन पृ. ८७)

टीकाराम

छोडी चिसो पानी
जान्न म त चितौन
जिन्दगानी बितौन
पानी त्यो कुवाको
बाल्टिनीले उवाको
झारपात डुवाको

(कवि टीकाराम घिमिरेले कवि तीर्थराजको प्रत्युत्तरमा दिइएको कवितात्मक दोहरीको एक अंश ।)

यी विविध कविताहरूमा कवि तीर्थराजको जागृतिमूलक स्वर जुर्मुराएको पाइन्छ। त्यस्तै यिनको 'हेर न लाटो कोसेरो', 'जाली माकुरो' जस्ता व्यङ्ग्य ध्वनिका कवितामा हास्य भन्दा विकृतिजन्य पक्षलाई धज्जी उडाएको पनि पाइन्छ। शान्तिको स्वच्छ धारा वहाउन, हातका नङ्ग्रा खियाउन पनि उनका कविताले आह्वान गरेका छन् ।

प्रसिद्ध योगिन्द्र भर्तीहरिका नीतिशतकको समछन्दमा गरिएको छायानुवाद हो 'नीतिशतकम्'। संस्कृत नपढेकाहरूलाई बुझ्न र ग्रहण गर्न सजिलो होस् भनी तयार पारिएको यो छायानुवाद कृति परिस्कृत, शुद्ध र सरल छ ।

'गीतिमाला' का गीतहरू लयवद्ध र अकुण्ठित ढङ्गले गाउन सकिने खालका छन्। यसमा गजल, भजन, राष्ट्रिय गीत, आधुनिक गीतलाई पनि उनिएको छ। यी गीतहरू एकातिर मनोरञ्जन प्रदान गर्ने खालका छन् भने अर्कोतिर सङ्ग्लो माया प्रीतिको सन्देशका साथै देश विकासको प्रवाहमा अघि बढ्न आह्वान गर्ने खालका पनि पाइन्छन् ।

'पालो पैँचो' सामाजिक पूर्णङ्की नाटक हो। गरिबी माथि कस्तो चोटहरू परिआउँछन्, र ती कसरी सहन गर्नु पर्ने हन्छ भन्ने कुरालाई यहाँ देखाउन खोजिएको छ। तर मानिसमा भएको अथाह शक्तिले भोलि को कहाँ पुग्छ भन्ने सङ्केत पनि नाटकले दिन खोजेको छ ।

शार्माको कलम गद्य र पद्य दुबै लेखन तर्फ चले पनि उनी पद्यविधामा नै सफल देखिन्छन्। उनी वार्णिक छन्द, लोक छन्दमा कविता तथा गीत लेखन कार्यमा अझै पनि सम्लग्न रहेका देखिन्छन्। लमजुङमा साहिला गुरुबाट परिचित शर्मा कविवर माधव घिमिरे पछि उत्तिकै सरल, सरस र मार्मिक कविता लेख्न सिद्धहस्त कवि मानिन्छन्। अन्त्यानुप्रास मिलेका उनका कविता भित्र मध्यानुप्रास पनि मिलेको पाइन्छ। एकैनासका वर्णहरूको आवृत्ति दोहरिनाले सङ्गीत झङ्कृत हुने खालका उनका गीत कविता पाइन्छन्। तत्सम शब्दको बढी प्रयोग देखिएता पनि उनका रचना सरल देखिन्छन्। केही मात्रामा समासयुक्त र द्वित्व शब्दहरूका साथै अनुकरणात्मक शब्दहरूको पनि प्रयोग भेटिन्छ। छन्दहरू धेरै खेलाए पनि उनले शार्दूलविक्रीडित, अनुष्टुप छन्दलाई बढी रुचाएको देखिन्छ। शब्दालङ्कारका साथ अर्थालङ्कार, उपमा, रूपक, उत्प्रेक्षा अलङ्कारहरूको प्रयोग उनका रचनामा बढी पाइन्छ। कविनिबद्धवक्तृप्रौढोक्ति उनका रचनामा रहेको पाइन्छ। समसामयिक विषय लिएर त्यसमा सौन्दर्य आनन्द र आत्मबोध प्रकट भएको पाइन्छ। नारी जागरणमूलक सन्देश उनका धेरै रचनामा भेटिन्छन्। मानवकल्याण, नवचेतन आध्यात्मिक भाव र सद्भाव पनि उत्तिकै ध्वनित भएको पाइन्छ। विश्वकल्याण कोटिहोम खण्डकाव्यमा व्यङ्ग्यात्मक ढङ्गले विडम्बनापूर्ण मानव प्रवृत्तिलाई यसरी आकलन गरेका छन् :

जुनमुखी हुन पर्दछ भन्छ जो
मनमुखी भइ चल्दछ त्यो किन

अवुझको वुझ बुझ्न सकिन्छ कि ?
शिखरको घरको झुपडी मनि ।

शैक्षिक जागरण, नारी जागरण, आध्यात्मिक जागरण जगाउनु उनका कविताको मुख्य विशेषता भेटिन्छ। आध्यात्मिक, सामाजिक - साँस्कृतिक एवम् साहित्यिक व्यक्तित्वबाट परिचित शर्मा राजनीतिक हिसावले भने कहिल्यै सक्रिय देखिएनन् ।

सबैभन्दा उचो रहेको उनको साहित्यिक व्यक्तित्त्व नै हो। तर उनको व्यक्तित्त्व र कृतित्त्वका बारेमा समालोचकहरूद्वारा खासै समीक्षा भएको पाइदैन। सरल भाषा शैली र ओजस्वी सन्देश उनका कृतिमा पाइन्छ। लघु आकारका देखिने उनका काव्य - कृति भित्रै पनि व्यापक जीवन दृष्टि भेटिन्छ। मानवतावादी दृष्टिकोण, सौन्दर्यवादी चिन्तन, व्यवहारवादी शोचले भोलिको समाजमा शर्माको सान्दर्भिकता झन् बढ्ने देखिन्छ ।

यसरी तीर्थराज अधिकारी नेपाली साहित्यको प्रकृति, नारी, मनवतावादी फाँटलाई उर्वर बनाउने एक सशक्त व्यक्तित्त्व हुन भन्न सकिन्छ। अहिले पनि साहित्व साधनामा शसक्त ढङ्गले साधनारत रहेका शर्मा लमजुङका मात्र नभै नेपाल कै गौरवशाली साहित्यिक व्यक्तित्त्वका रूपमा स्थापित भएका छन् ।

## 3=3=1=16 श्रीकान्त अधिकारी

अन्नपूर्ण हिमालको काखमा अवस्थित लमजुङ जिल्लाको दुराडाँडा ऐतिहासिक, साँस्कृतिक, शैक्षिक, राजनीतिक ढङ्गले महत्त्वपूर्ण केन्द्रका रूपमा देखिने गाउँमा श्रीकान्त अधिकारीको जन्म भएको हो। उनका बाबुको नाम हरिदास अधिकारी र आमाको नाम इन्दुमाया अधिकारी थियो। मध्यम वर्गीय सचेत ब्राह्मण परिवारमा वि.सं १९८४ मा जन्मी हुर्केका श्रीकान्त अधिकारीले गाउँघरमै प्रारम्भिक शिक्षा लिएका थिए। उनलाई सुरुमा अक्षर चिनाउने काम शिक्षाप्रेमी रामदत्त अधिकारीले गरेका थिए। दोस्रो गुरुको रूपमा पं टीकाराम पौडेल देखिन्छन् जो कास्कीबाट बर्बोट, दुराडाँडाका खनिया साहुका घरमा पढाउनका लागि रहेका थिए। पढ्नैका लागि केही समय ज्ञानशाली अधिकारीलाई साथ लिएर पोखरा समेत पढ्न पुगेका थिए। श्रीकान्तले पछि रानीपोखरी संस्कृत पाठशालामा पढे र बनारसबाट २००४ सालमा सम्पूर्ण मध्यमा समुत्तीर्ण गरेका थिए ।

पोखरा, बाटुलेचौरस्थित विन्ध्यवासिनी विद्यालायमा सं. २००५ सालको वसन्त पञ्चमीबाट शिक्षकको रूपमा खटिइ श्रीकान्तले काम गरेको देखिन्छ। उक्त विद्यालयका प्र.अ. का रूपमा पं. मुक्तिनाथ तिमल्सिना थिए। यी दुवै शिक्षकहरूमा राजनीतिक चेत प्रशस्त उठिसकेको कुरा त्यतिबेलाका उनीहरूका क्रियाकलापले झल्काउँछन्। २००६ सालमा उठेको ब्राह्मणको हलो जोत आन्दोलनमा सक्रियरूपले भाग लिएवापत श्रीकान्त अधिकारी हलो आन्दोलनका अगुवा पं. तोयनाथ अधिकारी, ले. शेषकान्त अधिकारी, मु. हरिभक्त पौडेलसँगै

पोखरा जेलमा समेत परेका थिए। २०१५ सालको आमचुनावमा नेपाली काङ्ग्रेसको तर्फबाट लमजुङ जिल्लाको प्रतिनिधित्व गरेका सांसद श्रीकान्त अधिकारी २०१७ सालको राजनीतिक परिवर्तन पछि महाकाली अञ्चलको दौडाहा टोलीको प्रमुखसमेत बनेको देखिन्छ। २०२१ मा जि.पं. सभापति, २०३१ मा रा.पं. सदस्यसमेत भएका श्रीकान्त हालको बुढ्यौली अवस्थामा पनि राजनीतिक चिन्तन-मनन, प्रवचन, अहिंसात्मक धार्मिक कार्यक्रमा सम्लग्न भइरहेको पाइन्छ।

२००७ सालको क्रान्तिको लगतै पछि दुराडाँडामा १२ प्राइमरी स्कुल खोल्न, लमजुङको जेठो सर्वेदय हाइस्कुल स्थापना गर्नका साथै पाणिनी संस्कृत मा.वि. सञ्चालनमा समेत उनको सक्रिय भूमिका रहेको थियो। यसरी शैक्षिक, सामाजिक, राजनीतिक नेतृत्वको अगुवाइ गर्ने श्रीकान्त अधिकारीको वाककला अत्यन्त प्रभावशाली पाइन्छ। २०१४ सालमा सर्वोदय मा.वि.को सञ्चालक समितिबाट प्रकाशित 'अन्नपूर्णको काख कृतिको मूलअंशमा यिनैको कलमको भाषा भेटिन्छ। राजनीतिक विषयवस्तु लिएर यिनले कलम चलाए पनि उनले कवि कलाकारलाई समाजको मस्तिष्कको रूपमा स्वीकारेको देखिन्छ। यिनका कृतिहरूमा :

1. राजनीति एक सिद्धान्त (२०१५)
2. पन्छी छोप्ने महाजाल (ऐतिहासिक रूपक) २०४०
3. अमृत सँगाल्ने मौरीको गोला (२०४०) र
4. गुरुकुल आश्रम, दुराडाँडाको अभिव्यक्ति (२०४४) देखिन्छ ।

**राजनीति एक सिद्धान्त** – यो उनको राजनीतिसँग सम्बन्धित विचार प्रधान लेख हो। यसमा नयाँ राजनीतिक सोच पाइन्छ । यो साहित्यसँग कम र राजनीतिसँग बढी सम्बन्धित छ।

**पन्छी छोप्ने महाजाल** - एक ऐतिहासिक रूपक याने नाटक हो, जसको प्रकाशन २०४० भाद्र ७ मा भएको छ। दिवङ्गत भईसकेका शहिद देशभक्त योद्धा, राजनेता, कवि, साहित्यकार, इतिहासकार पत्रकार, भाषासेवी, आदिलाई पात्र बनाएर उनीहरूको आ-आफ्ना चरित्रानुकूल आएका अभिव्यक्तिहरू यसमा रहेका छन् । वहसको नेतृत्व राजा त्रिभुवनबाट गराइएको छ । यहाँ मुख्य पात्रका रूपमा राजा त्रिभुवन र सम्पादक जगन्नाथ सिंग्देल देखापरेका छन् । कतिपय संवेदात्मक अभिव्यक्तिहरू समसामयिक, यथार्थ र खोजपूर्ण भएर आएका हुँदा रोचक पनि छन्। कविलाई तीन तह आर्ष कवि, कवि र भाटकविमा छुटचाइ उनीहरूको चरित्रसमेत चित्रण गरिएको छ । पृथ्वीमा रहदाको भ्रम, आवेश र दम्भ त्यागी स्वर्गमा पुगेका पात्रहरू बीच छेकवार नराखी भएको छलफल निकै विचारणीय र सन्तुलित पनि देखिन्छ । राजनेतामा दुर्वलता देखिएका वखत बाह्य आवहवाको चाप बढ्न जाने हुँदा राष्ट्रिय एकता अक्षुण्ण राख्न साझा सुदृढ नेतृत्व विकासमा जोड दिनु पर्ने

यथार्थपरक विचार पनि यहाँ प्रकट भएको पाइन्छ । यहाँ २००७ साल पछि आएको प्रजातन्त्रलाई राजा प्रजाको साझा सुन-पन्छी भनिए पनि राम्रो वातावरण नपाएकाले पन्छी उडेको र त्यसलाई छोप्न सदाचारी, सम्यमित र सन्तुलित भै धर्मपूर्ण (धर्म र राजनीति एक साथ) यत्न हुनु पर्ने कुराको सार निकालिएको पाइन्छ ।

**अमृत सँगाल्ने मौरीको गोला –** २०४० आश्विन ५ इन्द्रजात्राका अवसरमा प्रकाशित ऐतिहासिक रूपक याने नाटक हो । नेपालबाट दिवङ्गत भई कल्पित स्वर्ग पुगेका राजामहाराजा, भाइभारदार, राजनेता, साहित्यकार समेत उपस्थित गराइ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकताका अवसर पारेर देशको तत्काल विद्यमान राजनीतिक कुसंस्कारको यथार्थता प्रकट गरी मन्त्री बन्ने होइन राष्ट्र बनाउने होड जागोस् भनी आफ्नो राजनीतिक विचार प्रस्तुत गर्न नै रूपकको रूप दिइएको पाइन्छ । यसमा तत्कालीन नेपालका केही कटु यथार्थताहरू प्रकट भएका छन् । आचरयुक्त राजनीतिक संस्कारको आवश्यता पूर्व पश्चिम राजमार्ग निर्माणको आवश्यकता, स्वदेशी उत्पादन र प्रयोमा जोड, सरकारी सेवाबाट राम्ररी जनसेवा नभएकोले त्यसतर्फ ध्यान दिनु पर्ने जस्ता कुरायहाँ विभिन्न पात्रका माध्यमबाट जोड दिन खोजिएको छ । व्यक्तिगत स्वार्थ त्यागी राष्ट्रिय स्वार्थमा आउन नै राजनीतिक कर्मीलाई आह्वान भएको छ ।

**गुरुकुल आश्रमको अभिव्यक्ति –** पाणिनी संस्कृत मा.वि. गुरुकुल आश्रमको अभिव्यक्तिको रूपमा आएको यो अभिव्यक्ति उनको कविता सङ्ग्रह हो । गुरुकुल आश्रम किन कोबाट, कसरी स्थापना हुन गयो भन्ने कुराको प्रकाश पार्दै कविले गुरुकुल आश्रमलाई सहि रूपले चिनाउने काम गरेका छन् । बैसठ्ठी (६२) श्लोकमा लेखिएको र चार (४) स-साना खण्डमा बिभाजित भएको यस काव्य सङ्ग्रहमा मानव धर्म, आध्यात्मिक धर्मलाई माथि उठाई मनोविज्ञान, विज्ञानलाई समातेर शिक्षा पद्धति अगाडि बढ्नु पर्ने कुरामा यसले जोड दिएको छ ।

उनका रचनामा राष्ट्रवादी चिन्तन, अध्यात्मवादी व्यापक दृष्टिकोण, प्रकृति प्रेम र बन्धुत्व प्रेम झल्केको पाइन्छ। उनको स्वच्छन्दवादी विचार प्रकृति र श्रृष्टिको रेखामा दौडेको पाइन्छ। नेपाली साहित्यको फूलबारीमा विशेषतः उनले रोपेका दुई रूपकले राष्ट्रिय चिन्तनलाई उजागर गरेको पाइन्छ ।

यिनले लमजुङका माध्यमबाट नेपाली धरातलमा पुऱ्याएको शैक्षिक, सामाजिक, राजनीतिक र साहित्यिक योगदान निकै उपलब्धिपूर्ण देखिन्छ। उनको यस किसिमको उपलब्धिमा लमजुङले गर्व गरेको पाइन्छ।

## 3-3-1-17 गुणराज कोइराला

लमजुङ जिल्लाको धुसेनी गा.वि.स.को कोइराला फाँटमा आज भन्दा ८० वर्ष पहिले

जन्मेका गुणराज कोइराला जीवनको उत्तरार्द्धमा देवघाटमा रहेका छन् । सामान्य शिक्षा लिएर स्वाध्ययनबाट संस्कृत र नेपाली साहित्यको समेत ज्ञान आर्जन गरेका गुणराजले आफ्नो मातृभूमि लमजुङ जिल्लाको मात्र होइन नेपालका पचहत्तरै जिल्लाको भ्रमण गरी धार्मिक, साँस्कृतिक, शैक्षिक, साहित्यिक, एतिहासिक एवम् प्राकृतिक ज्ञानसमेत हाँसिल गरेको पाइन्छ। धार्मिक, साँस्कृतिकरूपले नेपालीलाई एकताबद्ध गराउन उनले गरेको प्रयास प्रशंसनीय देखिन्छ।

शार्दूलबीक्रिडित, शिखरिणी जस्ता वार्णिक छन्दमा सुललित कविता-काव्य लेखेर साठी वर्षको उमेरसम्म पसिना चुहाएको मातृभूमि लमजुङको गौरव गाथा यथार्थरूपले वर्णनीय शैलीमा उनले पस्केको पाइन्छ । 'लमजुङ' खण्डकाव्य (२०४६) शार्दूलबीक्रिडित छन्दमा रचिएको छ । लमजुङको पूरै भ्रमण गरेर देखिएका मुख्यमुख्य ठाउँ, स्कुल, मन्दिरको, साँस्कृतिक, शैक्षिक, प्राकृतिक, साहित्यिक, ऐतिहासिक पक्षलाई पक्रेर काव्यमा सजाएको पाइन्छ । 'जननी जन्म भूमिश्च स्वर्गादपि गरीयसी' भन्ने उक्ति बमोजिम कविले लमजुङको उच्च र निःश्छल महिमा काव्यबाट प्रकट गरेको पाइन्छ ।

गुणराज कोइरालाका आध्यात्मिक चेतना जगाउने खालका अन्य कृति तथा फुटकर रचनाहरू पनि भेटिन्छन् । बृद्धावस्थामा आइपुग्दा पनि कविताप्रति असीम स्नेह राखेर त्यसैका माध्यमबाट पुरुषार्थ देखाउन घच्घच्याउने आध्यात्मिक कवि-गुरु कोइराला लमजुङे साहित्यमामात्र होइन नेपाली सन्त साहित्याकाशमा देखिने तारा बन्न पुगेको पाइन्छ । कविता-ज्योतिका माध्यमबाट पिलपिल उज्यालो अझै छरिरहेको पाइन्छ ।

## 3=3=1=18 सूर्यनाथ सुवेदी

लमजुङको खुदी वेणी घनपोखरे सुब्बा जङ्ग परिवारका गुरुङ र सुवेदी थरका पण्डित ब्राह्मणहरूको पनि मिलन दोभान एवम् वेणी हो खुदी वेनी । यही खुदी गाउँमा साहित्य-सुधामृत लिएर आउने विद्वान् सूर्यनाथ सुवेदी हुन्। सुवेदीको जन्म वि.सं. १९८६ श्रावण १७ मा भएको हो। पिता पं. बद्रीनाथ आमा कौशिल्यावतीको ज्येष्ठ सुपुत्रको रूपमा जन्मेका सूर्यनाथ परिवारमा निकै प्रिय थिए। खुदी वेणी संस्कृत पाठशालाका गुरु एवम् चरी पण्डितबाट सुप्रसिद्ध विद्वान् पिता बद्रीनाथबाट प्रारम्भिक शिक्षा आर्जन गरी संस्कृत साहित्यमा मध्यमा, अङ्ग्रेजीमा बी.ए. र नेपालीमा एम्.ए. पास गर्ने सूर्यनाथ संस्कृत अङ्ग्रेजी र नेपाली भाषाका ज्ञाता देखिन्छन्। निजामती सेवामा प्रवेश गरेर सूर्यनाथ जागिरको अन्तिम घडितिर मन्त्रालय सचिव जस्तो उच्च पदमा समेत पदासिन हुन पुगेका देखिन्छन।

निजामती सेवामा संलग्न रहेर पनि सूर्यनाथ साहित्य सिर्जनामा संलग्न रहेका देखिन्छन्। यसो हुनुमा पिता विद्वान् एवम् कवि पं. बद्रीनाथ सुवेदीकै प्रेरणा र प्रभाव झल्किन्छ। उच्च शिक्षाध्यायनमा कवि सूर्यनाथको (आफ्ना भानिज भाइ) कवि युदनाथ 'सरल' (दुराडाँडा, लमजुङ) सँग कवितामा दोहरी चल्दथ्यो । उक्त दोहरीका १/१ कवितांश –

सूर्यनाथ – घरै बसी जागिर खान मिल्नु छ
आफ्नै बसाईंतिर नित्य डुल्नु छ ।
देखिन्छ बेसै निरपेक्षभैँ किन
ठान्दै छ के-के यदुनाथको मन ?

यदुनाथ – घरै बसी जागिर मिल्न आउँदा
राखी अपेक्षा प्रतिरोज धाउँदा ।
धानौँ सबैतर्फ विचारपक्ष छ
सदैव यो छट्पटीको मुहूर्त छ ॥

(सिर्जनाका धुन, २०६४ : भूमिका)

उनको प्रकाशित कृतिका रूपमा एक मात्र 'साई अवतार दीपक' हो जसले भक्ति साहित्यलाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यस बाहेक उनका अन्य रचनाहरू, फुटकर कविताका रूपमा विभिन्न पत्रिकामा प्रकाशित भएका छन्।

साई अवतार दीपक रचनामा भक्ति परम्परामा साई भक्तिलाई महत्त्व दिएर यिनले संस्कृत भाषामा १०८ श्लोकको पद्यमाला नेपालीमा अनुवादसहित दिएका छन्। जीवन र जगतको लोक कल्याणको कामना गरिएको उनको काव्यले जीवन मार्गलाई सत्यतर्फ उन्मुख हुन प्रेरणा दिएको छ। विशेष परिमार्जित तथा परिवर्धित भएर दोस्रो संस्करणको रूपमा आएको 'ॐ साइ अवतार दीपक' भक्ति साहित्य मार्गमा एक दीपक भएर उज्यालो दिन सफल भएको छ। यसरी भक्ति मार्गका माध्यमबाट नेपाली साहित्याकासमा उदाएका सूर्यनाथको आगमन नेपाली साहित्यको धरातलमा उल्लेख्य नै मानिन्छ। 'साई अवतार दीपक' भित्रको अवतारवाणी शीर्षकमा हरेक कविता पुष्पको एक पत्ता यस प्रकारले रसिला, मिठा र भक्तिभावले चुर्लुम्म डुबेका पाइन्छन् ।

यौटै धर्म छ आज यो भुवनमा, हो प्रमेको धर्म त्यो
भाषा एक छ विश्वमा, हृदयको भाषा यहाँ मुख्य त्यो ।
यौटै मानव जाति मात्र छ यहाँ, के जात अर्को छ र ?
सर्वव्यापक भै सदैव रहने, यौटै छ त्यो ईश्वर ॥

कविले आफ्नो काव्य कुशलता देखाएर धर्म, भाषा, जाति र ईश्वरको परिभाषालाई छायानुवाद गर्न सफल देखिन्छन् । उपजाति, अनुष्टुप र शार्दूलबिक्रीडित छन्दमा कविको कलम सलल बहेको पाइन्छ । पढ्दा, वाचन गर्दा पाठक तथा भावक आफैँले त्यसको मिठास पाउन सक्दछन् ।

भक्ति, योग र साधनालाई प्राथमिकताका साथ अगाडि ल्याउन सफल कवि सूर्यनाथको साहित्यिक सम्पत्ति नेपाली साहित्यको फाँटलाई हरभरा गराउन सफल छ भने लमजुङ जिल्ला र यससँगको सम्बन्ध नेपाली साहित्यसँग जोडेर हेर्दापनि कम आँकलन गर्न

सकिदैन। यसको नेपाली साहित्यको विकासमा एउटा लमजुङे कविले दिएको योगदानलाई जोडेर हेर्दा सूर्यनाथ, लमजुङ र नेपाली साहित्य भनेर हेर्न सकिन्छ।

## 3=3=1=19 यदुनाथ 'सरल'

यदुनाथ 'सरल' को जन्म लमजुङको दुराडाँडा, गिरेचौरमा वि.सं. १९८८ श्रावण १३ मा भएको हो। पिता कालिदास ढुङ्गाना र माता पवित्रा ढुङ्गानाका आठ भाइ छोरा मध्ये सातौ छोरा यदुनाथ 'सरल' ले घरमा नै प्रारम्भिक शिक्षा लिए भने दुराडाँडामै संस्कृत पाठशालाका गुरु टीकाराम पौडेलबाट संस्कृत शिक्षाको ज्ञान लिएको देखिन्छ। संस्कृत शिक्षा लिने त्यतिबेलाको परिपाटी अनुहरूनै 'सरल' ले अमरकोश, लघुकौमुदी, रुद्री, चण्डी पढे र पूर्व मध्यमा सम्मको शिक्षा आर्जन गरे। यही शिक्षाको जगमा वि.सं. २००८ सालको जनगणनामा काम पाएकाले जागिरे जीवनमा प्रवेश गरी ३६ वर्ष बिताएका छन्। टाइफाइड भई २००९ सालमा आफ्नो अधिक श्रवण शक्ति गुमाएका 'सरल' ले नेपाली भाषा र साहित्यको धरातललाई भने हराभरा बनाएका छन्।

युवावस्थामा निकै जुझारु स्वभावका यदुनाथ २००६ सालमा चलेको क्रान्तिमा समेत सहभागी भएका थिए। युवाजोस भएका 'सरल' ले तिनताक चेतनामूलक गीत र गद्य कविताबाट आफ्नो कलम चलाए तापनि छन्दात्मक कविताले नै उर्वर भएको लमजुङमा उनी पनि उर्वरता भर्नतर्फ आकार्षित भएर अग्रज छन्दवादी कविहरूलाई नै पछ्याएको देखिन्छ। मावली गाउँ खुदीवेनी लमजुङका प्रखर छन्दवादी कविहरू बद्रीनाथ सुवेदी, गोविन्द सुवेदी, सूर्यनाथ सुवेदी, मेदिनीनाथ सुवेदीहरूको सङ्गतले उनी अझ खारिन पुगेको देखिन्छ। कवि सूर्यनाथ सुवेदीसँग त कवितामा उनको पत्राचार चल्दथ्यो भन्ने कुरा डा. देवीप्रसाद सुवेदी बताउँछन्। कवि शिरोमाणि लेखनाथको बुद्धि विनोदको प्रश्न झैँ कवि सूर्यनाथले गरेको प्रश्नमा कवि यदुनाथको प्रश्नोत्तर ढाँचाको एउटा कविता –

सूर्यनाथ    आगो र पानी मसला सबै उही<br>
उसै गरी जुट्न गए पनि कहीँ ।<br>
हुँदैन भोज्यादिक स्वादिलो किन,<br>
के भन्छ यस्मा यदुनाथको मन ?

यदुनाथ    समस्त भोज्दादिक स्वादिलो हुन<br>
यथेष्ट भै भोक परिश्रमीपन ।<br>
चाहिन्छ निश्चिन्त र स्वस्थ जीवन<br>
यै ठान्छ यस्मा यदुनाथको मन

यस किसिमको पत्रोत्तरमा कविता अभ्यास गर्दै खारिएका यदुनाथले जागिरकै क्रममा

सुदूर पूर्वका जिल्लामा साहित्यकार सत्यमोहन जोशीसँगको भेट र निकटताले छन्दोवद्ध कविता लेख्न थप प्रेरणा मिल्न गएको देखिन्छ। जागिरे जीवनको क्रममा विभिन्न ठाउँमा पुगेर गरेका व्यावहारिक अनुभव सँगालेका 'सरल' ले विविध ठाउँका जीवनलाई स्पर्श गरेर कविता लेखेको पाइन्छ। दुई छोरा र छोरीका बाबु सेतै फुलेका कवि यदुनाथको ७६ वर्षको बुढेशकालमा काव्य-पुत्रको रूपमा 'सिर्जनाका धुन' (२०६४) प्रकाशमा आएको छ, जसको लोकार्पण राष्ट्रकवि माधव घिमिरेद्वारा मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानले आयोजना गरेको समारोहमा सम्पन्न भएको थियो।

'सिर्जनाका धुन' लाई कविले ५ धुनमा छुटचाएका छन्, ती हुन् शुभकामनाका धुन, संझनाका धुन, जागृतिका धुन, सौन्दर्य चेतनाको धुन र प्रेमका धुन। शुभकामना धुनमा कविले शुभेच्छा, संझनाका धुनमा महामन र आफन्तहरूको ताजा सम्झना, जागृतिका धुनमा सिर्जनाका धुनहरू रहेका छन् भने सौन्दर्य चेतनाका धुनमा प्रकृति महिमाका धुनहरू प्रकट भई मान्छेलाई प्रकृति प्रेरक शक्ति भएको साश्वत सत्य कुरा ओकलिएको पाइन्छ। अन्तिम धुन प्रेमका धुन हुन् जहाँ वैयक्तिक जीवनका मधुर धुन भए पनि ती सबका लागि सहज र आस्वाद्य देखिन्छन्।

कवि सूर्यनाथ सुवेदीसँग पद्यमा पत्राचार गर्दा कविले आफ्नो ग्राम्य सरलता पनि देखाएकाले नै दुई कविको सहमतिमा 'सरल' उपनाम राखेका यदुनाथका कविता सरल पनि छन्। सरल भैकन उच्च भावले तरल पनि छन्। कवितामा कतै करुण रस त कतै शान्त रस, कतै शृङ्गार रस त कतै हास्य-व्यङ्ग्य पनि छल्केको पाइन्छ तापनि कवि करुण र शृङ्गार रसमै रमाएका पाइन्छन्। वर्णनात्मक शैली नै कविले मुख्य रूपमा अपनाएको देखिन्छ भने भाषामा शुद्धता, स्निग्धता पाइन्छ। संस्कृत भाषाकै ज्ञाता हुँदा कविले तद्सम शब्दहरू नै बढी खेलाएको पाइन्छ। प्रसाद गुण र माधुर्यगुण उनका कवितामा एकातिर पाइन्छ भने अर्कोतिर वर्णानुप्रास पनि उत्तिकै दोहरिएर साङ्गीतिक रङ्ग पनि भेटिन्छ।

उनले शिखरिणी, उपजाति, अनुष्टुप, वसन्ततिलका, मन्दाक्रान्ता आदि छन्दहरूका साथै शार्दूलबिक्रीडित छन्दमै उनी छङ्छङाएको पाइन्छ। सुन्दर पदावली, अनुप्रास, वर्णानुप्रासको खोस्टो मात्र नभएर त्यस मित्र भावात्मक, गुणात्मक गुदी र रस पनि भरिएको पाइन्छ। कतै कतै आफ्ना गन्थन जस्ता लाग्ने केही कविता देखिए पनि त्यस भित्र यथार्थता पाइन्छ। यसरी भाव पक्षबाट हेर्दा पनि उनका कवितालई उच्च स्थानमा राख्न सकिन्छ।

हाल 'सरल जीवन' शीर्षकमा खण्डकाव्य लेख्न व्यस्त भएका कवि यदुनाथ 'सरल' लमजुङको साहित्याकासका झर्झराउदा तारा हुन्। अब उनी आफ्नो झर्झराउदो प्रकाशले नेपाली साहित्याकासमा पनि झुल्किन आएका छन् । एउटा लमजुङे कविले आफूलाई सिंगो नेपाली साहित्यको धरातलमा चिनाउन सक्नु गौरवको कुरा हो ।

### 3=3=1=20 इन्द्रविलास अधिकारी

लमजुङको स्वाँरा, दुराडाँडामा इन्द्रविलास अधिकारीको जन्म वि.सं. १९९५ आश्विन १ गते आमा योगमाया अधिकारीको कोखबाट भएको हो। उनका बाबुको नाम श्रीप्रसाद अधिकारी थियो जो त्यतिबेला पनि सामान्य पढलेख गर्न जान्दथे। इन्द्रविलास अधिकारीले घरसारमा पं. तीर्थराज अधिकारी, पं. प्रेमराज अधिकारी, रामदत्त अधिकारी गुरुहरूबाट सामान्य शिक्षा पाएता पनि वास्तविक शिक्षा भने त्यतिबेला कहलिएका टीकाराम पौडेल गुरुबाट प्राप्त गरेका हुन्। सर्वप्रथम वि.सं. २००३ सालमा काठमाडौंमा शान्ति विद्यागृह, शान्ति निकुञ्ज स्कुलमा अनेक सङ्घर्षले पढ्दै दरबार हाइस्कुल पुगेका अधिकारीले वि.सं. २०१० सालमा एस्.एल्.सी. परीक्षा समुत्तीर्ण गरेका हुन्। एस्.एल्.सी. पछि आइ.ए. पटना युनिभर्सिटीबाट गरेका हुन्। त्रि.वि. बाट वि.ए. पास गरे पछि पाल्पा हुँदै सर्वोदय हाइस्कुलमा प्रधानाध्यापक भै ६/७ वर्ष अध्यापन गरेपछि २०२७ सालबाट पुनः एम्.ए. अध्ययन गर्न काठमाडौं फर्केका हुन् । एम्.ए. अङ्ग्रेजी विषयमा २०२९ सालमा समुत्तीर्ण भए पछि इ.सं. १९९३ मा उत्तर बङ्गाल विश्व विद्यालयबाट विद्या वारिधी गरे। सानैदेखि पढाइमा विशेष दखलता देखाउदै आएका अधिकारीले 'Teaching English Overseas' तालिममा वेलायत र फुलब्राइट स्कलरसीप अन्तर्गत अमेरिकामा पनि अध्ययन गर्ने सुअवसर पाएका थिए। सानोमा पढ्नका लागि अनेक हण्डर खाएका तर भगीरथ प्रयत्न गर्नबाट विमुख नभएका अधिकारीको जीवन नै सफलताको कथा बनेको पाइन्छ।

सर्वोदय मा.वि. दुराडाँडाको लोकप्रिय हेडमाष्टरसमेत भएका अधिकारीले त्रि.वि. मा प्राध्यापन पेसामा ३० वर्षको अनुभव सँगालेका छन्। शिक्षा शास्त्र क्याम्पसमा प्राध्यापन पेसामा दक्ष र तालिम प्राप्त भै संलग्न रहँदा विद्यार्थीहरूबाट ज्यादै मनपराइएका अधिकारी स्वभिमानी र सज्जन प्राध्यापकका रूपमा परिचित पाइन्छन्। दुराडाँडा सेवा समाज, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठानमा समेत संलग्न अधिकारी गण्डकी सामाजिक गुठीको अध्यक्ष रहेर त्यसको गतिशील गतिविधि विशुद्ध र रचनात्मक ढङ्गले बढाउन पनि लागि परेका पाइन्छन् । संयुक्त राज्य अमेरिका, वेलायत, भारत आदि देशमा भ्रमण समेत गरेका अधिकारीको बौद्धिक उचाइ उचो पाइन्छ।

इन्द्रविलासको मुख्य साहित्यिक विधा समालोचना हो। पश्चिमी साहित्य सिद्धान्त (२०६१) साझा प्रकाशनबाट निस्किेको उनको कृति हो । स्नातकोत्तर तहका विद्यार्थीको लागि लक्ष्य राखी निकालिएको उक्त पुस्तक निकै उपयोगी भएको मानिन्छ। उनले पूर्वीय र पाश्चात्य साहित्यलाई तुलनात्मक ढङ्गले अध्ययन गरेको पनि पाइन्छ। पाश्चात्य साहित्यको तुलनामा पूर्वीय साहित्य कम नभएको दावी उनको रहेको छ। बेला बेलामा विशेष लेखहरू, विशेष प्रवचनहरूमा उनका समीक्षात्मक प्रतिवेदनहरू पढ्न पाइन्छन्। समीक्षा विधाका हिसावले हेर्दा उनी लमजुङका शिखर प्रतिभाहरू भित्र पर्दछन्।

संयुक्त राष्ट्र सङ्घ दिवस निवन्ध प्रतियोगीतामा गोल्ड मेडल समेत प्राप्त गरे बौद्धिक एवम् साहित्यिक प्रतिभाको परिचय धेरै अगाडि नै आधिकारीले दिएका हुन् । उनी सर्वोदय मा.वि. को हेडमास्टर रहँदा लमजुङको पहिलो विद्यालय स्मारिकाको रूपमा 'गण्डकी मुहान' २०२० सालमा प्रकाशित भएको थियो । उनको समयमा सर्वोदयको शीर निकै उँचो भएको पाइन्छ । उनको गहन शैक्षिक योगदानको कदर गर्दै सूर्वोदय उ.मा.वि. स्वर्ण महोत्सवमा उनलाई दोसल्ला ओढाइ सम्मान पत्र सहित अभिनन्दन गरिएको छ । उनको गहिरो अध्ययनबाट भएको ज्ञान, सीप र नेपाली साहित्यसँगको तुलनात्मक अध्ययन शक्ति उनको आन्तरिक व्यक्तित्वका परिचायक हुन् ।

इन्द्रविलासका फुटकर लेखहरू साहित्यिक, शैक्षिक फाँटभित्र देखिन्छन् । समालोचनात्मक टिप्पणीकारका दृष्टिले पनि उनका यथार्थपरक लेखहरू पढ्न र प्रवचनहरू सुन्नमा पाइन्छन् । अङ्ग्रेजी साहित्यमा पनि उनका समीक्षात्मक लेखहरू छापिएका छन् । पश्चिमी साहित्य र नेपाली साहित्य, पश्चिमी महान् कवि र नेपाली साहित्का महान् कविहरू (महाकवि देवकोटा लगाय) लाई तुलना गरेर लेखहरू मात्र होइन पुस्तकाकारमा कृति ल्याउन पनि उनी कस्सेर लागेका पाइन्छन् । पुस्तक-प्रेमी, सफा-हृदयी इन्द्रविलास गण्डकी सामाजिक गुठीको अध्यक्ष रहेको कालमा राष्ट्रकवि माधव घिमिरे सम्बन्धी कृति, गण्डकीका गौरव भारतप्रसाद धिताल स्मृतिग्रन्थ, गण्डकी सामाजिक गुठी स्मारिका - २०६५ आदि पुस्तकका रूपमा प्रकाशित भएका छन् भने गण्डकी अञ्चलका विद्यालयहरूलाई पुस्तक उपहार प्रदान गर्ने कार्य विस्तारित भएको पाइन्छ ।

न दुब्लो न मोटो, छरितो र आकर्षक वाह्य व्यक्तित्व भएका अधिकारीको आन्तरिक व्यक्तित्व अझ आकर्षक पाइन्छ । 'चिन्नेलाई श्रीखण्डको गीण, नचिन्नेलाई खुर्पाको बिड' भने झैँ प्रतीत हुन्छन् इन्द्रविलास । उनी भित्रको इन्द्रमा कुनै अभिमान पाइदैन । अत्यन्त सरल, उदार, स्पष्ट, सफा व्यक्तित्व नगिचैबाट चियाउनेले पाउन सक्दछ ।

उनका प्रकाशित कृतिहरू –

1. The Poetry of Lamxmi Prasad Devkota and the British Romantic Poets, पैरवी प्रकाशन, २०५९ ।
2. Nepali and American Shared Dreams, गौतम प्रकाशन, २०५९ ।
3. Lekhnath Paudyal and his Centenary, साझा प्रकाशन, सन् १९८४ ।
4. अनुवाद - प्यारिस वार्ताहरू (बहाइदर्शन), बहाउल्ला (बहाइदर्शन) ।
5. बहुभाषिक देशमा पुस्तक, साझा प्रकाशन ।
6. पश्चिमी साहित्यसिद्धान्त, साझा प्रकाशन, २०६१ ।

अङ्ग्रेजी साहित्यको भाषा र साहित्य दुबैका बीच घनिष्ट सम्बन्ध हुनु पर्छ भन्ने मान्यता भएका अधिकारी भाषा शास्त्रीले काव्यिक भाषा र साहित्यकारले कला साधनाको रूपमा भाषालाई लिनु पर्ने ठान्दछन्। उनको कृतिले समालोचना शास्त्रमा वर्तमानमा

देखापरेका रूपवाद, नारीवादी समालोचना, पाठक प्रतिक्रियावाद, विनिर्माणवाद जस्ता समालोचनात्मक आन्दोलनहरूलाई राम्ररी प्रष्टचाउने कोसिस गरेका छन् । अधिकारीका पारिभाषिक शब्दावलीको अभावमा अङ्ग्रेजी शब्दको अत्यधिक प्रयोग भएकोले अङ्ग्रेजीको ज्ञान राम्ररी नभएकालाई केही कठिनाइ हुने देखिए पनि यसले उत्तरआधुनिक युगमा देखापरेका समालोचनाका सिद्धान्तहरू बुझ्न सहयोग पुग्ने देखिन्छ ।

दुराडाँडाका सरकारी स्वीकृत प्राप्त ६ वटा मा.वि.बाट प्रवेशिका-परीक्षामा सर्वाधिक अङ्क प्राप्त गर्नेलाई रु. १,११,१११/- बैङ्क मुद्दती खातामा राखी व्याजबाट पुरस्कारको व्यवस्था गरी मातापिताको नामबाट श्रीप्रसाद-योगमाया शिक्षा पुरस्कार स्थापना गरेर देशप्रेम तथा शिक्षाप्रेम दर्साउने इन्द्रविलास लमजुङमा मात्र होइन नेपालमा नै नाम चलेका बौद्धिक, सामाजिक र साहित्यिक व्यक्तित्वमा पर्दछन् । यस किसिमको व्यक्तित्वशाली सपुत जन्माउन सकेकोमा समस्त लमजुङ गौरवान्वित भएको पाइन्छ ।

## 3=3=1=21 मदन रेग्मी

मदन रेग्मीको जन्म काठमाडौँको नरदेवीमा १९९५ साल मङ्सिर ९ गते भएको हो। उनकी आमा कल्याणी रेग्मी र बाबु डा. डिल्लीरमण रेग्मी हुन् । डा. रेग्मी नेपालका वरिष्ट विद्वान्, राजनीतिज्ञ, इतिहासकार र समाजसेवी मानिन्छन्। यिनको जन्म काठमाडौँमा भएपनि पैत्रिक थलो भने लमजुङ नै रहेको देखिन्छ। रेग्मील २०११ सालमा म्याट्रिक पास गरेर २०१५ मा आइ.ए., २०२० मा बी.ए. उत्तीर्ण गरेका हुन्। एम्.ए. को शिक्षा भने यिनको अपूरै रहन गयो ।

लीला लोहनी (फुपूकी छोरी) सँग २०२३ मा प्रेम विवाह गरेका रेग्मीले विवाहपछि घर छोडेर ठमेलमा डेरा समेत लिई सङ्घर्षमय ढङ्गले जीवन बिताएका हुन्। लीला लोहनीबाट २०२३ सालमा एक छोरी अवन्तिकाको जन्म भैसकेपछिका दिनहरूमा वैवाहिक सम्बन्ध त्यति सुखद नरहेकाले २०४० सालमा लीला लोहनीसँग सम्बन्ध विच्छेद गरी कुसुम खड्कासँग नयाँ दाम्पत्य जीवनमा रेग्मी बाँधिएका देखिन्छन्। कुसुम खड्कातिर रचना, श्रवण र स्वस्तिका गरी दुई छोरी र एक छोरा रहेका छन्।

पुष्पलालको नेतृत्वमा २०१२ सालमा जन अधिकार सुरक्षा समितिको सदस्य भएका मदन रेग्मी गिरफ्तार भै ५ महिनाको जेल जीवन पनि भोगेका छन्। पञ्चायत बिरुद्ध लागेको आरोपमा पनि ६/७ महिना पुनः जेल जीवन भोगेको देखिन्छ। हाल उनी नेपाल चीन मैत्री सङ्घको अध्यक्ष पदमा काम गरिरहेका छन् भने साहित्य साधनामा पनि तल्लीन नै देखिन्छन् ।

युवावस्थादेखि नै जुर्मुराउदै प्रयोगवादी लामा कविता लिएर देखापरेका कवि रेग्मीका वि.सं. २०२० - २०३० को दशक सशक्त ढङ्गले अघि बढेको पाइन्छ। उनी लामा कविता लेखनको कित्तामा पर्ने कवि हुन्। 'आजाजुजे पहाड' र 'आउका आँखा' ५० पृष्ठ लामो

कविता हो, जुन २०२१ सालमा मुकुट पत्रिकामा प्रकाशित भएको पाइन्छ। द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, जगदीश समशेर राणा, तुलसी दिवस, पुष्करलोहनी, पारिजात, कुन्दन शर्मा, कुमार नेपाल, पोषण पाण्डे, रत्नसमशेर थापा, कृष्णप्रसाद श्रेष्ठ, भूपी शेरचन, वासु शशीहरू जस्ता कविहरूको लामभित्रै पर्दछ कवि मदन रेग्मीको नाम। राल्फा आन्दोलन, सडक कविता क्रान्तिमा पनि कवि रेग्मीको योगदान रहेको पाइन्छ। नेपाली साहित्यमा प्रयोगवादी लामा कविता भित्र्याउनेहरू मध्ये मदन रेग्मी पनि एक हुन्। रूपरेखा (२०१०), मुकुट आदि पत्रिकामा उनका धेरै कविता छापिएका छन्।

**मदन रेग्मीका कविता** – मदन रेग्मीको पहिलो कृति 'मदन रेग्मीका कविता' (कविता सङ्ग्रह – २०३६) हो यस सङ्ग्रहका कविता प्रयोगवादी लामा कवितामा पर्दछन्। गद्य कविता विधामा लेखिएका यी कवितामा कला पक्ष भन्दा भाव पक्ष बलियो रहेको पाइन्छ। कविताका हरफहरू कहिँ कतै लामा र छोटा देखिए पनि प्रायः समानान्तर देखिन्छन्। एकै पटक पढ्दा राम्ररी कविताको भाव नझल्किने हुँदा उनका कवितालाई दुरुह, बुझ्नै नसकिने भनिए पनि त्यस किसिमको दुरुह वा जटिल कविताभित्र उनका कवितालाई कैद गर्न सकिदैन। सामान्यतः एक दुईपल्ट पढेपछि कविताका भाव क्षितिज खुल्दै जाने देखिन्छ। उनका कवितामा स्वच्छन्दतावादी र प्रगतिवादी प्रवृत्तिसँगै प्रयोगवादी प्रवृत्ति पाइन्छ । प्रकृतिका सौन्दर्य, मानवीय वास्नावृत्ति, सामाजिक, साँस्कृतिक अन्तर्विकृति र विडम्बनाप्रति सूक्ष्म व्यङ्ग्य मिश्रण भावनावृत्ति पनि कवितामा फेला पर्छ।

२०३० को दशकमा बढी सक्रिय देखिए पनि कवि मदन रेग्मी निष्कृयचाहिँ देखिदैनन्। गरिमा, रूपरेखा, शारदा आदि पत्रकामा उनका कविता फाट्टफुट्ट निष्किरहेको पाइन्छ। समसामयिक विषयलाई टिपेर पनि यथार्थताको कसीमा घोटेर मानवीय, संवेदनशील अभिव्यक्ति कविताबाट दिन उनी सफल छन्। यस कविताको प्रयोगवादिता नेपाली कवितामा भेटिनु नै उनको प्राप्ति रहेको छ।

पैतृक नाता जिमीजेथा र सम्पत्तिका ढङ्गले हेर्दा उनी काठमाडौँमा बसोबास गरेता पनि लमजुङे नै हुन्। नेपाली साहित्यमा उनले दिएका लामा गद्य कविताको अफ्नो वेग्लै बिशिष्ट स्थान रहेको पाइन्छ। नेपाली साहित्यले लामा गद्य कविताहरू जुन आज पनि कवि रेग्मीबाट पाएको छ, त्यसलाई महान् उपलब्धि मान्न सकिन्छ। उनीसँगको पैत्रिक नाता जोडेर उनको यो उपलब्धीमा सिङ्गो लमजुङे साहित्य पनि गर्व गर्दछ।

### 3=3=1=22 वेदराज पन्त

लमजुङ जिल्लाको उदिपुर, खत्रीचौरमा वि.सं. १९९५, आषाढमा जन्मेका वेदराज पन्तको बाबु र आमाको नाम टीकादत्त र हेमकुमारी पन्त हो। उनले गाउँघरमै सामान्य

शिक्षा लिएर पनि स्वाध्ययनले संस्कृत तथा अङ्ग्रेजीको समेत ज्ञान लिएको पाइन्छ। व्यावहारिक जीवनका लागि उपयोगी हुने खालका लेखरचना २०१८ सालदेखि प्रकाशित गर्दै अगाडि बढेका वेदराजको कलम पछिल्लो चरणमा निकै तिखारिएको, खारिएको पाइन्छ। पत्रकारिता, राजनीति, धर्म, साहित्य, संस्कृति र पर्यावरणका क्षेत्रमा विशेष कलम चलाउने पन्तले यथार्थ घटनामा आधारित भएर विश्लेषणात्मक ढङ्गले लेखेको पाइन्छ। यही सत्यलाई उद्घाटित गर्ने उनको पुस्तक **'वकपत्र'** उच्चकोटिको पाइन्छ। वुटवलमा रहदा पत्रकारिता पेसामा 'दैनिक निर्णय' पत्रिका लिएर पन्तले प्रवेश गरेको पाइन्छ। काठमाडौँमा रहदा पनि 'युग सम्वाद' साप्ताहिकीमा स्तंभकार भै घटनाको चिरफार गरी खरो रूपमा लेख्ने साथै आफ्नै मत र निर्णय भएका विचारकको रूपमा उनलाई लिने गरिन्छ। राजतन्त्रको तात्विक विशेषता, आर्थिक विकासका निम्ति साङ्गठनिक आधार उनका साहित्य बाहिरका कृति हुन्।

जिल्ला पञ्चायत सदस्य पनि भएका वेदराज पञ्चायती व्यवस्था रहँदा रा.पं. सदस्य पदमा समेत उम्मेदवार भएर लमजुङबाट लडेका पनि थिए। यस हिसावले हेर्दा वेदराजमा वहुआयामिक व्यक्तित्वको रूपमा पाउन सकिन्छ। गोरखापत्र, युगसम्वाद आदि पत्रिकामा प्रशस्त फुटकर लेख रचना लिएर देखा परेका वेदराजको अन्य क्षेत्रमा लेखिएका प्रशस्त कृतिहरूको साथ साहित्यतर्फ देखा परेको **'साक्षी'** कविता सङ्ग्रह हो। यसैबाट उनको साहित्यिक व्यक्तित्व पनि मुखरित भएको पाइन्छ।

गद्य लेखनको क्षेत्रमा नै कलम चलाउन रुचाउने वेदराजले गद्य र पद्य विधाका माध्यमबाट नेपाली साहित्यलाई धेरै योगदान पुऱ्याएका छन्। व्यावहारिक, जीवनोपयोगी, प्राकृतिक सत्य र जनहितका विषयलाई केन्द्र विन्दु बनाएर उनले कवितामा आफ्नो कलम चलाएको पाइन्छ। कला र शिल्पी पक्ष भन्दा भाव पक्षले उनका कविता प्रवल देखिन्छन्।

गद्य र पद्य दुबै विधामा कलम चलाएका वेदराज पन्तको नेपाली साहित्यको गद्य लेखनमा विशेष योगदान रहेको पाइन्छ। व्यावहारिक ढङ्गले प्रष्ट आफ्नो दृष्टिकोण दर्शाउन सक्ने एक सत्यनिष्ठ लेखकको हैसियतमा हेर्दा उनको उचाइ निकै माथि देखिन्छ। नेपाली साहित्यको विकासमा उनले पुऱ्याएको योगदान प्रति लमजुङ गौरवान्वित भएको पाइन्छ।

### 3=3=1=23 तीर्थराज कोइराला

लमजुङ जिल्लाको कुन्छा खमारीबोटमा वि.सं. १९९५ मार्ग १२ मा जन्मेका स्व. तीर्थराज र आमाको नाम तुलसीदेवी कोइराला हो । अङ्ग्रेजीमा स्नातकसम्हत्त्वपूर्ण (बी.ए, बी.एड्.) को शिक्षा लिएका तीर्थराज कोइरालाले स्वाध्ययनद्वारा नेपाली तथा संस्कृत साहित्यमा पनि ठूलो दखलता प्राप्त गरेको देखिन्छ । अध्यापन पेसामा ठाउँठाउँमा सम्लग्न भएता पनि साहित्य साधनालाई वलियोसँग पक्रेका कोइरालाको तीनओटा प्रकाशित कृति देखिन्छन् । विजया आविर्भाव पौराणिक भावानुवादित काव्य कृति हो भने बाल्मीकि स्मृति (खण्डकाव्य, २०५०) र धरतीकी छोरी (कविता सङ्ग्रह) २०६२ अन्य कृति हुन् ।

क्रान्तिकारी कविको रूपमा सुपरिचय दिन सफल कवि तीर्थराज कोइरालाले लमजुङ (भोर्लेटार, जिता, कुन्छा), नवलपरासी, चितौन जहाँ जहाँ पढाए त्यहाँत्यहाँ शिक्षा र साहित्यको उज्यालो छरेको पाइन्छ । अङ्ग्रेजी पढाउने शिक्षक भए पनि उनले नेपाली गुरुको भन्दा पनि बढी भूमिका निर्वाह गरेको पाइन्छ । स्वच्छन्दवादी - क्रान्तिकारी कवि कोइरालाले मात्रिक, वार्णिक, गीति लय र गद्य लयलाई समेत समातेर कोमल तर महत्त्वपूर्णस्पर्शी ढङ्गले भावमय अभिव्यक्ति दिएको पाइन्छ । सहज शब्द सजावट र अर्थ चमत्कारको सामर्थ्यता उनका कविता काव्यमा भेटिन्छ । आशुकवि काइरालाका थुप्रै अप्रकाशित कृतिहरू पनि रहेका छन् । त्यस्तो कृतिहरूको लाममा (क) सिद्धार्थ गौतम (महाकाव्य) (ख) भातृ शातक (खण्डकाव्य) (ग) यात्रा-कविता (शतश्लोकीय) (घ) मर्स्याङ्दी कविता-सङ्ग्रह (ङ) राष्ट्रियता, प्रजातन्त्र र समाजवाद (पद्यात्मक) रहेका छन् ।

**विजय आविर्भाव :** 'विजय आविर्भाव' पौराणिक लघु काव्य हो जुन २०४६ मा प्रकाशन भएको छ । असत्वृत्ति माथि सत्वृत्तिको विजय देखाउन र नारीको गहन नारीत्वप्रति सम्मान व्यक्त गरी नारी जागरण जगाउन लेखिएको आविर्भावले मानवीय सद्गुणहरूको विकास गर्न योगदान दिएको पाइन्छ ।

**वाल्मीकि-स्मृति :** 'वाल्मीकि-स्मृति' २०५६ सालमा प्रकाशन भएको लघु काव्य हो । मन्दाक्रान्ता छन्दमा ६० श्लोकमा लेखिएको यस वाल्मीकि-स्मृति काव्यमा कविले कवि-ऋषि वाल्मीकि, वनदेवी सीता र वीर बाल-गोपाल द्वय लव र कुशको पक्षमा श्रद्धा-स्नेहमय भाव पोखेको पाइन्छ ।

यो दुःखीको अझ पनि यहाँ दुःख उर्ली रहेछ
मेरा साना लव अब उठौं भोर कुर्ली रहेछ ।
(वाल्मीकि स्मृति : )

यस किसिमको स्वच्छन्द र न्यायिक मनोभाव पोखाएर आजको युगलाई ब्युझाउँन समेत् कविबाट आह्वान भएको देखिन्छ ।

**धरतीकी छोरी :** 'धरतीकी छोरी' २०६२ सालमा प्रकाशित फुटकर कविताहरूको सँगालो हो । विभिन्न छन्दमा स्वच्छन्द ढङ्गले खिपिएका ५८ ओटा ओजस्वी कविताका सफेद भावमय फूलहरू यहाँ भेटिन्छन् । 'जा शून्य गगनमा उड् जा, इन्कलाब बोल्न दे, एक्लै हिँड्न मलाई दे' जस्ता कविता यस कविता भित्रका पनि कविता हुन् । 'मेरो विहेको विज्ञापन' व्यङ्ग्य प्रधान कविता पनि यसमा भेटिन्छ । भीर पखेरा फोरेर समतल फाँटमा बग्ने मर्स्याङ्दी झैं उनका कविता फोहर मैला, दुःख कष्टलाई बढारेर स्वच्छन्द ढङ्गले वग्न खोजेको पाइन्छ ।

कवि तीर्थराज कोइराला हामीबाट २०६१/१२/२४ मा भौतिक रूपले विदा भएता पनि भावनाका हिसावले सँगै छन्, अमर छन् । हृदयका निखरर भावमय श्वेत कविता पुष्पको सुवासले उनको याद जुग जुगसम्म गराइरहेने छ । त्यस्तै सुवासित कविता-पुष्पको एक पत्ताः

भाइ-बैनी विश्वका साथ बस्न खान दे
ईश्वरीय न्यायले आज लड्न जान दे
इन्क्लाव बोल्न दे ।

## 3=3=1=24 मुक्तिनाथ शर्मा नेउपाने

गण्डकी अञ्चल, लमजुङ दुराडाँडा खुम्रुकमा १९ फागुन १९९६ मा जन्मेका मुक्तिनाथ नेउपानेको पिता खडानन्द शर्मा र माता रुक्मिणीदेवी हुन्। घरमै अक्षरारम्भ गरी लमजुङको जेठो अङ्ग्रेजी पब्लिक स्कुल सर्वोदय हाइस्कुलमा पढेर काठमाडौँबाट एस्.एल्.सी. पास गरी जागिरे जीवनमा प्रवेश गरेका शर्माले एकातिर अध्ययन, अनुभव बढाउँदै लगे भने अर्कोतिर जागिरमा पदोन्नति हुँदै उप-सचिवसम्म पुगेको देखिन्छ। ३३ वर्ष सरकारी जागिरे जीवन बिताएर साहित्य साधनामा साधनारत शर्मा हाल नयाँ वानेश्वर काठमाडौँमा बसोबास गरेका छन्। अत्यन्त हँसिलो फरासिलो स्वभावका धनी न्यौपाने गण्डकी सामाजिक गुठी, नेउपाने समाज, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, पूर्व कर्मचारी परिषद्, गीता समुदाय, टोल सुधार समितिमा समेत संलग्न रहेर आफ्नो सामाजिक, साहित्यिक तथा आध्यात्मिक व्यक्तित्व निर्माणमा जुटिरहेका पाइँन्छन् । चीन, भारत, संयुक्त अरब इमिरेट्स, जर्मनी, इङ्ल्याण्डको भ्रमण गरी उनले देश विदेशका अनुभवसमेत सँगालेका पाइन्छन् ।

'विद्रोह' (खण्डकाव्य) लिएर २०५५ सालमा नेपाली साहित्यमा देखापरेका कवि शर्माका हालसम्म झण्डै एक दर्जन जति पुस्तकहरू प्रकाशित भएका छन्। गीत, कविता, खण्डकाव्य, अनुवाद तथा संस्मरण विधामा उनको कलम वेजोडले चल्दै आएको पाइन्छ। बाल साहित्यको क्षेत्रमा पनि 'पानी र नानी' बालगीति काव्य देखिन्छ। श्रीमद्भागवद् गीताको पनि उनले नेपालीमा भावानुवाद गरेर त्यसको खाँचो पूरा गर्न सघाएका छन्।

उनका कृतिहरू निम्नानुसार प्रकाशमा आएका छन्: विद्रोह (खण्डकाव्य), काठमाडौँदेखि लण्डनसम्म (यात्रा संस्मरण), सर्वोदय (ऐतिहासिक गीति काव्य), श्रीमद्भागवत् भित्रका केही प्रसङ्ग, श्रीमद्भगवत्गीता (नेपाली भावानुवाद), पानी र नानी (बालगीति काव्य), वेलायततिरका झझल्का (दैनिकाका पानाबाट), संझनाका झझल्का (कविता सङ्ग्रह), सानी चरी गौँथली (बाल कविता सङ्ग्रह) , तीर्थाटन (यात्रा संस्मरण), दिदी बहिनीको किताव (२०६५) ।

**विद्रोह** (खण्डकाव्य) – यो २०५५ फागुन ७ मा प्रकाशित पहिलो साहित्यिक कृति हो । यो एउटा मार्मिक घटनामा आधारित विद्रोहात्म सामाजिक खण्डकाव्यहो जहाँ सरलाजस्ता विद्रोही नेपाली नारीको चरित्र देखाएर नेपाली नारी चेतना जोगाउन खोजिएको छ । सागर, छवि जस्ता स्वच्छ छवि लिएर सामन्ती समाजलाई शोषणरहित समाजमा बदल्नका लागि उठ्न पनि यसमा आह्वान भएको छ । अनुष्टुप, झ्याउरे र उपजाति छन्दमा आएको यस खण्डकाव्य कविको

सिकारूपनबाट माथि उठ्न खोजेको आभास पाइन्छ । अनुकरणात्मक शब्द केवल शब्दालङ्कार मात्र नभै अर्थालङ्कारको रूपमा आएकाले भाव अभिव्यक्तिका दृष्टिले पनि खण्डकाव्य स्वादिलो बनेको छ । अत्यधिक अनुकरणात्मक शब्दको प्रयोग भएको तर मिठास आउने लोक छन्दको एक कवितांश –

घरमा पूरै अध्यारो छायो बत्ती नै बलेन
बिरालो 'म्याउ' गरेर बोल्यो अरु क्वै बोलेन
भौंसीको 'आइ' बाखीको 'म्याआ' आवाज सुनियो
गोरुको 'हु हुँ' हुँकार आयो तुरुन्तै दवियो ।

**काठमाडौंदेखि लण्डनसम्म** (२०५७) – यो यात्राकार मुक्तिनाथको काठमाडौंदेखि लण्डनसम्म (१५ नोभेम्बर, १९९९ - १० मार्च २०००) को यात्रा-संस्मरणत्मक कृति हो जसमा २२ वटा यात्रा संस्मरण सँगालिएका छन् । 'जङ्गबहादुर राणाको वेलायत यात्रा' (वि.सं. १९१०) पहिलो वेलायती यात्रा सम्बन्धी कृति हो । त्यसपछि केदारमणि आचार्य दीक्षितको 'वेलाइततिर जाँदा' (२०२२) र डा. तारानाथ शर्माको 'वेलायततिर बरालिदा' (२०२६) अर्को चर्चित कृति पछि अरु आउने क्रममा मुक्तिनाथ शर्माको यो कृति आएको छ । उनले यसमा नौलो वेलायत यात्रामा राखेका जिज्ञासा र अनुभूतिहरूलाई कलात्मक अभिव्यक्तिद्वारा पस्केका छन् जुन हामी नेपाली पाठकलाई रोचक भएको छ । उनले गरेको नौलो ठाउँको नौलो अनुभूतिमा नेपाललाई राखेर तुलनात्मक ढङ्गले हेरेका छन् । यसरी उनले देखाएको हेर्दा देशप्रतिको माया, श्रद्धा, आस्था र आसाको झझल्को अझ पाठकको मन जित्ने खालको रहेको छ । 'मन काठमाडौंमा तन लण्डनमा' भनेर यात्राकारले सुन्दर सहर लण्डनलाई होइन, दुराडाँडालाई नेपालको प्रतीकको रूपमा लिएर जोबने बहरले गाजुगाई चाटे झैं सिङ्गै नेपालैलाई नै झुराएका छन्, चाटेका छन् ।

**सर्वोदय** – 'सर्वोदय' ऐतिहासिक गीतिकाव्यमा लमजुङको जेठो हाइस्कुल सर्वोदयको महान् वीर गाथा गाउँदै २०१९ सालदेखि ०६३ सालसम्म त्यस स्कुलबाट एस्.एल्.सी. परीक्षा पास गरिसकेका छात्र, छात्राको नाम लोक छन्दमा उनिको छ ।

**सम्झनाका झझल्का** – कविका ५२ ओटा मीठा छन्दोबद्ध कविताका विभिन्न क्षणका संझनाका झझल्का यसमा देख्न पाइन्छ, पढ्न पाइन्छ । उनका कविताहरू अनुकरणात्मक शब्दले चिल्लिएका छन्, हास्य मिठासले हिस्सी परेका छन् र देश भक्तिको सङ्लो भावले उठ्न आमन्त्रण गरेका पाइन्छन् ।

नेपालीहरू हो ! उठौं कि अब लौ मिर्मिर् उज्यालो भयो

'ओठ चल्यो कुरा बुझ्यो' उखान झैं प्रस्तुत कविताको एक पत्ताले नै कवितात्मक भावको पहिचान दिन्छन् ।

**पानी र नानी, सानी चरी गौँथली** – पानी र नानी, सानी चरी गौँथली कविका बालगीति काव्य र बालकविता सङ्ग्रह हुन् । बालबालिकाले मन पराउने भाकामा बालकविताहरू आएका छन् । यी कविताले बालबालिकालाई पानीको महत्त्व बोध गराई सहि ढङ्गले उपयोग गर्न पनि सिकाएका छन् । कविले सानी चरी गौँथली जस्तै निश्कलङ्कित बालबालिकाहरूको विकासमा बालसाहित्यको महत्त्वलाई झल्काएका छन् ।

कवि मुक्तिनाथ यात्राकारका रूपमा तीन सङ्ग्रह आएका छन् । यी तीनै सङ्ग्रहमा यात्राकारले नेपाललाई अन्य अति विकसित मुलुकसँग तुलना गर्दै नेपाललाई माथि उठाउन नेपालीहरू पौरखी हात लिएर जुरमुराउँदै उठ्नका लागि आह्वान गरेका छन् । 'श्रीमद्भागवत भित्रका केही प्रसङ्ग' र 'श्रीमद्भागवतगीता' नेपालीमा भावानुवाद समेत गरेर कविले आफ्नो आस्थाको धरोहरलाई पनि सुललित भाषामा व्याख्या गरेको पाइन्छ । यसबाट कविको दार्शनिक तथा आध्यात्मिक चेत पनि ब्यूँझिएको पाइन्छ ।

**दिदी बहिनीका किताव** – दिदी बहिनीका किताव (२०६५) उनको पछिल्लो समीक्षात्मक लेखहरूको सँगालो हो । नारी साहित्यकारका कृतिबारे समीक्षात्मक टिप्पणी उठाउँदा उठाउँदै लेखिएका तिनै लेखहरूलाई एकै कृतिमा सँगालिएको लेख सङ्ग्रह 'दिदी बहिनीका किताव' हो ।

गद्य र पद्य दुवै विधामा कलम चलाई रहने साहित्यकार मुक्तिनाथ पद्यमा लोक लय र वार्णिक छन्दमा रमाएको देखिन्छ। वार्णिक छन्दमा मुख्यतः अनुष्टुप छन्दमा नै कवि बढी छम्छमाएको देखिन्छ। स्वच्छन्द ढङ्गले कविता लेख्न र विचरण गर्न चाहने कवि कतै हास्य व्यङ्ग्यले रोमान्स गर्न लाएका देखिन्छन् भने कतै स्वच्छ भाव धारा बहाउन प्रवाहित भइरहेका देखिन्छन्।

विभिन्न विधामा समसामयिक ढङ्गले कलम चलाएर नेपाली साहित्यलाई एक दर्जन भन्दा बढी कृति दिएर विविध पौष्टिकता प्रदान गर्नु नै साहित्यकार शर्माको प्राप्ति देखिन्छ। लमजुङ जिल्लामा मात्र होइन नेपाली साहित्यमै स्थापित शर्माको भविष्य उज्योलोतर्फ लम्केको पाइन्छ । लमजुङसँग उनको थातथलो जोडेर हेर्दा नेपाली साहित्यको विकासमा लमजुङ जिल्लाको महत्त्वपूर्ण योगदान रहदै आएको प्रष्टिन्छ।

## 3=3=1=25 मेदिनीनाथ सुवेदी

मेदिनीनाथ सुवेदीको जन्म वि.सं १९९७ कार्तिक ३ मा लमजुङ सिम्पानी -९ खुदीवेनीमा भएको हो। पिता पं. बद्रीनाथ सुवेदी र आमा कौशिल्याका यिनी कान्छा छोरा हुन्। घरमा खुदी वेनी संस्कृत भाषा पाठशालाका गुरु एवम् पण्डित बाबु बद्रीनाथ सुवेदीबाट प्रारम्भिक शिक्षाको जग बसाएका मेदिनीले संस्कृत संपूर्ण साहित्यमा शास्त्री र नेपालीमा

बी.ए. सरह उत्तीर्ण गरेका छन्। स्थानीय अमर माध्यमिक विद्यालयमा २०२४ सालदेखि अविच्छिन्न रूपले ३२ वर्ष लामो शिक्षण व्यवसायमा संलग्न रहेर निवृत्त भएपछि भने काठमाडौँमा रहदै आएका सुवेदी काव्य साधनामा पूरै समर्पित भएर लागेको देखिन्छ। साहित्य शास्त्रका ज्ञाता मेदिनी छन्दवादी सौन्दर्यप्रेमी कवि हुन्। संस्कृत छात्रावास रानीपोखरीमा अध्ययनमा रहँदादेखि नै छन्दलाई, राम्ररी पक्रेका मेदिनीको 'धम्की नदे भारत', 'स्यूर लाली गुराँस' बहुत प्रसिद्धि पाएका फुटकर कविता हुन्।

मेदिनीनाथ सुवेदीको साहित्यिक व्यक्तित्वको मूल केन्द्र कवित्व नै हो । उनी कवि, गीतकारका रूपमा नै चिरपरिचित छन् । बाल कविताको क्षेत्रमा पनि उनी देखिएका छन् । त्यसैले उनको साहित्यिक विशेषता नै कवि व्यक्तित्व हो । पिता पं. बद्रीनाथ सुवेदी, दाजु सूर्यनाथ सुवेदीको प्रेरणाबाट किशोरावस्थादेखि नै सुरु भएपनि २०२१ सालमा ने.प्र.प्र.बाट प्रोत्साहन नगद पुरस्कार पाएदेखि सुरु भएको पाइन्छ । लगभग साँढे चार दशक लामो काव्य यात्रामा मुख्यतः तीन चरणमा पइन्छ । अध्यापन अघिको, अध्यायन पछिको र अध्यापन छोडेपछिको उत्तरार्द्ध चरण । उत्तरार्द्ध चरण (२०५५ देखिको) चरणमा उनी अझ खारिएर, लगनशील भएर साहित्य साधनाको यात्रामा लागिपरेको पाइन्छ । यसै चरणमा उनको 'मर्स्याङ्दीको सुसेली' कविता सङ्ग्रह प्रकाशमा आएको छ । यसै चरणमा स्व. डिल्लीजङ्ग गुरुङलाई उनी 'साहित्यको झ्यालबाट' चियाउँदै छन् र तत् सम्बन्धी कृति छिट्टै प्रकाशमा आउने आसा गरिन्छ ।

**मर्स्याङ्दीका सुसेली** – मर्स्याङ्दीका सुसेली नामक कविको पहिलो प्रकाशित (२०५५) कविता सङ्ग्रहमा ती कविताहरू पनि सङ्ग्रहित छन् । जस सङ्ग्रहमा मर्स्याङ्दीको पानी झैँ सलल्ल वगेका छन्दोबद्ध कविता पाइन्छन्। छन्दमा लेख्न खप्पिस कवि मेदिनीले नेपाली साहित्य धरातलमा सशक्त ढङ्गले आफूलाई स्थापित गराउन सफल देखिन्छन्।

नेपालीको शिर-शिर छुने राष्ट्रकै फूल खास,
हे बैनी हो, रिवन चुडिद्यौ स्यूर लाली गुराँस ।

माथि कविताको शीर्षक र शीर्षक अनुसार सचित्र तस्विर पहिला आफैले निर्माण गरी त्यसकै आधारमा कविता लेख्न हाल लागिपरेका कवि मेदिनीको बाल-साहित्य, साहित्य, समस्यापूर्ति कवितामा राम्रो पकड पाइन्छ।

'धम्की न दे भारत' शीर्षकमा स्वयम् कविको समस्यापूर्ति यस्तो रहेको पाइन्छ :

हाम्रा वीर सपूत छन् सगरमा यो विश्व थर्काउने
हाम्रा जोश र होस छन् मुलुक यो आकल्प जोगाउने ।
यो सांसारिक शत्रुको वल लिने नेपालमा शक्ति छ
तेरो लागत छैन कत्ति यसमा, धम्की न दे भारत।।

रसानुकूल छन्दको प्रयोग, सरस वर्णनात्मक शैली, मनोरम प्रकृति चित्रण, वीरहरूको शौर्य वर्णन, मातृभूमिप्रति ममताको उद्‌गार कवि मेदिनीका कवितामा पाइनु यो उनको विशेषता हो र उपलब्धि पनि हो। उनका कतिपय कविताहरू राष्ट्रियस्तरमा उठेका देखिन्छन्। यसरी नेपाली काव्य जगतमा आफूलाई कविका रूपमा चिनाउन सफल सुवेदी लमजुङे साहित्य बाटिकाका फक्रदो प्रतिभा हुन्। काव्य सिर्जना क्षेत्रमा लगभग ४ दशक विताएका सुवेदी अझ काव्य सिर्जनमा तल्लीन देखिन्छन्। यसबाट राष्ट्रले अझ उनको साहित्य सेवा प्राप्त गर्ने आधार देखिन्छ।

कविताका तत्वहरू-भाषा-शैली, छन्द, संरचना, भाव, रस, गुण आदिका दृष्टिले उनका कविता परिष्कृत छन् । प्रथम चरणमा उनका किता प्रकृतिको वाह्य वर्णनमा लागेका छन् भने दोस्रो  र तेस्रो चरणमा क्रमशः अन्तरचेतबाट ब्यूझिन लागेका पाइन्छन् । प्रकृति वर्णन, समाज सुधार, नवनिर्माणतर्फ प्रवृत्त हुँदै कवितामा ठाँटबाट झल्किएको पाइन्छ भने अन्तिम चरणतर्फमा कवि यति मात्रै कविता होइन रहेछ भनी अझ त्यसमा भावमय सूक्ष्मतातर्फ प्रवृत्त हुँदै गएको पाइन्छ । काव्यको वाह्य स्वरूप मात्र होइन भित्री स्वरूप (शैली शिल्प र भावको सम्योजन) सजाउन लागि रहेको पाइन्छ ।

लमजुङमा राखिएका (अम्बा प्रतिभा पुरस्कार, वी.पी. स्मृति पुरस्कार आदि) सम्पूर्ण पुरस्कार प्राप्त गरिसकेका सुवेदीले अव लमजुङ बाहिर पनि आफूलाई चिनाउने प्रयत्न गर्दै छन्। साहित्यका नव रसमा एक रस थपी कवि मेदिनीले बात्सल्य (बाल) रससहित रसको सङ्ख्या १० हुनु पर्ने कुरामा साहित्यकारहरूको ध्यान त्यसतर्फ आकृष्ट गर्न खोजेको देखिन्छ। बात्सल्य रसले युक्त भएको कविताको एक टुक्रा :

झुल्के जून भने म खेल्छु टिपिचौ राम्रो भकुण्डो यहाँ  
देख्यौ बाघ भने म चढ्छु अहिले घिच्याई ल्याऊ यहाँ ।  
भन्दै साहस गर्छ त्यो चकचके वाएर थोते मुख  
ल्याई च्वाप्प मुइँ नखाइ रहँदा के जिन्दगीमा सुख ।।

स्वाभिमानी, देशभक्तिपूर्ण भावना उनका कविताहरूमा एकातिर भेटिन्छ भने अर्को तिर प्राकृतिक सौन्दर्यवर्णन पनि उत्तिकै पाइन्छ। व्यक्तिगत स्वार्थलाई छोडेर राष्ट्रिय स्वार्थमा लाग्न पनि उनका कविताले आह्वान गरेको पाइन्छ। पूर्वीय अध्यात्मवादी चेतना पनि उनका कवितामा उत्तिकै चिर्बिराएको पाइन्छ। मनोहर वर्णनशैली, सुललित पदावली, आलङ्कारिक अर्थपूर्ण शब्दले ल्याएको चमत्कार, भावमय रसले परिपाक र उच्चकोटीका छन् ।

कला र कविता सँगसँगै लैजाने रहर बाकेका मेदिनी कविता रच्नु पहिला चित्रात्मक तस्बिर तयार पारेको देखिनछ । नेपाली शिक्षा परिषदबाट २०६४ सालमा आयोजित मोती जयन्तीमा ‘एकता ए कता गयो’ शीर्षकमा समस्यापूर्ति कविता लेखनका लागि शीर्षक प्रदान गरेको पाइन्छ । लमजुङका उत्कृष्ट कविहरूका हारमा पर्ने मेदिनी सुवेदी २०२७ सालमा नै

गण्डकी अञ्चलव्यापी कवि गोष्ठी पोखरामा प्रथम समेत भएर राष्ट्रिस्तरमा पनि देखिइ स्थापित हुँदै जानुले उनको उज्ज्व भविष्यको सङ्केत गर्दछ । यसैले उनको उपस्थिति लमजुङे साहित्यमा ठूलो प्राप्ति भएको छ ।

### 3=3=1=26 रामचन्द्र अधिकारी

रामचन्द्र अधिकारीको जन्म लमजुङ जिल्लाको भारते, सिरुवारीमा वि.सं. १९९८ कार्तिक १७ गते आमा देवीमायाको कोखबाट भएको हो । उनका बाबुको नाम परमानन्द अधिकारी भए पनि वामदेव नामबाट गाउँघरमा प्रख्यात थिए । तिनताक उनले गाउँकै कुलायन स्थानमा देउराली भारतेका राइटर बुढा र सिरुवारीकै तुलसीप्रसाद शर्मा उपाध्याय, पं. गोपालचन्द्र अधिकारी, बुद्धिजीवी माधव प्रसाद अधिकारीको संगतले संस्कृत शिक्षाको प्रारम्भिक ज्ञान हाँसिल गरी भानु संस्कृत मा.वि. चुँदी, तनहुँबाट उनले औपचारिक शिक्ष प्राप्त गरेका थिए । चुँदी पछि उनी पढ्नका लागि विन्ध्यवासिनी संस्कृत पाठशाला पोखरामा १ वर्ष पढेका थिए । पोखराको पढाइ पछि प्रथमा परीक्षा दिएर रानीपोखरी संस्कृत पाठशालामा पूर्व मध्यमा (एस्.एल्.सी) पास गरेका थिए । पूर्वमध्यमाको योग्ता बनाएपछि गाउँमा ४/५ वर्ष जति अध्यापन कार्यमा संलग्न रहे । यहीबेलामा उनले बेलघारी मर्स्याङ्दीका झलुङ्गे पुल भक्तबहादुर पिसकोर (अमेरिकन) को नेतृत्वमा बन्न लागेको बेला सचिव भएर काम गरेका थिए ।

उच्च शिक्षा पढ्ने ध्येयले २०२७/०२८ सालमा काठमाडौँ छिरेका रामचन्द्रले आयुर्वेदिक शिक्षालयबाट शास्त्रीसम्म पढेर कविराज भै केही समय सुर्खेत र त्यसपछि गोरखामा समेत रहेर आयुर्वेदिक औषधालयमा काम पनि गरेका थिए । अध्ययनलाई पुनः निरन्तरता दिएर आयुर्वेदाचार्यसम्मको शिक्षा उनले हाँसिल गरेका छन् ।

फाट्टफुट्ट कविता लेखेर साहित्यिक चर्चामा  आए पनि उनको मुख्य क्षेत्र भने राजनीति नै देखिन्छ । जागिरबाट राजिनामा दिएर २०३६ सालदेखि सक्रिय राजनीतिक जीवनमा प्रवेश गरेका रामचन्द्रले जेलनेल पनि भोगेका छन् । २०४६ सालपछि लमजुङको क्षेत्र नं. १ बाट दुई दुई पटक सांसद बनेका रामचन्द्र स्वास्थ्य सहायक मन्त्रीसमेत बनेका पाइन्छन् । राजनीतिक जीवनकै क्रियाशीलताको फलस्वरूप उनले भारत, बंगलादेश, थाइलैण्ड, फिलिपिन्स लगायत राष्ट्रहरूको भ्रमण समेत गरेका छन् । अत्यन्त सरल जीवनशैली अपनाएका रामचन्द्र सहृदयी पनि देखिन्छन् । आर्थिक सवलताको अभावमा अनेक पारिवारीक झन्झट व्यहोरेका रामचन्द्रले राजनीतिक जीवनमा पनि अनेक हण्डर खाएको देखिन्छ । यति हुँदाहुँदै पनि उनी, आफ्नो जिल्लामा सज्जन व्यक्तित्वको रूपमा ‘रामचन्द्र दाइ’ बाट चिनिन्छन् । सूर्योदय माध्यमिक विद्यालय र अन्य स्कुलहरू आफ्नो गाउँघरमा खुलाउन र तिनको संरक्षण समेत गर्न उनको ठूलो योगदान रहेको पाइन्छ । रेडक्रसको आजीवन सदस्य समेत बनेर सामाजिक सेवामा निकै पहिले उनी देखापरेका पनि हुन् ।

नेपाल रेडक्रस सोसाइटी (लमजुङ शाखा) को आजीवन सदस्य भएरसमेत सामाजिक सेवामा संलग्न रहेका रामचन्द्र विभिन्न सङ्घ संस्थामा पनि संलग्नता रहेको पाइन्छ ।

यसरी राजनीतिक, सामाजिक, शैक्षिक क्षेत्रमा सहयोग पुऱ्याइरहेका रामचन्द्रबाट साहित्यको योगदान पनि थपिएको पाइन्छ । सुर्खेतमा कविराज भै रहेको बखत त्यहाँको स्थिति देखेर नारी जागरण र मुक्तिका लागि उनले 'नारी कि जारी' (२०३२) भन्ने उपन्यास लेखे । रामचन्द्रले एकैचोटि यो उपन्यास लेखेका थिएनन् । यस उपन्यास लेख्नुको पछाडि आफ्नो साहित्यिक पृष्ठभूमि 'विवेक विन्दु', 'मर्स्याङ्दी' जस्ता विचार प्रधान साहित्यिक पत्रिकाबाट बनाएको पाइन्छ । गण्डकी छात्रसमितिको अध्यक्ष रहदा उनकै सक्रियतामा मर्स्याङ्दी पत्रिका निस्केको थियो । असमान सामाजिक जीवन देखेर भोगेर नै त्यस्तो असमानताबाट नारीलाई जोगाउन, उनीहरूको स्वतन्त्र अस्तित्वको रक्षा गर्न नै 'नारी कि जारी' उपन्यास लेखिएको थियो ।

एउटै विचार प्रधान सामाजिक उपन्यास दिएर भए पनि नेपाली साहित्यको विकासमा साहित्यकार रामचन्द्रको योगदान रहन गएको छ । उनको योगदान प्रति लमजुङ गौरवान्वित बनेको पाइन्छ ।

अन्तर्राष्ट्रिय नारी दिवस (१९७५) को सन्दर्भ पारेर प्रकाशित यस पुस्तकले नारी र पुरुष बीचको घोर असमानतालाई छर्लङ्ग देखाएको छ भने अर्कोतिर नारीको मूल्य, अस्मितालाई केवल भोग्य वस्तुको रूपमा मात्र तत्कालीन समाजले लिएर अबमूल्यन गरिएको यथार्थता पनि यसले चित्रण गरेको पाइन्छ । जारी तिरेर पशुसरह महिलाको हुने किनबेचको प्रथालाई यसले राम्ररी उदुङ्ग्याएको छ । नारी जागरणमूलक उपन्यास लेखेर अधिकारीले नारी जागरण तथा नारी मुक्तिका लागि गहकिलो योगदान दिएको पाइन्छ ।

## 3=3=1=27 चन्द्रवदना घिमिरे

चन्द्रवदना घिमिरेको जन्म वि.सं. २००० साल वैशाख १८ (१ मई, १९४३) मा लमजुङ जिल्लाको दुराडाँडा, अर्चलेनी गाउँमा भएको हो। यिनी बाबु शुभाकर अधिकारी र आमा हरिमाया अधिकारीकी छोरी हुन्। जागिरे जीवनका क्रममा बाबु गोरखा अदालतमा रहेकाले उनको प्रारम्भिक शिक्षा गोरखाबाट भएको देखिन्छ। उनको त्यतिवेला नै मञ्ज्याङ, लमजुङका ध्रुव घिमिरेसँग विवाह भैसकेकोले उनका श्रीमान् ध्रुव घिमिरे पनि पढ्नका लागि गोरखामा बाल सखाकै रूपमा सँगै रहेको बुभिन्छ। दुई कक्षादेखि शान्ति विद्यागृह लैनचौरमा पढेकी चन्द्रवदनाले एस्.एल्.सी. परीक्षा त्यहीबाट उत्तीर्ण गरी निकै दुःख र सङ्घर्षले एम्.ए. सम्मको अध्ययन पूरा गरेकी छिन्। शिक्षण पेसामा २०१७ सालदेखि प्रवेश गरेकी चन्द्रवदना हाल सेवा निवृत्त भएर लैनचौर, अल्कावस्तीको आफ्नै आवासमा सदम्पति शान्त वातावरणमा जीवन व्यतीत गरिरहेकी छन्। शान्त र सरल स्वभावकी घिमिरे हाल साहित्य साधनामा संलग्न रहेकी पाइन्छिन्।

चन्द्रवदनाको व्यक्तित्व कुशल गृहिणी, असल शिक्षिका र सफल साहित्यकारको त्रिवेणीमा झल्केको पाइन्छ। 'यथा नाम तथा काम' झैँ उनी नेपाली साहित्याकाशमा महिला

हस्ताक्षरले चम्केकी पाइन्छिन्। सानोमा जागिरे पिताका साथ र पछि श्रीमान्का साथ नेपालका विभिन्न जिल्ला मात्र होइन भारत, थाइलैण्ड, अमेरिका आदि देशमा पनि पुगेर अनुभव बटुल्ने अवसर पाएकी चन्द्रवदनाको बाह्य तथा आन्तरिक व्यक्तित्व शिष्ट र शालीन पाइन्छ । नेपाली साहित्य मन्दिर, बद्रीविक्रम सेवा गुठी जस्ता साहित्यिक तथा सामाजिक संस्थामा उनको संलग्नता देखिन्छ ।

**प्रयास (कविता सङ्ग्रह)** – साहित्यमा उनको पहिलो प्रयास चाहिँ 'प्रयास' कविता सङ्ग्रह नै हो। नेपाली साहित्य मन्दिर प्रकाशक भै २०५६ सालमा प्रकाशित यस कविता सङ्ग्रहमा वार्णिक छन्दमा लेखिएका ९२ ओटा कविताहरू सङ्ग्रहित रहेका छन्। स्कुले शिक्षिका हुँदा यिनका कविता कुनै न कुनै राष्ट्रिय चाडपर्व, राष्ट्रिय विभूतिका जन्मोत्सव जस्ता समारोहलाई सङ्केत गरी सिर्जना गरिएको पाइन्छ। शार्दूलबिक्रीडित छन्दमा नै कवयित्री चन्द्रवदना छमछम नाचेकी देखिन्छन्, सायद उनको प्रिय छन्द पनि यही भएर होला।

छैनन् उत्तर के म सक्छु दिन नै त्यो चित्त बुझ्ने गरी
मिल्ला मातृवियोग हट्छ कसरी पाइन्छ के औषधि
(पासाङ ल्हामुकी आमा प्रति, पृ. : ३०)

छोरीको वियोगमा आमाको छाती कसरी चिरिन्छ त्यो मातृ ममतामय भाव कवितामा पोखिएको पाइन्छ ।

**श्वेता** – उनको अर्को कृति 'श्वेता' (शोक काव्य) हो। अरुण घिमिरे प्रकाशक रहेको 'श्वेता' २०५६ पौषमा प्रकाशित भएको हो। छोरी पट्टिकी नातिनी १० वर्षिया श्वेता अमेरिकामा रहँदारहँदै क्यान्सर रोगले मृत्यु शय्यामा छटपटाइरहेको खवर पाएर कवयित्री अमेरिका पुगी नातिनीको पीडा र छोरीको मर्मान्तक वेदनामा सहभागी भई लेखिएको यो शोक काव्य हो। अमेरिका जस्तो मुलुकमा उपचारको सुविधा पाएर पनि १० वर्षे कलिलो वयमा नै जीवन गुमाएकी श्वेताको झझल्कोलाई कवयित्रीले आँसुको मसीले उतारेकी छन्। श्वेता अब यही काव्य भित्रका कवितामय पङ्क्तिमा पाइन्छिन्।

विधिको नवसिर्जना थियौ
चिचिलैमा विचरी नमोठियौ
कुन पाप निमित्त यो थियो
भन श्वेता कुकठोर दण्ड यो ।
(श्वेता : ५९)

अत्यन्त शान्त, सरल र शिष्ट व्यवहारकी धनी कवयित्री चन्द्रवदनाका कविता

उनको स्वभावकै छाया जस्ता देखिन्छन्। लेखनाथीय शैलीलाई एउटी शिलवती चेलीले झैँ समातेर कविता र काव्यमा सजाएकी छन्। उनका कृतिमा जीवन भोगाइका कटु यथार्थहरू सजीव र मार्मिक ढङ्गले प्रस्तुत भएका छन्। ईश्वर, प्रकृति, राष्ट्र र राष्ट्रिय विभूतीहरूको खुलेर उनले महिमा गायन गरेको पनि पाइन्छ। अत्यन्त मर्यादित ढङ्गले उनको कलम चलेको पाइन्छ। उनी सहज प्राकृतिकतामा रुचि देखाउँछिन्। सरल, सुबोध र सरस भाषा शैली, शब्द र अर्थ गांभिर्य, भित्र लुकेको कारुणिक भावरसले निथ्रुक्क भएर भिजेको 'श्वेता' नारी हस्ताक्षरको सफल खण्डकाव्य हो भन्दा अत्युक्ति नहोला ।

यसरी घर र माइती लमजुङमै भएकी कवयित्री चन्द्रवदना हाल राजधानीमा रहेर साहित्यिक साधनामा सम्लग्न रहँदै नेपाली भाषा र साहित्यको अभिबृद्धिका लागि सघाउ पुऱ्याइ रहेकी देखिन्छिन्। उनको यस किसिमको प्रयासबाट समग्र देशको साथ साथै लमजुङको पनि गौरव बढाउन मद्दत पुगेको देखिन्छ। नेपाली अर्ध सिङ्गो नारी साहित्याकाशमा उनको सुनौला हस्ताक्षर देख्न पाउँदा लमजुङे मातृ साहित्यको छाती हर्षले गदगद भएको पाइन्छ ।

## 3:3:1:28 तीर्थराज अधिकारी

लमजुङ जिल्लाको भोटेओडार गा.वि.स., घोक्रेस्वाँरामा वि.सं. २००० श्रावण २७ गते तीर्थराज अधिकारीको जन्म भएको हो। उनको पिताको नाम देवीभक्त अधिकारी र माताको नाम सावित्रादेवी अधिकारी हो। घरमा सामान्य लेखपढ गर्न सिकेर लमजुङकै खुदीवेनी भाषा पाठशालामा पढ्न पुगेका अधिकारीले चरी पण्डित नामले प्रसिद्धि पाएका बद्रीनाथ सुवेदी गुरुद्वारा शिक्षा लिएर रानीपोखरी संस्कृत पाठशालाबाट पूर्व मध्यमासम्मको शिक्षा हाँसिल गरेका छन्। पूर्व मध्यमा गरेपछि गाउँघरमा नै रही गुरु बनेर शिक्षाको प्रचार प्रसारमा १८ वर्ष शिक्षण सेवामा बिताएका थिए।

देवी सुवेदी, मेदिनी सुवेदी, बालकृष्ण सुवेदी, युगेश्वर रेग्मी जस्ता सहपाठीहरूको संगत र कविहृदयी गुरु बद्रीनाथ सुवेदीको प्रभाव र सान्निध्यबाट साहित्यतर्फ लाग्न रुचि जागृत भएको बताउने स्वयम् अधिकारीको पहिलो प्रकाशित कृति 'अधुरो जीवन' हो। अर्को प्रकाशोन्मुख कृति 'मुस्कुराएको लमजुङ' हो।

> **अधुरो जीवन –** 'अधुरो जीवन' खण्डकाव्य हो जसको प्रकाशन २०६२ साल श्रीपञ्चमीमा भएको छ। ग्रामीण परिवेशलाई मुख्य स्थान बनाइ लेखिएको यस खण्डकाव्यमा ग्रामीण जनजीवनको यथार्थ तस्बीर उतारिएको पाइन्छ। संवादात्मक शैलीमा आएको यस काव्यका नायक जीवनले आयआर्जनको सिलसिलामा आफ्नै उमेरकी दौतरी लक्ष्मी र भर्खरको नवजात शिशुलाई छोडेर बिकट गाउँमा पुगेको देखिन्छ। लामो अन्तराल पछि आफ्नी जीवन सँगिनी र प्रिय बालरत्न भेट्न आतुर

भई फर्कदा फर्कदै जीवनको जीवनलीला समाप्त भएको कारुणिक घटना नै काव्यको दुःखद प्रसङ्ग हो। सुखद दाम्पत्य जीवनका केही क्षणलाई श्रृङ्गारिक ढङ्गले उतारिएको भए पनि करुण रसकै प्रधानता यस काव्यमा पाइन्छ। वियोगान्तक ढङ्गले खण्डकाव्य प्रस्तुत भएको पाइन्छ।

मन्मा पीर भए नि यो धरतीमा झल्की रहेकी थिइन्
हाम्रो भेट हुनेछ क्वै दिन भनी कल्पी रहेकी थिइन्
आशामा घरमा अझै ति बिचरा ! अल्झी रहेकी थिइन्
सानू बाबु रमेशको बदनमा बल्झी रहेकी थिइन् ॥
(अधुरो जीवन : ४०)

वार्णिक छन्दमै छङ्छङाउन चाहने कविको प्रिय छन्द शार्दूलबिक्रीडित देखिन्छ। वर्णनात्मक शैलीमा लेखिएको यस खण्डकाव्यमा ग्रामीण सहजता प्रकट भएको पाइन्छ। सरल भाषा शैलीको प्रयोग भएता पनि भानुभक्तीय बोलीचालीको अक्षरको खुट्टा काट्ने भाषा गाउँदा मिले पनि व्याकरणीय कम्जोरी चाहिँ कताकती छिपेकै छ । स्वच्छन्दवादी भावधारा छन्दको छेकथुनले खजमजिएको भए पनि पहिलो कृतिमै कविको काव्यिक व्यक्तित्व उजागर भएको पाइन्छ । 'अधुरो जीवन' कविको पहिलो एकमात्र प्रकाशित काव्य रचना भएता पनि उनी अझै अन्य कृति दिन लागिपरेको पाइन्छ। तसर्थ लमजुङे साहित्यको माध्यमबाट नेपाली साहित्यको विकासमा कवि अधिकारीबाट अझ धेरै साहित्यिक सेवा प्राप्त हुने विश्वास लिन सकिन्छ।

## 3=3=1=29 मोहनबहादुर कायस्थ

नारायणटोल, बन्दीपुर, तनहुँमा वि.सं. २००१ साल वैशाख २ गते जन्मेका मोहनबहादुर कायस्थको बाबुको नाम बीलबहादुर कायस्थ र आमाको नाम दयालक्ष्मी हो। बन्दीपुरमा जन्मेपनि व्यापारको सिलसिलामा बाबुआमासँगै दुराडाँडा, च्यानपाटामा पुगेका मोहन कायस्थको बाल्यावस्था यही नै बितेकाले उनको प्रारम्भिक शिक्षादीक्षा पनि त्यही नै भएको पाइन्छ। २००९ सालमा स्थापित सर्वोदय हाइ स्कुलमा पढेर जे.पी. हाइ स्कुल क्षेत्रपाटीबाट २०१६ सालमा एस्.एल्.सी., त्रि-चन्द्र कलेजबाट आइ.एस्सी. र आन्ध्र युनिभर्सिटीबाट इन्जिनियरिङ पास गरेका कायस्थले एस्.एल्.सी. दिएर केही समय बन्दीपुरमा शिक्षकसमेत बनेको देखिन्छ। २०२८ सालदेखि इन्जिनियर भएर विद्युत प्राधिकरणमा प्रवेश गरेका मोहन कायस्थ उमेरले दिइन्जेल जागिरमा र जागिरबाट निवृत्त भएपछि भीमसेनगोला, बानेश्वरको आफ्नै निजी आवासमा साहित्य साधनामा लागिपरेका भेटिन्छन्। जुद्धोदय पब्लिक स्कुलका गुरु हरिहरनाथ रेग्मीको प्रेरणाले लेखनमा लागेका साहित्यकार मोहन कायस्थको पहिलो साहित्यिक कृति 'बिजुलका मेरा अनुभूतिहरू र बसिबियाँलो मेरो कविता भाग - १' देखिन्छ। वर्षमा २/३ ओटा कृतिहरू दिइरहने कायस्थका हाल दुई दर्जन जति पुस्तक प्रकाशित भइ सकेका छन्। साहित्यकार मोहन लेख्छन् र उनकी श्रीमती नीमाया प्रकाशित

गर्छिन्। साहित्यकार लेख्न थाक्दैनन् अर्कोतिर प्रकाशिका घरखर्च चलाएर पनि पुस्तक प्रकाशन गर्न र निःशुल्क लोकापर्ण गर्न थाक्दिनन्। यस किसिमको विचित्र खेलले नेपाली साहित्यको ढुकुटीमात्र होइन पाठकको हृदयढुकुटी भर्न पनि वल पुगेको छ।

साहित्यकार मोहन कायस्थलाई हेर्दा उनी जति राम्रा, हसिला वाह्य हेर्दा देखिन्छन् भित्रबाट पनि उनी अत्यन्त सरल, सफा र सत्यनिष्ट रहेका पाइन्छन्। उनको जीवन चरित्र, संस्कारयुक्त विचार र व्यवहारको छाप उनका रचनामा पनि परेको पाइन्छ। 'बिजुलीका मेरा अनुभूतिहरू', 'बसिबियाँलो' बाट साहित्य यात्रा प्रारम्भ गरेका मोहन कायस्थ आफ्नो यात्राको पछिल्लो चरण ६० को दशकपछि गतिशील ढङ्गले नेपाली साहित्यमा उदयी अवस्था देखा परेका छन् । कहानी, उपन्यास, कविता, मुक्तक, गजल, संस्मरण, हाइकु, ताङ्का अनेकौ विधामा उनको कलम पुगेको पाइन्छ। उनको कलम कहाँ पुगेको छैन भनी धुइँधुइती लाएर हेर्दा एउटा विधामात्र भेटिन्छ, त्यो हो महाकाव्य । उनको कलम त्यहाँ पनि पुग्ने आशा गर्न सकिन्छ किनभने उनको कलम-यात्रा तीब्र गतिमा जारी रहेकै छ।

उनका प्रकाशित कृतिहरू –

1. बिजुलीका मेरा अनुभूति भाग १ र २ (२०४२ र २०४३)
2. बसिबियाँलो मेरो कविता भाग - १ (२०४५), भाग - २ (२०४७), भाग - ३ (२०५८) र भाग - ४ अङ्ग्रेजीमा (२०५९), भाग - ६ (२०६०)
3. विवश जीन्दगी उपन्यास भाग - १ (२०४६), भाग - २ (२०५१), भाग - ३ (२०५२), भाग - ४
4. रोदीघर (गीत सङ्ग्रह) २०६०
5. चालीस फन्को (यात्रा संस्मरण) २०६१
6. तरेली (हाइकुको) २०६१
7. भावना (स-साना कथाहरू) २०६२
8. शब्दजाल (उपन्यास) २०६२
9. बिस्कुन (ताङ्का सङ्ग्रह), २०६३
10. मोहनबहादुर कायस्थका मुक्तकहरू, २०६३
11. पीपलबोट (संयुक्त चोका सङ्ग्रह), २०६३
12. आकाशवाणीबाट गजलहरू (गजल सङ्ग्रह), २०६४
13. ठूलाहरू (सदनदेखि संसद्सम्म), २०६४

साहित्यकार मोहन कायस्थद्वारा हालसम्म करिब दुई दर्जन पुस्तकका बिटा लेखिएका छन् । उनी अझै थाकेका छैनन्, बेत बसेका छैनन् । उनको उत्पादन क्षमता उर्बर रहेको देखिन्छ । 'बिजुलीको मेरा अनुभूति' मा उनले प्रष्ट र तटस्थ भएर आफ्ना अनुभूतिहरूका माध्यमबाट विद्युत चुहावट कसरी भै रहेको छ, ग्राहक र कर्मचारीका आ-आफ्ना असन्तुष्टी र मिलिमतो, विद्युत विकासमा ध्यान पुऱ्याउने कुरासमेत औंल्याएका छन्, जुन प्राधिकरण र सरकारलाई मात्र होइन साहित्यकारलाई पनि गुन लाग्ने खालका छन् ।

'बसिबियाँलो (कविता सङ्ग्रह) भाग १ देखि ६ सम्म आइपुग्दा कविका कविताहरू विवश जिन्दगी भाग - ४ उनको बिगतको युवावस्थाको संस्मरण हो । यो लेखकको निजी संस्मरण भए पनि बन्दीपुरलाई पहिल्याउन, ठम्याउनमात्र नभै मानव स्वभावजन्य व्यवहारहरू पनि नियाल्न पाइन्छ । यसको आत्ममूल्याङ्कन गर्न, सुध्रिनसमेत पाठकलाई घच्घच्याउन सक्छ। पाठक स्वभावसँग मेलखाने संस्मरणका पात्रहरूको स्वभावले कतै पाठक आफै स्वयम् पात्र भएको अनुभूति पनि गर्न सक्दछ । यो नै कायस्थको सफल विशेषता हो । हिजोको समाज र आजको समाजको तुलना गरेर देखिएका विकृत प्रवृत्तिलाई हतोत्साहित गर्न र राम्रा प्रवृत्तिलाई प्रोत्साहित गर्न पनि यसले मद्दत पुऱ्याउने छ । संस्मरणलाई रोचक तुल्याउन उखान टुक्का, सूक्तिमय उक्ति र शब्दालङ्कारको प्रयोग हुनु यसको आफ्नै बिशेषता देखिएको छ । पूर्व घटना, संस्मरणलाई सफा, प्रष्ट र तटस्थ तवरले दिन सक्नु पनि संस्मरणका विशेषता देखिन्छन् ।

गीत, मुक्तक, गजल, हाइकु, ताङ्का र चोकाका सङ्ग्रहहरू समेत प्रकाशन गरेर कायस्थले आफूलाई गीतकार, मुक्तककार, गजलकार र हाइकु, ताङ्का र चोका कवि बनाउने रहर समेत मेटेका छन् । यी सबै छोटा, मीठा, चोटिला आकारका विधालाई पनि उनले गमरङ्ग अँगालो मारेका छन् । लेखकीय स्वस्थ चिन्तनको धर्मलाई धानेर रचना गरिएका हुँदा उनका रचनाले सङ्ख्यात्मक बृद्धिमात्र होइन गुणात्मक बृद्धि गराउन पनि तम्सेका पाइन्छन् । उनका रचनाहरूमा समसामयिकता, नवीनता पनि भेटिने हुँदा रुचिकर छन् ।

रसस्वादनका लागि एउटा चोका :

जन्मेको थलो
सम्झना छ हजार
ढुङ्गे विहार
बन्दीपुर बजार
.................................
गगनचुम्वी हिमाल,
चुलीमा पुग्नासाथ
स्खलित भई
तल ओर्लनै पर्छ ।

(पीपलबोट, चोका सङ्ग्रह)

प्रस्तुत चोकाद्वारा कविले माटोको माया ओकलेका छन् भने अर्कोतिर हिमाललाई सुन्दरीको प्रतीक बनाएर यौन समागम पछिको भाले मनको अवस्थालाई चित्रित गरेर कविले आफ्नो जीवनको रौसिलोपन पदि देखाएकाले उनको यौनवादी, जीवनवादी प्रवृति प्रष्ट झल्कन्छ ।

छोटा किस्सा र उपन्यास सँगसँगै अन्त्यमा निस्केको ठूलाहरू (सदनदेखि संसद्सम्म)

मा लेखक कायस्थ आफू बिजुली अड्डामा इन्जिनियर रहँदा भेटे भोगेका ठूलाहरूको व्यवहारलाई तस्बिर खिचे झैँ शब्द चित्रमा उतारेका छन् । जस्ताको तस्तै नघटाइ नबढाइ लेखिएका यी लेखहरूले ठूला ठालूहरूको अनुहारबाट देशको मलीन मुहार चियाउन सकिने आधार भेटिएका छन् । नयाँ नेपाल बनाउन नयाँ मुहार कमै फेरिएका छन् । उही मान्छे, उही व्यहोरबाट नयाँ नेपाल कसरी बन्न सक्ला ? यो कृति हेरेर ठूलाहरूले आत्ममूल्याङ्कन गरी व्यवहार परिवर्तन गर्न सकुन् भन्ने कुरामा लेखकसँगै सहमत हुन सकिन्छ ।

मोहन कायस्थका कृति भित्र गुलिया गुदी भेटिन्छ । एकपटक चुसेर हेरौँ :

कलियुग हो
बलियाको प्रहार
कोकशास्त्रमा
जति गर बराजु
कलियुग जाँदैन । (बिस्कुन : ताङ्का)

हरेक विधामा कलम चलाउने क्षमता राख्ने साहित्यकार कायस्थको अन्तिम कृति ठूलाहरू (सदनदेखि संसदसम्मले निकै चर्चा पाएको देखिन्छ। बिजुलीका कुराबाट लेख्न सुरु गरेका कायस्थ आज बहुआयमिक साहित्यकारको रूपमा सुपरिचित हुन पुगेका छन्। उनको सफा र यथार्थबादी दृष्टिकोणले सिर्जिएका रचना दिनानुदिन लोकप्रिय हुँदै गएको आभास पाइन्छ। अत्यन्त सरल, सुबोध, भावप्रधान हुनेगरी कलम चलाउने प्रवृत्ति कायस्थमा देखिन्छ। हृदयलाई छोएका घट्ना कतै संस्मरण बनेर, कतै गीत, गजल त कतै कथा-कहानी बनेर आएको पाइन्छ। समय सापेक्ष हुने गरी विगतका त्यस्ता घटना निक्लदा त्यसले पुरानो, थोत्रो पनि बन्न परेको देखिदैन, बरु एकदम आधुनिक युवापिढीले पनि ग्रहण गर्न सकिने देखिन्छ। व्यङ्यविनोद, रसमय प्रेमका थोपा रचनामा कताकति चुहिदा पढ्दा निकै आनन्ददायी हुने पनि देखिन्छन्। यस किसिमको साहित्यिक क्षमताको प्रदर्शन नै उनको ठूलो योगदान हो, प्राप्ति हो ।

बालावस्थादेखि युवावस्था (२००१-२०२९ साल) सम्म दुराडाँडा, लमजुङसँग उनको साइनो लमजुङसँग जोडिएकाले उनका कृतिका ठाउँठाउँमा लमजुङ झुल्कन पुगेको छ । नेपाली साहित्यमा भएको उनको गरिमामय उपस्थिति र योगदानमा लमजुङ गर्ब गर्दछ ।

### 3=3=1=30 गिरिप्रसाद न्यौपाने

गिरिप्रसाद न्यौपानेको जन्म लमजुङ जिल्लाको बोराङ गाउँमा २००२ सालमा बाबु मेघनाथ न्यौपाने र आमा मिनाकुमारीका जेठा छोराको रूपमा भएको हो। गाउँको महेन्द्र प्राइमरी स्कुलबाट प्रारम्भिक शिक्षा लिएका गिरिले तत्कालीन जनता मिडिल स्कुल आँपपीपल हुँदै सर्वोदय माध्यमिक विद्यालय दुराडाँडाबाट २०२६ सालमा एस्.एल्.सी. परीक्षा पास गरेका

हुन्। २०२६ साल चैत्र १२ गते स्थापित हिमालचुली मिडिल स्कुलमा संस्थापक शिक्षक (प्र.अ.) को रूपमा प्रवेश गरेका गिरिले अध्ययन अध्यापन निरन्तरअगाडि बढाएर बी.एड्. सम्मको अध्ययन पूरा गरेका छन्। केही समय बुद्धमिलन मा.वि. प्याराजुङको प्रधानाध्यापक समेत भएका गिरिप्रसाद २०५७ सालमा सेवानिवृत भई घरमै शिक्षा र समाज सेवाका कार्यका साथै साहित्य सेवामा पनि सम्लग्न रहेका देखिन्छन्।

छन्दमा कविता लेख्न रुचाउने गिरिले शिक्षण पेशाबाट फुर्सद लिएपछि मात्र कविता यात्रा तय गरेको देखिन्छ। उनले लेखेका कविता अन्तरङ्ग आदि पत्रिकामा प्रकाशित छन्। यही फुर्सदको समयको उपयोग गरेर उनले एउटा कृति 'बसिबियाँलो' २०६३ सालमा प्रकाशमा ल्याएका छन्। यो नै एउटा उनको साहित्यिक व्यक्तित्व झल्काउने कृति हो। यसमा न्यौपाने वंशावली (बोराङ), र अन्य फुटकर कविताहरू रहेका छन्। पद्यमा अनुष्टुप छन्दमा लेखिएको वंशावली वर्णनात्मक ढङ्गले चित्रण गरिएको छ। यसमा उनले समावेस गरेका केही कविताहरू नैतिक उपदेश र प्राकृतिक वर्णनबाट सजिएका पाइन्छन्। 'श्री बुद्धमिलन मा.वि. प्याराजुङ' शीर्षकको कवितामा प्याराजुङ, लमजुङको स्थापनाकाल २०३९ सालदेखि २० वर्षसम्मका एस्.एल्.सी. पास गर्ने विद्यार्थीका नामावली कवितामा उनेर कवितावली बनाएका छन्। 'पश्चाताप' अर्को उनको लामो कविता हो। मात्रिक छन्दमा आएका कवितामा कविले जीवनमा भोगेका, गल्ती गरेका कैयौ कुराबाट समाजलाई शिक्षा दिन जमर्को गरेको पाइन्छ। प्रथम पुरुषीय आत्मालाप कथनी ढाँचामा प्रायः उनका कविता देखिएका छन्। अध्यापन कार्य छोडेर शीतल भएको अवस्थाको बिसौनीमा बसेर बिती सकेको विगतको जीवनलाई उनले फर्केर हेर्दै कविता कोरेका छन्।

कवितामा उनी भानुभक्तीय एवम् लेखेनाथीय शैली परंपराका कविताकै धारमा वहेका देखिन्छन्। उनले सकेसम्म परिष्कारवादी कविहरूलाई नै पछ्याएर काव्य साधनामा तल्लीन हुन खोजेको पाइन्छ। त्यसैले उनी आफ्ना कवितालाई शास्त्रीय आधारको टेकोमा अड्याएर परिष्कारवादी प्रवृत्तिमै रङ्गिएका पाइन्छन्। उनका कवितामा यथार्थताको झुल्को देख्न पाइन्छ तर त्यसभन्दा बढी नैतिक उपदेश नै भेटिन्छ।

के वस्तु हो पाल्न हुँदैन भित्र ?
हो रिष त्यो फाल्न सकिन्छ मित्र।
नफाल्न हुने कुन चिज हो भन ?
सबाल हो इज्जत को महाँ धन। (बसिबियाँलो : ४५)

परिष्कारवादी छन्दलाई पछ्याउदा पछ्याउँदै पनि उनी लोकछन्दमा छाँदिन पनि पुगेका छन्।

सिर्जनका फूल टिपी लगाउछु शिर
यै देशको हित गर्ने जन्माउँछ वीर (बसिबियाँलो : ४४)

यस किसिमको देशभक्ति, नैतिक उपदेशका उपाशक गिरिको लमजुङे साहित्यमा परिष्कारवादी स्वर नै प्राप्ति हो ।

शुद्धता र परिपाकका दृष्टिले कवितारूपी ईंटा कतै पाकेको कतै कम पाकेको भए पनि कविता ईंटा तयार पार्न उनले देखाएका जाँगर सह्राहनीय छ । लमजुङको एक पखेरामा बसेर भएपनि कविता-पुष्पको एक थुँगा नेपाली साहित्यमा चढाएर लमजुङको गौरब बढाउने काममा उनको योगदान उल्लेखनीय नै मानिन्छ। शिक्षण पेशालाई परित्यागे पनि कविबाट कविता विधा भने परित्याग नहुने र अझ परिष्कृत हुने विश्वास गर्न सकिन्छ।

## 3=3=1=31 पद्मपाणि 'विरक्ति'

साहित्यिक दुनियाँमा पद्मपाणिको 'विरक्ती' उपनाम भए पनि थर भने लामिछाने हो। लमजुङ, अलैंचेमा २००२ साल पौष ११ मा जन्मेका 'विरक्ती' को बाबुको नाम चुडामणि लामिछाने हो। प्रारम्भिक शिक्षा अलैंचे, लमजुङमा लिएका पद्मपाणि २०१६/०१७ सालतिर बसाइँ सराइँको क्रममा बाबु चुडामणि लामिछाने (बिच्छी) सँगै चितवन गीतानगर झरेका हुन्। एस्.एल्.सी. सम्म पास गरी शिक्षकसमेत भएका पद्मपाणिले हाल साधरण किसानी जीवन व्यतित गरिरहेको पाइन्छ।

पद्मपाणि २०१५ सालको आम निर्वाचनताका श्रीकान्त अधिकारी, कोषनाथ घिमिरे तथा बाबु चुडामणि लामिछानेको हौस्याइँमा चुनाव प्रचारका गीतहरू माइकमा गाउँदै १२/१३ वर्षको केटौली रहर मेटेर हिँडेदेखि नै साहित्यतर्फ रुचि बढेको बताउँछन्। चितवन गीतानगर झरेपछि प्रगतिवादी साहित्यकारहरूको सम्पर्कबाट प्रभावित 'विरक्ती' का पत्र-पत्रिकामा फुटकर रचनाहरू प्रकाशित भएका पाइन्छन्। उनको पुस्तकाकारमा आएको कृति 'तिर्षनाको कोसेली' हो । यो कविता सङ्ग्रह २०२४ सालमा निस्केको हो । यस कृतिमा उनका गीत तथा कविता छन् । दोर्दी र किसेतीको लहर उनका कविता हरफमा चलेको देख्न पाइन्छ। सरल र कोमल हिमालहृदयबाट तप्केको निर्मल जलले उनका गीत कविता सिंचन भएको पाइन्छ । पञ्चायतीकालमा लेखिएका उनका कतिपय गीत, कविताहरू तत्कालीन शासक वर्गबाट नष्ट पारिएका थिए। उनका अन्य रचनाहरूले त्यसपछि प्रकाशनको मुख देख्न पाएका देखिदैनन्। 'विरक्ती' उपनाम भएपनि रसिक स्वभावका पद्मपाणि जनपक्षीय साहित्यकार हुन्। अत्यन्त सरल, सुबोध र सरस भाषामा कलम चलाउने 'विरक्ती' ले समाजमा घट्ने व्यावहारिक घटनालाई टपक्क टिपेर मार्मिक ढङ्गले अभिव्यक्ति दिएको पाइन्छ।

पद्मपाणि 'विरक्ती' ले जनसाधरणको हैसियतले समाजमा सामन्ती प्रथा र कुसंस्कृतिका चंगुलबाट घट्ने विषयवस्तुलाई पनि सजिलैसँग टिपेर त्यसलाई हास्य र व्यङ्ग्यको रमरमले सजेर रोचक तुल्याएको पाइन्छ। अनुकरणात्मक शब्द, उखान टुक्कालाई

टिपेर व्यङ्ग्य प्रहार गर्नु र हृदयस्पर्शी ढङ्गले पस्कनु उनको आफ्नै प्रवृत्ति र विशेषता पनि हो।

सोझा निमुखाहरूका मुख भएर बोलेका कविको विद्रोहको स्वर काव्यमा भेटिन्छन्। उनको जनपक्षीय साहित्यिक साधनामा कर्मथलोको हिसावले चितवन र जन्मस्थलोको हिसावले लमजुङ गौरवान्वित भएको पाइन्छ।

## 3=3=1=32 केदार काश्यप

केदारनाथ घिमिरेको साहित्यिक नाम केदार 'काश्यप' हो। वास्तविक नामले भन्दा उनी केदार 'काश्यप' बाटै परिचित देखिन्छन्। उनको जन्म वि.सं. २००३ सालमा इशानेश्वर - ४ चिसङ्कु, करापुटारमा भएको हो। उनको बाबुको नाम कालिदास घिमिरे र आमाको नाम कालिका घिमिरे हो। घरहुँदै स्थानीय भाषा पाठशालाबाट प्रारम्भिक शिक्षा लिएका केदारले आइ.ए. सम्मको अध्ययन पूरा गरेका थिए।

अध्यापन पेसामा संलग्न केदारनाथले ईशानेश्वर उच्च माध्यमिक विद्यालय भोर्लेटारमा २०२९ सालमा नेपाली शिक्षक भई लगातार २५ वर्ष सेवा गरेका थिए। शिक्षण पेसा स्वेच्छाले परित्याग गरी २०५४ सालमा पेन्सनमा बसेका 'काश्यप'को जनयुद्धको चपेटामा परेर २०५८ साल माघ ६ गतेमा निधन भएको हो।

विद्यार्थी जीवनदेखि नै साहित्यमा विशेष झुकाव देखाउँदै आएका काश्यपको पहिलो प्रकाशित कृति 'तीन फूल एकाउन्न क्षेप्यास्त्र' हो जुन स्थानीय कवि रामचन्द्र घिमिरे शास्त्री र कवि आनन्द घिमिरेका कविताहरू सहित संयुक्त प्रकाशन पनि हो। उक्त संयुक्त कविता सङ्ग्रहमा उनका १७ ओटा कविता रहेका छन् । उनको दोश्रो कृति 'पश्चाताप' सामाजिक नाटक हो। 'काश्यप' का  अप्रकाशित रचनाहरू निम्नानुसार देखिन्छन् –

1. करुण (खण्डकाव्य)
2. दाइजो (नाटक)
3. बेचिएका फूलहरू (नाटक)
4. वैलिएका मुनाहरू (कविता सङ्ग्रह)

काश्यप नेपाली विषयका शिक्षक थिए। वार्णिक छन्दमा कविता लेख्न रुचाउने कवि काश्यपको प्रिय छन्द तोटक, उपजाति देखिन्छ। प्रकृतिका प्रशंसक काश्यपले आफ्ना रचनामा प्रकृतिको सजीव तस्बीर उतारेको पाइन्छ। सामन्ती परम्पराबाट उन्मुक्ति चाहने कविका कवितामा स्वतन्त्रता निकै प्यारो भएको पाइन्छ।

**तीन फूल एक क्षेप्यास्त्र –** तीन फूल एक क्षेप्यास्त्र (संयुक्त कविता सङ्ग्रह) मा कविले १७ ओटा कविताका क्षेप्यास्त्र प्रक्षेपण गरेका छन् । सबै उनका कविताहरू

छन्दमा छाँटिएका छन् । साना साना कुटुक्क टोकुँ जस्ता कविताहरू यहाँ पाइन्छन् । परिष्कारको कसीमा घोटिने प्रशस्त ठाउँ पनि कवितामा रहेका छन् । कविताहरू प्राकृतिक, सामाजिक तथा राजनीतिक रङ्गले रङग्याइएका पाइन्छन् । वर्णनात्मक शैलीमा धेरै कविता आएका छन् भने केही भावमय भएर प्रवाहित भएका पनि छन् । कवितामा शब्द-सजाबट मिलाउन खोज्दै खोज्दै कताकति 'ठाम न ठहर बुढीको रहर' भने भैँ पनि छन् तैपनि लयात्मक ढङ्गले कविता लेखनमा भएको उनको प्रयास सफल नै देखिन्छ । उनका कविताको सानो पद्यहार यहाँ दिइएको छ ।

शीत विन्दु तृण तन्तुहरूमा ।
टप्प टप्प छरिदा धरतीमा ॥
सुन फूल्छ चमकेर भलल्ल ।
प्राप्तमा निद खुल्दछ वल्ल ॥
(हिउँद लागेछ)

**पश्चाताप –** 'पश्चाताप' सामाजिक नाटक २०५२ सालमा प्रकाशित भएको हो। २०५२ सालमा प्रकाशित हुनुअघि अर्थात २०४१ सालमा चिसङ्कु माभ्क मैदान गाउँमा मञ्चनसमेत भएको यो नाटकमा सामाजिक यथार्थको पर्दाफास गरिएको छ। सामन्ती प्रथाबाट जकडिएको गाउँले समाजको यथार्थ चित्रण हुनुका साथै गाउँमा विभिन्न ढङ्गले हुने शोषणको पर्दाफास गरी शोषणरहित समाजको सिर्जनामा तरुणहरूको सचेतताको आवश्यकता औँल्याइएको छ। त्यस्तै सचेत जनसमूहको घेरोमा परेको धने खत्रीजस्ता काजीहरूबाट आफ्ना सामान्ती दुष्कर्महरूको पछुतोको भाव प्रकट गराउनाले नाटकको नाम प्रायश्चित सार्थक हुन गएको देखिन्छ।

काश्यपका कवितामा प्रकृतिका विभिन्न स्वरूपको चित्रण पाइन्छ। करुण रस, शान्त रस नै अङ्गीरसका रूपमा रहेको उनका कविता स्वतन्त्रताका पक्षमा पनि देखिन्छन्। सामन्ती दासप्रथालाई ललकारेर उन्मुक्ततापृति अर्थात् सच्चा प्रजातन्त्र प्राप्तिप्रति नै कविता/काव्यको केन्द्रीय कथ्य बन्न गएको पाइन्छ।

समाजमा व्याप्त विकृति, विसङ्गति र जातीय विभेदका बिरुद्ध लड्ने कवि काश्यपको कविता, नाटकमा बिद्रोहको स्वर सुसेलिएको पाइन्छ। लमजुङ साहित्यको श्रीबृद्धिमा उनको उल्लेख्य योगदान रहेको छ । यसरी कविता र नाटक लेखेर साहित्यकार काश्यपले लमजुङको साहित्येतिहास बनाउन ठूलो योगदान दिएका छन्। उनी भौतिकरूपले नरहे पनि भावात्मकरूपले लमजुङे साहित्यका माध्यमबाट जनताका माभ्क सम्भनामा रहेका छन् ।

## 3=3=1=33 रविकिरण 'निर्जीव'

रविलाल रेग्मीको साहित्यिक नाम रविकिरण 'निर्जीव' हो। उनको जन्म २००३ साल

जेठ २९ गते अलैंचे, लमजुङमा भएको हो। यिनी बाबु श्रीप्रसाद रेग्मी र आमा रेणुका रेग्मीका जेठा छोरा हुन्। प्रारम्भिक शिक्षा अलैंचेमै लिएर बसाइँ-सराइँको क्रममा २०१६ सालमा बाबुआमासँगै चम्पानगर चितवन झरेका रविकिरणले माध्यमिक शिक्षादेखि उच्च शिक्षासम्मको शिक्षा चितवनमा नै लिएको देखिन्छ। एम्.ए., बी.एड्. सम्मको पढाइ त्रि.वि. बाट उत्तीर्ण गरेका 'निर्जीव' ले एस्.एल्.सी. पछि नै अरुणोदय मा.वि. गीतानगरबाट शिक्षण पेशामा प्रवेश गरेका हुन्।

प्रधानाध्यापक भएर २६ वर्ष अध्यापन गरेका रविकिरणको स्थायी अध्यापन जीवन जुम्लाबाट निकै सङ्घर्षपूर्ण ढङ्गले सुरु भएको पाइन्छ। नेपाल राष्ट्रिय शिक्षक सङ्गठन जिल्ला अध्यक्ष र केन्द्रीय सदस्यसमेत रहेका रविकिरण 'निर्जीव' बहुदलवादीको आरोपमा २०३८ सालमा निष्काशन भै २०४७ सालमा पुनः वहाली भएर २०६२ सालमा सेवा निवृत्त भएका छन्। २०३८ सालमा शान्ति सुरक्षा अन्तर्गत १ महिना र २०५८ मा आतङ्ककारीको आरोपमा १ वर्ष जेलसमेत भोगेका रविकिरणले सर्वोच्च अदालतको फैसलाबाट आफ्नो जागिर गणना गर्न सफल भएका हुन्।

नेपाल तथा भारतका प्रमुख स्थानहरूको भ्रमणसमेत गरेका रविकिरण प्रगतिशील लेखक सङ्घ चितवन, साहित्य सङ्गम चितवन, जनसाँस्कृतिक महासङ्घ चितवन, नेपाल रेडक्रस सोसाइटी लगायत अन्य सामाजिक सङ्घसंस्थासमेतमा आवद्ध भएका देखिन्छन्। विभिन्न साहित्यिक तथा शैक्षिक सङ्घसंस्थाबाट सम्मानित रविकिरणले पदक तथा सम्मानपत्र पनि प्रात गरेका छन्।

रविकिरण 'निर्जीव' को व्यक्तित्वलाई मुख्यतः शिक्षक, साहित्यकार र पत्रकार व्यक्तित्वमा पाउन सकिन्छ। माध्यमिक विद्यालयको प्रधानाध्यापक भएर २६ वर्ष अध्यापन गरेका रविकिरणको नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा ठूलो योगदान रहेको पाइन्छ। प्रगतिशील लेखक सङ्घ, चितवनका सदस्यसमेत रहेका रविकिरणको साहित्यिक व्यक्तित्त्व कविता, निबन्ध तथा आख्यानमा पाइन्छ।

आफ्ना सहोदर गुरुहरू केदारनाथ रेग्मी र तीर्थराज कोइरालाबाट कविता लेखनमा प्रेरित रविकिरण 'निर्जीव' को पहिलो प्रकाशित साहित्यिक कृति 'नवजीवनको फूलबारी' (कविता सङ्ग्रह) २०२३ हो। उनका यस कविता सङ्ग्रहमा रहेका ३० कविताले साँच्चै नै नवजीवनको सङ्केत गरेको पाइन्छ। पद्य कविता, गीत र गद्य कविता सङ्ग्रहले यथास्थितिमा रहेको जीवनलाई नवजीवनको गति प्रदान गरेको पाइन्छ। 'छेपेटार' उनको सामाजिक खण्डकाव्य हो, जसले रूप र कला पक्षलाई भन्दा वस्तुगत तथ्यलाई जोड दिएर आएको पाइन्छ। भूमिहीन, धुरीहीन पात्रलाई उभ्याएर कविले उनीहरूको वास्तविकतालाई नबुझी वन मासी बसेको अभियोगमा स्थानीय प्रशासनले जेल हाल्नु वर्गीय समाजको कर्तुत भएको कुरा उदङ्याएको पाइन्छ। यसले पुनर्बास र बसोबास समस्यालाई जीवनमरणको

सवाल बन्न गएको यथार्थतालाई यसले प्रष्ट्याएको पाइन्छ। प्रगतिशील कवि 'निर्जीव'ले जनविरोधी शक्तिको पतन र जनशक्तिको उत्थान हुनु अवस्यम्भावी सत्यलाई काव्यको माध्यमबाट सारांशमा प्रकाश पारिएको पाइन्छ।

**सोझा निर्जीवका बाङ्गा निबन्धहरू :** 'सोझा निर्जीवका बाङ्गा निबन्धहरू' ११ वटा व्यङ्ग्यात्मक निबन्धहरूको सङ्ग्रह हो। राजनीतिक भ्रष्टाचार र विसङ्गतिलाई स्थानीयता र समसामयिकताको झलक दिएर हास्य व्यङ्ग्यात्मक ढङ्गले कडा प्रहार गरेको पाइन्छ। आत्मपरक शैलीमा लेखिएका उनका निबन्धहरू वस्तुगत यथार्थतालाई छोडेर कल्पनामा डुबुल्की मारेको देखिदैन।

**कालो कर्णालीको सेतो छाया –** गद्य र पद्य दुवै शैलीमा कलम चलाउन निपूण 'निर्जीव' को 'कालो कर्णालीको सेतो छाया' लघु उपन्यास हो। कर्णाली अञ्चलको भौगोलिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक परिवेशमा लेखिएको यस उपन्यासमा जातिगत, परम्परागत विभेद हटाइ नयाँ प्रगतिशील मान्यताको विकास गर्न प्रयत्न भएको देखिन्छ। सुरुमा उपन्यासको थालनी सशक्त देखिए पनि मध्यतिरदेखि पात्रको सम्वादात्मक अभिव्यक्ति भन्दा पनि लेखकको बौद्धिकता बढी प्रकट भएको पाइन्छ। यति हुँदाहुँदै पनि समाज बदल्ने विचार प्रधानता यसमा पाइन्छ।

**ऐजेरु लागेको पीपल –** 'ऐजेरु लागेको पीपल' शार्दूलबिक्रीडित छन्दमा लेखिएको बाल-काव्य (२०६३) हो। यस काव्यले जीवनमा पीपलका बिरुवाहरूले हुर्कनलाई सहेका अनेक विपत्तीहरू झैं जीवनमा पीपलको जस्तै उपकारी गुण र साहस लिएर सङ्घर्षपूर्ण ढङ्गले अगाडि बढ्न अभिप्रेरित गरेको छ। ऐजेरु जस्ता दुःख दिने दुष्टबाट जुध्दै र बच्दै बढ्न काव्यले सजग तुल्याएको पाइन्छ। प्रतीकात्मक ढङ्गले आएको पुस्तक शीर्षकले नै बाल बालिकालाई अगाडि बढ्न सचेतता दिएको पनि देखिन्छ।

**सोझा 'निर्जीव' का थप बाङ्गा निबन्धहरू** (२०६४) : निबन्धकार 'निर्जीवका २ छोरीहरू कल्पना, सम्झना र रचनाद्वारा प्रकाशित 'सोझा निर्जीवका थप बाङ्गा निबन्धहरू' निबन्ध सङ्ग्रहमा २३ ओटा निबन्धहरू समेटिएका छन्। निबन्धहरू कुनै लघु, कुनै मध्यम र कुनै लामा पनि छन् तर समष्टीमा मीठा छन्। एउटा सोझो सफा दिलको गाउँलेको जनजिब्रोको भाषा जस्तो निबन्धको भाषा छ। छोटो छरितो र तिखारिएको आलङ्कारिक भाषा र त्यसभित्र व्यङग्यको रौनक पाइन्छ। एकै सासमा पढिरहुँ जस्तो, एकै बसाइमा सिनित्त पिउँ जस्तो। कस्तो कस्तो उनकै जस्तो भाषा, कला र गला मिलेको मीठो छ, व्यङ्ग्य छ र यथार्थ छ। उनको निबन्धमा कल्पना छ तर त्यसमा बाङ्गो सत्य छ। उखान टुक्काको तुक त्यत्तिकै मिलेको छ। छेउछाउमा यस्तै विशेषताहरू बोकेर नै उनका निबन्ध विशेष बनेका छन् र अझ

झन् बढी विशेष बन्ने तर्खरमा छन् । उनको अतीतले गिज्याएको वर्तमान, खान्दानमा चढ्ने इच्छा, म र तँ, क्षयोन्मुख मित्रता जस्ता आत्मपरक शैलीका छोटा, मीठा छन् । ताजा अचार जस्ता टक्क जिब्रो पड्काएर स्वाद लिन सकिने निबन्ध पनि छन् । अर्कोतिर 'ऐना हेर्दा उफ्रने मान्छे' का आकृति त्यहाँ अनेक बिम्बहरू, प्रतीकहरू आएर बनाएका छन् । अरु त्यस किसिमका निबन्धहरू पनि सील लागेर निबन्धकारबाट आउने पनि आसा गर्न सकिन्छ ।

श्रमप्रति आस्था जगाउँदै सामाजिक रूपान्तरणका लागि जनताले बुझ्ने सरल तर मार्मिक भाषा प्रयोग गरी निबन्ध लेख्ने 'निर्जीवको प्रगतिवादी निबन्धकारिता नै उनको सिर्जन पक्षको वैशिष्टच हो । जनताको मुक्ति, सङ्घर्षमा चेतना थप्ने योगदान उनका निबन्धले गरेका छन्। परम्परागत रुढिवादी धार्मिक मूल्यहरूलाई हल्लाएर नवचेत खोल्दै राष्ट्रियताको भावना मजबुत गराउने उनको निबन्ध कलात्मक हुँदाहुँदै पनि कलात्मकता भर्न अझै ठाउँ देखिन्छ। जनता भित्रै बिद्रोह र निर्माणको उर्जा पनि लुकेको हुँदा उर्जा खोल्न उनका निबन्ध उद्दत हुनेछन् । उनका निबन्धहरू नयाँ मार्गतर्फ उन्मुख हुन खोजेका छन् । भविष्यमा त्यसरी अझ बढ्ने छन् ।

लमजुङबाट बाहिर (चितवन) बसेर भएपनि कविता, खण्डकाव्य, निबन्ध, उपन्यास दिएर प्रगतिशील साहित्यको धरातललाई अघि बढाउन निर्जीवले सजीवता थपेको पाइन्छ। किसेती, दोर्दी र मर्स्याङ्दी जस्ता लमजुङका नदीहरू, लमजुङमा चलेका उखान टुक्काहरू सहित लमजुङको स्थानीयता उनका रचनामा झल्केको पाइन्छ। उनको पैतृक स्थल एवम् जन्मस्थलको नाता लमजुङसँग जोडेर हेर्दा उनको साहित्य साधानाले पुऱ्याएको योगदान मूल्यवान हुनाका साथै अनुकरणीय पनि रहेको छ।

## 3=3=1=34 रुद्रनिधि तिवारी

तिलहार, चितिका विश्वनिधि तिवारी र शिवकुमारीका ज्येष्ठ पुत्र-रत्नका रूपमा जन्मेका रुद्रनिधि तिवारी (३ मार्च १९४६) ले घरबाटै सामान्य शिक्षा लिन अघि बढ्दै सङ्घर्षका साथ बी.एड्. सम्म शैक्षिक योग्यता बनाएका छन् । स्थानीय जनकल्याण मा.वि. चितिमा अध्यापन पनि गर्दै र योगता पनि बढाउदै गएर मा.वि. शिक्षक मात्र होइन एकचोटी प्र.अ. समेत भएका हुन् । अत्यन्त हँसिलो, फरासिलो स्वभावका रुद्रनिधिको वाह्य मझौलो तर आकर्षित व्यक्तित्व देखिन्छ भने भित्री व्यक्तित्व उदार र सिर्जनशील व्यक्तित्व पाइन्छ ।

सानैदेखि गीत गाउन, कविता लेख्न र सुनाउन रुचि राख्ने रुद्रनिधिले स्कुलमा पढाउदा धेरै गीत लेखे र विद्यार्थीलाई सुनाए । आफ्ना प्रिय कान्छा भाइ गोपालको १७ वर्षे उमेरमा २०२३ सालमा निधन भएको घटनालाई लिएर शार्दूलबिक्रीडित भानुभक्तीय सिलोके शैलीमा **'गोपाल'** शोक खण्डकाव्य २०२७ सालमा लेखेर आफू भित्रको कवित्व प्रतिभाको परिचय दिएका हुन् । शिक्षण पेसाबाट निवृत्त भएपछि मर्स्याङ्दी एफ्.एम्. ९५ मेघाहर्जबाट हप्ताको एकदिन बुधबार बिहान ८.१५ - ८.३० सम्म 'हाम्रो शैली, हाम्रो संस्कृति' कार्यक्रम

सञ्चालकका हैसियतले प्रशारण गर्दै आएका छन् ।

रोगले आक्रान्त श्रीमतीको उपचार गर्दै हाँस्दै र हँसाउँदै उनले आफ्ना वेदनाहरू आफैभित्र भोटेताल्चा मारेर राखेको पाइन्छ । वातावरण, स्वास्थ्य, चाडपर्व, भजन, वालुन सम्बन्धमा थुप्रै गीत, कविता र लेखसमेत लेखेर लमजुङे साहित्यिक धरातालमा उनले हराभरा बनाउन अथक प्रयास गरेकाले उनको योगदान महत्त्वपूर्ण सावित भएको पाइन्छ ।

## 3=3=1=35 कृष्णबाबु तिवारी

कृष्णबाबु तिवारीको जन्म लमजुङ जिल्लाको चिति, तिवारीडाँडामा वि.सं. २००३ आश्विनमा भएको हो। उनको बाबुको नाम टेकनिधि र आमाको नाम भद्रकुमारी हो। काठमाडौँबाट गाउँमा पढाउनका लागि ल्याइएका माष्टर भैरवप्रसाद लोहनीबाट यिनले प्रारम्भिक शिक्षा आर्जन गरेका थिए। गाउँमा हाइस्कुल खुलिनसकेको कारणले काठमाडौँ आइ पढेर प्रवेशिका परीक्षा पास गरेका कृष्णबाबु ले एम्.ए. (नेपाली) सम्मको योग्यता हासिल गरेका छन्। विभिन्न सरकारी निकायका सेवामा संलग्न तथा सङ्गठित संस्थाहरूको सञ्चालक भई कार्य गरेका कृष्णबाबु हाल सरकारी सेवाबाट अवकाश लिएका छन्। सरकारी सेवाका दौरानमा उनले अमेरिका, अष्ट्रेलिया, फिनल्याण्ड, रुस र एशियाका विभिन्न मुलुकहरूको भ्रमणसमेत गरेका छन्। प्रवल गोरखा दक्षिणबाहु पदकबाट विभूषित तिवारीका गैर साहित्यिक ४ ओटा कृति पनि प्रकाशित भएका छन्। उनको साहित्यिक कृतिको रूपमा लिन सकिने पुस्तक भने ‘खत्र्याक खुत्रुक’ हो, जुन २०५९ सालमा प्रकाशित भएको छ।

‘खत्र्याक खुत्रुक’ मा खिच्रीमिच्री झैँ लोक परम्परामा श्रुतिका माध्यमबाट चल्दै आएका समाजशास्त्र, इतिहास, संस्कृति, स्वास्थ्य आदि व्यवाहारिक क्षेत्रका विषयहरूका साथै खेलकूद, थेगो, नाटीकुटी, नाचगान तथा वाद्यवादन’ जस्ता शीर्षकमा लोक संस्कृति र लोक साहित्यसँग सम्बद्ध तेह्रओटा सङ्कलनात्मक लेख पाइन्छ। गाउँघरका जनजिब्रोले समाएको भाषामा टक्क पस्केर राखिदिने उनको प्रवृत्ति पाइन्छ । हेर्दा सामान्य विषय पनि उनले छोएर महत्त्वपूर्ण बनाएका छन् । घरसारको कुरा भएता पनि त्यसबाट साहित्यको धन्सार भर्न मद्दत पुगेको पाइन्छ । छोटो मीठो टक्क जिब्रो पड्काउँ जस्तो पारेर वेकाम जस्ता देखिने वस्तुलाई पनि कामलाग्दो बनाउनु उनकै बैशिष्टच हो । यस किसिमको उनको कलात्मक लेखनीले गर्दा लमजुङे तथा नेपाली हास्यव्याङ्ग्यात्मक साहित्यमा ठोस योगदान पुगेको पाइन्छ । उनी साहित्यकारभन्दा पनि सङ्कलकका रूपमा परिचित रहेका छन् ।

## 3=3=1=36 स्थिरबाबु घिमिरे

लमजुङको चिसङ्कु गाउँमा वि.सं. २००५ साल श्रावण १२ गते सोमबार स्थिरबाबु घिमिरेको जन्म भएको हो। पिता डिट्ठा श्रीप्रसाद घिमिरे र माता टीकादेवी घिमिरेको माइला सुपुत्रको रूपमा जन्मेका स्थिरबाबु घिमिरेको प्रारम्भिक पठन पाठन घरमै भएको थियो। बाबु

डि. श्रीप्रसाद घिमिरे राजनीति र साहित्य दुबै क्षेत्रमा सक्रियरूपले संलग्न व्यक्तित्त्व भएका हुँदा शिक्षा लिनका लागि यिनले अनुकूल वातावरण नै पाएका थिए। यसै सिलसिलामा उनले बी.ए. सम्मको अध्ययन पूरा गरेका छन्।

साहित्यिक, राजनीतिक, धार्मिक, सामाजिक क्रियाकलापमा संलग्न रहदै आएका स्थिरबाबु घिमिरे स्वाबलम्बी समाज सेवा केन्द्र लमजुङका संस्थापक अध्यक्ष हुन्। विश्व हिन्दूमहासङ्घ नेपालका महासचिवसमेत भएका घिमिरे लमजुङ जिल्ला विकास समितिका उपसभापति भएर पनि काम गरेका छन्। साहित्यकार पिता डि. श्रीप्रसाद घिमिरेको प्रभाव र प्रेरणाका फलस्वरूप साहित्यतर्फ पनि स्थिरबाबुले कलम चलाएको पाइन्छ। उनका फुटकर कविताहरू पत्रपत्रिकामा प्रकाशित भएका छन्। कवि बाबु श्रीप्रसादको प्रतिच्छाया स्थिरबाबुमा परेको पाइन्छ। सर्वप्रथम नेपाली भाषामा गीतानुवाद गर्ने कवि अनुवादक पं. कोमलनाथ अधिकारी लमजुङकै थिए। उनकै पाइला पछ्याएर बाबु कवि डि. श्रीप्रसाद घिमिरे, कवि तीर्थराज अधिकारी र कवि मुक्तिनाथ नेउपानेले पनि गीताको पद्यानुवाद गरिसकेका छन्। यसै सिलसिलामा श्रीमद्भागवद् गीताप्रति असीम अनुराग राखेर स्थिरबाबु घिमिरेले पनि गीताको पद्यानुवाद गरेका छन्। जुन कृतिको नाम हो ‘गीता दर्पण’ ।

**गीता दर्पण –** ‘गीता दर्पण’ नामबाट श्रीमद्भागवद् गीताको २०५८ सालमा उनले नेपालीमा समछन्दी अनुवाद गरेका हुन्। श्रीमद्भागवद् गीताको पद्यानुवाद गरेर उनले आफू भित्रको साहित्यिक तथा अध्यात्मिक तेजलाई प्रकाशमा ल्याएका छन्। सरलताका साथ गीताको सार यसमा उत्रेको छ। छन्द, लय, अलङ्कारभन्दा पनि गीताका सारमय भाव उतार्न उनको यसमा जोड गएको पाइन्छ। त्यसैले कलात्मक पक्षभन्दा भाव पक्ष नै प्रवल भएर आएको उनको गीतानुवाद लमजुङेमात्र न भै सिङ्गै नेपाली साहित्यमा महत्त्वपूर्ण प्राप्ति भएको छ।

राजनीतिक, धार्मिक गतिविधिमा सक्रिय रहँदारहदै पनि अनुवाद साहित्यका माध्यमबाट नेपाली साहित्यमा देखा परेका घिमिरेको योगदान नै लमजुङे साहित्यको योगदान हो। कवि स्थिरबाबु घिमिरेमा आफ्नो पिताको मार्गदर्शनमा साहित्यको क्षेत्रमा अघि बढ्ने सङ्केत देखिनु उत्साहप्रद भएको छ।

## 3=3=1=37 देवीप्रसाद सुवेदी

देवीप्रसाद सुवेदीको जन्म वि.सं. २००५ मार्ग १० गते लमजुङ खुदीवेनीमा भएको हो। उनको बाबुको नाम होमनाथ सुवेदी र आमाको नाम टुकादेवी हो। यिनी पाँच दाजुभाइ, पाँच दिदी बहिनीमा माइला हुन्। घरमै प्रारम्भिक शिक्षा लिएर खुदीवेनीको भाषा पाठशालामा संस्कृत शिक्षा लिएर २०१८ सालमा रानीपोखरी संस्कृत पाठशालामा प्रथम परीक्षा दिन आइपुगेका सुवेदीले एकातिर संस्कृत र अर्कोतिर अङ्ग्रेजी शिक्षा पनि सँगसँगै पढ्दै गएर

२०२९ सालमा नै स्नातकोत्तर तह त्रि.वि. बाट समुत्तीर्ण गरे। हाल 'बालकृष्ण समका सुखान्त नाटकहरू' शोध कृतिमा उनले विद्याबारिधि हासिल गरेको पाइन्छ। नेपाल ल क्याम्पस, पद्मकन्या कलेज हुँदै त्रि.वि. नेपाली विभागमा प्राध्यापन पेसामा संलग्न सुवेदीले २०४० पूर्व एक दशक अवधि स्थानीय अमर मा.वि. खुदीवेनीमा प्रधानाध्यापक भै अध्यापन गरेका थिए।

भाषा पाठशाला खुदीमा पढ्दा बद्रीनाथ सुवेदी गुरुबाट कविता लेखनमा प्रेरित सुवेदी कथा लेखनमा भने मैनाली, भिक्षु, गोठाले, मोपासो, टाल्सटाय, प्रेमचन्द्र, लुसुन, चेखोव, ओहेनरीका कथाबाट प्रभावित भएको कुरा स्वयम् बताउँछन्।

बाह्र वर्षको उमेरदेखि कविता लेखनयात्रामा लागेका सुवेदी राष्ट्रव्यापी कविता प्रतियोगीतामा 'वर्षाको मेघसँग' भन्ने कविता शीर्षकमा २०१७ सालमा सान्त्वना पुरस्कार प्राप्त गरेका थिए। उनको पहिलो प्रकाशित कविता 'सिंहनाद' हो जुन कविता 'हिमाली साहित्य' तेस्रो अङ्क (२०१८) मा प्रकाशित भएको थियो। चित्रकलामा पनि रुचि राख्ने सुवेदीका हस्तलिपि पनि बहुत सुन्दर देखिन्छन्। संस्कृत छात्राबास रानीपोखरीमा पढ्दा २०२३ सालमा 'शङ्का' शीर्षक कथामा प्रथम भएका थिए। उनको 'जीवनको साँघुरो परिधि' शीर्षकमा कथा २०२५ सालमा गोरखा-पत्रमा प्रकाशित भएको थियो। छात्र जीवनमा उनले 'लालुपाते (२०२५) को सम्पादन कार्य सम्पन्न गरेका थिए। अध्यापन गर्न २०३० मा गाउँ फर्केपछि भने यिनको साहित्यिक यात्रा तथा सिर्जनामा सिथिलता देखिन्छ। २०४१ सालमा पुनः गाउँबाट अध्यापन कार्य त्यागी सहर पसेका सुवेदीले सहरमा पनि अध्यापन पेसा नै अँगालेका छन्। लिटिल एन्जल्स, होलील्याण्ड, सिद्धार्थ वनस्थली स्कुलमा पनि अध्यापन गर्दाका अवस्थामा 'सिर्जना' (२०४५) को सम्पादन कार्य पनि सम्पन्न गरेका थिए। यसै बेलादेखि 'युग सम्वाद' साप्ताहिक पत्रिकामा स्तम्भकार भै समालोचनात्मक लेखहरू पनि यिनका थुप्रै प्रकाशन भएका पाइन्छन्। यसरी पुनः गाउँबाट सहर फर्केपछि उनी भित्रको साहित्यिक रहर रहरिलो हुँदै गएको छ। यहीबाट उनको दोश्रो साहित्यिक यात्रा पुनः प्रारम्भ भएको मान्न सकिन्छ।

कवितामा भन्दा पनि कथा र समालोचनमा प्रसिद्धि पाउँदै गएका सुवेदीका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन्।

1. वर्ण विन्यास : एक चिनारी (भाषा व्याकरण २०४३)
2. हाम्रो भाषा (भाग १-५) २०४३
3. मेरो दैनिकीका पानामा चीन, यात्रासंस्मरण (२०५५)
4. सिपाही र जुलुस, कथा सङ्ग्रह (२०५५)

'सिपाही र जुलुस' लाई बगर साहित्यिक नामक संस्थाले वर्षको सर्वोत्कृष्ट कथाका रूपमा पुरस्कृत गरेको थियो।

उनको तेस्रो चरणका नवकृतिहरूमा :

5. महान् विभूति बालकृष्ण सम, नेपाली शिक्षा परिषद (२०६१)
6. समको सुखान्त नाटचकारिता, एकता प्रकाशन (२०६४)
7. सुखान्त नाटच सिद्धान्त, सत्याल प्रकाशन (२०६४) हुन्।

यस अलवा उनका ४ दर्जन जति समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन्। 'प्रेयसीको इच्छा' कथा सङ्ग्रह प्रकाशोन्मुख रहेको पाइन्छ।

वर्ण विन्यास एक चिनारी र हाम्रो भाषा, स्कुले तहका विद्यार्थीको नेपाली व्याकरणमा आधारभूत ज्ञान, सीप बढानका लागि लेखिएका स-साना पुस्तक हुन् ।

**मेरो दैनिकीका पानामा चीन** – 'मेरो दैनिकीका पानामा चीन', यात्रा संस्कमरणात्मक कृति हो । सानै आकारको कृतिमा आए पनि यात्राकारले १० दिनको आफ्नो चीन भ्रमणबाट पाएका कुराहरूबाट चीनलाई चिनाउन प्रयत्न गरेका छन् । उनको ई.सं.१९९६ को मे १२ देखि मे २१ सम्मको यसको पहिलो भागमा चीनको अतीतदेखि वर्तमानसम्मको सोलोडोलो स्वरूप देखाइएको छ भने दोस्रो भागमा प्रत्यक्ष भोगेका, जानेका, अनुभव गरेका कुराको फिरिस्ती देखाइएको छ । यस कृतिबाट संसारको छानो कहलाएको तिब्बती पठार, ई.पू. चौथो शताब्दीको चीनको विशाल पर्खाल, पाँचहजारभन्दा बढी टापुसमेत भएको विशाल चीन, रेशमी कपडा उत्पादन र रेशमी मार्ग, विशाल नगरी क्वाङशेन, बेइजिङ, साङ्घाई, निषिद्ध सहर (Forbidden City), १३ औं शताब्दीका नेपाली महान् कलाकार अरनिकोद्वारा निर्मित श्वेत प्यागोडा, जनवादी चीनका अध्यक्ष माओको शवगृह, ग्याण्ड वर्ल्ड सेनरी थेम पार्क (Splendid China Miniature Park) जन-गणतान्त्रिक चीन, चीनको आधुनिकीकरणका प्रयासबारे बोध गर्न सकिन्छ ।

साहित्य सिर्जनामा कथाकारका रूपमा परिचित देवीप्रसाद सुवेदीले कविता, निबन्ध र समालोचना लेखनमा पनि कलम चलाएको पाइन्छ तापनि उनको सफल र प्रिय विधा चाहिँ कथा नै हो। कथा मानिसको जीवन कहानी हो। मानिसको जीवनमा घट्ने सुखद दुःखद, भ्रमित स्थिति आदिका अनेक कुराहरू कथामा आउँछन्। त्यसैले उनका कथामा मानवीय संवेदना पाइन्छन्। नेपाली सामाजिक जनजीवनका यथार्थ घटनाहरूको छाया नै उनका कथामा पाइन्छन्। मानवीय कमजोरीहरू, समाजभित्रका विसङ्गतिहरूले पनि उनका कथामा विषयवस्तु बनेको देखिन्छ। उनका कथामा भाव तथा कलाले पनि उत्तिकै स्थान पाएको देखिन्छ।

कथा पछि समालोचनात्मक लेख तथा कृतिमा उनको सक्रियता रहेको देखिन्छ। युगसम्वाद साप्ताहिक तथा अन्य साहित्यिक पत्रिकामा समालोचनात्मक लेखहरू दिएर समालोचकका रूपमा चिनिदै आएका सुवेदीले विद्याबारिधी पछि नाटच समालोचनातर्फ पकड

जमाएको पाइन्छ । यस अतिरिक्त अन्य पत्रपत्रिकामा पनि नाटक तथा कथामा आधारित अनुसन्धान एवम् समालोचनात्मक लेखहरू छापिएका पाइन्छन्। नेपाली भाषा, व्याकरणबारे पनि लेखिएका पुस्तक र अन्य फुटकर रचनाले यिनको भाषिक दक्षतालाई पनि उजागर गरेको पाइन्छ।

सुवेदीमा स्वच्छन्दवादी प्रवृत्ति देखिए पनि यथार्थवादी भावधाराको प्रवलता उनका कथा तथा समालोचनात्मक लेखमा पाइन्छ। अहिलेसम्म प्रकाशमा आएका कृतिबाट पनि उनी नेपाली कथा समालोचना साहित्यमा स्थापित भएका छन्। लमजुङमा जन्मेर एक दशक जति लमजुङमै अध्यापन गरेर हाल राजधानीलाई कर्मथलो बनाएका सुवेदीले नेपाली साहित्यको विकासमा कथाकारिता, समालोचना र निबन्धलेखनमा ठूलो योगदान पुऱ्याएको पाइन्छ। लमजुङसँग उनको सम्बन्ध जोडेर हेर्दा उनले लमजुङका माध्यमबाट नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदान मूल्यवान, बिशिष्ट र अनुकरणीय पाइन्छ।

## 3=3=1=38 रामबहादुर घिमिरे

रामबहादुर घिमिरे २००५ सालमा सप्तधारा गा.वि.स. जीता १ मा जन्मेका हुन् । एस्.एल्.सी. सम्मको शिक्षा लिएर सरकारी जागिरमा प्रवेश गरेका घिमिरे हाल भूमिसुधार कार्यालयमा कार्यरत रहेका छन् । उनको प्रकाशित कृति 'धर्मवीर कमला' निबन्धात्मक संस्मरण हो ।

## 3=3=1=39 दीपक सोती

दीपक सोतीको जन्म २००६ साल श्रावण ११ गते खमारीबोट, कुन्छामा भएको हो । ज्योतिषी नित्यानन्द सोतीका उनी जेठा छोरा हुन्। साधारण शिक्षा घर गाउँबाट लिएर भाषा एवम् शिक्षा सेवी गोपाल पाँडे 'असीम' द्वारा सञ्चालित प्रवेशिका परीक्षा पास गरेका सोती केही समय घाम्राङको सूर्योदय प्रा.वि. मा शिक्षक भै काम गरेका थिए भने केही समय बन्दीपुरमा बहिदार भएर पनि सरकारी कामकाज गरेका थिए।

'साहित्यतर्फ सानैदेखि रुचि देखाएका दीपक सोती राष्ट्रकवि घिमिरेको 'गौरी' र जनकवि केसरी धर्मराज थापाको 'पहाडी सङ्गीत' गाएर साहित्यको जग बसालेको ठान्दछन् । नेपालीकै मृदु रस झ्याउरेलाई नै कल्पेर नेपालै भ्रमण गरी हिंडेका दीपक सोती यस्तो 'इच्छा' व्यक्त गर्दछन् :

> सुस्केरामा चौतारीमा जब थकाइ मार्छु
> नेपालीको मृदुरस झ्याउरे गीत कोर्छु।
>
> 'इच्छा' कविता : ६८ ने.प्र.प्र. कमलादी

'मेरी मर्स्याङ्दी' कविताबाट काव्य-यात्रा अगाडि बढाएका कवि दीपक सोतीका प्रकाशित कृतिहरूः

१. मेरी मर्स्याङ्दी (काव्य, २०२९)   २. दुई बत्ती निभेर (लघु काव्य, २०३०)

३. समालोचना (शोक काव्य, २०४१) र ४. जगदम्बा (शोक गीतिकाव्य, २०४५)

दीपक सोतीका यी सबै लघु काव्यमा जीवनका मीठा काव्यात्मक भावहरू छचल्किएको पाइन्छ। उनी लोक छन्दमै छमछम नाचेका छन् । मातृभूमिप्रतिको सफा सङ्ग्लो ममता सरल, कोमल, साहित्यिक र मार्मिक ढङ्गले पोखेको पाइन्छ । देश भक्तिको स्वर लोकलयमा घन्केको पाइन्छ । भावुक, लहडी मनोवृत्ति भएका दीपक सोती पोखराकी सेतीसँगै निकै हराए । हाल भने उनी घरजाम पछि कावासोतीमा कावा खाइरहेछन् । जीवनको टेडोमेडो चालामा चक्कर मारिरहेछन् । जसरी र जहाँ भए पनि दीपक सोतीले लमजुङे साहित्यको माध्यमबाट नेपाली साहित्यको विकासमा योगदान पु¥याएको पाइन्छ ।

## 3=3=1=40 रामचन्द्र घिमिरे 'शास्त्री'

रामचन्द्र घिमिरे शास्त्रीको जन्म लमजुङ जिल्लाको चिसङ्कु, करापुटारमा वि.सं. २००७ साल ज्येष्ठ ९ गते सोमबारका दिन पिता गिरिधारी घिमिरे र माता सुभद्रा घिमिरेका पुत्र-रत्नको रूपमा भएको हो। प्रारम्भिक शिक्षा पं. जानकीदत्त घिमिरेको पिढीबाट पाएका यिनले स्थानीय जनमन्दिर प्राथमिक पाठशालाबाट पाँच कक्षासम्मको शिक्षा आर्जन गरी १३ वर्षकै कलिलो उमेरमा उच्च शिक्षाध्यायनकालागि बनारस पुगेका देखिन्छन्। अत्यन्त मेहनतका साथ बनारसमा पढेर पूर्व मध्यमा, मध्यमा र शास्त्री उत्तीर्ण गरेर आचार्यसमेत १ वर्ष अध्ययन गरेका घिमिरे घरायसी परिस्थितिका कारणले घर फर्केपछि उनको औपचारिक अध्ययन-यात्रा बनारसमा झण्डै एक दशक अबधी अध्ययनका लागि बिताएर २००८ सालमा गाउँघर फर्केपछि टुङ्गिन पुग्दछ र स्थानीय मा.वि. चिसङ्कुबाट अध्यापन कार्य प्रारम्भ भएको पाइन्छ।

तीर्था घिमिरेसँग २०२९ सालमा दाम्पत्य जीवनमा बाँधिएपछि उनको घर गृहस्थीको जीवन पनि सुरु भएको देखिन्छ। रामचन्द्र घिमिरेले अध्यापनको क्रममा वि.सं. २०२९/०३० मा त्रिभुवन मा.वि. मानेचौका, तनहुँ, २०३१ देखि २०४१ सम्म बुद्धोदय मा.वि. गिलुङ लमजुङ र २०४१ देखिको अध्यापन कार्य भने घरपायक स्कुल ईशानेश्वर उच्च मा.वि. भोर्लेटारमा गरेको पाइन्छ। हाल अध्यापन कार्यको लामो अन्तराल पछि निवृत्तिभरण लिई बसेका घिमिरे साहित्य, शिक्षा र समाजसेवाका क्षेत्र अँगाली गाउँमै बसेका छन्।

**तीन फूल एकाउन्न क्षेप्यास्त्र –** 'तीन फूल एकाउन्न क्षेप्यास्त्र' तीन कवि आनन्द घिमिरे आँसु, केदार कास्यप र रामचन्द्र घिमिरे 'शास्त्री' को सामुहिक कविता सङ्ग्रह हो । यसमा घिमिरे शास्त्रीका १७ ओटा कविता रहेका छन् ।

**चुँडिएको मुना :** 'चुँडिएको मुना' शास्त्रीको दिवङ्गत कान्छा छोरा शैलन्द्रराज घिमिरेको प्रतीकको रूपमा आएको कविता सङ्ग्रह हो । यसमा २८ ओटा छोटा गद्य

कविताहरू रहेका छन् । शास्त्री पास गरेर छन्दमै रमाएका कवि यहाँ भने वेरोकटोक ढङ्गले स्वच्छन्दवादी चिन्तनले प्रवृत्त भएर वहेका छन् । कलिला मुना चुँडिदा कवि आफ्नो फूलबारी उजाड भएको देख्दछन् र आफ्ना शुष्क विचारहरू कविताबाट पोख्दछन् ।

रामचन्द्र घिमिरे आफ्ना प्रारम्भिक गुरु एवम् कवि पं. जानकीदत्त घिमिरेबाट प्रेरित भै बाल-वयमै एकाध कविता कोरेका थिए। लमजुङको चिसङ्कु गाउँमा कवि पं. जानकीदत्त घिमिरे, होमविलास घिमिरे आदिको सक्रियतामा २०१६ सालमा वडादसैको महानवमीका दिन प्रारम्भ भएको साहित्य सम्मेलन अद्यपि उक्त दिनमै सञ्चालन हुँदै आएको छ। बनारसबाट फर्केपछि उक्त साहित्य सम्मेलनमा सक्रियताका साथ सहभागी हुँदै आएका घिमिरेले अहिले गाउँ शिक्षा तथा साहित्यको क्षेत्रमा व्यवस्थापक एवम् संरक्षकको भूमिका निर्वाह गरिरहेका छन्। बनारसमा अध्ययन गर्दा कवितामा नै उनी चिठी लेखी घर गाउँमा पठाउँथे। बनारसमा अध्ययनमा रहँदा जय प्रकाश नारायणको 'जेल डायरी' पढेपछि 'म पनि साहित्यको क्षेत्रमा केही गर्छु' भन्ने भाव पलाएको कुरा स्वयम् कवि रामचन्द्र घिमिरे शास्त्री भावविभोर भएर बताउँछन्। बनारसको छात्र जीवनमा रहँदा भानुदय मञ्जरी रवि र छात्रप्रभा जस्ता साहित्यिक पत्रिकाहरूमा उनका फुटकर रचनाहरू प्रकाशित छन्। बनारसमा रहदा वि.सं. २०२४/०२५ सालबाट साहित्य सिर्जनातर्फ लम्केका कवि अहिलेसम्म साहित्य साधनामा नै लागिरहेका पाइन्छन्।

सुरुमा छन्दोबद्ध कविता लिएर साहित्य साधनामा लागेका कवि चालीस/पचासको दशकमा आएर गद्य कविता लेखनमा पनि प्रभावित भएको पाइन्छ। जिल्लास्तरीय कवि गोष्ठिहरूमा विभिन्न पटक पुरस्कृत घिमिरेले वी.पी. स्मृति प्रतिभा पुरस्कार, सानुमाया तमु पुरस्कार लमजुङबाट प्राप्त गरिसकेका छन्। तनहुँ दमौलीमा वि.सं २०५३ मा भएको राष्ट्रिय कवि सम्मेलनको अवसर पारेर (डा.) ब्रतराज आचार्यको संयोजकत्वमा गठित गण्डकी बाङ्मय प्रतिष्ठानको उपाध्यक्षसमेत भएका देखिन्छन्। कवि घिमिरेले लमजुङको एउटा (पश्चिमी) गाउँमा बसेर पनि साहित्यिक सक्रियता निरन्तर देखाइरहेका छन्। कवि घिमिरेका प्रकाशित कृतिहरू 'तीन फूल एकाउन्न क्षेप्यास्त्र' (सामुहिक कविता सङ्ग्रह), 'निर्वासन' (कविता सङ्ग्रह), 'चुँडिएको मुना' (कविता सङ्ग्रह) रहेका छन् भने अप्रकाशित कृतिमा 'कमला' ( महाकाव्य), 'फूलबारी' (कविता सङ्ग्रह) पनि रहेका छन्। उनका रचनामा देशभक्ति, प्रकृतिप्रेम र समसामयिकता भेटिन्छ।

यसरी लामो समयदेखि साहित्य सिर्जनामा लागि परेका कवि रामचन्द्र घिमिरे 'शास्त्री' ले लमजुङमा बसेर लमजुङे साहित्यका माध्यमबाट नेपाली साहित्यको विकासमा योगदान थपिरहेको पाइन्छ। मोफसल (लमजुङ) मा रहेर पनि नेपाली साहित्यको विकासमा उनले पुऱ्याएको योगदान महत्त्वपूर्ण मान्न सकिन्छ ।

### 3-3-1-41 काशीराज सुवेदी

काशीराज सुवेदीले २००७ साल भाद्र २६ गते बनारसमा जन्मेर काशीराज नाम पाएको देखिएता पनि उनको स्थायी ठेगाना लमजुङ जिल्लाको खुदीवेनी हो। काशीराज पिता आचार्यरत्न गोविन्दप्रसाद सुवेदी (डा. गोविन्द कविराज) र माता दमयन्ती देवीका ज्येष्ठ सुपुत्र हुन्। पिता डा. गोविन्द कविराजका साथ बनारस काशीमा हुर्केका काशीराजले सानैदेखि उचित शिक्षादीक्षा प्राप्त गरी बाराणसेय संस्कृत विश्वविद्यालय र बनारस हिन्दु विश्वविद्यालयबाट आयुर्वेद र दर्शनशास्त्रमा आचार्यसम्मको योग्यता हासिल गरेका छन्। काशीराज सुवेदी हाल आयुर्वेद क्याम्पस नरदेवी, काठमाडौंमा प्राध्यापन सेवामा संलग्न रहेका छन्। मृदुभाषी, प्रसन्न र धीर स्वभावमा देखिने सुवेदी नेपालका आयुर्वेद ज्ञाताहरूमा एक अग्रणी विद्वान् मानिन्छन्।

योग्य पिताका योग्य सुपुत्रको सङ्केतका रूपमा १३ वर्षकै उमेरमा काशीराज सुवेदीको 'ईशवन्दमा' शीर्षकको कविता नेपाली छात्रपरिषद् बाराणसीको साहित्यिक पत्रिका 'छात्रप्रभा' (२०१९) मा छापिएको हो। त्यस पछि उनको फुटकर छन्दोबद्ध कविता विभिन्न पत्रपत्रिकामा छापिएका छन्। यिनका कवितामा सुन्दर प्रकृतिको सुन्दर प्रतिच्छाया पाइन्छ, देश भक्तिको सङ्लो माया पनि पाइन्छ। त्यस्तै उनका कवितामा मानवताको उच्च सम्मान पाइन्छ। तद्सम शब्दको केहीबढी प्रयोग देखिए पनि शब्दार्थबोधमा अप्ठचारो कमै पाइन्छ।

राम्रा भावहरू अनेक कविका सौन्दर्यले भूषित
राम्रा लेखक वर्गका थरिथरी ली लेख ज्ञानान्वित ।
आफ्नो ज्योति फिंजाइ झल्मल सबै पारेर नेपालमा
यो हाम्रो पुरुषार्थ काव्य-नलिनीका निम्ति होस् चन्द्रमा !
(हाम्रो पुरुषार्थ)

काशीराजका आयुर्वेद सम्बन्धी फुटकर लेखहरूकासाथ आधा दर्जन जति मौलिक ग्रन्थहरू प्रकाशित भएका छन्। उनको साहित्यिक कृतिमा राख्ने पुस्तक 'नीति शतक' को अनुवाद हो।

**नीति शतक –** योगिन्द्र भर्तृहरिद्वारा लिखित 'नीति शतकम्' को उनले गद्यानुवाद गरेका छन्। गद्यानुवाद भए पनि भाव प्रस्तुतिको शैलीमा भने मौलिकता भेट्न सकिन्छ। संस्कृतको राम्रो ज्ञान भएको हुँदा 'नीति शतक' को अनुवादमा मानवीय व्यवहारहरूको गहिरो भावको उद्घाटन भएको पाइन्छ। पूर्वीय दर्शन र वेदान्तमा आधारित रहेर गरिएको गद्यानुवाद कृतिमा लेखकले आफ्नो बौद्धिक, साहित्यिक कुशलताको छाप छोडेका छन्।

बनारस तथा काठमाडौं जहाँ रहेर साहित्य साधना गरेतापनि काशीराज सुवेदीको

साधनाले आयुर्वेदिक विकास तथा नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुगेको देख्न सकिन्छ। काशीमा जन्मेर पढी बढी हाल पेसाका कारणले काठमाडौँमा रहेपनि पैतृक सम्बन्धका हिसाव तथा उनको आफ्नो आयुर्वेदिक तथा साहित्यिक योगदानले नाम चम्किदै गएको पाइन्छ। उनको चम्काइमा पैतृक सम्बन्धका हिसावले लमजुङ गौरव गर्दछ।

## 3=3=1=42 गोविन्दबाबु तिवारी

लमजुङको चिति, तिवारीडाँडामा वि.सं. २००८ वैशाख १६ मा जन्मेका गोविन्दबाबु तिवारीका पिताको नाम टेकनिधि तिवारी र आमाको नाम भद्रकुमारी हो। गाउँमा राखिएका 'माष्टर बुढा' बाट प्रख्यात भैरवप्रसाद लोहनीबाट प्रारम्भिक शिक्षा लिएका गोविन्दबाबु तिवारीले वी.ए. सम्मको शिक्षा हासिल गरेका छन्। एस्.एल्.सी. गरेपछि नै जागिर र अध्ययनसँगै अघि बढाएका तिवारी हाल नेपाल बङ्गलादेश बैङ्क लिमिटेड केन्द्रीय कार्यालयमा म्यानेजर रहेका छन्। जागिरको क्रममा राष्ट्रिय वाणिज्य बैङ्क बेसीसहरको म्यानेजर भएर २०४०/२०४५ तिर लमजुङमा रहेका बखत कर्मचारी मिलन केन्द्र बेसीसहर, लमजुङलाई सक्रिय पारेर मिलन केन्द्रको तर्फबाट साहित्यकार तेजप्रकाश श्रेष्ठको सम्पादनमा प्रकाशित 'मर्स्याङ्दी' साहित्यिक मुखपत्र प्रकाशनमा यिनको ठूलो योगदान रहेको देखिन्छ।

लमजुङमा रहदा गोविन्दबाबु तिवारी, गोविन्दप्रसाद काफ्ले र तेजप्रकाश श्रेष्ठसमेत तीनजनाको संयुक्त कविता सङ्ग्रह 'गोगोते' (२०४४) निस्केको पाइन्छ। जागिरकै क्रममा काठमाडौँ रहदा 'मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौँ स्थापनामा पनि उनको सक्रिय भूमिका रहेको पाइन्छ। चितवनमा रहदा चितवन साहित्य परिषद् र वीरगन्जमा रहदा 'गण्डकी प्रवाह' जस्ता संस्थाहरूको माध्यबाट साहित्यिक कार्यक्रम सञ्चालन गरी उनले साहित्यिक हलचल मच्चाएको देखिन्छ। 'सिर्जना' साहित्यिक त्रैमासिकको उनले सम्पादनसमेत गरेर आफ्नो सम्पादकीय व्यक्तित्व पनि बनाएका छन् भने उता प्रतियोगितात्मक कवि गोष्टीहरूमा पुरस्कृत भै काव्यिक व्यक्तित्व पनि झल्काएका छन्।

'हाकिमको हाकिम' व्याङ्ग्यात्मक कविता लिएर साहित्यिक फाँटमा प्रवेश गरेका गोबिन्दबाबुका प्रकाशित कृतिमा 'तेस्रो कोण' सामुहिक कविता सङ्ग्रह र 'उपसंहार' कविता सङ्ग्रह (२०५८) रहेका छन्।

**तेस्रो कोण –** सामुहिक कविता सङ्ग्रह 'तेस्रो कोण' मा कवि गोविन्दबाबुका ६ ओटा कविताहरू रहेका छन्। यी कविताहरूमा समसामयिक विषयलाई लिएर हास्य व्यङ्ग्यात्मक प्रस्तुति दिइएको पाइन्छ।

हात
हातहरू रात परेपछि सल्बलाउन थाल्छन्
उज्यालो हुने बित्तिकै थाकिसक्छन्।

**मस्तिष्क**
भोलि बिहानैदेखि स्वर्णिम भविष्य कोर्ने योजना बनाउँछ
तर प्रत्येक भोलि सूर्य बूढो भैसक्दा पनि सुतिरहन्छ ।
('टुक्रा टुक्री' शीर्षक कविताबाट)

**उपसंहार** – 'सगर' प्रकाशन समूह, वीरगञ्जको तर्फबाट प्रकाशित 'उपसंहार' कविता सङ्ग्रहमा लोक छन्द, वार्णिक (अनुष्टुप) छन्द, मुक्त छन्द र मुक्तकीय गरी चार ढाँचामा कविता पाइन्छन्। देखे भोगेका समसामयिक विषयलिएर हास्य र व्यङ्ग्यको शैलीमा यथार्थता प्रकट भएको पाइन्छ। परिवर्तित वातावरणका विसङ्गत कुराहरूलाई ठटचौलो पारामा प्रतीक र बिम्बहरूका माध्यमबाट अभिव्यक्ति दिनु कविको मूल प्रवृत्ति रहेको देखिन्छ। स्वच्छन्द ढङ्गले भाव गङ्गामा छङ्छङाउन चाहने कविमा राष्ट्रिय चेत पनि झल्किएको पाइन्छ। कला पक्ष भन्दा भाव पक्षमा नै उनको बौद्धिकतामा सल्बलाएको पाइन्छ । व्यङ्ग्य विनोद भएको प्यारोडीशैलीको कविताको एक टुक्रा –

काग कोइली वनमा ढुकुर जुरेली पन्छीमा राम्रो मयूर
मूर्ति भागी विदेशमा गइबसे टल्किन्छ यहाँ गजूर ।
(हाम्रो संस्कृति : उपसंहार : ३८)

झण्डै दुई दशकदेखि गीत कविताको क्षेत्रमा क्रियाशील कवि गोविन्दबाबुले जागिरको दौरानमा पनि विभिन्न स्थानमा पुगेर जुन साहित्यिक योगदान दिन सफल भएका छन् त्यो महत्त्वपूर्ण देखिन्छ। हाल सिस्नुपानीका उपाध्यक्षसमेत भएका तिवारी विशेष गरी हास्यव्यङ्ग्यात्मक गीत, कविताको क्षेत्रमा उनी राम्ररी चिनिएका छन्। लमजुङमा जन्मेर केही समय लमजुङे हास्यव्यङ्ग्य साहित्यलाई उठाउन कम्मर कसेका तिवारीको लमजुङे तथा नेपाली हास्यव्यङ्ग्य साहित्यको विकासमा महत्त्वपूर्ण स्थान रहेको पाइन्छ

## 3=3=1=43 गोविन्दवहादुर कुँवर

भोटेओडार, लमजुङमा वि.सं. २००८ साल भाद्र २६ गते गोविन्दवहादुर कुँवर माहिलो सन्तानको रूपमा आमा बुधकुमारी कुँवरको कोखबाट जन्मेका हुन्। बाबु थमानसिंह कुँवर साधरण पढलेख गरेका छन् । त्यतीबेला गाउँमा कुनै मिडिल तथा हाइस्कुल नभएको हुँदा लमजुङको दुराडाँडामा स्थापित सर्वोदय पब्लिक हाइस्कुलमा गोविन्द सानैदेखि पढ्न पुगेका थिए। कम बोल्ने र गहन विचार छोड्ने प्रवृत्तिका कुँवरले पढ्दा आफ्नो शालिनता र प्रतिभा प्रदर्शन गर्न सक्षम देखिन्थे। सर्वोदय हाइस्कुलबाट एस्.एल्.सी. समुत्तीर्ण गरेका कुँवरले वी.ए., वी.एड्. पास गरेर २०३० देखि भोटेओडार स्थित स्थानीय भक्ति नमुना उ.मा.वि. को प्र.अ. (हाल प्रथम श्रेणी) भै बसेको पनि तीन दशक नाघिसकेको देखिन्छ। यस अवस्थामा उनले एम्नेष्टी इन्टरनेशनल २७ समूह (लमजुङ) को संस्थापक सम्योजक भएर पनि

मानव अधिकारको क्षेत्रमा लमजुङलाई चिनाउने काम गरेका छन् ।

'माझघरे माइला' साहित्यिक नामले साहित्यमा प्रवेश गरेका कवि कुँवरले थुप्रै फुटकर कविता तथा लेखहरू प्रकाशन गरेको पाइन्छ। वि.सं. २०३८ पछि औलो कार्यालय सुन्दर बजार लमजुङमा जागिरको क्रममा आएका कुलवहादुर केसी, बोर्डिङ्ग स्कुलका प्राचार्य कृष्ण प्रधान, स्थानीय कलाप्रेमी देवी गुरुङ, शि. देवीदास अधिकारी, कृपेश श्रेष्ठ, शेषकान्त खनाल आदि साहित्य प्रेमीहरू समेतको सहयोग लिएर उनले 'दूधपोखरी प्रतिभा परिवार भोटेओडार लमजुङ' (२०४३) नामको साहित्यिक संस्था खोलेको पाइन्छ। यही साहित्यिक संस्थाको माध्यमबाट कविताको पात सुसलेर वातावरण मनमोहक पार्ने तार्कुघाटका नेपाली शिक्षक रामचन्द्र पण्डित, प्याराजुङ बुद्धमिलन मा.वि. का प्र.अ. विजयराज न्यौपाने, कविता र गीतकी धनी हरिदेवी कोइराला, शिक्षक वासुदेव शर्मा आदिले साहित्यिक जागरणमा वल पुऱ्याएको देखिन्छ। यतिबेलै बेसीसहरमा कर्मचारी मिलन केन्द्रका माध्यमबाट गोविन्दबाबु तिवारी, गोविन्द काफ्ले र तेजप्रकाश श्रेष्ठले साहित्यिक वातावरणको सृजना गर्नाले मर्स्याङ्दी र दूधपोखरीको साहित्यिक सङ्गम बन्न पुगेको पाइन्छ। यस किसिमको साहित्यिक वातावरणमा स्थानीय प्रधानाध्यापक एवम् दूधपोखरी प्रतिभा परिवारका अध्यक्ष गोविन्दवहादुर कुँवर मियो बनेर उभ्भेको पाइन्छ । कवि कुँवरको अध्यक्षतामा २०४३ साल कार्तिक १४ गते स्थापित दूधपोखरी प्रतिभा परिवार भोटेओडार, लमजुङले हरेक वर्ष लमजुङमा रहेर साहित्यिक सेवा र योगदान पुऱ्याउनेहरूलाई 'अम्बा श्रेष्ठ प्रतिभा पुरस्कार' दिने व्यवस्था पनि मिलाएको देखिन्छ। दूधपोखरीको माध्यमबाट लमजुङमा नयाँ साहित्यिक वातावरणको सृजना गराउन कवि कुवँर सफल भएका पाइन्छन् । यस परिवारको तर्फबाट उनैको नेतृत्वमा 'लमजुङका प्रतिनिधि कविहरूको कविता सँगालो' पनि प्रकाशित भएको छ। लमजुङलाई सामुहिक साहित्यिक बाटो देखाएर साहित्यिक विकासमा टेवा पुऱ्याउने काम यी 'माझेघरे माइला' ले गरेका छन् । वर्तमान युवा पिढीलाई साहित्यिक सञ्चार पनि यिनले गराएको पाइन्छ । यसरी कवि कुँवरले ४०/५० को दशकमा लमजुङको साहित्यिक क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ । यसैले यिनी लमजुङमा राम्ररी चिनिएर देखापरेका मान्यवर कवि हुन् भन्न सकिन्छ ।

कवि कुँवरका प्रकाशित पहिलो कृति 'समयको पदचाप (२०४७), दोश्रो 'मौन आवज' (कविता सङ्ग्रह) २०४८ र तेस्रो कृति 'ताते ताते (बाल कविता सङ्ग्रह हो। 'गुमनाम जिन्दगी' कविको अप्रकाशित कृतिको रूपमा देखिन्छ। त्यसैले यिनी लमजुङको साहित्यिक क्षेत्रमा सम्मानित छन् । कम बोल्ने भएपनि भद्र भलाद्मी छन् । राष्ट्रिय कविता महोत्सव (२०४३)मा तृतीय पुरस्कार विजेता कुँवर विभिन्न सङ्घ संस्थाबाट सम्मानित र पुरस्कृत समेत भएका देखिन्छन् ।

कवि कुँवरको पद्यमा भन्दा गद्य कविता तथा लेखहरूमा कलम बढी चलेको देखिन्छ। स्वच्छन्दवादी भाव धारामा वहेर कविता लेख्न रुचाउने कवि कुँवरको शैली सरल,

सुबोध र गहन देखिन्छ। जनमत सङ्ग्रह २०३६ साल वरपरदेखि जनआन्दोलन पहिलोदेखि उनका कविता उत्कृष्टतातिर उन्मुख भएका देखिन्छन्। जन आन्दोलन दोस्रोतिर पनि कवि शर्माका कविताले असन्तोष, आक्रोस र पीडाका स्वरहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय दुःखाइहरू प्रकट गरेर भविष्य प्रति आसावादी बनेको पाइन्छ।

**समयको पदचाप तथा मौन आवाज** – 'समयको पदचाप' तथा 'मौन आवाज' कविता सङ्ग्रहमा अत्यन्त मार्मिक कविताहरू समेटिएका छन् । कला पक्षमा भन्दा पनि भाव पक्षमा कविता सवल र मर्मस्पर्शी पाइन्छन् । कविता वाँचेर रस स्वादनका लागि कवि कुँवरको 'भविष्य नदुखे हुन्छ' कविताका केही मीठा पङ्क्तिहरू :

इतिहास त दुख्यो - दुख्यो
वर्तमान जति दुख्छ दुखोस्
भविष्य एउटै नदुखे हुन्छ
यो क्रम फेरि
नदोहोरिए पुग्छ ।

(समयका पदचापहरू : ३)

**तातेताते** – 'तातेताते' साझा प्रकाशनबाट २०५८ सालमा प्रकाशित बाल-कविता सङ्ग्रह हो । कलिला नानिहरूलाई व्यवहारिक शिक्षा र ज्ञानविज्ञानका क्षेत्रमा तातेताते गराउँदै अगाडि बढाउन यो बाल-साहित्यिक कृति सफल हुने देखिन्छ । कवि स्वयम् गुरु भएका हुँदा गुरु र विद्यार्थीका मनपेट राम्ररी छामी हास्यव्याङ्ग्यात्मक पाराले लेखिएका उनका बाल कविता निकै रमाइला पनि छन् ।

नाम र काम शीर्षकको कविता –

नेत्रकुमारीको यौटा आँखा डेरो
धनबहादुरको फाटेको घेरो
धीरबहादुरको छ सधैँको हत्पते
शान्तिबहादुर त औधीको चटपटे

दयारामको मन ढुङ्गाभन्दा साह्रो
भीमबहादुरलाई उठी हिँड्नै गाह्रो
रूपकुमारी झन् सबैभन्दा नराम्री
नाम भने सुशीला मान्छे भने चाम्री ।

निर्दलीय पञ्चायती व्यवस्थाको परिवेशमा पनि साहित्यिक संस्था खोल्ने यिनको प्रयास महत्त्वपूर्ण मान्नु पर्ने हुन्छ। उनको सद्प्रयासले संस्थागत ढङ्गले साहित्यको विशुद्ध उत्थानमा लाग्न लमजुङे साहित्यप्रेमीहरूलाई प्रेरणा दिएको पाइन्छ। त्यस्तै छन्दोबद्ध पद्यात्मक

कविता लेखन परम्परा बसेको लमजुङमा गद्यात्मक कविता लेखनको परम्पराको तगारो पनि उनले खोल्ने काम गरेका छन्। राष्ट्रिय कविता महोत्सवमा सहभागी भएर तृतीय पुरस्कार विजेता समेत बनेका कवि कुँवरले नेपाली साहित्यमा पद्मविलास पन्त, कोमलनाथ अधिकारी र माधव घिमिरेले पुऱ्याएको लमजुङको योगदानलाई पुर्नताजगी गराएका छन्। राष्ट्रिय प्रतिभा पुरस्कार २०५३ बाट पुरस्कृत कवि कुवँरले लमजुङे कविलाई सम्मान गर्नका लागि लमजुङमा साहित्यको सहिमार्ग प्रदर्शन गर्नेसमेत दूधपोखरी प्रतिभा पुरस्कारको व्यवस्था मिलाएका थिए। कवि कुवँरको साहित्यिक योगदान लमजुङमा मात्र सीमित राख्न सकिन्न । लमजुङे साहित्याकासमा झुल्किएर कवि कुवँर नेपाली साहित्याकासमा समेत चम्किन पुगेका छन् ।

दूध पोखरी प्रतिभा परिवार (२०४३) को स्थापना, लमजुङका प्रतिनिधि कविताहरूको सँगालो प्रकाशन, साहित्यिक पुरस्कारको स्थापना, राष्ट्रिय कविता महोत्सवमा लमजुङको तर्फबाट सहभागिता र पुरस्कार प्राप्ति, केही मौलिक कृतिहरू र फुटकर रचनाहरूको माध्यमबाट नेपाली साहित्यको विकासमा वल पुऱ्याउनु नै उनेको देखल योगदान मान्न सकिन्छ। लमजुङमा जन्मी लमजुङलाई नै कर्मथलो बनाएर उनले पुऱ्याएको साहित्यिक योगदानले लमजुङको मात्र होइन सिङ्गै नेपाली साहित्यको धरातल उर्वर बनाउन मलजल पुऱ्याएको छ ।

## 3=3=1=44 मित्रराज घिमिरे

लमजुङ जिल्लाको चिसङ्कु गाउँमा २००८ साल चैत्र २ गते आमा मायादेवी घिमिरेको कोखबाट मित्रराज घिमिरेको जन्म भएको हो । उनका बाबुको नाम पद्मलाल घिमिरे हो, जो अहिले दिवङ्गत भइसकेको छन् । उनी आफ्ना आमाबाबुका एक मात्र सन्तान भएकाले सानोमा धेरै माया ममता पाउनुका साथै पढ्ने अवसर पनि प्राप्त गरेका थिए । स्थानीय जनमन्दिर मिडिल स्कुल (२०१६) बाट आठ कक्षासम्मको शिक्षा हाँसिल गरी भद्रकाली पब्लिक हाइस्कुल पोखराबाट प्रवेशिका परीक्षा २०२८ सालमा उत्तीर्ण गरेका हुन् । पछि बी.एड्. एम्.ए. सम्म अध्ययन गरेका मित्रराज शिक्षण पेसामा लामो समयसम्म आबद्ध रहेका देखिन्छन्। स्थानीय कुसुमाकर मा.वि. को प्रधानाध्यापकसमेत रहेका मित्रराज हाल भने स्वैच्छिक अवकास लिई चितवन, भरतपुरमा बसेको पाइन्छ ।

वरिष्ट कवि डिट्ठा श्रीप्रसाद घिमिरे होमविलास घिमिरे, अम्बिकादत्त घिमिरे आदिले सिर्जेको चिसङ्कुको साहित्यिक वातावरणबाट प्रेरित भई कविता लेखनमा लागेका मित्रराजको 'कर्पुटारका सुसेली' (२०५२) कविता सङ्ग्रह प्रकाशमा आएको छ ।

> **कर्पुटारका सुसेली** – यस सङ्ग्रहमा उनका पद्य तथा गद्य गरी ३० ओटा सुसेलीहरू रहेका छन् । पद्यतर्फ उनले रुचाएको छन्द शार्दूलबिक्रीडित देखिन्छ । यसै छन्दसँग मन्दाक्रान्ता, शिखरिणी छन्द गीति छन्द आदि पनि उनले खेलाएको पाइन्छ । केही उनका सुसेलीहरू स्वतन्त्र अभिव्यक्तिका रूपमा गद्यमा पनि आएका छन् । उनका कविता परिवर्तनकामी हुनाका साथै नवचेत र जागरण जगाउने खालका देखिन्छन् ।

कविता कतै समसामयिक यथार्थ घटना र वेदनालाई प्रकट गर्ने खालका पनि रहेका छन् । भाषाशैली सरल र बोधगम्य भएता पनि भाषाको ओजलाई भने राम्ररी समात्न नसकेको पाइन्छ । तत्कालीन निर्दलीय पञ्चायती व्यवस्थाको क्रुरता बिरुद्ध उनका सुसेलीहरू उठेको पाइन्छ । प्रजातन्त्र र अग्रगमनको पक्षमा ०४६ सालअगाडि नै सुसेली हाल्न सक्नु कविको दूरदर्सीता र बुद्धिमत्ता प्रकट हुन्छ । मोहनसिं घिमिरे, केदारनाथ घिमिरे, रामचन्द्र शास्त्री आदि उनका कवि दौतरी हुन् जसमध्ये दुईजना जनयुद्धको क्रममा मारिइसकेका छन् भने कवि रामचन्दशास्त्री मात्र उनको जोडी कवि रहेको पाइन्छ ।

नेपाली साहित्यमा एउटा मात्र कृति (कविता सङ्ग्रह प्रकाशित देखिए पनि उनको काव्यिक शक्ति प्रशस्त देखिन्छ । आउदा दिनमा उनको काव्यिक शक्ति अझ उजागर हुने र अरु कृतिहरू थपिने सङ्केत देखिन्छ ।

## 3=3=1=45 रह शर्मा

रह शर्माका नामले साहित्यिक फाँटमा परिचित भएता पनि उनको वास्तविक नाम भने शशिकिरण रेग्मी हो। अलैंचे, लमजुङमा जन्मिएका रह शर्माको जन्म २००९/०८/०८ मा भएको हो। पिता श्रीप्रसाद रेग्मी र माता रेणुका रेग्मीका उनी माइला छोरा हुन्। लमजुङबाट आमा बाबु र परिवारका साथ २०१७ सालमा चितवन झरेका रह शर्माको पठन पाठन गीतानगरको अरुणोदय मा.वि. बाट सुरु भएको देखिन्छ। स्नातक तहसम्म अध्ययन पूरा गरेका शर्मा २०३९ आश्विन ५ देखि वीरेन्द्र बहुमुखी क्याम्पसको प्रशासनिक सेवामा प्रवेश गरेदेखि आजसम्म उक्त क्याम्पसमा नै सेवारत पाइन्छन् । सामाजिक सेवा र साहित्य सिर्जनालाई नदीका दुई किनार झैँ बनाएर अगाडि बढेका शर्माको कोमल र भावुक हृदयको पहिचान उनका लेख रचना र व्यवहारबाट पाउन सकिन्छ ।

साहित्यिक पारिवारीक वातावरणमा हुर्केका शर्माले सानैदेखि प्रगतिवादी साहित्यकार दाजु रविकिरण ‘निर्जीव’ को सङ्गतमा कविता लेखनमा लागेको पाइन्छ। उनको पहिलो प्रथम प्रकाशित कविता ‘बिजुली’ शीर्षकको थियो जुन ‘दोभान’ पत्रिकामा २०२५ सालमा प्रकाशित भएको थियो। उनका आजसम्म प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन्ः

1. भ्रभ (लघु काव्य) २०५५
2. वचन (गीत सङ्ग्रह) २०५६
3. विसङ्गगति (गीत तथा कविता सङ्ग्रह) २०५७
4. अब के हुन्छ ? (लेख सङ्ग्रह) २०६१
5. रहका कविता (कविता सङ्ग्रह) २०६१
6. सेल रोटी (बाल कविता सङ्ग्रह) २०६३
7. दौरासुरुवाल (विविध लेख सङ्ग्रह) २०६५

र प्रकाशोन्मुख कृतिः

1. पहाडको फेदीको पाहुनाघर (नियात्रा सङ्ग्रह)

उनले 'भुँग्रो' हस्तलिखित त्रैमासिक २०५६, अलैँचे स्वर्ण स्मारिका - २०५६, लायन्स स्मारिका २०५९, हिमालय रजत स्मारिका २०६१ को सम्पादनसमेत गरेको पाइन्छ। विभिन्न सामाजिक सङ्घ संस्थामा आबद्धसमेत भएका शर्माको साहित्य सङ्गम चितवन, प्रगतिशील लेखक सङ्घ चितवनमा पनि सक्रिय आबद्धता रहेको देखिन्छ । सप्तगण्डकी वहुमुखी क्याम्पस भरतपुर हिमालय मा.वि. चम्पानगर तथा लायन्सक्लव नारायणगढ चितवनको संस्थापक सदस्यसमेत रहेका शर्मा रेडक्रस चितवन शाखाका आजीवन सदस्य भै मानवीय सेवामा पनि क्रियाशील रहेका देखिन्छन् ।

**भ्रम** – लोक छन्दमा १५० फाँकीमा लेखिएको 'भ्रम' कविको लघु काव्य हो। यसमा आडम्बरयुक्त रीतिस्थिति चाडपर्व, धर्म, ईश्वर, संस्कृतिको नाममा जुन धन, समय आदि खर्च भएको छ, त्यो सबै भ्रम हो। फजुल काममा भएको खर्चको दुरूपयोग रोकेर राष्ट्र निर्माणमा सदुपयोग हुन सकेको भए समाजको रूपान्तरणमै मद्दत पुग्न सक्ने थियो। यस्तै कुराको सङ्केत यस लघु काव्यले प्रदान गरेको छ ।

**वचन** – 'वचन' लोक छन्दमा लेखिएको समसामयिक गीति काव्य हो हुन त रचनाकारले यसलाई गीत सङ्ग्रह भने पनि यो एकातिर काव्यात्मक रूपमा र अर्कोतिर गीतहरूको सङ्ग्रहको रूपमा पनि देखिन्छ। समसामयिक विषयवस्तुलाई समेटेर यसले वर्तमानमा भएका नराम्रा गतिविधिलाई प्रहार गरेर राम्रोको अपेक्षा गरेको देखिन्छ। यथास्थितिका विरुद्ध कविले प्रगतिशीलताको पक्षमा आफ्नो अभिव्यक्ती दिएको पाइन्छ ।

**विसङ्गति** – 'विसङ्गति' रहको तेश्रो सन्तान हो, जुन गीत, गद्य कविता र पद्य कविताको सङ्ग्रहको रूपमा देखिन्छ। प्रगतिशील विचारधाराबाट प्रभावित रहको गीत, कवितामा राजनीतिक रङ्ग देखिनु स्वभाविक हो। यही समाज र राष्ट्रका वरपर देखिएका स्वार्थी चालामालालाई कविले झट्कारेर फाल्ने र नयाँ समाज निर्माण गर्ने धोको पोखेको देखिन्छ ।

**अब के हुन्छ ?** – 'अब के हुन्छ ?' २५ ओटा समसामयिक लेख मालाको सङ्ग्रह हो। कवि गीत र कवितामा मात्र सीमित नरही गद्य लेखनमा पनि आफ्नो परिचय दिन सफल भएका छन्। विभिन्न पत्र पत्रिकामा २०५७/०५८ सालमा छापिएका लेखहरूको सङ्ग्रह' अब के हुन्छ ? विचार उत्तेजक लेखहरूले भरिएको मात्र होइन त्यस भित्र निश्पक्षता, तटस्थता, यथार्थता र राष्ट्रियता भेट्न सकिन्छ। देशभक्ति र जनहितका भाव उनका लेखहरूको गहिराइमा भेटिन्छ ।

**रहका कविता** – रहका कविता (२०६१ पौष) गीत कविताका हिसावले चौथो र पाँचौ क्रममा देखिन्छ। यसमा गीति कविता र केही छन्दोबद्ध कवितासमेत समाहित भएको पाइन्छ। छन्द अलङ्कार कला भन्दा विचारमा प्रधानता देखिनु उनका गीत, कविताका विशेषता देखिन्छन् । बिम्ब र प्रतीकका माध्यमबाट लोकलयमा कविले राम्रा कविता लेखेका पनि छन् ।

अघाएको डाँडापारी भोकाएको वारि ।
दुई नदी किनार झैँ भयो वारि पारि ॥
कोही चरी पेट भर्न गाह्रो भयो विघ्न ।
कोही भने फालाफाल सम हो कि हैन ?
(गौंथलीको व्याथा : रहका कविता)

**सेलरोटी** – 'सेलरोटी' (२०६५) कवि रह शर्माको बाल-कविता सङ्ग्रह हो। यस सङ्ग्रहमा २२ ओटा बाल-कविताहरू रहेका छन्। कविता मीठा छन् तर उपदेशले उनिएका देखिन्छन्। हुन त बाबु आमाले सम्झाउने पाराका छन्, यसबाट बालबालिका लाभान्वित हुने देखिन्छन् ।

**दौरा सुरुवाल** – दौरा सुरुवाल (विविध लेख सङ्ग्रह) २०६५ – नयाँ र समृद्ध नेपालको परिकल्पना साकार पार्न प्राणको आहुति दिने ज्ञात-अज्ञात सहिद, वेपत्ताहुने र घाइतेहरूको सम्झनामा समर्पण गरिएको दौरा सुरुवालमा संस्मरण-२, अनुभूति-४, समीक्षा-५, लेख-२ र निबन्ध-२ गरी जम्मा १५ ओटा रचना सङ्गृहीत छन् । 'छोरीको विदाइ' लेखले संस्कृतिले मान्छेलाई संस्कृतिले कसरी ढल्काउँछ र संस्कृतिको आत्मसात् गर्न लगाँउछ भन्ने कटु यथार्थता झल्काउँछ । दौरा सुरुवालले एकसंयोग र परिवन्दलाई झल्काउँछ भने अर्कोतिर स्वयम् इतिहासका पात्र हुँदाहुँदै पनि इतिहास लेखनले कसरी टेडोमेडो रूप लिन्छ भन्ने वास्तविकता पनि झल्काउँछ । 'म किन लेख्छु ?' लेखले हरेक इमान्दार लेखकको मनलाई छामेजस्तो लाग्छ । उनका लेखहरूले तितो सत्यलाई ओकलेका छन्, रह भित्रका तरङ्गित मनका तरङ्गहरू निश्चल ढङ्गले छचल्किएका छन् । प्रगतिशील लेखक कृष्णसेन 'इच्छुक' प्रतिको चोखो लेखकीय ममता मनग्य प्रकट भएको छ । कतिपय ठाउँमा लेखको नीजि गन्थन जस्तो लागे पनि त्यो गन्थन समाजरूपी मस्तिष्कबाटै निस्केको भनी लिन सकिन्छ । वैयक्तिक जस्तो लागे पनि त्यसमा सबैतिर व्याप्त मान प्रवृत्तिको फलस्वरूप सङ्गति र विसङ्गतिबाटै पैदा भएको पाइनाले त्यसलाई पनि सांसारिक तीतो अनुभूतिको रूपमा सहज ढङ्गले लिन सकिन्छ । कतिपय लेखमा मूर्त र यथार्थ अस्तित्वबोधको स्थूल चित्र प्रदान गर्ने आलङ्कारिक बिम्बहरूको प्रयोगले पाठकलाई जीवन्तता र निकटताको अनुभूति गराएको पाइन्छ ।

कवि रह शर्माका गीत, कविताहरू प्रायः लोक छन्द र शार्दूलबिक्रीडित छन्दमा नै

देखिन्छन्। हुन त उनले गद्य कवितामा पनि कलम चलाएका छन्। उनको स्वर भने लोक छन्दमै रन्किएको पाइन्छ। सामाजिक यथार्थताको चित्रण गर्दै त्यसमा संसोधन र सुधार होइन आमूल परिवर्तनका लागि प्रगतिवादी स्वर घन्काएको पाइन्छ। उनले चितवनलाई कर्म थलो बनाए पनि जन्मथलोको हिसावले लमजुङलाई हेर्दा उनले नेपाली साहित्यमा पुऱ्याएको प्रगतिवादी साहित्यक योगदानबाट लमजुङ गौरवान्वित देखिन्छ ।

## 3=3=1=46 हरिहर सविता

हरिहर 'सविता', पिता होमनाथ रेग्मी र माता सरस्वती रेग्मीका माइला पुत्र रत्नको रूपमा २००९ साल जेठ २७ गते शनिवार लमजुङको अलैंचे, खाल्टेमा जन्मेका हुन्। निम्न मध्य वर्गीय परिवारमा जन्मेका हरिहरले अक्षरारम्भ लमजुङमा गरेता पनि २०१७ सालमा चितवन, गीतानगर बसाईंसराईंको क्रममा झरेपछि स्थानीय अरुणोदय माध्यमिक विद्यालयबाट स्कुले शिक्षा लिएका थिए। अध्ययनको क्रममा वी.ए. सम्म पास गरेका उनले रामपुर क्याम्पसमा २०३० सालबाट लेखापाल पदमा सेवा प्रवेश गरेता पनि २०३३ मा उक्त पदबाट निष्काशीत भएका थिए। २०३४ सालदेखि २०३७ सालसम्म गुल्मी, हुम्लामा शिक्षक भै अध्यापन गरेका हरिहर २०३८ देखि २०४३ भाद्रसम्म चितवन चम्पानगर हिमालय मा.वि. र २०४३ असोजबाट पुनः रामपुर क्याम्पसमा नोकरी समाएर लमजुङ कृषि क्याम्पस हुँदै सुर्खेत क्याम्पसमा हाल सेवारत छन्। मिलनसार, मृदुभाषी, सफा र सरल हृदयी 'सविता' प्रखर वक्ता पनि हुन् । समसामयिक विचार प्रधान लेखसमेत वेलामौकामा लखेका लेखबाट पनि उनको वाक्कलाको सुईँको पाउन सकिन्छ।

स्कुलमा पढ्दा 'चैतको हुरी' कविता लेखेर प्रथम भै साहित्यतर्फ आकर्षित भएका हरिहर सविता २०२६ सालसम्म आइपुग्दा धेरै साहित्यिक पुरस्कारहरू प्राप्त गरेपछि भने प्रतियोगितामा सम्मिलित हुन छाडेको बुझिन्छ।

**कालरात्री आन्दोलन** – छात्र जीवनदेखि प्रगतिशील विचार धाराबाट प्रभावित 'सविता'को पहिलो प्रकाशित कृति 'कालरात्री आन्दोलन' कथा सङ्ग्रह (२०४७) हो। पञ्चायती निरङ्कुश व्यवस्थाभित्र प्रदाडित र आन्दोलित मनस्थितिबाट समाजभित्रका पीर र व्यथाहरू देखाएर त्यसबाट छुटकारा पाउनसमेत धिपधिपे उज्यालो उनले कथाका माध्यमबाट छरेका छन् ।

**मणि शोक काव्य** – दोश्रो कृतिको रूपमा 'मणि शोक काव्य' (२०४८) हो, जसको प्रकाशक स्वतन्त्र विद्यार्थी यूनियन, कृषि र पशु विज्ञान अध्ययन संस्थान, केन्द्रीय क्याम्पस, रामपुर रहेको पाइन्छ। बी.एस्सी.ए.जी. दोश्रो वर्षमा अध्ययनरत स्व.वि.यू. का तत्कालीन सभापति मित्रमणि आचार्यको २०४२ मा अत्यन्त अमानवीय किसिमले हत्या गरिएको सन्दर्भमा लेखिएको शोक काव्य 'मणि शोक काव्य' हो। बाह्र सर्गमा शार्दूलबिक्रीडित छन्दमा लेखिएको शोक काव्य करुण तथा वीर रसले

युक्त भएको पाइन्छ। शोकविह्वल बाबु, आमा, किसान, शिक्षक, विद्यार्थी, व्यापारी, महिला आदिको शोकलाई शक्तिमा बदल्न गरिएको सङ्कल्प साहित्यिक गहनतामा प्रकट भएको पाइन्छ। अझै पनि उत्तिकै सामयिक देखिने मणि शोककाव्य भित्रको एउटा श्लोक –

नौलो विश्व बनाउने मनहुने मान्छेहरू हो उठ।
क्रान्तिले हित हुन्छ यो पृथिविमा भन्नेहरू हो जुट ॥
सामान्तीहरूको कडा बिगबिगी फाल्नेहरू हो उठ
साँच्चै राष्ट्रियता बचाउनु पर्‍यो भन्नेहरू हो जुट ॥
(मणि शोककाव्य : ३१)

**जानुका** – कवि 'सविता' को तेस्रो कृति 'जानुका' शोक काव्य हो। २०४८ सालमा प्रकाशित यो शोक काव्यमा प्रकाशक श्री लक्ष्मी पण्डित रहेको देखिन्छ। सानु भएपनि महान्, वाह्य स्वरूप दुप्लो भए पनि भित्री स्वरूप खँदिलो रहेको यस काव्यको आफ्नै विशेषता पाइन्छ। शार्दूलविक्रीडित छन्दमा रचिएको, करुण रसले भरिएको यस काव्यमा कविको करुणा र सम्बेदनाभित्र पनि जुधारु बिद्रोही भावना पाइन्छ। कविले आफ्ना संवेदनात्मक अनुभूति काव्यमा अति मार्मिक ढङ्गले उतार्न सफल भएको पाइन्छ ।

भोकै छन् अझसम्म यो धरतिमा पाखा पखेराहरू
रुँदैछन् अझसम्म नै विरहले डाँडा चुचुराहरू
मान्छे जीवन चिन्नलाई नसकी बन्दै गयो निष्ठुर
मेरी पुत्रि कहाँ छ यो भन तिमी ए कान्तिका डाक्टर
(जानुका शोक काव्य पेज : ११)

उनले यसरी अविचल ढङ्गले पुऱ्याएको प्रगतिवादी साहित्यिक योगदानको कदर गरेर लमजुङमा द रेयुकाइले साहित्यकार वी.पी. प्रतिभा पुरस्कार (२०५४) र चितवनमा प्रगतिशील लेखक सङ्घले २०६४ वैशाख ८ गते सम्मानसमेत उनलाई प्रदान गरेको छ।

यसरी लमजुङमा जन्मस्थलो र चितवन कर्मस्थलो बनाएका सशक्त छन्दप्रेमी कवि हरिहरले प्रगतिवादी साहित्य-उत्थानमा ठूलो योगदान दिएको पाइन्छ। पटकपटकको जेलनेल यातना, जागिरबाट निष्काशनसमेत भोगेका कविको साहित्यिक आस्था र विश्वास भने कत्ति पनि डग्मगाएको पाइँदैन। कलमबाट त्रसित, कायर निरङ्कुश शासकहरूद्वारा उनका लेखरचना छापामारी डढाइए पनि उनका विचार डढेका छैनन् बरु पनर्जीवित भएर खारिएर, माझिएर आएको पाइन्छ । अनेक यातना र सास्ती खेपेर पनि उनले पुऱ्याएको प्रगतिवादी साहित्यिक योगदान लमजुङे साहित्य हुँदै, लमजुङ, चितवनमामात्र होइन नेपाली साहित्यमा नै मूल्यवान्, विशिष्ट र नमुनायोग्य बनेको छ।

### 3-3-1-47 भाग्यशाली अधिकारी

लमजुङ, दुराडाँडा चन्द्रेश्वर-७ मा वि.सं. २००९ चैत्र १७ मा भाग्यशाली अधिकारीको जन्म भएको हो। पिता श्रीधर अधिकारी र माता विष्णुमाया अधिकारीका छोरा भाग्यशालीले स्नेहमय वातावरणमा दुराडाँडामै प्रारम्भिक शिक्षा लिन पाएका हुन् ।

स्कुले शिक्षा दुराडाँडाबाट लिएका अधिकारीले २०३२ सालदेखि नै राष्ट्रिय विमा संस्थानमा कर्मचारीको रूपमा प्रवेश गरेर हालसम्म पनि कार्यरत रहेका छन्। सिस्नुपानी नेपाल, मर्स्याङ्दी बाङ्मय प्रतिष्ठान, सामाखुसी साहित्य समाजमा पनि उनको संलग्नता रहेको छ। गोरा, भरसलाग्दा जीउडाल भएका भाग्यशाली तनले मात्र होइन मनले पनि सुन्दर देखिन्छन्। मनको सुन्दरता उनका कवितामा परेको पाइन्छ।

वि.सं. २०३२ सालबाट कविता लिएर नेपाली साहित्य-संसारमा प्रवेश गरेका भाग्यशालीका प्रशस्त फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएका छन् । उनको पहिलो कृति वि.सं. २०५८ को 'यो एउटा भरिपूर्ण मरुभूमि' (कविता सङ्ग्रह) हो। दोश्रो कृति 'आमाको क्रन्दन' (गीतिकाव्य) हो, जुन २०६० सालमा प्रकाशित छ। कविता बाहेक कथा, निबन्ध, बाल-साहित्य जस्ता विधामा पनि उनले कलम चलाएको पाइन्छ। सामाखुसी साहित्य समाजको अध्यक्षसमेत रहेका भाग्यशालीले 'नवप्रभात' र 'मुक्तिनाथ अधिकारी स्मृतिग्रन्थ' को सम्पादनसमेत गरेका छन् ।

लोकलय छन्द तथा वर्णमात्रिक छन्दमा कलम चलाउन पोख्त कवि भाग्यशालीका कविता सङ्ग्रहमा नेपाली प्रकृति, नेपाली संस्कति र जनजीवनको झझल्को पाइन्छ। 'आमाको क्रन्दन' खण्डकाव्यमा सन्ततीका पारस्परिक द्वन्द्वका कारण आमामा परेको चोटले उब्जाएको क्रन्दनलाई कविले लोकछन्दमा हृदयस्पर्शी ढङ्गले उतारेका छन्। उनको देशभक्तिमय भाव यस काव्यमा छल्केको छ। देशमा बढेको भाइभाइ बीचको द्वन्द्व र मारपिटले उब्जेको आमाको क्रन्दनलाई सरल हृदय वाणिद्वारा चित्रण गरेका छन्। द्वन्द्व बढ्नु भन्दा अगाडि र पछाडिको देशको अवस्थालाई तुलनात्मक ढङ्गले कविले प्रस्तुत गरेका छन्। आखिर कविले 'मिलेर बसे अटिन्छ सबै एउटै धन्सारमा' भनी मिलेर बस्न आह्वान गरेको पाइन्छ ।

लत समाज वीरगन्जद्वारा २०५५ सालमा आयोजित अधिराज्यव्यापी निबन्ध प्रतियोगितामा द्वितीय पुरस्कारबाट पुरस्कृत भाग्यशाली नेपाली प्रकृति, संस्कृति र अस्तित्व बचाउन विशेष गरी गीत तथा कविताका माध्यमबाट नेपालीलाई आह्वान गरेका छन्। कवि लमजुङ छोडेर राजधानीमा रहेपनि लमजुङको साहित्यिक अभिबृद्धिका साथै नेपाली साहित्यमा समेत उनको योगदान उल्लेखनीय रहेको पाइन्छ ।

## 3-3-1-48 मुक्तिनाथ शर्मा घिमिरे

मुक्तिनाथ शर्मा घिमिरे २००९ सालमा सप्तधारा गा.वि.स. जीता - १ मा जन्मेका हुन् । घर गाउँबाट पढ्दै पोखराबाट बी.एड्., एम्.ए. नेपालीसम्मको शिक्षा लिएका घिमिरे हाल शान्ति उ.मा.वि कुन्छामा अध्यापनरत छन् । नेपाली शिक्षक घिमिरे छन्दमा कविता लेख्न र वाचन गर्न विशेष रुचि राख्दछन् । लामो समयदेखि अध्यापन कार्यमा संलग्न घिमिरेले राष्ट्रिय स्तरको शिक्षा सेवा पदक हासिल गरेका छन् ।

उनको प्रथम प्रकाशित कृति तीनकुने तारा (कविता सङ्ग्रह) २०३६ हो । उनले 'दुरा भाषाको व्याकरणात्मक स्वरूप' शीर्षकमा स्नातकोत्तर सोध पत्र २०४९ सालमा तयार गरेका छन् ।

> **तीनकुने तारा** – उनको 'तीनकुने तारा' कवित सङ्ग्रहमा छन्दोबद्ध कविताहरू रहेका छन् । सरल ग्रामीण लोक भाषाको छनक पाइने उनका कविताहरू सरल र सरस देखिन्छन् । उनका कविता विचारप्रधान देखिन्छन् । लोकतन्त्र र समाजवादका पक्षमा उनले हिजोको अँध्यारो समयमा पनि टुकी बालेर कविता लेखेका हुन् । त्यसैले उनी कवितामा प्रश्न गर्छन् –
>
> 'वी.पी. को परिकल्पना स्वरूपको के यो प्रजातन्त्र हो ?'

गद्य कवितामा भन्दा छन्दमै रमाएका कवि मुक्तिनाथले मुक्तिका लागि लेखेका कविता लोभ लाग्दा छन् । एउटा असल गुरुको हैसियतबाट मात्र होइन साहित्यका माध्यमबाट पनि उनले लमजुङमा दिएको योगदान महत्त्वपूर्ण सावित भएको छ ।

## 3-3-1-49 वमवहादुर थापा 'जिताली'

लमजुङ जिता-८ चिन्ने गाउँमा मिति २०१० जेठ ३० गते जन्मेका वमवहादुर थापा 'जिताली' को बाबुको नाम प्रेमवहादुर थापा क्षेत्री र आमाको नाम वसुन्धरा थापा हो। जिता गाउँबाट साधरण पढलेख गर्दै गोपाल पाँडेको शिक्षा परिषदबाट प्रवेशिका पास गरेर त्यसैको जगबाट जितालीले हाल नेपाली साहित्यमा विद्यावारिधीको उपाधिसमेत लिएका छन् ।

सुरुमै रेडियो नेपालको 'हाम्रो संस्कृति' तथा 'साहित्य संसार' मा जागिरे भै छिरेका 'जिताली' अहिले तिनै फाँटको वरिष्ट कार्यक्रम अधिकृत भएर सेवारत छन्। आंशिक प्राध्यापनमा समेत पाइला राखेर उनी बौद्धिकतामा पनि निख्खार ल्याउँदै छन्। नेपाली शिक्षा परिषद, विष्णुप्रसाद धिताल प्रतिष्ठानमा संलग्न रहेर समेत उनले काम गर्दै आएका छन् । 'सृष्टिमा पार्वतीको दृष्टि' (हास्यकथा) लिएर परिवार पत्रिका (८:६९), मार्फत असोज २०३३ मा साहित्यिक क्षेत्रमा प्रवेश गरेका 'जिताली' को पहिलो प्रकाशित कृति 'वसुन्धरा' कविता सङ्ग्रह (२०४५) हो। आफ्नो गाउँ जिता, सातधारा प्रति भक्तिभाव झल्काउन वमबहादुर

थापाले आफ्नो नामको पछाडि 'जिताली' उपनाम थपेका छन् ।

आफ्नै सिलोके बाबु आमाका साथै कवि शिरोमणि लेखनाथ पौडेलका कविताबाट प्रेरणा लिएर साहित्यिक फाँटमा मेला पसेका 'जिताली' का हालसम्म प्रकाशित कृतिहरू यस प्रकार रहेका देखिन्छन् –१. वसुन्धरा, कविता सङ्ग्रह २०४५, २. धोती न टोपी (हास्यव्यङ्ग्य, रमिता-अँगालो, २०४९) ३. जापानी छन्दमा नेपाली कविता (२०६४) । प्रकाशोन्मुख कृतिमा निबन्ध सङ्ग्रह, समालोचना सङ्ग्रह, शोध प्रबन्ध, लेखनाथका कवितामा नैतिक पक्ष, औचित्यवादका दृष्टिमा लेखनाथका रचनाको विवेचना 'छन्दको छहारी' (छन्द शास्त्रको अध्ययन) रहेका छन् ।

**वसुन्धरा –** आफ्नी दिवङ्गत आमा वसुन्धरा थापाको स्मृति गर्दै प्रकाशित वसुन्धरा (कविता सङ्ग्रह : २०४५) मातृ तथा मातृभूमिप्रतिको प्रेमगाथा हो। यसमा कविका कोमल भावहरू प्रवाहित भएको पाइन्छ । छन्द, रस, अलङ्कारलाई समेत ख्याल गरेर अनुकरणात्मक र अनुप्रासयुक्त शब्द मिलानले कविता चोटिला पाइन्छन्।

**धोती न टोपी –** 'धोती न टोपी' हास्यव्यङ्ग्यात्मक कविता सँगालो हो । यसमा हास्य र व्यङ्ग्यको मिश्रणले रमरम मीठो ल्याएको पाइन्छ । चोटिला र भावमय शब्द चयनले कविताहरू मर्मस्पर्शी पाइन्छन् ।

**जापानी छन्दमा नेपाली कविता –** नेपाली कवितामा जापानी शैलीको अध्ययन गरिएको यस पुस्तकमा नेपाली र जापानी शैलीका कविता लेखनको तुलनात्मक प्रस्तुति पाइन्छ । जापानी छन्दको परिचय लक्ष्यण र उदाहरण समेत दिएर नेपाली काव्य परम्परामा लेखिएका गीति कविता सूक्ति उक्ति उखानटुक्कासँग तुलना गरिएको छ । जापानी छन्दमा लेखिएका त्रिपदी हाइकु नेपालीमा भएका सूक्ति उक्तिसँग ठ्याक्कै मिल्दा पाइन्छन् भनि निम्नानुसार उनले उदाहरण पनि पेश गरेका छन् ।

| | |
|---|---|
| उत्तम खेती | एककान |
| मध्यम व्यापार | दुईकान |
| निर्घिणी चाकरी | मैदान |

जापानी हाइकुलाई विभिन्न कविले गरेका अनुवादका नमुना पनि यसमा दिइएका छन् । जस्तै एउटा नमुना –

जीर्ण पोखरी
भ्याकुताको छलाङ
पानीको स्वर !          क्षेत्रप्रताप अधिकारी

भानु मोती पुरस्कार २०५६, डि. श्रीप्रसाद घिमिरे स्मृति पुरस्कार २०६१, जस्ता थुप्रै पुरस्कारहरू हासिल गरिसकेका 'जिताली' का 'जहाँ छन् बुद्धका आँखा' गीत भक्तराज आचार्यको स्वर र सङ्गीतमा रेकर्ड भै रेडियोबाट बजिसकेको देखिन्छ।

मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, लेखनाथ पौडयाल काव्य सभा काठमाडौं जस्ता संस्थामा संलग्न रहेका कवि जितालीले लमजुङका स्कुले विद्यार्थी बीच कविता प्रतियोगिता गराइ उत्कृष्ट कविताका बालकविलाई प्रदान गरिने वसुन्धरा - प्रेम प्रतिभा पुरस्कार २०४६ स्व. आमा र बाबुको नाममा स्थापना गरेको देखिन्छ तापनि हाल भने उक्त पुरस्कार प्रदान भएको देखिदैन ।

जिताली' स्वच्छन्दवादी, प्रकृतिवादी कवि हुन्। बौद्धिकता भन्दा हार्दिकता, यथार्थता भन्दा काल्पनिकता र भौतिकताभन्दा मनका सूक्ष्म मनोभाव सहितको नैतिकता, आध्यात्मिकता 'जिताली' का रचनाहरूमा पाइन्छ। वार्णिक छन्द र लोक छन्दमा भावुकताका साथ वहेर लेख्ने प्रवृत्ति 'जिताली' को वसुन्धरा कविता सङ्ग्रहमा भेटिन्छ। अलङ्कार पक्षलाई धेरथोर समातेर चमत्कार देखाउन खोज्ने प्रवृत्तिका 'जिताली' को 'धोती न टोपी' मा हास्यव्यङ्ग्यता भेटिन्छ। 'जापानी छन्दमा नेपाली कविता' मा उनले नेपाली कवितामा जापानी शैलीको अध्ययन गर्नुका साथै हाइकुका लक्षण, परिभाषा र उदाहरणसमेत दिएका छन् ।

हास्यव्यङ्ग्य पुरस्कार गाईजात्रा महोत्सव, २०४५, भानु मोती पुरस्कार २०५६, दीर्घसेवा पदक २०५७, डिट्ठा श्रीप्रसाद घिमिरे स्मृति पुरस्कार २०६१ द्वारा पुरस्कृत 'जीताली' को 'जहाँ छन् बुद्धका आखा' २०४५ गीत-रेकर्ड भएको छ।

राष्ट्रवादी स्वर, मानवतावादी उद्गार र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार चलाउनु 'जिताली' को विशेषता देखिन्छ। मानवीय आदर्शलाई पछयाउदै विकृति, विसङ्गतिको गाला चड्काउने कविले समाजलाई आदर्श मार्गको दिग्दर्शन गराउन खोजेझैँ प्रतीत हुन्छ। नेपाली साहित्यको फाँटमा आफूलाई कविको रूपमा प्रतिस्थापन गराइसकेका 'जिताली' को लमजुङसँग सम्बन्ध जोडेर हेर्दा उनको माध्यमबाट नेपाली साहित्यमा लमजुङको योगदान महत्त्वपूर्ण देखिन्छ ।

### 3-3-1-50 विजयराज न्यौपाने

पूर्वी लमजुङको प्याराजुङ - ४ बोराङ गाउँमा यो पङ्तिकार विजयराज न्यौपानेको २०११ साल श्रावण २५ गते आमा भगवती न्यौपानेको कोखबाट जन्म भएको हो। राणा शासन कालमा बहिदार पदबाट जागिर खाई मुखिया पदमा पदोन्नति भएता पनि बाबु तीर्थराज न्यौपाने बहिदार/दाजैको नामद्वारा चिरपरिचित थिए। बाबु पढलेख गरेका सचेत व्यक्ति भएकाले सानैदेखि पङ्क्तिकारको पढाइलेखाइतर्फ रुचिबढ्नु स्वभाविक देखिन्छ। स्थानीय महेन्द्र प्रा.वि. बोराङबाट तीन कक्षासम्मको अध्ययन पूरा गरी लमजुङकै शैक्षिक

जागरणको उद्गम स्थलको रूपममा चर्चित दुराडाँडाको शिक्षा सदन प्रा.वि. र त्यसपछि सर्वोदय हाइस्कुलमा भर्ना भै २०२६ सालमा एस्.एल्.सी. उत्तीर्ण पङ्क्तिकारले कुन्छा इण्टर कलेज हुँदै काठमाडौँ छिरेर २०३० को अन्त्यमा बी.एड्. पूरा गरेको हो । पछि काठमाडौँ विश्व विद्यालयबाट पोष्ट ग्रयाजुएट र त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र र नेपालीमा एम्.ए. को योग्यतासम्म हासिल भएको छ । लमजुङको गाउँसहर स्थित लमजुङ मा.वि. मा २०३१ भाद्रदेखि शिक्षक भै शिक्षण पेसामा प्रवेश गरी वागीश्वरी मा.वि. बिचौर हुँदै बुद्धमिलन मा.वि. प्याराजुङ सरुवा भए पश्चात् प्रधानाध्यापक भै कार्य गरेको हो। एस्.एल्.सी. परीक्षामा राम्रो नतिजा ल्याउन नसकी शैक्षिक, आर्थिक ढङ्गले पछाडि परेको यस स्कुल र सूर्योदय मा.वि. भारते लमजुङलाई अग्रगमनतर्फ लैजान उसको पनि ठूलो मेहनत रह्यो । अध्यापनको २७ बर्षे लामो शिक्षण कार्यपछि मा.वि. द्वित्तीय शिक्षक (प्र.अ.) पदबाट राजीनामा दिई हाल काठमाडौँ रहेर पनि विभिन्न साहित्यिक तथा सामाजिक सङ्घ-संस्थामा आबद्धता रहेको छ ।

साहित्यमा लाग्ने प्रेरणा बाबुले गाएका तुलसीकृत रामायणका श्लोक, भिनाजु ठाकुरप्रसाद ‘छाँगा’ ले लेखेका पद्य (लोकलय) का चिठीबाट पाएकोमा विमति छैन । राष्ट्रकवि माधव घिमिरे, कवि शिरोमणि लेखनाथ पौडेलका कविताबाट पनि यस पङ्क्तिकारका कविता प्रभावित छन्। ‘होड’ भन्ने कविता सिने - मनोरञ्जनात्मक कामना पत्रिकामा २०३८ सालमा प्रकाशित भएपछि वास्तविक साहित्यिक यात्रा सुरु भएपनि २०३१ सालमा लमजुङव्यापी कविता महोत्सवमा दोस्रा भएको पनि हो। लमजुङ जिल्लामा धेरै पटक पुरस्कृत पङ्तिकारको पहिलो बाल-साहित्यिक कृति ‘सुनटिकी र जुनटिकी’ हो जुन २०५० सालमा प्रकाशित भएको छ। बाल साहित्यको क्षेत्रमा त्यसपछि बालगीत (साझा प्रकाशन, २०५४) ‘बाल-रत्न’ (रत्न पुस्तक भण्डार, २०५८) प्रकाशित भएको हो। चौथो कृति ‘बोराङ’ कवितासङ्ग्रह हो जुन २०५४ सालमा प्रकाशन भएको हो। पाँचौ कृति ‘न्यौपाने बन्धु सन्देश’ (२०६५) हो । मेलमिलाप, भाइचारा-भाव बढाउँदै विश्वमैत्री समाजतिर सङ्केत गरेर समाजलाई सक्कली सन्देश दिन खोजेका कविताहरू ‘न्यौपाने बन्धु समाज’ मा पाइन्छन् । स्वच्छन्दवादी भावधारामा पङ्क्तिकारको प्रकृति प्रेम, मानवप्रेमका साथै पशु-प्रेम पनि प्रकट भएको पाइन्छ। बालकवितामा आफ्ना मौलिक संस्कार संस्कृतिका बारेमा बालसुलभ भाषाद्वारा भाव सञ्चार भएका छन् । अन्त्यानुप्रास, मध्यानुप्रास, श्रुत्यानुप्रास मिलेका कृतिकारका कविताले साङ्गीतिक लय प्रदान गरेका छन् । यस पङ्क्तिकारको साहित्यिक मूल्य निर्धारण गर्ने काम पाठक प्रतिक्रियाबाट हुने नै छ ।

बाल-कविता विधा तथा कविता विधामा विशेष कलम चलाएका पङ्क्तिकार लमजुङबाट दूधपोखरी प्रतिभा पुरस्कार, साहित्यकार वी.पी. प्रतिभा पुरस्कारबाट पुरस्कृत छन्। कविताले बाल साहित्य तथा प्रौढ साहित्यमा विशेष योगदान पुऱ्याइरहेका पङ्क्तिकारको योगदान कुन रूपमा रहेको छ त्यो पाठक तथा समालोचकबाट मापन हुने नै छ ।

### 3-3-1-51 ध्रुवकिरण रेग्मी

अलैँचे, लमजुङमा वि.सं. २०११ आश्विन २८ मा जन्मेका ध्रुवकिरण रेग्मीको आमाको नाम रेणुका रेग्मी र बाबुको नाम श्रीप्रसाद रेग्मी हो। ६ वर्षको उमेरमा लमजुङबाट चितवन बाबु आमासँगै झरेका रेग्मीको हाल स्थायी ठेगाना गीतानगर - २ चम्पानगर देखिन्छ। अरुणोदय मा.वि. गीतानगरबाट पढ्न सुरु गरेका रेग्मीले पछि गएर एम्.ए. सम्मको अध्ययन गरेको पाइन्छ। वि.सं २०४१ सालदेखि शिक्षण सेवामा प्रवेश गरेका रेग्मी हालसम्म नै सेवारत रहेका छन्। यस अलवा उनी साहित्यिक सङ्गम चितवन, अविरल साहित्यिक मञ्च, रेडक्रस जस्ता साहित्यिक संस्था तथा अन्य सामाजिक, शैक्षिक सङ्घ संस्थामा समेत संलग्न छन् ।

स्कुल तथा गा.वि.स. स्तरीय कविता प्रतियोगितामा प्रथम भै साहित्यतर्फ प्रेरित ध्रुवकिरण रेग्मीका हालसम्म ४ प्रकाशित र २ अप्रकाशित कृति देखिन्छन् ।

1. नारी पीडा (कविता सङ्ग्रह) २०५२
2. दरिद्रताको परिवेश (कविता सङ्ग्रह) २०६२
3. अशान्तिले जन्माएको सेतो चोली (गीति सङ्ग्रह) २०६४
4. मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी (कविता सङ्ग्रह) २०६५

**नारी पीडा :** 'नारी पीडा' गीत सङ्ग्रह भनिए पनि गीति काव्य जस्तो देखिन्छ। अत्यन्त सरल लोकलयमा लेखिएको नारी-पीडामा कलापक्ष केही कमजोर भए पनि भाव पक्ष सवल भएको अनुभूति हुन्छ। यसमा नारीलाई विभिन्न ढङ्गले शोषेर पुऱ्याइने पीडाको सजीव चित्रण पाइन्छ। यस्तो पीडाबाट बच्न कविले एकताबद्ध भै सङ्घर्षमा जुट्न आह्वान गरेको पनि पाइन्छ ।

**दरिद्रताको परिवेश :** 'दरिद्रताको परिवेश' गीत, कविताको सङ्ग्रह हो जसमा गद्य तथा पद्य कविताहरू भेटिन्छन्। कवि ध्रुवकिरण रेग्मी आफ्नो यस तेस्रो कृतिमा झ्याउरे छन्दका माध्यमबाट बढी खुलेका देखिन्छन्। प्रगतिवादी सोच भएका कवि ध्रुवका कवितामा कलात्मकभन्दा भावात्मक पक्ष प्रवल पाइन्छ। सुधारवादी, प्रगतिवादी कोणले हेर्दा गीतिकवितामा उनको योगदान सह्राहनीय देखिन्छ ।

**अशान्तिले जन्माएको सेतो चोली :** 'अशान्तिले जन्माएको सेतो चोली' गीति सङ्ग्रहमा पनि कवि ध्रुवकिरणका २८ ओटा लोकलयमा आधारित गीतहरू रहेका छन्। तीजे गीत समेत रहेको, समसामयिक घटनालाई जनजिब्रोले समाएको, नयाँ परिवर्तनलाई सम्बोधन गरिएको र यथास्थितिलाई व्यङ्ग्य गर्दै सरल भाषामा लेखिएको यो गीति सङ्ग्रह भाव सम्प्रेषणको दृष्टिले सफल देखिन्छ ।

**मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी** : मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी (कविता सङ्ग्रह) २०६५/०२/२६ मा कवि ध्रुवकिरणका (रविकिरण 'निर्जीव', शशिकिरण शर्मा (रहशर्मा) सहित तीनै भाइ चितवन साहित्यकाशमा उदयमान एकसय एक साहित्यकार हुन् । यी तीनै भाइले तीन कृतिको पोको बयानब्बे वय काटिसकेकी आमा रेणुका रेग्मीका हातबाट भर्खरै फुकाएका छन् । आमाका स्नेहिला हातका सुमसुम्याइबाट आशीर्वाद प्राप्त गरेर अझ यस्ता कृतिहरू थपिरहन उनीहरूले उर्जा प्राप्त गरेका छन् । हो यसै सन्दर्भसँग जोडिएको तात्तातो कृति मेरो विवू, इन्जेक्सन र इमर्जेन्सी (कविता सङ्ग्रह) २०६५ हो । चारवटा गीति कविता र दसवटा गद्य कविता मिसिएर उनको यो कविता सङ्ग्रह आएको छ । समसामयिकता, यथार्थता, व्यङ्ग्य र जनजिब्रोको भाषामा लेखिएका उनका गीत हिमचुलीबाट निस्किएका जलधार जस्तै निर्मल र कोमल देखिन्छन् । यतिवेला पाठकीय मन उनलाई चितवनका अलिमियाँका रूपमा छाम्न सक्दछ ।

आफ्नो माटो जोगाउन उठ
कुम्भकर्ण सुते झैँ नसुत
सँधैँ आउँछौ परेला मुनि
काखमा मात्र राखेर नहुनी ।

रहरले होइन बाध्यताले नेपाली विदेसिन परेको कटु यथार्थलाई यी गीति स्वरले समाएका छन् ।

कुनै दिन आउला नि पालो
भेट हुँदा मारौँला अँगालो
फूलको रस पाएनौ चाख्न
मैले पनि सकिन मन राख्न ।
.. ... ... ... ... ... ... ... ...
अहिले पनि कर्णाली उस्तै छ
उपियाँ र जुकाले चुस्तै छ ।

उनका दस गद्य कविता पनि छन्दमय भएर प्रवाहित भएको पाइन्छ । गद्य कवितामा भन्दा उनी छरिता गीति कवितामै राम्ररी खुलेका छन् । उनको सुललित स्वर तरङ्गित भएर पाठकको कानमा गुन्जिन्छ, शब्द आलङ्कारिक भैकन पनि व्यङ्ग्य भाव सम्प्रेसित गर्ने खालका छन् । कवितालाई अनेक बिम्बहरूले बुलन्द बनाएका छन् । सङ्कट कालको सङ्कटलाई उजागर गर्न बिरामी विवु, इन्जेक्सन र इमर्जेन्सी गीति कविता केही लम्बे भए पनि यस भित्रका गीत कविता छोटा मीठा छन् । कविका निजी आस्थाका आवाज कता कति पाइन्छन् । त्यसलाई व्यक्ति विशेषताका रूपमा लिन सक्नु पर्ने हुन्छ ।

ध्रुवकिरणका गीत, कवितामा मानवीय भावना पाइन्छ। समाजलाई गतिशील

बाटोमा हिँडाउन चाहने उनले भ्रष्टाचार, स्वार्थी विचारका विरुद्ध व्यङ्ग्य र विद्रोह ओकल्न जनजिब्रोको भाषालाई समाएको पाइन्छ। समाजमा विद्यमान शोषण, उत्पीडन, सुस्केरा र छट्पटीलाई फुटाइ आमूल परिवर्तनतिर भावधारा प्रवाहित गर्नु नै उनको मूल प्रवृत्ति भेटिन्छ। यिनै प्रवृत्तिगत मान्यताहरूलाई कलमको टुँडोले टिपेर नेपाली साहित्याकाशको एउटा पाटोमा देखिन सफल ध्रुवकिरणले चितवन तथा लमजुङको साहित्यिक धरातललाई उन्नत बनाउन योगदान दिएका छन् ।

## 3=3=1=52 पशुपतिनाथ तिमल्सेना

पशुपतिनाथ तिमल्सेनाको जन्म वि.सं. २०१३ साल आश्विन १६ गते चन्द्रेश्वर - ७ दुराडाँडामा भएको हो। उनका बाबुको नाम चन्द्रकान्त तिमल्सेना र आमाको नाम देवकी तिमल्सेना हो। सर्वोदय हाइस्कुल दुराडाँडा, लमजुङबाट एस्.एल्.सी. पास गरी पोखरा छिरेका तिमल्सेनाले एम्.ए. (नेपाली) को योग्यता प्राप्त गरेपछि २०४२ वैशाखदेखि २०४७ फागुनसम्म महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्ज र २०४७ चैत्रदेखि पृथ्वीनारायण क्याम्पस पोखरामा अध्यापन गरिरहेको पाइन्छ। जनकवि युद्धप्रसाद मिश्रका कविताको विश्लेषण विषयमा विद्यावारिधी गरेका तिमल्सेना हाल सहप्राध्यापक भै प्राध्यापनका साथसाथै समालोचनात्मक लेखनतर्फ लागेर आफूलाई समालोचकका रूपमा चिनाउन पनि प्रयात्नशील देखिन्छन् ।

पशुपतिनाथ तिमल्सेना नेपाल बुद्धिजीवी परिषद्, प्रगतिशील प्राध्यापक सङ्घ, पृथ्वीनारायण क्याम्पस, प्रगतिशील लेखक सङ्घ, जनजागृति साहित्यिक परिषद्, नेपाली लोकवार्ता तथा लोक संस्कृति, गोकुल साहित्य पुरस्कार तथा गण्डकी साहित्य पुरस्कार जस्ता बौद्धिक एवम् साहित्यिक सङ्घ संस्थासँग संलग्न रहेका छन् ।

उनले पुऱ्याएको साहित्यिक योगदानको कदर गरेर गण्डकी साहित्यसङ्गम पोखराद्वारा आदर पत्र, २०५१, युद्धप्रसाद मिश्र प्रतिष्ठान भक्तपुरद्वारा सम्मान् २०६४, प्रदान गरिएको छ। बृहद् प्रतियोगितात्मक कवि सम्मेलन पोखराद्वारा आदरपत्र २०५५, भानुजयन्ती कविता प्रतियोगिता पोखराद्वारा आदर-पत्र २०५६, आधारभूत पत्रकारिता तालिम पोखराद्वारा सम्मान पत्र २०५६, खुला कविता प्रतियोगिता पोखराद्वारा आदर-पत्र २०५७, युद्धप्रसाद स्मृति पुरस्कार २०५५ द्वारा उनी सम्मानित भएको देखिन्छ ।

कार्यपत्र लेखनमा पनि तिमल्सेनाको सहभागिता देखिन्छ। पोखरालाई आधार क्षेत्र बनाएर उनले २०५३ देखि २०६३ सम्मको एक दशक अवधिमा आधा दर्जन जति विशेष कार्यपत्रहरू तयार पारी प्रस्तुत गरेको पाइन्छ ।

२०३५ सालदेखि लेखन कार्यमा लागेका तिमल्सेनाका समालोचना, वैचारिक एवम् व्यङ्ग्यात्मक गरी आठ दर्जन बढी लेख तथा केही कविताहरू प्रकाशित भएका देखिन्छन्।

उनका प्रकाशित कृतिहरू निम्नानुसार रहेका छन् :

1. प्रगतिवादी कविता : मान्यता र प्रवृत्ति
2. स्वच्छन्दवादी कविता : मान्यता र प्रवृत्ति
3. युद्धप्रसाद मिश्रको जीवनयात्रा र काव्यात्मक मान्यता
4. युद्धप्रसाद मिश्रको कवितायात्राको विकासक्रम
5. युद्धप्रसाद मिश्रको कविताको विश्लेषण

तिमल्सेनाकै सम्पादनमा नेपालगञ्जमा 'चिप्लेटी' नामक आवधिक पत्रिका प्रकाशित भएको छ। यस्तै पोखरामा 'लमजुङ - सङ्गम' र 'निरूपण' का केही अङ्कहरू पनि उनीबाट सम्पादन भएका छन्। प्राज्ञमञ्च (२०५४), घोषण (२०५८), लालुपाते (२०५७), मार्क्सवादपूर्वको दार्शनिक विकास (२०५१) जस्ता पत्रिकाको सम्पादक तथा सम्पादक निर्देशक भएर काम पनि गरेको देखिन्छ। लमजुङका परम्परागत असारे लोकगीतको विश्लेषण पनि तिमल्सेनाबाट भएको पाइन्छ ।

नेपाली समालोचनाका चौथो चरणको पनि तेस्रो उप-चरण २०४७ देखि यता उदाएका तिमल्सेना समकालीन साहित्यालोचनालाई प्रभाव पार्ने एक प्रगतिवादी विश्लेषक हुन्। मार्क्सवादका आलोकमा यथार्थवादी विश्लेषणमा उनले वल पुऱ्याएका छन् । अहिलेको वहुलवादी उदार वातावरणमा उनका समीक्षात्मक लेखहरू ह्वारह्वार्ती निस्किरहेका पाइन्छन्। आजको उत्तरआधुनिक संरचनावादको केन्द्रवादको बिरोध र बहुलवादी उदारतामा जोड दिएर कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटी बढिरहेको छ । साहित्यमा भाव पक्ष र कला पक्षको अध्ययन विश्लेषण गरी मूल्यस्थापन गरिन्छ । समालोचक तिमल्सेना कृतिको वस्तुपरक, यथार्थपरक, निश्पक्ष र विवेकपूर्ण ढङ्गबाट विश्लेषण र मूल्याङ्कन गर्ने परिपाटीमा अगाडि बढिरहेको कुरा उनका समालोचनात्मक कृति र लेखबाट प्रष्ट हुन आउँछ ।

युद्धप्रसाद मिश्र (१९६४-२०४७) नेपाली साहित्यमा प्रगतिशील चिन्तन भित्र्याउने प्रगतिशील साहित्यकार हुन्। यथास्थितिबाट माथि उठेर नेपाली साहित्यलाई प्रगतिशील दिशातर्फ लम्काउने होनहार श्रष्टा मिश्रको व्यक्तित्त्व, कृतित्त्व र समष्टि जीवनीकै विश्लेषण गरेर अनुसन्धानात्मक कृति दिनु साहित्यकार तिमल्सेनाको कार्य निकै नै महत्त्वपूर्ण देखिन्छ। उनको यस कृतिबाट साहित्यकार युद्धप्रसाद मिश्रको वहुआयामिक व्यक्तित्वलाई प्रकाश पारेको पाइन्छ ।

पशुपतिनाथ तिमल्सेना अध्यवसायी तथा सृजनशील द्रष्टा व्यक्तित्वको रूपमा नै बढी चिनिन थालेको नाम हो। उनले समालोचनात्मक क्षेत्रमा आफ्नो कलम बढी चलाएको पाइन्छ। सूचनाप्रद सामग्री, वस्तुपरक वर्णन, खोजमूलक र विश्लेषणपरक लेखको रूपमा समालोचनात्मक कृति र लेखहरू नेपाली साहित्यमा दिएर समालोचनात्मक क्षेत्रमा उनले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको देखिन्छ। जनपक्षीय प्रगतिशील लेखनलाई मध्यनजर

राखेर लेखिने उनका लेखहरू निकै विश्लेषणात्मक देखिन्छन्। नेपाली साहित्यको समालोचनाको क्षेत्रमा तिमल्सेनाको नाम स्थापित भइसकेको छ । कृतिको भाव र कला दुवै पक्षको अध्ययन विश्लेषण गरी मूल्य निर्धारण गर्न वस्तुपरक, निष्पक्ष र विवेकपूर्ण ढङ्गबाट समीक्षक तिममल्सेनाको कलम गतिशील ढङ्गले अगाडि बढेको पाइन्छ ।

लमजुङसँग उनको सम्बन्ध जोडेर हेर्दा लमजुङको साहित्य विकासमा उनको पनि महत्त्वपूर्ण स्थान रहन गएको देखिन्छ भने नेपाली समालोचना साहित्यको विकासमा तिमल्सेनाको माध्यमबाट लमजुङ जिल्लाको योगदान पनि महत्त्वपूर्ण रहेको सावित हुन आउँछ । समालोचनाको क्षेत्रमा दिनानुदिन खारिदै देखापरेका तिमल्सेनाको भविष्य समुज्वल देखिन्छ ।

## 3-3-1-53 मुकुन्द 'पथिक'

मुकुन्द 'पथिक' को जन्म २०१५ फागुन ५ गते रम्घा, लमजुङमा भएको हो। उनी नेत्रराज वाग्ले र विष्णुमाया वाग्लेका छोरा हुन्। ईशानेश्वर माध्यमिक विद्यालय (हाल क्याम्पस समेत) मा पढेर २०३१ सालमा एस्.एल्.सी. पास गरेका वाग्लेले एम्.ए. सम्मको योग्यता हासिल गरीसकेका छन्। हाल विश्वभाषा क्याम्पसमा सहक्याम्पस प्रमुख रहेका पथिक विभिन्न सामाजिक संस्थामा पनि आबद्ध भएका देखिन्छन्। नेपाल एस्पेरान्तो सङ्घ, युनिभर्सल सेवा केन्द्र, भविष्यको लागि साथीहरूको समूह, नेपाल-जापान मैत्री तथा साँस्कृतिक सङ्घ, भानु प्रतिष्ठान, मर्स्याङ्दी प्रतिष्ठानमा पथिकको सम्लग्नता रहेको पाइन्छ। अन्नपूर्ण पुस्तकालय समिभञ्ज्याङ लमजुङबाट निस्केको 'भञ्ज्याङ' पत्रिकामा सम्पादक रहेर पनि उनले साहित्यिक योगदान दिएको पाइन्छ ।

मिलनसार, उदार र हँसिलो स्वभावका पथिकले युरोप तथा एशिया महादेशका विभिन्न देशमा भ्रमण गरी आफ्नो नामलाई पनि सार्थक तुल्याएको पाइन्छ। विभिन्न पुरस्कारहरूबाट पनि उनी सम्मानित देखिन्छन्। लोकतन्त्र स्थापनार्थ जनआन्दोलनमा विशेष योगदान पुऱ्याए वापत त्रि.वि. प्राध्याक सङ्घ, पद्मकन्या वहुमुखी क्याम्पस इकाई तथा लोक तान्त्रिक जनआन्दोलन संयुक्त सङ्घर्ष समिति बनस्थलीबाट सम्मान-पत्रसमेत पथिकले प्राप्त गरेका छन् ।

स्कुलले जीवनदेखि नै साहित्यमा रुचि देखाएका पथिकले देशविदेशको यात्रामात्र होइन साहित्यिक यात्रा पनि तय गरेर 'वसन्तका फूलहरू', 'आँसुको झरी' तथा 'चैतको हुरी' गीत सङ्ग्रह प्रकाशित गराएका छन्। विदेशीहरूको लागि पनि उनले पुस्तक लेखेका छन्। 'बगैचाका फूलहरू' (बालगीतको संगालो) प्रकाशोन्मुख देखिन्छ। विभिन्न पत्रपत्रिकामा गीत, कविता र अनुसन्धानात्मक लेखहरू प्रकाशित गराएका पथिकका गीत र भजनहरू रेडियो, टेलिभिजन र चलचित्रमा समेत प्रसारित भएका छन्।

**वसन्तका फूलहरू –** 'वसन्तका फूलहरू' (२०६३) नामक गीति-सङ्ग्रहका गीतहरू लोकगीतको शैलीमा लेखिएको पाइन्छ। त्यसैले उनका गीतहरू भाका हालेर गाउन सकिने खालका छन्। उनका गीतमा प्रेम भावनाको प्रवलता पाइन्छ। तर यसका साथै समसामयिक दुःखद एवम् विकृत स्थितिलाई पनि गीतकारले आफ्नो विषयवस्तु बनाएको पाइन्छ। प्राकृतिक सुन्दरतालाई छोएर गीत पनि सुन्दर बनेका छन्, अमरप्रेमलाई छोएर गीत रसदार बनेका छन्। गीतहरू सुख दुःख, घामछायाका अनेक पाटाहरूमा प्रवाहित भएर वगेका पाइन्छन्। वसन्तका फूलहरू भित्रको सानो फूल यहाँ उपहार स्वरूप राखिएको छ, जुन ग्रहण योग्य छ।

**केटा –** हृदयभित्र भुइँचालो जान्छ सम्हाल मलाई
टेक्ने-समाउने ठाउँ नै छैन, बचाऊ मलाई।

**केटी –** पृथ्वी हुँ म उपभोग गर, राम्ररी मलाई
आकाश नीलो भएर तिमी, हँसाऊ मलाई।

**आँसुको झरी' –** 'आँसुको झरी' (२०६३) कवि पथिकको अर्को शोक गीति काव्य हो। आफ्ना प्रिय बुबालाई गुमाउदा परेको आँसुको झरीको सम्झना आफैलाई याद दिलाउन यो शोक गीति काव्य आएको पाइन्छ। बाबुसँग भोगेका सुखद तथा दुःखद क्षणहरूलाई कविले सरल र सरसढङ्गले प्रस्तुत गरेको पाइन्छ।

**चैतको हुरी –** 'चैतको हुरी' ०६४ सालमा प्रकाशित गीत सङ्ग्रह हो। याम त्यही हो चैत बैशाख तर गीतकार कहिले त्यही मासलाई 'वसन्तका फूलहरू' मा पाउँछन् त कहिले 'चैते हुरी' मा पाउँछन्। सुख दुःख सायद एक अर्काका पूरक पनि हुन्। यसै सिलसिलामा आएको यस गीति सङ्ग्रहमा जीवनको भोगाइमा प्रेममा धोका पाएका प्रेमी प्रेमिकाहरूको मनको वह पोखिएको पाइन्छ। प्रेमको लहरमा जोडिएका प्रेमीहरूको न्यानो मिलनको आभास पनि पाइन्छ। विवाहको अवसरमा बर बधुबाट विमोचित 'पथिक' को यो गीत सङ्ग्रहले चैतको हुरी मात्र होइन प्रेमको हुरी पनि बोकेर आएको छ। मिलन र वियोगमात्र होइन देश प्रेमको भाव पनि यसमा अभिव्यक्त भएको पाइन्छ। नेपालका प्रतीकका रूपमा रहेका सगरमाथा, लालीगुराँस, बुद्धका आँखा, डाँफे मुनाल, राष्ट्रिय झण्डा जस्ता विषयहरूमा कविले भावनाको उचाई थपेका छन्।

गीतकार पथिकका गीतहरू श्रृङ्गारिक छन्, वियोगान्तक छन् र व्यङ्ग्य प्रधान भएर पनि रहेका छन्। विभिन्न स्वाद र रङका यी गीतहरूले कृतिमा अनेक विशेषताहरू थपेका पाइन्छन्। यसरी कवि पथिकले लमजुङको जन्मथलोबाट राजधानीलाई कर्मथलो बनाइ बसेर पनि लमजुङको साहित्यिक धरातललाई माथि उठाउन प्रशस्त योगदान दिएको पाइन्छ।

गीतिक्षेत्रमा उनले पुऱ्याएको योगदान नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण सावित हुँदै गएको पनि पाइन्छ ।

## 3=3=1=54 पुष्पलता आचार्य

पुष्पलता आचार्यको जन्म लमजुङ जिल्लाको रम्घा गाउँमा आज भन्दा पचास वर्ष पहिले २०१५ साल चैत्र ११ मा भएको हो। उनका बाबुको नाम रघुनाथ न्यौपाने र आमाको नाम देवी न्यौपाने हो। न्यौपानेकी छोरी भएर पनि १७/१८ वर्षको उमेरमा तनहुँ बन्दीपुरका आत्माराम आचार्यसँग दाम्पत्य जीवनमा बाँधिए पछि आचार्य बन्न पुगेकी कुरा स्वयम् पुष्पलता बताउँछिन् ।

स्थानीय शान्ति प्रा.वि. सिसाघाटबाट प्राइमरी शिक्षा लिएकी पुष्पलताले मालिका मिडिल स्कुल दुईपिप्लेबाट आठ कक्षासम्म शिक्षा लिएकी हुन्। वैवाहिक जीवनमा बाँधिएका कारणले बन्दीपुरबाट टेष्ट परीक्षा दिएकी पुष्पलताको त्यसपछिको शिक्षा भने रोकिएको कुरा स्वयम् बताउँछिन्। एक छोरा र एक छोरीकी आमा पुष्पलता कर्मघर तनहुँ बन्दीपुरबाट २०३७ साल देखिचाहिँ काठमाडौँको नयाँवानेश्वर, शान्तिनगरमा बस्दै आएकी छन्। आफ्ना आत्मारामलाई २०५८ मा गुमाए पनि आफ्नो शृङ्गारलाई सजाइराखेर सौभाग्य कायम राखेकी पुष्पलताले शोक र सङ्घर्षका माध्यमबाट बिधुवाले सेतो पहिरनमा रहनु पर्ने शताब्दीयौदेखि चल्दै आएको परम्परागत प्रथालाई तोडेकी छन् । रुढीवादी परम्परा र कुसंस्कृति बिरुद्ध उभिएर एउटा साहसिक यात्राको सुनौलो शुभारम्भ गरेकी छन् । गोरी, हँसमुख भएकी पुष्पलता सुन्दरताको प्रतीक बनेर देखिएकी छिन् । अनि समाजका लागि मार्ग दर्शक एवम् सुधारक बनेर पनि देखिएकी छन् ।

समाज सेवा, साहित्य, धर्म र संस्कृतिमा रुचि भएकी पुष्लताले आफ्नो कार्यक्षेत्र पनि साहित्य साधना एवम् समाज सेवा बनाएकी छन्। एशिया महादेशका केही राष्ट्रको सद्भावना भ्रमण गरिसकेकी पुष्पलताले १२ देशहरूको भ्रमण गरिसकेकी छन् । उनी भ्रमणलाई आनन्द प्राप्तिका रूपमा लिने गर्दछिन् ।

आफ्नै जीवनका उकाली ओरालीका भोगाइबाट लेख्न अभिप्रेरित भएको बताउने पुष्पलताले ६/७ कक्षा पढ्दा गीतहरू लेखेकी भएता पनि २०५१ सालबाट लेखनीको क्षेत्रमा उत्रेकी देखिन्छिन्। 'सागर सन्ध्या' आधुनिक गीत सङ्ग्रह २०५१ सालमा प्रकाशन गरेपछि उनक कृतिहरू ह्वारह्वार्ती निस्केका पाइन्छन्। कविता, कथा, उपन्यास, गीत, भजन, यात्रा संस्मरण, काव्य, खण्डकाव्य गरी ४२ ओटा उनका कृतिहरू प्रकाशमा आइसकेका छन्। यस परिप्रेक्षमा हेर्दा पुष्पलताको (काव्यिक) उत्पादन क्षमता निकै उर्वर देखिन्छ । स्वयम् लेखिका पुष्पलताबारे लेखिएका कृतिहरू पनि ३० ओटा देखिन्छन्। पुष्पलतालाई काव्यको नायिका बनाएर दुईवटा महाकाव्य कृतिहरू पनि प्रकाशमा आएका छन् । १८ पर्वमा विभाजित भएर बृहत आकारमा 'पुष्पलता' महाकाव्य (२०६४) कवि माधव वियोगीद्वारा आएको छ भने अर्को

‘आदर्श पुष्पा’ (२०६४) महाकाव्य छन्दिका घिमिरेबाट प्रकाशमा आएको छ । बीस वर्षे छन्दिका कवि माधव ‘वियोगी’ की सुपुत्री हुन् । यी कवि र कवयित्री बाबुछोरीले पुष्पलतालाई राम्ररी चिनेका रहेछन् । यही चिनजानबाट दुईवटा महाकाव्य जन्मेका छन् । आफ्नी आमाको बारेमा लेखिएको महाकाव्यहरू छाप्नेकाम छोरा आनन्द दीप र बुहारी क्यारोलले गरेका छन् । आफ्नै नामबाट पुष्पलता प्रकाशन प्रा.लि. स्थापना गरेपछि २०५९ सालदेखि २०६४ कार्तिक मसान्तसम्म आइपुग्दा ३९ ओटा कृतिहरू यस प्रा.लि. बाट प्रकाशक भएर प्रकाशनमा आएका छन्। विभिन्न ३४ साहित्यिक, सामाजिक, धार्मिक संस्थाहरूसँग आबद्ध भएकी पुष्पलता विभिन्न संस्थाहरूबाट सम्मानित पनि भएका छन्। उनी २०४५ देखि २०६३ सालसम्म आइपुग्दा ३० ओटा विभिन्न सङ्घ संस्थाहरूबाट सम्मानित पनि भएको कुरा उनको व्यक्तिगत विवरणबाट देखिन्छ ।

पहिला रघुनाथ र देवीकी छोरी भएकी पुष्पलता पछि रम्घाका छोरी र झन पछि आएर लमजुङकी नै छोरी बनेकी छन् । यी छोरी खुब मनकारी पनि देखिन्छिन् । रम्घाको भैरवकाली उ.मा.वि. लाई १५ लाख रूपैयाँ चन्दा दिएर पुष्पलता बहुमुखी क्याम्पस बनाइ २०६४ माघ ११ मा भव्य अभिनन्दनका साथ उक्त क्याम्पसको उद्घाटन उनैबाट भएको छ । लक्ष्मीनारायण सामुदायिक पुस्तकालयलाई रु. १ लाख चन्दा प्रदान गरेर उनी २०६४/०३/३० मा सम्मानित भएकी छन् । यसरी सामाजिकरूपले पनि पुष्पलता प्रतिष्ठित भएकी छन् ।

पुष्पलता आचार्य नेपाली कविता, गीत, कथा र उपन्यासमा चर्चित नाम हो। कैयौं कृतिहरूको सिर्जना र प्रकाशनद्वारा, पुष्पलता भित्रको चमत्कारपूर्ण कवयित्री प्रतिभा देखिन्छ। ‘सपनाका बोझहरू’, म, मृत्य र आकाश, एक्लो यात्री, बिरानु टापु उनका कविता (कृति) सङ्ग्रह हुन्। प्रेम, मिलन र विछोडका भावात्मक आरोह अवरोह उनका कविताकृतिमा पाइन्छ ।

उनका गीत लोकगीतहरूको सङ्ग्रह हुन् : सगर, सन्ध्या, गाउँको माझ, आमाको काख, समयको हुरी, दौंतरी गीत सँगालो, यात्रा र ठेसहरू, मनको घाउ, लोक सुसेली, अर्को घाउ, पोखिएका खुसीहरू। यी गीतहरूमा पनि प्रेम, मिलन, बिछोडका प्रसङ्गहरू नै बढी पाइन्छन्। उनका गीतहरूमा नयाँनयाँ प्रयोगको सुन्दर सरस र सुकोमल संरचना भेटिन्छ। सरलता, स्पष्टता, सुन्दरता, आत्मियता, उदारतामा रम्न चाहने गीतकार पुष्पलता जस्तै छन् उनका गीति पुष्पहरू। छोटो जीवनलाई कस्न भन्दा खुकुलो, छरितो, नवीन र रम्य बनाउन उनका गीतहरू गुन्गुनाएका देखिन्छन् । अञ्जुली (२०५१), हरिद्वार (२०५६) सबका मालिक एक (२०६५ वैशाख) भजन सङ्ग्रह हुन् । बाल-साहित्यको क्षेत्रमा पनि उनको कलम बेजोडसँग चलेको पाइन्छ । फट्याङ्ग्राको कविगोष्ठी (बाल-कथा सङ्ग्रह) २०६१ देखि ‘चरी’ बाल-काव्य (२०६३) सम्म आइपुग्दा उनले आठबटा बाल-साहित्यिक कृति जन्माइसकेकी छन्। यी बाल-साहित्यिक कृतिहरू बाल-सुलभ छन् । यी कृतिहरू पढेर बालबालिका रत्तिने

देखिन्छन् । बालबालिकाहरूको मनोवललाई उच्च बनाउने खालका छन् ।

मादीकी पूर्णिमा, लामो अन्तराल पछि, रोजी, जयन्ती नियोग बैङ्क उपन्यासहरू हेर्दा लेखिकाकै जीवन ओरीपरिका घटनामा उनिएका कथानक जस्ता लाग्दछन्। संसारलाई प्रेममय संसार देख्न रुचाउने उपन्यासकारले नवीनचेतना पनि प्रवाहित गरेको देखिन्छ। कथा, पत्र सन्देश, एस्.एम्.एस्. काव्य आदि नयाँनयाँ परिकार पस्केर नेपाली साहित्यमा बाँडेकी पुष्पलताको साहित्यिक योगदान महत्त्वपूर्ण देखिन्छ। उनको जन्मस्थलो लमजुङलाई उनीसँग जोडेर हेर्दा लमजुङको सिङ्गो साहित्य गौरवान्वित बन्न पुगेको छ ।

## 3=3=1=55 लालबहादुर भुजेल

लालवहादुर भुजेलको जन्म लमजुङ जिल्लाको दुराडाँडा, पोखरीटाउकामा वि.सं. २०१२ आषाढ १ मा भएको हो। बाबु पूर्णवहादुर भुजेल र आमा कृष्णमाया भुजेलको पालन पोषणबाट हुर्केका भुजेलले स्थानीय सर्वोदय हाइस्कुलमा पढेर २०२८ सालको एस्.एल्.सी. परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेका हुन्। बाबु आमाले अनेक दुःख गरी उनलाई पढाएको खेर गएन। लगनशील, अनुशासित र मेहनती छात्र लालवहादुर भुजेलले आफ्नो उच्च शिक्षाको धोको इन्जिनियर बनेर पूरा गरेका छन्। अहिले एम.इ. अनर्ससम्मको योग्यता हासिल गरिसकेका भुजेलले वि.सं. २०५४ देखि जलस्रोत मन्त्रालयमा स्थायी सेवामा प्रवेश गरी बरिष्ट डिभिजनल इन्जिनियरको पदमा सेवारत देखिन्छन् ।

साहित्यप्रति विद्यार्थी अवस्थादेखि नै आकर्षित भुजेल पेसाले इन्जिनियर भए पनि हृदयले उनी साहित्यकार हुन्। उनको केही जनविद्युतसँग सम्बन्धित कृतिका साथ साहित्यिक कृतिहरूमा 'नियात्रा सङ्ग्रह' (२०६२), 'पराकाष्टा' (हाइकु सङ्ग्रह, २०६३), अकर्मण्यता (ताङ्का सङ्ग्रह, २०६४) र 'परिवेश' (कविता सङ्ग्रह, २०६५) रहेका छन्।

**पराकाष्ठा –** उनको हाइकु सङ्ग्रह 'पराकाष्ठा' २०६३ सालमा सर्वदा वाङ्मय प्रतिष्ठानले प्रकाशमा ल्याएको छ। करिव ५०० जति हाइकुको सङ्ग्रह 'पराकाष्ठा' हाइकुको क्षेत्रमा उल्लेखनीय कृति मानिन्छ। अनुप्रास, लय मिलेका उनका हाइकुलाई हाइकुका ज्ञाताका रूपमा प्रसिद्धि कमाएका क्षेत्रप्रताप अधिकारी, पुष्कर लोहनीले समेत प्रशंसा गरेका छन्। प्रकृतिको बिम्बसमेत एक हरफमा उतारेर मानवीय जीवनसँग सम्बन्ध जोडी अत्यन्त सटिक ढङ्गले भावमय हाइकु सिर्जना गर्नु उनका हाइकुका विशेषताहरू हुन् । यहाँ उनका हाइकुका केही छोटा हारहरू छन् ।

| | | |
|---|---|---|
| लाहुरे फूल | बढुवा नीति | पजेरो भेष |
| रातोपिरो मायालु | सर्वत्र कृपावाद | आलिशान महल |
| मुटुमा सूल | व्यप्त विकृति ! | जर्जर देश । |

लालबहादुर भुजेलका हाइकु अनुप्रास मिलेका हुँदा लय मिलाएर गाउन पनि उपयुक्त देखिन्छन्। अनुप्रास मिलेकाले नै साङ्गीतिक झङ्कार पनि झङ्कृत भएको पाइन्छ ।

राष्ट्रियस्तरका विभिन्न निबन्ध प्रतियोगितामा पुरस्कृत भुजेलले सरकारी तवरबाट प्रदान गरिने पदक समेत प्राप्त गरेको देखिन्छ । मुख्यतः लालवहादुर भुजेलले नेपाली साहित्यमा जापानी छन्द हाइकुलाई लय र अनुप्राससमेत मिलाई अत्यन्त प्रभावशालीढङ्गले नेपाली साहित्यमा प्रस्तुत गरेका छन्। उनको यस किसिमको साहित्यिक योगदानमा लामजुङ गौरवान्वित बनेको देखिन्छ ।

## 3-3-1-56 प्रेमशाली घिमिरे

प्रेमशाली घिमिरेको जन्म लमजुङ जिल्लाको ईशानेश्वर गा.वि.स. करापुटार चिसङ्कुमा २०२१ साल आश्विन २० गते भएको हो। बाबु पूण्यशाली घिमिरे र आमा भगवती घिमिरेका जेठा छोरा प्रेमशालीको लालनपालन, साधरण शिक्षादीक्षा, आफ्ना हजुरबा धर्मशाली घिमिरे र हजुरआमा तुलसी घिमिरेको न्यानो काखमा भएको हो। घरको प्रारम्भिक शिक्षापछि उनी केही समय मामाघर गोर्जे, कास्की समेत पढ्न पुगे पनि आखिर ईशानेश्वर (उच्च) मा.वि. भोर्लेटारबाट शिक्षा लिदै २०३९ सालमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेका हुन्। प्रेमशालीले हाल बी.ए. सम्मको आफ्नो योग्यता बनाएर व्यापार व्यवसायमा संलग्न देखिन्छन्। व्यापार व्यवसायको दौरानमा प्रेमशालीले कामका लागि क्यानडामा पाँच वर्ष बिताएका पनि छन् ।

सानोमा मामाघर गोर्जेमा केही समय पढ्न पुग्दा मामा देवीप्रसाद रेग्मी, प्र.अ. रविलाल अधिकारीबाट प्रभावित प्रेमशालीको कवितामा प्रेम जागेको थियो। कामका लागि क्यानडामा रहदा मोन्ट्रियालको सेन्ट लरेन्स नदीका तरङ्गले उनका मनका तरङ्गहरू जगाइ दिए। यता नेपालबाट भाइ शक्तिशाली घिमिरेले दाइ प्रेमशालीबाट कविता मागिरहे। यसरी उनको कविता लेखनमा तिब्रता आयो र उनको कविता सङ्ग्रह 'मनका तरङ्गहरू' २०६४ सालमा प्रकाशमा आएको छ ।यस कविता सङ्ग्रह पछि उनी आफैले 'पिता' उपन्यास लेख्न र प्रकाशन गर्न तम्सिएको कुरा पनि जनाउँदछन्।

**मनका तरङ्गहरू** – 'मनका तरङ्गहरू' ले स्वदेश छोडेर विदेशमा बस्दा उब्जेका कविका मनका तरङ्गहरूलाई प्रकाशित गरेको छ। दसवटा गद्य कविता, दुईवटा पद्य कविता र एउटा बाल कविता रहेको यस सङ्ग्रहमा शैली र कला पक्षभन्दा नवीन भाव पक्ष प्रवल देखिन्छ। उनका मझौला कदमा देखिने कविताहरू प्रायः कविता पढिसकेपछि अर्थ खुल्ने किसिमका छन्। कविताहरू वर्णनीय छन्। गाउँको सजीव वर्णन गर्न उनले शार्दूलविक्रीडित छन्दलाई छोएका छन् । छन्दमा कविता माझिने ठाउँहरू देखिए पनि सुरुकै छिमलमा यति राम्रा चिचिला देखिनु शुभ सङ्केत भएको पाइन्छ ।

हजारौँ दिन र रातहरूको
लाग्छ
सिङ्गो पिरामिड झैँ हुन्
मेरो जीवन कथाहरू ।

(मनका तरङ्गहरू : १)

दुई ध्रुवको भूगोलको तुलना छ, मान्छे मान्छे बीचको भिन्नताको दूरीको आकलन छ। कवितामा कविको आफ्नै जीवनका कथा व्यथाको छाया पनि भेटिन्छ। बाल-कवितामा कविले मान्छेलाई चेतनाको हतियार भनी नौल्याइँ देखाएका छन् ।

यसरी युवा कवि प्रेमशालीले नेपाली साहित्यलाई नवीन कल्पना र चिन्तनले युक्त भएको कविता सङ्ग्रह दिई नवीन गुण लगाएका छन्। लमजुङसँगको जन्मस्थानको नाताले हेर्दा उनको योगदानमा सिङ्गो लम्जुङे साहित्य गौरवान्वित बनेको छ ।

## 3-3-1-57 श्रीकृष्ण न्यौपाने

श्रीकृष्ण न्यौपानेको जन्म वि.सं २०२२ साल चैत्र १६ गते लमजुङको बोराङ गाउँमा भएको हो। हुन त उनका बाबु मेजर टेकबहादुर न्यौपाने र आमा दानमाया थापा (न्यौपाने) भारतीय शैनिक तालिम केन्द्र डिमापुर, भारतमा रहदा नै उनको जन्म भएको हो। महेन्द्र प्रा.वि. बोराङबाट पढ्न सुरु गरी बुद्धमिलन मा.वि. प्याराजुङबाट एस्.एल्.सी पास गरेका श्रीकृष्ण एस्.एल्.सी समुत्तीर्ण गरेपछि नै बुद्धमिलन मा.वि. मा शिक्षक भै शिक्षण पेसामा प्रवेश गरेका हुन् ।

प्राथमिक विद्यालय पढ्दादेखि नै गीत र कवितामा रुचि राख्ने श्रीकृष्णमा बाबुले गाउने गरेका रामायाणका लयात्मक स्वरको छाप परेको पाइन्छ। आफ्नो सुरिलो लोक भाका रेडियो नेपालबाट समेत घन्काएका लोककवि न्यौपाने आफ्नो जीवनमा शिक्षक पशुपतिनाथ न्यौपाने, शिक्षक विजयराज न्यौपाने र प्र.अ. गोविन्दवहादुर कुँवरको प्रभाव पनि कविता लेखनमा परेको स्वीकार्दछन्। जीउको उचाइमा प्रतिभाको उचाइ पनि उनको उठ्दो छ। उनका प्रतिभाका प्रमाणका रूपमा रहेका कृतिहरू निम्न देखिन्छन् ।

1. 'छली' भाग - १

**छली भाग - १ –** 'छली' भाग - १ लघु खण्डकाव्य हो, जुन २०४८ सालमा प्रकाशित भएको छ। 'छली' लाई लघु सामाजिक काव्यको रूपमा देख्न सकिन्छ । ग्रामीण सरल जीवनको छाया यसमा भेट्न सकिन्छ । भावात्मक भन्दा पनि बढी विवरणात्मक एवम् वर्णनात्मक प्रकाशित काव्यको रूपमा आएको यो जेठो कृति हो कवि न्यौपानेको ।

उनका अप्रकाशित कृतिहरू :

1. मौसमी (लघु काव्य)
2. रजनी निवास भेट (खण्डकाव्य)
3. सानु संसार (बृहत् काव्य)
4. रातो बाघ (ऐतिहासिक खण्डकाव्य)

यी अप्रकाशित ४ खण्डकाव्यहरू लमजुङका स्थानीय पत्रिकामा धारावाहिक रूपले प्रकाशित हुँदै आएका देखिन्छन्। त्यस्तै 'कुरा साँचो छ' लोक गीत अल्वम निस्केको छ भने रेडियो नेपालमा लोक गीतहरू रेकर्ड पनि भएका छन् ।

श्रीकृष्ण न्यौपाने कर्मले शिक्षक हुन् भने हृदयले साहित्यकार हुन्। थोरै बोल्ने र धेरै लेख्ने श्रष्टा हुन्। एक सचेत नागरिकका हैसियतले सत्य पथका पथिक देखिन्छन्। लमजुङका कन्दरामा फुलेर उज्यालो छर्ने एकान्त तपस्वी पनि हुन्। उनले आफ्नो सुरिलो स्वरलाई राष्ट्रिय स्तरमै फिजाएका छन् भने लेखनका दृष्टिले पनि उदयमान देखिन्छन्।

कवि श्रीकृष्ण न्यौपानेका काव्यहरू वर्णमात्रिक छन्दमा रहेका छन्। शार्दूलबिक्रीडित छन्द लगायत अन्य छन्दलाई पनि आफ्नो प्रिय छन्दको रूपमा उनले छमछम नचाएको पाइन्छ। 'छली' लघु काव्य लगायत अन्य काव्यमा प्राकृतिक मनोरम वर्णन, देशभक्तिको उच्च गायन, सेवा भावको पूजन, मानवताको चुम्बन पाइन्छ । श्रीकृष्णका यिनै काव्यिक विशेषता पनि हुन्। सरल र स्वच्छ हृदयको छाप उनका कवितामा भेटिन्छ। रातो बाघ उनको अन्तिम र विशेष उल्लेखनीय ऐतिहासिक खण्डकाव्य हो। यसमा उनले एकातिर मोज मस्ती र अर्कोतिर सास्तीपूर्ण जीवनोवस्थालाई समाजिक विडम्बनाको रूपमा हेरेका छन् । यस्ता भिन्न चरित्रका  दुई पाटालाई देखाएर त्यो भेद हटाउने चेष्टासमेत गरेको पाइन्छ। भावमा निख्खरता, सुस्पष्टता बढ्न खाँचो देखिन्छ। कलात्मकताको छनक भने उनको काव्यमा छाँटिदै आएको पाइन्छ ।

लमजुङमा जन्मस्थल र कर्मस्थल पनि बनाइ बसेका कवि श्रीकृष्ण न्यौपानेले लमजुङको साहित्यिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ। लमजुङेली साहित्यको माध्यमबाट उनले नेपाली साहित्यलाई पुऱ्याएको योगदानसमेत महत्त्वपूर्ण देखिन्छ ।

### 3:3:1:58 आनन्द घिमिरे

लमजुङ जिल्लाको ईशानेश्वर गा.वि.स.को करापुटार चिसङ्कुमा २०२३ कार्तिक ४ मा जन्मेका आनन्द घिमिरे हाल बेसीसहरमा बसेका छन्। उनको बाबुको नाम जानुकादत्त र आमाको नाम बसुन्धरा हो। यिनका बाजे नारायणदत्त घिमिरे ठूला पण्डितका रूपमा

त्यतिबेला कहलिएका थिए। घरमै प्रारम्भिक शिक्षा लिएर ईशानेश्वर उच्च मा.वि. भोर्लेटारबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका आनन्दले हाल एम्.ए. सम्मको अध्ययन पूरा गरी मर्स्याङ्दी बहुमुखी क्याम्पस बेसीसहरमा प्राध्यापन पेशामा संलग्न रहेका छन् । अर्कोतिर यिनी भर्खरै उदयी हिमालचुली कला साहित्य प्रतिष्ठानका संस्थापक अध्यक्ष पनि रहेका छन् ।

विद्यार्थी जीवनदेखि नै साहित्यिक वातावरण सिर्जना गर्न उनले स्कुल, घर र गाउँघरमा जोड दिएको पाइन्छ। दसैंको याममा नाटक मञ्चन गरी प्रदर्शन गर्ने कार्यमा डिट्ठा श्रीप्रसाद घिमिरे, रामचन्द्र शास्त्री, केदार काश्यप, मोहनसिं घिमिरे आदिका साथमा यिनी पनि संलग्न भएको देखिन्छ। अन्य अग्रणी साहित्यकारहरूको हारमा स्वयम् आनन्द घिमिरेबाट लेखिएका नाटकसमेत त्यतिबेला मञ्चन भएको पाइन्छ ।

आनन्द घिमिरेका प्रकाशित दुईवटा कृतिहरू छन्, ती हुन् –

1. तीन फूल एकाउन्न क्षेप्यास्त्र (संयुक्त कविता सङ्ग्रह) (२०५१)
2. अस्मिता (अउपन्यास) २०५२

प्रकाशोन्मुख कृतिमा भने, निकै धेरै संख्यामा रहेका देखिन्छन् ।

1. प्रेमको डाह, वनको डढेलो (खण्डकाव्य)
2. आँसु भित्रको जिन्दगी (उपन्यास)
3. प्रतिक्षा (नाटक)
4. विदेश जाने धुनमा (नाटक)
5. सुशीलाको आत्मकथा (नाटक)
6. अन्तिम निर्णय (नाटक)
7. दाँत ढुङ्गा चपाउँदै छ (खण्डकाव्य)
8. अनाम (उपन्यास)
9. जीवनको बालक र हिउँका सूर्य (खण्डकाव्य)

**तीन फूल एकाउन्न क्षेप्यास्त्र** – 'तीन फूल एकाउन्न क्षेप्यास्त्र' संयुक्त कविता सङ्ग्रह हो । यसमा रामचन्द्र 'शास्त्री', केदार 'काश्यप' र स्वयम् कविका कविता समेत गरी ५१ कविताको सङ्ग्रह हो । यसमा उनका १७ ओटा गद्य कविताहरू रहेका छन् । उनका कविताहरूले नवीन विचारधारा प्रस्तुत गरेको पाइन्छ ।

**अस्मिता** – साहित्यिक संसारमा आनन्द 'आँसु' ले चिनिने आनन्द घिमिरेले बालक कालमा निकालेको आँसु अहिले हर्षाश्रुमा बदलिएको हुनुपर्छ तर उनले जनताको आँसुको मोल सदा लेखनीबाट खोजिरहेको पाइन्छ। 'अस्मिता' लाई अउपन्यास भनिए पनि यस उपन्यासमा देशको 'अस्मिता' जोगाउन आँखामा देशभक्ति र

विद्रोहको आँसु झिकिएको पाइन्छ। लमजुङको गद्य कविताको क्षेत्रमा उनको कलम चलिरहेको पाइए पनि नाटक र उपन्यासतर्फ उनको ध्यान बढी केन्द्रित भएको पाइन्छ। विचारोत्तेजक, कल्पनायुक्त ढङ्गले आएको उनको उपन्यास 'अस्मिता' मा संवाद कम र भाषणयुक्त विचारले चाहिँ बढी प्रश्रय पाएको देखिन्छ। नयाँ नेपालको गन्तव्यतर्फ परिलक्षित 'अस्मिता' उपन्यासले प्रगतिवादी क्रान्तिकारी साहित्यको विकासमा थप योगदान दिएको देखिन्छ।

मानव अधिकार तथा शान्ति समाज लमजुङका अध्यक्षसमेत भएका 'आँसु' ले मानव अधिकार तथा शान्तिको पक्षमा साहित्यमा पनि वकालत गरेको पाइन्छ। हिमालचुली कला साहित्य प्रतिष्ठान (२०६४) का अध्यक्ष 'आँसु' ले सङ्गठित ढङ्गले विभिन्न साहित्यिक कार्यक्रम हाँक्दै लमजुङको साहित्यिक विकासमा योगदान थप्दै गरेको पाइन्छ। हालै यस प्रतिष्ठानले बेसीसहरका एक किसानको धानको कुन्यू फोरेर दाइँ हाल्दै कविता लेखन र वाचनसमेत गरेको साहित्यिक कृयाकलाप सगरमाथा टेलिभिजनद्वारा प्रशारण भए पछि यसले नयाँ उर्जा प्राप्त गरेको देखिन्छ । प्रथम पर्यटन साहित्य यात्रा २०६५ ज्येष्ठ १० र ११ गते पुरानकोटमा सञ्चालन, आषाढ पन्ध्र (२०६५) मा सत्रसयफाँट, दुराडाँडामा कृषि कार्यालयसँग समन्वय गरेर रोपाइँ साहित्यतर्फ पनि यसले रुचि देखाएको पाइन्छ । यस्ता कार्यक्रमहरू केवल एकदिनको प्रचारबाजी, देखावटी औपचारिकतामा मात्र सीमित नरही जनतामा नयाँ जागरण, नव निर्माणतर्फ पनि उन्मुख गराउँदै जान सक्ने छ ।

लमजुङमा जन्मेर लमजुङमै रहेर उनले लमजुङे साहित्यको विकासमा पुऱ्याएको योगदान सह्राहनीय देखिन्छ । यस किसिमको लमजुङको साहित्यिक गतिविधिबाट सिङ्गो नेपाली साहित्यको विकासमा समेत यथेष्ट योगदान पुऱ्याएको छ भन्दा दुईमत रहने छैन ।

### 3=3=1=59 तेजनारायण अधिकारी

लमजुङ जिल्लाको भारते गा.वि.स. को वडा नं. ५ लामिस्वाँरामा वि.सं. २०२४ पौष २२ मा जन्मेका तेजनारायण अधिकारीको बाबुको नाम दुर्गाप्रसाद अधिकारी र आमाको नाम दुर्गादेवी अधिकारी हो। सूर्योदय माध्यमिक विद्यालय भारतेबाट प्रारम्भिक शिक्षा हासिल गरी २०४१ सालमा उनी एस्.एल्.सी. उत्तीर्ण भएका हुन्। स्कुलमा पढ्दादेखि नै साहित्य (कविता) तर्फ विशेष रुचि भएका तेजनारायण अधिकारी मर्स्याङ्दी बहुमुखी क्याम्पस बेसीसहरमा पढ्दा पढ्दै लमजुङे युवा साहित्य समाजको संस्थापक अध्यक्ष भएर काम गर्दै आएका छन्। उक्त संस्था २०५१ साल भाद्र २४ गते मर्स्याङ्दी बहुमुखी क्याम्पसमा अध्ययन गर्ने युवा विद्यार्थीहरूको सक्रियतामा स्थापना भएको हो । अहिले उनी पनि प्रौढावस्थातर्फ उन्मुख भएको अवस्थामा लमजुङे युवा साहित्य समाजबाट युवा शब्द झिकी छरितो नाम लमजुङे साहित्य समाज बने पछि अङ्गराज घिमिरेको अध्यक्षतामा नयाँ समिति बनेको पाइन्छ ।

बी.ए. सम्म हाल अध्ययन पूरा गरिसकेका अधिकारी जनविकास मा.वि. बेसीसहरमा

अध्यापनरत छन्। शिक्षण पेसामा संलग्न अधिकारी जिल्लामा अनेक संस्थाहरूमा समेत आबद्ध देखिन्छन् । माधव घिमिरे राष्ट्रिय साहित्य पुरस्कार मूल समितिका संस्थापक अध्यक्ष समेत रहेका तेजनारायण अधिकारी यथानाम निकै चतुर र तेज पनि देखिन्छन्। लक्ष्मीनारायण पुस्तकालय, बेसीसहरको महासचिव, वी.पी. चिन्तन प्रतिष्ठान जिल्ला कार्यसमितिको कोषाध्यक्ष, नेपाल शिक्षक सङ्घ, जिल्ला कार्यसमितिको कोषाध्यक्ष, नेपाल शिक्षक सङ्घ, जिल्ला कार्यसमिति लमजुङको सदस्य, ट्रेडयुनियन काङ्ग्रेस, लमजुङको केन्द्रीय सदस्य, मर्स्याङ्दी बहुमुखी क्याम्पसको आजीवन सदस्य भएर काम गर्दै रहेको पाइन्छ ।

लमजुङे साहित्य समाजको तर्फबाट प्रकाशित मुखपत्र 'काँचुली' पत्रिकाको सम्पादक भएर काम गर्दै आएका तेजनारायण लमजुङ जिल्लाका हरेक साहित्यिक क्रियाकलापमा विभिन्न ढङ्गले सम्लग्न रहदै आएको पनि पाइन्छन्। लमजुङे युवा साहित्य समाजको तर्फबाट उनैको सक्रियतामा २०५३ सालदेखि वार्षिक रूपमा २०६४ सालसम्ममा ४ अङ्क 'काँचुली' प्रकाशन भएर लमजुङको साहित्यिक विकासमा योगदान पुगेको पनि देखिन्छ । 'काँचुली' ले निरन्तर काँचुली फेर्दै नयाँ नयाँ साहित्यिक स्वरूप देखाउँदै आएको पनि छ । यसै संस्थाको माध्यमबाट पहिलो र तेस्रो शुक्रबार 'साहित्य सन्ध्या' कार्यक्रम पनि सञ्चालन भइरहेको छ भने अर्कोतिर सामुदायिक रेडियो मर्स्याङ्दी एफ्.एम्. ९५ मेघाहर्जमा 'साहित्य सरोवर' कार्यक्रम प्रत्येक आइतबार बिहान ७:१५ देखि ७:३० बजेसम्म हुने प्रशारणमा सञ्चालक भएर तेजनारायण अधिकारीले साहित्य र संस्कृतिको क्षेत्रमा पनि योगदान थपेका छन् ।

> **गुरु –** 'गुरु' (नाटक सङ्ग्रह) २०६१ सालमा प्रकाशित भएको हो। यसमा दुई एकाङ्की नाटक र एक लघु नाटक रहेको देखिन्छ। गाउँका साधरण गुरुलाई सहरिया परिवेशमा पुऱ्याएर आफ्नो चेलोसँग भएको भेटघाट र कुराकानीको सहज चित्रण नाटकमा भएको पाइन्छ। कला पक्षलाई भन्दा भाव पक्षलाई नाटकले जोड दिएको पाइन्छ। केदारनाथ गुरुको सहृदयी स्वभाव, चौकिदार धनेको इमान्दारी व्यवहार, चेलो ध्रुवको गुरु प्रतिको श्रद्धाभाव नाटकमा प्रकट गरिएको छ। त्यस्तै अर्को जनआन्दोलनलाई विषय बनाइ गाउँको साधारण चियापसलमा भएको आन्दोलन पक्षधर र विपक्षधरका कुराकानीका माध्यमबाट अग्रगमनतर्फ आस्था प्रकट गर्न खोजिएको छ। 'सुशीलाको भूल' मा परम्परागत महिला पात्रको रूपमा उभ्याइएकी सुशीलाले छोरी पढाउन देखाएको आनाकानीलाई नाटकको घटना बनाइ उक्त शीर्षकलाई चरितार्थ गरिएको छ। सुशीलाले छोरी कान्तीलाई नपढाएर भूल गरेकी थिइन् भने कान्तीले आफ्नी छोरीलाई पढाएर डाक्टर बनाएको देखाइएको छ ।

पेसाले शिक्षक भएका तेजनारायण अधिकारी शिक्षा प्रचारक, समाज-सुधारक र सहृदयले साहित्यकारसमेत देखिन्छन्। उनको सक्रियतामा स्थापित 'लमजुङे साहित्य समाज' को माध्यमबाट लमजुङको साहित्यिक गतिविधि अगाडि बढाउन पहल भइरहेको पाइन्छ। केही वर्षदेखि सुस्ताएर बसेको संस्थाले नयाँ स्वरूप ग्रहण गरेपछि नवीन उर्जा थपिने देखिन्छ ।

लमजुङे युवा साहित्य समाजले स्थापना गरेकै संस्थाको माध्यमबाट माधव घिमिरे साहित्य पुरस्कार, माधव घिमिरे अभिनन्दन जस्ता कार्यक्रमले राष्ट्रिय चर्चासमेत पाएको देखिन्छ। यस हिसावले हेर्दा नेपाली साहित्यको विकासमा उनले लमजुङको माध्यमबाट पुऱ्याएको योगदानलाई कम आँकलन गर्न नमिल्ने देखिन्छ ।

## 3=3=1=60 सुश्री कमला केसी

सुश्री कमला केसीको जन्म वि.सं. २०२५ फाल्गुन २० मा लमजुङको बेसीसहरमा क्या. विष्णुवहादुर केसी र मानकुमारी रावत (केसी) को छोरीको रूपमा भएको हो। उनी एक वर्षकी हुन नपाउँदै आमाको निधन भएकाले चितवन, भेडाबारी मामाघरमा हुर्कन पुगिन्। सायद आफ्नी आमाको ममतामयी काखमा खेल्न, बोल्न र हुर्कन नपाएर होला कम बोल्ने स्वभावकी कमलालाई सानीमाले म्याक्सिम गोर्कीको जीवनी भएका पुस्तक पढ्न दिएर उनलाई क्रियाशील वनाएको पाइन्छ । उक्त कृतिको माध्यमबाट उनले समाजबाट उपेक्षित महिलाको उत्थानतिर लागेकी पाइन्छ। अनेक सङ्घर्षका साथ स्नातक तहसम्म अध्ययन गरेकी कमला बेसीसहरको समाजमा आदर्श दिदीको रूपमा मात्र होइन एक सशक्त साहित्यकार महिलाको रूपमा पनि परिचित भएकी छन्। अविवाहित रहेर समाज सेवा, महिला विकास एवम् साहित्यिक विकासमा जुटेकी कमलालाई एक लगनशील, कर्मठ, प्रगतिशील महिलाको रूपमा पाइन्छ ।

सुश्री कमला केसी विभिन्न सङ्घसंस्थामा संलग्न देखिन्छन्। जीवन निर्वाहका लागि सानो खुद्रा पसल बेसीसहर शेराबजारमा चलाएर बसेकी कमला जनविकास मा.वि. चण्डीडाँडा विद्यालय व्यवस्थापन समितिकी सदस्य रहेकी छन्। 'सेतो गुराँस' बाल विकास संस्थाकी उपाध्यक्ष सुश्री कमला सामुदायिक प्रहरी सेवा, लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, लमजुङ कला प्रतिष्ठानकी आजीवन सदस्य समेत रहेकी छन्। लमजुङे युवा साहित्य समाज र हिमालचुली कला, साहित्य प्रतिष्ठानकी संस्थापक सदस्य रहेकी केसीले साहित्यमा नारीलाई अगाडि बढाउन प्रयत्न गरिरहेको पाइन्छ । "साहित्यकार हुनलाई भने कुनै साहित्यिक संस्थाको पुच्छरै बन्नु पर्छ भन्ने छैन" यो उनको साहित्यिक मान्यता हो । यसबाट उनले सहज प्रतिभा, अभ्यास र साधनालाई जोड दिन खोजेको पाइन्छ।

कृष्ण केसी, भीष्म न्यौपाने, चन्द्रकान्त पौडेल रहेको सम्पादक मण्डलमा कमला केसी पनि रहेर २०५८ सालमा 'चन्द्रज्योति' कविता सङ्ग्रह प्रकाशन भएको छ। शेरा बजारको माझ चौतारामा तत्कालीन प्र.जि.अ. लमजुङबाट लोकार्पण भएको समारोहमा यस कलमकार पनि उपस्थित रहेको थियो। उक्त पत्रिकामा छापिएको एउटा मात्र कवितालाई आपत्ती मानेर आफैले लोकार्पण गरिएको चन्द्र-ज्योतिलाई स्थानीय प्रशासकले नै प्रतिबन्ध लगाएका थिए। प्रतिबन्ध भएको ६ वर्ष पछि पुनः उक्त पत्रिका कमलाकै सक्रियतामा प्रकाशमा आउन लागेको पाइन्छ ।

खुद्रा पसलमा रहेर पनि कलम, कापी र किताब छिरलेर बस्ने कमलाले हालसम्म निम्न कृतिहरू प्रकासमा ल्याएकी छन् ः

1. दियालो (गद्य कविता सङ्ग्रह २०५७)
2. तीजको कोसेली (गीत सङ्ग्रह) २०६१ देखि २०६४ सम्म ४ पटक निरन्तर ।
3. पल्लो घरकी कान्छी (उपन्यास) २०६३

**तीजको कोसेली –** 'तीज' परम्परागत ढङ्गले घर र माइतीको बन्धनमा बाँधिएका महिलाको दुःखेसो पोख्ने चाड हो। साउनभर पहेला, हरिया र राता र तीजभर राता चुरा लगाएर मानिने यही चाडको अवसर पारेर कवयित्री कमलाले शोषित पीडित महिलालाई ४ वर्षसम्म लगातार तीजे गीतको कोसेली लिएर आएको देखिन्छ। महिला माथि भएका दमन उत्पीडन, समाजमा देखिएका पश्चिमेली छाडा संस्कृति, विकृति र विसङ्गतिका बिरुद्ध महिला मुक्ति र जागरणका गीतहरू उनले उमारेको पाइन्छ। रुढीवादी परम्परामा अल्भ्केको समाजलाई प्रगतिशील समाजमा रूपान्तरण गर्न उनको प्रयत्न जारिरहेको देखिन्छ। समाजमा घटिरहेका समसायिक घटनालाई टपक्क टिपेर जनपक्षमा उनले गीत र कवितालाई ढालेको पाइन्छ। हेपिएका, सोसिएका महिलाको आवाजलाई मात्र होइन मजदुर, कुल्ली, हली गोठाला, अन्धा, अपाङ्ग, अशक्तहरूको पक्षमा सशक्त वकालत पनि उनको कृतिमा भएको पाइन्छ । गद्य कविताका साथसाथै उनले छन्दलाई पनि छापामारेर आफ्नो कब्जामा ल्याउन भरमग्दुर प्रयत्न गरेको देखिन्छ । दृढ इच्छाले उठेको उनको छन्दको यो रहर पूरा हुने देखिन्छ। केवल सावधानीपूर्वक प्रतीक्षा गर्नु पर्ने हुन्छ । छन्दमा भर्खर उन्मुख भए पनि कविता छन्द न बन्दको भन्नु पर्ने स्थिति छैन, राम्रै छाँटले छाँटिएका छन् ।

संस्था हौ सब अन्धकार भुटने हौ चन्द्रमा रातकी ।
सारा ज्योति फिजाईद्यौ गगनमा लौ चन्द्रकी रोसनी ।
राख्छौ नाम नि चन्द्रज्योति यसको साहित्यको भावमा ।
लाग्दैछौ अब चन्द्रज्योति पथमा साहित्यको रागमा ॥
(चन्द्र ज्योति ः १)

**दियालो –** 'दियालो' उनको गद्य कविताको सङ्ग्रह हो। दियालो, जुनकिरीलाई प्रतीक बनाएर आफू भित्रको सम्पूर्ण उर्जा पोखेर समाजमा उज्यालो छर्न उनका गद्य कविताले सन्देश दिएको पाइन्छ ।

**पल्लो घरकी कान्छी –** यो सत्य घटनामा आधारित उपन्यास हो। जनयुद्धको क्रममा लमजुङ जिल्लामा घटेका द्वन्दात्मक घटनाको यथार्थ चित्रण यसमा भएको पाइन्छ। पल्लो घरकी कान्छी पवित्रा पौडेल जसले आफ्नो जीवन जनयुद्धमा होमेकी थिइन् तिनैको जीवनीको वास्तविक चित्रण हो 'पल्लो घरकी कान्छी'। लमजुङ

जिल्लामा बोलिने कथ्य भाषा, उखानटुक्का, स्थान र घटना यस उपन्यासमा सजीव ढङ्गले घटेको पाइन्छ। वर्णन तथा विश्लेषणलाई अधिक महत्त्व दिएर लेखिएको यो उपन्यास भाव र कलाका दृष्टिले पनि स्तरीय बन्न पुगेको देखिन्छ।

'लमजुङ जागरण (२०६४), साप्ताहिक पत्रिकाको प्रकाशक एवम् सम्पादक भएर उनले एकातिर लमजुङको पत्रिका क्षेत्रको विकासमा सहयोग पुऱ्याएकी छन् भने अर्कोतिर यसका माध्यमबाट गीत, गजल, कविता, मुक्तक र व्यङ्ग्यात्मक लेखहरू दिएर लमजुङको साहित्यिक विकासमा गतिशील योगदान पुऱ्याएकी छन् । लमजुङमा जन्मेर लमजुङलाई नै कर्मथलो बनाई साहित्य साधनामा अनवरत ढङ्गले लागिपरेकी कमला केसीको योगदान महत्त्वपूर्ण देखिन्छ। पिछडिएका जनजातिलाई माथि उठाउन उनको कलमले सशक्त भूमिका निर्वाह गरेको पाइन्छ। नेपाली साहित्यमै सशक्त नारी हस्ताक्षरको रूपमा देखिन उनले गरेको प्रयास सफलोन्मुख हुँदै गएको देखिन्छ। लमजुङको माध्यमबाट कमला केसीले नेपाली साहित्यलाई पुऱ्याएको योगदान अनुकरणीय उपलब्धिको रूपमा लिन सकिन्छ ।

## 3:3:1:61 विमल पराजुली 'प्रेरित'

विमल पराजुली 'प्रेरित' २०२५ साल आषाढ ८ गते धमिलीकुवा लमजुङमा जन्मेका हुन् । उनका बाबुको नाम मित्रप्रसाद पराजुली र आमाको नाम मैया पराजुली हो । स्थानीय शैलपुत्री मा.वि.बाट एस्.एल्.सी. उत्तीर्ण गरेका 'प्रेरित' हाल बी.ए. सम्मको अध्ययन पूरा गरिसकेका छन् । उनको प्रथम प्रकाशित कृति 'नरौ बालक, देश पनि रुनेछ' कविता सङ्ग्रह २०६१ हो । उनका अप्रकाशित कृति 'विमल प्रेरितका कविताहरू' कविता सङ्ग्रह, 'ओझेलमा परेका धार्मिक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरू' हुन् ।

कवि 'प्रेरित' भित्र कवितामय भाव उकुसमुकुस भएको देखिन्छ । अध्ययन अध्यापनका सिलसिलामा हाल दाङ पुगेका प्रेरित भित्रको भावको एउटा मुस्लो कविता बनेर फुटेको पाइन्छ । समाजमा रहेका अनेक बेमेल वा असमान स्थिति द्वन्द्वात्मक स्थितिले उब्जाएका समस्याहरूलाई राज्यपक्षले समाधान गरेर देशको उज्यालो भविष्य खोज्नु पर्ने मार्गसमेतको सङ्केत उनका कविताले गरेका छन् । यस्तै उनको लीगलीग कोट, धमिलीकुवाको नयाँ पौवा, ठाँटीहरूका सन्दर्भलाई लिएर साँस्कृतिक महत्ता राख्ने लेखहरू समेत लेखेका छन्।

अध्यापन पेसामा सम्लग्न प्रेरितले देशको भविष्यका रूपमा रहेका बालकका अवस्थामा सुधार आए मात्र देश सुधिने छ भन्ने प्रसङ्ग, नरौ बालक देश पनि रुनेछ' कविता सङ्ग्रहमा उठाएका छन् । यसमा २७ ओटा वर्णन प्रधान गद्य कविता रहेका छन् । जन आनदोलनको क्रममा बाबुआमा गुमाएका असहाय निरीह बालबालिकालाई सम्बोधन गरी लेखिएका उनका कविता मनवीय संवेदनाले भावमय छन् । बाल अधिकारको वकालत गरेका छन् । एकातिर शिक्षक र अर्कोतिर कवि एवम् साहित्यकार भएर उनले पुऱ्याएको साहित्यिक योगदान लमजुङमा स्मरणीय बन्दै गएको पाइन्छ ।

### 3=3=1=62 सरस्वती श्रेष्ठ 'सरु'

सरस्वती श्रेष्ठ 'सरु' को वास्तविक नाम सरस्वती श्रेष्ठ हो। उनी साहित्यिक नाम सरस्वती श्रेष्ठ 'सरु' बाट नै चीरपरिचित देखिन्छिन्। उनको जन्म लमजुङको सोतीपसलमा वि.सं. २०२५ माघ १६ अर्थात सहिद दिवसका दिन भएको हो। उनी सुवेदार रामबहादुर श्रेष्ठ र नानीमाया श्रेष्ठकी छोरी हुन्। वैवाहिक सम्बन्धले स्थायी घर आँपपीपल गोरखा भएकी 'सरु' हाल पोखरा काहूँखोलामा नीजि व्यवसाय सञ्चालन गरेर बसेकी छन् ।

अध्ययनक्रम भैरवकाली मा.वि. सोतीपसलबाट प्रारम्भ गरी एस्.एल्.सी. पास गरेर पोखरामा उच्च अध्ययनका लागि छिरेकी सरस्वतीले स्नातकोत्तर (व्यवस्थापन) तहसम्मको शिक्षा पूरा गरेकी छिन्। साहित्य सिर्जनाका साथै विभिन्न सामाजिक सङ्घ संस्थासँग सम्बद्ध रहेर उनले काम गरेको भेटिन्छ। यस क्रममा उनी पोखरेली युवा साँस्कृतिक परिवार, पोखरा गजल सन्ध्या पोखरा, संरक्षण कविता आन्दोलन, अक्षर यात्रा आदि साहित्यिक संस्थाहरूसँग संलग्न देखिन्छिन्। यस्ता संस्थासँग संलग्नता मात्र होइन पुरस्कार तथा सम्मानले पनि उनी सम्मानित भएकी छन्। नवकविता प्रतिभा पुरस्कार-२०५३, समता सम्मान-२०५४ (इलाम), गजल प्रतिभा सम्मान-२०६३ बाट उनी सम्मानित भइसकेकी छन् ।

वि.सं. २०४४ सालबाट गीत लेखर साहित्यमा प्रवेश गरेकी कवयित्री 'सरु' को लेखन विधा कविता, गीत, गजल र कथा देखिन्छ। उनको प्रथम प्रकाशित कृति नेपाली गजलमा नारी हस्ताक्षर (संयुक्त गजल सङ्ग्रह २०६२) हो भने दोश्रो कृति चाहिँ थुँगा थुँगा जिन्दगानी (गीत सङ्ग्रह) २०६३ हो। अप्रकाशित कृति नदीको सुसाइ र चिसा वगरहरू (कविता सङ्ग्रह) र झम्केसाँझमा मनहराउँदा (गजल सङ्ग्रह) हो। उनले सौगात द्वैमासिक, नव माध्यम द्वैमासिकको सम्पादन गरेको पाइन्छ । उनका गीत, कविता र गजलहरू छरिता, चोटिला, लयात्मक तथा भावात्मक पाइन्छन्।

मन वहकिन्छ कहिले
वहकिने मन समेटिदिने साथी भएको छ - गीत

मन धमिलन्छ कहिले
धमिलिने मन सङ्गल्याइदिने साथी भएको छ - गीत
मन एक्लिन्छ कहिले
एक्लो मनको साथी भएको छ - गीत ।
(वास्तविक : थुँगाथुँगा जिन्दगानी)

गीत के हो भन्ने सन्दर्भमा 'वास्तवमा' शीर्षकको उनको माथि उल्लेखित कवितांश परिभाषित गर्न धेरै मद्दत गर्दछ। गीत मनको संवेदनाको लयात्मक अभिव्यक्ति हो। यस्तै

हृदयस्पर्शी अभिव्यक्तिले 'सरु' का गीतहरू गण्डकीको पानी झैँ छचल्केको पाइन्छ। फूल झैँ कोमल भावनाको मलमल सेता कागजमा सजाउन सिपालु 'सरु' विणाकी देवी सरस्वतीकी प्रिय-पुत्रीको रूपमा देखिन्छन्। रिस्ती र मादीको पानीसँगै गुनगुनाउँदै गण्डकीको धारा प्रवाहमा प्रभावित हुन पुगेकी सरु लमजुङकी चेली हस्ताक्षरकी सशक्त प्रतिभा हुन्। कर्मथलो लमजुङको छिमेकी जिल्ला गोरखा आँपपीपल भए पनि उनी पोखरा बसेकीले लमजुङसँग उनको हेलमेल यथावत रहेको पाइन्छ ।

संवेदनाको थुँगाथुगाँ उनेर सिङ्गो जिन्दगीका गीति चित्र तयार पार्ने सरु गीत, गजल, मुक्तक विधामा सशक्त नारी हस्ताक्षर छाड्न सफल भएकी छन् । दाम्पत्य जीवनमा बाँधिएर एक गृहिणी, आमा र व्यवसायको समेत दायित्व वहन गरेर साहित्यको सिर्जनाका लागि पनि समय उभाउन सक्ने सरुबाट नेपाली साहित्यमा भइरहेको योगदान महत्त्वपूर्ण देखिन्छ । उनले गजल गीतको माध्यमबाट लमजुङे साहित्यलाई मात्र होइन नेपाली साहित्यलाई नै हराभरा बनाउन पहल भएको पाइन्छ ।

## 3=3=1=63 खुसीराम न्यौपाने

खुसीराम न्यौपानेको जन्म २०१८ सालमा लमजुङ, बिचौरमा भएको हो। बाबु विष्णुदत्त न्यौपाने र आमा सरस्वती न्यौपानेका जेठा छोरा खुसीरामले स्थानीय वागीश्वरी मा. वि. बाट शिक्षा लिई एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेका थिए। वी.ए. अङ्ग्रेजी विषय लिएर अध्ययन गरेपछि उनी स्थानीय वागीश्वरी माध्यमिक विद्यालयमा शिक्षक भै शिक्षण पेशामा सम्लग्न रहेका थिए। खरो र मनमा लागेका कुरा पाक्क बोल्ने हकी स्वभावका खुसीराम, शिक्षा पेशामा सम्लग्न रहदा, देशमा चलेको माओवादी जनबिद्रोहको क्रममा मारिएका थिए।

उच्च शिक्षाका क्रममा क्याम्पसमा प्रवेश गरेपछि साहित्यतर्फ विशेष आकर्षित भएका खुसीरामका गद्य कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन्। 'सहिदको सम्मान' उनको पहिलो प्रकाशित खण्डकाव्य हो, जुन २०४७ सालमा प्रकाशिन भएको छ ।

गद्य कविताहरूको सङ्ग्रहमा आएको 'सहिदको सम्मान' ३८ पेजमा रहेको पुस्तकमा २२ ओटा कविताहरू सङ्ग्रहित रहेका छन्। कलात्मक पक्षलाई भन्दा भाव पक्षलाई जोड दिएका उनका कविता विचारका दृष्टिले वजनदार देखिन्छन्। निर्भिक र साहसिक ढङ्गले आएका उनका कविता यथार्थवादको नगिच देखिन्छन्। आफूलाई भन्न मन लागेका कुराहरूलाई कटु सत्यको रूपमा सहज ढङ्गले उतारेको पाइन्छ। गद्य कवितामा भएका शब्द र मात्रा करिब करिब बराबर हुनाले लयात्मक र सङ्गीतात्मक पनि देखिन्छन् ।

यसरी गद्य कविताको क्षेत्रमा लमजुङका माध्यमबाट नेपाली साहित्यमा कवि खुसीरामले छोटो समयमा पनि गुन लगाएको पाइन्छ।

### 3.3.1.64 ईश्वरमणि अधिकारी

ईश्वरमणि अधिकारीको जन्म २०२६ जेठ ३ गते लमजुङ जिल्लाको भारते, देउरालीमा भएको हो। चुडामणि अधिकारीका जेठा छोराका रूपमा जन्मेका ईश्वरमणि साच्चै नै अधिकारी परिवारका मणिकै रूपमा देखिन्छन्। सानैदेखि नै पढ्नमा रुचि देखाएका ईश्वरमणिले स्थानीय सूर्योदय मा.वि. भारतेबाट एस्.एल्.सी. पास गरेका हुन्। उच्च शिक्षा अध्ययनका लागि पोखरा पुगेका ईश्वरमणिले अहिले एम्.एस्सी. सम्मको अध्ययन पूरा गरेका छन्। पढ्दै र शिक्षण पेसामा पनि आबद्ध हुँदै गएकाले नै भाइहरूले उनको सङ्गतबाट उच्च शिक्षाध्ययन गर्ने आधार र मार्ग दर्शन गरेको पाइन्छ। हाल पृथ्वीनारायण क्याम्पस र कुमुदिनी होम्स पोखरामा अध्यापन पेसामा संलग्न ईश्वरमणि पोखेली युवा साँस्कृतिक परिवार, अवलोकन साहित्य प्रतिष्ठान पोखरामा संलग्न देखिन्छन् ।

स्कुले जीवनदेखि नै कविता लेखनमा आकर्षित ईश्वरमणि उच्च शिक्षाध्यायनका लागि पोखरा झरेपछि पाएको बृहत् साहित्यिक वातावरणले उनको प्रतिभा फुक्दै गएको देखिन्छ। उनका प्रकाशित कृतिहरू 'सगरमाथा आरोही अरविन (वि.सं. २०५८)' र 'समयको तस्बिर (२०६१)'।

> **समयको तस्बिर –** 'समयको तस्बिर' दोश्रो कृति हो, जसमा कविले वर्तमान नेपालको तस्बिरलाई शब्द-चित्रद्वारा देखाउने प्रयत्न गरेका छन्। चाहना गरे अनुरूप समय चल्दैन । उनले विगत नेपालका जनयुद्धका एक दर्जन वर्षका चित्रहरू कवितामा जस्ताको तस्तै उतार्ने प्रयास गरेका छन्। वर्तमानमा आशा अनन्त तर प्राप्ति शून्य झैं देखिएर निराशता बढाए पनि रात भित्रै उज्यालो पनि लुकेको हुँदा उज्यालो भविष्यको स्वप्न देख्न र कर्म गर्न 'समयको तस्बिर' ले सङ्केत गरेको छ। 'समयको तस्बिर' ले कवि ईश्वरमणिको पनि तस्बिर निकालेको छ, जुन तस्बिर युवावस्थाको भए पनि त्यसमा प्रौढता पनि झल्केको पाइन्छ । सही ठाउँमा नेपालीको रगत ताल्नु पर्ने, आवश्यक परे रगत दिनु पर्ने ठाउँमा उल्टो रगत जमेको, कठ्ठिएको व्यङ्ग्य गरेर नेपालीलाई नेपाल बचाउन आह्वान गरेको पाइन्छ ।

नालापानीमा बगेको रगत
कालापानीमा बगेन
सिङ्गो खगोलमा बलेको रगत
आफ्नै भूगोलहरूमा खै जलेन
बरु,
चिसा हत्केलाहरूमा
काठ्ठिइरह्यो । जमी रह्यो
जमिरह्यो । काठ्ठिई रह्यो ।

(समयको तस्बिर : रगत : ४९)

**सङ्गगनरमाथा आरोही –** ‘सगरमाथा आरोही’ कुमदिनी होम्सका विद्यार्थी अरबिन तिमिल्सिनाको जीवनी प्रकाश पार्ने उद्देश्यले लेखिएको जीवनी मुलक कृति हो।

जन्मस्थलो लमजुङ भई कर्मथलो पोखरालाई बनाइराखेका कवि ईश्वरमणि अधिकारी लमजुङ - पोखरामा स्थापित नाम हो। एक क्रियाशील शिक्षक, प्राध्यापक भएर एकातिर उनले उज्यालो छरेको पाइन्छ भने अर्कोतिर संवेदनाको मौन भावहरूलाई बिम्ब र प्रतीकहरूका सहराका माध्यमबाट यथार्थतामा उतारिएको पाइन्छ। निकै सरल र सहज ढङ्गले समसामयिक विषयलाई अभिव्यक्ति दिन खप्पिस देखिने ईश्वरमणिले नेपाली वाङ्मयको विकासमा ठोस पाइला चालेको पाइन्छ। लमजुङसँगको उनको नाता जोडेर हेर्दा नेपाली साहित्यको विकासमा उनको माध्यमबाट लमजुङ जिल्लाले पुऱ्याएको योगदान महत्त्वपूर्ण बन्न गएको देखिन्छ ।

## 3-3-1-65 केयरसिंह गुरुङ

लमजुङ जिल्लाको भोजे गा.वि.स. घाम्राङ गाउँ निबासी केयरसिंह गुरुङको जन्म २०२७ साल साउन ९ गते भएको हो। उनका बाबुको नाम गोबर्धन गुरुङ र आमाको नाम सन्तकुमारी गुरुङ हो। स्थानीय स्कुलबाट प्रारम्भिक शिक्षा लिएता पनि महेन्द्रभृकुटी मा.वि., जाउलाखेल, पाटनबाट २०४६ सालमा एस्.एल्.सी. पास गरेका गुरुङले हाल बी.ए., बी.एड्.को अध्ययन पूरा गरेका छन्। २०४७ सालदेखि नै शिक्षण सेवामा प्रवेश गरेका गुरुङले अहिले नेपाल भारत मैत्री विद्यालय भारतीय राजदूताबास अमरसिंह चोक पोखरामा अध्यापकको भूमिका निर्वाह गर्दै छन्।

स्कुले जीवनदेखि नै गाउन, बजाउन र अभिनय गर्न विशेष अभिरुचि देखाएका केयरसिंह गुरुङले हाल नेपाली साहित्य र लोक साहित्यमा आफ्नो प्रतिभाको परिचय देखाउँदै छन्। ‘गुरुङ जातिमा विवाह प्रथा’ (२०४८) उनको पहिलो प्रकाशित कृति हो। यसमा उनले गुरुङ जातिको विवाह प्रथालाई वर्णनात्मक शैलीमा प्रभावकारी ढङ्गले उतारेका छन्। नेपाली लोककथा सङ्ग्रह (२०५३) उनको दोश्रो प्रकाशित कृति हो। नेपालका प्रचलित लोक कथाहरूलाई खोज र सङ्कलन गरेर उनले यो कृति प्रकाशमा ल्याएका हुन्। उनका प्रकाशोन्मुख कृतिमा तमु-कविता सङ्ग्रह, बाल-गीति कविता सङ्ग्रह, कृष्ण चरित्र रहेका छन्। सम्पादनको क्षेत्रमा पनि केयरसिंहको संलग्नता देखिन्छ। ‘सङ्गम’ कविता सङ्ग्रह र ‘रोशनी’ कथा सङ्ग्रह (२०५७) मा उनले सम्पादकीय भूमिका निर्वाह गरेका छन्। ‘तमु संसार’ (द्वैमासिक) मा पनि उनी आबद्ध रहेका छन् । यसरी लोक साहित्य, साहित्य, अभिनय, हास्यव्यङ्ग्य, बाँसुरी वादन, हार्मोनिय वादनका क्षेत्रमा पुऱ्याएको विशेष योगदानलाई कदर गरेर विभिन्न पुरस्कार र सम्मानबाट सम्मानित भएका गुरुङ अन्नपूर्ण संरक्षण वार्षिकोत्सव पुरस्कार २०५२, प्रथम तमु राष्ट्रिय भेषभुषा प्रदर्शनीमा विशेष सम्मान र पुरस्कार २०५३ बाट सम्मानित छन्। द रेयुकाई लमजुङ उपशाखाद्वारा स्थापित साहित्यकार वी.पी. स्मृति

प्रतिभा पुरस्कार २०६१ बाट पनि उनी सम्मानित भएका छन् ।

केयरसिं गुरुङले युवा अवस्थामै बहुआयामिक प्रतिभाको रूपमा लमजुङ जिल्लाको माध्यमबाट नेपाली साहित्यलाई पुऱ्याएको योगदान उपलब्धिमूलक देखिन्छ ।

## 3=3=1=66 सीताराम कोइराला

दुराडाँडा कोइरालाफाँटबाट चितवन तोरीखेत झरेको कोइराला परिवारमा सीताराम कोइरालाको जन्म २०२८ सालमा भएको हो । रामदत्त कोइरालाका सुपुत्र सीतारामले स्नातकसम्मको शिक्षा लिएर साहित्यिक पत्रकारितातर्फ लम्केको पाइन्छ ।

२०४८ सालदेखि कथा लेखन यात्रामा जुटेका कोइरालाको 'अनर्थ' कथा सङ्ग्रह, २०६२ प्रकाशमा आएको छ । उनको सम्पादनमा 'सम्वादमा स्रष्टाहरू' (अन्तर्वार्ता सङ्ग्रह, २०६४) कृति पनि प्रकाशमा आएको छ । 'पल्लव' साहित्यिक विविधमा तथा अभिव्यञ्जना साहित्यिक प्रतिष्ठानमा पनि उनको संलग्नता देखिन्छ ।

**अनर्थ** : 'अनर्थ' कथा सङ्ग्रहमा १७ ओटा कथाहरू जीवनका अनुभूति, जीवन भोगाइ, कुण्ठित प्रणयप्रेम, अनुराग र विराग, मनोविश्लेषणात्मक यथार्थतामा भेटिन्छन् । आजका घटनाले भोलि कस्तो मोड र घुम्तीहरू लिएर आउँछन् त्यस किसिमको कुतुहलता जगाउनपट्टि भने कथामा, कमै ध्यान दिएको भेटिन्छ । नाटकीय ढङ्गले कथाले नयाँ स्वरूप ग्रहण गरेको देखिन्छ तर त्यसको परिणाम, असर भने देख्न पाइन्न । लघु आकारका कोइरालाका कथामा प्रेम, मिलन, विछोडका छायाहरू देखिन्छन् । कथाले प्रायः नाटकीय मोड लिएर टुङ्गिएको पाइन्छ । प्रस्तुति शैलीमा भने शालीनता साथै नवीनता भेटिन्छ । यही नवीनता नै भोलि उनको आख्यानको विशेषता बन्ने देखिन्छ । पाठकले कथा पढ्दै जाँदा बनाउने दृष्टि अनुमानभन्दा कथाकारको फरक दृष्टि कथामा भेटिन्छ । यस किसिमको वैशिष्टचले कथाको आकर्षण बढेको पाइन्छ ।

**सम्वादमा स्रष्टाहरू** : 'सम्वादमा स्रष्टाहरू' कृतिमा चितवनको साहित्यिक सेरोफेरोमा सक्रिय उन्नाईसजना साहित्यकारको दृष्टिकोण देख्न, ग्रहण गर्न र आफ्नो दृष्टिकोणसँग साट्न, परिमार्जन गर्नसमेत सकिन्छ । कति प्रकाशमान् र कति अप्रकाशमान् स्रष्टाहरूलाई एउटै कृतिका माध्यमबाट छर्लङ्ग्याउने काम गरेर सीतारामले गुन लगाएका छन् ।

यसरी कथा लेखनको उज्ज्वल भविष्यतर्फ उन्मुख युवा कथाकार सीताराम यथा नाम प्रकट हुँदै आएका देखिन्छन् । कथाका माध्यमबाट उनले नेपाली साहित्यमा देखाएको नवीनता प्रशंसनीयसमेत देखिन्छ ।

### 3.3.1.67 कामना सुवेदी

लमजुङ जिल्लाको खुदी गाउँमा वि.सं. २०२८ सालमा जन्मेकी कामना सुवेदीको बुवाको नाम कवि मेदिनीनाथ सुवेदी र आमाको नाम विजयप्रभा सुवेदी हो। शिक्षित एवम् साहित्यिक परिवारमा हुर्केकी कामनामा बौद्धिक एवम् साहित्यिक गुण वंशानुगतकै गुणका रूपमा देखिन्छ। उनका बुबा मात्र कवि नभएर बाजे पनि संस्कृतका धुरन्धर विद्वान् एवम् कवि थिए। त्यसैले उनले शिक्षा लिनको लागि कुनै अप्ठेरो नखेपी स्थानीय अमर मा.वि. खुदीबाट शिक्षा लिएर प्रवेशिका परीक्षा उत्तीर्ण गरेको पाइन्छ। उच्च शिक्षाका लागि काठमाडौँ आएकी कामनाले वैवाहिक जीवनमा बाँधिएर पनि स्नातकोत्तर तह उत्तीर्ण भएकी छन् ।

कवि बुवा मेदिनीनाथ सुवेदीको प्रभाव र प्रेरणाबाट सानैदेखि कविता लेख्न सुरु गरेकी कामनाका केही फुटकर गद्य कविताहरू पत्रपत्रिकामा प्रकाशित पनि भएका छन्। एम्.ए. नेपालीको शोध पत्र 'साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्व' मा तयार पारेकी कामनाले केही थपघट र परिमार्जन गरेर कृतिको नाम 'साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्व' कृति प्रकाशित गरेकी छन्। यो कृति २०५५ सालमा प्रकाशमा आएको हो। यस कृतिमा साहित्यकार चन्दको जीवनी तथा व्यक्तित्वका विविध पाटाहरूलाई तर्क र तथ्यका आधारमा विश्लेषणात्मक ढङ्गले प्रकाश पारिएको छ। निकै मेहनत र लगनशीलताका साथ तयार पारिएको यस कृति पठनीय बनेको देखिन्छ। कथा, कविता, निबन्ध जस्ता बहुविधामा कलम चलाएर प्रसिद्धि कमाएका साहित्यकार चन्दको सङ्लो राजनीतिक व्यक्तित्त्वका कारणले पनि पुस्तक पठनीय बन्नमा थप सहयोग पुगेको अनुमान हुन्छ ।

लोकेन्द्रबहादुर चन्दको प्रतिछायाको रूपमा उतार्न कामनाले गरेको प्रयास यस कृतिमा सार्थक भएको पाइन्छ। युवा नारी-हस्ताक्षरमा राम्ररी दरिन पुगेकी कामनाको काम उदाहरणीय बनेको छ। लमजुङसँगको पैतृक जन्म सम्बन्धका दृष्टिले हेर्दा उनको माध्यमबाट लमजुङले नेपाली साहित्यको भण्डार भर्न दिइएको एउटै कृतिले पनि महत्त्व राखेको पाइन्छ ।

### 3.3.1.68 वासुदेव न्यौपाने

वासुदेव न्यौपानेको जन्म २०२९ श्रावण ६ गते लमजुङको बोराङ गाउँमा भएको हो। बाबु चेतनाथ न्यौपाने र आमा वसुन्धरा न्यौपानेका जेठा छोरा वासुदेव न्यौपानेले स्थानीय महेन्द्र प्रा.वि. बोराङबाट प्रारम्भिक शिक्षा लिएका हुन्। बुद्धमिलन मा.वि. प्याराजुङ हुँदै जनता माध्यमिक विद्यालय आँपपीपलबाट एस्.एल्.सी पास गरेका छन्। वनविज्ञान अध्ययन संस्था हेटौंडाबाट प्रमाण-पत्र तह उत्तीर्ण गरेपछि जागिरमा लागेका न्यौपाने अहिले जागिरको दौरानमा अन्नपूर्ण संरक्षण क्षेत्र अयोजना अन्तर्गत मुस्ताङ जिल्लामा रहेका छन् ।

साहित्यतर्फ विशेष रुचि भएकाले वन विभागसँग सम्बन्धित भएपनि उनी साहित्यतर्फ पनि त्यतिकै निकट सम्बन्धमा रहेका देखिन्छन्। प्रकृतिका उपासक न्यौपानेले प्रकृति पूजाकालागि काव्य-पुष्प समर्पण गरेका छन्। पत्रपत्रिकामा फुटकर कविता प्रकाशन गर्दै आएका वासुदेवले २०५७ सालमा 'पृथ्वीको आँशु' कविता सङ्ग्रह प्रकाशमा ल्याएका हुन्। यसको प्रकाशन पोखेली युवा साहित्य समाजले गरेको देखिन्छ ।

**पृथ्वीको आँशु –** 'पृथ्वीको आँशु' कविता सङ्ग्रहमा रहेका अधिकांश कविता पृथ्वी, वातावरण, वन, र विकाससँग सम्बन्धित देखिन्छन्। हराभरा पृथ्वी मान्छेको गलत क्रियाकलापले आज सुख्खा, जर्जर र जीर्ण भएकोले पृथ्वीको आँसु चुहिएको देख्ने न्यौपाने स्वतः संवेदनशील भएर देखा परेका पाइन्छन् । वातावरणलाई सन्तुलित ढङ्गले राख्न नसकेमा त्यसले भोलिको मानव विकास प्रक्रियामा अबरोध पुऱ्याउने सम्भावनाको सङ्केत गरेका छन्। वातावरण मानव विकासका लागि असन्तुलनको स्थितिले ल्याउन सक्ने सम्भावित खतरा देखाउँदै त्यसबारे सचेत रहनु पर्नेतर्फ पनि इङ्गित गरेका छन्।

मान्छेका हर क्रियाकलाप प्रकृतिको विरुद्ध होइन प्रकृतिसँग बरु हातेमालो गरेर अघि बढ्न, प्रकृतिलाई बाधक होइन सहयोगीको रूपमा लिन र अभिषाप होइन वरदानको रूपमा लिन आह्वान गरेका छन् । प्रकृतिको विनास होइन संरक्षण गर्न उनका कविताले आह्वान गरेका छन्। स्वयम् कवि न्यौपाने प्रकृति संरक्षण आयोजनासँग सम्वन्धित भएकाले पनि मानव समुन्नतिको लागि प्रकृति अभिशाप होइन वरदान हो भन्ने कुरालाई राम्ररी प्रष्टचयाउने प्रयास उनले गरेको पाइन्छ ।

यसरी प्रकृतिप्रेमी कवि न्यौपानेले प्रकृति र मानव विकासका बीच स्नेहिल सम्बन्ध हुनु पर्ने कुरालाई कविताका माध्यमबाट व्यक्त गरेका छन्। प्रकृतिलाई आफ्नै स्वरूपमा फर्कन दिन कविले आह्वान गरेका छन्। प्रकृति संरक्षणको विषय लिएर प्रकृतितर्फ फर्कन उनले जुन आह्वान गरेका छन् त्यो निकै दूरगामी दृष्टिकोण देखिन्छ। उनको यस किसिमको साहित्यिक प्रयास प्रशंसनीय हनीय देखिन्छ। नयाँ र वैज्ञानिक चिन्तनबाट आएका उनका कविताले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

## 3=3=1=69 वासुदेव थापा

लमजुङको सदरमुकाम बेसीसहरसँग मात्र होइन मर्स्याङ्दीको सङ्लो पानीसँग जोडिएको गा.वि.स. सिम्पानी हो । यही सिम्पानीको वडा नं. ३ मा स्व. कृष्णबहादुर थापा र स्व. शान्तिदेवी थपाका छोरा वासुदेव थापाको जन्म २०३२ वैशाख २ गते भएको हो । साधारण स्कुल शिक्षासम्म (अण्डर एस्.एल्.सी.) लिएका युवा वासुदेव समाजमा देखेको भेदभाव, अन्धभाव चिर्न प्रगतिशील विचारधारातर्फ मात्र होइन साहित्यिक धारातर्फ पनि आकृष्ट भएको पाइन्छ । औपचारिक ढङ्गले पढ्नभन्दा पनि अनौपचारिक, व्यवहारिक ढङ्गले

बुझ्रेर पढ्न उनले अगाडि बढेको पाइन्छ ।

साहित्यतर्फ उनको पहिलो प्रकाशित कृति हो 'आस्थाको ज्वालामुखी' कवित सङ्ग्रह (२०६४) । 'इतिहास एक अध्ययन' अर्को उनको प्रकाशोन्मुख कविता सङ्ग्रह हो ।

**आस्थाको ज्वालामुखी –** उनको 'आस्थाको ज्वालामुखी' पढ्दा उनी स्वाभिमानी मानव बन्न उद्धत भएको पाइन्छ । उनको आस्था क्रान्तिकारी अर्थात परिवर्तनकामी साहित्य हो । उनी समाजमा देखिएका असमानता हटाउन कवितामा कतै पहाड बनेर उठेको पाइन्छ भने कतै बिद्रोहको ज्वालामुखी भएर फुट्न खोजेको पाइन्छ । फुटकर कविताको बीजबाट उम्रिएको पहिलो बीज यस सङ्ग्रहमा धेरै कमी कम्जोरी हुनु स्वभाविक हो तर पनि उनको बाह्र कविताको यस सङ्ग्रहमा राम्रोपक्ष पनि भेटिन्छ । उनका यी बाह्र कविता शार्दूलबिक्रीडित छन्दमा लेखिएका छन् । प्रगतिशील कविता कुञ्जमा उनले उमारेको पहिलो बिरुवा 'आस्थाको ज्वालामुखी' हो । यसमा सिर्जनात्मक पक्ष भन्दा विचार प्रधानता भए पनि वैज्ञानिक चिन्तन, यथार्थ र जुझारु विचार प्रतिको उनको आस्था प्रकट भएको पाइन्छ । जीवन जगत्का मलीन पक्षलाई हटाउन उनी उज्यालोको ज्वाला भएर चम्किन खोजेको पाइन्छ । समाजमा देखिएका असमानताको खाडल पूर्न उनका कविताले प्रयास गरेको पाइन्छ । यति हुँदाहुँदै पनि उनका कवितामा छन्द भङ्गता, भाषिक शैली तथा लय विधानमा दुर्बलता रहेको पाइन्छ । कविताको सौन्दर्य र भाव मिलानमा भन्दा सौन्दर्य छोडेर भावप्रधान भएको पाइन्छ । 'कला विहीन नाटक' जस्तो भए पनि यथार्थतामा आधारित हुने गरी भावुक हृदयबाट एकै चोटि भाव पोखिन खोज्दा भाव र सौन्दर्य तालमेल मिल्न नसकेको पाइन्छ । छन्दमा कविता लेख्न अभ्यास प्रशस्त चाहिन्छ । यस कविता सङ्ग्रहबाट उनलाई अरु अभ्यास बढाउन पक्कै पनि प्रेरणा मिल्ने छ । उनका कवितामा व्यङ्ग्यता पाइन्छ। 'ढाडे विरालो' 'झापड एक' कविता व्यङ्ग्य प्रधान छन् । छन्द र सौन्दर्यमा निख्खार आउन नसके पनि भाव भने मार्मिक ढङ्गले छचल्किन खोजेको पाइन्छ । आपसमा पानी बाराबार गर्ने पार्टीहरू पनि एक आपसमा हातेमालो गरेर सामन्ती सत्ताको जञ्जिर चुडाली नयाँ नेपाल अर्थात गणतन्त्र नेपालको स्वप्न पूरा गर्न लागि परेको कुरा 'ज्ञान र कृति राखौँ' कवितामा ओकलिएका छन् ।

त्यस्तै उनले विदेशिएका नेपालीलाई आफ्नै घरमा फर्केर पसिना पोखी प्रगति देखाउनसमेत आह्वान गरेको पाइन्छ । शिक्षा, व्यापार हुनु हुँदैन खोक्रो आदर्श होइन यथार्थतामा उत्रिने खालको शिक्षाको पक्षमा उनी उभिएको पाइन्छ । मानवमानव बीचको भेदभावको रेखा मेटाउने भाव पक्ष निकै सवल भएको पाइन्छ ।

जम्माजम्मी २८१ श्लोकमा लेखिएको यो कविता सङ्ग्रहले लमजुङको प्रगतिशील साहित्यको एक पाइला भए पनि फड्को सारेको पाइन्छ । लमजुङका पाखा पखेरामा बसेर यथार्थताको धरातलमा लेखिदै जाने यस किसिमका कविताको महत्त्व आउने दिनले अझ

प्रष्टयाउने छन् । त्यसैले उनका कविताले लमजुङको प्रगतिशील साहित्यतर्फ पुऱ्याएको योगदान प्रशंसनीय रहेको छ ।

## 3=3=1=70 कृष्णमुरारी पौडेल

कृष्णमुरारी पौडेल 'प्रेरित' को जन्म २०३२ साल माघ २४ गते लमजुङको भोर्लेटारमा भएको हो। उनका पिता पुष्पराज पौडेल र माता अम्बिका पौडेल हुन्। स्थानीय ईशानेश्वर उच्च मा.वि. भोर्लेटारबाट वि.सं २०४८ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरी उच्च शिक्षाका लागि पोखरा पुगेका कृष्णमुरारीले हाल एम्.एड. (अङ्ग्रेजी) सम्मको अध्ययन पूरा गरेका छन्। जुन स्कुलबाट शिक्षा लिएको हो उही स्कुलमा गुरुको स्थान जमाउन सफल भएका कृष्ण मुरारी हालसम्म पनि उक्त स्कुलमा नै अध्यापनरत रहेका छन् । आफ्ना आमाबाबुलाई नियतिवस गुमाएका भए पनि सङ्घर्षबाटै जीवन खोज्ने कृष्णमुरारी यथानाम धन्य भएका छन् ।

स्कुलमा पढ्दादेखि नै साहित्यतर्फ झुकाव भएका कृष्णमुरारीको अहिले उपन्यास विधातर्फ नै रुचि केन्द्रित भएको पाइन्छ। फुटकर कथा, कविता लेखेर पत्रपत्रिकामा प्रकाशन गरेका साहित्यकार 'प्रेरित' को पहिलो प्रकाशित कृति 'रित्तिएको आँसु' (उपन्यास) (२०६०) हो त्यस्तै उनको प्रकाशोन्मुख कृति 'उनी विधुवा होइनन्' उपन्यास हो ।

> **रित्तिएको आँसु –** उनको पहिलो उपन्यास 'रित्तिएको आँसु' एक सामाजिक उपन्यास हो । निम्न वर्गीय मध्यम घरपरिवारको चित्रण भएको यस उपन्यासमा जीवन जीउन र अगाडि बढ्न कति कठिनाई झेल्न विवश हुनु पर्ने परिस्थितिहरू आइपर्छन् तिनको सटिक वर्णन भएको पाइन्छ । मानवीय वेदना र पीडाहरू मानिसको आँखाबाट आँसु चुहिदा चुहिदै रित्तिन पुग्छन् भन्ने भावले उपन्यास शीर्षक सार्थक बन्न पुगेको पाइन्छ । आफ्ना पति सुदेशको प्रतीक्षामा आँसु बहाएकी गङ्गाको अन्त्यमा सुदेशसँग भेट भएपछि विसर्जन भएको उपन्यास जीवनमा आईपर्ने अनेक घटनालाई सामना गर्दै इमान्दारीकासाथ जीवन अगाडि बढाइनु पर्ने कुरा सारसन्देशमा आएको छ । नेपालको सामाजिक द्वन्द्वात्मक अवस्थालाई चित्रण गर्दै लेखिएको यस उपन्यासमा पति भक्तिमात्र होइन पत्निभक्तिको भावगङ्गा उर्लिएको पाइन्छ ।

उपन्यास विधामा कमै लमजुङे साहित्यकारहरू देखिएको अवस्थामा उनको यस उपन्यासले अरु उपन्यासहरू जन्माउन प्रेरणा पुग्ने देखिन्छ। पहिलो उपन्यास 'रित्तिएको आँसु' मा औपन्यासिक गुणहरू त्यति पुष्ट नभएतापनि उपन्यासकारको भाव पक्ष प्रवल रूपमा प्रकट भएको पाइन्छ। एउटै उपन्यास भए पनि औपन्यासिक क्षेत्रमा उनको योगदान सह्राहनीय देखिन्छ। उनले सरल र सरस भाषामा उपन्यास रचना गरी लमजुङे साहित्यको उन्नतिका लागि पुऱ्याएको प्रयास महत्त्वपूर्ण मान्नु पर्दछ ।

### 3=3=1=71 दीपक (श्रेष्ठ) 'समीप'

दीपक 'समीप' को वास्तविक नाम दीपक श्रेष्ठ हो। उनको जन्म वि.सं. २०३३ साल जेठ १६ गते लमजुङको सोतीपसलमा भएको हो। उनको बाबुको नाम सु. रामबहादुर श्रेष्ठ र आमाको नाम नानीमाया श्रेष्ठ हो। साहित्यिक वातावरणमा हुर्केका दीपकले सानैदेखि साहित्यकार दिदी सरस्वती श्रेष्ठ 'सरु' को माध्यमबाट पढाइ र साहित्य सिर्जनामा सहयोग प्राप्त गरेको देखिन्छ। भैरवकाली मा.वि. सोतीपसलबाट एस्.एल्.सी. परीक्षा समुत्तीर्ण गरेका दीपकले हाल स्नातक (व्यवस्थापन) सम्मको अध्ययन पूरा गरेका छन् ।

विद्यार्थीकालमा नै साहित्यकार दिदी सरस्वती श्रेष्ठका साथ लमजुङका भोटेओडार, बेसीसहर आदि ठाउँमा भएका साहित्यिक कार्यक्रममा हिँडेर साहित्यिक यात्रा शुभारम्भ गरेका दीपकले अहिले आफूलाई कविता, गीत गजलमा राम्ररी चिनाउँदै आएका छन्। अक्षरयात्रा, ग्रामीण कविता यात्रा, संरक्षण कविता आन्दोलन, भावना परिवार पोखरा, पोखरेलीयुवा साँस्कृतिक परिवार, गजल सन्ध्या पोखरा जस्ता संस्थाहरूसँग संलग्न रहेका दीपक 'समीप' ले सौगात द्वैमासिक, नवमाध्यम द्वैमासिक, उत्खनन् (सामयिक सङ्कलन) मा सम्पादकको भूमिका समेत निर्वाह गर्दै आएका छन्। "हुने बिरुवाको चिल्लो पात" भने झैँ उत्कृष्ट लघुकथाकार – २०५४, उत्कृष्ट लघु कथाकार – २०५५ द्वारा पुरस्कृत कवि 'समीप' को साहित्यिक भविष्य उज्ज्वल देखिन्छ ।

स्कुले जीवनदेखि नै कविता, गीत, लेखेर साहित्यिक यात्रामा निस्केका कवि दीपकको प्रकाशित कृति हो **'भूगोलभित्र नकोरिएको देश'** (गजल-सञ्चयन - २०६२) हो। यस कृतिमा गजलकार 'समीप' ले 'मेरो लागि गजल' भनी गजलको यसरी परिचय प्रस्तुत गरेका छन् –

पूर्णिकाको जून हो
सारङ्गीको धून हो
पीपलको छाया हो
अजम्बरी माया हो

साहित्यको मूल हो
सुकुमारी फूल हो
भोगाइको सिर्का हो
नमेटिने तिर्खा हो

हृदयको यश हो
नकोरिएको देश हो

समीपका गजलहरू समसामयिक छन्। तत्कालका भोगाइबाट उब्जेका फिलिङ्गाहरू झैँ उनका गजलहरू प्रतीत हुन्छन्। जनजिब्रोले समातेका कोमल शब्दहरू गजलमा खेलेका पाइन्छन्। करिब डेड दशकदेखि गजल लेखनमा लागेका 'समीप' ले गजललाई सुनारले सुन पिटेझैँ शब्द पिटेर उजल्याएको पाइन्छ। कविता, गीत, लघु-कथा, मुक्तक जस्ता लघु आकारका विधा समातेर पनि सानै उमेरमा समीपले लघु आयाम भित्र बहुआयाम थपेको पाइन्छ। लमजुङ - पोखरालाई कर्मक्षेत्र बनाएका समीपले मोफसलमा रहेर पनि राष्ट्रिय गजल साहित्यमा नै आफूलाई उभ्याउन सफल भएका देखिन्छन्। पोखरा क्षेत्रमा त उनी

गजलगुरुकै रूपमा सम्मानित भएका देखिन्छन्।

यसरी गजल साहित्यमा आफूलाई स्थापित गजलकारका रूपमा चिनाउन सफल समीप लमजुङ - पोखरा साहित्यिक फाँटका एक सकल प्रतिभा हुन्। गजल, गीत, लघुकथा र टुक्के कवितामा ख्याति जम्मा गर्दै गरेका समीपको सक्रियताले भविष्यलाई अझ सुकीर्तिमय बनाउने संभावना देखिन्छ। लमजुङसँग उनको सम्बन्ध जोडेर हेर्दा नेपाली लघु विधाको साहित्यिक विकासमा लमजुङको योगदान उल्लेखनीय मानिन्छ । उनले गजल, गीत, लघुकथाका माध्यमबाट लमजुङे साहित्यका साथै नेपाली साहित्यको समुन्नतिमा पुऱ्याएको प्रयास महत्त्वपूर्ण देखिन्छ ।

## 3=3=1=72 रोशन न्यौपाने

रोशन न्यौपानेको जन्म लमजुङ जिल्लाको दुराडाँडा खुमरुकमा २०३३ साल मङ्सिर ६ गते भएको हो। प्रेमराज न्यौपानेका जेठा छोरा रोशनले प्रारम्भिक शिक्षा घरमा लिएता पनि स्कुले शिक्षा विभिन्न ठाउँमा लिएको देखिन्छ। इन्जिनियर बाबु प्रेमराज न्यौपाने सेवाका क्रममा विभिन्न ठाउँमा जान परेको हुनाले उनले स्कुले शिक्षा पनि निकै ठाउँ वदलेर लिन परेको देखिन्छ। स्कुले शिक्षाको क्रममा लेवोरेटरी स्कुल कीर्तिपुर काठमाडौँ पढ्दा उनको पढाइको साथै साहित्यिक अभिरुची पनि बढेको बाबु प्रेमराज बताउँछन्। पढ्दै जाँदा हाल एम्.वी.वी.यस्. पास गरी डाक्टर बनेका रोशन हाल मनाङ जिल्ला अस्पतालमा सेवारत देखिन्छन् ।

सानैदेखि कविता र कथा लेखनमा रुचि देखाउँदै आएका रोशनको १३ वर्षकै उमेरमा 'तित्राका फुलहरू' (बाल-कथा सङ्ग्रह) प्रकाशमा आएको छ। कलिलो उमेरमै आफ्नो प्रतिभा देखाउन रोशन सफल भएका देखिन्छन्। उमेरले अनुभव प्राप्त भए पनि प्रतिभा प्राप्त हुन सक्दैन। प्रतिभा, अनुभव र वातावरणको संयोगबाट भने सार्थक सिर्जना हुन संभव हुन्छ। उनको यो कृतिले यही कुरा पुष्टि गर्दछ। स्कुलको साहित्यिक वातावरणले रोशनलाई प्रतिभा खोल्न प्रेरित गरेको छ भने घरको वातावरणले उनको सिर्जना प्रकाशित गर्न मद्दत गरेको छ।

बाल कथाकार रोशनका कथा हेर्दा उनका कथामा जिज्ञाशा, कौतुहलता, संभाव्यता, काल्पनिकता भेटिन्छन्। उनले आफूले सुनेका कथाहरूका आधारमा आफ्नै शैलीमा ढालेर लेखेका छन्। कथाको अन्त्यमा कुनै न कुनै सन्देश दिन पनि प्रयत्न गरेका छन्। यस किसिमको प्रयासले निरन्तरता पाउन सकेमा लोक बालकथाकारिताका माध्यमबाट सार्थक लोककथाकारहरूको पङ्क्तिमा रोशन उभ्भिने सम्भावना देखिए पनि पेसाले हाल डाक्टर रोशन साहित्यमा निष्क्रिय रहनु दुःखद पक्ष हो । जे होस् उनको यस कृतिले बाल प्रतिभाहरूलाई साहित्यतर्फ लम्कन प्रेरित गरिरहने छ। रोशनले लमजुङका माध्यमबाट नेपाली बाल लोककथा साहित्यमा कथा कृतिसमेत दिएर पुऱ्याएको योगदान महत्त्वपूर्ण रहन गएको छ ।

## 3=3=1=73 जमुना गुरुङ

लमजुङ जिल्लाको तार्कु, गहतेमा २०३५ साल कार्तिक ९ गते जमुना गुरुङको जन्म भएको हो। प्रवेशिका परीक्षा पास गरी मर्स्याङ्दी बहुमुखी क्याम्पस बेसीसहरमा अध्ययनरत रहदा नै साहित्यतर्फ अत्यधिक रुचि देखाएकी जमुनाले 'लम्जुङे युवा साहित्य समाज' जन्माउन सक्रिय भूमिका निर्वाह गरेकी थिइन्। साहित्य क्षेत्रमा अघि बढ्ने र समाज सेवामा संलग्न रहने इच्छा प्रकट गर्ने जमुना निकै मिलनसार स्वभावकी पनि छन्। जमुनाको पहिलो प्रकाशित कृति **'आँसु पिएका आँखाहरू'** (२०५३) हो। गद्य कवितात्मक शैलीमा आएको यो खण्डकाव्यमा युद्धको नगरा र शान्तिको विगुलको द्वन्द्वात्मक अवस्थालाई चित्रण गर्न खोजिएको पाइन्छ। उही गाउँ उही साथी तर एउटा मृत्युलाई वरण गरेर परिवर्तनका लागि अझ भनौ शान्तिका लागि युद्धमा होमिन्छ भने अर्को युद्धबाट ग्रसित भै आँसु पिएका आँखाहरू लिएर जीवन रक्षाका लागि भौतारिन्छ। शान्ति र क्रान्तिका पक्षधरहरूका बीचको दूरीलाई यस खण्डकाव्यले नाप्न खोजेको पाइन्छ। स्वच्छन्द ढङ्गको काल्पनिक वहाइमा वहेको यस लघु काव्यले अरु काव्य र उपन्यास पनि जन्माउन सक्ने संभावना देखिन्छ । हुन पनि कवयित्री जमुनाका अरु थुप्रै अप्रकाशित कृतिहरू पनि रहेका देखिन्छन्। जुन यस प्रकार छन् :

1. अतिरञ्जित (उपन्यास)
2. टुक्रिएका आत्मा (कविता सङ्ग्रह)
3. लत्रिएका परेला (उपन्यास)
4. यौवनको प्यास (नाटक)
5. आँधी आएको रात (उपन्यास)
6. सन्त्रासित जीवन (उपन्यास)

कलिलै उमेरमा कविता, काव्य, उपन्यास, नाटक विधामा समेत रुचि देखाएकी जमुना गुरुङको वहुआयमिक व्यक्तित्व देखिन्छ। उनको साहित्यिक व्यक्तित्वमा पनि काव्यिक व्यक्तित्व नै प्रवल रूपमा प्रकट भएको पाइन्छ। कलिलो युवावस्थामा नै महत्वाकाङ्क्षी बनेर लमजुङे साहित्याकासमा देखापरेकी जमुना, तमु महिला हस्ताक्षरमा पहिलो नाम हो । अनेक वाध्यता र विवसताका बीच पनि आफूलाई समालेर साहित्य साधनामा जमुनाले केन्द्रित गर्न सकेमा उनले साहित्यिक गङ्गा नै भेट्न सम्भावना देखिन्छ । जेहोस् लमजुङको साहित्यिक विकासमा उनको काव्यिक व्यक्तित्वबाट मिलेको सहयोगको ठूलो महत्त्व रहेको पाइन्छ ।

## 3=3=1=74 सुश्री शान्ता पन्त

केदारनाथ पन्त र कोषकुमारी पन्तकी छोरी सुश्री शान्ता पन्तको जन्म २०३६ साल चैत्र २४ गते लमजुङको उदीपुरमा भएको हो। स्थानीय उदीपुर माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा पास गरेकी पन्तले स्नातकसम्म अध्ययन गरेकी छन्।

स्कुले जीवनदेखि नै साहित्यतर्फ रुचि देखाएकी सुश्री शान्ताले आफ्ना गुरुहरूको प्रेरणाद्वारा कविता कोर्न थालेकी हुन्। कलिलै युवा उमेरमै उनले एउटा खण्डकाव्य 'खोसिएको खुसी' २०६१ सालमा प्रकाशमा ल्याएकी छन्। लमजुङे साहित्यमा कवयित्री कमला केसीपछि पद्य साहित्यतर्फ नारी हस्ताक्षरमा देखिने थोरै नामहरूमा पर्न आउने नाम हो शान्ता पन्त।

**खोसिएको खुसी** –'खोसिएको खुसी' एक खण्डकाव्य हो जुन २०६१ सालमा प्रकाशमा ल्याइएको हो। अनुष्टुप छन्दमा लेखिएको उनको यो खण्डकाव्यमा महिला स्वतन्त्रता र आत्म निर्णयको अधिकारलाई स्थान दिइएका छ। पराधिनताबाट महिला प्रतिभाको विकासमा तगारो लाग्ने र देश विकासको महान अभियानमा उनीहरूको सक्रिय सहभागिता हुन नसक्ने कुरालाई प्रष्ट्याइएको छ। महिलालाई भोग विलासको वस्तु, पराधिन जन्तुको रूपमा लिने सामन्ती संस्कारले कुलत लागेको विनु जस्ता काव्य नायकले मधु जस्ता सचेत तर सहनशील नारीलाई बाँदरको हातको नरिबल बनाइएको घटनालाई यहाँ मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरिएको छ। पखेटा काटिएर छटपटिएकी पक्षी झैँ भएकी मधु सरहका नारीलाई समानताको हक प्राप्तिकालागि उठ्न यस काव्यले आह्वान गरेको छ ।

छन्द नियमानुसार पूरै बाँधिन नसके पनि उनले छन्दमा देखाएको लगाव प्रशंसनीय पाइन्छ। उनको वर्णन पक्ष निकै सुरम्य रहेको पाइन्छ। नेपाली महिलालाई आफ्नोबारे आफै सोच्न र आत्म निर्णय लिन यसले प्रेरित गरेको छ। 'हुने विरुवाको चिल्लो पात' भने झैँ काव्य साधनामा संलग्न रहिरहन सकेमा शान्ता पन्तबाट भविष्यमा लमजुङे साहित्यले धेरै सौगात पाउन सक्ने देखिन्छ। लमजुङका यस किसिमका नव उदयमान प्रतिभाहरू बीचैमा नवरालिइ साहित्यिक गोरेटोमा लागिरहन सकेमा नेपाली साहित्यकै विकासमा लमजुङले ठोस सहयोग पुऱ्याउन सक्ने आँकलन गर्न सकिन्छ ।

## 3=3=1=75 विनोद 'विवश' थापामगर

विनोद 'विवश' थापामगरको जन्म लमजुङ जिल्लाको गौंडा गा.वि.स. अन्तर्गत पर्ने उम्लिस्वाँरा गाउँमा २०३९ साल वैशाख २१ गते भएको हो। बाबु टकबहादुर थापा मगर र आमा कृष्णमाया थापाका छोरा विनोदले स्थानीय स्कुलबाटै एस्.एल्.सी. पूरागरी उच्च शिक्षाका क्रममा काठमाडौँ आई आइ.ए. सम्मको अध्ययन पूरा गरेका छन्। हाल भने रोजगारीका लागि अरब भूमिमा पस्न विनोद 'विवश' विवश भएको पाइन्छ।

अध्ययनका क्रममा काठमाडौँमा रहदाँ 'गौंडाको सेरोफेरो' नामक पत्रिका पनि आफै सम्पादक भएर एकपटक उनले प्रकाशमा ल्याएका हुन्। उनको **'अनिमा'** शीर्षकको एक बाल कविता सङ्ग्रह (२०५८) प्रकाशमा आएको छ। २७ ओटा बाल कविता सङ्ग्रहित भएको 'अनिमा' मा सरल ग्राम्य जीवनका भोगाइबाट उब्जेका बाल सुलभ कोमल भावना पाइन्छ।

भाका हालेर गाउन सकिने यी बाल कविताहरू ज्ञानबर्द्धक, रोचक र चेतनामूलक देखिन्छन्। उनको यस किसिमको प्रयासले लमजुङे बालसाहित्यको धरातलमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ।

## 3-3-1-76 अनु अधिकारी

अनु अधिकारीको जन्म लमजुङ जिल्लाको दुराडाँडा, स्वाँरामा भएको हो। बाबु रविकिरण अधिकारी र आमा शारदा अधिकारीकी कान्छी छोरी अनु २०४३ साल पौष १ गते जन्मेकी हुन्। बाबुको जागिरे जीवनको क्रममा पोखरा कुमुदिनी होम्स गैह्रापाटन, पोखरामा पढेर एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेकी अनु अहिले बि.एस्सी. नर्सिङकी छात्रा भई धरानमा पढ्दै छिन् ।

अनु अधिकारीको विद्यालयमा ५/६ कक्षा पढ्दादेखि नै कवितातर्फ विशेष रुचि रहेको देखिन्छ। अन्तर विद्यालय कविता प्रतियोगिता तथा वाह्य प्रतियोगितामा समेत धेरै पटक पुरस्कृत भईसकेकी कवयित्री अनुको दस कक्षामा पढ्दाकै अवस्थामा निस्केको पहिलो प्रकाशित कृति 'अनुभूति' हो। कुमुदिनी होम्स प्रकाशक भई २०५८ सालमा उनको यो कविता सङ्ग्रह प्रकाशित भएको हो। सिर्जनात्मक यात्रामा लागेका आफ्ना प्रतिभावान विद्यार्थीहरूलाई प्रोत्साहन गर्न उनीहरूका रचनालाई सङ्ग्रह गरी प्रकाशित गरिदिने विद्यालयको यस्तो काम प्रशंसनीय देखिन्छ ।

**अनुभूति** – 'अनुभूति' मा बाल-कवयित्री अनुका छपन्नओटा कविताहरू रहेका छन्। उनका कवितामा बाल-सुलभ भावना एकातिर पाइन्छ भने अर्कोतिर प्रौढ अभिव्यक्ति पनि पाइन्छ। विद्यालय नै उनको प्रेरणाको आधार भएको हुँदा त्यही विद्यालयप्रति श्रद्धा सुमन पनि अर्पण गरेकी छिन्। युवा जोस जाँगर, नारी-जागरण र देशका समसामयिक सवालहरूमा समेत उनले आफ्ना कवितात्मक अनुभूति व्यक्त गरेकी छिन्। 'भद्रगोल राष्ट्र' भनी नेपालको व्यङ्ग्यात्मक तस्बिर खिच्न पनि उनी चुकेकी छैनन् ।

बाल्याबस्तादेखि नै सिर्जनात्मक ढङ्गले कलम चलाएर अनुले कैयौं बाल-बालिकालाई लेख्नका लागि अभिप्रेरित गरेको पाइन्छ। पेशाले नर्सिङ व्यवसाय अँगाले पनि साहित्य सिर्जनामा लाग्नुले उनको साहित्यप्रतिको रुचि, प्रेम र लगाव झल्कन्छ। नेपाली बाल साहित्यको सेरोफेरोमा कवयित्री अनुको महत्त्वपूर्ण योगदान देखिन्छ। लमजुङसँग उनको जन्मथलोको नाताले हेर्दा उनले नेपाली बालसाहित्यको क्षेत्रमा पुऱ्याएको योगदानमा सिङ्गो लमजुङे साहित्य गौरवान्वित भएको छ ।

### 3=3=1=77 होमबहादुर 'प्यासी'

लमजुङ जिल्लाको सिम्पानीमा २०४६ साल वैशाख २ गते श्रीमाया र भीमसेन 'प्यासी' को जेठो छोराको रूपमा होमबहादुर 'प्यासी' को जन्म भएको हो। सिम्पानीमा सामान्य कखराको ज्ञान लिएर बाबु आमासँग काठमाडौँ छिरेका होमवहादुर 'प्यासी' आशियान इण्टरनेशनल स्कुलबाट प्रथम श्रेणीमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण हुन पुगेका हुन्। बोल्न र लेख्न विशेष दक्षता सानै कक्षाबाट देखाउने 'प्यासी' को बालप्रतिभा प्रष्फुटन गराउन स्कुलका अतिरिक्त क्रियाकलाप र नेपाली शिक्षक विजयराज न्यौपानेका प्रेरणाले निकै साथ दिएको कुरा स्वयम् 'प्यासी' बताउँछन्। दलित जनजातिमा जन्मेर पनि आफूलाई उच्च मनोवलका साथ समालेर देश विकासमा समर्पित हुने उनको आकाङ्क्षा प्रशंसनीय देखिन्छ।

अतिरिक्त क्रियाकलापमा समेत सक्रियता देखाउने 'प्यासी' उच्च शिक्षा लिन संलग्न भइरहेका छन्। कक्षा ८ मा पढ्दापढ्दैको बाल्यावस्थामा 'चलमल' बालकविता सङ्ग्रह (संयुक्त सङ्ग्रह) लेखेर कविता साहित्यसँग नाता गाँस्ने 'प्यासी' मा साहित्य प्रतिको प्यास प्रष्टिन आउँछ। उनको 'चलमल' (संयुक्त कविता सङ्ग्रह) का सहभागी साथी गोरखा बुद्धसिङका सरोज गुरुङ हुन्।

> **चलमल –** 'चलमल' (बाल कविता सङ्ग्रह) २०६० सालमा होमबहादुर 'प्यासी' र सरोज गुरुङद्वारा प्रकाशित कविता सङ्ग्रह हो। यस कविता सङ्ग्रह भित्र केही कथा, निबन्ध, चुट्किला पनि रहेका छन्। उनका कविताले देशका निम्ति केही न केही गर्नका लागि सन्देश छाडेका छन्। अन्त्यानुप्रास मिलाई कवितामा लयात्मकता दिन उनको प्रयास देखिन्छ। देशको महिमा आफ्ना जिल्ला र गाउँको मायालाई उनले कविताद्वारा छर्लङ्ग्याएका छन्। अध्ययनको क्रममा काठमाडौँ आएर बसेता पनि लमजुङसँगको उनको जन्मसिद्ध संबन्धको कारणले काठमाडौँमा रहेर लेखिएका कविताले लमजुङको साहित्यको श्रीबृद्धिमा उनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

हाल उच्चअध्ययनमा रहेका 'प्यासी' ले नेपाली बालसाहित्यप्रति देखाएको चासोले सिङ्गो नेपाली बालसाहित्यसँगै लमजुङे बालसाहित्य पनि गौरवान्वित भएको छ ।

## 3=3=2 लमजुङ बाहिर जन्म भै लमजुङको साहित्यिक योगदानमा सहयोग पुऱ्याउने स्रष्टाहरू

### 3=3=2=1 जनकवि केसरी धर्मराज थापा

वि.सं १९८१ साउने संक्रान्तिका दिन बाटुलेचौर, पोखरामा जन्मेका धर्मराज थापा लमजुङेका लागि पनि नविर्सने नाम हो। निजी रूपमै प्रशस्त अध्ययन भ्रमण, लमजुङसहित अधिराज्य नेपालै भ्रमण गरेका थापा गोरखापत्र, रेडियो नेपालमा समेत जागिर खाएर प्रशस्त

गीतहरू रेकर्ड गरी लोक गायकको रूपमा चिरपरिचित देखिन्छन्। लेखन तथा सहलेखन गरेर लोक गीत, लोक संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान दिएका धर्मराजले लमजुङको भ्रमण गरेर 'लोक संस्कृतिको घेरोमा लमजुङ' पुस्तक प्रकाशन गरिसकेका छन् ।

> **लोक संस्कृतिको घेरोमा लमजुङ** – जनकविकेसरी उपाधिबाट सम्मानित थापाले २०३४ वैशाखदेखि २०३५ मार्गसम्म लमजुङको भ्रमण गरेर २०४० सालमा 'लोक संस्कृतिको घेरामा लमजुङ' प्रकाशन गरी लमजुङलाई ठूलो गुन लगाएका छन्। लमजुङका ६१ गा.वि.स. मध्ये केही गा.वि.स. बाहेक अधिकांश गा.वि.स.मा पुगेर त्यहाँको लोक साहित्य, लोकसंस्कृति, जात जाति, वंशावली, ऐतिहासिक महत्त्वका विषय, प्राकृतिक वातावरण र मौसमको समेत साहित्यिक भाषामा जानकारी दिन चुकेका छैनन्। वास्तवमा भन्ने हो भने चर्को घाम र वर्षामा घुम ओडेर लमजुङ घुमघाम गरेका, जाडोमा राडीपाखी ओडी गाउँघरका पिढीमा सुकुला गरेका जनकवि केसरी लमजुङेका लागि धन्यवादका पात्र बनेका पाइन्छन् । लमजुङका घरघर गाउँगाउँ, चौतारी, पानी पँधेरा, स्कुल, मठमन्दिर, रोदी चाहरेर लमजुङलाई लोक संस्कृतिको घेरामा चिनाउनु बहुत ठूलो अनुसन्धान हो र आविष्कारसमेत हो ।

मोहनी बोलीले लट्ठै पार्दै, मायाले छपक्क छोप्दै झरि वादल, घाम र शीत खाएर लमजुङलाई चिनाउन उनले जुन प्रयास गरे त्यसको प्रशंसा जति गरेपनि  थोरै नै हुने छ। तत्काल जनकवि थापा लमजुङेको घर आँगन पुगेका बेला लमजुङेले उनको उपस्थितिमा यस किसिमका उद्गार पोखेको पाइन्छ ।

ठूला पिताजी अहिले कवि श्रीप्रसाद
छन् शान्त कान्त प्रकृतिसँग मौन साथ
के हो रहस्य कविले कविलाई सोध
पाउँन् सबै मुढहरू नवज्ञान बोध ।

आशा लिएर मनमा तरुना हजार,
खोज्दै छ उत्तर भने मन बार बार ।
बोल्दैन यो कवि अझै पनि हामी साथ
बोलाऊ हे जनकवि ! रसिलो प्रभात ।

चिसङ्कू पछि घुम्ने क्रममा चिति तिलहार पुग्दा जनताको तर्फबाट निस्केको स्वागत उद्गार ः

'जनकवि, लमजुङमा आज
स्वागत गर्छ चितिको समाज'

मञ्ज्याङ गाउँमा जनकवि पुग्दा तीजको चाड परेको थियो। सूर्यवन्दनाको टोलीले ताली ठोकेर यस किसिमको जिज्ञासा पोखेको थियो :

पहाडको असजिलो उकाली र ओराली
किन हिँड्यौ कविजी हातमा झोला लिई ।

बौद्ध हिमाल हाँसेको डाँफे चरी नाचेको
वनभित्र न्याउलीले माया गाँसेको
पहरामा सुसेलीको स्वर सुन्न होला कि
पहिले आफ्नो उद्देश्य खोल बोलाकी ?

यहाँका डाँडाकाँडा तिम्रो स्वागत गर्दछन्
वनमा बस्ने जुका पनि पाउमा पर्दछन्
उर्ली उर्ली सुसाउँछन् नदीनाला खोला यी
यिनको भाषा पनि तिमी बुझ्छौ होला कि ?

गौँडाकोटमा चढेर तल चौतारी झर्दा कुहिरोले कविजीको बाटो छेक्थ्यो भने भदौरे भेल नभए पनि जुकाको चलखेल देखेर आश्चर्यचकित पार्थ्यो । कवि हृदयमा जुका झैँ भावना सलबलाए र यस्तो गीति कविता प्रष्फुटित भएको पाइन्छ –

चरी च्याउँ च्याउँ, जुका स्याउँ स्याउँ
मैले हिँड्ने बाटा भरि किरी झ्याउँ झ्याउँ

गौँडाबाट लेउरानीको पाखातिर लाग्दाको यो दृश्य साँच्चै नै सजीव रूपले उनको गीत, कवितामा छताछुल्ल भएको छ ।

लमजुङको लोक संस्कृतिको डोकोमा कोसेलीको पोको बोकेर हिँडेका जनकवि केसरीका लमजुङका डाँडाकाँडा, भीरपहरा, खोला नाला, गुराँसे पाखामा फुरेका कविता, गीतहरू उक्त पुस्तकमै यथास्थानमा रहेका छन्। लमजुङ बाहिर जन्मेर पनि लमजुङको लोक संस्कृतिलाई प्रकाश पार्ने उनको प्रयास अति नै प्रसंसनीय रहेको पाइन्छ। उनको यस किसिमको खोज अनुसन्धानको कार्यले नेपाली साहित्यको लोकसाहित्य, लोकसंस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान थपिएको पनि पाइन्छ । जनकविकेसरी धर्मराज थापाको गुण्टा बोकी हिँड्ने उनको गुण्टे साथी पनि यसबेला स्मरणीय बनेका छन् ।

अन्त्यमा कविजी प्रति यस लेखकको लोक अभिवादन –

धन्य कवि केसरी, तिम्रो ऋण चुकाउँ कसरी

कति तीखा टुल्के आँखा, देख्छन् दायाँ बायाँ
कर्कलीको पानी जस्तो, मनमा घाम छाँया
आज लोक साहित्यमा ल्यायौ युग नयाँ
खोजी हिँड्छौ पखरीमा भ्याउरेकै माया

धन्य कवि केसरी तिम्रो ऋण चुकाउँ कसरी
(२०६५/०४/०१)

### 3=3=2=2 हंसपुरे सुवेदी

हंसपुर, पोखरा, कास्कीमा वि.सं १९९८, मङ्सिरमा जन्मेका तीर्थराज सुवेदीको साहित्यिक नाम हो हंसपुरे सुवेदी। संस्कृतमा आचार्य नेपालीमा एम्.ए. गरेका लोक संस्कृतिविद् हंसपुरे सुवेदीले आधा दर्जन लेखेका पुस्तक मध्ये एउटा पुस्तकको नाम हो – साँस्कृतिक परिवेशमा नेपालको हलो क्रान्ति (२०५९) ।

**साँस्कृतिक परिवेशमा नेपालको हलो क्रान्ति –** प्रस्तुत पुस्तक लमजुङ (दुराडाँडा) मा उठेको हलो आन्दोलन र त्यसको साँस्कृतिक प्रभावबारे लेखिएको पुस्तक हो। अहिले बाउनले हलो जोतेमा त्यो जोत कुनै घतलाग्दो घटना र समाचार बन्न सक्दैन। तर आज भन्दा करिव ६० वर्ष अगाडिको बाउनले हलो जोतेको घटनाले डाँडोखोलो पिटचो । खास गरी कास्की, धादिङ, गोरखा, अर्घाखाँची, स्याङ्जासम्म यो अभियान मडारियो। बाउनले हलो जोत्नु ठीक र वेठीक भन्नेहरू दुई पक्षमा देखिए र कविता लेखिए। यही हलोपर्वलाई ऐतिहासिक तथा साँस्कृतिकरूपमा महत्त्व दिएर हलो आन्दोलनका अगुवाहरूको परिचयसहित व्यापक परिधिमा खोज सङ्कलन गरी पुस्तक प्रदान गर्नु लेखक सुवेदीको ठूलो देन मानिन्छ। यसबाट यस हलो आन्दोलनको राष्ट्रिय महत्त्वसमेत उजागर भएको छ । लमजुङलाई यसरी चिनाउने जुन काम उनले गरे त्यसबाट लमजुङको सामाजिक तथा साहित्यिक धरातल अझ फराकिलो हुन पुगेको छ । उनको यस किसिमको महत्त्वपूर्ण कार्यले गर्दा लमजुङेले पनि उनलाई सदा सम्झनु पर्ने नाम भएको छ।

### 3=3=2=3 तेजप्रकाश श्रेष्ठ र गोविन्द काफ्ले

शोणितपुर (थानकोट) काठमाडौँबाट तेजप्रकाश श्रेष्ठ (२००३/०९/२२) र झापाबाट गोविन्द काफ्ले जोगिरे जीवनको चक्रमा लमजुङ बेसीसहर वि.सं. २०४२/२०४३ मा पुगेको पाइन्छ। वि.सं. २००३ पुस २२ मा बैतडीमा जन्मेपनि साहित्यकार तेजप्रकाश श्रेष्ठको जन्म थातथलो शोणितपुर (थानकोट), काठमाडौँ हो । एम्.ए. (नेपाली) सम्मको शैक्षिक योग्यता बनाएका श्रेष्ठको साहित्यिक योग्यता भने गहन बन्दै गएको पाइन्छ । लेखा तथा प्रशासनको क्षेत्रमा ३१ वर्षको अनुभव सँगालेका श्रेष्ठ विभिन्न साहित्यिक संस्था, पत्रपत्रिका सम्पादन तथा

लोक साहित्यको क्षेत्रमासमेत अनुभव भएको पाइन्छ । उनका प्रकाशित कृतिहरू निम्न प्रकार रहेका छन् ः

कथा सङ्ग्रहहरू : 'बाँचेका क्षणहरू', 'हाट बजार', 'त्रिविध', 'अनुभूत सत्यहरू' रहेका छन् भने उपन्यासमा 'प्रेमको स्मारक', 'सङ्कल्प जिउँदो रहने छ' छन् । बाल साहित्यमा भने उनको थुप्रै कृतिहरू रहेका छन् । जस्तैः 'जुनेली साँझ', 'बूढाको अर्ति', 'बहिनीको कोसेली', 'भिङ्गमार', 'विश्वको बाललोकमा सङ्ग्रह' खण्ड १ र ५, 'तिमी पानी देउ र म फूल दिन्छु' ।

कोषलेखा नियन्त्रण कार्यालयमा रहेका तेजप्रकाश श्रेष्ठ, वनकार्यालयमा रहेका गोविन्द काफ्लेको तत्काल राष्ट्रिय बाणिज्य बैङ्कमा रहेका गोविन्द बाबु तिवारीसँग भेटघाट र कुराकानी पछि उनीहरूको एकआपसमा साहित्य प्रतिको प्रेम र अभिरुचिका कारणले सम्बन्ध गाढा हुन गएको देखिन्छ। कर्मचारी मिलन केन्द्र लमजुङको माध्यमबाट राष्ट्रिय चाडपर्वमा विशेष कार्यक्रमका साथ यी त्रि-मित्र जुटे। लमजुङ बेसीसहरमा नयाँ साहित्यिक रौनक आयो। यसै सिलसिलामा तत्काल लमजुङ (औलो कार्यालय) मा रहेका कुलवहादुर केसी, साना किसान परियोजना सुन्दर बजारका रामवहादुर कोइराला, हरिदेवी कोइरालाहरू पनि साहित्यिक हातेमालोमा जुट्दै गए। दूध पोखरी प्रतिभा परिवारका अध्यक्ष एवम् भक्ति नमुना मा.वि. भोटेओडारका प्र.अ. गोविन्दवहादुर कुँवर, सुन्दरबजार बोर्डिङ स्कुलका प्राचार्य कृष्ण प्रधान आदि सम्मिलित हुन पुगेपछि २/४ वर्ष त लमजुङ  गीत, कविता, हास्यव्यङ्ग्यात्मक साँस्कृतिक कार्यक्रमले जुरुक्कै उचालिएको पाइन्छ ।

लमजुङ बाहिरका चार लमजुङ भित्रका विशेषत दुई श्रष्टाहरूको मिलनबाट षड्कोण बने पछि लमजुङमा साहित्यिक वातावरण बन्दै गएको पाइन्छ । गोविन्दबाबु तिवारी, गोविन्द काफ्ले र तेजप्रकाश श्रेष्ठको संयुक्त रूपमा गोगोते नामबाट 'तेस्रो कोण' प्रकाशन पछि झन नयाँ तरङ उत्पन्न हुन गएको थाहा हुन्छ। यस 'तेस्रो कोण' मा तीन जनाका क्रमशः ७ + ६ + ६ प्रभावशाली रचना सङ्ग्रहित भएका देखिन्छन्। यतिवेलै वि.सं. २०४४ मा कर्मचारी मिलन केन्द्र लमजुङको तर्फबाट मर्स्याङ्दी स्मारिका अङ्क १ पनि प्रकाशित भएको पाइन्छ । यस स्मारिकाले साहित्यतर्फ रुचि भएका शिक्षक कर्मचारीलाई साहित्य लेखनतर्फ घचघच्याएको साहित्यिक माहोल सिर्जना गरेको पाइन्छ।

लमजुङ बाहिरबाट जागिरको दौरानमा लमजुङभित्र आइपुगेका कर्मचारी, शिक्षकहरूको माध्यमबाट लमजुङमा साहित्यिक वातावरण सिर्जना गर्न र साहित्यको विकास गर्न ठूलो योगदान भइरहको पाइन्छ। त्यसैले साहित्यकार तेजप्रकाश श्रेष्ठ, गोविन्द काफ्लेले लमजुङलाई लगाउनु भएको गुण र साहित्यिक योगदान सह्राहनीय भएको पाइन्छ ।

### 3=3=2=4 कुलबहादुर केसी

पोखरा - १६ बाटुलेचौर, अम्बिकाटोल कास्कीमा वि.सं. २००३ असार १४ गते

भोजराज केसी र उषा केसीका सुपुत्रका रूपमा जन्मेका कुलबहादुर केसी लमजुङ बाहिर जन्मेर पनि लमजुङमा साहित्यिक योगदान पुऱ्याउने कविको रूपमा चिनिन्छन्। घरमै प्रारम्भिक शिक्षा लिई मल्टीप्रपोज हाइस्कुलको रात्री कक्षामा दुई वर्ष पढेका केसीले नेपाली शिक्षा परिषद्बाट सञ्चालित २०२९ को प्रवेशिका परीक्षा, कुन्छा केन्द्रमा सम्मिलित भै समुत्तीर्ण भएका देखिन्छन्। जिल्ला औलो कार्यालय कुन्छामा सिनियर ल्याव टेक्निसियनको रूपमा जागिरमा प्रवेश गरेपछि कुन्छाबाट प्रवेशिका परीक्षा पास गर्न उनलाई सम्भव भएको हो । लमजुङले उनलाई योग्यता बृद्धि गर्ने अवसर पनि प्रदान गरेको पाइन्छ ।

हातमा खैजडी समाएर भजन गाउँदै कुन्छा गाउँका सत्यनारायण पूजामा होस् वा पुतली बजार (फागु पूर्णिमा) मा होस् केसीले नयाँ साँस्कृतिक रौनक दिएको पनि पाइन्छ। कुलबहादुर लमजुङमा रहदा साहित्यिक वातावरण सिर्जना गर्न पनि सक्रिय भएर लागेको पाइन्छ। लमजुङले उनलाई मनपरायो वा उनले लमजुङलाई मनपराए, त्यसैले उनी त लमजुङमा वि.सं. २०२८ देखि २०४४ सम्मका बीचमा बाह्रवर्ष बसेको देखिन्छ। बाह्र वर्षमा खोलो पनि फर्कन्छ भने झैँ उनी पटक पटक बाहिर सरुवा भएता पनि लमजुङ फर्केकै पाइन्छ। २०३६ देखि २०३८ सम्म बेसीसहर र २०३९ देखि २०४४ सम्म सुन्दरबजार रहेका कवि केसीले दूध पोखरी प्रतिभा परिवार स्थापना गर्न पनि ठूलो वल पुऱ्याएका थिए। उक्त संस्थाको पहिलो संस्थापक अध्यक्ष कवि गोविन्दबहादुर कुँवर थिए भने उनी पहिलो उपाध्यक्ष भएका थिए। कृष्ण प्रधान, हरिदेवी कोइराला, देवी गुरुङ, देवीदास अधिकारी, रामवहादुर कोइराला आदि साथी लिएर साहित्यिक, शैक्षिक र सामाजिक वातावरण सिर्जना गर्नमा यिनको ठूलो योगदान देखिन्छ। त्यसैले दूधपोखरी प्रतिभा परिवार लमजुङले पनि यिनलाई पहिलो (सालको) अम्बा प्रतिभा पुरस्कारले सम्मान गरेको छ ।

लमजुङमा रहँदा कवि कुलवहादुर केसीको दुईओटा कृति 'मुटुका झिल्का', 'गरिब उस्तै छ' लघु खण्ड काव्य र गीत २०४० र (२०३९) थुप्रै फुटकर कविता र लेखहरूसमेत प्रकाशन भएको देखिन्छ । साहित्यिक रसस्वादनका लागि कवि केसीका कविताबाट केही टुक्रा

हूरी बनी हुन्हुनाई साहसका साथ
मेचीदेखि महाकाली उठाउँछु हात
मेरो हात उठेदेखि कोटी हात उठ्छन्
बाटो हिँड्दा ठेस लाग्ने ढुङ्गाहरू फुट्छन् ।

केसी, कुलबहादुरका 'देश बलत्कारमा परेको छ, आफै आसोच बार्दैछ कविताहरू', प्रगति एजुकेशन फाउण्डेसन पोखरा, २०६१ मा प्रकाशन भएको छ।

विभिन्न सङ्घसंस्थामा आबद्ध रहेका केसी विभिन्न पुरस्कार तथा सम्मानबाट पनि सम्मानित भएका छन्। लमजुङेली साहित्यमा उनले पुऱ्याएको विशेष योगदानका लागि उनी सदैव लमजुङे मानसपटलमा सम्मानित रहने छन् ।

### 3=3=2=5 हरिदेवी कोइराला

रमणीय पोखराको बैदाममा आमा जगतकुमारी भट्टराई, बुबा स्व. योगेन्द्रवहादुर भट्टराइकी छोरीको रूपमा वि.सं. २०१५ साल चैत्र १७ गते आइतबार जन्मेकी हरिदेवी कोइरालाको केही समय कर्म क्षेत्रको रूपमा लमजुङ सुन्दरबजार पनि देखिन्छ। डिप्लोमासम्म अध्ययन गरेकी हरिदेवीको पेसा अध्यापन रहेको देखिन्छ यद्यपि अहिले गायन भएपनि। करिब २६ वर्ष अध्यापन गरेर हाल पति रामबहादुर कोइराला र २ छोरा १ छोरीका साथ गणेशटोल, पोखरामा बस्दै आएकी हरिदेवीलाई गाउन, मानसम्मान ग्रहण गर्न र घरसमेत हेर्न भ्याइ नभ्याइ देखिन्छ। अत्यन्त सादा जीवन यापन गरेर पनि आफैमा रमाइ बसेकी कोइरालामा तडकभडक शून्य भएर पूर्णतातिर उन्मुख भएको पाइन्छ ।

पति रामबहादुर कोइराला साना किसान विकास परियोजना अन्तर्गत लमजुङ, सुन्दरबजारमा २०३९-०४३ तिर रहेका बेला लमजुङ पुगेकी हरिदेवी २ वर्ष जति त कृषि क्याम्पस सुन्दरबजारको विद्यार्थी पनि बनेर बसेको पाइन्छ। लमजुङको बसाइको क्रममा कविता लेखन र गायनको क्षेत्रमा उनले पहिलो ढोका नै खोलेकी थिइन्। पोखरा बाटुलेचौरका कवि कुलबहादुर केसी त्यतिबेला औलो कार्यालय अन्तर्गत सुन्दरबजारमा कार्यरत थिए भने कवि कृष्ण प्रधान एउटा बोर्डिङ स्कुलमा सुन्दरबजार मै सेवारत थिए। स्थानीय लोकगीतका संरक्षक देवी गुरुङ पनि सुन्दरबजार नै रहेका बेला कोइलीको झैँ स्वर भएकी हरिदेवीको लोकगीत गाउने, रेकर्ड गर्ने काम कुलबहादुर र देवी गुरुङकै सक्रियता र प्रेरणाबाट शुभारम्भ भएको कुरा स्वयम् हरिदेवीले अहिले स्मरण गरेको पाइन्छ। लमजुङमा त्यतिबेला नगएकी भए सायद गायनको क्षेत्रमा नभइ हरिदेवी स्कुलको गुरुआमा र घरकी आमाको भूमिका वहन गर्नमै सीमित हुने थिइन्। यसरी लमजुङले एउटा कलाकारलाई कलाकारितातिर लाग्न प्रेरण दिएर गुन लगाएको छ भने कलाकार हरिदेवी कोइरालाले पनि लमजुङलाई गायन र कविता लेखनको क्षेत्रमा ठूलो गुन लगाएकी छन् । लमजुङले साहित्य तथा लोकसाहित्यको क्षेत्रमा कहिल्यै नविर्सने सुनामको रूपमा हरिदेवी कोइरालाको नाम पाएको छ ।

### 3=3=2=6 शालिग्राम अधिकारी

लमजुङ जिल्ला बाहिर स्याङ्जा जिल्लामा जन्मेर पनि लमजुङको साहित्यिक विकासमा योगदान पुऱ्याउने अर्को एक कविको नाम शालिग्राम अधिकारी हो । अधिकारीको बाबुको नाम दुर्गादत्त अधिकारी र आमाको नाम दिलमाया अधिकारी हो । एम्.ए. (नेपाली) को अध्ययन पूरा गरेका अधिकारीले लमजुङको बेसीसहर छिरेर मर्स्याङ्दी क्याम्पस, बेसीसहरमा प्राध्यापन गरेकै १६ वर्ष नाघिसकेको छ । प्राध्यापन पेसामात्र होइन घरबारसमेत लमजुङमा जोडेका अधिकारी अहिले १ छोरा १ छोरीका बाबुसमेत बनेका छन् । उनको हालसम्म एक कविता सङ्ग्रह प्रकाशमा आएको छ जुन 'आकास खुल्छ' कविता सङ्ग्रह हो ।

**आकास खुल्छ –** स्याङ्जाका कवि दाइ नारायण अधिकारीको प्रभावले साहित्यमा

रुचि बढाएका शालिग्रामले 'आकास खुल्छ' (२०५९) कवित सङ्ग्रह प्रकाशमा ल्याएका छन् । यस सङ्ग्रहमा उनका २४ ओटा कविताहरू सङ्ग्रहित भएका छन् । फुट्कर गद्य कविता रचना र प्रकाशन गर्दागर्दै उनको यो कृति जन्मिएको पाइन्छ । समसामयिक विषय टपक्क टिपेर विद्यमान परिस्थितिको चित्रण गर्दै द्वन्द्वग्रस्त, अशान्त र अँध्यारो संसारमा फेरि शान्तिको उज्यालो लिएर आकाश खुल्ने छ भन्ने विश्वास उनले कवितामा प्रकट गरेको पाइन्छ ।

उनका गद्य कविता प्रायः लघु आकारमा रहेका पाइन्छन् । कलात्मकता भन्दा भाव प्राधान्यताका हिसावले उनका कविता आएका देखिन्छन् । आफूले देखे सुनेका, भोगेका तथा आफ्नै वरिपरि छरिएका विकृति र विसङ्गतिको तुवालो चिरेर स्वच्छ शान्तिको आमन्त्रण उनका कवितामा भएको पाइन्छ । कोरा कल्पनामात्र होइन दृढ आस्थाका साथ उनका विचार प्रकट भएको पाइन्छ । छोटा भनाइमा भाव गाम्भिर्यतासाथ सारपूर्ण सन्देश पस्कन सक्नु उनको वैशिष्टच हो । गद्य कविताका साथसाथै समालोचनात्मक लेख लेख्नु र विश्लेषण गर्नु पनि उनको अर्को विशेषता हो । लमजुङलाई कर्मभूमि बनाएर साधनारत अधिकारीले लमजुङे साहित्यिक धरातललाई माथि उठाउन निरन्तरता दिइरहेको पाइन्छ । लमजुङे साहित्यलाई उनीद्वारा दिइएको योगदन नै लमजुङे साहित्यमा महत्त्वपूर्ण प्राप्ति भएको छ । अध्यापन र साहित्यसाधना एक अर्काको पूरक पनि भएको हुँदा उनको साहित्य साधना सफलतातर्फ उन्मुख भएको पाइन्छ ।

लमजुङको प्राकृतिक, सामाजिक, साँस्कृतिक, ऐतिहासिक पक्षहरूलाई विषय बनाएर कविता, लेख आदि लेखी लमजुङको साहित्य विकासमा धेरथोर योगदान पुऱ्याउने लमजुङ बाहिरका विभिन्न कवि तथा लेखकहरू देखिन्छन् । लमजुङको एक गाउँ, 'बोराङ' शीर्षकमा कविता लेखेर **भारती** पत्रिकामा प्रकाशन गर्ने काम २००७ साल अगावै कवि एवम् पण्डित माधवप्रसाद देवकोटाले गराका थिए । यस्तै कुलमणी देवकोटा, डा. तुलसी भट्टराई, यज्ञनिधि दाहाल, दीनानाथ पण्डित, कृष्ण प्रधान, रामचन्द्र पण्डित, हरिशरण शर्मा, लक्ष्मी राई आदिको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । उनीहरूले लमजुङको साहित्यिक विकासमा पुऱ्याएको योगदान स्मरणीय रहेको पाइन्छ ।

## 3=3=3 प्रकाशित साहित्यिक कृति नभए पनि फुटकर रचनाद्वारा लमजुङमा विशेष साहित्यिक योगदान पुऱ्याउने स्रष्टाहरू

### 3=3=3.1 देउबहादुर दुरा

देउबहादुर दुराको जन्म लमजुङ जिल्लाको हाँडीखोला, बर्धनमा १९५० सालमा भएको हो । मझौला कद, हिस्सी परेको मुहार, छड्किलो र गठिलो शरीरका देउबहादुर दुरा लाहुरे भएर पनि चैतेदसैंको तुर्लुङ्कोटबजार, शिवरात्रीको करापुटारबाजारमा ठाडो भाकामा गीत गाउन टुट्दैनथे । ठाडो भाका गीत उनले जमाएका हुन् । ठाडो भाका त्यो बेलामा गाउने अन्य गायकहरू थिए मणिराम गुरुङ (ठूलस्वाँरा), पञ्चसुब्बा गुरुङ (रबैडाँडा), बौद्धसिंह गुरुङ

(गोर्जे), मणिलाल गुरुङ, बखतबहादुर गुरुङ (कास्की हँसपुर, मादीपारी) थिए । महिला गायकमा मैह्रामी (लक्ष्मी दुरा), हाँडी खोला बर्धन, गौमाया दुरा, भक्ति दुरा (कान्छा) थिए ।

बर्धनैबाट देउबहादुर झऱ्यो
नेटाबाट मैह्रानी, (फेद)
सुपारीबोटमा, करापुटारको महादेव पार्वतीको मठमा
दोहरी भइरहनी (टुप्पा)
मैह्रानी : सरमा सर दमाइ दाइको घर
सियो सिउदै खिएको (फेद)
के गरौँ कुरा निकै मै हु भन्छ देउबहादुर दुरा
गाई चऱ्यो भिरमा, ढाका टोपी ढल्काइराछ शिरमा
मैले नै हो दिएको (टुप्पा)
बैनी मेरी कान्छी बुनी रहन्छे सँधै
भुत्लाको चकटी, (फेदी)
वीर पनलाई खा'को यो नरलोकमा के भनी रा'को
खै लेउ मेरो बालो लैजाउ तेरो खालो
इज्जताफाला नकटी (टुप्पा)

उनका गीतहरूलाई सङ्कलन गर्न सकेमा गीतको ठेली नै तयार हुने देखिन्छ । लाहुर जाने र आउने क्रममा बाटाका महत्त्वपूर्ण ठाउँमा समेत ठाडो भाकाका गीत, लोकगीतहरू उनले रन्काएका थिए ।

नौतुनवा निम्ता छ मलाइ
जानु पऱ्यो जोर मादल भिरेर

गीत गाउन मात्र होइन खेलकुदमा सहभागी हुनेतर्फ पनि उनको ध्यान गएको थियो। कति ठाउँमा बजारमा ठेलो हानेर पनि उनी पहिला भएका थिए । त्रिचालीस वर्षको अल्पायुमै रोगले ग्रस्त भएर १९९३ सालमा देउवहादुर दिवङ्गत भए । उनको निधनले लमजुङको लोक साहित्यको क्षेत्रमा अपुरणीय क्षति तत्काल देखिए पनि उनले दिएका लोक गीत (ठाडो भाका) ले भने लमजुङ अहिलेसम्म धनी कहलिएको छ ।

## 3=3=3.2 हरिभक्त गुरुङ

हरिभक्त गुरुङ - आरीकोशी गा.पं. का कार्यवहाक प्र.पं समेत भएका थिए । यिनी नेपाली भाषा, दुराभाषा, गुरुङ भाषामा कविता रच्थे । जनमानसमा निकै लोकप्रिय स्थान जमाउन सफल गुरुङ बसाइँसराइँको क्रममा नवलपरासी झरेपछि उनको भाषिक तथा साहित्यिक गतिबिधि प्रकाशमा आएको पाइदैन तापनि गुरुङ भाषाको उत्थानमा उनको महत्त्वपूर्ण योगदान रहेको मानिन्छ ।

### 3=3=3.3 टीकाराम घिमिरे

लमजुङ जिल्लाको पुस्तुन बाहुनडाँडामा वि.सं. १९७६ कार्तिकमा जन्मेका टीकाराम घिमिरे, बाबु पीताम्बर घिमिरे र आमा तुलसी घिमिरेका तीन भाइ छोराहरूमा माहिला थिए। घरमा साधारण अक्षरारम्भ गरेर मटियानी, जनकपुरबाट मध्यमा सरहको शिक्षा उनले आर्जन गरेका थिए। लमजुङ गाउँसहरमा वि.सं. २००५ सालमा खुलेको आधार स्कुल लमजुङका संस्थापक प्रधानाध्यापकको रूपमा कवि माधव घिमिरे थिए। उनी त्यतिवेतला जेठा गुरुका रूपमा प्रतिष्ठित थिए भने माइला गुरुका रूपमा टीकारमा अधिकारी र साहिला गुरुका रूपमा तीर्थराज अधिकारी प्रख्यात बने। यसरी घरमा पनि माइलो र स्कुलमा पनि माइला गुरुका रूपमा प्रख्यात टीकाराम घिमिरे वि.सं. २००६ सालदेखि २०३४ माघसम्म  लमजुङ मा.वि. गाउँसहरको निम्न माध्यमिक दरबन्दीमा रही सेवारत रहे। सहकर्मी मित्र तीर्थराज अधिकारीसँग कवितामा विपक्षमा रहेर 'छाडी चिसो पानी जान्न म त चितौन' भनेता पनि २८ वर्ष लमजुङ गाउँसहरमा पढाएर चितौन बसाइँ सरेका थिए। चितौनका राइगन्ज, गुन्जनगर, भीमनगर अध्यापनको क्रममा पुगेका टीकारामले वि.सं. १९३७ मार्गदेखि शिक्षण पेसाबाट अनिवार्य अवकाश लिएका थिए।

लमजुङ, गाउँसहरमा रहदा संयोगले विख्यात कविहरू राष्ट्रकवि माधव घिमिरे, कवि तीर्थराज शर्मा अधिकारी, रामनाथ खनाल र कवि उमाकान्त देवकोटासँगको सहवासले कवि हृदयी माइला गुरु टीकारमाको काव्य कौशलता बढ्न गएको पाइन्छ। ठटचौलो स्वभावले हँसाउने, कविता लेखी सुनाउने माइला गुरुसँग ३ वर्ष जतिसँगै अध्यापन गर्न पाएको मीठो संस्मरण यस कलमकारको पनि रहेको छ। हास्य व्यङ्ग्यात्मक कविता लेख्नमा टीकाराम माहिर मानिन्थे। यात्रा वर्णन, नारी जागरण जस्ता विषयमा गीत, कविता लेखेर आफ्नो कवित्व शक्तिको प्रसारण गरेका टीकाराम नारी चेतनावादी कविको रूपमा पनि चिनिन्छन्।

कवि तीर्थराज शर्माको वि.सं. २०२२ को कविता

छोडी चिसो पानी
दुःखको भारी विसौन
जान्छु म त चितौन
पुस्ता पुस्ता वितौन

तीर्थराजको कविताको प्रत्युत्तरमा टीकारामको गीत :

छोडी चिसोपानी
जान्न म त चितौन
जिन्दानी वितौन
पानी त्यो कुवाको
वाल्टिनीले उवाको
झार पात डुवाको

यस किसिमका दोहरी गीत कविता उनीहरूले लेखरे साहित्य रसिकहरूलाई आनन्दित तुल्याएको थिए । लेखेका थिए । कविता यसरी जुहारी खेल्ने कवि द्वय मध्ये टीकारामको वि.सं. २०३९ सालमै निधन भएको छ भने जेठा गुरु राष्ट्रकवि घिमिरे, साहिला गुरु तीर्थराज अधिकारी, उमाकानत देवकोटा, रामनाथ खनाल अझै दीर्घ जीवनको घडीमा पनि काव्य साधनामा निमग्न रहेका पाइन्छन् ।

कवि टीकारामद्वारा २०१४ साल साउन सक्रान्तिका दिन 'अकला षोडसी' शीर्षकमा लेखिएको विधुवा विलापको मार्मिक एक कवितात्मक टुक्रा :

माथमा छैन सिन्दुर-विन्दु आँखामा गाजल
नाकमा छैन झल्कने फुली फुकेको कपाल ।
हातमा छैनन् झिनियाँ चुरा न हार गलामा
विरह ज्वाला दन्केर मूर्छा पर्दछिन् पलामा ।

अघि झैँ उट्छ सुस्केरा तर उठाइ लाँदैन
नदी झैँ वग्छे आँसुको धारा वगाइ लाँदैन
विरह आगो दन्किन्छ भित्र खरानी पर्दैन
विधवालाई निल्दैन शून्य धरती फाट्दैन ।

नारीलाई पुरुष सरह स्वतन्त्रता, शिक्षा, अधिकार दिनु पर्छ भन्दै नारी पक्षमा कविले कविता, तीजको गीत २०१२/०१५ सालतिर लेखेको पाइन्छ ।

'दुलहीको माग' शीर्षकमा लेखिएको कविताको अंश :

सुवर्णका गहना सुवर्णकी नारीलाई
किन व्यर्थै चाहियो यसै राम्रो छ
चोर पनि नलाग्ने साहू पनि नलाग्ने
मुख्य शिक्षा गहनाको माग हाम्रो छ ।

यसरी कवि टीकारामले नारी शिक्षाको आवश्यकता औंल्याउँदै आज भन्दा ५० वर्ष पहिले गरेको प्रयास प्रशंसनीय पाइन्छ ।

यसरी शिक्षण, समाज सुधार, नारी जागरण, प्राकृतिक वर्णन, जस्ता विषयमा युग सुहाउँदो स्वादिला रचना दिएर लमजुङे साहित्यलाई टीकारामले गुन लगाएको पाइन्छ । उनले पुऱ्याएको साहित्यिक योगदान लमजुङे साहित्यका माध्यमबाट नेपाली साहित्यमा सदा अविस्मरणीय रहने छ ।

### 3-3-3.4 भूपनिधि पन्त

पिता कोशनिधि पन्त र माता खिलकुमारी पन्तका सपुत भूपनिधि पन्तले १९९५ सालमा जागिरको क्रममा पाल्पाको भूमिमा पहिलो पाइला टेकेको भए पनि घर भने खत्रीचौर, उदिपुर, लमजुङमा पर्दछ । ६ वर्षको बाल्यावस्थामै पितालाई गुमाएका पन्तको जीवन अत्यन्त सङ्घर्षमय ढङ्गले अगाडि बढेको पाइन्छ । नाता सम्बन्धका हिसावले सामान्य शिक्षा लिन उनले पाल्पा, दुराडाँडा, काठमाडौं चाहारेर खासै उपलब्धि हाँसिल गर्न नसके पनि २०१५ सालमा नर्मल तालीम लिएर केही समय अध्यापक भै कामसमेत गरेका थिए । पछि ढिलै भएपनि एस्.एल्.सी. पास गरेर महान्यायाधिवक्ताको कार्यालयमा २०२२ सालमा खरिदार भएर सरकारी जागिरेसमेत बनेका थिए । त्यस पछि जागिर पनि खाँदै र अनुकूल मिलेका बखत पढ्दै पनि गरेर २०४४/४५ सालमा आइपुग्दा स्नातकोत्तरसम्मको शिक्षा (नेपाली) सफलताका साथ हासिल गरेका छन् ।

सङ्घर्षले जुद्धै जीवनमा अगाडि बढेका पन्तको अखवारी कार्यमा पनि ठूलो दखलता देखिन्छ । हालखबर, गोरखापत्रमा बाह्र पन्ध्र सालदेखि नै विशेष लेख, कविता, लिएर लागेका पन्तले 'साप्ताहिक जन आस्था', 'सप्तगण्डकी' साप्ताहिकमा स्तम्भकार भएर लामो समयसम्म लेखेको पाइन्छ । कविताबाट आफ्नो काव्य-यात्रा सुरु गरेपनि पन्त हाल 'गद्य लेखनको विकास' मा लागि साहित्यिक विशिष्टता हासिल गर्न तल्लीन भएका पाइन्छन् । उनैको अध्यक्षतामा 'नेपाल गद्य लेखक परिषद्' (२०६३) पोखरामा स्थापना भएको छ । यसै संस्थाका माध्यमबाट उत्कृष्ट गद्य लेखक कमलमणि दीक्षित उनैको लेखक परिषदबाट सम्मानितसमेत भइसकेका छन् । कानुन व्यवसायी, पत्रकार, मानवाधिकारवादी र साहित्यकारसमेत गरी पन्तमा चतुर्मुखी व्यक्तित्त्व भेटिन्छ तापनि गद्य साहित्यलेखनमा नै उनको विशिष्टता भेटिन्छ । छोटा छोटा तर मार्मिक र चोटिला वाक्य भएका उनका गद्य लेख प्रायः ऐतिहासिक क्षेत्रलाई समाएका पाइन्छन् । आफ्नो राष्ट्र, राष्ट्रियता प्रधान उनका ओजपूर्ण लेखहरूले उनको विशिष्टता झल्काएको पाइन्छ । 'लमजुङ संगम' मा पनि उनको देन विशिष्ट देखिन्छ । नेपाली गद्य साहित्यका फाँटमा उनको योगदान महत्त्वपूर्ण रहेको छ । यस किसिमका विराट प्रतिभा पाएर लमजुङ साहित्य गौरवान्वित भएको पाइन्छ ।

### 3-3-3.5 वासुदेव शर्मा अधिकारी

भार्ते, सिरुबारीमा वि.सं. १९९८ सालमा आमा नन्दकुमारीका कोखबाट वासुदेव शर्मा अधिकारीको जन्म भएको हो । बाबु तुलसीप्रसाद उपाध्याय राणाकालमा जागिरे भएको हुँदा उनले काठमाडौँमा रहेर शिक्षा हाँसिल गरेका थिए । एस्.एल्.सी. पास गरेर शिक्षण पेसामा प्रवेश गरेपछि आइ.ए., वी.ए. र वी.एड्. सम्मको योग्यता हाँसिल गरेर लमजुङका विभिन्न स्कुलमा शिक्षण गरेका थिए । शर्माले स्थानीय सूर्योदय मा.वि. मा सबैभन्दा बढी सेवा र योगदान पनि पुऱ्याएका थिए । उनको शिक्षणकालमा सूर्योदय मा.वि. भन्नु नै वासु र वासु भन्नु नै सूर्योदय मा.वि. जस्तै भएको थियो । यही स्कुलमा सेवा गर्दागर्दैको अवस्थामा जेलमा परेर जनक्रान्तिको दौरानमा उनले २०५८ साल पौषमा वीरगति प्राप्त गरेका थिए ।

वासुदेव शर्मा लमजुङमा एक समाजसेवी, कर्तव्यनिष्ट इमान्दार शिक्षक तथा प्रगतिशील साहित्यकारका रूपमा चिनिन्छन् । दूध-पोखरी प्रतिभा परिवार, लमजुङे युवा साहित्य समाज आदिले आयोजना गरेका साहित्यिक समारोहमा व्यङ्ग्यविद्रोह, क्रान्तिचेत र देशभक्तिले भरिएका जोसिला कविता सुनाएर उनी चर्चाको शिखरमा आइरहन्थे । कथा भन्न रुचाउने शर्मा विद्यार्थीका बीच पनि निकै प्रिय रहेका थिए । फुटकर कविताहरूमात्र होइन हालै उनको **'कुनचाहिँ धर्म कुनचाहिँ अधर्म'**, खण्डकाव्य प्रकाशनको क्रममा रहेको कुरा पारिवारिक श्रोतबाट थाहभएको छ । सुप्रसिद्ध प्रगतिशील साहित्यकार रविकिरण 'निर्जीव' को अग्रसरतामा प्रकाशन हुनलागेको उक्त काव्यले धर्मको नाममा भएका पाखण्डहरूलाई सप्रमाण भण्डाफोर गरेको पाइन्छ । एकसय पेजमा रहेको उक्त काव्यमा छन्द, रस, अलङ्कार समेतको राम्ररी संयोजन भएको पाइन्छ । धर्म, दर्शन, विज्ञानले युक्त उक्त काव्य निकै गहकिलो देखिन्छ । निर्भिक, सत्यनिष्ठ शर्माको सफा र स्वच्छ चरित्र जस्तै उनको कृति पनि वस्तुपरक, तथ्यपरक पाइन्छ । वासुदेव शर्माको जिउँदो-जाग्दो योगदानले लमजुङको प्रगतिशील साहित्यको उत्थानमा ठूलो योगदान थपेको मानिन्छ ।

वासुदेव शर्माका कवितामा क्रान्तिको चेत, देशभक्तिको गान, प्रकृतिप्रेम, मानवप्रेम प्रकट भएको पाइन्छ । एक लमजुङे सपुत वा सुपुत्रीको प्रतीकको रूपमा मर्स्याङ्दीलाई लिएर देशभक्तिको भाव कवितामा उनले यसरी पोखेको पाइन्छ –

> अग्ला अग्ला हिमगिरि मिली जन्म तिम्रो गराए
> कुल्कुल् कुल्कुल् झरझर गरी बग्न सक्ने बनाए
> त्यस्को पैँचो तिर अब तिमी ऋणको बोझ झार
> हे मर्स्याङ्दी लमजुङ छिटो झल्झलाकार पार ।

## 3=3=3.6 ठाकुरप्रसाद 'छाँगा'

पिता शोभाकान्त अधिकारी र माता दमयन्ता अधिकारीका कोखबाट २००१ साल फागुन १८ गते लमजुङको दुराडाँडा, स्वाँराको धर्तीमा ठाकुरप्रसाद 'छाँगा'ले पहिलो पाइला टेकेका हुन् । शिक्षा सदन प्राइमरी स्कुल स्वाँराबाट औपचारिक शिक्षा लिनुभन्दा अगाडि बर्मा प्रवासमा केही वर्ष बसेर फर्केका शिक्षाप्रेमी अभिभावक (गुरु) रामदत्त अधिकारीको घरआँगनबाट प्रारम्भिक शिक्षा लिएका छाँगाले लमजुङकै जेठो सर्वोदय हाइस्कुलबाट एस्.एल्.सी. पास गरेका हुन् । काठमाडौँमा उच्च शिक्षाध्ययनका लागि ४ वर्ष विताइ वी.ए. पास गरेर फर्के लगतै सर्वोदय हाइस्कुलमा अङ्ग्रेजी शिक्षक बनेका 'छाँगा' पछि सर्वोदयमै प्रधानाध्यापक भएर २५ वर्ष विताएको पाइन्छ । सर्वोदयबाट मंगला उ.मा.वि. सोतीपसलमा ९ महिना प्र.अ. भै कार्य गरेपछि राजीनामा दिई अर्थलीप्याराडाइज बोर्डिङ स्कुलको संस्थापक प्रिन्सिपल भै आजसम्म अध्यापन कार्य गरिरहेको पाइन्छ ।

स्कुले विद्यार्थी अवस्थादेखि नै कविता लेख्न सुरु गरेका 'छाँगा' ले २०२१/२२ सालतिर उच्च शिक्षाध्ययन कै क्रममा रेडियो नेपालबाट दुई लोकगीतहरू समेत गाएका

थिए। 'पाउदी खोला धमिलो पानी, एउटा रुमाल धुदैमा दिन जानी' र तिजे भाकामा 'राखेको टोपी झिकी देऊ आवै दिदीलाई लिन जान्छु नि है' गीत गाएर गायन प्रतिभाको पनि परिचय दिएका छन् । त्यो भन्दा अघि उनले २०१५ सालको आम चुनावमा माइकका माध्यमबाट आफ्ना गीतहरू घन्काइसकेका थिए । विद्यार्थी अवस्थामा उनको सर्वोदय हास्कुलको 'गण्डकी मुहान' स्मारिकामा 'लौरो' कविता छापिएको थियो ।

'लौराको यदि खास अर्थ बुझ्दा लौ को त लौ भै गयो
रोको रो पिटाइ पाइ यसको लौरो यसैले भयो ।
(लौरो : कविताको यो एक टुक्रा)

काठमाडौँमा कवि 'छाँगा' पढ्न बस्दा र यो कलमकार सर्वोदय हाइस्कुलमा पढ्दै गर्दा झ्याउरे लयमा चिठी पत्रहरू आदनप्रदान भै रहन्थे । 'चिठी पत्र पठाउनु विजय, नत्र रुन्छ दुःखीको हृदय' यस किसिमका झ्याउरेमा दोहरी चिठी त्यो बेला चलेको पाइन्छ ।

जमानामा काठमाडौँबाट सर्वोदय पढाउन आएका शिक्षक कृष्णबहादुर सिंहबाट 'छाँगा' उपनाम पाएका कवि ठाकुरप्रसाद कविता लेख्न मात्र होइन हरेक काम गर्न 'छाँगा' झैँ छल्किएको पाइन्छ । 'छाँगा' सँग पढ्ने विद्यार्थीहरूले उनको छिटोछरितो र चलाखीपन देखेर अर्को उपनाम थपिदिएका थिए 'काग' । दुवै आँखाले यता र उती हेर्न सक्ने चातुर्यता वा सामर्थ्यता देखेर नै आफ्ना प्रिय प्रधानाध्यापकलाई 'काग' उपनाम समेत थपेका थिए ।

छन्दप्रेमी कवि 'छाँगा' का कविता गन्ने हो भने एक डोको भैसकेका होलान् तर प्रकाशति कृति भने आजसम्म लमजुङे साहित्यले पाएको छैन । जे पाएको छ फुटकर कविता, गीतकै रूपमा मात्र प्रशस्त पाएको छ । प्रायः अनुष्टुप छन्दमा कलम चलाउने 'छाँगा' का कवितामा प्रकृति, गामघरका स्थिति र देशकाल परिस्थितिले जन्माएका समसामयिक स्थिति नै झल्केको पाइन्छ । सकेसम्म निष्पक्ष, तटस्थ र कटु सत्य सावित हुने गरेर आउने उनका कविताले लमजुङको मनलाई जितेको पाइन्छ । 'आज नेपाल बन्द छ' जस्ता शीर्षकमा अस्थिर राजनीति, विकृतिका विरुद्ध हास्य व्यङ्ग्यात्मक ढङ्गले छेड हानेको पनि पाइन्छ ।

सर्वोदय उच्च मा.वि. को प्रारम्भ, उपज स्मृति, भवनको निर्माण र स्कुललाई राजनीतिक हस्तक्षेपबाट जोगाउन प्रयास गरेका 'छाँगा' ले हिजोआज साहित्यका माध्यमबाट समाजमा उच्च संस्कार बसाल्नका लागि प्रयात्न गरेको पाइन्छ । लमजुङे साहित्यका माध्यमबाट उनले नेपाली साहित्यलाई पुऱ्याएको योगदान सह्राहनीय पाइन्छ ।

### 3-3-3.7 देवीदास अधिकारी

लमजुङको दुराडाँडा पाँचघरेमा २००५ साल पौष २६ गते आमा देवाकादेवी अधिकारीको कोखबाट देवीदास अधिकारीको उदय भएको हो । तीन दाजुभाइ मध्ये जेठा देवीदासले बाबु दण्डपाणि अधिकारीबाट घरमै प्रारम्भिक शिक्षा लिएर २०२४ सालमा सर्वोदय हाइस्कुलबाट एस्.एल्.सी. पास गरेका हुन् । गाउफर्क प्रा.वि. दुराडाँडा, प्रभात मा.वि. वडा

गाउँ, बालआदर्श मा.वि. सुन्दरबजार, लमजुङसमेतमा अध्यापन गरेका अधिकारीले योग्यतासमेत बृद्धि गराउँदै हाल भने बालकुमारी क्याम्पस भरतपुर चितवनमा प्राध्यापन पेसामा सङ्लग्न रहेका छन् ।

लमजुङमा रहदादेखि नै सुरिलो स्वरमा आफ्नो साहित्यिक राग घन्काइ सकेका अधिकारीले चितवनमा पनि चितवन साहित्य परिषद् तथा क्याम्पस आदिका माध्यमबाट आफूलाई साहित्यिक क्षेत्रमा स्थापित गरिसकेका छन् । उनकै कैयौँ फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका पाइन्छन् । छन्दमा विशेष रुचि र प्रेम राख्ने कवि देवीदासको कलम पनि गीत र कवितातर्फ नै बढी चलेको पाइन्छ । लमजुङको साहित्यिक मौलोलाई ओजिलो बनाउन उनको प्रयास सह्राहनीय छ ।

### 3:3:3.8 चेतोनाथ अधिकारी

लमजुङको विचौर गाउँमा वि.सं. २००८ वैशाखमा आमा दिलुमाया अधिकारीको कोखबाट चेतोनाथ अधिकारीको जन्म भएको हो । चेतोनाथका बाबुको नाम होमनाथ थियो । होमनाथ पढेलेखेका पण्डित थिए । चेतोनाथले भने पाँचै वर्षको उमेरमा आफ्ना बाबुलाई गुमाएका थिए । एक्ली आमाको मायालु स्नेहबाट चेतोनाथ हुर्किए । स्थानीय भाषा पाठशालाका तत्कालीन गुरु विष्णुदत्त भट्टराईको सामिप्यमा उनले प्रारम्भिक शिक्षा हाँसिल गरेका थिए । भिनाजु नाता पर्ने बाबुराम दवाडी (मेजर) को माध्यमबाट १३ वर्षको उमेरमा हिँडेर काठमाडौँ पुगी रानीपोखरी संस्कृत पाठशालाको छात्रावासमा अध्ययन गरी मध्यमासम्मको योग्यता हाँसिल गरेर घर गाउँमा फर्केका थिए । गाउँमा फर्केपछि स्थानीय वागीश्वरी मा.वि. मा अध्यापन गर्दागर्दै प्राइभेट परीक्षार्थीको रूपमा शास्त्रीको परीक्षा दिएर शास्त्री द्वितीय श्रेणीमा समुत्तीर्ण भई आफ्नो प्रतिभाको परिचय दिएका हुन् । मा.वि. नेपाली शिक्षक भएर लामो समयसम्म स्थानीय माध्यमिक विद्यालयमा अध्यापन गरेर एक कुशल शिक्षकको रूपमा पनि उनी चिनिएका थिए । हाल अध्यापन पेसाबाट राजीनामा दिई निवृत्त शिक्षक चेतोनाथ हाल घर-गृहस्थीको जीवन विताइरहेका छन् । समाजसेवा, शिक्षा र पुराणवाचनको क्षेत्रमा उनले आफ्नो उत्तरार्धको जीवन व्यतित गर्दै रहेको पाइन्छ ।

रानीपोखरी संस्कृत पाठशालामा पढ्दादेखि नै साहित्यतर्फ विशेष झुकाव र खुवी समेत देखाएका चेतोनाथका फुटकर कविताहरू त्यतिवेला पनि गोरखापत्र आदि पत्रिकामा फाट्टफुट्ट प्रकाशन भएका हुन् । वागीश्वरी मा.वि. मा शिक्षक भएपछि वीरेन्द्र शुभराज्याज्याभिषेक, जिल्ला स्तरीय कविता प्रतियोगितामा प्रथम भएदेखि नै जिल्लास्तरीय कविको रूपमा उनी चिरपरिचित रहदै आएका पाइन्छन् ।

शास्त्रीय आधारमा छन्दोबद्ध कविता लेख्ने लमजुङका कविहरू मध्ये उनी पनि एक सशक्त कवि हुन् । उनको काव्यिक व्यक्तित्को कदर गरेर दूध-पोखरी प्रतिभा परिवार भोटेओडार, लमजुङले अम्बा प्रतिभा पुरस्कार, द रेयुकाइ नेपाल, लमजुङ उपशाखाले साहित्यकार वी.पी. प्रतिभा पुरस्कार उनलाई प्रदान गरेको छ ।

चेतोनाथका काव्यिक क्षमताको पहिचान दिने खालको एक उनैको कविताको एक टुक्रा 'कवि' शीर्षकमा यस प्रकार रहेको पाइन्छ ।

> मौरी झैँ रस चाखदै कुसमको उद्यानमा खेलने
> स्रष्टा हुन् कवि काव्यको रस झिकी सर्वत्र फैलाउने
> निर्माता सु-समाजमा पनि उनी हुन् साहसिला कवि
> पुग्दैनन् जन ठाउँमा रवि त्यहाँ पुग्छन् सजिलै कवि ।

यस किसिमका वजनदार कविता लेखन कार्यमा चेतोनाथले करिव साढे तीन दशक वर्ष विताएको पाइन्छ । उनको कविता-यात्रा शुरुको रानीपोखरी संस्कृत छात्रावासमा अध्ययनमा रहँदादेखि प्रारम्भ भएको पाइन्छ । उनको कविता यात्राको प्रथम चरणमा कविता लेखनले तीव्रता पाएको देखिन्छ । मध्ययमा पास गरेर गाउँमा फर्केपछिका केही वर्ष अर्थात् ( २०२६ - २०३२ सम्म पनि उनी कविता लेखनमा क्रियाशील देखिन्छन् । जिल्लाको सदरमुकाम वेसीसहर साहित्यिक उर्वर स्थल भोटेओडारबाट विचौर विमुख अर्थात दूर भएकाले पनि उनको कविता लेखनमा केही सुस्ती आएको पाइन्छ । विद्यार्थी रहदा नै कविता लेखनका क्षेत्रमा चर्चामा आएका चेतोनाथ शिक्षण पेसामा प्रवेश पछि लमजुङको जिल्लास्तरीय कविता लेखन प्रतियोगिता वेलावेलामा पुरस्कृत भएको पाइन्छ । लमजुङमा स्थापित अम्बा प्रतिभा पुरस्कार, वी.पी. स्मृति पुरस्कार समेत उनले प्राप्त गरेका छन् ।

उनको कविता लेखनको यात्रा अध्यापन कार्य छाडेपछि पनि त्यति द्रूततर देखिदैन तापनि स्थानीय स्तरमा उनले सल्लाहकार एवम् अभिभावकको भूमिका निर्वाह गरेर साहित्यिक वातावरण सिर्जनामा वल पुऱ्याएको पाइन्छ ।

छन्द, गण, अलङ्कार, अनुप्रास राम्ररी मिलाएर कविता लेखनमा अभिरुचि राख्ने कवि चेतोनाथका प्रकाशित कृति भने अहिलेसम्म प्रकाशित भएको पाईँदैन । फुटकर कविताकै माध्यमबाट पनि उनी लमजुङमा चर्चित छन् । लमजुङबाट प्रकाशित साहित्यिक पत्रपत्रिकामा उनका परिपाक कविताहरू पढ्न पाइन्छन् । लमजुङको कविता विधाको विकासमा उनले उल्लेख्य योगदान दिएको पाइन्छ । लमजुङे साहित्या-वाटिकामा फुलेर मीठो सुवास छर्ने चेतोनाथ एक आदर्श कविको रूपमा स्थापित भएका पाइन्छन् ।

उनको प्रारम्भिक कविता लेखनको गति र शक्तिलाई अवलोकन गर्दा राष्ट्रिय प्रतिभाको रूपमा विकसित हुनुपर्ने देखिन्छ । उनको प्रतिभाले केन्द्रबाट घरगाउँ फर्केपछि राम्रो वातावरण भेट्टाउन नसक्दा प्रतिभा लुप्त हुन पुगेको पाइन्छ । तापनि जिल्लास्तरीय काव्य प्रतिभाको रूपमा भने उनी स्थापित छन्, सम्मानित छन् । उनले कविता विधाको उन्नयनमा पुऱ्याएको योगदान आउँदा दिनमा अझ चहकिने देखिन्छ ।

## 3=3=3.9 ज्ञानहरि अधिकारी

ज्ञानहरि अधिकारीको जन्म वि.सं. २०१७ चैत्र १२ मा जलुक्पानी, दुराडाँडामा भएको

हो । पिता पारासर अधिकारी र माता जमुनादेवी अधिकारीका ज्येष्ठ सुपुत्र ज्ञानहरि अधिकारीको पठनपाठन २००७ सालमा स्थापित सहयोग सदनमा भएको हो । पाणिनी संस्कृत मा.वि.को २०२६ सालमा स्थापना भए पछि यसैमा सहयोग सदन विलय भएको थियो । यही पाणिनी मा.वि. बाट २०३६ सालमा द्वित्तीय श्रेणीमा एस्.एल्.सी. पास भएपछि सरस्वती क्याम्पस, रत्नराज्य क्याम्पस काठमाडौँ हुँदै उच्च शिक्षा आर्जन गरेका ज्ञानहरिले दुई विषयमा स्नातकोत्तर तहको योग्यता हासिल गरेका छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानमा २०३९ साल ज्येष्ठ १५ गते खरिदार (सह-लेखापाल) पदबाट जागिरमा प्रवेश गरेका ज्ञानहरि हाल भने प्रमुख योजना अधिकृत भएर सेवारत देखिन्छन् । बाङ्मय (भाषा, साहित्य, कला) सँग सम्बद्ध ज्ञानहरिले अध्ययन, अनुसन्धानमूलक कार्य गर्दै आफ्नो नामलाई सार्थक बनाउन समुन्नत मार्गतर्फ लम्केको पाइन्छ । अधिकारी वंशावली तयार गरेका ज्ञानहरि साहित्यिक सिर्जनातर्फ पनि साधनारत रहेको पाइन्छ । ज्ञानहरि अधिकारीको मुख्य झुकाव छन्दोबद्ध रचनातर्फ देखिन्छ । प्रकाशोन्मुख कृतिको रूपमा उनका परिवार (खण्डकाव्य), कविता सङ्ग्रह, गजल सङ्ग्रह रहेका छन् । ज्ञानहरि अधिकारीको सिर्जनशिलताले उनको उज्ज्वल भविष्यलाई सङ्केत गरेको पाइन्छ ।

## 3=3=3.10 कल्याण पन्त

कल्याण पन्तको जन्म लमजुङ जिल्लाको तार्कुघाट गा.वि.स. वडा नं. ३ मा २०२५ साल जेठ १५ गते भएको हो। उनको बाबुको नाम वटुकृष्ण पन्त र आमाको नाम ईश्वरी पन्त हो। स्थानीय वीरभक्ति मा.वि. तार्कुघाटबाट २०४२ सालमा द्वित्तीय श्रेणीमा एस्.एल्.सी. पास गरेका कल्याणले अहिले वनस्पतिशास्त्रमा स्नातकोत्तर तह पूरा गरिसकेका छन्। पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखरामा २०५५ सालदेखि प्राध्यापन पेसामा संलग्न रहदै आएका पन्त, वातावरण तथा कृषि सम्बन्धी विभिन्न सम्मेलनमा सहभागी हुँदै आएका समेत देखिन्छन्। प्रकृतिविद्, वातावरणविद् भएर अनुसन्धानकर्ताको रूपमा कामसमेत गरेका पन्त पत्रकारिता, वातावरण पत्रकारितामा पनि संलग्न भएका छन्। दक्षिण एशियाली ज्योतिष महासङ्घको उपाध्यक्षसमेत रहेका पन्तले ज्योतिष शिरोमणि, ज्योतिष रत्न जस्तो सम्मान पनि प्राप्त गरेका छन् ।

विभिन्न साहित्यिक पत्रिकाको सम्पादक भएर साहित्यको क्षेत्रमा समेत योगदान पुऱ्याएका पन्तले लमजुङ पोखरा सम्पर्क समाजले प्रकाशन गर्दै आएको लमजुङ सङ्गमको तेस्रो, चौथो र पाँचौ अङ्कको सम्पादन कार्य पनि सम्पन्न गरेका छन् । जनप्रिय साहित्य समाज, गीताञ्जली साहित्य परिवारसँग सम्बद्ध भएर पनि उनले साहित्यिक योगदान पुऱ्याएका छन् ।

झण्डै ४ दर्जनभन्दा बढी लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका साहित्यकार पन्तको साहित्यिक कृति 'विकृति' मुक्तक सङ्ग्रह प्रकाशनका लागि प्रेसमा रहेको

स्वयम् पन्तसँगको अन्तर्वार्ताबाट बोध भएको छ। अर्को उनको प्रकाशोन्मुख कृति ‘भताभुङ्ग’ लघु कथा सङ्ग्रह देखिन्छ ।

प्रकृतिविद्, ज्योतिषविद्का रूपमा रहेर पनि पन्तले आफ्नो कलम पत्रकारिता तथा साहित्य सिर्जनामा लगाइरहेको पाइन्छ। साहित्यतर्फ निकै छोटा छरिता समसामयिक मुक्तक तथा लघुकथा दिएर नेपाली साहित्यलाई पनि उनले गुन लगाएको पाइन्छ। हास्य र व्यङ्ग्यको रमरम मीठो मिसाएर उनले मुक्तक र लघुकथालाई टक्क जिब्रो पड्काएर उपभोग गर्न लाएक तुल्याएको पाइन्छ।

बनस्पतिविद् भएर पनि साहित्य सिर्जनातर्फ उन्मुख पन्तका प्रस्तुत कृतिहरूले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिने देखिन्छ। मोती मण्डलीका सशक्त कवि पद्मविलास पन्तका पनाति कल्याण देवबाट पुर्खाले झैँ नेपाली साहित्यको विकासमा योगदान पुग्ने कुरामा “हुने बिरुवाको चिल्लो पात भने झैँ” आशाबादी बन्न सकिन्छ ।

## 3-3-3.11 रमेशचन्द्र घिमिरे

रमेशचन्द्र घिमिरेको जन्म वि.सं. २०२८ चैत्र २१ गते आमा भीष्मकुमारीको कोखबाट लमजुङ जिल्लाको भोर्लेटारमा भएको हो। उनका बाबु पूर्णचन्द्र घिमिरे स्थानीय ईशानेश्वर मा.वि.मा प्रधानाध्यापक भएका हुँदा उनले पढ्ने, लेख्ने, सिक्ने वातावरण सानैदेखि घरमा पाएको भए पनि पछि बाबुको असामयिक निधनबाट उच्चशिक्षाध्ययन सङ्घर्षमय बन्न पुगेको देखिन्छ। सङ्घर्षका साथ अघि बढेका रमेशले २०५८ सालमा एम्.ए. (नेपाली) सम्मको पढाइ पूरा गरेका छन् ।

रमेशले लेखन, शिक्षण र पत्रकारितामा विशेष अनुभव हासिल गरेको पनि पाइन्छ। विभिन्न साहित्यिक संस्थाः नेपाल बाल-साहित्य समाज, काठमाडौँ सिर्जनशील साहित्यिक परिवार पोखरा, पोखरेली युवा साँस्कृतिक परिवार पोखरामा उनी आबद्ध देखिन्छन्। उनले माहेन्द्री, साहित्यिक पत्रिका (पोखरा), लमजुङ सौगात हवाइ पत्रिका (लमजुङ) को सम्पादक भएर काम गरेका छन् भने माध्यम/नवमाध्यम द्वैमासिक पोखराको व्यवस्थापक र प्राकृत पोखरा, मासिकको सल्लाहकार भएर पनि काम गरेका छन्। ‘अन्तरङ्ग’ साप्ताहिक पत्रिका लमजुङको केही समय अतिथि सम्पादक भएर काम गरेका रमेशचन्द्रले ‘टरेली’ वार्षिक साहित्यिक पत्रिका भोर्लेटारको सम्पादनमा परामर्शसमेत दिदै आएको देखिन्छ ।

प्रतिभावान् रमेशचन्द्र घिमिरे वी.पी.वाचनालय करापुटार लमजुङबाट परम्परागत ढङ्गले आयोजित साहित्य सम्मेलन २०४७ मा पुरस्कृत भएका देखिन्छन्। स्व.वि.यू. पृथ्वीनारायण क्याम्पस पोखराखाद्वारा आयोजित अन्तर-सङ्काय निबन्ध प्रतियोगिता, सूर्यचन्द्र युवा क्लव मालेपाटन, पोखराद्वारा आयोजित बृहत् प्रतियोगितात्मक कवि सम्मेलन, द रेयुकाई नेपाल, पाटन शाखा, ललितपुरले आयोजना गरेको लघु कथा प्रतियोगिता २०५५ मा पनि

उनी पुरस्कृत भएर आफ्नो बहुआयामिक व्यक्तित्व प्रदर्शन गरेका छन्। यस्तै प्रोत्साहन युवा प्रतिभा सम्मान (२०५६), डालिन्चोक म्युजिक प्रा.लि. काठमाडौँले आयोजना गरेको खुल्ला निबन्ध प्रतियोगितामा पनि उनी पुरस्कृत भएका छन् ।

त्रि.वि. नेपाली केन्द्रीय विभागबाट 'भुर्र चरी' बाल-कविता सङ्ग्रह शीर्षकमा बाल साहित्यको सैद्धान्तिक अध्ययनसहित सृजनात्मक लेखनकार्य उनले २०५८ मा सम्पन्न गरेका छन् ।

साहित्य लेखनमा स्व. कवि पिता पूर्णचन्द्र घिमिरेको सानिध्यबाट प्रेरित रमेशचन्द्र स्कुले जीवनदेखि नै कविता, कथा, निबन्ध लेख्दै आएका हुन्। कविता, गीत, गजल, मुक्तक, लघुकथा, बालसाहित्य, लेख-निबन्ध, हास्यव्यङ्ग्य, समालोचना आदि विधामा २०० जति फुटकर रचना प्रकाशित गरी आएका रमेशका लेखरचना रेडियो नेपालबाट पनि प्रसारित भएका छन् ।

कवि रमेशचन्द्र घिमिरेको फुटकर प्रकाशित रचनाहरू सयौं भएता पनि उनको प्रकाशित कृति भने 'भुर्र चरी' मात्र हो। 'मुना', 'सुनकेस्रा' आदि बाल साहित्यका मासिक प्रकाशनहरूमा तथा अन्य स्कुले मुखपत्र, स्थानीय समाचारमूलक पत्रिकाहरूमा पनि उनका बाल-कविताहरू पढ्न पाइन्छन्। अत्यन्त कोमल शब्द-पत्रहरूद्वारा उनका बाल-कविताहरू सजिसजाउ देखिन्छन्। शिक्षा, स्वास्थ्य, संस्कृति आदि विविध विषय समेटेर लेखिएका उनका बाल कवितामा पशुपक्षीहरू पात्र भएर आएको पाइन्छ। यसरी उनका बाल कविताहरू स्वस्थ मनोरञ्जनात्मक हुनाका साथै ज्ञान बर्धक, रोचक र कुतुहलपूर्ण पनि देखिन्छन् ।

साहित्यकार रमेशचन्द्र घिमिरेले यसरी बाल-साहित्य, कविता, कथा, निबन्ध, समालोचना आदि विविध विधामा उल्लेखनीय योगदान दिदै आएका छन्। लमजुङमा जन्मेर हालसम्म लमजुङमै रहेर सेवा गर्नेहरूको लाममा उनी उदयमान देखिन्छन्। यसरी लमजुङमा जन्मेर लमजुङमै साहित्यिक साधनारत घिमिरेले लमजुङे साहित्य धरातललाई उचो गराउन योगदान पुऱ्याएको देखिन्छ । उनले पुऱ्याएको साहित्यिक योगदान लमजुङे साहित्यिक विकासमा मात्र होइन नेपाली साहित्यको विकासमा नै महत्त्वपूर्ण देखिन्छ।

## 3-3-3.12 रुपिन्द्र 'प्रभावी कटु'

समीभञ्ज्याङ गा.वि.स., पुरानोहटिया निवासी झनबहादुर जोसी र आमा विष्णुकुमारी जोसीका पुत्ररत्न रुपिन्द्र 'प्रभावी कटु' को जन्म २०३९ साल आश्विन ५ गते भएको हो । 'प्रभावी कटु' ले मङ्गल उ.मा.वि. बाट एस्.एल्.सी. गरे पछि पोखरामा वी.एड्. सम्म अध्ययन गरेर हाल कुमुदिनी होम्स, पोखरामा अध्यापन पेसामा संलग्नु रहेका छन् । स्कुलमा पढ्दादेखि नै मङ्गला साहित्य समूह गठन गरी 'नयाँ रचना' भित्ते पत्रिका पाक्षिकको सम्पादक भै काम गरेका 'कटु' हाल असल शासन साहित्यिक पत्रिका 'कायापलट' (२०६०)

का सम्पादक तथा संयोजक समेत भएर कार्यरत रहेका पनि पाइन्छन् । त्यस्तै उनी 'गजल सन्ध्या' पोखराका अध्यक्ष समेत भै हाल 'गजल उत्सव' कार्यक्रम लिएर अगाडि बढेको पाइन्छ। 'कायापलट' असल शासन क्लब (२०५७) प्रकाशक रहेको यस पत्रिकाले जनताको रगतचुस्ने भ्रष्टाचारीलाई तिरस्कार गरी जनताको पक्षमा कलम चलाउनेहरूलाई प्रोत्साहन दिएको पाइन्छ । कुविचार, कुसंस्कार मिल्काएर नयाँ सिर्जनशील विचार मान्छेका मनमा उमार्न यसले ठूलो मद्दत पुऱ्याएको पाइन्छ । सुविचार, सुकर्म गर्नतिर प्रेरित गर्ने यस पत्रिका नयाँ पुस्ताका तन्नेरीहरूका माझ लोकप्रिय, बन्दै गएको पाइन्छ । भ्रष्टाचार बिरुद्ध जुन तहल्का यसले मच्चाएको छ त्यो मच्चाइमा 'कटु' लागिपरेको पाइन्छ । यस किसिमका नविन, जुझारु र सिर्जनात्मक विचार नयाँ नेपाल, नयाँ साहित्यका लागि पनि अत्यन्त सान्दर्भिक पाइन्छ ।

गद्य कविता लेखनमा विशेष कलम चलाउने 'कटु' लमजुङका उदियमान प्रतिभा हुन् । गजल लेखनमा मात्र होइन, उनी कविताको संसारमा अत्यन्त ओजयुक्त स्पष्ट र खस्रो विचारले चिनिन्छन् । सफा, निडर र समझदार स्वभावका 'कटु' ले समाजका कटु यथार्थतालाई कवितामा उतारेको पाइन्छ । भ्रष्ट मनहरू माथि उनले चलाएको कलमको वाँण निकै सशक्त पाइन्छ । यसरी असल साहित्यको विकासमा उनको भूमिका प्रभावकारी बन्दै गएको पाइन्छ ।

गजल लेखनमा पनि उनको राम्रो पकड रहेको पाइन्छ । लमजुङका आशलाग्दा युवा साहित्यकार 'कटु' को भूमिका भोलिका दिनमा अझ खारिएर जाने सङ्केत देखिन्छ ।

जाँदाजाँदै उनको 'प्रश्नको वाण प्रहार गरौं' भन्ने शीर्षकको कवितांश –

चित्त नबुझेमा कुनै कुरामा
किन ? भन्ने गरौं
प्रश्नको वाँण प्रहार गरौं ।

परिच्छेदः चार

# विधागत स्थिति

नेपाली साहित्यको विकासमा स्वदेश भित्र र बाहिरका विभिन्न क्षेत्रहरूको आ-आफ्नै किसिमको योगदान रहे झैँ लमजुङ जिल्लाको पनि आफ्नै खालको विशेष योगदान रहेको छ। लमजुङ जिल्लाले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको छ भन्दा कुनै विमति रहने छैन । यस जिल्लाको आफ्नो साहित्यिक धरातलमा प्रायः सबैजसो विधामा कलम चलेको देखिन्छ । लमजुङे साहित्यिक धरातल नेपाली साहित्यिक धरातलमा मिसिदा नेपाली साहित्यको धरातल अझ चौडा र फराकिलो बन्न गएको पाइन्छ ।

लमजुङे साहित्यिक धरातलका विभिन्न बिधामा कलम चलेतापनि विधागत स्थिति एकैनासको देखिदैन। लमजुङको विधागत स्थितिलाई सङ्क्षिप्त रूपले यहाँ प्रकाश पार्न प्रयत्न गरिएको छ ।

## 4:1 कविता/काव्य

### 4:1:1 कविता विधा

लमजुङेली साहित्यको विधागत स्थितिलाई नियाल्दा सबैभन्दा प्रबल विधाको रूपमा कविता/काव्य विधा रहेको पाइन्छ। काल विभाजनका दृष्टिले हेर्दा नेपाली साहित्यको प्राथमिक कालमा लमजुङबाट कुनै पनि किसिमको प्रयास भएको भेटिदैन । माध्यमिक कालका केन्द्रीय कवि मोतीराम भट्टसँगको बनारसकालीन सम्पर्कबाट मोतीमण्डलीमा समेत सशक्त कविको रूपमा देखापरेर काव्य विधामा कलम चलाउने कवि पद्मविलास पन्त हालसम्म प्राप्त स्रोतका आधारमा लमजुङका प्रथम कविका रूपमा देखिएका छन्। उनी माध्यमिककालीन नेपाली साहित्यका सशक्त कवि पनि हुन्। उनी श्रृङ्गारिक, व्यावहारिक र आध्यात्मिक कविको रूपमा उनैको कृतिबाट देखिन्छन् । उनका श्रृङ्गारिक कविताका दुई श्लोक विवेक विन्दुमा समेत छापिएका छन् । काशी सङ्क्षेप तीर्थ यात्रा, विन्ध्यवासिनी स्तुति तथा अन्य फुटकर कविताहरूका माध्यमबाट नेपाली साहित्यलाई पन्तले योगदान दिएका छन् । पद्मविलास पन्तले अगाडि बढाएको लमजुङेली काव्य विधालाई अझ सशक्त ढङ्गले अगाडि बढाउन त्यसपछि देखा पर्ने कविहरूमा पं. कोमलनाथ अधिकारी, सु. डिल्लीजङ्ग गुरुङ, डिट्ठा श्रीप्रसाद घिमिरे, राष्ट्रकवि माधव घिमिरे अगाडि देखिन्छन्। पद्मविलास पन्तले प्रारम्भ गरेको काव्य सिर्जना कार्यलाई पं. कोमलनाथ अधिकारीले कोमल गीता, कोमल चण्डी, नैषधीय चरित जस्ता काव्य (अनुवाद साहित्य) दिएर लमजुङको मात्र होइन नेपाली साहित्यको धरातललाई नै परिष्कृत गराउन सघाएको पाइन्छ। त्यस्तै कवि डिल्लीजङ्ग गुरुङका लाँकुरी, प्रेमोपहार जस्ता खण्डकाव्यले कविशिरोमणि लेखनाथ पौड्यालले अँगालेको परिष्कारवादी धारलाई तिव्रता दिएको पाइन्छ। यही काव्यधारलाई कवि डिट्ठा, श्रीप्रसाद घिमिरेका काव्य कृतिले पछ्याएका

छन् भने अझ शिल्पी र शैली मिलाएर त्यसलाई सवल बनाउने काम राष्ट्रकवि माधव घिमिरेले गरेको पाइन्छ। कवि घिमिरेले गीति छन्दमा पौराणिक एवम् ऐतिहासिक नाटक लेखेर कालिदासीय शैलीलाई सहज ढङ्गले पछ्याएका पाइन्छन्। यसरी नेपाली साहित्यको धरातललाई कवि शिरोमणि लेखनाथ पौड्याल र महाकवि कालिदासको बीचबाट उठाउने काम कवि घिमिरेले गरेको पाइन्छ।

उल्लेखित मूर्धन्य प्रतिभाहरूका अतिरिक्त लमजुङको कविता विधालाई सशक्त ढङ्गले उठाउने कविहरूमा तीर्थराज अधिकारी, टीकाराम घिमिरे, बद्रीनाथ सुवेदी, डा. गोविन्द सुवेदी, टुकराज-पद्मराज मिश्र, सूर्यनाथ सुवेदी आदि रहेका छन्। नारी चेतनामूलक कवितालाई उचाइ दिने काम कवि तीर्थराज अधिकारी, टीकारम घिमिरे, कमला केसीले गरेको पाइन्छ। समसामयिक विषयवस्तुका साथ प्रकृति, मानव र ईश्वरलाई समन्वयात्मक ढङ्गले समालेर माधव घिमिरेकै शैलीमा कविता लेखनलाई पछ्याउने कविहरूमा वमवहादुर थापा जिताली, मेदिनीनाथ सुवेदी, यदुनाथ 'सरल', विजयराज न्यौपाने, चेतोनाथ अधिकारी, रामचन्द्र 'वनवासी', बालकृष्ण सुवेदी, प्रेम पोखेल, श्रीकृष्ण न्यौपाने आदि देखा परेका छन्। कवि 'जिताली', गोविन्द वहादुर कुँवर, विजय न्यौपाने तथा गोविन्दवावु तिवारीका कवितामा हास्यव्यङ्ग्य मिश्रण भएको पाइन्छ। उनीहरूका कवितामा प्रकृति प्रेम, राष्ट्र प्रेम, समसामयिक सुधारको चाहना रहेको पनि पाइन्छ।

लमजुङेली कविता साहित्यमा गद्य कविता लेखनको नवीन प्रयोग गर्ने सशक्त कवि भने गोविन्दवहादुर कुँवर हुन्। उनका कविताले समसामयिकतालाई टिपेर नयाँ सुधारका लागि आह्वान गरेको पाइन्छ। त्यस्तै गद्य कवितालाई अगाडि बढाउने अन्य कविहरूमा ईश्वरमणि अधिकारी, आनन्द 'आँसु' आदि छन्। लमजुङे साहित्यमा प्रगतिवादी काव्यधारलाई सशक्त ढङ्गले समाउने कविहरू रविकिरण 'निर्जिव', हरिहर 'सविता', रह शर्मा, ध्रुव रेग्मी, वासुदेव शर्मा, पद्मपाणि 'विरक्ती', कमला केसी, वासुदेव थापा हुन्। सामाजिक विकृति विसङ्गतिप्रति रोस प्रकट गर्दै महाकाव्यसम्म लेख्न पुगेका रामचन्द्र 'शास्त्री', केदार काश्यप, मोहनसिं घिमिरे, मित्रमणि घिमिरे, रमेशचन्द्र घिमिरे आदि सशक्त ढङ्गले देखापर्ने प्रतिभा हुन्। सरस्वती श्रेष्ठ 'सरु', मोहन कायस्थ, दीपक श्रेष्ठ 'समीप', लालबहादुर भुजेल, रुपिन्द्र प्रभावी कटु आदिले गीत, गजल र मुक्तक, हाइकु विधामा उचाइ थपिरहेको देखिन्छ।

यसैगरी लमजुङेली काव्यधारलाई समुन्नत बनाउने अन्य छन्दवादी कवि कवियित्रीमा चन्द्रवदना घिमिरे, पुष्पलता आचार्य, ठाकुरप्रसाद 'छाँगा', मिना घिमिरे, गोविन्द सोती, भाग्यशाली अधिकारी, देवीदास अधिकारी, श्रीकृष्ण न्यौपाने, थकित यात्री, मेघेन्द्र पोखेल, प्रेमनारायण घिमिरे, तीर्थराज अधिकारी (भोटेओडार) आदि रहेका छन्। श्रीकृष्ण न्यौपानेको खण्डकाव्यहरू लमजुङबाट निस्कने साप्ताहिक पत्रिकामा धारावाहिक ढङ्गले आइरहेका पनि देखिन्छन्।

लमजुङेली काव्य विधामा लमजुङेली प्रतिभाहरूले फुटकर कविता, खण्डकाव्य र वृहत काव्यसम्म लेखेर काव्य धरातललाई मजवुत तुल्याएका छन्। कविताका तीनै तहमा लमजुङेली कविहरूको कलम चलेता पनि फुटकर कविता लेखेर कविता सङ्ग्रह प्रकाशन गर्नमा अत्यधिक कलम चलेको पाइन्छ भने त्यसपछि खण्डकाब्य र महाकाव्यमा क्रमशः कलम चलेको पाइन्छ। कवि डिल्लीजङ्ग गुरुङले तुलसीकृत महाकाव्यको भावानुवाद गरेर महाकाव्य समकक्षी प्रतिभा प्रदर्शन गरेका छन् भने रामचन्द्र शास्त्रीले कमला महाकाव्यको पाण्डुलिपि धेरै अघि तयार पारेकोमा अव परिमार्जनसहित प्रकाशन गर्न लागीपरेको पाइन्छ। राष्ट्रकवि माधव घिमिरे अझै महाकाव्य लेखेर प्रकाशन गर्न भरमग्दुर ढङ्गले लागेको पाइन्छ। श्रीकृष्ण न्यौपानेले लेखेका महाकाव्य समकक्षीका बृहत् काव्य धारावाहिक ढङ्गले लमजुङे साप्ताहिक पत्रिकामा देखिन्छ । यसरी लमजुङको काव्य साहित्यको विकासमा मात्र होइन नेपाली काव्यसाहित्यको विकासमा नै लमजुङे कविहरूबाट विशेष योगदान थपिदै गएको पाइन्छ । नेपाली काव्यसाहित्यको विकासमा लमजुङको सहयोग महत्त्वपूर्ण देखिन्छ ।

## 4.1.2 नाटक

लमजुङेली साहित्यमा नाटच परम्पराको थालनी वि.सं १९६० देखि १९९० को दशकमा भएको पाइन्छ । कृष्ण चरित्र, रामचरित्र, बालुनबाट नाटच परम्पराको जग खडा भएको देखिन्छ। कवि सु. डिल्लीजङ्ग गुरुङका दाजु नरेन्द्रजङ्ग गुरुङले पौराणिक, धार्मिक ग्रन्थ पुराणको भागवत स्कन्धका आधारमा कृष्ण चरित्र नाटक लेखेर राग-ताल मिलाएर खेलाएको देखिन्छ। यही कृष्ण चरित्र नाटकलाई कवि डिल्लीजङ्ग गुरुङले परिमार्जनसमेत गरेका थिए। अझै पनि घनपोखराको आसपासका क्षेत्रमा नरजङ सुब्बा लिखित कृष्ण चरित्र नै राग ताल मिलाएर खेलाएको पाइन्छ । बाहुनडाँडा, खुदी, सिम्पानी, भार्ते सिरुवारी, बोराङ, विचौर आदि गाउँहरूमा बालुन वि.सं. १९९० देखि २००१ तिर देखि बालुन खेल्न सुरु भएकोमा खुदी सिम्पानी, बोराङमा अझै पनि वालुनले निरन्तरता पाएको देखिन्छ । रामभक्त न्यौपाने, कृष्णप्रसाद न्यौपाने तथा रणबहादुर अधिकारी, टीकाराम न्यौपाने (हाल गैंडाकोट) विष्णुप्रसाद न्यौपाने र अर्जुन न्यौपानेले वालुनको गुरु भएर विभिन्न चरणमा बोराङमा बालुन खेलाइएको पाइन्छ। दुराडाँडामा सर्बोदय हाइस्कुल (२००९) को स्थापना पूर्व नै सार्वजनिक स्थलमा नाटक प्रदर्शन गरेको पाइन्छ। २००६/००७ साल वरपरदेखि थियटर (गेटर) नाटक नृत्य सहित देखाउन थालिएको पाइन्छ। लमजुङमा नाटच लेखनको परम्परा नाटककार डि. श्रीप्रसाद घिमिरेले सामाजिक पौराणिक नाटक लेखेको पाइन्छ। विषय वासना नाटक, सुधामा नाटक लेखेर मञ्चनसमेत कुर्पुटार चिसङ्कु क्षेत्रमा गराएको पाइन्छ। श्रीप्रसादपछि सामाजिक नाटक लेख्ने साहित्यकार हुन् – राष्ट्रकवि माधव घिमिरे । उनले शाकुन्तल, मालती मङ्गले, विष कन्या, बालकुमारी, हिमाल पारी हिमाल वारी, अश्वत्थमा गीति नाटक लेखेर नेपाली नाटच साहित्यमा ठूलो हलचल पैदा गराएका छन्।

हरेक चेतनशील गाउँ गाउँमा स्कुलको बार्षिकोत्सवमा नाटक लेखेर खेलेको पनि

पाइन्छ। साहित्यकार तेजनारायण अधिकारीले 'गुरु' नामक सामाजिक नाटक प्रकाशन गरेर नाट्य धरातलमा उत्रेका पाइन्छन्।

यसरी विकासित हुँदै आएको नाट्य परम्परालाई हेर्दा नाटक विभिन्न रूपमा धेरै पहिलेदेखि चल्दै आएको भएता पनि थोरै मात्र प्रतिभाहरू यस विधामा सिर्जनारत रहेका देखिन्छन्। डि. श्रीप्रसाद घिमिरे तथा तीर्थराज अधिकारीको नाट्च लेखनबाट मात्र लमजुङको आधुनिक नाट्य साहित्य फस्टाएको देखिन्छ।

## 4:1:3 कथा

लमजुङ जिल्लामा लोककथा, बाल कथा भन्ने लामो प्रचलन रहेता पनि लिखित कथा साहित्य विधा धेरै पछि आएर सुरुभएको देखिन्छ। राष्ट्रकवि माधव घिमिरेको 'मनचिन्ते मुरली' एक कथा सङ्ग्रह प्रकाशमा आएको छ। देवीप्रसाद सुवेदीको 'सिपाही र जुलुस' कथा सङ्ग्रहले नेपाली साहित्यमै चर्च पाएको छ। उनका कथाले यथार्थता नबुझी पछि लाग्ने मानव प्रवृत्तिको कटु सत्यतालाई उद्घाटित गरेका छन्। लमजुङको कथा साहित्यको श्रीबृद्धि गर्नमा कम्मर कसेर लागेका कथाकार एवम् समालोचक देवी सुवेदी नै भेटिन्छन्। २०२३/०२४ सालको छात्रावास जीवनदेखि नै सुवेदीले फुटकर कथा लेख्दै आएका छन्। २०२५ सालमा 'जीवनको साँघुरो परिधि' शीर्षकमा कथा गोरखापत्रमा छापिएदेखि नै उनका कथाहरू राष्ट्रिय स्तरका गरिमा, वगर, मधुपर्क, उषा, रूपरेखा जस्ता पत्रिकामा पनि छापिन थालेका हुन्। 'सिपाही र जुलुस' उनको प्रथम कथा सङ्ग्रह हो भने दोस्रो कृतिको रूपमा 'प्रियसीको इच्छा' प्रेसमा गएको पाइन्छ। नेपाली कथा साहित्यको क्षेत्रमा मुख्य केन्द्रको रूपमा नै देवी सुवेदी रहेको पाइन्छ। त्यही केन्द्रको वरपर अन्यकथाकार एवम् फुटकर कथाकारहरू भेटिन्छन्। त्यसरी भेटिने नाममा पुष्पलता आचार्य, कल्याणदेव पन्त, रोसन न्यौपाने भेटिन्छन्। लघु कथा लेखन क्षेत्रमा कल्याणदेव पन्त अग्रसर रहेको देखिन्छ। हाल आएर फुटकर कथा लेखनमा थुप्रै साहित्यकारहरू लामबद्ध भएर लागेको पाइन्छ। फुटकर कथा लेखनमा वमबहादुर थापा 'जिताली', भाग्यशाली अधिकारी, विजयराज न्यौपाने आदि पनि लागेको पाइन्छ।

नव स्थापित कथाकारहरू दिनानुदिन देखिदै आएका छन्। काव्य नाटक विधाका तुलनामा कथा विधा लमजुङेली साहित्यमा उति नफष्टाए पनि यसले नेपाली साहित्यको कथा विधामा केही न केही योगदान दिएको छ भन्न सकिन्छ।

## 4:1:4 उपन्यास

लमजुङेली साहित्यको इतिहासमा उपन्यास विधाको प्रारम्भ साहित्कार सु. डिल्लीजङ्गगुरुङबाट भएको देखिन्छ। उनले लेखेको 'कुमारी' (२०१७) गद्य पद्य मिश्रित हुँदा यो

चम्पूकाव्य जस्तो देखिए पनि यसलाई उपन्यासका रूपमा पनि लिएको पाइन्छ। डिल्लीजङ्गसमुच्चय ग्रन्थमा डा. स्वामीप्रपन्नाचार्यले सम्पादकीयमा डिल्लीजङ्गगुरुङलाई नेपाली भाषाका प्रथम चम्पूकाव्यकार भनी संबोधन गरिएको पनि पाइन्छ।

रविकिरण निर्जिवले 'कालो कर्णलीको सेतो छाया' शीर्षकमा उपन्यासलेखेको पाइन्छ। उनको उपन्यास लेखन पक्ष सिकारु नै रहे पनि विचारको दृष्टिले प्रगतिवादी चिन्तनलाई माथि उठाएको पाइन्छ। साहित्यकार आनन्द 'आँसु' को उपन्यास 'अस्मिता' (२०५३) नारी जागरण मूलक उपन्यासका रूपमा आएको पाइन्छ। यसले नयाँ परिवर्तनकारी सोचलाई आगाडि सारेर नाटकीय रूपले विषयवस्तुलाई टुङ्ग्याएको छ। पुष्पलताका उपन्यासले नारी स्वतन्त्रता, सौन्दर्य र नारी चिन्तनलाई उजागर गरेको पाइन्छ। कृष्णमुरारी पौडेलले रित्तिएको आँसु, हालसालै प्रकाशमा ल्याएका छन् भने 'उनी विधुवा होइनन्' उनको प्रकाशोन्मुख अर्को उपन्यास हो।

यसरी उपन्यासको क्षेत्रमा पनि नव प्रतिभाहरू आकर्षित भएको पाइन्छ। उपन्यासको क्षेत्रमा ढिलै कलम चलेता पनि नव प्रतिभाहरू यसतर्फ आकर्शित भएको पाइन्छ। नेपाली साहित्यको औपन्यासिक विकासमा पनि लमजुङले योगदान दिएको देखिन्छ।

## 4:1:5 निबन्ध

लमजुङेली साहित्यको विकासमा सर्वप्रथम निबन्ध विधामा कलम चलाउने काम राष्ट्रकवि माधव घिमिरेबाट भएको देखिन्छ। वि.सं. १९९९ देखि २००२ को बीचमा नेपाल भाषानुवाद परिषद्मा जागिरे जीवनमा रहँदा लेखन सम्पादनतर्फ लाग्नु पर्ने भएका हुँदा उनले यस विधामा कलम चलाएको पाइन्छ। २००२ साल देखि २००४ सम्म गोरखा पत्रको उपसम्पादक (पण्डित) रहदा होस् वा 'कविता' (चौमासिक) मा होस् उनले सम्पादकको हैसियतबाट धेरै लेखहरू लेखेको पाइन्छ। निबन्धकै हाराहारीमा राखिएका उनका कृतिहरू आफ्नै गीत, आफ्नो बाँसुरी र चारु चर्चा हुन्।

निबन्धात्मक लेखलाई अघि बढाउने अर्का साहित्यकार रविकिरण निर्जीव हुन्। उनले २०४७ सालमा प्रकाशमा ल्याएको निबन्ध सङ्ग्रह 'सोभ्na निर्जीवका वाङ्गा निबन्धहरू (११ ओटा) प्रगतिवादी चिन्तनले खारिएका निबन्धहरूको सँगालो हो। यस सङ्ग्रहमा उनले यथास्थितिमा रहेका आडम्वरयुक्त र विकृत विचारहरूका विरुद्ध मर्मान्तक प्रहार हानेको पाइन्छ। नव चेतनाको द्वार खोल्न उनका निबन्धहरूले घच्घच्याएको पाइन्छ। अर्का साहित्यकार देवीप्रसाद सुवेदीको 'मेरो दैनिकीका पानामा चीन' (२०५५) शीर्षकको यात्रा संस्मरण कृतिले पनि निबन्धको धरातलमाथि उठाउने काम गरेका छन्। साहित्यकार कृष्णबाबु तिवारीका 'खत्र्याक खुत्रुक' विचरणात्मक लेखहरूको सङ्ग्रह (२०५९) ले हास्य र

व्यङ्ग्य विनोद शैलीमा निबन्धकारितालाई उठाउन मद्दत गरेको पाइन्छ। त्यस्तै रह शर्माको 'अब के हुन्छ' लेखहरूको सङ्ग्रह (२०६१) ले समसामयिक सवालहरूलाई यथार्थवादी चिन्तनबाट हेरेको पाइन्छ। बिजुलीका मेरा अनुभूतिहरू, विगतका सस्मरणहरू लेखेर संस्मरण लेख विधामा साहित्यकार इ. मोहन कायस्थको पनि उल्लेखनीय योगदान देखिन्छ । 'काठमाडौँदेखि लण्डनसम्म' (२०५७) साहित्यकार मुक्तिनाथ शर्मा नेउपानेको अर्को यात्र संस्मरणात्मक कृति हो उनले काठमाडौँदेखि लण्डनसम्मको यात्रालाई वर्णनात्मक शैलीमा परिहाससमेत थपेर वेलायती जीवन शैलीको रहस्योद्घाटन गरेका छन्। यस्तै गद्य लेखनलाई अगाडि बढाउने साहित्यकारहरूमा भूपनिधि पन्त, वेदराज पन्त, श्रीकान्त अधिकारी, युवराज घिमिरे पर्दछन्। गोरखापत्र, युगसम्बाद लगायत विभिन्न पत्रपत्रिकामा स्तंभकार समेत बनेर गहकिला लेखहरू देवीप्रसाद सुवेदी, मुक्तिनाथ शर्मा नेउपानेले दिएको पाइन्छ। यसरी विभिन्न पत्रपत्रिका लेखहरू प्रकाशन गरे निबन्ध साहित्यालाई अगाडि बढाउने स्रष्टहरू सूर्यनाथ सुवेदी, रामचन्द्र न्यौपाने, सोमनाथ घिमिरे, युवराज घिमिरे, उपेन्द्रप्रेमी, गोविनदबहादुर कुँवर, वमबहादुर थापा 'जिताली', कृष्ण गुरुङ, विजयराज न्यौपाने, वटुकृष्ण पन्त, कल्याण पन्त, वसन्त घिमिरे (जिता), हरिहर सविता, बुद्धिसागर वराल, बालकृष्ण वराल, दामोदर अधिकारी, धनञ्जय दवाडी, रमेशचन्द्र घिमिरे, रुपिन्द्र प्रभावी कटु विश्व विनोद आदि देखिन्छन्।

निबन्ध नभए पनि आध्यात्मिक विषयवस्तुलाई अत्यन्त परिष्कृत शैलीमा रसयुक्त मिठास दिएर लेख्ने साहित्यकार नरकान्त अधिकारी हुन्। आध्यात्मिक विषयवस्तु लिएर लेख्ने अर्का विद्वान कविराज कृष्णकान्त अधिकारी 'पञ्चवटी' कृति लगायत अन्य लेखहरूमा देखिन्छन्।

यसैगरी निबन्धका फाँटमा फुटकर रूपमा विभिन्न निबन्धकारहरू देखा परिरहेका छन्। यसरी लमजुङेली साहित्यिक फाँटमा लेख/निबन्ध विधा ढिलो शुरु भएर पनि छिट्टै फष्टाएर विकसित हुँदै गएको देखिन्छ। निबन्धकारहरूको कलमले कृतिगत वा फुटकर रूपमै भए पनि निबन्ध विधालाई अघि बढाउन सहयोग पुऱ्याइरहेको देखिन्छ।

## 4=1=6 अनुवाद साहित्य

नेपाली साहित्यको अनुवाद परम्परामा लमजुङका श्रष्टाहरूको उल्लेखनीय योगदान देखिन्छ। संस्कृतबाट नेपालीमा अनुवाद गर्ने परिपाटी माध्यमिककवि पद्मविलास पन्तबाटै सुरु भएको पाइन्छ। उनले संस्कृतका आशीर्वाद श्लोक, संक्रान्ति कथा, रोग निवारण हुने जस्ता कविता नेपालीमा अनुवाद गरेको देखिन्छ। यस्तै गरेर पं. कोमलनाथ अधिकारीले अनुवाद साहित्यमा विशिष्ट स्थान बनाएको पाइन्छ। उनले श्रीमद्भागवत गीता, चण्डी जस्ता संस्कृतका कृतिको भावानुवाद गरेका छन् । 'नैषधीय चरित' को भावानुवादमा त उनले मदन पुरस्कारसमेत प्राप्त गरेका छन्। अनुवाद साहित्यमा दोश्रो मदन पुरस्कार प्राप्त गर्ने व्यक्ति

अर्को आजसमम कोही देखिदैनन् पनि।

सु. डिल्लीजङ्गगुरुङले पनि तुलसीकृत रामायण, कपिल गीता उद्धव गीता तथा अन्य गीताको पनि अनुवाद गरेका छन्। तुलसी रामायण (महाकाव्य सरहको) उनको छायानुवाद भएको कृति हो। यस्तै गरी डि. श्रीप्रसाद घिमिरे, नरकान्त अधिकारी, तीर्थराज शर्माले पनि प्रशंसनीय रूपमा अनुवाद साहित्यलाई अगाडि बढाएको पाइन्छ। नरकान्त अधिकारीको अनुवाद शैली साह्रै सरल, सरस र मार्मिक देखिन्छ। यस्तै राष्ट्रकवि माधव घिमिरेसहित बद्रीनाथ सुवेदी, गोविन्दप्रसाद सुवेदी काशीराज सुवेदीको पनि अनुवाद साहित्यमा विशेष योगदान पाइन्छ। यस्तै गरेर अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्नेहरूमा इन्द्रविलास अधिकारी, भीमनाथ घिमिरेको महत्त्वपूर्ण स्थान देखिन्छ। मुक्तिनाथ न्यौपाने र स्थिरबाबु घिमिरेले गीतानुवाद गरेका छन्।

यसरी लमजुङ अनुवाद साहित्यमा धेरै अगाडि बढेको पाइन्छ। नेपाली साहित्यमा अनुवाद साहित्य विधा विकशित गराउन पनि लमजुङको ठूलो योगदान रहेको पाइन्छ।

## 4:1:7 समालोचना

लमजुङको साहित्यमा समालोचना साहित्य कान्छो विधाकै रूपमा रहेको पाइन्छ। कान्छै भए पनि यस विधामा लमजुङका समालोचकहरूले नेपाली समालोचनाको क्षेत्रमा पनि उल्लेख्य योगदान दिएको देखिन्छ। यसरी योगदान पुऱ्याउनेहरूमा साहित्यकार एवम् कवि भूपनिधि पन्त, पशुपति तिमिल्सिना, देवीप्रसाद सुवेदी, वमबहादुर थापा 'जिताली', जीवन अधिकारी, विजयराज न्यौपाने, रमेशचन्द्र अधिकारी आदि देखिएका छन्। यिनै समालोचकहरूका साथ निष्कन तर्खर देखिएका अरु कैयौ समालोचकहरू पनि रहेका छन्।

## 4:1:8 बाल-साहित्य

नेपाली बाल साहित्यमा राष्ट्रकवि माधव घिमिरे २००५/२००६ तिरदेखि नै देखिएका हुन्। बालकको सरल हृदयको रुचि, मनोविज्ञान, मनोरञ्जन शैलीलाई समातेर लेखिएका उनका बाल साहित्य सम्बन्धी रचनाहरू नेपाली बाल-साहित्यमा अमर प्राप्तिकै रूपमा रहेका छन्। उनका त्यस्ता अमर कृतिहरू घामपानी (२०१०), बालालहरी (२०२६), सुनपङ्खी चरी (२०५३), बाल-कविता सङ्ग्रह देखिन्छन् । पाठचक्रम विकास केन्द्रले प्रकाशित गरेका बाल कविता सङ्ग्रह तथा कान्तिपुर, कोपिलामा उनका बालकविताहरू छरिएका पनि पाइन्छन्। माधव घिमिरे पछि लमजुङे कविहरूमा विजयराज न्यौपाने, गोविन्दवहादुर कुँवर, मुक्तिनाथ न्यौपाने, रमेशचन्द्र अधिकारी, रहशर्मा, रविकिरण निर्जीवको स्थान निकै उचाइमा देखिन्छ। विजयराज न्यौपानेको सुनटिकी र जुनटिकी (२०४६), बालगीत (२०५५), बाल-रत्न (२०५८) बाल कविता सङ्ग्रह देखिन्छन् भने मुक्तिनाथ न्यौपानेका पानी पानी, चरी आयो

बाल-कविता सङ्ग्रह रहेका छन्। गोविन्दबहादुर कुँवरको 'ताते ताते', रमेशचन्द्र घिमिरेको सिर्जनात्मक बाल कविता सङ्ग्रह 'भुर्र चरी' रहशर्माको सेलरोटी, रविकिरण निर्जीवको 'ऐजेरु लागेको पिपल (बाल काव्य) रहेका छन्। यस्तै फुटकर बाल रचना सिर्जिनेहरूमा तीर्थराज शर्मा, हरिहर सविता लगायत थुप्रै कविहरू रहेका छन्।

बाल साहित्य समाजसँग मिलेर राष्ट्रिय रूपमा ३ दिने बाल साहित्य सम्मेलनसमेत सम्पन्न गरिसकेको लमजुङबाट नव कोपिला, बाल मझेरी, नौलो सुनगाभा, अङ्कुरण (जिल्ला बाल सङ्गठनको स्मारिका) जस्ता बाल-पत्रिकाहरू प्रकाशमा आएका छन्। यस हिसावले हेर्दा नेपाली बाल-साहित्यको क्षेत्रमा लमजुङले उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ।

परिच्छेदः पाँच

# मूल्याङ्कन र निष्कर्ष

## 5.1 मूल्याङ्कन

'लमजुङको साहित्यिक रूपरेखा' शीर्षकको प्रस्तुत शोधपत्रमा जम्मा पाँचपरिच्छेद रहेका छन् । यसमा परिच्छेद एक अन्तर्गत शोध परिचय प्रस्तुत गरिएको छ, जस अन्तर्गत शोधको समस्या, पूर्व कार्यको समीक्षा, शोधविधि तथा शोधको औचित्य र महत्त्वजस्ता कुराको व्याख्या यस परिच्छेदमा गरिएको छ ।

परिच्छेद दुईमा लमजुङ जिल्लाको सङ्क्षिप्त परिचय दिइएको छ । नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने डमरु आकारको एक पहाडी जिल्ला लमजुङको क्षेत्रफल १६९२ वर्ग कि.मि. रहेको छ, जसले देशको कूल भूभागको १.१५% ओगटेको छ। समशीतोष्ण हावापानी रहेको लमजुङ जिल्लाको धरातलीय स्वरूपमा विविधता पाइन्छ। बेसी, टार, महाभारत, लेक तथा हिमाली क्षेत्रसमेत रहेको लमजुङ जिल्लाको मौलिक इतिहास रहेको छ। पौराणिक कालमासमेत पुराण आदिद्वारा वर्णित यस जिल्लाका नदीनाला, पोखरी, मानव वस्ती धेरै पुरानो भएको मानिन्छ। लिच्छवी कालमा पनि यसको आफ्नै अस्तित्व रहेको पाइन्छ। इतिहासका विभिन्न कालखण्डमा परिवर्तित नेपाल (नेपाल मण्डल, नेपाल विषय) अन्तर्गत रहेको लमजुङमा राई, घले र शाहवंशीय राजाहरूको शासन पनि चलेको पाइन्छ। श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान अन्तर्गत वि.सं. १८३८ मा आएर मात्र लमजुङ नेपाल राज्यमा गाभिन पुगेको हो। नेपालमा लमजुङ गाभिए पछि काठमाडौँ, गोरखा, तनहुँ, कास्की जोड्ने क्षेत्रीय प्रशासनिक एकाइका रूपमा लमजुङको बरेटार, हाँडेटार, कुन्छा रहेको पाइन्छ। २००७ सालको क्रान्तिलाई सफल पार्न यसले ब्राह्मणद्वारा हलो जोत आन्दोलन, कुन्छा अड्डा कब्जा जस्ता अहिंसात्मक शान्ति आन्दोलन चलाएको पाइन्छ। सबैभन्दा पछिल्लो नेपालको राजनीतिक विभाजन अनुसार पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल अन्तर्गतको लमजुङ जिल्ला हो जसमा ६१ गा.वि.स. रहेका छन्। गणतन्त्रात्मक नेपालमा नवराज्य संरचना कसरी हुनेछ, त्यो भविष्यले देखाउने छ । नेपालको मध्य भागमा पर्ने लमजुङ शैक्षिक हिसावले अग्रिम स्थानमा रहेको देखिन्छ। त्यस्तै यसले आफूलाई ऐतिहासिक हिसावले पनि चिनाउन सफल भएको निष्कर्ष निकालिएको छ। वास्तवमा भन्ने हो भने शाहवंशको उदय, नेपाल एकीकरण जस्ता अभियानमा पनि लमजुङको प्रत्यक्ष अप्रत्यक्षरूपले ठूलो भूमिका रहेको अध्ययनबाट पाइएको छ ।

परिच्छेद तीनमा नेपाली साहित्यको प्राथमिककालदेखि नै लमजुङमा पनि साहित्यको विकास भएको मानिए पनि मोतीमण्डलीका कवि पद्मविलास पन्त अर्थात माध्यमिक कालदेखि यसको साहित्यिक जग मजबुत बन्दै आएको कुरा अध्ययनले देखाएको छ। नेपाली साहित्यको

माध्यमिक र आधुनिक कालको विकासमा यस जिल्लाले पऱ्याएको योगदान महत्त्वपूर्ण रहेको कुरा अध्ययनबाट देखिन आएको छ ।

लमजुङेली साहित्यको इतिहासको बेलो खोतल्दै जाँदा माध्यमिककालीन केन्द्रीय कवि मोतीराम भट्टका सह-दौतरी पद्मविलास पन्तसम्म सजिलै पुग्न सक्ने आधार प्राप्त भएको छ। त्यो भन्दा अगाडिको प्राथमिक कालसम्म प्रामाणिक हिसावले पुग्न भने आधार प्राप्त भएको छैन। लोकगीत, बालुन, कृष्ण चरित्र तथा राम चरित्र, चाडपर्वमा गाइने मागल, तीजे गीत, विवाहमा गाइने सिलोक, पौराणिक भजन, सवाइ आदिको सूक्ष्म खोज अनुसन्धान यहाँ गरिएको छैन । त्यसैले माध्यमिककालदेखि प्राथमिककालतर्फ बढ्ने बाटो वा आधार भने अझै तय भइसकेको पाइएन। यहाँ केवल माध्यमिककालीन कवि पद्मविलास पन्तबाट उठाइएको लमजुङेली साहित्यिक धरातललाई निरन्तर गतिशील र उर्वर बनाउनमा लमजुङेली साहित्यानुरागी, तपस्वीहरूको व्यक्तिगत तथा सामुहिक साधनामा उब्जेका सङ्घ संस्थाहरू, कृतिहरू, साहित्यिक पत्रपत्रिकाहरू, स्मारिकाहरू, साहित्यिक योगदानसमेत दिएका अन्य समाचारमूलक पत्र पत्रिकाहरूको पनि ठूलो भूमिका रहेको पाइन्छ ।

लमजुङको शैक्षिक साहित्यिक धरातललाई माथि उठाउन पुस्तकालय, वाचनालयहरू खुलेको पाइन्छ । साहित्यिक गतिविधि अगाडि बढाउन स्थापित दूधपोखरी प्रतिभा परिवार, लमजुङे साहित्य समाज, मर्स्याङ्दी बाङ्मय प्रतिष्ठान, हिमालचुली कला साहित्य प्रतिष्ठान आदि संस्थाको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। यसका अलवा पद्मविलास पन्त, कोमलनाथ अधिकारी, सु. डिल्लीजङ्ग गुरुङ, डि. श्रीप्रसाद घिमिरे, टुकराज-पद्मराज मिश्र, राष्ट्रकवि माधवप्रसाद घिमिरे, मा. टीकाराम घिमिरे, मा. तीर्थराज अधिकारी आदिको सहयोगमा भएका साहित्यिक प्रयासले पनि लमजुङेली साहित्यिक विकासमा ठूलो सहयोग पुऱ्याएको कुरा अध्ययनबाट देखिन्छ। यस्तै सर्व श्री गोविन्दबहादुर कुँवर, कुलबहादुर केसी, शेषकान्त खनाल, कृपेश श्रेष्ठ, कृष्णप्रधान, विजयराज न्यौपाने आदिका प्रयासबाट स्थापित दूधपोखरी प्रतिभा परिवार भोटेओडार, लमजुङबाट साहित्यिक जागरणको युग सुरु भएको देखिन्छ। त्यस्तै वर्तमानमा लमजुङे युवा साहित्य समाज, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, हिमालचुली कला प्रतिष्ठानले पनि साहित्यिक जागरण जगाएको पाइन्छ। प्रभात पुस्तकालय, जनआनन्द पुस्तकालय, जनकल्याण पुस्तकालय आदिले २००७ साल पछि साहित्यिक जागरण जगाएका थिए भने २०२८ पछि अन्नपूर्ण पुस्तकालय (रम्घा) र वर्तमानमा लक्ष्मीनारायण पुस्तकालय बेसीसहरको सक्रिय भूमिका देखिन्छ । हालै भोटेओडारमा स्थापित मर्स्याङ्दी सामुदायिक पुस्तकालय पनि अस्तित्वमा आएको कुरा अध्ययनबाट देखिन्छ ।

पत्रिका जगतमा खास गरी अन्नपूर्णको काख, गण्डकी मुहान (सर्वोदय हाइस्कुलका स्मारिका) 'मर्स्याङ्दी' (कर्मचारी मिलन केन्द्र बेसीसहरको स्मारिका), बेला बखतका स्कुल, कलेज, तथा अन्य सङ्घ सस्था क्लवहरूका स्मारिका, लमजुङे प्रतिनिधि कविता सँगालो, दूधपोखरी, काँचली, लमजुङे युवा साहित्य समाज, लमजुङ सङ्गम, लमजुङ-पोखरा सम्पर्क

समाज, कायापलट रेडियो स्रोत क्लव रम्घा, 'टरेली' टरेली साहित्य समाजले पनि लमजुङको माध्यमबाट नेपाली साहित्यको विकासमा मद्दत पुऱ्याएको पाइन्छ ।

परिच्छेद चारमा लमजुङे साहित्यको विकासमा देखापरेका विधाहरू उल्लेख गरिएको छ । साहित्यिक विधाका हिसावले महाकाव्य जगतमा कवि सु. डिल्लीजङ्ग गुरुङले महाकाव्य समानान्तर तुलसीकृत रामायणको अनुवाद गरेर आफ्नो बिराट प्रतिभाको परिचय दिएका छन्। रामचन्द्र शास्त्रीले महाकाव्य लेखेर पनि प्रकाशमा आउन नसकेको 'कमला' महाकाव्य परिमार्जनसहित ल्याउन अहिले आएर कस्सिएका देखिन्छन् । श्रीकृष्ण न्यौपाने पनि महाकाव्य उन्मुख कृति दिन प्रयासरत देखिन्छन्। कवि डिल्लीजङ्ग गुरुङले तुलसीकृत रामायणलाई नेपालीमा गरेको छायानुवाद विशेष उल्लेखनीय देखिन्छ। शास्त्री र न्यौपानेले लेखेका काव्यहरू प्रकाशमा नआएतापनि स्थानीय पत्रपत्रिकाका माध्यमबाट उद्घाटित हुँदैआएका देखिन्छन्। राष्ट्रकवि घिमिरे नब्बे वर्षमा टेकेर पनि महाकाव्य लेख्ने धोको पुऱ्याउन लागीपरेको भेटिन्छ । खण्डकाव्य, लघु काव्यमा पद्मविलास पन्त, डिल्लीजङ्ग गुरुङ, श्रीप्रसाद घिमिरे, माधव घिमिरे, टुकराज-पद्मराज मिश्रको कलमअगाडि बढेको पाइन्छ। सिङ्गो नेपाली साहित्यमा प्रभाव पार्ने प्रभावशाली खण्डकाव्यहरूमा डिल्लीजङ्ग गुरुङको 'लाँकुरी' र 'प्रेमोपहार', घिमिरेको 'गौरी', 'राजराजेश्वरी', 'पापिनी आमा' आदि पर्दछन्। कविता विधामा भने लमजुङेली कविहरू प्रशस्त मात्रामा यसैको डुङ्गा खियाउन लागिपरेको पाइन्छ। कथा विधामा देवीप्रसाद सुवेदी, सीताराम कोइराला, उपन्यास विधामा आनन्द 'आँसु', कमला केसी, रविकिरण 'निर्जीव', कृष्णमुरारी पौडेल आदि अगाडि बढेको पाइन्छ। त्यस्तै नाटक, गीति नाटकमा राष्ट्रकवि माधव घिमिरे, श्रीप्रसाद घिमिरे, मा. तीर्थराज शर्मा, केदार काश्यप, तेजनारायण अधिकारी आदिको स्थान अग्रगण्ड्च देखिन्छ। निबन्ध विधामा माघव घिमिरेको 'आफ्नो बाँसुरी आफ्नै गीत', 'चारुचर्चा' ले उल्लेख्य योगदान दिएको पाइन्छ । देवीप्रसाद सुवेदी, मुक्तिनाथ न्यौपाने, रविकिरण निर्जीवको पनि निबन्ध विधामा अग्रगति देखिन्छ। यस्तै मुक्तक, गजल विधामा मोहन कायस्थ, सरस्वती श्रेष्ठ 'सरु', दीपक 'समिप' कल्याण पन्त, लालबहादुर भुजेल, बमबहादुर थापा 'जिताली' आदि कम्मर कसेर लागिपरेका पाइन्छन्। बाल-साहित्य विधामा राष्ट्रिय स्तरमै प्रभाव पर्ने कविहरूमा माधव घिमिरे, गोविन्दबहादुर कुँवर, विजयराज न्यौपाने, मुक्तिनाथ शर्मा, रमेशचन्द्र घिमिरे आदि देखा पर्दै आएकाछन् ।

लमजुङेली साहित्यमा हालसम्म आइपुग्दा खण्डकाव्य, काव्य, अनुवाद साहित्य र बाल साहित्य विधाको बृहत्‌रूप सिर्जना हुन सकेको देखिन्छ। मुक्तक, गजल र हाइकु विधामा पनि लमजुङे कविहरूको उँचो स्थान देखिन्छ। लमजुङमा उपन्यास, कथा, निबन्ध समालोचना, नाटक विधामा मझौला विकास भएको देखिन्छ। यसरी द्रूत गतिमा विकास हुँदै गइरहेको लमजुङेली साहित्यलाई गण्डकी अञ्चलका जिल्लाहरूसँग दाँजेर हेर्दा कास्की जिल्लापछि यहाँको साहित्यिक स्थिति मजबुत रहेको देखिन्छ। लामो साहित्यिक परम्परा, अग्रज श्रष्टाः पद्मविलास पन्त, कोमलनाथ अधिकारी, डि. श्रीप्रसाद घिमिरे, राष्ट्रकवि

घिमिरेहरूको मार्ग दर्शनले गर्दा लमजुङेली साहित्य द्रूत गतिमा अघि बढिरहेको अध्ययनबाट पाइन्छ। लमजुङेली साहित्यमा वर्तमानमा आएर साहित्यिक सिद्धान्त, वाद, धारा आदिलाई पनि सचेत प्रतिभाहरूले समाउन थालेको छनक पाइन्छ। लामो समयसम्म राजधानी तथा अन्य शहरहरूसँग यातायातको अभावले अलग रहेको भएता पनि अहिले यातायातको सुविधा विस्तार, सञ्चारको विस्तारका कारणले यहाँको साहित्यिक गतिविधि मझौलावस्थादेखि माथि उठ्न खोजिरहेको पाइन्छ। यहाँको साहित्यलाई अझै परिष्कृत, परिमार्जित र विकसित तुल्याउन केन्द्रबाट पनि सन्तुलित ध्यान दिनु आवश्यक छ भने लमजुङ भित्रका साहित्यकार, साहित्यिक सङ्घ संस्थाहरू पनि सक्रिय बन्न आवश्यक देखिन्छ। आ-आफ्ना साहित्यिक विधामा साहित्यकाहरूले पनि निरन्तर साधनारत रहन ध्यान दिनु पर्ने हुन्छ। सिङ्गो नेपाली साहित्यको बृहत् कार्यको अगाडि लमजुङे साहित्य सूक्ष्म आकारमा देखिए पनि यसले नेपाली साहित्यको भण्डार बृद्धि गर्नमा ठूलो योगदान पुऱ्याएको छ भन्न सकिन्छ। यति भए पनि लमजुङेली साहित्यले अझ परिष्कृत, परिमार्जित भै बृहत्‌रूपमा अगाडि बढ्न भने आवश्यक भएको छ। लमजुङको साहित्यिक धरातललाई अझ सवल, अझ सुगठित तुल्याउने कार्यमा यहाँका साहित्यकार, साहित्यप्रेमीहरू सक्रिय रूपले लागिपरेका देखिन्छन्। यसबाट के भन्न सकिन्छ भने सिङ्गो नेपाली साहित्यको विकासमा लमजुङको साहित्यिक वातावरण अझ सहयोगी हुन पुगेको कुरामा विश्वस्त हुन सकिन्छ ।

लमजुङेली साहित्यको गति कहिले मन्द र तिब्र हुँदै आजको बृहत् अवस्थामा आइपुगेको छ। यस अवस्थामा आउनमा समग्र लमजुङेली साहित्यकार, साहित्यानुरागी, साहित्यप्रेमीहरूको सामुहिक तथा व्यक्तिगतरूपमा अथक प्रयास हुँदै आएको देखिन्छ । हाल लमजुङ अझ जुर्मुराएर साहित्यिक विकासको बाटोमा लम्किरहेको पाइन्छ । लमजुङको साहित्यिक रूपरेखाको रेखाङ्कन कार्य अझ सचेत, जागृत र शृङ्खलाबद्ध ढङ्गले अगाडि बढिरहेको पाइन्छ ।

## 5:2 निष्कर्ष

लमजुङ जिल्लाको साहित्यिक रूपरेखाको समग्र अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षलाई शोध समस्याको समाधानका सन्दर्भमा निम्न लिखित ढङ्गले बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

1. गण्डकी अञ्चलमा अवस्थित लमजुङ जिल्ला प्राकृतिक, ऐतिहासिक, सामाजिक, शैक्षिक, साँस्कृतिक एवम् साहित्यिक ढङ्गले महत्त्वपूर्ण रहेको यथार्थ उद्घाटित भएको छ ।
2. लमजुङको साहित्यिक रूपरेखा रेखाङ्कित गर्न, शैक्षिक संस्था, विद्यालय, महाविद्यालय, क्याम्पस तथा पुस्तकालयहरू, साहित्यिक सङ्घ संस्थाहरू,

साहित्यिक पत्रपत्रिका तथा अन्य समाचारमूलक पत्रिकाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको कुरा यस अध्ययनमार्फत प्रष्ट भएको छ ।

3. लमजुङे साहित्यमार्फत राष्ट्रिय साहित्यमा समेत स्थापित कवि एवम् साहित्यकारहरूका साथसाथै ओझेलमा परेका पद्ममाया कडरेनी, ठाकुरप्रसाद शर्मा, पूण्यशील अधिकारी, मा. टीकाराम घिमिरेजस्ता प्रतिभाहरूको व्यक्तित्व र कृतित्वको समेत समीक्षा भै यस अध्ययनबाट प्रकाशमा ल्याउन मद्दत पुगेको छ । आफ्नै मातृ जिल्लामा राम्ररी प्रकाशित, प्रचारित हुन नसकेका माध्यमिक कालीन कवि पद्मविलास पन्त प्रखर संस्कृतका विद्वान् एवम् कवि गोविन्द सुवेदी, तीर्थराज कोइराला, रविकिरण 'निर्जीव', शुभाकर अधिकारी, चन्द्रवदना घिमिरे आदि जस्ता प्रतिभा राम्ररी प्रकाशित भएका छन् भने प्रसङ्गबस देउबहादुर दुरा (ठाडो भाका), रणबहादुर अधिकारी (बालुन), धनमाया तमाङ जस्ता लुकेका गायकहरू चर्चामा आएका छन् ।
4. लमजुङे साहित्यको विधागत स्थिति पनि प्रकट भएको छ । यस जिल्लाको साहित्यका सबै विधामा कलम चलेको पाइन्छ भने सबै भन्दा विकसित, प्रचारित विधाको रूपमा काव्य-कविता रहेको पाइएको छ । यही विधाको माध्यमबाट कवि पद्मविलास पन्त, कोमलनाथ अधिकारी, डिल्लीजङ्ग गुरुङ, टुकराज-पद्मराज मिश्र, डि. श्रीप्रसाद घिमिरे, राष्ट्रकवि माधव घिमिरे, तीर्थराज अधिकारी, मेदिनी सुवेदी, गोविन्दबहादुर कुँवर, वमबहादुर थापा 'जिताली', तीर्थराज कोइराला, रविकिरण 'निर्जीव', दीपक सोती, विजयराज न्यौपाने, चन्द्रवदना घिमिरे, पुष्पलता आचार्य, सरस्वती श्रेष्ठ 'सरु', दीपक श्रेष्ठ 'समीप' लगायतका कवि, कवियित्रीहरू नेपाली साहित्यको धरातल हराभरा बनाउन जुटेको पाइन्छ । यस परिप्रेक्षमा हेर्दा साहित्यिक ढङ्गले उर्वर भूमिको रूपमा लमजुङ रहेको पाइन्छ ।
5. यसरी माध्यमिक कालदेखि हालको आधुनिककालसम्म लमजुङले आफ्नो साहित्यिक गतिविध एक रफ्तारले अगाडि बढाउँदै आएको यस अध्ययनबाट देखिन्छ । लमजुङको हालको विकसित साहित्यिक अवस्थामा ल्याउन योगदान पुऱ्याउने पुस्तकालय, विद्यालय, साहित्यिक सङ्घ-संस्था, पत्रिका तथा स्रष्टा र तिनका कृतिहरूको अमूल्य योगदान रहेको कुरा अविस्मरणीय रहेको देखिन्छ । यसरी सिङ्गो नेपाली भाषा, साहित्यको विकासमा स्थापित र नवस्थापित हुँदै आउने क्रममा रहेका लमजुङे स्रष्टाहरूको क्रियाशिलता रहिरहेको देखिन्छ । यसबाट भविष्यमा समेत नेपाली साहित्यको विकासमा लमजुङले अझ बढी योगदान थप्दै जान सक्ने आधारहरू भेटिएका छन् ।
6. यस अध्ययनबाट लमजुङको साहित्यिक रूपरेखा यथार्थताको अध्ययन, विश्लेषणमा तयार भएको छ । लमजुङको अहिलेको विकसित साहित्यिक रूपरेखा तयार गर्न घच्घच्याउने प्रेरक तत्वहरूमा लमजुङको मनोरम प्राकृतिक रूपरेखा, लोक साहित्य, संस्कृति, मानवीय संवेदना र अग्रज स्रष्टाहरूको देशभक्तिमय भाव र तिनका अबल रचना पर्दछन् ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, इन्दिरा (२०६१), **लमजुङ जिल्लाका कवि र तिनका काव्यकृतिको परिचयात्मक अध्ययन,** अप्रकाशित शोक-ग्रन्थ, स्नातकोत्तर नेपाली, त्रि.वि., कीर्तिपुर, काठमाडौँ।

अधिकारी, टीकाराम (२०६१), **गोविन्द चरितामृतम्,** नयाँ बानेश्वर, काठमाडौँ।

अधिकारी, टीकाराम (२०६२), **गोविन्द चरितामृतम्,** श्रीमती दमयन्ती देवी सुवेदी, सामाखुसी।

अधिकारी, सुशीलचन्द्र (सम्पा.) (२०६१), **सूर्योदय रजत स्मारिका,** श्री सूर्योदय माध्यमिक विद्यालय भारते, लमजुङ।

उपाध्याय, मुकुन्दशरण (२०६३), शुभेच्छा मन्तव्य, **कोमल चण्डी,** गेहेन्द्रनाथ अधिकारी, डिल्लीबजार काठमाडौँ।

कमलमणि दीक्षित र अन्य (सम्पा.) (२०६०), **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ,** कविवरश्री माधव घिमिरे राष्ट्रिय अभिनन्दन समारोह समिति, ललितपुर : साझा प्रकाशन।

गुरुङ, जगमान, (२०६४) **नेपालमा आदिवासी तथा जनजातिहरूको भाषा र संस्कृतिको समुत्थानमा संस्कृत भाषा र आर्य संस्कृतिको भूमिका, संस्कृति हिजो आज र भोलि** : संस्कृत सेवा परिषद्, त्रिपुरेश्वर, काठमाडौँ ।

गुरुङ, जगमान, **गुरुङहरूको नालसभा,** कार्यपत्र, २०६५ ।

गुरुङ, डिल्लीजङ्ग (२०६३), **डिल्लीजङ्ग गुरुङ समुच्चय,** जगदम्बा प्रेस, हात्तीवन, ललितपुर ।

छाँगा, ठाकुरप्रसाद (२०५४), **लमजुङ एक विहङ्गावलोकन,** मर्स्याङ्दी, कर्मचारी मिलन केन्द्र, लमजुङ।

जिल्ला विकास समिति लमजुङ (२०५९), **लमजुङ जिल्लाको वस्तुगत विवरण ।**

थापा, कृष्णबहादुर (२०५५), **लमजुङ राज्यको परिचय,** मर्स्याङ्दी वाङ्मय स्मारिका पृ. ५-६

थापा, धर्मराज (२०४१), **लोक-संस्कृतिको घेरामा लमजुङ,** संस्करण पहिलो, साझा प्रकाशन, पुल्चोक, काठमाडौँ ।

पन्त, खिलाविलास (२०५२), **सुब्बा पद्मविलास पन्तको जीवनी,** नयाँ बानेश्वर, काठमाडौँ : लुष प्रेस ।

पन्त, बटुकृष्ण (२०५९), **सुब्बा पं. पद्मविलास पन्तः जीवन चरित्र,** लमजुङ संगम, पोखरा, वर्ष ९ अङ्क ५ पृ. ९२ ।

पन्त, विजयलक्ष्मी (२०५७), **लमजुङ एक चिनारी,** लमजुङ संगम वर्ष ७, अङ्क ४ पृ. १ ।

पराजुली, केशवराज (सम्पा.) (२०६१), **डिट्ठा श्रीप्रसाद उपाध्याय स्मारिक,** डिट्ठा श्रीप्रसाद उपाध्याय स्मृति प्रतिष्ठान, पोखरा ।

पहाडी, नवराज (सम्पा.) (२०५६), **अनुपम (मुक्तक सङ्ग्रह),** द रेयुकाइ नेपाल, लमजुङ उपशाखा ।

ऐजन. (सम्पा.) (२०६१), **रेयूकाई उद्यान,** द रेयूकाई नेपाल, लमजुङ, उपशाखा ।

पाण्डेय, नरदेव शर्मा (१९५५), **कविवर मोतीराम भट्टको सचित्र जीवन-चरित्र,** ललितपुर : साझा प्रकाशन ।

पौडेल, भूपहरि (सम्पा.) (२०४६), **मोती मण्डलीका कवि पद्मविलास पन्त,** प्र.सं. प्रगति प्रेस, खिचापोखरी, काठमाडौँ ।

भट्टराई, जयदेव (२०४६), **टुकराज/पद्मराज व्यक्ति व्यक्तित्व,** गरिमा, चैत्र अङ्क : ४४-४९

भण्डारी, बुद्धिलाल (२०५९), **लमजुङ राज्य प्रधान सेनापति र भण्डारीहरू,** लमजुङ संगम वर्ष ९, अङ्क ५ ।

मेदिनीनाथ सुवेदी, नवराज पहाडी, अङ्गराज घिमिरे (सम्पा.) (२०६०), **कविवर माधव घिमिरे रथयात्रा-अभिनन्दन कार्यक्रम,** लमजुङ ।

शर्मा (अधिकारी) तीर्थराज (२०५२), **उनको बाँसुरीको प्रतिध्वनी आफ्नै बाँसुरीको धुन,** काठमाडौँ ।

शर्मा, रमा (२०४८) **केही चिन्तन** : नेपाल प्रज्ञा-पतिष्ठान ।

शर्मा, शिलादेवी (२०६०), **मोती मण्डलीका कवि पद्मविलास पन्तको साहित्यिक योगदान,** अप्रकाशित नेपाली स्नातकोत्तर शोध-पत्र, त्रि.वि., पद्मकन्या क्याम्पस, काठमाडौँ ।

सिग्देल, सुषमा कुमारी (२०५६), **देवीप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित नेपाली स्नातकोत्तर शोध-पत्र, त्रि.वि., पद्मकन्या क्याम्पस, काठमाडौँ ।

सुवेदी, देवीप्रसाद (२०४५), **लुकेको साहित्यिक प्रतिभाको खोजीः स्व. कवि डिल्लीजङ्ग,** युगसम्वाद साप्ताहिकी ।

ऐजन. (२०५५), **साहित्यिक उज्यालोतिर लमजुङ,** मर्स्याङ्दी वाङ्मय स्मारीका, मर्स्याङ्दी वाङ्मय प्रतिष्ठान, काठमाडौँ ।

सुवेदी, मेदिनीनाथ (२०५४), **मर्स्याङ्दीका सुसेली,** कविता सङ्ग्रह ।

ऐजन. (२०५७), **साहित्यिक सेरोफेरोमा लमजुङ,** लमजुङ सङ्गम, लमजुङ-पोखरा सम्पर्क समिति, पोखरा ।

सुवेदी, हंसपुरे (२०६०), **ऐतिहासिक परिप्रेक्ष्यमा समस्या पूर्ति परम्परा,** (मूल लेख) मधुपर्क, काठमाडौँ ।

सेक्रेटरी स्कुल सञ्चालक समिति लमजुङ (२०१४), **अन्नपूर्णको काख,** दुराडाँडा, लमजुङ ।

स्वामी प्रपन्नाचार्य (२०५५), **रामभक्त डिल्लीजङ्ग गुरुङ,** कान्तिपुर कोशेली ।

# परिशिष्ट

## प्रकाशित कृति नभए पनि लमजुङ जिल्लामा क्रियाशील कवि एवम् साहित्यकारहरूको विवरण

| स्रष्टाको नाम | जन्ममिति | जन्मस्थल | शैक्षिक योग्यता | विधा | कैफियत |
|---|---|---|---|---|---|
| स्व. खेमुकर्ण कोइराला | | कोइरालाफाँट, दुराडाँडा | स्वाध्यायन, संस्कृत | कविता | हलोक्रान्ति, विपक्षमा कविता |
| डा. रामेश्वर अधिकारी | | भार्ते, देउराली | विद्यावारिधी, अङ्ग्रेजी | समालोचना | हाल काठमाडौँ |
| पूर्णचन्द्र घिमिरे | 1994/4/5 | भोर्लेटार - ८ | स्नातक | छन्दोबद्ध कविता | दिवङ्गत (२०४३/१०/२०) |
| माधवराज विष्ट | | चिती | | कविता | |
| रेवतीरमण सापकोटा | | भोटेओडार | शास्त्री | छन्दोबद्ध कविता | |
| रघुनाथ घिमिरे | | भोटेओडार | मध्यमा | छन्दोबद्ध कविता | |
| पशुपति ढुङ्गाना | | दुराडाँडा, गिरेचौर | शास्त्री, संस्कृत | छन्दोबद्ध कविता | |
| बालकृष्ण सुवेदी | 2003/7/11 | खुदी | मध्यमा | छन्दोबद्ध कविता | |
| बाबुराम थापा | | तरापु, सिम्पानी | एस्.एल्.सी. | प्रहशन/गीत | |
| तेजबहादुर भण्डारी | | तरापु, सिम्पानी | एस्.एल्.सी. | प्रहशन/गीत | दिवङ्गत (२०५६) |
| विश्वेश्वरी अधिकारी | | खुदी (माइती) | स्नातक | कविता/लेख | |
| विष्णुहरि घिमिरे | 2006/3/16 | चिसङ्कु | | छन्दोबद्ध कविता | |
| टीकाराम पौडेल | 2006/7/28 | कुन्छा | नेपाली स्नातकोत्तर | छन्दोबद्ध कविता | |
| मोहनसिं घिमिरे | 2007-2056 | चिसङ्कु | आइ.ए. | छन्दोबद्ध कविता | दिवङ्गत (२०५६/७/५) |
| पशुपतिनाथ न्यौपाने 'लाटा न्यौपाने' | 2008/6/19 | बोराङ | स्नातक | छन्दोबद्ध कविता | |
| प्रेमनारायण घिमिरे | | साहिलिटार | स्नातक | छन्दोबद्ध कविता | |
| ध्रुवबहादुर कुँवर | | भोटेओडार | स्नातक | गद्य कविता | |
| विष्ण 'प्यासी' गुरुङ | | भोटेओडार | | गीत, कविता | हाल निष्क्रिय |
| पूर्णबहादुर अधिकारी | | कानेस्वाँरा, धुर्सेनी | | कविता/ समीक्षात्मक लेख/निबन्ध | हाल चितवन, तोरीखेत |
| रमेशकुमार पिया | | बेँसीसहर | | गद्य कविता | दिवङ्गत |
| मातृका खनाल | | तीनपीप्ले | नेपाली स्नातकोत्तर | छन्दोबद्ध कविता | |

| स्रष्टाको नाम | जन्ममिति | जन्मस्थल | शैक्षिक योग्यता | विधा | कैफियत |
|---|---|---|---|---|---|
| हरिप्रसाद अधिकारी | 2014/1/4 | चन्द्रेश्वर - ३ गिरेचौर | नेपाली, स्नातकोत्तर | छन्दोबद्ध कविता | |
| गोविन्द्रप्रसाद सोती | 2015/8/1 | चिसङ्कु | नेपाली, स्नातकोत्तर | छन्दोबद्ध कविता | |
| स्व. भरतमणि घिमिरे | 2015 | बाहुनडाँडा | आइ.ए. | छन्दोबद्ध कविता | |
| दोवनाथ भट्टराई | 2015 | विचौर, दूधपोखरी | | छन्दोबद्ध कविता | बाहिर |
| कृपेश श्रेष्ठ | 2015 | भोटेओडार | | गद्य कविता | बाहिर |
| रामचन्द्र 'वनबासी' | 2017 | बाहुनडाँडा पुस्तुन | स्नातकोत्तर | छन्दोबद्ध कविता | |
| पशुपति घिमिरे | 2018/3/27 | ईशानेश्वर - ७ | आइ.ए. | छन्दोबद्ध कविता | |
| युवराज घिमिरे | 2018/9/25 | ईशानेश्वर-७ | वी.एड्. | छन्दोबद्ध कविता | |
| डा. जीवन अधिकारी | 2020/10/4 | ओख्लेपानी, दुराडाँडा | विद्यावारीधी, संस्कृत | समिक्षात्मक लेख | |
| ओम भुजेल 'अतीत' | 2025 | चिति | | मुक्तक, कविता | |
| वेन सुयल 'वेनु' | 2028/10/12 | शेरा, बेसीसहर | नेपाली, स्नातकोत्तर | गद्य कविता | |
| कृष्ण न्यौपाने | 2029 | धारापानी, दुराडाँडा | नेपाली, स्नातकोत्तर | छन्दोबद्ध कविता | |
| सुशीलचन्द्र अधिकारी | 2030 | भार्ते-५ | नेपाली स्नातकोत्तर | कविता | |
| नवीनचन्द्र घिमिरे | 2032/5/31 | भोर्लेटार - ८ | स्नातकोत्तर | कविता, लेख | |
| थकित यात्री | 2032 | भार्ते | वी.ए. | गायन तथा गजल | |
| सुशीला बराल | 2037 | गाउँसहर | वी.ए. | कविता | |
| रुपिन्द्र प्रभावी कटु | 2039/6/5 | समीभञ्ज्याङ | वी.एड्. | कविता, गजल | पत्रकारिता |
| हरिहर खनिया (सशाङ्क शेखर) | | दुराडाँडा | आइ.ए. | मुक्तक, कविता | गीति एल्बम प्रकाशित |
| रघुप्रसाद गुरुङ | | मालिङ | | कविता | |
| डा. महेन्द्र सुवेदी | | खुदी | | कविता तथा खोजमुलक लेख | हाल काठमाडौँ |
| पं. घनश्याम सुवेदी | | खुदी | | कविता | |
| विश्वविनोदी | | गाउँसहर | | कविता/कथा | |
| अनन्तविजय श्रेष्ठ | | सूर्यपाल-४ | आइ.ए. | गजल/गीत | |
| नविन एस्.के. | | भोटेओडार | | | |
| शोभा थापा | | बेसीसहर | | कविता | |
| विष्णुमाया दवाडी | | विचौर, छापा | | कविता | |
| धर्मदत्त भट्टराई | 2012/1/15 | विचौर | वी.एड्. | छन्दोबद्ध कविता | |
| आस गुरुङ 'प्रतीक' | | भुजुङ | | कविता/गजल | पत्रकारिता |
| युवराज गुरुङ | | पुवाँ गाउँ | | कविता | |
| अप्सरा केसी 'स्मृति' | | खत्रेठाँटी | | गजल | |

| स्रष्टाको नाम | जन्ममिति | जन्मस्थल | शैक्षिक योग्यता | विधा | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| स्थिर घिमिरे | | चिति | | कविता | |
| चन्द्रमणि अधिकारी | | दुराडाँडा | | छन्दोबद्ध कविता | हाल काठमाडौँ |
| गीता सुवेदी | | खुदी (माइती) | | कविता | |
| कल्याणी सुवेदी | 2034 | खुदी (माइती) | | छन्दोबद्ध कविता | |
| डि.वी. मालुवा | | भोटेओडार | | गजल/मुक्तक | |
| प्रेम पोखेल | | तरापु, सिम्पानी | | कविता | |
| मेघेन्द्र पोखेल | | तरापु, सिम्पानी | | कविता | |
| अमृता पेखेल | | तरापु, सिम्पानी | | | |
| चन्द्रकला शाही | | रम्घा - ७ | | गजल | नवोदित प्रतिभा |
| बालकुमार जोसी | | समीभञ्ज्याङ | | कथा/छोटा कविता | |
| सरला अधिकारी | | | | कविता | हाल बेसीसहर |
| टीका पौडेल | | ताङ्ग्राङ, टक्सार | | कविता | |
| विपिन पराजुली | | समीभञ्ज्याङ | | गजल | |
| प्रह्लादमणि सोती | | ईशानेश्वर | | मुक्तक/गजल | |
| नवराज न्यौपाने | | समीभञ्ज्याङ | स्नातकोत्तर | कविता | |
| नरेन्द्रमणि घिमिरे | | साहिलीटार | | कथा/लेख | |
| हरिबहादुर केसी | | खत्रेठाँटी | | मुक्तक | |
| सम्झना चिलुवाल | | तार्कुघाट, हर्राबोट | | गद्य कविता | |
| अमृता घिमिरे ‘असीम’ | | तरापु, सिम्पानी | | कविता | |
| युवराज ‘जुनुन्’ | | समीभञ्ज्याङ | | गीत/गजल | पत्रकारिता |
| सुरेन्द्र ‘सदीक्षा’ | | समीभञ्ज्याङ | आइ.ए. | कविता/गजल | |
| ममिला पौडेल ‘आस्था’ | | सोतीपसल | वी.ए. | गजल | |
| किसान ‘सङ्गीत’ | | सूर्यपाल | | गीत/कविता | पत्रकारिता |
| पर्शुराम न्यौपाने | | सूर्यपाल | आइ.ए. | गद्य कविता | |
| दुराबाबु | | भोर्लेटार | डिप्लोमा | गीत/गजल | |
| योगबहादुर थापा ‘सुशिल’ | | भोर्लेटार | | गद्य कविता | |
| शिवराम अधिकारी | | समीभञ्ज्याङ | | गद्य कविता/गजल | |
| कविन्द्र सुवेदी | | ईशानेश्वर | | कविता | लोक गायक |
| विपिन ‘मर्म’ | | समीभञ्ज्याङ | स्नातकोत्तर, अङ्ग्रेजी | गलल | हाल सोतीपसल |
| सूर्यबहादुर केसी | | खत्रेठाँटी | वी.ए. | मुक्तक | |
| अनीता अधिकारी | | दुराडाँडा | | कविता | |
| आर.पी रचना | | भोर्लेटार | | मुक्तक/गीत | |
| अञ्जान केसी | | खत्रेठाँटी | | मुक्तक | |

| स्रष्टाको नाम | जन्ममिति | जन्मस्थल | शैक्षिक योग्यता | विधा | कैफियत |
|---|---|---|---|---|---|
| देशबन्धु अधिकारी | | दुराडाँडा | | गद्यकविता | हाल काठमाडौँ |
| बाबुराम न्यौपाने | | बिचौर,घमारचोक | एम्.एड्. | गद्यकविता | पत्रकारिता |
| प्रेम घले | | विचौर | | गद्यकविता | |
| सुष्मा न्यौपाने | | बोराङ | | गीत, कविता | हाल काठमाडौँ |
| मीना घिमिरे | | अलैँचे | | लेख/जीवनी/ कविता | हाल चितौन |
| मधु दवाडी | | विचौर | एम्.ए. | गद्य कविता | पत्रकारिता |
| गणेश थापा | | अलैँचे | | गद्य कविता | |
| माधव रेग्मी | | अलैँचे | | कवित | हाल निष्कृय |
| रामकृष्ण रेग्मी | | अलैँचे | | कविता | हाल निष्कृय |
| कल्पना रेग्मी | | अलैँचे | | कविता/गीत | |
| सम्झना रेग्मी | | अलैँचे | | कविता/गीत | |
| रचना रेग्मी | | अलैँचे | | कविता/गीत | |
| राजु पौडेल | | अलैँचे | | कविता | |
| ईश्वरी अधिकारी | | बोराङ | | कविता/गीत | लोक गायक |
| कमल न्यौपाने | | बोराङ | | कविता | |
| विक्रम न्यौपाने | | बोराङ | | कविता | बालक्लब |
| शोभाकान्त न्यौपाने | | बोराङ | स्नातकोत्तर | कविता/गजल | |
| त्रिलोचन न्यौपाने | | बोराङ | वी.ए. | कविता/गजल | |

लमजुङ भित्र वा बाहिर रहेर साहित्यको साधना गर्नेहरूको नाम अरु धेरै हुन सक्छ । मेरो पहुँच नपुगेका कैयौँ साहित्यकारहरू हुन सक्छन् । त्यस्ता नामहरू यहाँ छुटेका हुन सक्छन् । त्यसका लागि क्षमा प्रकट गर्दछु । त्यस्ता सुनामहरु समयमै थाहा हुन सकेमा पुस्तकाकार दिँदा समावेश गर्न जमर्को गर्ने छु । सुझाव र सहयोगका लागि सबैसँग हार्दिक अनुरोध गर्दछु ।